## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ सामान्य परिचय (General Introduction)

महिला र पुरुष सृष्टिका दुई भेद हुन् । एउटाको अभावमा सृष्टि चल्न सक्दैन । प्रकृतिले महिला र पुरुष दुवैलाई आ-आफ्नै विशेषताले सुसज्जित बनाएको छ । दुवैलाई एक अर्कामा निर्भर रहेपछि मात्र सृष्टि हुन सक्ने प्रक्रिया निर्धारित गरेको छ । यसरी प्रकृतिले समान व्यवहार गरे पनि, समान महत्त्व दिए पनि र समान विशेषता भरे पनि मानव समाजले भने महिला र पुरुषलाई समान दृष्टिले पटक्कै हेरेको पाइँदैन । विश्वभरि नै महिलाहरूलाई हेर्ने दृष्टिकोण र पुरुषलाई हेर्ने दृष्टिकोण फरकफरक रहेको पाइन्छ । विश्वजगत्ले महिलालाई अधिकार दिनुपर्छ भन्नेबारेमा सोच्दै नसोचेका कारण नै विश्वभरका महिलाहरू अधिकार नपाएर पीडित भएका छन् र त्यही असमानताको पीडाबाट मुक्ति पाउन अर्थात् अधिकारका लागि आन्दोलित हुन बाध्य भइरहेका छन् । महिला र पुरुष दुवै मानव हुँदाहुँदै पनि मानवअधिकारभित्र खासै महिलाअधिकार पर्न सकेको छैन । समाजमा पुरुषको मात्र प्रभुत्व देखिने अनि पुरुषको मात्र गुणगान गाइने प्रथा र प्रचलनहरूको सुरक्षा गर्ने काम धर्मशास्त्र तथा नीतिशास्त्रले मात्र होइन ऐन, नियम संविधान र कानुनहरूले पनि गरेको पाइन्छ । ती ऐन कानुन र नीति नियमहरू सबैका निर्माता सामान्य पुरुषहरू रहनु नै महिलाविभेदी प्रावधान राखिनाका कारण हुन् । विदेश होस् या स्वदेश होस्, प्राचीन समय होस् या आधुनिक समय नै किन नहोस् सर्वत्र जता हेरे पनि महिलालाई अधिकार दिनु त परै जावस् हेर्ने दृष्टि नै पनि नकारात्मक रहेको अर्थात् सबैतिर दोस्रो दर्जाका नागरिकका रूपमा महिलाहरूलाई हेर्ने गरिएको देखिन्छ । प्रत्येक घर र हरेक परिवारमा पुरुषसरह नै महिलाहरूले योगदान दिइरहेका हुन्छन् र कतैकतै त पुरुषको भन्दा बढी योगदान महिलाले प्रदान गरेको पनि पाइन्छ तर पनि महिलाले गरेको कामको गणना भने हुने गरेको पाइँदैन न त उनीहरूले गरेको कामको महत्त्व नै दिने गरेको पाइन्छ । समयको गतिसँगै आजको परिवर्तनशील समाज लैङ्गिक समानतायुक्त समाजको खोजी गर्दै अगाडि बढेको छ । असमानताको ज्यादतिले नारीवादी गतिविधि (feminist movement) ले जन्म लिएको छ । समयको गतिसँगै चेतनशील हुन पुगेका महिलाहरू जेलका रूपमा रहेको घरबाट बाहिर निस्कँदै पुरुषप्रधान समाजले बनाएको संस्कार र

संस्कृतिको जन्जिरलाई तोड्दै महिलाअधिकारका लागि आवाज उठाउन थालेका छन् । अधिकारको आवाज उठाउनु, विद्रोह गर्नु, आन्दोलनमा भाग लिनुजस्ता समयसमयमा गरिएका चेतनशील महिलाहरूको प्रयासले बिस्तारैबिस्तारै महिलाहरू अधिकार प्राप्त गर्न पनि सफल हुँदै गएका छन् । विश्वका समृद्ध राष्ट्रहरू बेलायत, अमेरिका, फ्रान्स, जर्मनी, जापान आदि विकसित देशहरू र चीन, भारतजस्ता विकासोन्मुख राष्ट्रका चेतनशील महिलाहरूले अधिकार प्राप्तिका लागि जीउ ज्यानको मतलब नराखी गरेका सङ्घर्षको परिणामस्वरूप ती देशले क्रमिक रूपमा केही न केही अधिकार महिलाहरूलाई प्रदान गर्ने गरेको पाइन्छ । यस क्रममा प्रथम र द्वितीय विश्वयुद्धपछि जन्मिएको संयुक्त राष्ट्रसङ्घले महिलाहरूलाई अधिकार सम्पन्न गराउन संस्थागत् रूपमा प्रयास गऱ्यो र गर्दैछ । महिलाहरूलाई समान अधिकार कसरी प्रदान गर्न सकिन्छ भन्ने सोच राखेर संयुक्त राष्ट्रसङ्घ नै अगाडि बढेपछि भने विश्वका धेरै देशहरू महिलालाई केही अधिकार दिन बाध्य पनि भएका छन् ।

विश्वजगत्मा भएका महिलाआन्दोलनका क्रममा नेपाली चेतनशील महिलाहरू पनि अधिकारका लागि समयसमयमा आवाज उठाउँदै र आन्दोलन गर्दै अगाडि बढेको देखिन्छ । १९७७ मा श्री ३ चन्द्रशमशेरलाई सती प्रथा हटाउन प्रेरित गर्न हिम्मतका साथ राणा सरकारको विरोध गर्दै पत्र लेख्ने साहस होस् या १९८५ सालमा जुद्धशमशेरसँग धर्म राज्यको माग गर्न प्रतिनिधि मण्डल लिएर जाने हिम्मत होस् नेपाली महिलाहरूले गरेको सङ्घर्ष कै उदाहरण हो । यसरी अधिकारका लागि नेपाली महिलाहरूले पनि समयसमयमा आफ्नै तरिकाले साहसपूर्ण सङ्घर्ष गरी नै रहेका छन् । २००४ सालमा पद्मशमशेरसँग मताधिकार र पढ्नका लागि विद्यालयको माग गर्ने सम्बन्धमा महिलाहरूको समूह नै प्रतिनिधि मण्डललिएर गएको प्रसङ्गलाई पनि बिर्सन सकिँदैन । यसरी नै २००७, २०१७, २०३६, २०४२, २०४६ र २०६३ सालमा भएका प्रत्येक आन्दोलनहरूमा महिलाहरूले अधिकारका लागि आ-आफ्नो तरिकाबाट सङ्घर्ष गर्दै आवाज उठाई नै रहेका थिए । समयसमयमा गरिएका आन्दोलनहरूकै कारण बिस्तारैबिस्तारै कानुनमा अधिकारका प्रावधानहरू थप गर्दै अहिले नेपालमा समानताउन्मुख संविधान बनाउने प्रयास भइरहेको छ। यसरी नै **महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि**, १९७९ **(CEDAW, 1979)** मा नेपालले हस्ताक्षर गर्नुलाई पनि २०४६ सालको आन्दोलनको उपलब्धि नै मान्नु पर्छ ।

२०४६ सालको आन्दोलनको परिणाम जारी गरिएको **नेपाल अधिराज्यको संविधान, २०४७** का धाराहरू र **सिड महासन्धि, १९७९** लाई आधार बनाएर नै २०५२ सालमा अधिकारकर्मी अधिवक्ताहरूले असमान कानुनलाई संशोधन गरेर समानता कायम गर्न आन्दोलनकै शैलीमा एकपछि अर्को रिट दर्ता गर्न थालेको पाइन्छ । तिनै रिटहरूमा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेपछि **नयाँ मुलुकी ऐन, २०२०** मा एघारौँ संशोधन भएको र कानुनमा विद्यमान धेरै असमान कानुनहरू बदर गर्नाका साथै समान कानुन निर्माणका लागि निर्देशनात्मक आदेशहरू धमाधम जारी गर्ने गरेको देखिन्छ । यसरी नै २०६२/०६३ मा महिलाहरूले सक्रिय हुँदै जोडदार रूपमा आन्दोलन गरेकै कारण महिलालाई समान अधिकार दिन पुनर्स्थापित संसदले घोषणा जारी गरेको देखिन्छ भने त्यसलाई कानुनी रूप दिँदै **अन्तरिम संविधान, २०६३** मा महिलाको हक भन्ने छुट्टै धारा २० को व्यवस्था समेत गरिएको पाइन्छ । यसले प्रजनन् स्वास्थ्यमा अधिकार दिनाका साथै छोरा र छोरीमा समान पैतृक अधिकारको व्यवस्था समेत गरेको छ । यतिमात्र होइन महिलालाई राज्यको प्रत्येक संरचनामा ३३ प्रतिशत स्थान सुरक्षित गर्नु पर्ने व्यवस्था उल्लेख गरेर महिलामुखी हुन पुगेको छ ।

यसरी हेर्दा महिलालाई अधिकार दिने सन्दर्भमा पुरुषवादी समाजले वास्ता नगरेको र दोस्रो दर्जाको नागरिकका रूपमा महिलालाई राख्दै महिलाको अस्तित्वलाई बेवास्ता गर्दै आएको  सन्दर्भमा सो सम्बन्धमा अध्ययन गर्ने निर्णय गर्दै यस शोधप्रबन्धको विषय चयन गरिएको छ । अतः कस्तो सङ्घर्ष र आन्दोलनले महिलालाई अधिकार प्रदान कसरी गर्दै आएको छ अर्थात् अधिकार प्राप्त गर्नका लागि **नेपालको अन्तरिम संविधान, २०६३** जारी हुने अवस्थासम्म आइपुग्दा महिलाहरूले के-कस्ता आन्दोलनहरू गर्नुपर्‍यो र आन्दोलनअनुसार कसरी बिस्तारैबिस्तारै अधिकारहरू प्राप्त गर्न उनीहरू सफल हुँदै गए भन्ने सम्बन्धमा अध्ययन गर्ने प्रयास यस शोधप्रबन्धमा गरिएको छ । लैङ्गिक समानताका दृष्टिले कानुनहरूलाई हेर्दै केही अध्ययन गरिएको पाइए पनि नेपालमा भएका आन्दोलनहरूका बारेमा केही मात्रामा अध्ययन गरिएको भए पनि एकै ठाउँमा आन्दोलन र आन्दोलनको परिणामस्वरूप कानुनमा संशोधन गरिएका र नयाँ अधिकार दिइएका सम्बन्धमा प्रमाणिकताका साथ एकै ठाउँमा अध्ययन गरिएको भने पाइँदैन । त्यसैले आन्दोलन र आन्दोलनपछि बनाइएका कानुनहरूका बारेमा अध्ययन गरी महिलाको अस्तित्व र महिलाले गरेका कामको महत्त्वबारे प्रकाश पार्ने काम यस शोधग्रन्थमा गरिएको छ । त्यसैले

प्रारम्भदेखि महिलाहरूले गरेका आन्दोलनहरूको अध्ययन गरेर आन्दोलनको परिणामस्वरूप महिलाहरूले प्रारम्भदेखि वर्तमान समयसम्म प्राप्त गरेका कानुनभित्र उल्लेखित अधिकारहरू र राज्यले महिलालाई अधिकार दिने सन्दर्भमा अपनाएका नीतिगत् व्यवस्थाहरूलाई एकै ठाउँमा अध्ययन गर्नु महत्त्वपूर्ण र अत्यावश्यक भएको ठहर गरी शोधप्रबन्धको शीर्षक "महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार" चयन गरिएको छ ।

## १.२ **समस्याकथन (Statement of the Problem)**

अधिकारका लागि आवाज उठाउने र आन्दोलन गर्ने महिलाहरूका बारेमा खास ै अध्ययन गरिएको नपाइनु अध्ययनको प्रारम्भिक समस्या हुन पुगेको छ । महिलालाई विश्वजगत्को महिलालाई हेर्ने दृष्टि पुरुषलाई हेर्ने दृष्टिभन्दा पृथक रहेको र नेपालमा पनि महिलाहरू प्रति हेर्ने दृष्टि समान नभएको अवस्थामा महिलाहरूले आजको अवस्थासम्म आइपुग्न ठूलो सङ्घर्ष गर्नुपरेको देखिन्छ । कानुनहरू नै नबनाइएको समयदेखि **अन्तरिम संविधान**, **२०६३** सम्मको अवधिमा महिलाहरूले पाएका अधिकारलाई हेर्दा ती सबै अधिकारहरू एकैपटक दिइएको नभई आन्दोलनको प्रतिफलका रूपमा पटकपटक गरेर सरकारले दिने गरेको देखिन्छ । अझ भन्ने हो भने आन्दोलनका कारण मात्र कानुन बनाउन बाध्य भएको देखिन्छ । यसरी ९० वर्षको अवधिमा पटकपटक आन्दोलन गरेर महिलाहरू बिस्तारैबिस्तारै अधिकार प्राप्त गर्न सफल भएका छन् । त्यसैले यो ९० वर्षको अवधिमा नेपालका महिलाहरूले कसरी आन्दोलन गरे भन्ने बारे विश्वका महिलाहरूले गरेका आन्दोलन सँगै नेपाली महिलाहरूले गरेका आन्दोलनको अध्ययन नगरिएकाले यसरी अध्ययन गर्नु पनि ठूलो समस्याका रूपमा रहेको छ । त्यस्तै, आन्दोलनका कारण भएका उपलब्धिहरूका बारेमा पनि क्रमिक रूपमा अध्ययन नगरिएकाले अध्ययन गर्नू ठूलो समस्या हुन पुगेको छ । अनि महिलालाई अधिकार प्रदान गर्ने सम्बन्धमा सर्वोच्च अदालतले निर्देशनात्मक आदेशहरू जारी गरेको छ, जसका कारण महिलाहरूको जीवनमा ठूलो परिवर्तन आएको छ । त्यसरी नै सरकारले पनि समयसमयमा महिलालाई अधिकार प्रदान गर्न भिन्नभिन्न नीतिगत व्यवस्थाहरू गर्ने गरेको पाइन्छ, जसका कारण महिलाहरू अधिकार सम्पन्न बन्नेतर्फ उन्मूख हुन सकेका छन् । यी सबै विषयलाई एकै ठाउँमा अध्ययन गर्नु ठूलो समस्या हुन पुगेको छ । यसरी यस शोधप्रबन्ध पूरा गर्ने सम्बन्धमा धेरै समस्याहरू देखिएका छन्, जसलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) अन्तर्राष्ट्रिय जगतमा महिलाहरूले समयसमयमा गरेका सङ्घर्ष र नारीवादी आन्दोलनको अवस्था कस्तो रह्यो र यसको प्रभाव नेपालमा कस्तो पर्‍यो ?

(ख) संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि के-कस्ता प्रयासहरू गर्‍यो र नेपालमा यसको कस्तो प्रभाव पर्‍यो ?

(ग) नेपाली महिलाहरूले अधिकार प्राप्त गर्न १९७४देखि २०६३ सालसम्म के-कस्ता सङ्घर्ष गरे र त्यस समयमा बनेका कानुनहरूले महिलाहरूलाई के-कस्ता अधिकारहरू दिएका थिए ?

(घ) २०४७ सालको प्रजातन्त्र प्राप्तिपछि महिलाहरूलाई अधिकार प्रदान गर्ने क्रममा सरकारद्वारा कस्ताकस्ता कानुनहरू जारी गरिए र के-कस्ता नीतिहरू अवलम्बन गरिए?

(ङ) सर्वोच्च अदालतले महिलाहरूलाई अधिकार दिने सम्बन्धमा के-कस्ता आदेश तथा निर्णयहरू गर्‍यो र ती निर्णयहरूले कानुनमा के-कस्ता परिवर्तनहरू ल्यायो ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

१९७४ देखि २०६३ सालसम्म अर्थात् **अन्तरिम संविधान, २०६३** जारी हुँदासम्मको समयावधिमा अधिकारका लागि महिलाहरूले के-कस्तो आन्दोलन गर्नु पर्‍यो र ती आन्दोलनका उपलब्धिस्वरूप के-कस्ता अधिकारहरू महिलालाई दिन कानुनमा के-कस्ता व्यवस्थाहरू गरिए अनि ती कानुनी व्यवस्थाहरूलाई कार्यान्वयन गर्न राज्यले कस्तो नीति अपनायो भन्ने कुरा स्पष्ट पार्नु यस अध्ययनको उद्देश्य हो ।

यस अध्ययनको अर्को उद्देश्य भनेको नेपालमा महिलाहरूको आन्दोलनमा विश्वजगत्का महिलाहरूको आन्दोलनको प्रभाव कसरी पर्‍यो ? अनि नारीवादले उठाएको लैङ्गिक समानताको सिद्धान्तले कसरी प्रभाव पार्‍यो र के-कस्ता कानुन महिलाअधिकार स्थापित गर्न जारी गरिए सोका बारेमा अध्ययन गर्नु पनि यस अध्ययनको उद्देश्य रहेको छ । अधिकार प्राप्त गर्न नेपाली महिलाहरूले कस्तो आन्दोलन कसरी गर्नु परेको छ र कसरी कानुन बनाइएका छन् अनि नेपालमा भएका कानुनी प्रावधानहरूले महिलाका सम्बन्धमा के-कस्ता अधिकारहरू प्रदान गरेका छन्, यी सम्पूर्ण विषयहरूको एकमुस्ट रूपमा अध्ययन गर्नु नै यस शोधप्रबन्धको प्रमुख उद्देश्य हो । यी उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) अन्तर्राष्ट्रिय जगतमा महिलाहरूले अधिकार प्राप्तिका लागि के-कस्ता सङ्घर्षहरू गरे र त्यसको प्रभाव नेपालमा कस्तो पर्‍यो भन्ने परीक्षण गर्नु,

(ख) संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि के-कस्ता प्रयासहरू गर्‍यो र नेपालमा यसको कस्तो प्रभाव पर्‍यो भन्ने बारे विश्लेषण गर्नु,

(ग) अधिकार प्राप्त गर्न नेपाली महिलाहरूले १९७४ देखि २०६३ सालसम्म के-कस्तो आन्दोलन गरे र त्यस समयमा बनेका कानुनले के-कस्ता अधिकार महिलालाई दिए भन्नेबारे विवेचना गर्नु,

(घ) २०४७ सालको प्रजातन्त्र प्राप्तिपछि महिलाहरूलाई अधिकार प्रदान गर्ने क्रममा सरकारद्वारा कस्ताकस्ता कानुनहरू जारी गरिए र के-कस्ता नीतिहरू अवलम्बन गरिए ?विवेचना गर्नु,

(ङ) सर्वोच्च अदालतले महिलाहरूलाई अधिकार दिने सम्बन्धमा के-कस्ता आदेश तथा निर्णयहरू गर्‍यो र ती निर्णयहरूले कानुनमा के-कस्ता परिवर्तनहरू ल्यायो, विश्लेषण गर्नु ।

## १.४ अध्ययनको सीमा (Limitation of the Study)

वि.सं. १९७४ देखि **अन्तरिम संविधान**, २०६३ जारी हुँदासम्म नेपाली महिलाहरूले अधिकारका लागि कसरी सङ्घर्ष गरे अनि सङ्घर्षको परिणामस्वरूप महिलालाई के-कस्ता अधिकारहरू दिन संविधान तथा कानुनमा कस्तो व्यवस्था गरियो, अनि राज्यले कानुनमा व्यवस्थित अधिकारहरू महिलालाई प्रदान गर्न के-कस्ता नीतिगत व्यवस्थाहरू अवलम्बन गर्‍यो भन्नेमा मात्र यो अध्ययन सीमित रहेको छ । यस सन्दर्भमा यस अध्ययनलाई महिलाहरूले अधिकार प्राप्तिका लागि गरेको आन्दोलन र त्यसबाट कानुनले महिलालाई दिइएको अधिकार सम्बन्धमा मात्रसीमित गरिएको छ ।

यो अध्ययन नेपालको महिलाआन्दोलन र कानुन विषयसँग सम्बन्धित भएकाले आन्दोलन गर्न नेपाली महिलाहरू कहाँबाट प्रभावित भए अनि समान कानुन निर्माणका लागि आवाज उठाउन उनीहरूलाई केले सहयोग गर्‍यो भन्ने बारेमा स्पष्ट पार्न विश्वको महिलाआन्दोलन र नारीवादका बारेमा पनि यहाँ चर्चा गरिएको छ । विश्वमा धेरै देशहरू छन् र सबै ठाउँका महिलाहरूले अधिकारका लागि धेरथोर सङ्घर्ष तथा आन्दोलन गरेकै पाइन्छ तर सबैको अध्ययन यहाँ सम्भव नभएकाले केही देशहरूमा भएका आन्दोलनहरूलाई नमूना छनोटका रूपमा लिनु आवश्यक देखिएकाले सकेसम्म विभिन्न राजनैतिक व्यवस्था र

महादेशीय भिन्नता हुने गरी ७ वटा देशहरू चयन गरिएको छ र ती देशहरू संयुक्तराज्य अमेरिका, संयुक्त अधिराज्य, जर्मनी, जापान, फ्रान्स भारत र चीन हुन् ।

## १.५ अध्ययनको औचित्य र महत्त्व (Significance of the Study)

नेपालका महिलाहरूका धेरै पक्षहरूका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाबाट अध्ययन गरेकाछन् । नेपाली महिलाका बारेमा पुस्तक, लेख र अन्य रचनाहरू पनि प्रकाशित भएका छन् तर १९७४ सालदेखि २०६३ सालसम्मको समयमा नेपाली महिलाहरूले गरेको आन्दोलन र आन्दोलनले महिलालाई अधिकार दिँदै बनाइएका कानुनहरूका बारेमा मात्र सम्बन्धित भएर भने खासै अध्ययन गरिएको पाइँदैन ।

आजको विश्व लैङ्गिक असमानता हटाएर समानता कायम गर्न कटिबद्ध भएको पाइन्छ र सिड महासन्धिमा हस्ताक्षर गर्ने देशहरू समान कानुन बनाउन बाध्य हुन पुगेका छन् । यस्तो अवस्थामा महिलाका दृष्टिबाट संविधान र कानुनलाई हेर्नु आजको महत्त्वपूर्ण विषय हुन पुगेको छ । यस्तो अवस्थामा नेपालको कानुनमा महिलाहरूलाई हिजो कस्तो अधिकार दिइएको थियो र किन समानता दिइएन अनि समान अधिकार प्राप्त गर्न महिलाहरूले कसरी प्रयास गरे र क्रमशः कसरी आज कानुनले दिएको अधिकार प्राप्त गर्न सफल भए भन्ने विषयमा अध्ययन गरिनु आफैँमा महत्त्वपूर्ण छ । कुनै पनि विषयअन्तर्गत यस प्रकारको अध्ययन नगरिएकाले यस विषयको औचित्य स्वतः पुष्टि हुन्छ । त्यसैले नेपालमा भएका महिलाआन्दोलन र नेपालको कानुनले प्रदान गरेको महिलाअधिकारबारे अध्ययन गर्नु नै यसको औचित्य र महत्त्व हो ।

## १.६ शोधविधि (Rescarch Methodology)

अनुसन्धान खास विधिको प्रयोगका आधारमा गरिन्छ र यस शोधप्रबन्धको लेखनका क्रममा पनि विभिन्न विधिहरू अवलम्बन गरिएका छन् ।

राजनीति शास्त्र विषयका साथै यस शोधप्रबन्धको विषय कानुनसँग पनि जोडिएकाले सैद्धान्तिक विधि (doctrinal methodology) को प्रयोग आवश्यक हुन्छ । यो विधि कानुन र कानुनी धारणाको व्याख्याका लागि महत्त्वपूर्ण मानिन्छ । यो ठोस (discrete) विधि हो ।यस अन्तर्गत मुद्दा (case), नियम (rules) र अवस्था (status) पर्दछन् । ऐन कानुनहरूको अध्ययन गर्दा यस विधिलाई अपनाइएको छ । दुई चरणमा पूरा हुने यस विधिमा पहिलो चरणअन्तर्गत

स्रोतको स्थानीकरण (locating the source) विधि आउँछ भने दोस्रो चरणमा स्रोतको व्याख्या र विश्लेषण (interpreting and analyting of the text) पर्दछ । समस्यामा आधारित हुने भएकाले यो अध्ययन सैद्धान्तिक विधिअनुसार गरिन्छ । यसअन्तर्गत विशिष्ट कानुनी समाधान निम्न बमोजिम हुने कुरा T. Hulchinson र N. Dunlan ले उल्लेख गरेका छन् :

(क) सम्बन्धित तथ्यहरूलाई आबद्ध गर्नु (assembling relavent fact),

(ख) कानुनी मुद्दाहरू पत्ता लगाउनु (identifying the legal issues),

(ग) प्राथमिक स्रोतका रूपमा ऐन कानुनहरू, नीतिनियमहरू र नजीरहरूको खोजी गर्नु (locating the primary material incluiding legislation, deligated legislation and case law),

(घ) आधारभूत सामग्रीको अध्ययन गर्नु (reading background materials),

(ङ.) विषयवस्तुको संश्लेषण गर्नु (synthesizing all the issues),

(च) मोटामोटी रूपमा निष्कर्षमा पुग्नु (coming to tentative conclusion)।

अनुसन्धानका लागि यस शोधप्रबन्धमा गुणात्मक (qualitative) पद्धतिलाई धेरै प्रयोग गरिएको छ भने परिमाणात्मक अनुसन्धान प्रविधि (quantative research) को प्रयोग न्यून मात्रामा भएको छ । गुणात्मक अनुसन्धान पद्धतिले मानिस कसरी सोच्छन् भन्ने कुरालाई बताउँछ भने यो आत्मगत (subjective) हुने गर्दछ । यसमा अनुसन्धानको प्रकारका सन्दर्भमा खोजमूलक (exploratory) प्रकारलाई प्रयोग गरिन्छ भने यसमा तथ्याङ्क मौखिक रूपमा सङ्कलन गरिन्छ । व्याख्याको तत्त्वका रूपमा भाषा, चित्र तथा वस्तुको प्रयोग यसमा हुन्छ र यो असंरचनात्मक (non-structural), स्वद्देश्य (purposive) र आगमनात्मक (inductive) हुन्छ । यसमा तथ्याङ्क सानु तर विशिष्ट समूहबाट व्यवस्थित नमूना (non-random symbol) बाट जम्मा गरिन्छ । यसको विपरीत परिमाणात्मक अनुसन्धान प्रविधि भने तथ्याङ्कमा आधारित तार्किक, वस्तुगत, निश्चयात्मक (conclusive), निगमनात्मक (deductive), मापनीय (measureable) र प्रश्नावली तथा निरीक्षणमा आधारित हुन्छ । यस शोधप्रबन्धको सामग्री निरीक्षणबाट पनि लिइएकाले परिमाणात्मक अनुसन्धान प्रविधिलाई केही मात्रामा प्रयोग गरिएको छ भने मूलतः यो गुणात्मक प्रविधिमा आधारित छ । गुणात्मक प्रविधि मूलतः खोजमूलक (exploratory) प्रकारको हुने भएकाले यसको प्रयोग यहाँ धेरै

भएको छ तर यसमा आफ्नो प्राक्कल्पना (hypothesis) लाई सिद्ध गर्न सकारात्मक कुरा मात्र खोज्ने काम नभएकाले यसमा पुष्टीकरण पूर्वाग्रह (conformation bias) भने छैन । नेपालको कानुनले प्रत्यायोजित गरेका महिलाअधिकारका सम्बन्धमा नै पनि यो कुरो लागू हुन्छ भने अदालतले गरेका निर्णयहरू प्रस्तुत गर्दा पनि कुनै पूर्वाग्रह लिइएको छैन ।

प्रस्तुत शोधप्रबन्धको लेखनका क्रममा ऐतिहासिक शोधविधि (historical reserch methodology) लाई पनि अवलम्बन गरिएको छ । यस विधिमा पहिलेदेखि क्रमबद्ध रूपमा भएका घटनाहरूलाई वर्तमान सन्दर्भसँग जोडेर व्याख्या तथा विवेचना गर्ने गरिन्छ । यस शोधप्रबन्धमा नेपालका महिलाहरूले अधिकारका लागि मूलतः १९७४ सालदेखि २०६३ सालसम्म गरेका सङ्घर्षको विवेचना गरिएको छ । त्यस्तै, विश्वका ७ वटा देशहरूमा भएको महिलाआन्दोलनको रेखाङ्कन पनि ऐतिहासिक शोधविधिकै आधारमा गरिएको छ । त्यस्तै १९१० को मुलुकी ऐन आउनुअगाडिदेखि २०६३ सालमा अन्तरिम संविधान आएपछि महिलाहरूका बारेमा भएका कानुनी व्यवस्थाहरूको उल्लेख पनि यसै विधिका आधारमा गरिएको छ ।

यस शोधप्रबन्धको लेखनमा व्याख्यात्मक तथा विश्लेषणत्मक शोधविधि (descripitiveand analytic research methodology) को प्रयोग गरिएको छ । विश्वमा भएका आन्दोलनका सम्बन्धमा, नेपालमा महिलाहरूले गरेका आन्दोलनका सन्दर्भमा र अन्य विषयवस्तुको प्रस्तुतिका सन्दर्भमा पनि यो व्याख्यात्मक विश्लेषण विधिको प्रयोग भएको छ ।

यस शोधप्रबन्धमा उपर्युक्त बुँदाहरूमा आधारित भएर सामग्री सङ्कलन तथा सङ्कलित सामग्रीहरूको विश्लेषण गरिएको छ ।

### १.६.१ **सामग्री सङ्कलन**

प्रस्तुत शोधप्रबन्धमा मूल अर्थात् प्राथमिक सामग्री स्रोत (primary source) र सहायक अर्थात् द्वितीयक सामग्री स्रोत (secondary source) को प्रयोग गरिएको छ । यस शोधप्रबन्धको लेखनका क्रममा प्रयोग गरिएका कानुनका पुस्तकहरू, राजनैतिक दस्ताबेजहरू र सम्बन्धित व्यक्तिका अन्तर्वार्ताहरू प्राथमिक सामग्री हुन् भने कतिपय पुस्तकहरू, पत्रिकाका लेखहरू, विद्युतीय (on line) सामग्रीहरू सहायक सामग्री हुन् । सामग्रीको सङ्कलन निम्नअनुसार गरिएको छ :

**पुस्तकालय (Library)**

प्रस्तुत शोधप्रबन्धमा आन्दोलनका घटना परिघटनाहरूको अध्ययन गर्न पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयलाई आधार मानिएको छ भने विश्वका महिलाहरूको अवस्था पत्ता लगाउन पनि पुस्तकहरूकै अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयलाई आधार बनाइएको छ । कानुनका पुरानापुराना पुस्तक, ऐन नियम र संविधानको खोजी गर्न पनि पुस्तकालय नै आधार बनेको छ ।

विभिन्न देशहरूमा भएका आन्दोलनहरूको अध्ययन गर्ने क्रममा मूलतः विद्युतीय (on line) सामग्रीहरूको प्रयोग पनि गरिएको छ ।

**अन्तर्वार्ता**

यस शोधप्रबन्धको लेखनका क्रममा राजनैतिक गतिविधिहरूसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ ।

**अवलोकन तथा निरीक्षण**

कतिपय आन्दोलनका क्रममा शोधार्थी स्वयं प्रत्यक्ष सहभागी भएको हुँदा शोधप्रबन्धको व्याख्या र विश्लेषणमा यस कार्यले पनि महत्त्वपूर्ण भूमिका बहन गरेको छ । २०३५ सालको आन्दोलनमा शोधार्थी स्वयं पक्राउ पर्दा, २०४६ सालको आन्दोलनमा सहभागी हुँदा आँखाकै सामुन्ने कीर्तिपुरमा गोली चलेर चारजना सहिद भएको देख्दा तथा यसपछिका कतिपय आन्दोलनमा भाग लिँदाका समयमा महिलाहरूको सहभागिता के-कस्तो थियो भन्ने शोधार्थीले देखेका घटनाहरूले पनियस शोधप्रबन्धको लेखनमा महत्त्वपूर्ण भूमिका बहन गरेका छन् ।

### १.६.२ सामग्रीको छनोट

यहाँ पुस्तक तथा पत्रिकाहरू, राजनैतिक दस्ताबेजहरू, पर्चा पम्पलेटहरू संविधान तथा कानुनसँग सम्बन्धित पुस्तक तथा लेखहरूको छनोट गर्नका साथै अन्तर्वार्ता कोसँग कसरी लिइएको छ भन्ने कुराको चर्चा गरिएको छ । छनोट प्रक्रियालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

**पुस्तक, पत्रिका र दस्ताबेजहरूको छनोट**

महिलाहरूले गरेका आन्दोलनका बारेमा अध्ययन गर्नुपर्ने भएकाले विभिन्न पुस्तकालयमा गई विभिन्न पुस्तकहरू र राजनैतिक दलहरूले समयसमयमा प्रकाशित गरेका पर्चा, पम्पलेट, मुखपत्र, घोषणापत्र, आह्वानपत्रलगायत राजनैतिक दस्ताबेजहरू उनीहरूकै कार्यालयमा गई सङ्कलन गरिएको छ । यसरी छनोट गरिएका सामग्रीहरूमध्ये कतिपय दोहोरिन सक्ने र कतिपय अविश्वसनीय पनि हुने भएकाले मूलतः प्राथमिक स्रोतलाई महत्त्व दिई छनोट गरिएको छ ।

**अन्तर्वार्ता दिने व्यक्तिहरूको छनोट**

नेपालमा भएका आन्दोलनहरूमा सहभागी भएका व्यक्तिहरूको अन्तर्वार्ता कोसँग कसरी लिने भन्ने सन्दर्भमा यहाँ लैङ्गिक विविधतालाई एकातिर आधार मानेर व्यक्ति छनोट गरिएको छ भने अर्कोतिर राजनैतिक विचारधारालाई पनि छनोटको आधार बनाइएको छ । त्यस्तै, कालक्रमलाई पनि आधार मानेर व्यक्ति छनोट गरिएको छ ।

### १.६.३ **खुला प्रश्नोत्तर विधि (Open Ended Research Methodlogy)**

यस शोधप्रबन्धको सामग्री सङ्कलनका क्रममा खुला प्रश्नोत्तर विधि अपनाइएको छ । बहुवैकल्पिक प्रश्नोत्तर विश्लेषण विधि (multiple questionresearch methodlogy) मा छोटो उत्तर मात्र आउने हुँदा यस शोधप्रबन्धमा यो विधि भने अपनाइएको छैन । अधिकारकर्मी समाजसेवीहरूसँग खुला प्रश्नोत्तर विधिमार्फत नै विचार सङ्कलन गरिएको छ ।

यसरी यस शोधप्रबन्धको व्याख्या र विश्लेषणलाई तथ्यपरक र विश्वसनीय बनाउनका लागि सकेसम्म मूल स्रोत अर्थात् प्राथमिक स्रोतको प्रयोग गरिएको छ । सो नपाएका अवस्थामा मात्र  सहायक अर्थात् द्वितीयक स्रोतको प्रयोग गरिएको छ ।

शोधप्रबन्धको लेखनका क्रममा विश्वसनीयता हुनु अनिवार्य हुन्छ । शोधप्रबन्धमा वौद्धिक चोरी (plagiarism) नहोओस् भन्नका लागि उद्धरण (citation) को प्रयोग आवश्यकताअनुसार गरिएको छ । यसमा पादटिप्पणी (footnote) को प्रयोग भएको छ । हालसाल खास गरेर अन्तरअनुच्छेदीय उद्धरण प्रयोग गरिने MLA तथा APA प्रविधि भने यसमा प्रयोग गरिएको छैन । राजनीति र कानुनसम्बन्धी विभिन्न दस्तावेजहरू पर्चा, बुलेटिन आदिका रूपमा प्रशस्त आउने भएकाले र यिनमा पृष्ठ, प्रकाशित मिति, लेखक तथा प्रकाशककै नामको पनि अभाव हुने हुँदा यस्तो विधि सामान्यतः असजिलो हुन्छ ।

## १.७ शोधपत्रको रूपरेखा (Organization of the Study)

प्रस्तुत शोधपत्रलाई ८ परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदहरू अन्तर्गत निम्न शीर्षकहरू राखिएका छन् :

यसको पहिलो परिच्छेदमा शोधपरिचय छ र यसमा शोधकार्यको परिचय, समस्याकथन, उद्देश्य, अध्ययनको सीमा, अध्ययनको औचित्य, अनुसन्धान विधि र परिच्छेद विभाजनको सन्दर्भ प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद 'पूर्वकार्यको समीक्षा' शीर्षकमा छ र यसमा यस विषयसँग सम्बन्धित पूर्व प्रकाशित सामग्रीहरूको समीक्षा (review of literature) राखिएको छ ।

तेस्रो परिच्छेदको शीर्षक 'अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन र नेपालमा यसको प्रभाव' छ र यसमा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिला आन्दोलनका साथै नारीवाद (women revolution in international area and feminism) को उदय र विकासबारेमा उल्लेख गरिएको छ ।

चौथो परिच्छेदमा 'संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू र यसले नेपालको आन्दोलनमा पारेको प्रभाव' शीर्षक अन्तर्गत् (संयुक्त राष्ट्रसङ्घले गरेका प्रयासका साथै नेपाली महिलाहरूले अधिकारका लागि गरेका विभिन्न कार्यहरूको उल्लेख गरिएको छ ।

पाँचौं परिच्छेदको शीर्षक 'नेपालमा भएका महिलाआन्दोलनहरू' भन्ने छ, र यसमा १९७३ सालपूर्वको रानीमहारानीद्वारा प्राप्त गर्न गरिएका सङ्घर्षहरूको चर्चा गर्नाका साथै १९७४ देखि २०६३ सालसम्म गरिएका आन्दोलनका बारेमा उल्लेख गरिएको छ ।

'नेपालको कानुनमा महिला अधिकार' शीर्षक रहेको छैटौं परिच्छेदमा वैदिक कालमा हिन्दू धर्मशास्त्रले महिलालाई दिएका अधिकारदेखि ऐन कानुनलगायत **अन्तरिम संविधान, २०६३** सम्मले महिलाहरूलाई प्रदान गरेका अधिकारहरूका बारेमा चर्चा गरिएको छ ।

'सर्वोच्च अदालतबाट प्रतिपादित महिलाअधिकारसम्बन्धी नजीरहरू' शीर्षकको सातौं परिच्छेदमा महिलालाई अधिकार दिने सम्बन्धमा सर्वोच्च अदालतले गरेका निर्णयहरू र निर्देशनात्मक आदेशहरूका बारेमा उल्लेख गरिएको छ ।

अन्तिम तथा आठौँ परिच्छेदको शीर्षक 'सारांश, निष्कर्ष तथा सुझाव' रहेको छ । यसमा शोधसम्बन्धी अगाडिका परिच्छेदहरूमा गरिएका विश्लेषणहरूका आधारमा सारांश, निष्कर्ष तथा सुझावहरू समावेश गरिएको छ। उपर्युक्त रूपरेखालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : पूर्वकार्यको समीक्षा

तेस्रो परिच्छेद : अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन र नेपालमा यसको प्रभाव

चौथो परिच्छेद : संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू र यसले नेपालको आन्दोलनमा पारेको प्रभाव

पाँचौं परिच्छेद : नेपालमा भएका महिलाआन्दोलनहरू

छैटौँपरिच्छेद : नेपालको कानुनमा महिलाअधिकार

सातौं परिच्छेद : सर्वोच्च अदालतबाट प्रतिपादित महिलाअधिकारसम्बन्धी नजीरहरू

आठौँपरिच्छेद : सारांश, निष्कर्ष र सुझाव

परिशिष्टाङ्क

सन्दर्भसामग्री सूची

**दोस्रो परिच्छेद**

# पूर्वकार्यको समीक्षा

## २.१ परिचय

नेपाली महिलाको राजनीतिक, सामाजिक, आर्थिक तथा कानुनी पक्ष दर्शाउने धेरै पुस्तक एवं लेखहरू पनि प्रकाशित भएका छन् भने यस विषयमा प्रशस्त शोधपत्र तथा शोधप्रबन्धहरू पनि लेखिएका छन् । कानुनी विषयमा पनि छुट्टाछुट्टै विषयमा केन्द्रित भएर केही पुस्तक तथा लेखहरू प्रकाशित भएका देखिन्छन् । त्यस्तै, महिलाका लागि खोलिएका धेरै संस्थाहरूले पनि आफ्नो क्षमता र आवश्यकताअनुसार महिलाअधिकारका लागि समय-समयमा कार्यहरू गर्दै आएका छन् । यसरी नै राज्यका निकायहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले पनि महिलालाई अधिकारसम्पन बनाउन केही न केही कार्य गरेका छन् । यहाँ त्यस्ता पूर्वप्रकाशित सामग्रीमध्ये यस अध्ययनसँग सम्बन्धित सामग्री उल्लेख गरी तिनको समीक्षा गरिएको छ । यहाँ पूर्वप्रकाशित सामग्रीहरूको समीक्षा गर्दा प्रकाशित शोधप्रबन्ध,पुस्तक तथा अन्य लेखहरूलाई छुट्टाछुट्टै राखी तिनको समयक्रमअनुसार समीक्षा गरिएको छ ।

### २.१.१ शोधप्रबन्धहरू

यस उपशीर्षकमा महिलाआन्दोलन र महिलाअधिकारबारे गरिएका विद्यावारिधिका शोधप्रबन्धहरूको समीक्षात्मक टिप्पणी गरिएको छ ।

(क) मेदिनीप्रसाद शर्मा, “लिच्छविकालीन नेपालमा नारीको अवस्था,” मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान,डिनको कार्यालय त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०४० ।

मेदिनीप्रसाद शर्माको यस शोधप्रबन्धलाई नौ अध्यायमा बाँडिएको छ । पहिलो अध्यायमा परिचय भाग राखिएको छ भने दोस्रो अध्यायमा भौगोलिक विवरण प्रस्तुत गरिएको छ । यसअन्तर्गत पूर्वी नेपाल, माझ नेपाल, पश्चिमी नेपालका बारेमा चर्चा गर्दै विभिन्न जातिहरूबारे उल्लेख गरिएको छ । यसमा गोपाल, किराँत, लिच्छवि, वृजिक, मल्ल, शाक्य, कौलीय, आभीर गुप्त, थारू आदि जातिका बारेमा चर्चा छ । सामाजिक स्वरूपका बारेमा पनि यसै अध्यायमा उल्लेख गरिएको छ । तेस्रो अध्यायमा वैवाहिक जीवनबारे चर्चा

गरिएको छ, जसमा परिवार, कन्या, पत्नी र आमाका बारेमा उल्लेख गरिएको छ भने चौथो अध्यायमा विवाह र नारीको पुनः विवाहका बारेमा चर्चा गरिएको छ ।पाँचौं अध्याय सतीप्रथा र सतीब्रत पालनका सम्बन्धमा छ । छैटौं अध्यायमा नारी र शिक्षा विषयमा चर्चा गरिएको छ भने सातौं अध्यायमा धर्म र नारीका बारेमा उल्लेख गरिएको छ । आठौं अध्याय नारीका भेषभुषा र गहनाका बारेमा छ । नवौं अध्यायमा निष्कर्ष राखिएको छ भने यसपछि परिशिष्ट भाग छ ।

प्रस्तुत शोधप्रबन्ध नारीका बारेमा लेखिएकाले यसको तेस्रो, चौथो, र पाचौं अध्यायका केही विषय यस शोधका लागि काम लाग्ने देखिएकाले यहाँ यसको समीक्षा गरिरएको हो । यस शोधप्रबन्धले लिच्छविकालका बारेमा मात्र लेखेको र यस शोधको विषय “नेपालमा महिलाआन्दोलन र नेपालका कानुनमा महिलाअधिकार” भएकाले प्रस्तुत विषय यस शोधप्रबन्धका लागि आंशिक सहयोगी मात्र हुने देखिएको छ ।

(ख) कविता श्रेष्ठ, “मध्यकालीन नेपालमा नारीको अवस्था”, त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत डिन कार्यालयमा विद्यावारिधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०६४ ।

कविता श्रेष्ठको प्रस्तुत शोधप्रबन्ध यस शोधका लागि उपयोगी हुने देखिन्छ । यस शोधप्रबन्धलाई सात अध्यायमा विभाजन गरिएको छ । यसको प्रथम अध्यायमा अनुसन्धान परिचय छ भने दोस्रो अध्यायमा प्राचीन हिन्दू समाजमा नारीहरूको अवस्था र लिच्छविकालपूर्वको युग र लिच्छवियुग भनेर छुट्याइएको छ । यसमा प्राचीन नेपाली समाजका महिलाको अवस्थाबारे चर्चा छ । यसरी नै तेस्रो अध्यायमा मध्यकालीन राज्यहरू (तिरहुत राज्य, कर्णाली प्रदेशको खसराज्य, बाइसी चौबीसी राज्यहरू, नेपाल मण्डल) का बारेमा र महिलाहरूको राजनीतिक भूमिकाका बारेमा उल्लेख गरिएको छ । चौथौ अध्यायमा मध्यकालीन मुद्रामा नारीहरू उपशीर्षक दिएर पूर्वमध्यकाल र उत्तरमध्यकालको चर्चा गरिएको छ । पाचौं अध्यायमा नारीको पारिवारिक भूमिका, विवाहप्रथा र नारी, विवाहको उमेर, डोलाप्रथा र डोलाजी तथा नारीको सम्पत्तिसम्बन्धी अधिकारका बारेमा चर्चा गरिएको छ । त्यस्तै, छैटौं अध्यायमा मध्यकालीन नेपालमा नारीशिक्षाको अवस्थाबारे उल्लेख गरिएको छ र सातौं अध्यायमा सारांश तथा निष्कर्ष राखिएको छ ।

यस शोधप्रबन्धमा उल्लेख गरिएका विषयहरूमध्ये नारीसँग सम्बन्धित विषयहरू मात्र यस शोधप्रबन्धका सहयोगी हुनेछन् भने पाचौँ अध्याय विशेष सहयोगी हुनेछ तर यस शोधप्रबन्धले मध्यकाललाई मात्र समेटेका कारण यसले शोधको विषयलाई थोरै प्रतिशत मात्र सहयोग गर्नेछ ।

(ग) विमला शाक्य, "नेपालमा महिलाहरूको कानुनी स्थिति : एक ऐतिहासिक अध्ययन (वि.सं. २००७ देखि २०४७ सम्म)", मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विद्यावारिधिका लागि त्रि.वि. मा प्रस्तुत शोधप्रबन्ध, २०६७ ।

विमला शाक्यको यो शोधप्रबन्ध यस शोधका लागि उपयोगी हुने देखिन्छ । यसको पहिलो अध्यायमा शोधकार्यको परिचय दिइएको छ भने दोस्रो अध्यायमा ऐतिहासिक पृष्ठभूमिअन्तर्गत महिलाअधिकार, आन्दोलनको ऐतिहासिक झलक, नेपालमा लिच्छविकाल, मध्यकाल र आधुनिक कालमा महिलाको अवस्था शीर्षक राखेर उनले विश्लेषणात्मक चर्चा गरेकी छन् । तेस्रो अध्यायमा २००७ देखि २०४७ सालसम्मको अवधिमा नेपाली महिलाहरूको कानुनी अवस्था शीर्षकअन्तर्गत संविधानअनुसार नेपाली महिलाहरूको अवस्था र २००७देखि २०१७ सालसम्म जारी भएका महिलाहकसम्बन्धी ऐनहरूका सम्बन्धमा विश्लेषणात्मक चर्चा गरिएको छ । यसरी नै चौथौ अध्यायमा २०१८ देखि २०३१ सालसम्मको महिलाहकसम्बन्धी कानुनी कार्यहरू शीर्षकअन्तर्गत **नेपालको संविधान, २०१९** मा भएका महिलाअधिकारसम्बन्धी व्यवस्थाहरू र २०१८ देखि २०३१ सालसम्ममा जारी भएका ऐनहरू र सम्बन्धित पक्षहरूमा विश्लेषणात्मक टिप्पणीसहित चर्चा गरिएको छ । पाचौँ अध्यायमा २०३२ देखि २०४७ सालसम्म भएका व्यवस्था र महिलाहकसम्बन्धी शीर्षकअन्तर्गत सन् १९७५ को अन्तर्राष्ट्रिय नारीवर्षका कारण महिलासम्बन्धी कानुनी व्यवस्थामा आएका परिवर्तनहरू, ऐनहरूमा भएका अधिकारहरू र **नेपाल अधिराज्यको संविधान, २०४७** ले प्रदान गरेका महिलाअधिकारको विषयहरू उल्लेख गरिएको छ । छैटौँ अध्यायमा शोधसम्बन्धी अगाडिका अध्यायहरूमा गरिएका विश्लेषणका आधारमा उपसंहार समावेश गरिएको छ ।

यसरी प्रस्तुत शोधप्रबन्धका विषय वस्तुहरूमा २००७ देखि २०४७ सालसम्मका कानुनमा महिलाका सम्बन्धमा गरिएका व्यवस्थाहरू उल्लेख गरिएकाले ती विषयले यस

शोधप्रबन्धको विषयलाई आंशिक सहयोग पुऱ्याउने देखिन्छ । त्यसैले यहाँ यस शोधकार्यको समीक्षा गरिएको हो । यस शोधप्रबन्धले २००७ देखि २०४७ सालसम्मको महिलाअधिकारलाई मात्र समेटेर आन्दोलन पक्षलाई नसमेटेकाले यसले यस शोधप्रबन्धमा पूर्ण सहयोग नगरी आंशिकसहयोग मात्र पुऱ्याउने छ ।

(घ) शिवमाया तुम्बाहाङ्फे, "नेपालमा राजनीतिक महिलाआन्दोलन विश्लेषणात्मक अध्ययन (वि.सं. २०४७ देखि २०६०)", मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०६७ ।

प्रस्तुत शोधप्रबन्धलाई आठ अध्यायमा विभाजन गरिएको छ । प्रथम अध्यायमा शोधको परिचय प्रस्तुत गरिएको छ भने दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा गरिएको छ । यसरी नै तेस्रो अध्याय शोधपद्दतिका बारेमा लेखिएको छ । चौथौ अध्यायमा महिलाआन्दोलनका बारेमा उल्लेख छ । यस चौथो अध्यायमा महिलाआन्दोलनको राजनीतिक पृष्ठभूमि, विश्वमा महिलाआन्दोलन, अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलासम्बन्धी कामहरू, महिलाआन्दोलन र संयुक्त राष्ट्रसङ्घ र विश्वमा देखापरेका नारीवादी सिद्धान्तहरूको चर्चा पनि गरिएकोछ । पाचौँ अध्यायमा नेपालको महिलाआन्दोलनको विकासबारे चर्चा गरिएको छ । यस अध्यायमा महिलाआन्दोलनको पृष्ठभूमि, महिला सङ्गठनको स्थापना र विकास, नेपाली महिलाआन्दोलनको विकास, राजनीतिकआन्दोलन र महिला अनि महिला सङ्गठनका विभिन्न गतिविधिहरूका बारेमा प्रकाश पारिएको छ । छैटौँ अध्यायमा भने नेपालको राजनीतिक महिलाआन्दोलन (२०४७ देखि २०६०) का बारेमा चर्चा गरिएको छ । यसमा विभिन्न आन्दोलनमा महिलाको भूमिका, राजनीतिक दलहहरूमा महिला सहभागिताको सवाल, नेपाली महिलाआन्दोलनका समस्या, महिलाआन्दोलनको दायरा, महिलाआन्दोलनका कार्यक्रमहरू र सरकारी पक्षबाट भएका प्रयास र महिलासवालबारे विश्लेषण गरिएको छ । सातौँ अध्यायमा नेपालको राज्य सञ्चालनमा महिला सहभागिता विषयमा चर्चा गरिएको छ । यसभित्र राजनीतिमा महिला सहभागिता, प्रशासनिक क्षेत्रमा महिला सहभागिता, महिलाहरूको सामाजिक अवस्था, नेपाली महिला र सञ्चार माध्यम, नेपालको न्यायिक क्षेत्रमा महिला, महिलाआन्दोलन र आरक्षणको सवालका बारेमा चर्चा गरिएको छ । अन्तिम अध्यायमा भने निष्कर्ष र सुझाव राखिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा महिलाआन्दोलनका बारेमा चर्चा गरिएका पाँचौं र छैटौं अध्याय यस शोधप्रबन्धका लागि धेरै उपयोगी हुने भएकाले यस शोधप्रबन्धको समीक्षा गरिएको छ, तर कानुनमा उल्लेखित महिलाअधिकारका बारेमा प्रस्तुत शोधप्रबन्ध मौन छ । त्यसैले यसले यस शोधप्रबन्धमा आंशिक सहयोग मात्र पुऱ्याउनेछ ।

(ङ) सुधा त्रिपाठी, "आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना", त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०६८ ।

यो शोधप्रबन्ध नेपाली उपन्यासका बारे लेखिएको भए पनि यसमा महिलाहरू माथि चरम विभेद हुन थालेपछि पुरुषवर्गको विरोध गर्दै जन्मिएको नारीवादको प्रसङ्ग उल्लेख गरिएको छ । यस क्रममा शोधकर्ताले विश्वका विभिन्न विद्वान् तथा दार्शनिकहरूको दृष्टिकोण धार्मिक दृष्टिकोण जत्तिकै सङ्कुचित भएको कुरा उल्लेख गर्दै प्लेटोले दास र नारीबाट विमर्श र बौद्धिक चिन्तनलाई टाढै राख्नुपर्छ भनेको प्रसङ्ग उल्लेख गरेकी छन् । त्यस्तै, एरिस्टोटलले नारीलाई पदार्थ मानेर तल्लो स्तरमा राखेको कुरा अनि फ्रान्सका चान्सलर बाल्जाकले पुरुषको दिलको धडकन बढाउने भन्दा नारीको महत्त्व छैन भन्दै नारीलाई जड भनेको विषय पनि उल्लेख गर्दै इतिहासले नारीलाई महत्त्व नदिएको अवस्थालाईपनि यस शोधप्रबन्धमामा छर्लङ्ग पार्ने प्रयास गरेकी छन् । सन् १९३८ मा जापानमा महिलाले मतदानको अधिकार माग्दा त्यहाँका गृहमन्त्रीले घरमा गएर केटाकेटीको लुगा धोऊ भनेको सन्दर्भलाई समेत यस शोधमा उल्लेख गरेर महिलाको अवस्था विभेदित भएको स्पष्ट देखाएकी छन् । समयको गतिसँगै सामन्तवादको गर्भमा पूँजीवादको भ्रुण विकसित हुँदै जाने क्रममा महिला पनि सामाजिक उत्थानमा सहभागी हुन थालेपछि महिलाहरू स्वयंले आफूमाथि पुरुषहरूद्वारा गरिएको शोषणबारे बुझ्न थालेको र यसपछि बल्ल अधिकारका लागि आवाज उठाउन थालेको कुरा उल्लेख गर्दै महिलाहरूले गरेको आन्दोलनलाई प्रारम्भिक महिलाआन्दोलन, उत्पीडन विरोधी महिलाआन्दोलन र सन् १९६६ देखि हालसम्मको समयलाई महिलाअधिकारका लागि भएको आन्दोलन अर्थात् बौद्धिक नारीवादका रूपमा चर्चा पनि गरेकी छन् ।यस शोधप्रबन्धले महिला आन्दोलन र नारीवादका बारेमा चर्चा गरेको हुनाले यो शोधप्रबन्धको समीक्षा गरिएको हो । यसमा कानुनी अधिकारका बारेमा उल्लेख नगरिएकाले यसले शोधप्रबन्धमा आंशिक सहयोग मात्र पुऱ्याउने छ ।

(च) शुक्रराज अधिकारी, "वेदकालीन समाजमा लैङ्गिकताको निर्माण", शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०७१ ।

यस शोधप्रबन्धको पहिलो अध्यायमा समाजशास्त्रीय अर्थमा समाज, सामाजिक संरचना र लैङ्गिकताका सवालहरू, दोस्रो अध्यायमा अनुसन्धान विधि, तेस्रो अध्यायमा वेदकालीन समाजको सामाजिक संरचना, चौथो अध्यायमा वेदकालीन समाजमा पुरुषत्व र नारीत्वको निर्माण, पाचौँ अध्यायमा वेदकालीन समाजमा दाम्पत्यको सम्बन्धको निर्माण, छैटौँ अध्यायमा वेदकालीन समाजमा सन्तान व्यवस्था र सातौँ अध्यायमा सारांश तथा सैद्धान्तिक परिवर्तनबारे उल्लेख गरिएको छ ।

यसरी प्रस्तुत शोधप्रबन्धका विषयवस्तुहरूमा वेदकालीन समाजमा पुरुषत्व र नारीत्वको निर्माण भन्ने विषयले यस शोधप्रबन्धको ऐतिहासिक पृष्ठभूमिलाई सहयोग पुऱ्याउने देखिएकाले यस शोधप्रबन्धको समीक्षा गरिएको हो । यो शोधप्रबन्ध वेदकालीन समयमा मात्र सीमित भएकाले यसले यस शोधप्रबन्धका लागि आंशिक सहयोग मात्र पुऱ्याउने छ ।

### २.१.२ **पुस्तकहरू**

यस उपशीर्षकमा महिलाआन्दोलन र महिलाअधिकारबारे लेखिएका पुस्तकहरूको समीक्षात्मक टिप्पणी गरिएको छ ।

(क) बेनट लिन, **द स्ट्याटस अफ विमन इन नेपाल**, भोलुम १, खण्ड २, काठमाडौँ : सेडा, त्रि.वि., सन् १९७९ ।

बेनेट लिनको यो पुस्तक ६ अध्यायमा विभाजित छ भने पहिलो अध्यायमा हिन्दू परम्परागत धाारणाका बारेमा उल्लेख गर्दै त्यसले महिलाको स्वतन्त्र अस्तित्वलाई नअपनाएको कुरा उल्लेख गरिएको छ । दोस्रो अध्यायमा **नेपालको संविधान**, २०१९ मा महिलाहरूको स्थान" शीर्षकभित्र संविधानले प्रदान गरेका हकहरूका बारेमा उल्लेख गरिएको छ भने तेस्रो अध्यायमा २०२० सालको मुलुकी ऐनमा महिलाहरूको स्थितिबारेमा चर्चा गरिएको छ । यसमा स्त्री अंशधन, पुर्ख्यौली सम्पत्ति, दोलाजी व्यवस्था आदिका बारेमा पनि चर्चा गरिएको पाइन्छ । त्यस्तै, चौथौ अध्यायमा "वर्तमान नेपाली कानुनमा विवाह र सम्बन्ध विच्छेदको धारणा" शीर्षक राखेर २०२० सालको मुलुकी ऐनको छैटौँ संशोधनले

दिएको सम्बन्धविच्छेद पछिको महिला र बालबालिकाको अवस्थाबारे चर्चा गरिएको छ । पाचौँ अध्यायमा कानुनहरूको कार्यान्वयन प्रभावकारी हुनु पर्ने भन्दै गर्भपतन, जारी, बहुविवाह र सम्बन्धविच्छेदका बारेमा कानुनमा भएका व्यवस्थाहरूको विश्लेषण गरिएको छ । अन्तिम अध्यायमा भने सारांश प्रस्तुत गर्दै महिलाका अवस्था झल्काउने तालिका, तस्विरहरू र पुस्तकका बारेमा गरिएका टिप्पणीहरू राखिएको छ।

यस पुस्तकमा उल्लेख गरिएका कतिपय विषयहरूमध्ये केवल २०१९ को संविधान र २०२० सालको मुलुकी ऐनको सन्दर्भचाँहि शोधप्रबन्धका लागि आंशिक सहयोगी भएको छ ।

(ख) कृष्णबहादुर थापा, **विमन एन्ड सोसल चेन्ज इन नेपाल**, काठमाडौँ : श्रीमती अम्बिका थापा, सन् १९८५ ।

कृष्णबहादुर थापाले यस पुस्तकलाई ७ अध्यायमा विभाजन गरेका छन् । यसको पहिलो अध्यायमा दक्षिण एशियाली राष्ट्रका महिलाहरूको परिचय दिँदै अन्यदेशका महिलाभन्दा नेपालका महिलाहरू पछाडि परेका कुराबारे चर्चा गरिएको छ । दोस्रो अध्यायमा राणाकालीन मुलुकी ऐनले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरेको छ भन्ने चर्चा गरिएको छ । तेस्रो अध्यायमा महिलाहरूमा चेतना जगाउनु पर्ने कुरा उल्लेख गरिएको छ भने चौथो अध्यायमा महिलाका सङ्गठनहरूका बारेमा चर्चा छ । त्यस्तै, पाचौँ अध्यायमा महिलाका हकमा गरिएका सरकारी प्रयासहरू अर्थात् कानुनी र संवैधानिक व्यवस्थाहरूका बारेमा विश्लेषण गरिएको छ ।

परिशिष्टसमेत राखिएको यो पुस्तक यस शोधप्रबन्धका लागि आंशिक सहयोगी हुने देखिएकाले यहाँ यसको समीक्षा गरिएको हो । यस पुस्तकमा मुलुकी ऐन र संविधानको विश्लेषण अनि महिला सङ्गठनहरूका बारेमा गरिएको चर्चाले यस शोधप्रबन्धलाई सहयोग पुऱ्याउने छन् । यसमा २०६३ सालसम्म जारी गरिएका कानुनले गरेको व्यवस्था उल्लेख नगरिएकाले यसले आंशिक सहयोगमात्र पुऱ्याउने छ ।

(ग) स्त्रीशक्ति, **विमन डेभलपमेन्ट डेमोक्रेसी**, (**अ स्टडी अफ सोसियो, इकोनोमिक चेन्ज इन द स्ट्याट्स अफ विमन इन नेपाल**), काठमाडौँ : स्त्री शक्ति, सन् १९९५ ।

नेपालका महिलाहरूका विभिन्न पक्षहरूका बारेमा अध्ययन गरेर लेखिएको यस पुस्तकको पहिलो खण्डमा अध्ययनको ढाँचा र विधि उल्लेख गर्दै दोस्रो खण्डमा पारिवारिक बनावट, महिलाको साक्षरताको अवस्था आदि स्थलगत भ्रमणका आधारमा प्रस्तुत गरिएको

छ । पुस्तकको तेस्रो खण्डमा भने महिलाको शैक्षिक अवस्थाका बारेमा चर्चा छ । चौथो खण्डमा आर्थिक अवस्थाका बारेमा र पाचौँ खण्डमा राजनीतिक, सांस्कृतिक र कानुनी अवस्थाका बारेमा चर्चा गरिएको छ  र छैटौँ खण्डमा भने सारांश प्रस्तुत गरिएको छ ।

यस शोधप्रबन्धका लागि यो पुस्तकको पाचौँ खण्ड उपयोगी हुन पुगेको छ । यस खण्डमा **नेपाल अधिराज्यको संविधान**, **२०४७** महिलाअधिकारका दृष्टिले धेरै अगाडि रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । २०४७ सालभन्दा पछाडिका कानुनी व्यवस्थाहरू र समान कानुनका लागि भएका प्रयासहरू उल्लेख नभएकाले यसले शोधप्रबन्धलाई आंशिक सहयोग मात्र पुऱ्याउने छ ।

(घ) मङ्गलादेवी सिहं, **नारी सङ्घर्षका पाइलाहरू** (आत्म वृतान्त), काठमाडौं : पी.यल. सिंह, २०५१ ।

सत्ताईस भागमा जीवनमा घटेका घटनाहरूलाई वर्णन गरिएको यो मङ्गलादेवीको आत्मवृतान्तमा महिलाहरूले अधिकारका लागि गर्नुपरेको सङ्घर्षका बारेमा चर्चा गरिएको छ । तात्कालीन महिलाको अवस्था अनि पुरुषहरूले महिलाका बारेमा राखेको सोच यसमा राम्रोसँग उल्लेख गरिएको पाइन्छ । सम्पन्न परिवारमा जन्मिएर पनि लाउनु र खानुलाई मात्र जीवन नठानेर स्वतन्त्रता र अधिकारका लागि उनीबाट गरिएका कामहरूको चर्चा यहाँ छ । पुरुषहरूको सङ्गठन प्रजा पञ्चायतमा एकमात्र महिला सदस्य भएर अप्ठ्यारो परिस्थितिमा पाँचवटा बैठकमा पटकपटक उपस्थित भएको प्रसङ्ग र उक्त पाँचवटै बैठकहरूमा महिलाका सम्बन्धमा कुनै छलफल नभएको कुरा यहाँ रोचक तरिकाले प्रस्तुत गरिएको छ । त्यसैले उनले महिलाका लागि बोल्न र आवाज उठाउन महिलाकै सङ्गठन हुनुपर्ने निर्णय गरेर नै २००४ सालमा महिला सङ्घ खोलेको प्रसङ्ग यहाँ छ । उनको नेतृत्वमा मताधिकार र पढ्नका लागि विद्यालयको माग गर्दै श्री ३ पद्म शमशेरसमक्ष प्रतिनिधि मण्डल (deligation) गएको कुरा पनि यस पुस्तकमा उल्लेख गरिएको छ । यसरी महिलाले देखाएको हिम्मत र सङ्घर्षका कुरा लेखिएकाले यो पुस्तक यस शोधप्रबन्धका लागि उपयोगी हुन पुगेको छ तर यसले पनि कानुनी अधिकारका बारेमा उल्लेख नगरेकाले र एउटा व्यक्तिको मात्र सङ्घर्षका कुरा उल्लेख गरेकाले यस शोधप्रवन्धको लेखनमा आंशिक सहयोग मात्र पुऱ्याएको छ ।

(ङ)	नरनाथ लुइँटेलसमेत (सम्पा.) **मानवअधिकार सचेतनमाला**, दो.सं., काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), २०५४ ।

नरनाथ लुइँटेल, देविकानन्द तिमिल्सिना र माधव पन्थीद्वारा सम्पादित **मानवअधिकार सचेतन माला** भन्ने पुस्तकमा हामी र हाम्रो अधिकार, मानवअधिकारको विश्वव्यापी घोषणा, नेपालको सन्दर्भमा मानवअधिकारको शिक्षा, **नेपालको संविधान, २०४७** र मानवअधिकार, प्रजातन्त्रको रक्षा जनताको दायित्व, बालक र बालअधिकार, महिला र महिलाअधिकार, श्रमजीवी र श्रमिकअधिकार, जातीय छुवाछुत विरोधी अभियानजस्ता १३ वटा विविध उपशीर्षकहरू छन् । यस पुस्तकमा भएको महिला र महिलाअधिकार उपशीर्षकमा सामाजिक विकासमा महिलाको योगदानबारे चर्चा गर्दै ऐतिहासिक पृष्ठभूमिमा महिलाले गरेका कार्यहरूको पनि चर्चा गरिएको छ । ज्ञान विज्ञानका क्षेत्रमा लाग्ने महिलाहरू, प्रजातान्त्रिक आन्दोलनमा सक्रिय महिलाहरू तथा महिला सहिदहरूको चर्चा गर्दै र उनीहरूको वर्तमान स्थितिको निरूपण गर्दै महिलाअधिकारका लागि हरेकले गर्नुपर्ने दायित्वबारे पनि यहाँ प्रकाश पारिएको छ ।

यसमा भएका र प्रजातान्त्रिक आन्दोलन र महिला सक्रियता तथा सहिद बनेका महिलाहरूको अवस्थासम्बन्धी उपशीर्षक र महिलाको वर्तमान स्थिति तथा महिलामुक्तिको सवाल उपशीर्षकमा प्रस्तुत गरिएका विषयहरू यस शोधप्रबन्धका लागि आवश्यक भएकाले सहयोगी हुन पुगेका छन् । यसमा पनि आन्दोलनमा महिलाले पुऱ्याएका सहयोगबारे उल्लेख गरिएको विषयवस्तु मात्र यस शोधप्रबन्धका लागि उपयुक्त हुन पुगेकाले यो पुस्तक यस शोधप्रबन्धका लागि आंशिक सहयोगी बनेको छ ।

(च)	महिला तथा समाजकल्याण मन्त्रालय एवं क्यानिडियन कोअपरेसन अफिस, **लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना**, काठमाडौँ: महिला तथा समाजकल्याण मन्त्रालय एवं क्यानिडियन कोअपरेसन अफिस, २०५४ ।

यस कार्ययोजनामा १२ वटा शीर्षक उल्लेख गरिएको छ । बेजिङ सम्मेलनले तय गरेका १२ वटा विषयमा शीर्षक छुट्याएर कसरी महिलाहरूलाई अधिकार दिन सकिन्छ भन्ने नीतिहरूका बारेमा विश्लेषण गरिएको यो पुस्तक यस शोधप्रबन्धका लागि उपयोगी हुने भएकाले यस पुस्तकको यहाँ समीक्षा गरिएको हो । महिला र गरिबी, महिलालाई शिक्षा र

तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशस्त्र विद्रोह, महिला तथा अर्थतन्त्र, नीतिनिर्माणमा महिला, महिला विकासका लागि संस्थागत संरचना, महिला र मानवअधिकार, महिला र सञ्चार, महिला र वातावरण र बालिका शीर्षकमा राष्ट्रिय कार्ययोजना र महिला तथा समाज कल्याण मन्त्रालयको धारणा प्रस्तुत गरिएकाले यो पुस्तक विशेष सहयोगी हुन पुगेको छ । तर यस शोधको विषय नीतिगत व्यवस्थाहरू मात्र नभएर नेपालमा महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार पनि भएकाले यस पुस्तकले यस शोधप्रबन्धमा केवल आंशिक सहयोग मात्र पुऱ्याएको छ ।

(छ) युवराज सङ्ग्रौला र गीता पाठक, **जेन्डर एन्ड ल**, काठमाडौं : पैरवी प्रकाशन, सन् २००२ ।

दश खण्डमा विभाजित यस पुस्तकको पहिलो खण्डमा परिचय र दोस्रो खण्डमा समाजमा विद्यमान खराब मूल्य र मान्यताहरूले पारेको प्रभावबारे विश्लेषण गरिएको छ । तेस्रो अध्यायमा अन्तर्राष्ट्रिय विभिन्न सन्धि-महासन्धिलगायत दस्ताबेजहरूका बारेमा उल्लेख गरेको छ । यसमा २०४७सालको नेपाल अधिराज्यको संविधानले महिलालाई प्रदान गरेका हकहरूका बारेमा चर्चा गर्दै विभेद गर्ने मुद्दाहरू र महिलासम्बन्धी गैह्र सरकारी संस्थाहरूका बारेमा उल्लेख गरेको छ । त्यस्तै, चौथो खण्डमा वैवाहिक हकअन्तर्गत संस्थाहरूले गरेका प्रयासहरूको उल्लेख गरिएको छ । पाचौँ खण्डमा महिलाको स्वास्थ्य र प्रजनन हकका बारेमा चर्चा गरिएको छ । छैटौँ खण्डमा भने विभिन्न संविधानहरूले गरेको महिलाहकसम्बन्धी व्यवस्थाका बारेमा उल्लेख गर्दै त्यस्तो हक प्राप्तिका लागि सुझाव पनि दिइएको छ । सातौँ अध्यायमा चेलीबेटी बेचविखन, वैवाहिक सम्बन्ध र घरेलु हिंसाजस्ता जल्दाबल्दा समस्याहरूका बारेमा चर्चा गर्दै समाधानका उपायहरू दिइएको छ । आठौँ खण्डमा बालबालिका र महिलाका हकका बारेमा मुलुकी ऐन र संविधानमा भएका व्यवस्थाहरू बारे चर्चा गरिएको छ । नवौँ खण्डमा चेलीबेटी बेचविखन सम्बन्धमा भएका कानुनी व्यवस्थाहरूका बारेमा विश्लेषण छ भने दशौँ खण्डमा निष्कर्ष राखिएको छ ।

प्रस्तुत पुस्तकको पहिलो खण्ड र चौथो खण्डका विषयहरू कानुनी भएकाले यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएका छन् ।

(ज) सपना प्रधान मल्ल (सम्पा), **स्पेसल मेजर फर विमन एन्ड देअर इम्प्याक्ट**, काठमाडौँ : फोरम फर विमन ल एन्ड डेभलपमेन्ट, सन् २००३ ।

यस पुस्तकको पहिलो अध्यायमा परिचयमात्र राखिएको छ भने दोस्रो अध्यायमा महिलामाथि गरिने असमान व्यवहारहरू तथा राज्यद्वारा समानताका लागि गरिएका व्यवस्थाहरूका बारेमा विश्लेषण गरिएको छ । तेस्रो अध्यायमा 'राज्यको दायित्व' शीर्षकअन्तर्गत संविधान, कानुन, न्यायिक निर्णय, नीति तथा योजना, अन्तर्राष्ट्रिय दस्तावेज आदिका बारेमा व्याख्या गरिएको छ । चौथौ अध्यायमा महिलाका लागि भएका विशेष व्यवस्थाहरूका बारेमा चर्चा गरिएको छ । यसमा राजनीतिक, शैक्षिक, रोजगारी, स्वास्थ्य, हिंसा, अदालती कार्वाही, लैङ्गिक न्याय तथा विवाह जस्ता महिलासँग सम्बन्धित विविध क्षेत्रहरूमा प्रदान गरिएका सुविधाका बारेमा गरिएको छ । पाचौँ अध्याय विशेष अवस्थाले पारेको प्रभावका बारेमा र छैटौँ अध्याय महिलासम्बद्ध कानुनहरूले पारेको प्रभावका बारेमा छ । यसरी नै सातौँ अध्यायमा समानता प्राप्तिका लागि आउने चुनौतीहरूका बारेमा र आठौँ अध्यायमा समानताका लागि सुझावहरू उल्लेख गरिएको छ । यसमा विशेष कानुनी व्यवस्थाहरू, अन्तर्वार्ता नामावली र उत्तरदाता पनि राखिएको छ ।

यस शोधप्रबन्धका लागि प्रस्तुत पुस्तकको तेस्रो र चौथो अध्याय सहयोगी हुन पुगेको छ तर यसको विषय कानुन मात्र नभएर आन्दोलन पनि भएकाले यसले आंशिक सहयोग मात्र गरेको छ ।

(झ) सपना मल्ल प्रधान, **इन्हेरिटेन्स राइट्स अफ नेप्लिज् विमन्स जर्नी टुआर्डस् इक्वालिटी**, काठमाडौँ : फोरम फर विमन ल एन्ड डेभलपमेन्ट एन्ड इन्टरनेसनल विमन्स राइट्स एक्सन वाच एशिया प्यासिफिक, मलेसिया ।

यस पुस्तकको पहिलो अध्यायमा नेपाली महिलाको आर्थिक अधिकारको परिचय, दोस्रो अध्यायमा महिलाको पैतृक सम्पत्तिको अधिकार र तेस्रो अध्यायमा समान आर्थिक हक प्राप्त गर्न नसक्नाले पार्ने नकारात्मक प्रभावका बारेमा चर्चा गरिएको छ । त्यस्तै, चौथौ अध्यायमा छलफल, गोष्ठी, सेमिनार र कार्यशालाका कार्यपत्रहरूको सहयोग लिँदै पैतृक सम्पत्ति महिलालाई प्रदान गर्नमा देखिएका वाधाहरूका बारेमा विश्लेषण गरिएको छ भने पाचौँ अध्यायमा पैतृक सम्पत्तिको हक प्राप्तिका लागि राज्यद्वारा गरिएका व्यवस्थाहरूको

चर्चा गरिएको छ । यसरी नै छैटौँ अध्यायमा मीरा ढुङ्गाना र मीरा खनाल दुईजनाले सन् १९९३ मा पैतृक सम्पत्ति प्राप्तिका लागि सर्वोच्चमा दायर गरेको रिटका बारेमा चर्चा छ । सातौँ अध्यायमा समान सम्पत्तिको हक कार्यान्वयनका लागि गर्नु परेको प्रयासलाई स्पष्ट पार्न विभिन्न सङ्घसंस्थाहरूले सडकदेखि सदनसम्म गरेका प्रयासहरूलाई चित्रहरूसहित प्रस्तुत गरिएको छ । आठौँ अध्यायमा एघारौँ संशोधनले प्रदान गरेको आर्थिक हकलाई कार्यान्वयन गर्न अन्य रिटहरू दर्ता गर्नुपरेको कुरा उल्लेख गर्दै मुद्दाहरूको सूची नै प्रस्तुत गरिएको छ । नवौं अध्यायमा सम्पत्तिमा पूर्ण हक प्राप्त गर्न सुझाव प्रस्तुत गरिएको छ भने दशौँ अध्यायमा सम्पत्तिमा महिलाको हक पूर्ण गराउन गैह्र सरकारी सङ्घ संस्थाहरूबाट प्रस्तुत गरिएका मुद्दाहरू, सुझावहरू र प्रतिवेदनहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत पुस्तक यस शोधप्रबन्धका लागि धेरै उपयोगी हुने देखिएको छ । महिलालाई आर्थिक अधिकार दिन अर्थात् पैतृक सम्पत्तिमा महिलाको पहुँच पुऱ्याउन गर्नुपरेको सडकदेखि सदनसम्मको सङ्घर्ष यसका लागि सहयोगी छन् भने कानुनमा संशोधन भइसकेपछि समेत अधिकार लिन दबाब र रिट दर्ता गराई आदेश गराउनु परेको प्रसङ्ग पनि उपयोगी हुन पुगेका छन् ।

(त्र) देवीप्रसाद कँडेल, **प्रपर्टी राइट्स अफ विमन इन नेपाल**, काठमाडौँ : रत्न पुस्तक भण्डार, सन् २००५ ।

नेपाली महिलाको सम्पत्तिसम्बन्धी अधिकारका बारेमा लेखिएको यस पुस्तकलाई सात खण्डमा विभाजन गरिएको छ । यसको पहिलो खण्डमा संसारका महिलाहरूको अवस्था र तिनीहरूको सम्पत्तिसम्बन्धी अधिकारका बारेमा सामान्य जानकारी दिइएको छ । दोस्रो खण्डमा ऐतिहासिक कालमा नेपाली महिलाहरूलाई प्रदान गरिएका आर्थिक हक अधिकारका बारेमा चर्चा गरिएको छ । तेस्रो खण्डमा दोलाजी र धर्मपुत्रीका सम्पत्तिसम्बन्धी हकका बारेमा चर्चाछ । चौथौ खण्डमा विवाहिता र विधवा महिलाको हकका बारेमा उल्लेख गरिएको छ । पाँचौँ खण्डमा पारपाचुके अर्थात् सम्बन्धविच्छेद गरिएका महिलाहरूका बारेमा चर्चा छ भने छैटौँ खण्डमा स्त्रीधनका बारेमा उल्लेख गरिएको छ । सातौँ खण्डमा समान हक प्राप्त गर्नका लागि सुझावहरू प्रस्तुत गरिएको छ । यसमा परिशिष्ट र सन्दर्भ सूची पनि अन्तिम पृष्ठमा राखिएको छ ।

सम्पत्तिका सम्बन्धमा विभिन्न समयका ऐन कानुनहरूमा गरिएका व्याख्याहरू यस शोधप्रबन्धका लागि उपयोगी हुन पुगेका छन् । वि.सं. १९१० को मुलुकी ऐन तथा वि.सं. २०२० को मुलुकी ऐनमा गरिएको कानुनी व्यवस्थाको उल्लेख गर्दै यस पुस्तकमा मुलुकी ऐनको २०३३ सालको छैटौं संशोधनको चर्चा पनि गरिएको छ र यी विषयहरू यस शोधप्रवन्धका लागि सहयोगी हुन पुगेका छन् । पाचौं खण्डको सम्बन्धविच्छेद भएकी महिलाको सम्पत्तिको हक सम्बन्धमा गरिएको व्याख्या र छैटौं खण्डमा उल्लेखित स्त्री अंशधनको सम्बन्धमा वि.सं. १९१० र वि.सं. २०२० को मुलुकी ऐनमा गरिएको व्यवस्थाको विश्लेषणले पनि यस शोधप्रबन्धमा केही सहयोग पुऱ्याएको छ तर यो पुस्तक सम्पत्तिको हकमा मात्र केन्द्रित भएको र महिलाले गरेका आन्दोलन सम्बन्धमायो मौन रहेकाले यस शोधप्रबन्धका लागि आंशिक सहयोगी मात्र हुन पुगेको छ ।

(ट) राजाराम सुवेदी, **नेपालको तथ्य इतिहास,** ललितपुर : साझा प्रकाशन, २०६१ ।

राजाराम सुवेदीले नेपालको तथ्य इतिहासको पहिलो परिच्छेदमा इतिहासको कालविभाजन, भू–बनावट, जनता र भूगोलको प्रभावबारेचर्चा गरेका छन् भने दोस्रो परिच्छेदमा प्राग ऐतिहासिक कालतथा मानवसभ्यताको उद्भव र विकासबारे पनि प्रकाश पारेका छन् । त्यस्तै, यस पुस्तकको तेस्रो परिच्छेद लिच्छविहरू (मानदेव, शिवदेव, अंशुवर्मा, नरेन्द्रदेव, भृकुटी) का बारेमा लेखिएको छ । चौथो परिच्छेद मल्लहरू र कर्णाटक वंशीका बारेमाछ । पाचौं अध्यायमा बाईसी, चौबीसी राज्य, छैटौं परिच्छेदमा काठमाडौंका मल्ल राजाहरू र आठौं परिच्छेदमा प्रतापसिंह शाहदेखि राजेन्द्र शाहका रानीहरूका बारेमा उल्लेख गरिएको छ । त्यस्तै, नवौं परिच्छेदमा राणाहरू र दशौं परिच्छेदमा जनजागरणको इतिहासमा सन्त ज्ञानदिल दासदेखि नेपाली काङ्ग्रेसको जन जागरण अभियानसम्म समेटिएको छ । एघारौं परिच्छेदमा समाजसेवाबाह्रौं परिच्छेदमा आर्थिक र तेह्रौं परिच्छेदमा नेपालको प्रशासनिक इतिहासका बारेमा चर्चा गरिएको छ ।

यस पुस्तकका सबै विषय प्रस्तुत शोधप्रबन्धका लागि उपयोगी नभए पनि जन जागरण फैलाउन गरिएका कामका सन्दर्भहरू र रानी-महारानीको सत्तामोहसम्बन्धी परिच्छेद उपयोगी छन् । त्यसैले यस पुस्तकले यस कार्यमा आंशिक सहयोग गरेको छ ।

(ठ) आमोदवर्धन कौण्डिन्न्यायन, **वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार,** काठमाडौं : साझा प्रकाशन, २०६३ ।

यस पुस्तकलाई पाँच अध्यायमा विभाजन गरिएको छ । यसभन्दा अगाडि भूमिकामा वैदिक वाङ्मय र राष्ट्र, अंशवण्डासम्बन्धी आधुनिक कानुन, पाश्चात्य शिक्षा संस्कृतिको प्रभाव, अन्य ग्रन्थमा भएका त्रुटिहरू र हिन्दूधर्मको महत्त्वबारे चर्चा गरिएको छ । यसको प्रथम अध्यायमा हिन्दू विधिशास्त्रको परिचय दिइएको छ भने दोस्रो अध्यायमा हिन्दू समाजको संरचनाबारे प्रकाश पारिएको छ । यसरी नै तेस्रो अध्यायमा वैदिक हिन्दू धर्ममा स्त्रीको स्थान सम्बन्धमा वैदिक धर्ममा स्त्रीको महत्त्व, स्त्रीको विशेष सुरक्षा, स्त्री धर्म आदि बारे उल्लेख गरिएको छ । चौथौ अध्यायमा वैदिक धर्मशास्त्रमा स्त्री धनसम्बन्धी व्यवस्थाका बारेमा चर्चा गरिएको छ । पाचौं अध्यायमा भने उपसंहार तथा निष्कर्ष राखिएको छ । अनि यसमा परिशिष्टहरू पनि राखिएका छन् ।

यस शोधप्रबन्धका लागि यस पुस्तकका सबै अध्याय उपयोगी नभए पनि तेस्रो र चौथौ अध्याय भने उपयोगी भएका छन् । तेस्रो अध्यायमा वैदिक धर्ममा स्त्रीको स्थानका बारेमा र चौथौ अध्यायमा स्त्रीधन सम्बन्धमा चर्चा गरिएको छ । आन्दोलनका बारेमा उल्लेख नगरिएका कारण भने यो आंशिक सहयोगी मात्र भएको छ ।

(ड) दीपेन्द्र अधिकारी तथा नृपध्वज निरौलासमेत (सम्पा.), **लैङ्गिक न्यायसम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो,** काठमाडौं : राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६६ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानले सर्वोच्च अदालतबाट लैङ्गिक न्यायका सम्बन्धमा भएका फैसलाहरूको सँगालो प्रकाशन गरेको छ । यस पुस्तकमा १८ वटा मुद्दामा भएका फैसलाहरू प्रकाशन गरिएका छन् । उदाहरणका लागि यसमा पुन्यवती पाठकसमेत विरुद्ध परराष्ट्र मन्त्रालयसमेत भएको महिलाका लागि अभिभावकको स्वीकृति आवश्यक पर्ने भन्ने राहदानी जारी गर्नेसम्बन्धी सरकारको निर्णय बदर गर्ने गरी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने रिटमा गरिएको फैसला, अधिवक्ता टेक ताम्राकारसमेत विरुद्ध गृह मन्त्रालयसमेत भएको वादी समुदायको नागरिकतालगायतका सम्बन्धमा निर्देशनात्मक परमादेशको आदेश जारी गरिपाऊँ भन्ने रिटमा भएको फैसला, मीराकुमारी ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको **बोनस ऐन, २०२०** को दफा (२) को व्यवस्था लिङ्गको आधारमा भेदभाव गने भएकाले अमान्य गरी समानताको

आधारमा व्यवस्था गरिपाऊँ भन्ने रिटमा गरिएको फैसला, जीतकुमारी न्यौपाने (पङ्गेनी) समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको जबरजस्ती करणीको अपराधमा लोग्नेलाई कम सजाय हुने व्यवस्था अमान्य गरी समानताको सिद्धान्तमा आधारित कानुन निर्माण गर्नू भन्ने परमादेशको माग गरिएको रिट भएको फैसला, मीराकुमारी ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको सम्बन्धविच्छेद गर्ने मुलुकी ऐन र लोग्ने स्वास्नीको १(१) को व्यवस्था भेदभावपूर्ण भएकाले समान व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उत्प्रेषणको रिटमा भएको फैसला, सपना प्रधान मल्लसमेत विरुद्ध कानुन न्याय तथा संविधान सभा मन्त्रालयसमेत भएको मुलुकी ऐन जबरजस्ती करणीको ११ नं. मा रहेको ३५ दिनभित्र कम भएकाले सो अबधि बढाउनलाई निर्देशनात्मक आदेश जारी गरिपाऊँ भन्ने रिटमा भएको फैसलाजस्ता सर्वोच्च अदालतले गरेका महिलामैत्री फैसलाहरू यस सँगालोमा प्रकाशित गरिएकाले यस शोधप्रबन्धका लागि उपयोगी भएको छ तर महिलाआन्दोलनको चर्चा नभएकाले भने यो पुस्तक आंशिक सहयोगी मात्र हुन पुगेको छ ।

(ढ) प्रेमचन्द्र राई (सम्पा.), **महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतका फैसलाहरूको टिप्पणीसहित सार सङ्क्षेप**, काठमाडौं : इन्टरनेसनल कमिसन अफ जुरिस्ट, २०६९ ।

आठ भागमा विभक्त यस पुस्तकमा महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतबाट गरिएका फैसलाहरू राखिएका छन् । पहिलो भागमा महिलामाथि हुने हिंसासम्बन्धमा भएका फैसलाहरू राखिएका छन् भने दोस्रो भागमा सम्पत्तिमा समान अधिकारसम्बन्धी फैसलाहरू राखिएका छन् । त्यस्तै, तेस्रो भागमा प्रजनन स्वास्थ्यको अधिकारसम्बन्धी, चौथोमा पहिचानको अधिकारसम्बन्धी फैसलाहरू राखिएका छन् । पाचौं भागमा विवाहसँग सम्बन्धित, छैटौंमा राजनीतिक अधिकारसम्बन्धी, सातौंमा विशेष संरक्षणको अधिकारसम्बन्धी फैसलाहरू राखिएका छन् । आठौं भागमा अन्य प्रकारका विभेद तथा अन्यायका सम्बन्धमा गरिएका फैसलाहरू राखिएका छन् ।

यस प्रेमचन्द्र राईले सम्पादन गरेको **महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतका फैसलाहरूको टिप्पणीसहित सार सङ्क्षेप**, भन्ने पुस्तकमा प्रकाशित फैसलाहरूले महिलालाई अधिकार दिने र समान कानुन बनाउने कार्यमा सहयोग गरेकाले यस शोधप्रबन्धमा यो पुस्तक सहयोगी हुन पुगेको छ । यति हुँदाहुँदै पनि सर्वोच्चका फैसलाका बारेमा मात्र लेखिएको यस पुस्तकले यस शोधप्रबन्धमा आंशिक सहयोग मात्र गरेको छ ।

(ण) मीना वैद्य मल्ल, **पोलिटिकल सोसलाइजेसन अफ विमन इन नेपाल**, न्यू दिल्ली : एड्रोइट पब्लिसर, ई. २०११ ।

यस पुस्तकमा सात अध्याय छन् । यस पुस्तकको प्रथम अध्यायमा राजनीतिक सामाजिकीकरणको अवधारणाका बारेमा चर्चा गरिएको छ । त्यस्तै, दोस्रो अध्यायमा लैङ्गिकता र सामाजिकीकरणका बारेमा चर्चा गर्दै महिलावादको उद्‌भव र महिलाको सामाजिकताका बारेमा लेखिएको छ । यसरी नै तेस्रो अध्यायमा राजनीतिक सामाजिकीकरणका लागि नारीवादी दृष्टिकोणले अध्ययन गर्दै नारीवादी दृष्टिकोणसँगै राजनीतिक सामाजिकीकरणका लागि अन्य दृष्टिकोणहरूका बारेमा विश्लेषण पनि गरिएको छ । चौथो अध्यायमा नेपाली महिलाहरूको राजनीतिमा सहभागिता र राजनीतिक सामाजिकीकरणका बारेमा चर्चा छ । पाचौँ अध्यायमा राजनीतिक तथा सामाजिकीकरणका लागि दिशाबोध (Orientation for Political Socialization) का बारेमा, छैटौँ परिच्छेदमा राजनीतिक सामाजिकीकरण (Political Socialization) का मुख्य तत्त्वहरूका बारेमा यस पुस्तकमा चर्चा गरिएको छ भने सातौँ अध्यायमा भने उपसंहार तथा निष्कर्ष राखिएको छ ।

यस पुस्तकमा उल्लेख गरिएका विषयहरूमध्ये नारीवादी दृष्टिकोण (feminist approach) यस शोधप्रबन्धको 'नारीवाद' शीर्षकका लागि सहयोगी हुने भएकाले यस पुस्तकको समीक्षा गरिएको छ र यो आंशिक सहयोगी हुन पुगेको छ ।

(त) शर्मिला श्रेष्ठसमेत (अध्येता), "**प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन**", काठमाडौँ : राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, २०६९ ।

शर्मिला श्रेष्ठले वसन्ती श्रेष्ठको सहयोगमा सम्पादन गरेको यो पुस्तक आठ परिच्छेदमा विभक्त छ । यसमा अदालतबाट प्रजनन स्वास्थ्यसम्बन्धमा गरिएका निर्णयहरू, प्रजनन स्वास्थ्य अधिकारका सम्बन्धमा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, फैसला कार्यान्वयनको अवस्था, प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी कानुनी व्यवस्था, फैसला कार्यान्वयनमा देखिएका समस्याहरू जस्ता विषयहरू समेटिएका छन् । यसमा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी कानुनी व्यवस्थाको उल्लेख गर्दै यसको कार्यान्वयनमा देखिएको समस्यालाई पनि सङ्केत गरिएको छ । यद्यपि प्रजनन स्वास्थ्यसम्बन्धी विषय मात्र यसमा समेटिएकाले अन्य महिलाअधिकारका सम्बन्धमा यो पुस्तक मौन देखिन्छ ।

यसले कानुनको एउटा पक्षका बारेमा मात्र प्रकाश पारेको छ र यो पक्ष शोधप्रबन्धका लागि आंशिक सहयोगी बन्न पुगेको छ ।

(थ) सबिन के.सी., (सम्पा.), **विश्वप्रसिद्ध महिलाहरू**, काठमाडौँ : एस.पी. प्रकाशन, २०६९ ।

यो पुस्तक ५३ जना विश्व प्रसिद्ध महिलाहरूका बारेमा लेखिएको छ । शिक्षा, साहित्य, कला, सङ्गीत, विज्ञान र राजनीतिमा लागेर प्रसिद्धि कमाएका महिलाहरूका बारेमा यो पुस्तक लेखिएको पाइन्छ । अनिता राडिक, डायना, कल्पना चावला, मारिया सारा पोभा, लता मङ्गेसकर, हेलेन केलर, भेनस विलियम्स, म्याडोना, आङसाङ सुकी, इन्दिरा गान्धी, क्यारोलिन हस्चेल, एना फ्राङ्क, एल्फ्राइड जेलिनेक,ओप्राया विइनफ्रेड, क्लियोपाट्रा, क्लारा जेट्किन, किम जोङ सुक, गाब्रिएला मिस्ताल, सेल्मा लागरलोफ, ग्राजिया देलेडा, जेनी माक्स, चाल्स जोसेफ वाल्कर, च्याङचिङ, जे.के. रोलिङ, जेन अस्टिन, जोन अफ आर्क, टोनी मरिसन, फिद्रा कहालो, लक्ष्मी बाई, बेनजिर भुट्टो, मारिया जोयपार मायर, माताहारी, योगमाया न्यौपाने, रोजा लक्जेम्बर्ग, सिमोन द बोउमार, मर्लिन मुनरो आदिका बारे यस पुस्तकमा चर्चा गएिको छ ।

यसमा लेखिएका आन्दोलनकारी र सङ्घर्षशील महिलाहरूको जीवनी अन्तर्राष्ट्रिय महिलाहरूको अध्ययनका लागि निकै सहयोगी देखिएकाले यस शोधप्रबन्धका लागि उपयोगी भएको छ तर महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकारबारे यसमा चर्चा नभएकाले यसले आंशिक सहयोग मात्र गरेको छ ।

(द) मातृका तिम्सिना, **नेपाली सन्तपरम्परामा योगमाया र सर्वार्थ योगवाणी**, काठमाडौँः पैरवी प्रकाशन, २०७० ।

यस पुस्तकलाई दुई खण्डमा विभाजन गरिएको छ । प्रथम खण्डअन्तर्गत मानव समाजमा धर्म, नेपाली समाजमा सन्तपरम्परा, नेपाली सन्तपरम्परामा योगमाया विषयमा चर्चा गरिएको छ भने दोस्रो खण्डमा योगमायाका **सर्वार्थ योग वाणी**, परिशिष्ट र सन्दर्भ सामग्री राखिएको छ । पहिलो खण्डमा रहेको “नेपाली सन्तपरम्परामा योगमाया” शीर्षकमा उनले गरेको धर्म सुधार आन्दोलनको बारेमा उल्लेख गरिएको छ । उनको जीवनीको व्याख्या गर्दै यस पुस्तकमा उनले ब्राम्हणहरू, जागीरदारहरू, व्यापारीहरू, न्यायाधीश र अदालत तथा साधुसन्तहरूसँग सुधारका लागि गरिएको आग्रहबारे उल्लेख गरिएको छ । आलोचना मात्रै नगरी तथा सुधारका लागि प्रयास मात्र नगरी उनले सती प्रथाको विरोध गरेको सन्दर्भ,

दासप्रथा अन्तका लागि उनले गरेको योगदान, जातीय भेदभावविरुद्धमा उनले चालेको कदम आदिको उल्लेख पनि यस पुस्तकमा गरिएको छ । योगमायाले श्री ३ समक्ष धर्मराज्यको माग गरेको कुरा पनि यहाँ छ ।

अधिकारका लागि महिलाहरूले नेतृत्व गरेको आन्दोलन भएकाले यस शोधप्रबन्धमा यसले धेरै सहयोग पुऱ्याएको छ । यसो भए तापनि यो पुस्तक योगमायाका बारेमा मात्र लेखिएकाले आंशिक सहयोगी मात्र बनेको छ ।

### २.१.३ प्रतिवेदनहरू

(क) ए.बी.सी. नेपाल एन्ड विमन अवेरनेस सेन्टर नेपाल, **टुवार्डस् इक्वेल पोलिटिकल पावर साउथ एशियन विमन्स भ्वाइस**, काठमाडौँ : रिजनल सेमिनार रिपोर्ट, अगस्ट ३ र ४, १९९५ ।

ए.बी.सी. नेपाल एन्ड विमन अवेरनेस सेन्टरको संयुक्त प्रयासमा सन् १९९५ को अगष्ट ३ र ५ गते दुई दिने सेमिनार गरिएको थियो । यस दुईदिने सेमिनारको प्रतिवेदनमा ए.बी.सी. का अध्यक्ष दुर्गा घिमिरेले शुभकामना मन्तव्य, माधवकुमार नेपालले प्रमुख अतिथिको मन्तव्य र रञ्जना कुमारी सिंहले सेमिनारका बारेमा प्रकाश पारेका कुराहरू उल्लेख गरिएका छन् । त्यस्तै सबै महिलाहरूको सङ्गठनको अध्यक्ष साहना प्रधानले भनेको शक्ति भन्ने कुरा दिइने हैन लिने हो भन्ने भनाइ उल्लेख गरिएको छ भने प्रजातान्त्रिक महिला सङ्गठनका सल्लाहकार कमल रानाको महिला महिलाकै लागि सशक्त हुनुपर्छ, U.N.D.P. का प्रतिनिधि क्याराल लडले धेरै महिलाहरू विधानसभामा पुग्नु पर्छ र नीतिनिमार्ण गर्न सक्नु पर्छ र क्यानेडियन एम्बेसीका डेभलपमेन्ट काउन्सेलर जोन मोरेको महिलाका विषयमा पुरुषहरूले सहभागिता देखाउनु पर्छ भन्ने भनाइ उल्लेख गरिएको छ, महिला सङ्घकी अध्यक्ष मङ्गला देवीको धन्यवाद मन्तव्य र साउथ एशियन क्षेत्रीय सम्मेलनका सहसंयोजक प्रतिभा सुवेदीको धन्यवाद मन्तव्य पनि यसमा प्रस्तुत गरिएको छ । बङ्गलादेश, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्री लङ्काले प्रस्तुत गरेको कन्ट्री पेपर पनि यस प्रतिवेदनमा छ । यसरी साउथ एशियन महिलाहरूको अवस्थालाई देखाएको यो पुस्तक यस शोधप्रबन्धका लागि उपयोगी भएको छ तर यसले पनि आन्दोलनका बारेमा मात्र बोलेकाले यस शोधप्रबन्धका लागि आंशिक सहयोगी मात्र बनेको छ ।

(ख) एक्सन एड नेपाल, **महिलामाथिका कानुनी विभेद र समानताका आधारहरू,** काठमाडौँ : एक्सन एड नेपाल, २०५६ ।

यस प्रतिवेदनलाई ६ भागमा विभाजन गरिएको छ । यसको प्रथम भागमा परिचय राखिएको छ भने दोस्रो भागमा लैङ्गिक समानतायुक्त कानुन बनाउनुपर्ने आधारहरू बारे उल्लेख गरिएको छ । यसरी नै तेस्रो भागमा विद्यमान कानुनमा महिलाअधिकारलाई खोज्दै विश्लेषण गरिएको छ । यस प्रतिवेदनको चौथो भागमा महिलासम्बन्धी असमान कानुनहरू र तिनमा गरिनुपर्ने संशोधनका बारेमा चर्चा गरिएको छ । पाचौँ भागमा भने प्रस्तावित विधेयक र तिनका समस्याहरू केलाइएको छ । अन्तिम तथा छैटौँ भागमा निष्कर्ष र सुझावहरूसहित सन्दर्भ सामग्री राखिएको छ ।

प्रस्तुत प्रतिवेदनले विद्यमान कानुनलाई केलाएर महिलाका समस्याका बारेमा स्पष्ट रूपमा विचार प्रकट गरेकाले नेपालमा महिलाका अधिकार शीर्षकका लागि यो प्रतिवेदन उपयोगी भएको छ । यसरी उपयोगी भए पनि शोधप्रबन्धको शीर्षक कानुन मात्र नभएर महिलाआन्दोलन पनि भएकाले यो प्रतिवेदनले यस शोधप्रबन्धमा आंशिक सहयोग मात्र गरेको छ ।

(ग) ज्येति लम्साल पौडेलसमेत (अध्येता), **लैङ्गिक न्यायका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयनको अवस्था अध्ययन प्रतिवेदन,** एक्सनएड नेपाल, २०७० ।

सर्वोच्च अदालतबाट लैङ्गिक न्यायका सन्दर्भमा **नेपाल अधिराज्यको संविधान, २०४७** प्रारम्भ भएदेखि २०६७ साल जेष्ठ मसान्तसम्ममा जारी भएका ६८ वटा आदेशहरू यस प्रतिवेदनमा समावेश गरिएका छन् । यसलाई नौ परिच्छेदमा बाँडिएको छ । पहिलो परिच्छेदमा पृष्ठभूमि, उद्देश्य, विधि, सीमा, स्वरूप, पूर्वकार्यको समीक्षा र स्रोतसामग्रीहरू राखिएका छन् । दोस्रो परिच्छेदमा लैङ्गिक न्यायमा विधिशास्त्रीय आधारबारे लेखिएको छ । तेस्रो परिच्छेदमा स्थलगत अध्ययन र सूचनाको सङ्कलन गरिएको छ । चौथो परिच्छेदमा आदेशहरूको विश्लेषण गरिएको छ भने पाचौँ परिच्छेदमा कार्यान्वयनको अवस्थाबारे उल्लेख गरिएको छ । छैटौँ परिच्छेदमा समस्या र चुनौतीहरू केलाइएका छन् भने सातौँ परिच्छेदमा निष्कर्ष र सुझाव राखिएको छ । आठौँ परिच्छेदमा

सुझाव कार्यान्वयनको कार्ययोजना उल्लेख गरिएको छ र अन्तिम तथा नवौँ परिच्छेदमा अनूसूचीहरू राखिएका छन् ।

प्रस्तुत प्रतिवेदनमा महिलालाई अधिकार दिन गरिएका फैसला तथा आदेशहरू भएकाले यस शोधप्रबन्धका लागि यो प्रतिवेदन उपयोगी भएको छ । कानुनले मात्र अधिकार नदिएर असमान कानुनलाई समान बनाउन र बदर घोषित गर्न सर्वोच्चबाट भएका फैसलाहरू तथा आदेशहरू पनि यस शोधप्रबन्धको विषय भएकाले यस प्रतिवेदनको यहाँ समीक्षा गरिएको छ । शोधको विषय सर्वोच्चका फैसलाहरू मात्र नभएर “नेपालमा महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार” भएकाले यसले आंशिक सहयोग मात्र गरेको छ ।

### २.१.४ **पत्रिकाहरू**

यस शोधप्रबन्धलाई आंशिक सहयोग हुने खालका लेखहरू धेरै पत्रिकाहरूमा प्रकाशित भएका छन् । यसको उदाहरणमा **न्यायदूत**, **कानुन**, **न्यायिक परिचर्चा**, **न्यायिक आवाज** तथा कतिपय स्मारिका आदिलाई लिन सकिन्छ तर यहाँ संस्थाहरूबाट अधिकारका सम्बन्धमा निकालिएका विशेषाङ्कहरूको मात्र समीक्षा गरिएको छ ।

(क) ल्याकलेन्स, **कानुनी परामर्श तथा सहयोग केन्द्र (ल्याक)**, पुल्चोक : वर्ष ८, अङ्क २, भाद्र, २०५८ र वर्ष १३, अङ्क ७, २०६२ ।

कानुनी परामर्श तथा सहयोग केन्द्र (ल्याक) ले समयसमयमा **ल्याकलेन्स** प्रकाशन गर्ने गरेको छ । २०५८ र २०६२ सालमा ल्याकले प्रकाशन गरेको **ल्याकलेन्स** यस शोधप्रबन्धका लागि उपयोगी हुन पुगेको छ । यस पत्रिकामाधेरै लेखक-लेखिकाहरूले कानुनमा भएका असमानताका बारेमा खोजी गर्दै विश्लेषण गरेका छन् । **ल्याकलेन्स**को २०५८ सालको अङ्कमा अधिवक्ता शान्ता थपलियाले नारीको आर्थिक विपन्नता नै हिन्दूशास्त्रको निर्देशन हो भन्ने लेखमा शास्त्रले महिलाहरूको सम्पूर्ण धनलाई “स्त्री धन” को संज्ञा दिई उसलाई अर्थात् महिलालाई आर्थिक रूपले सशक्त बनाएको थियो तर आज शास्त्र बिर्सेर असमान व्यवहार गरेकाले महिलालाई पुरुषसरह अधिकार प्रदान गर्न कानुनमा धेरै संशोधन गर्नुपर्ने कुरा उल्लेख गरेकी छन् । महिलालाई सम्पत्तिको अधिकार नदिएसम्म समान

नहुने उनको राय देखिन्छ । यसैमा अनिता चापागाईंले “संविधानको धारा ११, समानताको हक र मुलुकी ऐन अंशवण्डाको महलमा भएको असमान साम्पतिको अधिकार” शीर्षकको लेखमा महिलाको अधिकार सम्बन्धमा तत्कालीन मुलुकी ऐनमा भएका कमी कमजोरीहरूलाई केलाउँदै मुलुकी ऐन अंशवण्डाको दफा १, २, ४, ५, १०, १० (क) र १२ नं. बमोजिम विवाहको नाताले आफ्नो पतिको पैत्रिक सम्पत्तिबाट पाउने अंश भागमा पत्नीले चलमा सबै आफ्नो खुशी गर्न पाउँछिन्, बाँकी आधामा भने उनले उमेर पुगेका छोराहरूको मञ्जुरी लिनुपर्ने बाध्यात्मक व्यवस्था (मु.ऐ. स्त्री अंशधनको २ नं.) ले महिलालाई पुरुषसरह अधिकार प्रदान गर्न कन्जुस्याइँ गरेको स्पष्ट भएको धारणा व्यक्त गरेकी छन् । उनले स्त्रीधन भनेपछि फेरि स्वीकृति मञ्जुरी लिने कुरा कहाँबाट आउँछ यस्तो हुनु महिलालाई अधिकार दिन नखोज्नु हो भन्ने धारणा व्यक्त गरेकी छन् । इन्दिरा श्रीसले “महिलाको सांम्पतिक अधिकारमा वर्तमान कानुनको कार्यान्वियनको व्यावहारिक कठिनाइहरू”भन्ने लेखमा हाम्रो **मुलुकी ऐन**, २०२० ले महिलाहरूलाई सम्पत्तिमा अधिकार दिने सम्बन्धमा महिलाहरूलाई नै तीन प्रकारले अविवाहिता, विवाहिता र विधवा भनेर विभक्त गरिदिएको छ भन्दै यी तीन प्रकारका महिलालाई सम्पत्ति दिने तरिका पनि छुट्टाछुट्टै तोकिदिएर असमान व्यवहार गरेको धारणा उनले व्यक्त गरेकी छन् । हुन पनि त पुरुषलाई विवाहित, अविवाहित र सम्बन्धबिच्छेद गरे नगरेकामा फरक पर्दैन तर महिलालाई यति फरक गर्नुको कारण अधिकार दिन नै नखोजेको हो भन्न सकिन्छ । त्यसै गरी यसै पत्रिकामासपना प्रधान मल्लले “महिलाको मानवअधिकारका सन्दर्भमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि र यसको कार्यान्वयनको अवस्था शीर्षक” को लेखमा महासन्धिको अनुमोदन नेपालले गरिसक्दा पनि महासन्धिको अनुमोदन र दायित्यको सम्बन्धमा जिम्मेबार निकायहरूलाई पनि जानकारी नभएको, महासन्धिको अनुमोदनपश्चात् समितिको निष्कर्ष र सुझाव श्री ५ को सरकारलाई आइसकेको भए तापनि त्यसको व्यापक प्रचारप्रसार हुन नसकेको, नीति, कानुन तथा कार्यक्रममा महासन्धिको सिद्धान्तहरू उतार्न नसकिएको राज्यको उत्तरदायित्वअन्तर्गत पेस गर्नुपर्ने पतिवेदनहरू पेस गर्न ढिलाइ भएको, राजनीतिक प्रतिबद्धताको कमी भएको, स्रोतको अभाव देखिएको, निरीक्षण अनुगमनको कमी भएको र समन्वयको अभाव भएको जस्ता महासन्धिका कार्यान्वयनमा चुनौतीहरू देखिएको कुरा उल्लेख गरेकी छन् ।यस पत्रिकामा शशी अधिकारीले “लैङ्गिक समानताका लागि

सम्पत्तिमा अधिकार” शीर्षकको लेखमा महिलाको अधिकार सम्बन्धमा तात्कालीन मुलुकी ऐनमा भएका कमी कमजोरीहरूलाई केलाउँदै महिलालाई पुरुषसरह अधिकार प्रदान गर्न कानुनमा धेरै संशोधन गर्नुपर्ने कुरा उल्लेख गर्दै महिलालाई सम्पत्तिमा अधिकार दिन संशोधन गर्नैपर्ने भन्ने विचार व्यक्त गरेकी छन् । उनको विचारमा पनि समान कानुन बनाउन महासन्धिहरूमा हस्ताक्षर गरेपछि र संविधानले समानताको प्रावधान उल्लेख गरिसकेपछि मुलुकी ऐनमा असमान प्रावधान राख्न नहुने भएकाले संशोधन गरिहाल्नु पर्छ भनेको पाइन्छ । यसै पत्रिकामाशारदा सुब्बाले “सम्पत्तिमा महिलाअधिकारबारे अन्य देशहरूमा भएका व्यवस्थाहरू” शीर्षकको लेखमा महिलाको अधिकार सम्बन्धमा भारत, अमेरिका, बेलायत, चीन, जापान र श्रीलङ्काको व्यवस्थाबारे उल्लेख गर्दै नेपालमा पनि असमान कानुन बदर गरी समान कानुनको व्यवस्था गर्नुपर्ने राय व्यक्त गरेकी छन् । विश्वजगत् नै समानतातर्फ अग्रसर भइराखेको समयमा नेपालले समान कानुन बनाउन पहल नगर्नु साह्रै दिक्क लाग्दो भएको धारणा उनले प्रस्तुत गरेकी छन् । समान कानुन हुनुपर्छ भन्नेमा मात्र केन्द्रित यो लेख पूर्ण हुनसकेको छैन । यसै **ल्याकलेन्स**मा छत्र कुमारी गुरुङले “विद्यमान कानुनमा महिलाको सम्पत्तिसम्बन्धी अधिकार” शीर्षकको लेखमा महिलाको अधिकार सम्बन्धमा तत्कालीन मुलुकी ऐनमा भएका कमी-कमजोरीहरूलाई केलाउँदै महिलालाई पुरुषसरह अधिकार प्रदान गर्न कानुनमा धेरै संशोधन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । उनले मुलुकी ऐनले महिलामाथि विभेद गरेको कुरा औंल्याएकी छन् । नवीन लिङ्गदेलले “आदिवासी जनजाति महिलाहरूमा पैत्रिक सम्पत्तिको अधिकार” शीर्षकको लेखमा आदिवासी जनजातिहरूभित्र राजवंशी वा कोचे समुदायमा हेर्दा महिलाको अधिकार प्रबल रहेको र सम्पूर्ण सम्पत्ति महिलाहरूको हुने भएको कुरा व्यक्त गरेका छन् । उनले आमाको शेषपछि सो सम्पत्ति छोरीहरूमा सरेर जाने कुरा उल्लेख गरेका छन् । उनले दनुवार जातिमा पनि पैत्रिक सम्पत्तिमा छोरीको पनि हक लाग्ने कुरा उल्लेख गर्दै विवाहमा जग्गा र पशुधन छोरीलाई दिनुपर्ने उदाहरण प्रस्तुत गरी छोरीलाई छोरासरह अंश दिनुपर्छ भन्ने राय व्यक्त गरेका छन् । हिजो अस्ति दिइएको अधिकार पनि वर्तमान कानुनले खोसेर महिलामाथि अन्याय गरेको कुरा लेखकले उल्लेख गरेका छन् । प्रथा परम्पराका राम्रा पक्ष अँगाल्दै कानुन निर्माण गर्नुपर्नेमा सो हुन नसकेको कुरा यस लेखमा उल्लेख गरिएको छ ।

**ल्याकलेन्स** (२०६२) मा शारदा सुब्बाले "यौन दुर्व्यवहारबाट पीडित श्रीमती र सर्वोच्चको पुनरावलोकन" शीर्षकको लेखमा मानवअधिकारसम्बन्धी घोषणापत्रको दफा १ र ४ नं. ले सबै मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार तथा कसैको दासत्व स्वीकार नगरिने कुरा उल्लेख गरेको पाइन्छ, आत्मसम्मान, आत्मनिर्णय र स्वतन्त्र अस्तित्वका अविभाज्य अधिकारहरू मानव मात्रलाई प्राप्त हुने ती अधिकारहरू महिलाले पनि प्राप्त गर्ने अधिकार हुन् भन्दै विवाहअघि र पछि त्यस्तो अधिकारको प्रयोगमा फरक आउन नहुने विचार उनले व्यक्त गरेकी छन् । यस पत्रिकामा नै अजिता पाण्डेले "लिङ्गभेदका कारण नेपाली महिलाको स्थिति" शीर्षकको लेखमा राज्यद्वारा २०१३ सालदेखि पाँच बर्से विकासका योजनाहरू लागू गरेको भए पनि महिलालाई लक्षित गरेर रणनीतिहरू नबनाइएको भन्दै छैटौँ योजनामा पुगेपछि मात्र लैङ्गिक समानताको योजनालाई अङ्गीकार गर्दै महिलासहभागिता स्वीकारेको पाइन्छ भने बिस्तारै सातौँले संस्थागत विकासका कार्यक्रमलाई निरन्तरता दिएको, आठौँले सहभागी गराउने नीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरेको, नवौँले मूल प्रवाहमा समाहित गर्दै लैङ्गिक भेदभाव हटाउने र सशक्तीकरण गर्ने नीति लिएको र दशौँले लैङ्गिक समानतालाई अपरिहार्य मानेको अवस्था हुँदासमेत समान व्यवहार भएको छैन भन्ने राय व्यक्त गरेकी छन् । त्यस्तै, पुण्यशीला दवाडीले पनि यस पत्रिकामा "माना चामल मुद्दा र यसको कार्यान्वयन पक्ष" शीर्षकको लेख लेखेर कानुनअनुसार स्वास्नी र छोराछोरीहरूलाई इज्जत आमदअनुसार पाल्नु पति वा बाबुको जिम्मेबारी मानिए पनि मानाचामल मुद्दामा ढिलासुस्ती हुनुले महिलाहरूले कानुनले दिएको हक अधिकार पनि पाउन नसकेको कटुसत्यको उजागर गरेकी छन् । कार्यान्वयन हुन नसके कानुन बनाइनुको अर्थ नभएको कुरा लेखिकाले यहाँ उल्लेख गरेको पाइन्छ । अनीता सापकोटा चापागाईंले यसै अङ्कमा "जर्बजस्ती करणीको अपराधसम्बन्धी कानुन, फैसला र कार्यान्वयन पक्ष" शीर्षकको लेखमा बलात्कारीबाट अंश दिलाउने कानुन त्यति सजिलो र व्यावहारिक नभएको र त्यस्तालाई हेर्ने सामाजिक दृष्टिकोण पनि फराकिलो नभएको भन्दै त्यसको बदलामा उचित क्षतिपूर्तिको व्यवस्था गर्ने कानुन बनाउनु पर्ने धारणा व्यक्त गरेकी छन् ।

यस पत्रिकामा लेखिएका सबै लेखहरू यस शोधकार्यमा सहयोगी भएका छन् तर यी लेखहरूले यस शोधप्रबन्धमा आंशिक सहयोग मात्र गरेका छन् ।

(ख) विभिन्न सम्मेलन विशेषाङ्क, **न्यायदूत,** काठमाडौं : नेपाल बार एसोसिएसन, आठौं सम्मेलन विशेषाङ्क, वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ११६, माघ/फागुन, २०५६, नवौं सम्मेलन विशेषाङ्क, वर्ष ३१, अङ्क २, पूर्णाङ्क ११, चैत-वैशाख २०५६/०५७, दसौं सम्मेलन विशेषाङ्क, वर्ष ३७, अङ्क १, पूर्णाङ्क १५९, चैत/वैशाख, २०६२, एघारौं सम्मेलन विशेषाङ्क, वर्ष ४०, अङ्क १, पूर्णाङ्क १८०, चैत/वैशाख, २०६५-०६६, बाह्रौं सम्मेलन विशेषाङ्क, वर्ष ४३, अङ्क १, पूर्णाङ्क २०१, चैत्र/वैशाख, २०६८/०६९, वर्ष ४३, पूर्णाङ्क २०४, अङ्क ४, अशोज/कार्तिक, २०६९, वर्ष ४३, अङ्क ४, पूर्णाङ्क २०४, असोज/कार्तिक, २०६९) ।

नेपाल बार एसोसिएसन स्थापना भएपछि प्रत्येक तीन वर्षमा राष्ट्रिय सम्मेलन हुने गरेको छ । यस्ता सम्मेलनमा कार्यपत्रहरू प्रस्तुत गरी छलफल हुने गरेको पाइन्छ । यसरी प्रस्तुत गरिने कार्यपत्रहरूको विषयमा लैङ्गिक समानता र महिला हिंसाजस्ता विषयहरू प्रस्तुत गरी छलफल हुँदै कानुनमा संशोधन गर्नुपर्ने सुझाव पटकपटक प्रस्तुत गर्दै आएको पाइन्छ । यसले सुझाव प्रस्तुत गर्नाका साथै घोषणापत्र पनि जारी गर्ने गरेको छ । त्यसैले यहाँ सम्मेलनहरूका बारेमा उल्लेख गर्दै **न्यायदूतका** ती अङ्कहरूको समीक्षा गरिएको छ ।

२०५६ साल फाल्गुण २७, २८ र २९ गते विराटनगरमा सम्पन्न आठौं अखिल नेपाल कानुनव्यवसायी सम्मेलनमा सुशीला कार्कीले “महिलाको बेचबिखन र घरेलु हिंसा सुरक्षा अधिकार” लक्ष्मीदेवी खनालले “लैङ्गिक समानता आजको आवश्यकता”, शिवप्रसाद रिजालले “नेपाली महिलाको वर्तमान अवस्था : समस्या र समाधान” र झलक शर्माले “सम्बन्धबिच्छेद र स्वास्नी मानिसको स्थिति” विषयमा कार्यपत्र प्रस्तुत गरेको पाइन्छ ।

२०५९ सालमा नेपाल बार एसोसिएसनको नवौं राष्ट्रिय सम्मेलनमा अधिवक्ता सुशीला कार्की, अनिता सापकोटा चापागाईं, छत्रकुमारी गुरुङ र डिल्लीप्रसाद संजेल झापालीले क्रमशः “मुलुकी ऐनमा भएको ११ औं संशोधन र महिलाहरूको सम्पत्तिसम्बन्धी कानुनी हक,” “मुलुकी ऐन, ११ औं संशोधनको परिप्रेक्ष्यमा महिला”, “मुलुकी ऐनमा भएको ११ औं संशोधनको परिप्रेक्ष्यमा महिलाअधिकार” र “लैङ्गिक समानता आजको आवश्यकता” शीर्षकमा कार्यपत्र लेखिएका छन् ।

२०६२ साल फागुन १७, १८, १९, र २० गते गरी चार दिन मनाइएको दशौं राष्ट्रिय सम्मेलनमा महिलासम्बन्धी कार्यपत्रहरू प्रस्तुत गरिएका थिए भने व्यापक रूपमा छलफल पनि

गरिएको थियो । २०६५ साल फागुन २२, २३ र २४ गते सम्पन्न भएको एघारौँ सम्मेलनमा महिलासम्बन्धी कार्यपत्रहरूको प्रस्तुतिपछि पेसालाई लैङ्गिकीकरण गर्न नहुने, 'सिड' महासन्धि पूर्णतः पालन हुनुपर्ने, सबै प्रकारका महिलाविरुद्धको हिंसा र विभेद रोक्न र नियन्त्रण गर्न प्रभावकारी कानुन निर्माण हुनुपर्ने, नीतिनिमार्ण तथा रोजगारीको क्षेत्रमा महिला पहुँचको सुनिश्चिता हुनुपर्ने र महिला विकासको बहसलाई अभियानको रूप दिनुपर्ने, नयाँ निर्माण हुने संविधानको मौलिक हकअन्तर्गत विभेद र हिंसाविरुद्ध महिलाको मानवअधिकारको व्यवस्थाको प्रत्याभूति दिनुपर्ने, राज्यका सबै संरचनामा महिला सहभागिताको अधिकार मौलिक हकमा व्यवस्था गर्नुपर्ने, प्रजनन स्वास्थ्यको अधिकारलाई मौलिक हकअन्तर्गत व्यवस्था गर्नुपर्ने, महिलाको स्वास्थ्य शिक्षा र रोजगारीलाई संवैधानिक सुनिश्चितता प्रदान गर्नुपर्नेजस्ता निष्कर्षहरू पारित गरिएका थिए ।

यसरी नै २०६८ साल चैत्रमा काठमाडौँमा सम्पन्न नेपाल बार एसोसिएसनको बाह्रौं राष्ट्रिय सम्मेलनमा अधिवक्ता राममाया लामिछानेले प्रस्तुत गरेको "लैङ्गिक समानता, सशक्तीकरण, समावेशीकरण र महिलासम्बन्धी मुद्दामा कार्यान्वयनको खाँचो : सैद्धान्तिक विश्लेषण" शीर्षकको कार्यपत्रमा विभेदलाई संस्थागत गर्ने संवैधानिक प्रावधानहरू सम्बन्धलाई खलल पार्नसक्ने वस्तुस्थिति तथा परिणामलाई मूल्याङ्कन नगरी निर्मित भएका, कार्यान्वयन गर्नमा कठिनाइ रहेका, कानुनी व्यवस्थालाई संशोधन गरी लैङ्गिक मैत्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ भन्दै विभेदलाई प्रश्रय दिने व्यवस्थाहरूले कानुनले दिएको सम्पतिको अधिकारको प्रयोग, उपभोग र प्रचलनमा कठिनाइ उत्पन्न गराएको विचार व्यक्त गरिएको पाइन्छ।यस सम्मेलनमा प्रस्तुत कार्यपत्रहरूमा विस्तृत छलफलपछि महिलासँग सम्बन्धित सर्वसम्मत रूपमा राज्यका हरेक तह र निकायमा महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता गरिनु पर्ने, माना चामल र अंश मुद्दामा छिटो न्याय दिलाउन विद्यमान कानुनी व्यवस्थालाई संशोधन गरी छिटो र शीघ्र कार्यविधि तय गरिनुपर्ने, हालको मुलुकी ऐन जबरजस्ती करणीको अपराधमा उजुरी गर्ने हदम्याद ३५ दिन अपर्याप्त हुँदा उचित संशोधन गरी उचित व्यवस्था राखिनुपर्ने, सामान्यतया हरेक घरघरमा देखिने पुरातनवादी सामाजिक सोच, चिन्तन तथा व्यवहारका कारण महिला-पुरुषबीचमा विभेदको अवस्था व्यवहारिक रूपमा विद्यमान देखिएकाले सोको अन्त्य गर्न सर्वप्रथम महिला तथा बालबालिकासँग सम्बन्धित मुद्दाहरूको सवालमा पारिवारिक अदालत गठन गरिनुपर्ने, महिलाहरूको प्रतिष्ठा र इज्जतमा धक्का लाग्ने गरी अश्लील विज्ञापनमा रोक लगाउने

कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्ने र महिलाभित्रका पनि विपन्न र अवसरबाट वञ्चित महिलाहरूका आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने विशेष नीति अवलम्बन गरिनुपर्नेजस्ता सवालहरू पारित भएको सन्दर्भ उल्लेख गरिएको पाइन्छ । यी विषयहरूयस शोधप्रबन्धका लागि उपयोगी हुनेछन् ।

२०४८ सालदेखि निरन्तर रूपमा नेपाल बार एसोशिएसनअर्न्तगत सञ्चालित कानुनी सहायता परियोजनाको आर्थिक सहयोगमा प्रत्येक वर्ष महिला कानुनव्यवसायीहरूको राष्ट्रिय सम्मेलन सम्पन्न हुने गरेको छ । यस राष्ट्रिय सम्मेलनमा छलफलका लागि महिलाअधिकारसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत हुने गरेको पाइन्छ । सन् १९९१ मा प्रथमपटक महिला कानुनव्यवसायीहरूको राष्ट्रिय सम्मेलन काठमाडौँमा महिलासम्बन्धी विषयमा सम्पन्न भएको थियो । दोस्रो सम्मेलन "महिला कानुनव्यवसायी र चुनौतीहरू" विषयमा विराटनगरमा भएको थियो भने तेस्रो सम्मेलन सन् १९९३ मा पोखरामा सम्पन्न भएको थियो । यस सम्मेलनका लागि "महिला कानुनव्यवसायीको प्रवचन" विषय दिइएको थियो । १९९४ अर्थात् वि.सं. २०५१ मा चौथो सम्मेलन पाल्पामा, पाचौँ सम्मेलन १९९५ मा सुनसरीमा, १९९६ मा छैटौँ सम्मेलन बाग्लुङमा, सन् १९९७ मा सातौँ सम्मेलन इलाममा, आठौँ सम्मेलन सन् १९९८ मा धनकुटामा सम्पन्न गरिएका थिए । अगाडिका सम्मेलनहरू कानुनव्यवसायीसँग सम्बन्धित भए पनि सातौँ सम्मेलन भने "स्थानीय निकायमा महिला सहभागिता र वर्तमान कानुनी अवस्था"विषयमा छलफल गरी सम्पन्न भएको थियो । त्यस्तै, आठौँ सम्मेलन "महिलाविरुद्धको हिंसा" विषयमा केन्द्रित हुन पुगेको थियो । यसैगरी नवौँ सम्मेलन सन् १९९९ मा "महिला कानुनी अधिकार यथार्थ र सुधारको सम्भावना" विषयमा छलफल गरी चितवनमा, दसौँ सम्मेलन सन् २००० (२०५७ साल मार्ग ९ र १० गते) मा पोखरामा भएको पाइन्छ । "न्याय र महिलाका अपेक्षा" विषयक "महिला कानुनव्यवसायीहरूको गोष्ठी" शीर्षक दिइएको यस गोष्ठीमा "फौजदारी न्याय प्रणाली र महिलाको अपेक्षा", "देवानी न्याय प्रणाली र महिलाको अपेक्षा" र "महिला कानुनव्यवसायीको स्थिति" गरी तीनवटा विषयमा छलफल गरिएको थियो । सन् २००१ अर्थात् २०५८ सालमा वीरगञ्जमा सम्पन्न एघारौँ राष्ट्रिय सम्मेलन "बोक्सीसम्बन्धी सामाजिक समस्या र राष्ट्रिय महिलाआयोग" विषयमा छलफल गरी सम्पन्न भएको थियो । यही सम्मेलनको घोषणापछि महिलाआयोगको आवश्यकता राष्ट्रले मनन् गरेको देखिन्छ । यसपछि क्रमशः एघारौँ सम्मेलन २०५९ सालमा काठमाडौँमा कार्यान्वयनको विषयमा र

बाह्रौँ सम्मेलन २०६० सालमा काभ्रेमा सम्पन्न गरिएको थियो । यी सम्मेलनमा लैङ्गिक न्याय-कानुनी पक्ष, कार्यविधि र कार्यान्वय विषयमा कार्यपत्रहरू प्रस्तुत गरेर महिलाका अधिकारका बारेमा व्यापक छलफल गरिएको थियो भने २०६१ साल पुस १६ गते सम्पन्न तेह्रौँ सम्मेलनमा "महिला सशक्तीकरणका प्रयास, लैङ्गिक समानता, महिलाअधिकार, न्याय प्राप्ति र समस्या" विषयमा कार्यपत्र प्रस्तुत गरी छलफल गरिएको थियो । यसै गरी २०६२ सालमा भक्तपुरमा सम्पन्न चौधौँ राष्ट्रिय सम्मेलनमा "प्रजातन्त्र, मानवअधिकार तथा शान्ति स्थापनामा महिला कानुन व्यवसायीहरूको भूमिका" शीर्षकको कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस्तै, २०६३ साल भाद्र ३० र ३१ गते पन्ध्रौँ राष्ट्रिय सम्मेलनमा भने "संविधान सभामा महिलाको सहभागिता, लैङ्गिक न्याय र नागरिकता, राज्यको सम्पूर्ण संरचनामा महिलाको समान सहभागिता र अन्तरिम संविधान र निर्वाचन" शीर्षकमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । यसैगरी सोह्रौँ सम्मेलन २०६४ सालमा बुटवलमा, सत्रौँ सम्मेलन २०६५ सालमा ललितपुरमा, अठारौँ सम्मेलन २०६६ सालमा पाटनमा, उन्नाइसौँ सम्मेलन २०६७ सालमा भक्तपुरमा, बीसौँ गोष्ठी २०६८ सालमा पोखरामा, एक्काइसौँ गोष्ठी २०६९ सालमा धनगढीमा, बाइसौँ गोष्ठी २०७० सालमा झापामा, तेइसौँ गोष्ठी २०७१ सालमा दोलखामा, चौबीसौँ गोष्ठी २०७२ सालमा ललितपुरमा र २०१३ सालका काठमाडौँमा सम्पन्न भएका छन् ।यी सबै गोष्ठी तथा सम्मेलनहरूमा महिलाका भिन्नभिन्न सवालमा छलफल भएको पाइन्छ । सन् २००२ अर्थात् २०५९ साल कार्तिक ३० र मार्ग १ गते सम्पन्न एघारौँ सम्मेलनमा "कानुनी सहायतामा महिला कानुनव्यवसायीको अपेक्षित भूमिका र कानुन व्यवसायमा सक्रियता" विषयमा छलफल गरिएको थियो । सन् २००३ मा काभ्रेमा लैङ्गिक न्याय, कानुनी पक्ष, कार्यविधि र कार्यान्वयन विषयमा छलफल गरी सम्पन्न भएको थियो । सन् २००४ अर्थात् २०६१ साल पुष १६ र १७ गते काठमाडौँमा सम्पन्न तेह्रौँ गोष्ठीमा "महिला सशक्तीकरणका प्रयास, लैङ्गिक समानता र महिलाअधिकार" विषयमा, "महिला कानुनव्यवसायी र वर्तमान अवस्था" विषयमा र "प्रजनन स्वास्थ्य प्राप्तिका लागि महिला कानुनव्यवसायीको भूमिका" विषयहरूमा छलफल गरिएको थियो । त्यसै गरी सन् २००५ मा भक्तपुरमा "प्रजातन्त्र मानवअधिकार तथा शान्ति स्थापनामा महिला कानुनव्यवसायीको भूमिका" विषयमा छलफल गरी चौधौँ गोष्ठी सम्पन्न भएको पाइन्छ । सन् २००६ अर्थात् २०६३ साल भदौ ३० र ३१ गते पोखरामा पन्ध्रौँ गोष्ठी पनि "महिला सशक्तीकरणका प्रयास, लैङ्गिक समानता र महिलाअधिकार", "महिला कानुनव्यवसायी र वर्तमान अवस्था"

र "प्रजनन स्वास्थ्यप्राप्तिका लागि महिला कानुनव्यवसायीको भूमिका", "संविधान सभामा महिलाको सहभागिता", "लैङ्गिक न्याय र नागरिकता", "राज्यको सम्पूर्ण संरचनामा महिलाको समान सहभागिता" र "अन्तरिम संविधान र निर्वाचन" विषयमा छलफल गरी सम्पन्न भएको थियो । सन् २००७ अर्थात् २०६४ पुष १४ र १५ गते बुटवलमा सम्पन्न सोह्रौँ गोष्ठीमा "द्वन्द्वको समयमा महिलाविरुद्धको हिंसा र उपचार", "शान्ति प्रक्रियामा महिलाको सारभूत सहभागिता", "महिला कानुनव्यवसायीको पेसागत दक्षता र सुनिश्चितता" र "समावेशी र समानुपातिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन" विषयमा छलफल भएको पाइन्छ । सन् २००८ अर्थात् २०६५ साल मार्ग २२ र २३ गते ललितपुरमा सम्पन्न सत्रौँ राष्ट्रिय गोष्ठीमा "राज्यको पुनर्संरचनामा महिला सांसदको भूमिका" र "महिला कानुनव्यवसायीको भूमिका र संविधान सभामा समावेश गर्नुपर्ने महिला मुद्दा" विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । सन् २००९ (२०६६ साल कार्तिक १४ र १५) मा पाटनमा "महिलाअधिकारको सुनिश्चितता आजको आवश्यकता" शीर्षकमा अठारौँ गोष्ठी गरियो । यस गोष्ठीमा "राज्यका सम्पूर्ण निकायमा महिलाको समानुपातिक सहभागिता चुनौती र रणनीति", "कानुनव्यवसायी महिलाको अधिकार प्रबर्द्धन र सम्बर्द्धनमा ने.बा.ए. को भूमिका", "घरेलु हिंसासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, सम्भावना र चुनौती" विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । सन् २०१० (२०६७ साल अशोज ९ र १० गते) मा भक्तपुरमा उन्नाइसौँ राष्ट्रिय गोष्ठी भएको थियो । यस गोष्ठीमा "भावी संविधानमा समावेश गरिनु पर्ने महिलाका सवालहरू", "न्यायिक संरचनामा महिला सहभागिता आजको अनिवार्यता" र "कानुनव्यवसायी महिलाको पेसागत सुनिश्चितता चुनौती र समाधानका उपायहरू" विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । यस गोष्ठीले विगतमा सम्पन्न भएका कानुनव्यवसायी महिलाहरूको १८ औँ सम्मेलनसम्मका राष्ट्रिय गोष्ठी तथा सम्मेलनहरूबाट पारित भएका घोषणापत्रहरूमा उल्लिखित मागहरूको समय सान्दर्भिक कार्यान्वयन, मूल्याङ्कन, अनुगमन गरी सोको प्रतिवेदनसमेत सार्वजनिक गर्न ने.बा.ए. सँग जोडदार माग गर्ने, न्यायिक क्षेत्रमा महिलाहरूको सहभागिता बढाउनका लागि ऐन, नियम, र नीतिमा अविलम्ब परिवर्तन गरी लागूसमेत गराउन ध्यानाकर्षण गराउने, कानुनव्यवसायी महिलाहरूलाई आयोग, संस्थान, कम्पनी र बैंकहरूमा सल्लाहकारका रूपमा ५० प्रतिशत स्थान उपलब्ध गराउन समन्वयात्मक पहलका लागि ने.बा.ए. सँग माग गर्नेलगायतका ११ बुँदे घोषणापत्र पनि जारी (१) गरिएको पाइन्छ ।

सन् २०१२ (२०६९ अशोज १२ र १३) मा धनगडीमा बीसौं गोष्ठी सम्पन्न भएको थियो भने झापामा सन् २०१३ (२०७० साल भाद्र २८ र २९ गते) मा बाइसौं गोष्ठी सम्पन्न भएको पाइन्छ । बीसौं गोष्ठीमा "सशस्त्र द्वन्द्वबाट पीडित महिला सामाजिक सुरक्षाको अवस्था", "लैङ्गिक न्यायको दृष्टिमा सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयक" र "आगामी संविधानमा महिलाअधिकार सम्भावना र चुनौती" विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । यस एक्काइसौं राष्ट्रिय सम्मेलनमा लैङ्गिक समानताको अधिकार मौलिक अधिकारका रूपमा विकसित हुँदै आएको र समानता एक आधारभूत मानवअधिकार भएकाले राज्यले कुनै पनि बहानामा कानुन र त्यसको कार्यान्वयनमा लैङ्गिक विभेद गर्न नहुने विचार व्यक्त गरेको पाइन्छ भने अधिवक्ता शिवमाया तुम्बाहाङ्फेले "संविधानमा उठाउनु पर्ने महिलाका सवालहरू" शीर्षकको कार्यपत्र प्रस्तुत गरेको देखिन्छ । उनले नेपालमा सरकारले पनि महिलाका सवालमा संवेदनशील बनेर समयसमयमा महिलासम्बन्धी सन्धि, महासन्धिहरूमा आफू पक्ष बनेको देखिन्छ भन्दै महिलाअधिकार मानवअधिकारका रूपमा स्थापित गर्न संविधानमा नै व्यवस्था गर्नुपर्ने विचार व्यक्त गरेको पाइन्छ । यसै सम्मेलनमा विष्णु बस्यालद्वारा प्रस्तुत "महिलाको सुरक्षित वैदेशिक रोजगारी" शीर्षकको कार्यपत्रमा लैङ्गिक विभेदलाई ध्यानमा राखी महिलाअधिकारको सुनिश्चितताका लागि न्यून पारिश्रमिक पाउने काममा संलग्न रहेका महिला कामदारहरू विशेष रूपमा दुर्व्यवहार र विभेदको उच्च जोखिममा पर्न सक्ने हुनाले अन्य महिलाहरूलाई जस्तै ती महिलाहरूलाई कुनै पनि पक्षमा भेदभाव गरिनु हुँदैन भन्ने कुरालाई समितिको ३२ सौं अधिवेशन (जनवरी २००५) मा महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा २१ अनुसार आप्रवासी महिला कामदारहरूसम्बन्धी सामान्य सिफारिस जारी गर्ने निर्णयअनुसार डिसेम्बर ५, २००८ मा पारित सुझावमा महिलाको सुरक्षित आप्रवासलाई मनन् गर्दै उत्पत्तिको मुलुक, बाटोमा पर्ने मुलुक र रोजगारी दिने मुलुकहरूमा उनीहरूको मानवअधिकारको उलङ्घन हुने हुँदा उनीहरूका अधिकारहरू संरक्षण गर्ने उद्देश्यले तीनवटै अवस्थाहरूमा समानताको अवधारणालाई सम्बोधन गरी ती तीनवटै मुलुकहरूले बहन गर्नुपर्ने कुराहरूमा सुझाव दिइएको पाइन्छ । यसरी प्रत्येक वर्ष कानुनव्यवसायी महिलाहरूको सम्मेलन महिलाका अधिकारहरू र कानुनमा हुनुपर्ने सुधारका विषयमा छलफल गर्दै सम्पन्न हुने गरेको पाइन्छ । ती सम्मेलनका कार्यपत्रहरूलाई **न्यायदूत**मा प्रकाशन गरिएकाले यहाँ ती न्यायदूतहरूको समीक्षा गरिएको छ ।

**न्यायदूतमा** प्रकाशित लेखहरूले यस शोधप्रबन्धको लेखनमा केही सहयोग गरे पनि पूर्ण रूपमा सहयोग गरेको पाइँदैन ।

(ग) हरिप्रभा खड्गीसमेत (सम्पा.), **चेतना,** काठमाडौँ : नेपाल महिला सङ्घ, केन्द्रीय तदर्थ समिति, २०७० ।

यस पत्रिकामा विभिन्न लेखकहरूले नेपाली महिलाको स्थिति र साझा आवश्यकता, लैङ्गिक विभेदका विरुद्धमा, महिलामुक्ति आन्दोलन र सन्दर्भ, नेपाल महिला सङ्घ र चेतनाको इतिवृत्त, तत्त्ववेत्ता मैत्रैयी, सामाजिक न्याय र महिला सशक्तीकरणको सन्दर्भ, लैङ्गिक समानता :द्वन्द, शान्ति र सहकार्य, अन्धविश्वास निर्मूलीकरणमा महिलासहभागिता, मङ्गलादेवी सिंहको स्मृति र महिलाविकासको प्रसङ्ग, महिलाशक्ति जागौँ, नेपालमा बालविवाहः महिला सशक्तीकरणको प्रारम्भिक अवरोध, निरङ्कुशताविरोधी आन्दोलनकी अग्रणी दिव्या कोइराला, भावी संविधानमा महिलाअधिकारको सवाल, महिलाका मुद्दामा निरन्तर सुनवाईको आवश्यकता र चुनौतीजस्ता विषयहरूमा लेखहरूलेखेका छन् । यस पत्रिकामा लेखिएका लेखहरूले महिलाआन्दोलन शीर्षकलाई सहयोग पुऱ्याउने भएकाले यहाँ यस पत्रिकाको समीक्षा गरिएको छ । आन्दोलनतर्फ केही मात्र सहयोग पुऱ्याउने भएकाले यो पत्रिका शोधप्रबन्धका लागि आंशिक सहयोगी हुन पुगेको छ ।

### २.१.५ दैनिक तथा साप्ताहिक पत्रिकाहरू

यहाँ दैनिक रूपमा प्रकाशन गरिने गोरखापत्र, कान्तिपुर लगायत साप्ताहिक रूपमा प्रकाशन गरिने पत्रिकाहरूका समाचारहरू बारेमा अध्ययन गरी यस शोधपबन्धका लागि सहयोग लिइएको छ, ती पत्रिका र तिनमा प्रकाशित विषयहरू हुन् :

**कान्तिपुर,** वर्ष २४, अङ्क ९,काठमाडौँ, १५ फागुन २०७२ ।

अम्बिका गिरीले यस पत्रिकाको साप्ताहिक परिशिष्टाङ्कमा “नबनेकी फस्ट लेडी प्राइम मिनिष्टर” शीर्षकको लेखमा शैलजा आचार्यका बारेमा लेखेकी छन् । यस लेखले शैलजाका आन्दोलनकारी भूमिकाका बारेमा स्पष्ट पारेकाले प्रस्तुत पत्रिका यस शोधप्रबन्धका लागि उपयोगी भएको छ । एकजनाका बारेमा मात्र लेखिएकाले यसले यस शोधप्रबन्धमा आंशिक सहयोग मात्र गरेको छ ।

**चर्चा**, वर्ष ९ अङ्क ३४, काठमाडौँ : चैत्र २० गते सोमबार, २०३५, पृ. १ ।

यसको आन्दोलनका बारेमा लेखिएको यस समाचारले महिलाआन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएको छ ।

**चक्षु साप्ताहिक**, वर्ष ४ अङ्क ३१, काठमाडौँ : जेठ ७, २०४२, पृ. १ ।

यस प्रत्रिकामा आन्दोलनका बारेमा लेखिएको समाचारले महिलाआन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएको छ ।

**दैनिक नेपाल**, वर्ष, २०, अङ्क ३०, काठमाडौँ : चैत्र, २०३५, पृ. १ ।

यस पत्रिकामा आन्दोलनका बारेमा लेखिएको समाचारले महिलाआन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएको छ ।

**दृष्टि साप्ताहिक,** वर्ष १६, अङ्क २२, काठमाडौँ : भदौ ६, २०३६, पृ. १ ।

यस पत्रिकामा आन्दोलनका बारेमा लेखिएको समाचारले आन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धमा आंशिक उपयोगी भएको छ ।

**नेपाल पोष्ट**,वर्ष ६, अङ्क २४, काठमाडौँ : भदौ २०, २०३६, पृ. ३,६ ।

यस पत्रिकामा आल्दोलनका बारेमा लेखिएको समाचारले आन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएको छ ।

**मिलापत्र चक्षुदैनिक,** वर्ष,४, अङ्क ३, काठमाडौँ : वैशाख ६, २०४२, पृ. १ ।

यस पत्रिकामा आन्दोलनका बारेमा लेखिएको समाचारले आन्दोलन शीर्षकमा सहयोग गर्ने भएकाले यो अङ्क यस शोधप्रबन्धका लागि आंशिक उपयोगी भएको छ ।

## २.२ निष्कर्ष

प्रस्तुत पूर्वकार्यहरूमा उल्लेख गरिएका शोधप्रबन्ध, लेखहरू, पुस्तकहरू, प्रतिवेदनहरू खास विषयसँग सम्बन्धित छन् । यीमध्ये कसैले महिलाअधिकारलाई सामान्य ढङ्गले प्रस्तुत गरेका छन् भने कसैले महिलाअधिकारसम्बन्धी कानुनी व्यवस्थाबारे सङ्क्षिप्त रूपमा टिप्पणी गरेका छन् । यस सन्दर्भमा माथि उल्लेख गरिएका लेख, रचना तथा पुस्तकहरूमा व्यक्त भएका दृष्टिकोणहरू यस शोधप्रबन्धका लागि आंशिक उपयोगी हुन पुगेका छन् । यस अर्थमा यो शोधप्रबन्धको विषय “नेपालमामहिला आन्दोलन र नेपालको

कानुनमा महिलाअधिकार" भएकाले र पहिला प्रकाशित शोधप्रबन्ध तथा पत्रिकामा भएका विषयहरूको आंशिक प्रयोग मात्र भएकाले यस्ता शोधप्रबन्धहरू र पत्रिकामा प्रकाशित कुरा केही सहयोगी मात्र हुन पुगेका छन् ।

तेस्रो परिच्छेद

# अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन र नेपालमा यसको प्रभाव

## ३.१ परिचय

यस परिच्छेदमा अन्तर्राष्ट्रिय जगतका महिलाहरूले अधिकार प्राप्त गर्न गरेको आन्दोलनहरूका बारेमा उल्लेख गरिएको छ । यहाँ मूलतः संयुक्तराज्य अमेरिका, संयुक्त अधिराज्य, जापान, फ्रान्स, जर्मनी, चीन, भारत आदि देशमा भएका महिलासङ्घर्षका बारेमा चर्चा गरिएको छ । यी देशहरूका महिलाहरूको अवस्था कस्तो थियो र उनीहरूले अधिकार प्राप्त गर्नका लागि कसरी सङ्घर्ष गर्नु पऱ्यो र उनीहरू कसरी सफल हुँदै अगाडि बढे भन्ने कुराको अध्ययन यस परिच्छेदमा गरिएको छ । महिलाहरू र महिलावादीहरूले गरेको सङ्घर्ष तथा आन्दोलनका बारेमा उल्लेख गर्नाका साथै यहाँ नारीवादका सिद्धान्तहरूका बारेमा पनि चर्चा गरिएको छ ।

## ३.२ विश्वका केही राष्ट्रमा भएका महिलाआन्दोलनहरू

यस शीर्षकमा अन्तर्राष्ट्रिय जगतका महिलाहरूको अवस्था कस्तो थियो र उनीहरूले अधिकारका लागि कसरी सङ्घर्ष गरे भन्ने कुराको अध्ययन गरिएको छ । संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य,जापान, फ्रान्स, जर्मनी, चीन, भारत आदि देशमा भएका महिलासङ्घर्षको बारेमा यहाँ चर्चा गरिएको छ भने अन्य राष्ट्रहरूको चर्चा पनि सन्दर्भअनुसार गरिएको छ ।

### ३.२.१ संयुक्तराज्य अमेरिका

सन् १४९२ अक्टोबर १२ मा कोलम्बसले पत्ता लगाएको अमेरिका सन् १७७६ जुलाई ४ मा स्वतन्त्र भएको थियो ।[१] यसपछि जब सन् १७८९ मे १४ मा संविधान जारी गरियो त्यसपछि अमेरिकाको इतिहास सुरु हुन पुग्यो । यसभन्दा अगाडि भने यस नयाँ ठाउँमा चारैतिरका देशहरू (बेलायत, जर्मन, नेदरलैन्ड, स्पेन, फ्रान्स, पोर्चुगल, इटली, स्विजरलैन्ड, स्कटल्यान्ड) बाट बसोवासका लागि मान्छे धमाधम अमेरिकामा जाँदै थिए । यसरी बिस्तारैबिस्तारै बढ्दै गएको अमेरिकाको जनसङ्ख्या सन् १७६० मा दुईलाख पचासहजार मात्र भएकामा सन् १७७५ मा नै २५ लाखभन्दा बढी भएको थियो । बेलायतको प्रभाव

[१] प्रकाश वस्ती, **हाम्रो कानुनी इतिहासका केही झाँकीहरू,** (काठमाडौँ : पैरवी प्रकाशन, २०६३), पृ. १५ ।

चारैतिर बढिरहेकाले अमेरिकामा पनि बेलायतले जनसङ्ख्या मात्र नबढाएर भाषा, स्वायत्त शासनव्यवस्था, लोककानुन प्रणाली (Common Law System) समेत भित्र्याएको थियो । यसको प्रमाणमा सन् १९२० को उन्नाइसौँ संशोधनले मताधिकार पाएका अमेरिकी महिलाहरूको इतिहास हुँदाहुँदै सन् १७५६ मा लिडिया टफ्ट Lydia Taft) औपनिवेसिक अमेरिकाको प्रथम मतदाता बनेकोलाई लिन सकिन्छ । उनले ब्रिटिस शासनअन्तर्गत म्यासाचुसेट्स राज्यमा तीनपटकसम्म मतदान गरेकी थिइन् ।[२] अधिकारहरूमा मुख्य अधिकार राजनैतिक अधिकार भएको र राजनैतिक अधिकारमा पनि मताधिकार प्राप्त नभएसम्म अन्य अधिकारको अर्थ नरहने हुँदा यहाँ मताधिकार प्राप्त गरेकालाई विशेष उल्लेख गरिएको छ । एकजना महिलाले मतदानको अधिकार प्राप्त गरे पनि सबै महिलाका लागि भने त्यहाँ मत दिने अधिकार थिएन । तात्कालीन समयमा अमेरिकाभित्र बेलायतबाट गएकाहरूको व्यवस्था र अरू देशबाट आएकाहरूको व्यवस्था फरक-फरक थियो । कतै मन लाग्दा मत हाल्न दिइन्थ्यो भने कतै अधिकारको कुरा उठाउनै मिल्दैनथ्यो । यसको अर्को उदाहरणमा यस समयमा अमेरिकाको न्यूजर्सी राज्यले अविवाहित तर सम्पत्ति भएका महिलाहरूलाई मताधिकार प्रदान गरेकालाई लिन सकिन्छ । सन् १७६३ मा ब्रिटिस कोलोनीमध्ये मेरील्यान्ड र बोस्टन राज्य विकसित राज्यका रूपमा मानिएका थिए भनेलुजियाना राज्य र पूर्वी मिसिसिपी राज्यमा त ब्रिटिस झन्डा नै फहराइएको थियो ।[३] ब्रिटिसहरू र क्याथोलिक शक्तिहरू बीच भएको लामो युद्धको परिणामपछि फ्रान्स र स्पेनका व्यक्तिहरूबाट फ्लोरिडा राज्यमा बसोवास सुरु भएको थियो भने फ्रान्सका बासिन्दाहरू बसोवासका लागि क्यानाडामा लगिएका थिए । यसरी यस समयमा नयाँ राज्य अमेरिकाभित्र सबै उपनिवेशहरू शक्तिका लागि प्रयास गर्दै थिए । त्यसैले यहाँका राज्यहरूको कार्यशैलीमा एकरूपता थिएन । कुनै राज्यले अधिकार दिन्थे भने कुनैले दिँदैनथे । यसको अर्को उदाहरणमा सन् १७९२ मा सिरा लियोन (Sierra Leeone) मा भएको निर्वाचनमा प्रमुखहरूलाई मताधिकार प्रयोग गर्न दिइएको सन्दर्भलाई लिन सकिन्छ । यस मतदानमा ३३ प्रतिशत अफ्रिकन महिलाहरूले मतदान गरेका थिए । यसरी कतैकतै मताधिकार दिइएको देखिए पनि सबैतिर भने यो अधिकार महिलाहरूलाई प्राप्त थिएन । बेलायतीहरूको प्रभुत्व रहेको राज्य र प्रभुत्व नरहेका राज्यहरूको अवस्था फरक-फरक थियो । बेलायतीहरू र

[२] Women suffrage/https://en.wikipedia.org/wiki/Women/s/27s suffrage.

[३] Women's suffrage in the United States,https://en.wikipedia.org/wiki/Women's_suffrage _in_the_United_States, access date 11/23/2015.

बेलायतीहरूभन्दा बाहेकका देशहरूका बीच धेरै कुरालाई लिएर द्वन्द्व चल्दै थियो । यसरी सुरु भएको सङ्घर्षले सन् १७७६ मा उग्र रूप लिन पुग्यो । फलस्वरूप १७७६ जुलाई ४ मा अमेरिकाका १३ वटा राज्यहरूले एक मतले स्वतन्त्रताको घोषणा गरेपछि[४] सङ्घीय स्वतन्त्र संयुक्त राज्य महासङ्घ (Confederation of US) को निर्माण भएको थियो । यसपछि स्वाधिनताको अमेरिकी घोषणापत्र (American Declaration on Independence, 1776) जारी गरियो । बेलायतका उच्च घरानिया परिवारमा सन् १७४४ मा जन्मिएकी र सन् १७६४ मा अमेरिकाको दोस्रो राष्ट्रपति हुन सफल जोन अदाम्ससँग विवाह गरेकी एबिगेल अदाम्स (Abigail Adams) महिलाअधिकारका सम्बन्धमा आवाज उठाउने प्रथम महिला हुन पुगिन् ।[५]

एबिगेल अदाम्स दासप्रथाको कट्टर विरोधी थिइन् । सबै मानिसहरूमा समान अधिकार हुनुपर्छ, कानुनले सबैलाई समान अधिकार दिनुपर्छ ।महिला र पुरुषबीच भेदभाव गरिनु हुन्न भन्नेजस्ता विचार उनी व्यक्त गर्ने गर्थिन् । उनलाई सबैले राम्रो शिक्षा पाउनु पर्छ भन्ने कुरामा विश्वास थियो । उनी सधैँ आफ्नो पति जोनलाई महिलाको दृष्टिकोणबाट निर्णय गर्न सल्लाह दिने गर्थिन् । महिलालाई पनि पुरुषसरह अधिकार दिनुपर्छ भन्ने सन्दर्भमा उनले पत्रमार्फत् आफ्नो पति जोनलाई आन्दोलनका समयदेखि नै सधैँ सल्लाह दिइरहेकी थिइन् ।

सन् १७८६ सेप्टेम्बरमा आन्नापोलिसमा ५ राज्यहरूका प्रतिनिधिहरूको उपस्थितिमा सम्मेलन गरियो । उक्त सम्मेलनले फिलाडेल्फिया राज्यमा बृहत् सम्मेलन गर्ने निर्णय गऱ्यो । सन् १७८६ मा अन्नापोलिसमा गरिएको निर्णयबमोजिम सन् १७८७ मे महिनामा फिलाडेल्फिया राज्यमा सम्मेलन भयो । रोड आइल्यान्ड (Rhod Island) राज्यबाहेक अन्य राज्यहरूबाट उपस्थित ५५ जना प्रतिनिधिहरूको सहभागितामा स्वाधिनता भवन (Independence Hall) मा जर्ज वाशिङ्गटनको अध्यक्षतामा सम्पन्न यस सम्मेलनले संविधानको मस्यौदा तयार गरेको थियो ।[६] केन्द्रलाई शक्तिशाली बनाइएको उक्त संविधानको धेरै विरोध भए पनि फिलाडेल्फिया सम्मेलनले बनाएको संविधान सन् १७८९ मार्च महिनाको ४ तारिखबाट बल्ल लागू गरियो । यसपछि सम्मेलनको अध्यक्षता गर्ने जर्ज वासिङ्गटन नै

---

[४] लोकेन्द्र शर्मा, **विश्वका प्रमुख कानुनी प्रणाली दस्ताबेजहरूमा (भाग १)**,(काठमाडौँ : श्रीमती चन्द्रकला समेत, २०५४), पृ. १०४ ।

[५] Abigail Adams Urges husband to'rember the ladies, www.history.com/this-day-in history/Abigail-adams-urges-husband-to-rember-the ladies.

[६] शर्मा, **पूर्ववत**,पादटिप्पणी सङ्ख्या४, पृ. १०७ ।

प्रथम राष्ट्रपति निर्वाचित भएका थिए । यसरी स्थापना भएको अमेरिकाको इतिहास हेर्दा पुरुषहरूले नै पनि अधिकारका लागि सङ्घर्ष गर्नु परेको स्पष्ट रूपमा देख्न देखिन्छ ।

अन्य मुलुकमा जस्तै यहाँका महिलाहरू पनि पुरुषप्रधान समाजको मारमा परेका थिए । यसको उदाहरणमा महिलालाई लाउनमा, लेखपढ गर्नमा र घुमफिर गर्नमा बन्देज लगाउने परिपाटीहरूलाई हेर्न सकिन्छ । सन् १७७० को दशकदेखि सङ्घर्षको मैदानमा उत्रिएका जोन अदाम्स सन् १७९७ मा अमेरिकाको दोस्रो राष्ट्रपति भए ।उनलाई उनकी पत्नी एबिगेल अदाम्सले पत्रमार्फत सल्लाह दिने गरेकी थिइन् । यसको उदाहरणमा कानुन बनाउने बैठकमा जाने बेलामा महिलाहरूलाई अधिकार दिन सम्झाउँदै र अधिकार दिइएन भने बदला लिन्छौँ भनेर थर्काउँदै जोनलाई उनले लेखेको पत्रको निम्न अंशलाई हेर्न सकिन्छ :[७]

> The future First Lady wrote in part,
>
> I long to hear that you have declared an independency. And, by the way, in the new code of laws which I suppose it will be necessary for you to make, I desire you would remember the ladies and be more generous and favorable to them than your ancestors. Do not put such unlimited power into the hands of the husbands. Remember, all men would be tyrants if they could. If particular care and attention is not paid to the ladies, we are determined to foment a rebellion, and will not hold ourselves bound by any laws in which we have no voice or representation.

प्रस्तुत पत्रमा लेखिएको सुझाव नै उपनिवेशबाट आक्रान्त विश्वमा रहेका महिलाहरूका लागि अधिकार दिइनु पर्छ भनेर उठाइएको महत्त्वपूर्ण प्रथम आवाज थियो ।

उनको मृत्यु हुनुभन्दा २ वर्ष अगाडि सन् १८१६ डिसेम्बर २१ मा उनको बाटोमा हिँड्न कोलोनाइजेसन सोसाइटीको गठन गरिएको थियो ।[८] यसले दासता र दासताविरुद्ध सङ्घर्षको थालनी गरेको थियो । मिसिसिपी राज्यबाट सुरुभएको कोलोनाइजेसन सोसाइटीको सङ्घर्षले पछि उग्र रूप लिँदै गएको देखिन्छ । यसपछि भने अधिकारका सम्बन्धमा महिलाहरूले लेखहरूका माध्यमबाट आफ्ना विचार व्यक्त गर्न थालेका थिए । सन् १८२१मा इमा हार्ट विलर्डको (Emma Hart Willard) प्रयासबाट न्यूयोर्कमा केटीहरूका लागि प्रथम स्कूल खोलिएको थियो भने सन् १८३३ मा बल्ल सहशिक्षा प्रदान गर्ने कलेज खोलिएका थिए । सन् १८३३ मा ओभरलिन कलेजले पुरुष छात्रसँग महिला विद्यार्थीलाई पनि भर्ना गर्ने

---

[७] Abigail Adams, **op cit.,** f.n. No. 5.

[८] **Ibid.**

निर्णय गरेको थियो ।[९] यस ओभरलिन कलेजबाट सन् १८४१ मा तीनजना महिलाहरू डिग्री प्राप्त गर्न सफल भएका थिए । तिनीहरूमध्ये दुईजना लुसी स्टोन (Lucy Stone) र एन्लोनेट ब्राब्रिन (Anloinette Browin) थिए । सन् १८३६ मा सराह ग्रिम्क (Sarah Grimke) अधिकारकर्मीका रूपमा देखा परिन् ।

सन् १८३७ मा एन्टी स्ल्याभरी सोसाइटी (Anti Slavery Society) को सम्मेलन न्यूयोर्कमा सम्पन्न भयो । यस सम्मेलनमा १२ राज्यबाट ८१ जना महिलाको सहभागिता थियो । सन् १८३७ मा म्यासाचुसेट्स राज्यको माउन्ट होल्योली (Mount Holyolee) कलेजमा पनि महिलाका लागि पनि पढ्न पाउने व्यवस्था गरियो । यसको उदाहरणमा मेरी लियोन (Mary Lyon) ले पढेको सन्दर्भलाई लिन सकिन्छ । त्यस्तै, क्याथोलिक महिलाहरूका लागि पनि बाल्टिमोर राज्यमा मेरिल्यान्ड कलेज (Maryland College) खुलेको थियो । यसरी बिस्तारैबिस्तारै एबिगल अदाम्सको बाटोमा महिलाअधिकारकर्मीहरू हिँड्दै थिए । सन् १८३९ मा मिसिसिपी राज्यले विवाहित महिलासम्बन्धी सम्पत्ति कानुन पास गऱ्यो । यसरी एकातिर छिटफुट रूपमा राज्यहरू महिलालाई अधिकार दिँदै थिए भने अर्कोतिर सन् १८४० मा शिक्षित र चेतनशील महिलाहरू सङ्गठित हुँदै थिए ।[१०] सन् १८४४मा म्यासाचुसेट्स राज्यमा टेक्सटाइलका महिला कामदारहरूले लवेल फिमेल लेबर रिफर्म एसोसिएसन (Lowell Female Labour Reform Association) नामको सङ्गठन खोले । यसले कामदारहरूका लागि १० घन्टा कामको माग गरेको थियो ।

सङ्गठन गर्दै अधिकारका लागि अगाडि बढेका महिलाहरूबाट सन् १८४८ जुलाई १९ र २० का दिन न्यूयोर्क राज्यको सेनेका फल्स भन्ने ठाउँमा पहिलोपटक महिलाअधिकारका सम्बन्धमा सम्मेलन आयोजना गरियो । यस सम्मेलनको नारा Declaration of Sentiments and Resolution भन्ने थियो ।यस सम्मेलनको मुख्य मुद्दाचाहिँ महिलाआन्दोलन कसरी गर्ने भन्नेबारेमा छलफल गर्नु थियो । यस सम्मेलनमा नै एलिजावेथ केडी स्टान्टन र लन्डनमा दासताविरुद्ध सम्मेलन गर्ने लुक्रेसिया मोल (Lucrettia Moll) को भेट भएको थियो । यस प्रथम सम्मेलनमा केडी स्टान्टन र लुक्रेसिया मोलको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । उनीहरूको अग्रसरतामा यसपछि निरन्तर महिलाअधिकारका लागि

---

[९] शिवमाया तुम्बाहाङ्फे, **नेपालमा महिलाआन्दोलन**, (विराटनगर : वाणी प्रकाशन, २०६६), पृ. १२ ।

[१०] Women suffrage, **op cit.,** f.n. No. 3.

बैठकहरू हुन थाल्यो । महिलाहरूको सशक्त प्रयासका फलस्वरूप सन् १८४९ मा ह्यारिट टबमन (Harrit Tubman) दासताबाट मुक्त भइन् । उनले पनि १० वर्षसम्ममा धेरै दासहरूलाई अन्डरग्राउन्ड रेलवेबाट मुक्त गराएकी थिइन् ।

यसपछि सन् १८५० मा महिलाअधिकारसम्बन्धी क्षेत्रीय सम्मेलन ओहायो राज्यमा सम्पन्न गरियो ।[११]त्यस्तै, सन् १८५० को अक्टोबर २३ र २४ का दिन म्यासाचुसेट्स राज्यमा अर्को सम्मेलन सम्पन्न भयो । यसमा प्रथमपटक ओभरलिन कलेजबाट डिग्री लिन सफल लुसी स्टोन (Lucy Stone) र पाउलिन रिट डेभिस (Paulin Rit Devis) को महत्त्वपूर्ण भूमिका रहेको थियो । यसरी प्रत्येक वर्ष सम्मेलनहरू हुन थाले । यसै क्रममा सन् १८५१ मा एलिजावेथ केडी स्टान्टनको भेट सुसन बी एन्थोनी (Susan B Anthony) सँग भयो । समानताका लागि ससुन बी एन्थोनी १७ वर्षकै उमेरमा १८५६ मा American Antislevery Society को न्युयोर्कका लागि प्रतिनिधि भएकी थिइन् । स्टान्टन र एन्थोनी महिला अधिकारका लागि लड्ने असल साथी बने । यसै समयमा अर्थात् १८५१ मा वेन्डेड फिलिप्स (Wended Philips) ले महिलाका बारेमा वकालत गर्दै “के महिलाहरूलाई मताधिकार प्राप्त होला ?” ("Shall Women have the Right to Vote?") भन्दै भाषण दिएकी थिइन् भनेस्टान्टनले पनि न्यूयोर्कमा सन् १८५२ मा अधिकारका बारेमा प्रकाश पार्दै बोलेकी थिइन् । उनी १८४७ मा म्यासाचुसेट्स राज्यबाट ब्याचलर डिग्री प्राप्त गर्ने प्रथम महिला थिइन् । त्यस्तै, १८५३ मा लुसी स्टोनले म्यासाचुसेट्स राज्यमा अधिकारका बारेमा बोलेकी थिइन् । American Antislevery Society मा काम गर्ने लुसी स्टोनले पनि १८५० मा म्याचाचुसेट्स राज्यमा भएको प्रथम महिलाअधिकारसम्बन्धी सम्मेलनमा भाषण दिएकी थिइन् । जसबाट उनी धेरै प्रख्यात भइन् ।[१२]सोजनर ट्रुथ (Sojouner Truth) ले ओहायो राज्यको अक्रोनमा भएको महिला सम्मेलनका क्रममा सबैलाई मोहित पार्दै भाषण गरेकी थिइन् ।

यसरी महिलाहरू क्रमैसँग अधिकारका लागि जागरुक हुँदै थिए । भिन्नभिन्न ठाउँमा भिन्नभिन्न महिलाहरूले भिन्नभिन्नतरिकाबाट अधिकारका लागि आवाज उठाइरहेका थिए । पछि महिलाअधिकारकर्मीहरूको भेट भएपछि त झन् लामो समयसम्म अमेरिकामा महिलाअधिकारका

---

[११] Susan B. Anthony.https://en.wikipedia.org/wiki/susan_B_Anthony.

[१२] Lusy Stone Biography. https://www.biography.com/people/lucy_stone_9495976.

लागि सङ्घर्ष चलेको देखिन्छ । सन् १८५४ मा एन्थोनीले निवेदन अभियानको नेतृत्व गरेकी थिइन् । सन् १८५७ लुसी स्टोनले महिलालाई मताधिकार प्रदान नगरेसम्म कर नतिर्ने अडान लिइन्, जसको फलस्वरूप प्रहरीले उनको घरभित्रका सामानहरू बेचेर रकम असुल गऱ्यो ।[१३] यसबाट आन्दोलनमा कमी आएन, बरु सन् १८५७ मार्च (वि.सं. १९१४) मा नै न्यूयोर्कमा कपडा कारखानामा काम गर्ने महिलाहरूले पनि तलब वृद्धिका साथै १५/१६ घण्टा गर्दै आएको कामको समय १० घण्टा मात्र हुनुपर्ने माग राखेर हडताल सुरु गरे ।[१४] व्यक्ति-व्यक्तिले भिन्नभिन्नतरिकाबाट अधिकारका लागि आवाज उठाउँदै आएकामा सन् १८६३ को समयदेखि महिलाले सङ्गठित हुँदै आन्दोलन गर्न थाले ।

अधिकारकर्मीहरू सुसन बी. एन्थोनी र स्टान्टनको समूहले महिलाप्रति समर्पित सङ्घ (Women 's Loyal National League) गठन गरे । अमेरिकामा गठन गरिएको महिलाहरूको यो पहिलो राजनीतिक सङ्गठन थियो ।[१५]यसले सुरुमा नै दासताविरुद्धमा आवाज उठाउँदै हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गऱ्यो । यसले ४000,000 हस्ताक्षरसहित अधिकारका लागि निवेदन प्रस्तुत गरेर ऐतिहासिक काम गर्न सफल भयो ।[१६] यसले मताधिकारको माग नगरे पनि समान राजनीतिक अधिकारको माग गरेको थियो । स्टान्टनले यस संस्थालाई राजनीतिक हतियार मानेकी थिइन् किनभने यस संस्थामार्फत् अमेरिकी महिलाआन्दोलनका लागि ५000 अधिकारकर्मीहरूको जालो तयार गरेर सबैतिर फिजाउन अधिकारकर्मीहरूलाई सजिलो भएको थियो । यसरी काम गरिरहेका अवस्थामा सन् १८६१ देखि १८६५ को समयमा अमेरिकामा गृहयुद्ध चर्क्यो । त्यसैले अधिकारकर्मी लुसी स्टोनले आन्दोलनलाई स्थगित गरेर निवेदनबाट मताधिकारको माग गर्नुपर्ने धारणा व्यक्त गरिन् । सो कुरा ब्रिटेनकी ह्यारियट टेलर (Harriet Tayler) समक्ष पुगेको थियो । लुसी स्टोनको विचारलाई समर्थन गर्दै ह्यारियट टेलरले पनि प्रभावित हुँदै "Enfranchsement of Women" शीर्षकको लेख **वेस्टमिनिस्टर रिभ्यू (West Minister Review)** नामक पत्रिकामा छपाएपछि अमेरिका र बेलायत दुवै देशमा एकै प्रकारको

---

[१३] Susan B. Antony, **op cit.,**f.n. No. 11.

[१४] तुम्बाहाङ्फे, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या.९, पृ. १२।

[१५] Women's Suffrage in Unites State, **op cit.,** f.n. No. 3.

[१६] **Ibid.**

आन्दोलन हुन थालेको पाइन्छ ।[१७] यसरी अमेरिका र बेलायतका महिलाहरू सङ्गठित बन्दै राजनीतिक अधिकार प्राप्त गर्न अगाडि बढ्न थाले ।

महिला जागरुकता सन् १८६१ देखि १८६५ सम्म भएको गृहयुद्धका कारण अमेरिकामा महिलाआन्दोलन केही सेलाउन पुगे पनि यसै वर्ष बेलायतको मेनचेस्टरमा भने नारी मताधिकार समिति गठन गरिएको थियो । सन् १८६६ मा एघारौँ राष्ट्रिय महिलासम्मेलन सम्पन्न भएपछि यसले अमेरिकी समान अधिकार सङ्घ (American Equal Right Association-AERA) गठन गऱ्यो । यसको उद्देश्य सबै नागरिकका लागि समान अधिकार प्राप्त गर्न सहयोग गर्ने भन्ने भए पनि महिलालाई मताधिकार प्राप्त गराउनु थियो । यस समयमा अर्थात् सन् १८६६ मा एलिजावेथ केडी स्टान्टन र सुसन बी एन्थोनीले महिलामताधिकार कर्मी लुक्रेसियामोट (Lucretia Mott), लुसी स्टोन (Lucy Stone) र फ्रेडरिक डगलस (Frederick Douglas) सँग मिलेर काम गर्दै थिए । रिपब्लिकन पार्टीका सदस्यले राष्ट्रिय सङ्कटका बेलामा माग फिर्ता लिन भनेपछि निवेदन फिर्ता लिनु परेको भए पनि महिलाअधिकारको आन्दोलन भने रोकिएको थिएन ।

सन् १८६८ मासुसन बी एन्थोनीले न्यूयोर्कमा काम गर्ने महिलाहरू र सिलाइको काम गर्ने महिलाहरूलाई अधिकारका लागि जागरुक बनाउने उद्देश्यले कामदार महिलाहरूको सङ्घ अर्थात् श्रमिक सङ्घ (Trade Union) गठन गरिन् । उनको नेतृत्वमा उक्त सङ्घका सदस्यहरू समेत मताधिकार र समान ज्यालाको माग गर्दै राष्ट्रिय लेवर काङ्ग्रेसमा प्रतिनिधि मण्डलका रूपमा गएका थिए । यसै समयमा उनीहरूले “रेभोलुसन” पत्रिका पनि प्रकाशन गरेका थिए ।[१८] फलस्वरूप सन् १८६८ मा भएको अमेरिकी संविधानको चौधौँ संशोधनले महिलालाई नागरिकका रूपमा स्वीकार गर्दै मताधिकार प्रदान गर्नुपर्ने कुरा उल्लेख गरेको थियो ।

सन् १८६९ मा विश्वव्यापी रूपमा रहेको लैङ्गिक असमानताविरुद्ध अमेरिकाका काला गोरा सबै मिलेर राष्ट्रिय महिला मताधिकार सङ्घ (National Woman Suffrage Association-NWSA) नाम गरेकोसंस्था स्थापना गरेको पाइन्छ । महिलाले पुरुषसरह मतदान गर्न नपाउने यस समयमा यो संस्थाले मताधिकारको माग गर्दै धेरै कामहरू गऱ्यो ।

---

[१७] Women's Suffrage in Unites State, **op cit.,** f.n. No. 3.

[१८] Susan B. Antony, **op cit.,** f.n. No. 11.

सन् १८६९ मा अमेरिकाबाट दासप्रथाको अन्त भएपछि महिलाआन्दोलनले झन् उग्र रूप लिन थाल्यो । यसरी सन् १८६९ पछि आन्दोलनलाई मताधिकारमा मात्र सीमित गर्ने वा महिला हकहितका प्रश्नहरूमा पनि संलग्न गराउने भन्ने विषयमा राष्ट्रिय महिला मताधिकार सङ्घ र अमेरिकी महिला मताधिकार सङ्घ (American Woman Suffrage Association-AWSA) बीच विवाद देखियो । फलस्वरूप लुसी स्टोन (Lucy Stone, हेनरी ब्ल्याक वेल (Henry Blackwell) र लुलिया वाड होवे (Lulia Wad Howe) अमेरिकाको म्याचाचुसेट्स राज्यको बोस्टनमा खोलेको राष्ट्रिय महिला मताधिकार सङ्घको नेतृत्व गर्दै थिए भने अमेरिकी महिला मताधिकार सङ्घको नेतृत्व सुसन बी एन्थोनी र एलिजावेथ केडी स्टान्टनले गर्दै थिए । यसरी दुवैले आआफ्नो तरिकाले महिलाअधिकारका लागि सङ्घर्षलाई निरन्तरता दिँदै थिए ।[१९] सन् १८६९ मा विश्वव्यापी रूपमा रहेको लैङ्गिक असमानताविरुद्ध अमेरिकाका काला गोरा सबै मिलेर खोलेको राष्ट्रिय महिला मताधिकार सङ्घले महिलाले पुरुषसरह मतदान गर्न नपाउने यस समयमा यो मताधिकारको माग गर्दै धेरै कामहरू गर्न सफल भयो ।

१८७२ नोभेम्बर १८ मा सुसन बी एन्थोनी पक्राउ परिन् ।[२०] सोजनर ट्रुथ पनि मताधिकार माग्दै यस समयमा देखा परेकी थिइन् । आन्दोलन बढ्दै थियो । सन् १८७४ मा त एनमिउ इलेनमेर (Anmiew Illenmyer) ले महिला क्रिस्चियन संयम सङ्घ (Women's Christian Temperance Union-WCTU) समेतगठन गरेर आन्दोलनलाई सशक्त बनाएका थिए । सन् १८७६ मा फ्रान्सेस विलर्डले नेतृत्व गरेको यो संस्था महिलाआन्दोलनको ठूलो शक्ति हुन पुग्यो । सन् १८७८ मा पुग्दा महिलाको मताधिकारका लागि भएको आन्दोलन अमेरिकाको कङ्ग्रेससम्म पनि पुग्यो । यस समयमा राष्ट्रिय महिला मताधिकार सङ्घ र अमेरिकन महिला मताधिकार सङ्घ आआफ्नो तरिकाले महिलाअधिकारका लागि सङ्घर्ष गर्दै थिए । सन् १८८१ मा ब्रिटिस इस्ले अफ म्यानले मताधिकारका लागि आवाज उठाएपछि ब्रिटिस उपनिवेशभित्र पर्ने राज्यमा सम्पत्ति कमाएका महिलालाई मात्र मताधिकार प्रदान गरियो ।

सन् १८९१ मा इडिबा वेल्सले टेनेसीका तीनजना काला व्यापारीहरूलाई बिना कारण मारेको देखेपछि देशभर कानुनी कारबाही बिना गरिएको हत्याको विरोध कार्यक्रम सञ्चालन गरेर आन्दोलनलाई सशक्त बनाइयो । हनाह ग्रीनबम सोलोमनले (Hannah

---

[१९] **Ibid.**

[२०] **Ibid.**

Greenbaum Soloman) सन् १८९३ मा जेविस (Jewish) महिलाहरूको सङ्गठन (National Council of Jewish Women) खोलेका थिए भने सन् १८९३ मा नै ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भएको न्यूजिल्यान्डले महिलालाई मताधिकार प्रदान गरेको थियो, तर निर्वाचनमा उठ्ने अधिकार भने दिएन । यसरी सबैतिरबाट सङ्गठित हुँदै महिलाहरू आन्दोलनमा अगाडि बढेको र उनीहरू अधिकार पनि किस्ताकिस्तामा प्राप्त गर्न सफल भएको पाइन्छ ।

अलगअलग सङ्घर्ष गरेको झण्डै २० वर्षपछि सन् १८९० मा राष्ट्रिय महिला मताधिकार सङ्घ र अमेरिकी महिला मताधिकार सङ्घबीच एकीकरण गरियो । एकीकरणपछि यसको नाम दुवैको नाम मिलाएर राष्ट्रिय अमेरिकी महिला मताधिकार सङ्घ (National American Woman Suffrage Association-NAWSA) राखियो ।[२१] यसपछि NAWSA को पहिलो नेतृत्व क्रान्तिकारी नेतृ एन्थोनीले गरिन् ।[२२] यसपछि क्रमशः एलिजावेथ केडी स्टान्टन (Elizabeth Cady Stanton) ले १८९० देखि १८९२ सम्म, सुसन बि. एन्थोनी (Susan B. Anthony) ले १८९२ देखि १९०० सम्म, क्यारी च्यापम्यान क्याट (Carrie Chapman Catt) ले १९०० देखि १९०४ सम्म, आन्ना हावर्ड स (Anna Howard Shaw) ले १९०४ देखि १९१५ सम्म, पुनः क्यारी च्यापम्यान क्याट Carrie Chapman Catt) ले १९१५ देखि १९४७सम्म रक्यारोलिन एम.सी. कोरमिक स्ल्याड (Caroline McCormick Slade) ले १९४७ देखि १९५१ सम्म राष्ट्रिय अमेरिकी महिला मताधिकार सङ्घको नेतृत्व गरेको देखिन्छ ।

निरन्तरको आन्दोलनको फलस्वरूप सन् १८९३ मा नै कोलोराडो राज्यले पनि प्रथमपटक महिलाहरूलाई मताधिकार प्रदान गऱ्यो । त्यस्तै, सन् १८९४ मा दक्षिण अस्ट्रेलियाको कोलोनियल पार्लियामेन्टमा महिलाको उपस्थिति स्विकारिएको थियो ।

सन् १८९६ मा मेरी चर्च टेरेल (Mery Church Terrel), इडा बी वेल्स बार्नेट (Ida B Wells Barnet), मार्गरेट मुरे वास्टन (Margarct Murray Washton), फ्यान्नी ज्याक्सन कपिन (Fanny Jackson Coppin), फ्रान्सेस एलेन वाटकिन्स हारपर (Frances Ellen Watkins Harper) र चारलोट फर्टेन ग्रिम्क (Charlotte Forten Grimke) र former slave ह्यारिट टवमन (Harrit Tubman) वाशिङ्गटन डि.सी. मा भेला भएर नेसनल एसोसिएसन

---

[२१] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ९, पृ. १३ ।

[२२] Women's suffrage in Unite State, **op cit**., f.n. No. 3.

अफ कलर्ड विमेन (National Association of Coloured Women-NACW) गठन गरेका थिए । यसपछि सन् १८९७ मा अमेरिकाको न्यूयोर्क सहरमा श्रमिक महिलाहरूले पहिले इतिहासमै नभएको ठूलो हडताल, जुलुस र आमसभाको आयोजना गरे । उनीहरूले उचित ज्याला र कामको समय १० घण्टा कायम गर्न आवाज उठाका थिए ।[२३] पछि ट्रेड युनियनका महिलाहरू, कामदार र अन्य महिलाहरूको समूहले पनि सन् १९०३ मा अन्तर्राष्ट्रिय गार्मेन्टका कामदार महिलाहरूको सङ्घ (International Ladies Garment Workers Union-ILGWU) पनि गठन गरे । यसले १९०८ मा अन्तर्राष्ट्रिय महिला श्रमिक सम्मेलन गरेको थियो । सन् १९०९ फेब्रुअरी २८ र मार्च ८ का दिन अमेरिकाको सिकागो सहरमा विरोध प्रदर्शन गर्न महिलाहरू पुनः सफल भए । यस पटकको प्रदर्शन पहिलाको भन्दा धेरै ठूलो थियो ।

सन् १९०७ मा स्टान्टनले NAWSA खोलेपछि यसअन्तर्गत न्यासनल कलेज (National College) खोलियो । पछि यस्ता समूहहरू ३० ओटा राज्यमा नै खोलिएको पाइन्छ । यसपछि एन्थोनी र क्याट मिलेर महिला मताधिकार दल (Women Suffrage Party) पनि खोलेका थिए । उक्त पार्टीको सम्मेलनमा हजारौँ महिलाहरूको उपस्थिति थियो । सन् १९१० मा पुग्दा महिला मताधिकार दल (WSP) का सदस्य २० हजार पुगेका थिए ।[२४] यसरी एकातिर NAWSA ले काम गर्दै थियो भने अर्कोतिर यसै समयमा जोन एदम्स र इलेन गेट्स स्टार्स नाम गरेका महिलावादी नेतृहरूले हल हाउस खोलेर समाजमाथि प्रभाव जमाउँदै थिए । यो सिकागोको १९ वडामा लागू गरिएको सेटलमेन्ट हाउस प्रोजेक्ट थियो, जो एक वर्षको छोटो अवधिमा नै सयभन्दा बढी घरहरू बनाएर व्यवस्थित बसोवास सञ्चालन गर्न सफल भएको थियो । त्यसैले यो आवास योजना अभियान प्रगतिशील क्याम्पेन गर्न सफल हुन पुग्यो । फलस्वरूप अमेरिकाका काला गोरा सबै महिलाहरू आफ्नो अधिकारका लागि बोल्न सक्ने भएका थिए । यसलाई अमेरिकी राजनीतिमा महत्त्वपूर्ण अभियानका रूपमा हेर्ने गरिन्छ ।[२५]

---

[२३] सुजिता शाक्य, "विश्व महिलाआन्दोलनको सङ्क्षिप्त झलक र वर्तमान चुनौती", **महिला आवाज**, (काठमाडौँ : अनेरास्ववियु, महिला विभाग, २०५५), पृ. २७ ।

[२४] National American Woman Suffrage Association, https//en, Wikipedia.org/wiki/National-Association-woman-suffrage-Associationaccess date 11/23/2015.

[२५] **Ibid**.

सन् १९११ मा अर्थर डोज (Arthur Dodge) ले नेतृत्व गरेकोनेसनल एसोसिएसन अपोज्ड टु विमन सफरेज (National Association Opposed to Women Suffrage-NAOWS) संस्थामा प्रभावित महिलाहरू लगायत गिर्जाघरका पादरीहरू पनि थिए ।[२६] त्यस्तै, सन् १९१२ मा थियोडोर रुजबेल्टको प्रगतिशील पार्टी त महिलालाई मताधिकार दिने सम्बन्धमा लड्ने अब्बल दर्जाको पार्टी हुनपुग्यो । सन् १९१३ मा पुग्दा एलिस पावेल र लुसी बर्नसले सन् १९१० मा खोलेको महिलाहरूको सामाजिक तथा राजनीतिक सङ्घ (Women's Social and Political Union, WSPU) ले भोकहडताल सञ्चालन गर्दै ह्वाइट हाउस जानेहरूलाई रोकेर पनि विरोधलाई उग्र रूप देखाउन थालेभने वाशिङ्गटन डिसीमा पनि महिलाहरू ठूलो प्रदर्शन गर्न सफल भएका थिए ।[२७]सङ्गठित, अनुशासित र व्यवस्थित रूपले सम्पन्न भएको यस प्रदर्शनको सम्पूर्ण न्यायप्रेमी जनताले समेत स्वागत गरेका थिए ।सन् १९१४ मा त काला गोरा सबै मिलेर खोलिएको महिला क्लब राष्ट्रिय सङ्घ (The National Fedderation of Women's Club) का महिलाहरू पनि अधिकारका लागि बढ्दै थिए । सन् १९१६ मा एलिस पाउल (Alice Paul) ले राष्ट्रिय महिला दल (National Women's Party) खोलिन् । जुझारु महिलाहरूको यो समूहले कानुन संशोधनका लागि जोडदार माग गर्न थाल्यो । त्यस्तै, सन् १९१६ मा NAWSA को तत्कालीन सभापति क्यारी च्यापम्यान क्याट (Carrie Chapman Catt) ले सबै अधिकारकर्मीहरूलाई न्युजर्सीमा गरिने सम्मेलनमा भाग लिन बोलाइन् । यस सम्मेलनले स्थानीय र राष्ट्रिय दुवै स्तरबाट एकैचोटि आन्दोलन गरेर अधिकार लिनुपर्ने निर्णय गऱ्यो । यहीँ आन्दोलनकै प्रभावले हुन सक्छ सन् १९१६ मा मोन्टाना राज्यको प्रतिनिधि सभामा पहिलोपटक जिनेथ ऱ्याङ्किन (Jeannette Rankin) विजयी भइन् । यो विश्वकै इतिहासमा राज्यको प्रतिनिधिका रूपमा भएको महिलाको पहिलो विजय थियो ।[२८] तर पछि अधिकारकर्मीहरू माथि धरपकड सुरु हुन थाल्यो । अधिकारका लागि ह्वाइट हाउस जानेहरूलाई रोकियो । राष्ट्रिय महिला दलका धेरै महिलाहरू पक्राउ परे ।

सन् १९१४ बाट १९१८ सम्म चलेको विश्वयुद्धको प्रभाव महिलाआन्दोलनमा पनि पर्न गयो । महिलाहरूले विश्वयुद्धमा सहयोग गर्ने विचार गरेकाले आन्दोलन केही समयका लागि रोकिएको थियो । केही मथ्थरजस्तो देखिए पनि मताधिकारको आवाज र प्रसङ्ग बुलन्द

---

[२६] Women's suffrage in United State, **op cit.**, f.n. No.3.

[२७] Jeannette Rankin, US Representative, Women's Right Activist (1880-1973), http://www.biography.com/people/jeannette-rankin-9451806#later-yearsAccess daste.

[२८] **Ibid.**

भएकै कारण सन् १९२० अगस्त २६ मा अमेरिकी संविधानको उन्नाइसौं संशोधन हुँदा यो महिलाहरूलाई मताधिकार प्रदान गर्न बाध्य हुन पुग्यो । मताधिकार मात्र पाएका महिलाहरू सन् १९२३ बाट भने लैङ्गिक विभेद हटाउन अघि बढेको पाइन्छ । राष्ट्रिय महिला दल (The National Women's Party) ले पहिलोचोटि संविधानमा नै संशोधनको माग गरेको थियो, जुन कहिल्यै पूरा हुन सकेन । पछिसम्म पनि समानताको माग भई नै रह्यो । सन् १९३९ देखि सन् १९४५ सम्म दोस्रो विश्वयुद्ध भयो । यसरी प्रथम र द्वितीय विश्वयुद्धको मारमा परेर विश्वका मुलुकहरू आक्रान्त हुन पुगे । फलस्वरूप १९४५ मा संयुक्त राष्ट्रसङ्घको जन्म हुन पुग्यो । यसपश्चात् महिलाआन्दोलनको रूप पनि फेरिन गयो । यसपछि भने विश्वका महिलाहरू मिलेर सङ्गठित हुँदै अधिकारका लागि लड्न थालेको पाइन्छ ।

### ३.२.२ संयुक्त अधिराज्य

संयुक्त अधिराज्य सबैतिर अधिकार जमाएर औपनिवेसिक साम्राज्य कायम गर्न सफल भएको राष्ट्र हो । इतिहास हेर्दा अमेरिकाका राज्यहरूमा समेत प्रभाव जमाउन सफल यो देशपनि महिलालाई अधिकार दिने सम्बन्धमा भने अन्य देशभन्दा फरक देखिँदैन । बेलायतका विद्वान् जर्मी बेन्थम (Jermy Bentham) ले धेरै पुस्तकहरू मार्फत् अधिकारका कुरा लेख्दै महिलाको मताधिकार सम्बन्धमामहिलाले पार्लियामेन्टमा सहभागिता सम्बन्धमा आवाज उठाएका थिए ।[२९] त्यस्तै सन् १८३० पछि सुरुभएको गरिब दुःखीलाई हेर्ने अभियान चार्रिस्ट मुभमेन्ट (Chartist Movement) कामदारहरूले गरेको पहिलो Mass Movement थियो ।[३०] पुरुषहरूद्वारा सञ्चालित यस अभियानको नेतृत्व विलियम लोभेट (William Lovett) ले गरेका थिए ।सन् १८३६ मा London Working Men's Society गठन गरेपछि यसले महिलाअधिकार सम्बन्धमा पनि आवाज उठाएको देखिन्छ ।[३१] यसपछि १८३९ मा Chartist महिला शाखा पनि खोलियो । लण्डनका पितृसत्तावादी सङ्गठनहरूले पनि उद्देश्य प्रकाश पार्दै सबै दिदीबहिनी एकै ठाउँमा बसेर अधिकारका लागि लड्ने प्रतिबद्धता व्यक्त गर्न थाले । यसै समयमा मेरी वल्स्टन क्रफ्टले तात्कालीन अवस्थाका बारेमा स्पष्ट पार्दै “महिलाअधिकारको औचित्य” नामक पुस्तक प्रकाशन गरेकी थिइन् । उनले यस पुस्तकमा

---

२९ Jeremy Bentham (1748)-1832),www.d.umn.ddu/cls/faculty/jhamling/4111/2111_home/ed/theory class/bentham/jeremy%20bentham.htm.

३० Chartist Movement.https://www.parliament.UK/about living_heritage/tram/transforming society ...

३१ Women and Chartism Spartacus-educational.com.

महिलाहरू पुरुषभन्दा कम सक्षम हुन्छन् भन्ने कथनका विरुद्ध आवाज उठाएकी थिइन् । एक महिला र एक पुरुषका आधारभूत स्वभाव र क्षमता समान हुन्छन्, तर समाजमा जरा गाडेर बसेको महिला कमजोर हुन्छन् भन्ने पूर्वाग्रही मान्यतामा आधारित चालचलनहरू र कानुनी बन्देजहरूले परिवारको साँघुरो घेराभित्र चारैतिरबाट घेरेर महिलाहरूलाई सार्वजनिक संसारबाट बन्चित बनाएको छ भन्ने विचार उनले व्यक्त गरिन् । यसरी सार्वजनिक संसारका सांस्कृतिक, आर्थिक, साहित्यिक, राजनीतिक आदि सम्पूर्ण विषयहरूबाट महिलालाई अलग पारेका कारण महिलाले पुरुषसरह भूमिका खेल्न नसकेको देखिन्छ भन्दै उनले वास्तवमा महिलाहरूले सार्वजनिक क्षेत्रमा रहेको निस्क्रियता महिलाहरूको प्रकृति र क्षमतासँग जोडिएको विषय नभएर केवल पुरुषप्रधान समाजद्वारा निर्मित परिणति मात्रै हो भन्ने विचार क्रफ्टले स्पष्ट शब्दमा उल्लेख गरेकी छन् ।[३२] सन् १८४८ जुलाई १९ र २० का दिन न्यूयोर्क राज्यको सेनेका फल्स भन्ने ठाउँमा पहिलोपटक महिलाअधिकारका सम्बन्धमा आयोजना गरिएको सम्मेलनमा अमेरिकी एलिजावेथ केडी स्टान्टन र लन्डनमा दासताविरुद्ध सम्मेलन गर्ने लुक्रेसिया मोट (Lucretia Mott) को भेट भएको थियो ।लुक्रेसिया मोट (Lucretia Mott) जेन हान्ट को निमन्त्रणामा वैठकमा भाग लिन आएकी थिइन् । यसरी अमेरिकन अधिकारकर्मीसँग मिलेर उनीहरू अधिकारका लागि आन्दोलनमा बढ्दै थिए ।[३३] यसपछि पछि स्टान्टन र मोट मिलेर सेनेका फल्स सम्मेलनको आयोजना गरेका थिए । सिभिल वारपछि मोट American Equal Right Assocaition को प्रथम निर्वाचित अध्यक्ष भइन् । त्यस्तै, सन् १८५१ मा सेफल्ड महिलाहरू राजनैतिक महिला सङ्घ खोलेर House of Lord मा अधिकारका लागि निवेदन दिँदै आन्दोलनलाई बढाउँदै थिए भने सन् १८५७ मा अधिकारकर्मी बारबर बोधिचनले महिला र श्रमिक (Womens and Worker) भन्ने लेख लेखेर अभियानमा ईंटा थपेकी थिइन् । सन् १८५७ मा सम्बन्धबिच्छेद पछि पूर्वपतिसँग मुद्दा गर्न पाउने अधिकार प्राप्त गर्न महिलाहरू सफल भएका थिए । सन् १८६१ देखि १८६५ को समय अमेरिकामा गृहयुद्ध चर्किएपछि अमेरिकी अधिकारकर्मी लुसी स्टोनले आन्दोलनलाई स्थगित गरेर निवेदनबाट मताधिकारको माग गर्नुपर्ने धारणा व्यक्त गरेपछि सो कुराबाट प्रभावित हुँदै ब्रिटेनकी

---

[३२] मेरी वेल्मन क्राफ्ट, **महिलाअधिकारको औचित्य**, रमेश सुनुवार र नारायण (अनु.), (काठमाडौँ : सृजना बुक पब्लिकेसन ग्रुप, २०६९), पृ. १७ ।

[३३] Lucretia Mott/https://en.wikipedia.org/wiki/lucretia_mott.

दार्शनिक तथा महिलाअधिकारकर्मी ह्यारियट टेलर पनि “Enfranchsement of Women” शीर्षकको लेख **वेस्ट मिनिस्टर रिभ्यू (West Minister Review)** नामक पत्रिकामा सन् १८५१ मा छपाएर अधिकारका लागि आवाज उठाउँदै थिइन् । यसरी १८६० को दशकबाट अमेरिका र बेलायत दुवै देशमा एकै प्रकारको आन्दोलन हुन थालेको पाइन्छ ।[३४]

सन् १८६४ मा जोसेफाइन बटलर (Josephine Elizabeth Butler) ले लैङ्गिक समानता हुनुपर्छ भन्दै समानता अभियान सुरु गरिन् । उनी महिलालाई शिक्षा दिनुपर्ने, बाल वेश्यावृत्ति हटाउनुपर्ने, महिलालाई समान अधिकार दिनुपर्ने जस्ता विचारको समर्थक थिइन् ।[३५] सन् १८६६ मा महिला पत्रिकाको सम्पादक इमिली ग्रेस डेभिस (Emily Grece Davies) ले धेरै लेखहरू लेखेर महिलावादी विचारलाई उजागर गरेकी थिइन् । उनी शिक्षित महिला थिइन् र क्याम्ब्रिज युनिभर्सिटी अन्तर्गत महिलालाई पढाउने गिल्टन कलेजको Mistress थिइन् । गिल्टन कलेजलाई सन् १९४८ सम्म चाहिँ क्याम्ब्रिज युनिभर्सिटीले मान्यता दिएको थिएन । सन् १८६६ मा "महिलाका लागि उच्च शिक्षा" भन्ने लेख लेखेकी थिइन् भने उनले सन् १८१० मा “केही वैचारिक प्रश्नहरू” भन्ने लेख पनि लेखेकी थिइन् ।[३६] सन् १८६७ मा पुगेपछि मात्र मेनचेस्टरमा नारी मुक्तिआन्दोलन सङ्गठित हुन पुग्यो । यसै वर्ष मेनचेस्टरमा नारीमताधिकार समिति गठन गरियो । यो समिति महिला हक हितका विषयमा जनमत तयार गर्न सफल भयो । यसको सचिव लेडिया बेकर (Lydia Becker) भइन् । लेडिया बेकरले लन्डनको समूहसँग मिलेर हस्ताक्षर सङ्कलन गर्दै थिइन् । उनले प्रधानमन्त्री बेन्जामिन डोइजरिल (Benjamin Doisraeil) र दर्शकहरूलाई अधिकारका लागि पत्र पनि लेखेको पाइन्छ । उनको समूहले बेलायती संसदमा महिलाका लागि समान मताधिकारको माग गर्दै निवेदन प्रस्तुत गरेको थियो । यसमा १५०० व्यक्तिहरूले हस्ताक्षर गरेका थिए ।[३७] अर्कोतिर स्कटल्यान्डमा पनि इडेनवर्ग नेसनल सोसाइटी फर विमेन सफरेज (Edinburg National Society for Women Suffrage) खोलिएको थियो । यसको अध्यक्ष Priscilla Bright Mclaren

---

[३४] Women's Suffrage in the United Kingdom became a National Movement in 1872, **op cit.**, f.n. No. 24.

[३५] Josephine Butler, https://en.wikipedia.org/wiki/josephine_butler.

[३६] Emily Davies, http://en.wikipedia.org/wiki/emily_davies.

[३७] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ९, पृ. ८ ।

थिइन् ।[३८] लेन ट्यालरले लन्डन राष्ट्रिय महिला मताधिकार समितिको नेतृत्व गरेकी थिइन् । यसको म्यानचेस्टर र इडिनवर्गसँग बलियो सम्बन्ध थियो । स्कटल्यान्डका पुराना समितिहरू जस्तै इडिनवर्ग न्यासनल महिला मताधिकार समिति थियो । यी समितिहरूमा लिडिया वेकर्सको प्रभाव पऱ्यो ।

पहिलोपटक सन् १८६७ मा नै लिली म्याक्सवेलले भोट हाल्ने अधिकार पाएकी थिइन् तर ऐनमा "All women from the voting in national election by using the term 'male' rather than person" लेखिएका कारण लिली म्याक्सवेलमाथि मुद्दा चलाइयो । यसमा न्यायिक निकायले गैह्र कानुनी भएको भन्दै लिली म्याक्सवेललाई हराउने निर्णय गऱ्यो । यसरी पहिलोपटक एकजना महिलालाई मतदाता नामावलीमा नाम प्रकाशित गरेर मतदान गर्न दिइएको मतदानलाई पनि रद्द गरिएपछि धेरै विरोधका कार्यक्रमहरू हुन थाले ।[३९] सन् १८७० को दशकबाट अभियानका रूपमा आएको महिलाआन्दोलन सन् १९०३ सम्म अनेक कार्यक्रमहरू गर्दै अगाडि बढिरह्यो । सन् १८६५ मा ह्यारी टेलरका दोस्रा पतिजोन स्टुअर्ट मील महिलाहरूको मताधिकारको पक्षमा उभिएका प्रथम सांसद हुन पुगे ।[४०] उनले दोस्रोपटक संशोधन गरेको **मताधिकारसम्बन्धी ऐन**, **१८६९** (**Franchise Act, 1869**) ले करदाता एकल महिलालाई स्थानीय निर्वाचनमा मत हाल्न पाउने व्यवस्था गरेको थियो । यसले स्थानीय निर्वाचनमा महिलालाई मत दिन सक्ने अधिकार त दियो तर ऐनले स्थानीय निकायमा मतदान गर्न पाउने महिला एकल महिला हुनुपर्ने र करदाता हुनुपर्ने व्यवस्था गरेर अधिकारलाई सिमित पनि गरिदियो । त्यसैले महिलाहरूले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्नै पर्ने भयो । लन्डनको महिला समूह विभाजित भएपछि महिलाअधिकारको अभियानमा लेडिया बेकर प्रभावशाली बलियो नेतृका रूपमा देखा परिन् । आन्दोलनले महिलाहरू सक्षम छन् भन्ने देखाउँदै थियो । यस समयमा मताधिकार माग गर्नेहरू संसदकै दाबेदार मानिन्थे । सन् १८७४ मा आयरल्यान्डमा डब्लिन महिला मताधिकार सङ्घ (Dublin Women' Suffrage Association) खोलेपछि यसले स्थानीय सरकारमा प्रभाव पाऱ्यो । यस समयसम्म जोडदार रूपमा मताधिकारको माग गरेको पाइए पनि महिलाहरूको आफ्नो राजनीतिक दल भने थिएन । जब समाजका विषयहरूलाई समर्थन गर्ने महिला सङ्घ खोलियो तब मात्र

---

[३८] Edinburg National Society for Women Suffrage, http://en.wikipedia.org./wiki/edinburg_ national_society _for_women%27s_suffrage.

[३९] A Women Acutually Votted: Lily Maxwell and the Manchester by Election of November 1867, https://victoriancommons.wordpress.com/2017/11/26/a_woman_actually_voted_lily_maxwell_and _the_manchester_by election.

[४०] Hohn Stuart Mill, https://en.wikipedia.org/wiki/John_Stuart_Mill.

महिलाहरूले यसमा सहभागी हुन पाएका थिए । यसबाट महिलाहरूले स्थानीय र राष्ट्रिय व्यक्तित्वहरू सँगसँगै काम गर्ने अवसर पाएका थिए ।सन् १८८३ मा कन्जरभेटिभ लिग गठन गरियो । सन् १८८४ मा तेस्रो सुधार ऐन (Reform Act) आयो । यसले त पुरुष करदाताको सङ्ख्या बढाएर दोब्बर बनायो । त्यसैले सन् १८८९ मा महिलाहरू महिला मताधिकार सङ्घ (Women: Franchise Legue) स्थापना गर्न बाध्य भए । सन् १८९४ मा महिला विचार विमर्श समाज (Ladies Discussion Society) खोलियो । यसै वर्ष **स्थानीय सरकार ऐन**, १८९४ (**Local Government Act, 1894**) आएको थियो । यसले सार्वजनिक रूपमा मताधिकारका सन्दर्भमा काम गर्न थाल्यो । यसैगरी लेग स्मिथ बोदिचन (Leigh Smith Bodichon) ले पनि महिला मताधिकार समिति गठन गरेको पाइन्छ । यसले महिलाहरूलाई मताधिकार दिनुपर्छ भन्ने सन्दर्भमा हस्ताक्षर अभियान सञ्चालन गऱ्यो । एकै रातमा महिलाहरूको पक्षमा १५०० हस्ताक्षर सङ्कलित भएको थियो । यसपछि कानुनमा संशोधन गरिँदा केही मात्रामा भए पनि कानुन महिलाको पक्षमा हुन पुगेको देखिन्छ । महिला मताधिकारका लागि राष्ट्रिय समाज (National Society for Woemn's Sufferage) गठन गरिएको पाइन्छ । सन् १८९७ मा मिलिसेन्ट फसेल (Millicent Faawcell) ले नेतृत्व गरेको राष्ट्रिय महिला मताधिकार समाज (National Union of Women's Suffrage Societies-NUWSS) खोलिएको थियो भने पछि यसको सम्बन्ध सानासाना समूहहरूसँग पनि जोडिन पुगेको थियो । त्यसैले यो समाज साना-साना दबाबहरू दिइरहन सफल भयो । युद्धको समयमा महिलालाई पुरुषले पूरा गरेको जिम्मेबारी बहन गर्नुपर्ने भएपछि केही समयका लागि मताधिकार आन्दोलन निष्क्रिय हुन पुग्यो । पछि सन् १९०३, अक्टोबर १० मा पङकहर्ट परिवारबाट नियन्त्रित महिलाहरूको सामाजिक तथा राजनीतिक सङ्घ (Womens Social and Political Union-WSPU) खोलियो । यसको नेतृत्व इम्लाइन पङ्खहर्टले गरेकी थिइन् ।[४१] उनी महिलालाई अधिकार दिनुपर्छ भन्ने अभियानकी मुख्य व्यक्ति थिइन् । उनका क्रिस्टावेल (Kristabel) र सिल्भिया (Sylvia) नाम गरेका दुई छोरी थिए । यी सबै मिलेर उनीहरूले खोलेको युनियनमार्फत चुनाव जित्ने अभियान सञ्चालन गर्न थाले । सिल्भिया पङ्खहर्ट (Silvia Pankhurt) इराफल ग्यास स्क्वायर (Irafal Gas Squre) मा प्रदर्शन गर्दा पक्राउ परिन् ।[४२] उनीहरूको अभियानमा उनका पति रिचार्ड पङ्कहर्ट (Richard PankHurst) को पनि समर्थन थियो । रिचार्डले ब्रिटिस महिला मताधिकार बिल (British Women Suffrage Bill-१८७०) तथा **विवाहित महिलाको सम्पत्तिसम्बन्धी ऐन**, १८८२ (**The**

[४१] Women's Social & Political Union(Suffragettes) spartacus-educational.com/www.stm.

[४२] Clara Zetkin,http://www.britannica.com/biography/Clara-Zetkin.

**Married Women's Property Act, 1882)** को मस्यौदा गरेका थिए । त्यसै समयबाट उनी महिलाअधिकारका पक्षमा उभिएका थिए । पति रिचार्डको मृत्युपछि सन् १९०७ को फेब्रुअरीमा इम्लाइन र उनका दुवै छोरीहरूले राष्ट्रिय महिला मताधिकार समाज (NUWSS) मा पूर्ण रूपमा लाग्ने निर्णय गरेका थिए । यसरी एकातिर इम्लाइनको पूरै परिवार महिलाका अधिकारका लागि सङ्घर्ष गर्दै थियो भने अर्कोतिर सन् १९०७ मार्च ८ का दिन जर्मनीको स्टुगार्ड भन्ने ठाउँमा सम्पन्न समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनका अवसरमा अधिकारकर्मी क्लारा जेट्किन श्रमिक महिला सङ्गठन गठन भएको जानकारी दिँदै श्रमिक महिलाहरूलाई महिलाअधिकारका बारेमा जानकारी गराउँदै थिइन् । महिलालाई अधिकार दिनुपर्छ भन्ने अभियानकी मुख्य व्यक्ति इम्लाइन पङ्कहर्ट (Emmeline Pankhurt) सङ्घर्षको मैदानमा सन्तानसहित अनवरत रूपमा कार्यरत थिइन् र उनको प्रयासले खुला रूपमा ठूलो प्रदर्शन गर्न यो समूह सफल भयो । यस प्रदर्शनमा ३००० महिलाको सहभागिता थियो । यसपछि यसै वर्ष महिलाहरूलाई मतदाता नामावलीमा नाम दर्ता गराउन दिइयो । यसरी महिलाहरू निर्वाचनमा भाग लिन पाउने भए । यसै वर्ष अर्थात् सन् १९०७ मा नै कलाकार मताधिकार सङ्घ (Artist Suffrage League) गठन भयो । यसै वर्ष महिलाहरूको स्वतन्त्रता सङ्घ (Women's Freedom Legue) पनि गठन गरियो । यसरी एकातिर अधिकारका लागि धमाधम संस्थाहरू खुल्दै थिए भने अर्कोतिर प्रतिफल पनि प्राप्त हुँदै थियो । प्रतिफल प्राप्त भएको उदाहरणमा सन् १९०८ को नोभेम्बरमा ब्रिटिस मेडिकल स्कुलकी डीन फिजिसियन तथा सर्जन एलिजावेथ ग्यारेट एन्डरसन (Elijabeth GarrettAnderson) Aldeburgh मा मेयरका रूपमा विजयी भएकोलाई लिन सकिन्छ ।[४३] एलेजा ग्यारेट महिला आन्दोलनमा सक्रिय थिइन् । सन् १८६६ मा मताधिकारका लागि १५००० हस्ताक्षर सङ्कलन गरेको वर्ष उनी ब्रिटिस महिला मताधिकार समिति (British Womens Suffrate Comittee) को सदस्य भएकी थिइन् । उनी दिदी मिलिसेन्ट ग्यारेट फसेट जस्तो सक्रिय नभए पनि महिला अधिकारका लागि निरन्तर काम गर्दै थिइन् ।[४४] सन् १९१० देखि १९१२ सम्म NUWSS अर्थात् राष्ट्रिय महिला मताधिकार समाजको सभापति पुनः मिलिसेन्ट ग्यारेट फसेट (Millicent Garrett Fawcett) नै भइन् । उनले एकल महिला र घर भएका कर तिर्ने महिलाको समर्थन गरेकी थिइन् । त्यस्तै, उनले विवाहित महिलाको सम्पत्तिसम्बन्धी अधिकारका सम्बन्धमा पनि आवाज उठाउँदै आएकी थिइन् । यसरी बिस्तारै बढेको आन्दोलनले सन् १९०५ बाट उग्र रूप लिन थालेको थियो । यस आन्दोलनमा

[४३] Eizabeth Garrette Anderson, https://en.wikipedia.org/wiki/elizabeth_garrett_anderson.

[४४] **Ibid.**

आन्दोलनकारीबाट एकातिर सार्वजनिक सम्पत्ति तोडफोड हुँदै थियो भने अर्कोतिर सन् १९०९ मा त अधिकारका लागि भोक हडताल पनि सुरुभयो । सन् १९१० नोभेम्बर १८ का दिन हर्बट हेन्री एस्क्विथ (Herbert Hennry Asquth) ले महिलालाई मताधिकार नदिने गरी पुरुषलाई मात्र मताधिकार प्रदान गर्ने बिल पारित गरेपछि आन्दोलनलाई झन् उग्र गरेकी थिइन् । यस नोभेम्बर १८ को शुक्रबारलाई त अधिकारवादी महिलाहरूले अन्धकार शुक्रबार (Black Friday) नाम दिएका थिए । यसरी महिलाआन्दोलन अगाडि बढ्दै गएपछि सन् १९१२ अक्टोबर महिनामा लेबर पार्टीबाट एम.पी. भएका जर्ज लन्सबरी (George Lansbury) ले त महिलाआन्दोलनलाई सहयोग गर्न पदबाट राजिनामा नै दिए ।[४५]यसरी बिस्तारै आन्दोलनलाई समर्थन मिल्दै थियो भने सन् १९१३ मा डेभिड लोइड जर्ज (David Loyd George) ले पनि साथ दिए । सन् १९१३ अप्रिल महिनामा थुनुवाहरू बिरामी हुन थालेपछि क्याट एन्ड माउस याक्ट (Cat and Mouse Act) पारित गरेर भोक हडताल गर्नेलाई थुनामा राखिएकामा फुकुवा गर्ने निर्णय गर्न सरकार बाध्य भयो । बिरामी परेकालाई फुकुवा गर्ने, निको भएपछि फेरि थुनामा राख्ने भनिए पनि यो ऐनले महिलाअधिकारकर्मीहरूलाई थुनाबाट मुक्त गरेको थियो । लण्डनमा जन्मिएकी Emly Davison ले महिलालाई नपढाउने समयमा पनि Royal Holloway College र अक्सफोर्ड युनिभर्सिटीमा उनले पढेकी थिइन् ।त्यसैले महिला अधिकारका लागि काम गर्न सन् १९०६ मा उनी WSPU को सदस्य भइन् । सन् १९०९ मा डेभिड लङ्जर्जलाई ढुङ्गा हानेपछि उनी म्यानचेस्टरमा थुनामा परेकी थिइन् । पछि १९११ बाट उनी महिलाअधिकारका लागि झन् सक्रिय हुँदै थिइन् । सन् १९१३ जुन ४ का दिन भने जुलुसको नेतृत्व गर्दै अधिकारका लागि अग्रपङ्तिमा बढ्दै गर्दा उनीमाथि राजाको घोडा कुदाएर हत्या गरेरै भए पनि आन्दोलन दमन गर्न खोजियो । यसरी ज्यान दिएरै पनि उनले महिला अधिकारको अभियानलाई साथ दिएकी थिइन् ।[४६] यसपछि झन् हजारौं महिलाहरू विभिन्न सामाजिक र राजनीतिक सङ्गठनहरूमार्फत् अधिकारका लागि व्यापक प्रचारप्रसारमा लाग्न थाले । सन् १९१४ अगस्ट ४ कादिन प्रथम विश्वयुद्धको घोषणा भएपछि महिलाहरूको सामाजिक र राजनीतिक सङ्घ (WSPU) को सम्पूर्ण क्रियाकलापहरू माथि प्रतिबन्ध लगाइयो । यसरी WSPU ले काम गर्न नपाए पनि महिला मताधिकारको राष्ट्रिय एकता सङ्घ (National Unions of Women's Suffrage Society) ले भने शान्तिपूर्ण तरिकाले अधिकारका लागि कार्यक्रमहरू गरी नै रह्यो । फलस्वरूप सन् १९१८ मा**जनताको प्रतिनिधित्वसम्बन्धी ऐन, १९१८ (Representation of the People Act, 1918**)

[४५] Representation of the People Act 1918, https://en.wikipedia.org/wiki/Women%27s_suffrage_in_the_United_Kingdom,access date 11/23/2015.

[४६] Emily Davison (1872-1913), www.bbc.co.uk/history/historic_figures/davison_emily_shtm.

जारी गरियो । जुन बेलायती कानुनको चौथो सुधार ऐन थियो । यसले सबै पुरुषहरूलाई राजनीतिमा सहभागी गराउनाका साथै महिलाहरूलाई पनि पहिलोपटक राजनीतिमा समावेश हुने मौका दियो । सन् १९१८ मा**जनताको प्रतिनिधित्वसम्बन्धी ऐन**, १९१८ अर्थात् **Representation of the People Act, 1918**) र पार्लियामेन्ट क्वालिफिकेसन विमन याक्ट १९१८ **(Parliament Qualification of Women Act, 1918)** पारित गरेपछि मतदान गर्न ३० वर्ष उमेर पुगेका, स्थानीय सरकारको सदस्यमा दर्ता भएका, महिला वा स्थानीय सदस्यसँग विवाह गरेका, घर भएका, घरधनीको पत्नी, वार्षिक आम्दानी निश्चित हुने सम्पत्ति वा पेसा भएको व्यक्ति हुनु पर्ने, ब्रिटिस युनिभर्सिटीबाट ग्रयाजुएसन गरेको हुनु पर्ने सीमा तोकिएको थियो । यसरी तोकिएको गुण भएका महिलाहरूले मताधिकार प्रदान गर्नेअधिकार पाए । यसबाट ८४ मिलियन महिलाहरू मताधिकार प्राप्त गर्नसफल भए । सन् १९१८ को नोभेम्बरमा पारित भएको ऐनले महिलालाई सांसद हुनेसम्मको अधिकार दियो । यसरी बिस्तारैबिस्तारै अधिकार पाउन सफल भएका महिलाहरू सन् १९२८ मा Representation of the People (Equal frachese) Act, १९२९ आएपछि मात्र पुरुषहरूले प्राप्त गरेसरह समान रूपमा उमेर २१ वर्ष पुगेपछि मतधिकार प्राप्त गर्न सफल हुन पुगे ।[४७] यसरी अधिकार पाउन बेलायतका महिलाहरूले पनि लामो सङ्घर्ष गर्नु परेको देखिन्छ ।

### ३.२.३ जर्मनी

जर्मनीमा पनि महिलाहरूप्रति समाजको धारणा अन्य देशहरूमा जस्तै असमान थियो । उन्नाइसौँ शताब्दीको प्रारम्भपछि मन्द गतिमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ । उन्नाइसौँ शताब्दीसम्म जर्मनका महिलाहरूमा सम्पत्ति राख्न पाउने अधिकार थिएन । पतिको स्वामित्वमा मात्र सम्पत्ति रहने र आफू पूर्णरूपले पतिमा निर्भर हुनुपर्ने अवस्था थियो । घर व्यवहार चलाउँदा र कारोबार गर्दा आवश्यक पर्ने पत्राचार गर्ने अधिकार पनि महिलालाई दिइएको थिएन । जर्मनी कानुन (Germanic Law) ले महिलाहरूलाई पुरुषमा निर्भर रहनुपर्ने अवस्था देखाएको थियो भने Salic Law (Frankish) पनि महिलालाई पैतृक सम्पत्ति दिने सम्बन्धमा मौन रहेको थियो । महिलाहरू त्यसताका सभा, सम्मेलनजस्ता सार्वजनिक स्थानमा जान नै पाउँदैनथे न त अरू अधिकार नै उनीहरूले पाएका थिए । यो राज्यले पुरुषलाई मात्र आफ्ना जनताको रूपमा स्वीकारेको सत्य “The State Recognizes a Burgher but not Burgess" भन्ने भनाइबाट स्पष्ट हुन्छ । यस्तो अवस्थामा पिल्सिएका

[४७] Representation of the People Act 1928, https://en.wikipedia.org/wiki/Representation_of_the_People_(Equal_Franchise)_Act_1928, access date 11/23/2015.

महिलाहरूले फ्रान्स र बेलायतका महिलावादीहरूको सङ्घर्षबाट प्रभावित हुँदै जर्मनका महिलाहरूले पनि पुरुष सत्ता अस्वीकार गर्दै अधिकारको खोजी गर्न Wollstonecraft अर्थात् समूह खडा गर्न थालेका थिए । सन् १७८४ मा सोफी म्यारी Sophie Mereay) ले प्रथमपटक महिलाहरूको सङ्गठन खोलेकी थिइन्।[४८] उनी राम्रो लेखिका थिइन् । उनले आफ्ना लेखहरू मार्फत महिलाका अधिकारका लागि आवाज उठाएकी थिइन् । मेरी उलस्टोन क्राफ्ट (Mary Wollstonecraft) को प्रयाससँगै महिलालाई मताधिकार दिइयो भने यस पार्टीका सदस्यहरूद्वारा सोसलिस्ट पार्टीले जित्छ भन्ने हल्ला फिजाइएको थियो ।

यसरी सन् १७८४ मा महिलावादी विचार जागृत हुन पुगेपछि प्रथम चरणको आन्दोलन सुरु भएको मानिन्छ । मध्यम स्तरका महिलाहरू (Bunddeutscher Frauenvereine) जर्मनको महिलावादी सङ्गठनहरूमा आबद्ध हुनथालेपछि सन् १८९४ बाट महिलाअधिकारका लागि आवाज उठ्न थालेको थियो । पछि यसमा १३७ वटा छुट्टै महिलाअधिकारवादी सङ्गठनहरू मिलेर सन् १९०७ देखि सन् १९३३ सम्म नाजीहरूले अधिकार नदिएसम्म निरन्तर लडिरहेको देखिन्छ ।[४९] सन् १८५६ जुलाई १५ मा जर्मनको लिपगिज भन्ने ठाउँमा क्लारा जेटकिन (Clara Zetkin) को जन्म हुँदा जर्मनीमा महिलाआन्दोलन चल्दै थियो । महिलाआन्दोलनको नेतृत्त्व गर्ने महिला नेतृ अगस्टसिस्टसँग उनको भेट भयो । उनी पनि अधिकारका लागि आन्दोलनमा लागिन् । कार्लमार्क्सको अनुयायी बन्दै उनी समाजवादी पार्टीकी सदस्य भइन् । शासक विस्मार्कले धरपकड गर्न थालेपछि उनी सन् १८८० मा पक्राउ परिन् ।[५०] जेलबाट छुटेपछि फ्रान्स गएर विवाह गरी समाजवादको अध्ययन गर्दै थिइन् । पतिको मृत्यु भएपछि सन् १८८८ मा जर्मन नै फर्केर उनले महिलाअधिकारका लागि आवाज उठाउन थालिन् । यसरी एकातिर क्लारा जेटकिन र अगस्टसिस्ट लड्दै थिए । सन् १८८९ मा पेरिसमा भएको श्रमिक महिलाको अन्तर्राष्ट्रिय सम्मेलनमा उनले महिलाको अधिकारका लागि आवाज उठाइन् । उनी सन् १९०० बाट महिलाआन्दोलनमा सक्रिय रूपमा नेतृत्वदायी भूमिका बहन गर्न सफल भएकी थिइन् । यिनले प्रत्येक २/२ वर्षमा महिलाहरूको भेला जर्मनमा गर्ने काम सुरु गरिन् । सन् १९०७ मा जर्मनीको स्टुगर्ट (Stuttgart) भन्ने ठाउँमा गरिएको समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा

---

४८ Feminism in Germany, https://enWikipedia.org/wiki/feminism_1n_germany.

४९ **Ibid.**

५० सबिन के.सी. (सङ्कलक), "क्लारा जेट्किन,"**विश्वप्रसिद्ध महिलाहरू**, (काठमाडौं : एस.पी. प्रकाशन, २०६९), पृ. ३८ ।

उनी महासचिव छानिएकी थिइन् । यस भेलामा सहभागी हुन फ्रान्स, अस्ट्रिया, बेल्जियम र ब्रिटेनलगायत १५ देशबाट ५९ जना महिलाहरू आएका थिए । यसरी जर्मनका महिला अधिकारकर्मीहरूले विश्वभरका महिलाअधिकारकर्मीहरूसँग सम्पर्क गरेर काम गर्न थाले । यसको उदाहरणमा International Women Suffrage Allience को सदस्य जर्मनकी Morie Stritt भएकोलाई लिन सकिन्छ ।[५१] सन् १९०८ मा न्यूयोर्कमा गार्मेन्टका महिला श्रमिकहरूले विरोध गरेका थिए । यसरी नै सन्  १९०९ मा नै फेब्रुअरी २८ का दिन न्यूयोर्कका समाजवादी महिलाहरूले पनि भेला गरेर थप कार्य गरेका थिए । सन् १९१० को अगस्ट महिनामा महिलाहरूको दोस्रो सम्मेलन डेनमार्कमा गर्ने निर्णय गरियो । यस सम्मेलनमा जर्मन सोसलिस्ट पार्टीका नेतृ लुइस क्याथ्राइन एमिलाई जिट्ज (Luise Catharina Amalie Zietz) ले प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक दिवश मनाउने प्रस्ताव राखेकी थिइन् भने क्लारा जेटकिन (Clara Zetkin) को सर्मथनमा उपस्थित १७ देशबाट आएका १०० जना सहभागीहरूले समर्थन गरेका थिए । उनीहरूले यस निर्णयलाई समान राजनीतिक अधिकारका लागि रणनीतिक निर्णय मानेको पाइन्छ ।[५२]यसरी गठन गरिएको महिला कामदारहरूको सङ्गठन महिलाआन्दोलनको केन्द्रबिन्दु हुँदै थियो ।

सन् १९११ मार्च १९ का दिन भियनामा ३०० महिलाले प्रदर्शनसहित मताधिकारको माग गरेका थिए भने सन् १९१३ मा रसियन महिलाहरूले पहिलो अन्तर्राष्ट्रिय महिला दिवश भनेर फेब्रुअरी महिनाको अन्तिम शनिबार मनाएका थिए । यसरी आआफ्नो खुशीले महिला श्रमिक दिवश मनाइँदै थियो । यस भेलामा केही महिलाले अधिकारको माग गर्दै जुलुस निकालेका थिए भने केहीले असमान व्यवस्थाको विरोध गरेका थिए । त्यस्तै, केहीले भने प्रत्येक वर्ष कुन दिन नारी दिवस मनाउने भन्नेबारे एकरूपता ल्याउन प्रस्ताव गरेका थिए । यहाँको छलफलले सन् १९१४ देखि मार्च ८ कादिन अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निर्णय गरेको पाइन्छ ।[५३] सन् १९१५ मा जर्मनीको बोनमा आयोजना गरिएको सम्मेलनमा शान्ति प्रस्ताव पारित गरियो । यस प्रस्तावले विश्वभर नै हलचल ल्याएको थियो त्यसैले क्लारा जेट्किन पक्राउ परिन् ।[५४] उनको पक्राउले जनआन्दोलनमा झन् व्यापकता ल्याइदियो । सन् १९१७

---

[५१] **Ibid.**

[५२] Clara Zetkin,http://www.britannica.com/biography/Clara-Zetkin**,op cit.,** f.n. 42.

[५३] **Ibid.**

[५४] के.सी., **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ५०, पृ. ४० ।

मा समाजवादी पार्टीको केन्द्रीय सदस्यबाट उनलाई हटाइएपछि उनले सन् १९१८ मा जर्मनी कम्युनिस्ट पार्टीको स्थापना गरिन् । तेस्रो अन्तर्राष्ट्रिय महिला समितिमा सचिव भएकी क्लाराजेटकिन समेत अन्य महिलाहरू समान कामको समान ज्याला, समान रोजगार र समान अवसरको नारा घन्काउँदै महिलामुक्ति आन्दोलनमा आवाज उठाउँदै थिए तर पनि यस चरणमा खासै अधिकार प्राप्त गर्न नसकेका यी महिलाहरूले पत्रिका प्रकाशन गरेर आवाज बुलन्द गरेको उदाहरणमा **Aliceachwarzer "Emma"** पत्रिका सन् १९७७ मा प्रकाशन गरेकालाई लिन सकिन्छ भने सङ्गठन गर्दै महिलाअधिकारकर्मीहरूले काम गर्ने गरेको १९८० मा Graces पार्टी खोलेकोलाई पनि लिन सकिन्छ ।[५५] पछि शिक्षा, अर्थ र राजनीतिमा पुरुषसरह अवसर महिलालाई पनि हुनुपर्छ भन्ने माग राखेर काम गर्न थालेको देखिन्छ ।

### ३.२.४ जापान

इसापूर्व ६०० तिर पत्ता लागेको जापानमा पनि पहिले महिलाहरूले अधिकार पाएका थिएनन । जापानका प्रथम राजा जिम्मु थिए भने उनको राजधानी क्युसु थियो । यस समयमा जापान कोरिया र चीनको प्रभावमा चलेको थियो । यसको उदाहरणमा जापानको पहिलो संविधान नै चीनको केन्द्रीकृत मोडलमा बनाइएकोलाई लिन सकिन्छ । इसापूर्व ७१० मा जापानको राजधानी नारा भयो भने इसापूर्व ७९४ देखि सन् १८६८ सम्म जापानको राजधानी क्योटो हुन पुग्यो ।[५६] जापानमा सन् १८६८ देखि सन् १९१२ सम्मको समयलाईमेजि काल (Meiji Period) भनिन्छ । यस समयलाई जापानको प्रस्थानविन्दु (Turning Point) मानिएको छ । सन् १८६८मा अन्तिम राजा सोगन (Shogun) लाई हटाएर केन्द्रीकृत राज्यव्यवस्था लागू गर्दै राजा एसुम्ड (Assumed) आएपछि मेजी काल सुरु भएको थियो । यही कालको अन्ततिरबाट त्यहाँ महिलाअधिकारको प्रसङ्ग अङ्कुराउन थालेको हो । यस समयमा वकिलहरूले महिलाअधिकारका सम्बन्धमा आवाज उठाएका थिए । उनीहरूले महिलालाई राजनीतिमा सहभागी गराउन आवाज उठाएका थिएनन्, उनीहरूले पितृसत्तात्मक सोचविरुद्ध महिलाहरूलाई जान नदिन महिलालाई शिक्षा भन्ने नारा बुलन्द गर्दै थिए । शिक्षा दिएर राजनीतिमा अधिकार दिने उनीहरूको मनसाय थिएन न त पुरुषसरह समान व्यवहार नै गर्ने थियो । महिलालाई शिक्षा भन्दै आवाज उठाउने ती नीति

---

[५५] Feminism in Germany, **op cit.,** f.n. 48.

[५६] Women Suffrage in Japan, www.fact.about_japan.com.

निर्माणकर्ताहरू त महिलालाई शिक्षा दियो भने असल पत्नी र असल आमा बन्नेछन् अनि देशलाई देशभक्त असल छोरा दिनेछन् भन्ने सोचले मात्र शिक्षाको कुरा गर्दै थिए । उन्नाइसौँ शताब्दीको अन्तसम्म पनि जापानमा महिलाहरूलाई राजनीतिक दलमा आबद्ध हुन, राजनीतिक विचार व्यक्त गर्न र राजनीतिक बैठकहरूमा भाग लिन कानुनले नै रोक लगाएको थियो । सन् १८९० मा पहिलो इम्पोरियल डाइटले The Law on Assembly र Political Association का सम्बन्धमा महिलाहरूलाई राजनीतिक दलहरूमा भाग लिन नपाउने प्रथम आदेश गरेको थियो ।[५७] यस्तो महिलाविरोधी व्यवहारका विरुद्धमा महिलाहरू सन् १९२० मा आन्दोलनमा उत्रिए । फलस्वरूप सन् १९२१ मा जापानको पार्लियामेन्ट डाइटले सन् १८९० को आदेशलाई खण्डन गर्दै त्यसताका महिलाहरूलाई राजनीतिमा सहभागी हुन पाउने अधिकार दिन सुरक्षा नीति ऐन (Policy Security Act) जारी गर्न बाध्य भयो । यसरी कानुनले अधिकार दिए पनि व्यवहारमा भने महिलाहरूलाई राजनीतिमा भाग लिन भने दिइएन । त्यसैले महिलाअधिकारकर्मीहरूले समानताका लागि लड्ने निर्णय गरे ।

जापानका महिलाहरूले सन् १९२४ मा महिला मताधिकार सङ्घ (Women's Suffrage League) गठन गरे । यसै वर्ष जापान सरकारले पुरुषहरूका लागि पुरुष मताधिकार ऐन (Men's Suffrage Act) ल्याएको थियो ।[५८] यसले महिलाहरूलाई अधिकार दिएन । यसपछि अधिकारकर्मी महिलाहरू सङ्गठित हुन थाले । यसको उदाहरणमा एल्मुनी सङ्घ (Almuni Group), क्रिस्चियन मिसिनरी समूह (Christian Missionary Group), महिलाहरूको अक्जिलरी समूह (Women's Auxilary Group) आदिलाई लिन सकिन्छ । यहाँका महिलाहरूले पहिलो र दोस्रो विश्वयुद्धको नरसंहारकारी कार्यको विरोध गर्दै शान्तिका लागि प्रदर्शन गरेका थिए । उनीहरूले जापानी सेनाको श्वेत आतङ्कको पनि विरोध गर्दै तत्कालीन सरकारलाई दबाब दिएको मात्र नभई सेनाले कोरियाली महिलामाथि गरेको बलात्कार र हत्याजस्ता क्रुर कामको निन्दा गर्नाका साथै विरोध पनि गरेका थिए । सन् १९१९ मा Ichikawa Fusae र Oku Mume Raicho Hiratsuka मिलेर महिलाहरूको अधिकारका लागि काम गर्न नयाँ सङ्गठन बनाएका थिए । यस सङ्गठनको उद्देश्य महिला

---

[५७] Women’s Suffrage in Japan,https://en.wikipedia.org/wiki/women%27s suffrage-in-japan.

[५८] **Ibid.**

अधिकार प्राप्त गर्नु थियो । त्यस्तै राजनैतिक सहभागिता जनाउन पाउनु र पितृसत्तात्मक सोचबाट मुक्ति पाउनु थियो ।[५९] सन् १९२३ मा विनासकारी ठूलो भूकम्प आएपछि भूकम्प पीडितहरूलाई सहयोग गर्न सबै महिलाका सङ्गठनहरू एकीकृत हुन पुगे । ४३ ओटा सङ्गठनहरू मिलाएर टोकियोका महिलाहरूको महासङ्घ (Tokyo Federation of Women's Organization) गठन गरियो । यसको मुख्य उद्देश्य भूकम्प पिडितहरूलाई सहयोग गर्नु भए पनि पछि यो महिलाअधिकारकर्मीहरूको ठूलो संस्था हुन पुग्यो । यसले महिलाअधिकारका सवालमा ५ ओटा छुट्टाछुट्टै क्षेत्रमा काम गर्न थाल्यो । यसले समाज (society), सरकार (government) शिक्षा (education), श्रम (labor) र रोजगार (employment) पाँचओटा क्षेत्रमा काम गर्दा राम्रो प्रभाव पार्न सफल भयो । फलस्वरूप यहाँको मताधिकार सङ्घले महिलाहरू पछाडि पर्नाका प्रमुख कारणहरूलाई घोषणापत्रमा नै प्रस्तुत गरेको छ, घोषणापत्रमा उल्लेख गरिएका ती बुँदाहरू हुन् :[६०]

- नयाँ जापान बनाएर महिला र पुरुषहरूलाई प्राकृतिक रूपले समान बनाउन २६०० वर्ष अगाडिदेखि जकडेर बसेका प्रथा परम्पराहरूलाई तोड्नु पर्ने,
- मेजीकालदेखि स्कूलमा समान व्यवस्था गरिएकोलाई विस्तार गर्दै उच्च शिक्षा आर्जन गर्न पनि महिला र पुरुषमा समान अवसर प्रदान गर्नुपर्ने,
- जापानमा कार्यरत ४० हजार महिलाका अधिकारको सुरक्षाका लागि राजनीतिक अधिकार प्रदान गर्नुपर्ने,
- घरमा काम गरेर बसेका महिलाहरूको कामको मूल्याङ्कन गर्ने व्यवस्था कानुनमा गरिएको हुनुपर्ने,
- स्थानीय र राष्ट्रिय सरकारको पहिचान प्राप्त गर्नका लागि राजनीतिक पहिचान हुनुपर्ने,
- विभिन्न पेसा र व्यवसाय गर्ने महिलाहरूलाई मताधिकार प्राप्त गर्नका लागि सञ्चालित अभियानमा एकै ठाउँमा आउनुपर्ने ।

[५९] Fanism in Japan/https://en.wikipedia.org/wiki/fanism_in_japan.

[६०] **Ibid.**

यस क्रममा पढेलेखेका महिलाहरू पढाइलाई हतियार बनाउँदै अधिकारका लागि सङ्घर्षमा अगाडि बढ्न थाले । यसरी लेखमार्फत् विचार फैलाउनेहरूको उदाहरणमा सेटो (Seito), फुजिन कोरोन (Fujin Koron) र सुफोनो टोनो (Shufuno Tono) जस्ता लेखिकाहरूले पत्रिकाहरूमा गर्भपतन, यौनदुर्व्यवहार, राजनीति र स्वतन्त्रताका बारेमा लेखिएका कुरालाई लिन सकिन्छ । त्यस्तै, सिजुवे कोटो (Shidzue Koto) जो जापानीज समाजवादी दलकी सदस्य थिइन् । पछि यिनी इम्पेरियल डाइट (Imperial Diet) को प्रथम निर्वाचित सदस्य हुन सफल भइन् । उनले आफ्नो जीवनको अधिकांश समय महिलाका प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकार र राजनीतिक अधिकारका सम्बन्धमा सङ्घर्ष गरेर बिताइन् । महिलाको राजनीतिक अधिकारका सम्बन्धमा वकालत गर्ने वकिल फुसे इचिकावा (Fusae Ichikawa) थिइन् उनले सम्पूर्ण महिलालाई मताअधिकार दिइनु पर्छ भन्दै दलभित्र आवाज उठाएकी थिइन् । उनी हिराचुका र राइचोको सहयोगमा नयाँ महिलाहरूको सङ्घ खोलेर महिलामताधिकार सङ्घ (League of Women's Suffrage) सँग मिलेर अधिकारका लागि अघि बढेकी थिइन् । प्रथम विश्वयुद्धपछि उनले अमेरिकाको भ्रमण गर्ने मौका पाइन् । त्यसबेला उनको भेट अमेरिकी अधिकारकर्मी एलिस पावेलसँग भयो । एलिसबाट उनलाई समानताका लागि लड्न झन् प्रेरणा मिल्यो । जापान फर्केपछि आन्दोलनमा उनको आवाज अझ बुलन्द हुनपुग्यो फलस्वरूप उनी सन् १९५० मा जापानको हाउस अफ काउन्सिलरमा निर्वाचित हुन सफल भइन् । सन् १९५४ मा International Planned Parenthood Fedration खोलियो भने १९७० मा Women's Liberation Front पनि गठन गरियो ।[६१] महिला मताधिकार सङ्घकी सक्रिय सदस्य सिगेरी यामाटाका (Shigeri Yamataka) ले इचिकावासँगै अधिकारका लागि सङ्घर्ष गरेकी थिइन् । फलस्वरूप दोस्रो विश्वयुद्धपछि यिनी डाइटको दुई पटकसम्म काउन्सिलर पदमा निर्वाचित भइन् भने यिनी मृत्यु हुनु अगाडिसम्म अर्थात् सन् १९७७ सम्म राष्ट्रिय महासङ्घ (National Federation) तथा क्षेत्रीय महिला सङ्घ (Regional Women: Organization (Chifusen) को अध्यक्ष पदमा कार्यरत थिइन् । यसरी नै नयाँ महिला सङ्घको मुख्य व्यक्ति हिराचुका राइचो (Hiratsuka Raicho) लाई जापानिज समाजका सबै पक्षहरू सहभागी भएर अधिकारका लागि लडे मात्र अधिकार प्राप्त गर्न सकिन्छ भन्ने विश्वास थियो ।[६२]

यस्ता महिलाहरू सबैले मिलेर गरेको सङ्घर्षको फलस्वरूप सन् १९४५ मा निर्वाचनसम्बन्धी कानुनमा संशोधन गरियो । जसले २० वर्ष उमेर पुगेका महिला पुरुष सबैलाई

---

[६१] **Ibid.**

[६२] Raicho-Hinalsuka, https://en.wikipedia.org/wiki/Raicho_Hiratsuka.

समान रूपले मताधिकार प्रदान गऱ्यो । जापानीहरूले आज सम्पत्तिमा समान अधिकार, आर्थिक कारोबार गर्न सक्ने अधिकार, कार्यालयमा जाने र जागिर खाने अधिकार बराबर पाएका छन् ।

### ३.२.५ फ्रान्स

अरू देशमा जस्तै पहिले फ्रान्समा पनि महिलाहरूलाई कुनै पनि अधिकार दिइएको थिएन । उनीहरू राजनितिक कार्यक्रममा सहभागी हुन तथा कार्यालयमा गएर काम गर्न पाउँदैनथे । उनीहरूले निष्क्रिय जीवन बिताउनु परेको थियो । महिलाहरू पतिप्रति पूर्णरूपले आश्रित थिए र पतिहरूकै इच्छाअनुसार चल्ने गर्थे । महिलाहरूले सदैव पतिकै लागि तत्पर भई उनीहरूकै हेरविचारमा जुट्नु पर्थ्यो । पुरुषहरूनै महिलाका लागि सोच्ने गर्थे । यस्तो अवस्थामा सन् १४१२, मार्च ६ मा फ्रान्सको म्युज उपत्यकाको डोमरेमी भन्ने गाउँमा जन्मिएकी जोन अफ आर्क शत्रुले उनको गाउँ कब्जा गरेपछि १०० वर्षदेखि रहेको ब्रिटिस साम्राज्यको विरुद्ध लड्न तत्पर भइन् ।[६३] उनले फ्रान्सका तत्कालीन राजा चार्ल्स सातौँलाई सयौँ वर्षदेखि युद्ध गर्दै आएका बेलायतका विरुद्धमा लड्न सल्लाह दिँदै आफू युद्धमा सामेल भइन् । उनी सात हजार सेनाको प्रमुख भएर घोडा चढेर हातमा तरबार लिएर युद्धमा होमिइन् । इच्छाशक्तिकी धनी उनले युद्ध जित्तै गइन् । चारैतिर उनको बहादुरीको तारिफ हुन थाल्यो राजा चाल्स सातौँले त उनकै हातबाट श्रीपेच पनि लगाए । उनी सबै ठाउँ मुक्त गराउन अघि बढ्दै थिइन् तर राजाले उनलाई चाहिँदो सहयोग नगरेका कारण पेरिसमा उनले नराम्रोसँग हार्नु पऱ्यो । उनी पक्राउ परिन् । उनलाई ज्यादै यातना दिइयो । अन्तमा अङ्ग्रेजका विरुद्ध अपराध गरेको आरोपमा सन् १४३१ मे ३० मा १९ वर्षको उमेरमा साहसिली जोन अफ आर्केलाई जलाएर हत्या गरियो । यसरी धेरै अगाडि नै फ्रान्समा जन्मिएकी वीराङ्गनाको यस्तो क्रुर घटना घटेको ५०० वर्ष पछाडि सन् १९२० मे १६ का दिन उनको साहस र विद्वताको कदर गर्दै सन्त पदवी दिइएको पाइन्छ ।[६४] यसरी सन् १४०० मा नै विराङ्गना महिला जन्मिएको भए पनि फ्रान्समा लामो समयसम्म महिलाहरूले अधिकारका लागि सशक्त आवाज उठाएको पाइँदैन ।

सन् १७५० मा ज्ञान प्राप्त गरेका व्यक्तिहरूका विचारबाट प्रभावित हुन थालेपछि मात्र तार्किक बहस सुरु हुन थालेको थियो । यसरी अठाह्रौँ शताब्दीमा विचार र तर्कलाई मान्न थालेका कारण यस समयलाई तर्कको युग भन्ने गरिएको पाइन्छ ।[६५] यसपछि बल्ल

---

[६३] के.सी., **पूर्ववत्** , पादटिप्पणी सङ्ख्या ५०, पृ. ६५ ।

[६४] John Arche (Biography), http://www. com/people/joan-of-arc-9354756.

[६५] रामकुमार पाँडे,**विश्व परिचय**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५०), पृ. २५२ ।

फ्रान्सका महिलाहरू परिवर्तनतर्फ जुट्न थालेका थिए । त्यस समयमा अधिकारका लागि सङ्घर्ष गर्नु सजिलो थिएन । सरकारले जागरुक व्यक्तिहरू, दार्शनिकहरू र यिनीहरूको प्रकाशनमाथि धरपकड सुरु गऱ्यो । यहाँ विवाहित र अविवाहित महिलाको स्थितिमा ठूलो भिन्नता थियो । यहाँको निजामती नियमावलीले कामका अवसरहरूमा विवाहित र अविवाहित महिलामा विभेद गरेको थियो । यसको उदाहरणमा अविवाहितहरूले जुनसुकै काम गर्न सक्ने, सम्पति भोगचलन गर्न पाउने व्यवस्था भएको तर विवाहित महिलाले भने चाहेको क्षेत्रमा काम गर्न नपाउने र पतिको अनुमतिबिना सम्पत्ति भोगचलन गर्न नपाउनेजस्ता व्यवस्था थिए । अविवाहित महिला स्वतन्त्र भए पनि विवाहित महिला भने लोग्नेको सहयोगी मात्र हुन्थे । यस्तो अवस्थाको अर्थात् परम्परावादी पुरुषप्रधान सोचको इन्साइक्लोपेडिया समेत लेखेका लुइस डुअ जाकोर्ट (Louis de Jaucort) ले हिम्मत साथ आलोचना गरेका थिए ।

उनले Women in Society शीर्षकमा लेख लेखेर परम्परावादी सोचको आलोचना गर्दै महिला अधिकारका लागि बोलेका थिए । केही महिलावादी सोचका पुरुषहरूले महिलालाई मताधिकार दिनुपर्छ भन्दै लेखहरू लेख्न थालेका थिए ।[६६]अन्य उदाहरणमा जर्मनको डेला सोसाइटी डुअ मा (Dela societe de) निकोलास डुअ कन्डोरसट (Nikolas de Condorcet) ले सन् १७८९ मा लेखेको र १७९० मा महिलालाई नागरिकता भन्ने लेख छापेकोलाई लिन सकिन्छ । यसरी जागरुक हुँदै फ्रान्सको राजसत्ताका विरुद्ध सन् १७९१ देखि सन् १७९३ सम्म आन्दोलनमा उत्रिने सङ्गठनहरूको उदाहरणमा जिरोनडस्ट्स (Girondists), जुकोबिन (Jukobin), मार्ट (Mart) जस्ता सङ्गठनहरूलाई लिन सकिन्छ ।[६७] पछि पाउलिन लियोन (Pauline Leon) ले सन् १७९३ मा क्रान्तिकारी गणतन्त्रात्मक महिला समाज (Society of Revolutionary Republican Women) नामक संस्था खोलेर महिलाअधिकारका लागि काम गर्न थालिन् । यसमा १८० जना महिलाहरू एकजुट हुँदै सशस्त्र आन्दोलनमा उत्रिएका थिए ।[६८]

सन् १७९२ मा पाउलिन लियोनले ३१९ जना महिलाहरूको हस्ताक्षर सङ्कलन गरेर राष्ट्रिय सभा (National Assembly) मा महिलाहरूले पनि राइफल चलाउन जान्नुपर्ने अनि सैनिक सेवामा जान पाउनु पर्ने माग राखेर निवेदन दिएकी थिइन् । उनको उक्त निवेदन अस्वीकृत गरियो अनि आन्दोलन रोक्न पनि दबाब दिइयो । यसरी डुअ मोर कोर्ट (de Merr

[६६] Women in the French Revolution, https://en.wikipedia.org/wiki/women_in_the_french_revolution.

[६७] Girondins, https://en.wikipedia.org/wiki/Girondins.

[६८] Girondins, https://en.wikipedia.org.wiki**.** Militant_feminism_in_the_French_Revolution.

Court) ले आन्दोलन रोक्न जोड दिए पनि महिलाहरूले भने हतियार बोक्ने अधिकार र राजनीतिक अधिकार पाउनु पर्ने भन्दै माग राखिरहे ।[६९]

सन् १८७१ मा फ्रान्समा पेरिस कम्युन विद्रोह भएको थियो । यस विद्रोहमा महिलाहरूले उल्लेखनीय भूमिका बहन गरेको पाइन्छ । Louise Micher ले १८६५ मा पेरिसमा स्कुल खोलिन् । स्कुलबाट प्रगतिवादी शिक्षा दिँदै उनी Radical Politics of Paris मा आवद्ध हुन पुगिन् । महिला अधिकारको माग गर्दै उनी अन्य अधिकारकर्मी महिलाहरूबीच आबद्ध हुन पुगिन् । जनवरी १९७० मा उनी र Leo ले Victor Nair को अन्तिम दर्शनमा जाँदा जे देखिन् त्यसले उनी झन् आक्रोसित हुन पुगिन् र विद्रोहमा झन् सक्रिय भइन् ।[७०] यस विद्रोहमा महिलाहरूको प्रदर्शन उल्लेखनीय थियो । यहाँ लुई मिचेलले शत्रुसामु छाती फर्काई "ल हान गोली" हान भन्दै अगाडि बढिन् । यसरी उनी सहीद भएको घटना निकै महत्त्वपूर्ण छ । सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको थियो । यसै सम्मेलनको मञ्चबाट क्लारा जेटकिनले महिला पुरुषको समान अधिकारका लागि आवाज उठाएकी थिइन् ।[७१] यसरी लामो सङ्घर्षपछि सन् १९३९ देखि सन् १९४५ सम्म सम्पन्न दोस्रो विश्वयुद्धको समयमा अर्थात् सन् १९४४ मा फ्रान्सका महिलाहरू मताधिकार प्राप्त गर्न सफल भएका थिए । निर्वासित भएका चार्ल्स डुअ गौल (Charles de Gaulle) को सरकारले महिलाहरूलाई अधिकार प्रदान गरेको थियो ।

### ३.२.६ भारत

भारतका महिलाहरूले सन् १७५७ मा प्लासीको मैदानमा अङ्ग्रेजका विरुद्ध गरेको विद्रोहबाट महिलाआन्दोलन प्रारम्भ भएको थियो । यसको उदाहरणमा महिलाहरूले गरेको जङ्गल बहालको विद्रोह लाई लिन सकिन्छ ।[७२] त्यस्तै, सन् १७८५ मा भएको सन्यासी विद्रोहमा पनि महिलाहरू सङ्घर्षमा उत्रिएका थिए । सन् १८२४ मा भएको इस्ट इन्डिया कम्पनीसँगको विद्रोहमा पनि भारतीय महिलाले सक्रिय भूमिका बहन गरेका थिए । यस विद्रोहमा महिलाहरू आफ्नो अवस्थामा सुधारको माग गर्दै अगाडि बढेका थिए । परिणामस्वरूप सतीप्रथा अन्तको घोषणा गर्दै कानुन निर्माण भएको थियो, तर उक्त कानुन धर्ममा हस्तक्षेप नगर्ने नाममा कार्यान्वयन हुन सकेन । सन् १८३५ नोभेम्बर १९ मा

---

[६९] Women in the French Revolution, **op cit.,** f.n. 66.

[७०] Louise Michel, httph://en.wikipedia.org/wiki/Louise_michel.

[७१] के.सी., **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या५०, पृ. ३७ ।

[७२] आशारानी बोहोरा, **नारीविद्रोहको भारतीय मञ्च**,(नयाँ दिल्ली : नेसनल पब्लिसिङ्ग हाउस, १९९१), पृ. १९ ।

भारतको उत्तर प्रदेशमा जन्मिएकी साहसी महिला मणि कर्निका (लक्ष्मी बाइ) ले सानैमा घोड सवार, तलबारवाजी अनि युद्धकला सिकेर बहादुरी देखाएकी थिइन् । उनको आठ वर्षको उमेरमा ३८ वर्षका झाँसीका राजासँग बिहे भयो । राजा छिट्टै मरेकाले उनले राज्यको रक्षा गर्न अङ्ग्रेजहरूसँग लड्नु पर्‍यो । त्यहाँ उनले देखाएको वीरताले महिलाको शक्तिको आँकलन गर्न सकिन्छ । महिलाको अधिकारका लागि घुँगट काटेर बस्ने प्रथाको विरोध गरेर उनी अगाडि बढेकी थिइन्, घरभित्र बस्ने परम्परालाई तोडेर युद्धमा होमिएकी थिइन् ।[७३]

सन् १९१७ मा एनी बसेन्टको अध्यक्षतामा भारतीय महिला समिति गठन गरियो । यस समितिले पहिलोपटक महिलालाई शिक्षा दिनु पर्छ भन्दै साङ्गठनिक आवाज बुलन्द गरेको थियो । यसपछि सन् १९२१ मा स्त्रीसभा गठन गरियो । स्त्रीसभाले महिलाका हकहितका कार्यक्रमहरू गर्दै थियो । यसै वर्ष मद्रासका धनी र शिक्षित महिलाहरूलाई ब्रिटिस सरकारले मताधिकार दिएको पाइन्छ । ब्रिटिस सरकारले सम्पत्ति र जग्गाहरू भएको भनेर प्रमाणित गरिएकाले मात्र मतदान गर्न पाइने व्यवस्था गरेको थियो ।[७४] त्यस्तै, **गुरुद्वार ऐन, १९२५** ले पनि शिख महिलाहरूलाई अधिकार दिएको थिएन । तर आन्दोलनका कारण सन् १९२५ मा नै शिख महिलाहरूलाई पनि मताधिकार दिएको पाइन्छ । यसरी मनलागी तरिकाले अधिकार दिएजस्तो देखिए पनि महिलाहरूले खासै अधिकार पाएका थिएनन् । त्यसैले सन् १९२७ मा अखिल भारतीय महिलासम्मेलन नाम गरेको महिलाहरूको सङ्घ पनि गठन भयो । यी संस्थाहरू महिलाहरूको सामाजिक अवस्थामा परिवर्तन ल्याउन एकातिर कार्य गर्दै थिए भने अर्कोतिर पुरुषहरूसँग मिलेर स्वतन्त्रताका लागि सङ्घर्ष गर्दै परिवर्तन ल्याउनका लागि कार्यहरू पनि गर्दै थिए । विद्रोहका कार्यक्रमहरू हुने क्रममा स्त्रीसभाको साङ्गठनिक प्रभाव बढेका कारण अङ्गेजहरूमा त्रास बढेपछि सन् १९३० मा कम्पनी सरकारले स्त्रीसभा सञ्चालनमा एकातिर प्रतिबन्ध लगाइ दियो भने अर्कोतिर सन् १९३५ मा **भारतीय सरकारी ऐन, १९३५** (**Government of India Act, 1935**) ले महिलाका लागि केही सिट छुट्याएर राजनीतिमा सहभागी गराएझैं गर्‍यो । महिलाहरू भने प्रतिबन्धभित्र पनि लड्दै गरेकाले सन् १९३९ अर्थात् दोस्रो विश्वयुद्धको समयमा पुग्दा भारतीय महिलाआन्दोलन परिपक्व हुन पुग्यो । अङ्ग्रेजी साम्राज्यवादी उपनिवेशबाट मुक्त हुन गरेको “भारत छोडो” आन्दोलनमा महिलाहरूको भूमिका सक्रिय रहेको देखिन्छ । यस समयमा महिलाहरूले आत्मरक्षा समिति

---

[७३] के.सी., **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या५०, पृ. ९८।

[७४] Political Participation in India, https://en.wikipedia.org/wiki/Women%27s_political_participation_in_India.

गठन गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि महिलाहरूलाई अधिकार सम्पन्न बनाउनका लागि सन् १९५४ मा भारतीय महिला फेडरेसन गठन गरिएको थियो । यसले महिलासम्बन्धी विभिन्न कार्यक्रमहरू गरेको पाइन्छ । सन् १९४७ मा मात्र भारतका महिला मताधिकार प्राप्त गर्न सफल भएका थिए ।[७५]

सन् १९६६ मा एसियाकै पहिलो महिला प्रधानमन्त्री भारतकी इन्दिरा गान्धी भए पनि आममहिलाहरूको अवस्था भने चिन्ताजनक थियो ।[७६] सत्तरीको दशकबाट भारतमा प्रगतिशील धारको सक्रियता बढ्न थालेपछि सन् १९७९ मा भारतमा "नारी सङ्घर्ष" नामक लडाकु महिलाको संस्था जन्मियो । यसरी भारतमा लडाकु संस्था जन्मिँदै थिए भने आर्कोतिर विश्व जगतमा अर्थात् संयुक्त राष्ट्रसङ्घअन्तर्गत **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ (CEDAW) आइसकेको थियो । त्यसैले यस समयमा आफ्नो अधिकार रक्षाका लागि भारतीय महिलाहरू अगाडि बढिरहेका थिए । यसको उदाहरणमा सन् १९८२ मा गरेको बलात्कार विरुद्धको कार्यक्रम र सन् १९८६ मा भारतीय जनमोर्चाले महिला विषयक भारतीय सेमिनारको आयोजना गरेकोलाई लिन सकिन्छ ।[७७] भारतीय महिलाहरूले अन्य महिलाले भन्दा फरक रूपमा सोचेको कुरा हाम्रो सांस्कृतिकपरम्परा र पश्चिमी सांस्कृतिक परम्पराभन्दा फरक छ । आम भारतमा महिला कहिल्यै पनि पुरुषका विरुद्धमा प्रतिद्वन्दीका रूपमा खडा भएनन् । पश्चिमी मुलुकभन्दा फरक, हाम्रो लडाइँ पुरुषको विरुद्ध होइन, पुरुषको सहयोग, निर्देशन र काँधमा काँध मिलाउदै अगाडि बढेको छ"[७८] भनेको बाट स्पष्ट हुन्छ ।

### ३.२.७ चीन

चिनिया महिलाहरू अन्य देशका महिलाहरू जस्तै पहिले पूरै अधिकारविहीन थिए । उनीहरू बलात्कार, हत्या र हिंसाको सिकार भएका थिए । त्यस्तै, दासीका रूपमा चिनिया महिलाहरूको किनबेच हुने गरेको पनि पाइन्छ ।[७९] यति मात्र होइन ताङ वंश (Tang Dynasty) का दोस्रा शासक लिज (Liyis) को समयबाट सुरु भएको डरलाग्दो प्रथाको पनि चाइनिज महिलाहरूले सामना गर्नु परेको थियो । त्यहाँ छोरी ५ वर्ष पुगेको साँझ आमाले

---

[७५] **Ibid.**

[७६] के.सी.,"इन्दिरा गान्धी" **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ५०, पृ. २३ ।

[७७] बोहोरा, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या ७२,पृ.१६० ।

[७८] **ऐजन** ।

[७९] तुम्बाहाङ्फे, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या ९, पृ. २२ ।

बालिका छोरीको खुट्टाको औंला पैतालातिर फर्काएर बाँधिदिने (foot binding) गर्थे । यसको कारणले हिँड्न गाह्रो परे पनि पछि विवाह गर्दा घरका मानिसलाई दुःख र सङ्घर्ष गर्न सक्ने भनेर इज्जत हुने विश्वास गरिएको पाइन्छ । यसरी चाइनिज महिलाले बालक अवस्थादेखि नै दुख भोग्नु परेकाबाट यहाँको प्रथा महिलाविरोधी थियो भन्ने बुझ्न सकिन्छ ।[८०] त्यसैले त माओत्सेतुङले महिलाहरू राजनीति (political), समाज (clan), धर्म (religious) र पति (husband) चार प्रकारका बन्धनबाट बाँधिएका छन् भनेका छन् ।[८१] यस्तो पीडा सहन बाध्य चीनका महिलाहरूलाई शिक्षा आर्जन गर्नबाट बन्चित हुनु त सामान्य कुरो थियो । सन् १९२१ मा कम्युनिस्ट पार्टीको स्थापना भएपछि बल्ल महिलाहरूले विकासका निम्ति केही दृष्टि पुऱ्याउन सकेका थिए ।[८२] यसपछि मात्र महिला समानताका बारेमा सोच्न थालिएको थियो । Maozedong ले महिलालाई सम्मान गर्दै आधा आकाश ढाक्ने महिलाहरूलाई समान ज्याला दिँदै समान व्यवहार गर्नुपर्ने विचार व्यक्त गरेपछि महिलाहरू केही सक्रिय भएका थिए । सन् १९४९ मा नयाँ चीनको स्थापना भएपछि भने अखिल चीन महिला सङ्घको पनि स्थापना भएको थियो । यस महिला सङ्घले महिलाहरूको हक हितका लागि धेरै कामहरू गरेको पाइन्छ । यसको उदाहरणमा महिलाहरूलाई राजनीतिक विषय अध्ययन गराउने, समान कामका लागि समान ज्याला दिने, साक्षरता कक्षा सञ्चालन गर्ने, उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक सीपहरू सिकाउने, उद्योगसम्बन्धी व्यवस्थापन तालिम दिने, महिला-पुरुषमा समानता हुनुपर्छ भन्ने चेतना दिने जस्ता कार्यहरू सञ्चालन गरेकोलाई लिन सकिन्छ ।

जन गणतन्त्र चीन (People Republic of China) को स्थापना भएपछि सन् १९५४ मा बनेको संविधानले महिलालाई अझ बढी अधिकार प्रदान गऱ्यो । यसको संविधानमा समान रूपमा राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक र पारिवारिक अधिकार प्रदान गर्नेछ र यी अधिकारहरूको संरक्षण राज्यले गर्नेछ भनिएको पाइन्छ । यसपछि सन् १९९२ मा बनेको कानुनले त स्पष्ट रूपमा महिलाले पुरुषसरह सम्पत्तिको उपभोग गर्न पाउनु पर्छ भन्ने व्यवस्था गरेको छ । यसरी महिलाले निजको लोग्नेले जस्तै उपभोग गर्ने, कारोबार

---

[८०] Women in the Chinese Revolution, http://www.bannedthought.net/India/PeoplesMarch/PM1999-2006/publications/women/china-1.htm.

[८१] **Ibid.**

[८२] Communism in China, https://es.stanford.edu/people/eroberts/cs201/projects/2007_08_communism_computing_china.htmm.

गर्ने, र बिक्री वितरण गर्नेजस्ता कार्य गर्न सक्ने व्यवस्था गरिएको छ । सम्बन्धविच्छेद गरेकी महिलाका लागि पनि यहाँ व्यवस्था गरिएको पाइन्छ । यसरी चीनमा समाजवादी कानुन लागू भएपछि पहिलेभन्दा धेरै विभेदहरूको अन्त भएको छ तर यी विभेदहरूको अन्त हुनुभन्दा अगाडि धेरै सुधारात्मक कामहरू गरिएका थिए । यसको उदाहरणमा महिलाहरूले घरमा गर्ने घरेलु कामहरूलाई सामाजिकीकरण गरिएकालाई लिन सकिन्छ । त्यस्तै, ढिलो विवाहलाई जोड दिनु, एक सन्तानको व्यवस्था गर्नु, अन्तरजातीय विवाहलाई संरक्षण गर्नु, राष्ट्रिय स्तरमा नै मर्यादित बनाउँदै जिम्मेबारी सुम्पनुजस्ता कामहरू गरेकाले चिनिया महिलाआन्दोलन विश्वमा नै उदाहरणीय बनेको छ ।

यसरी अमेरिका, बेलायत, जापान र फ्रान्सका महिलाआन्दोलनको प्रभाव बिस्तारैबिस्तारै अरू देशहरूमा पनि पर्दै गयो । सन् १९३७ मा आन्दोलित बन्दै गएको स्पेनमा पनि महिलालाई अधिकार दिन सङ्गठनको स्थापना गरिएको थियो । यस सङ्गठनले महिलाका लागि स्वास्थ्य, शिक्षाजस्ता आवश्यक विषयहरूलाई प्राथमिकता दिई जागरणको अभियान सञ्चालन गरेको पाइन्छ । सन् १८९३ मा ब्रिटिस उपनिवेसमा रहेको न्यू जिल्यान्डले प्रौढ महिलाहरूलाई मताधिकार प्रदान गऱ्यो । अस्ट्रेलियामा पनि सन् १८९४ मा नै महिलाहरूलाई कार्यालयमा जाने अधिकार दिएको थियो ।[८३] सन् १९०१ मा ब्रिटिस उपनिवेसअन्तर्गतका धेरै राज्यहरू मिलेर कमन वेल्थ अफ अस्ट्रेलिया (Common Welth of Austrela) बनेपछि सन् १९०२ मा निर्वाचन सम्पन्न भएको थियो । यस निर्वाचनमा महिलाहरूलाई पनि सहभागी हुन दिइएको थियो । युरोपेली देशहरूमध्ये प्रथमपटक मताधिकार फिनल्यान्डले प्राप्त गरेको थियो । युरोपेली देशहरूमा बलियो साम्राज्य खडा गर्न सफल बेलायत होस् या पहिलोपटक महिलावाद जन्माउने अमेरिका नै किन नहोस् अधिकार प्राप्तिका लागि महिलाहरूले आन्दोलनलाई अपनाउनु नै परेको छ । त्यस्तै, युरोपका फ्रान्स, पूर्वी जर्मनी, पश्चिम जर्मनी, रुस, रुसबाट सन् १९४५ मा मुक्त भएको पोल्यान्ड, स्विडेन, अनि ल्याटिन अमेरिकी देशहरू चिली, पेरु, मेक्सिको, क्युबा र अफ्रिकन मुलुकहरू प्रायः सबैजसो देशका महिलाले अधिकार प्राप्तिका लागि आन्दोलन गर्नु परेको देखिन्छ । विभिन्न देशले कहिलेकहिले अधिकार केके पाए भन्ने सन्दर्भमा हेर्दा सन् १९१७ मा समाजवादी रुसले प्रथमपटक रुसका राजाले संसदको निर्वाचनमा महिलालाई पनि सदस्यको

[८३] Women in the French Revolution, **op cit.,** f.n. 66.

रूपमा उठ्ने मौका दिएको देखिन्छ भने सन् १९१३ मा नर्वेले पनि महिलालाई मत प्रदान गर्ने अधिकार दिएको पाइन्छ । सन् १९१३ मा नर्वेले, १९१५ मा डेनमार्क र आइसल्याण्डले र १९१९ मा स्वेडनले महिलालाई मत प्रदान गर्ने अधिकार दिएको पाइन्छ । यसरी हेर्दा यी स्कान्डीनेभियन (Scandinavian) देशहरूले अगाडि नै मताधिकार महिलालाई दिएको देखिन्छ । महिलालाई अधिकार दिने सम्बन्धमा सचेत भएकै कारण आज स्कान्डीनेभियन (Scandinavian) देश स्वेडनमा ४४.७ प्रतिशत महिलाहरूले संसदमा प्रतिनिधित्व गरेका छन् । यसबाट उत्तर युरोपका यी देशहरू महिलालाई अधिकार दिने सम्बन्धमा अगाडि छन् । प्रथम विश्वयुद्धपछि सन् १९३१ मा पोर्चुगलले मताधिकार दिएको थियो । यसरी धमाधम महिलालाई मताधिकार प्रदान गरेको देखिए पनि धेरै युरोपेली, एशियाली र अफ्रिकन मुलुकहरूले भने प्रथम विश्वयुद्धभन्दा अगाडि महिलाहरूलाई मताधिकार दिन सकेको पाइँदैन । त्यस्तै, ग्रिसले सन् १९५२ मा, सनमारिनोले सन् १९५९ मा, मोनाकोले सन् १९६४ मा, एन्डारोले १९७० मा, स्वीजरल्याण्डले सन् १९७१ मा लेचिन्स्लेन (Liechienslein) ले सन् १९९४ मा महिलाहरूलाई मताधिकार प्रदान गरेको पाइन्छ ।[८४] महिलाहरूलाई अधिकार दिन कन्जुस्याईं गर्ने गरेको परिणामबाट महिलाआन्दोलन र नारीवादलाई जन्म दिएको देखिन्छ ।

## ३.३ नारीवाद

नारीवाद महिलाहरूको राजनीतिक, आर्थिक, सामाजिक र व्यक्तिगत अधिकारको रक्षा गर्न गरिएको राजनीतिक वैचारिक र सामाजिक अभियान हो । यसले शिक्षा र व्यवसायका लागि पुरुषसरह महिलाहरूलाई पनि अवसर प्रदान गर्छ ।[८५] नेपालीमा 'नारीवाद' लाई अङ्ग्रेजीको 'Feminism' को समानार्थी शब्दका रूपमा प्रयोग गरिन्छ । 'Femina' बाट बनेको 'Feminism' तथा 'Feminist' शब्दले क्रमशः नारीवाद र नारीवादी भन्ने अर्थ दिन्छन् । यी शब्दहरू पहिला फ्रान्स र नेदरल्यान्डमा सन् १८७२ मा प्रयोग गरिएका थिए । सन् १८९० मा ब्रिटेनमा यो शब्द प्रयोग गरियो । यसरी नै १९१० बाट मात्र अमेरिकामा यी शब्दहरूको प्रयोग हुन थालेको पाइन्छ । सन् १८८० मा अङ्ग्रेजीमा पहिलो पटक नारीवाद शब्दको प्रयोग हन्वर्टाइन अक्लर्ट (Hunburtine Auclert) ले 'La Feminite' भन्ने जर्नलमा

---

[८४] **Ibid.**

[८५] Liberal feminism, https://en.wikipedia.org/wiki/liberal_feminism.

प्रयोग गरिएको थियो । यी शब्द प्रयोगका सन्दर्भमा **Oxford English Dictionary** ले भने 'Feminist' शब्दको प्रयोग १८९४ बाट र 'feminism' शब्दको प्रयोग १८९५ बाट हुन थालेको उल्लेख गरेको छ । यसले अठारौँ शताब्दीदेखि विभिन्न समयमा विभिन्न प्रकारले कार्य गर्न थालेको पाइन्छ । नारीवादले नारीवादी आन्दोलन र नारीवादी विचारकको विचारलाई बुझ्काउँछ र यो महिलाअधिकारका लागि उठेको विषय हो ।[८६] सजिलाका लागि महिलाहरूले पुरुषहरूका बराबर अधिकार पाउनु पर्छ भनेर गरिएको सैद्धान्तिक अभियान (idological movement) लाई नारीवाद भनेका छन् ।[८७]

अर्को शब्दमा भन्दा नारीजीवनका बारेमा नारीहरूमा केन्द्रित भएर गरिने चिन्तन नै नारीवाद हो । नारीवादलाई समुदायको राजनीतिको अर्थमा कसैले लिएका छन् भने कसैले चिन्तनको रूपमा हेर्ने गरेका छन् ।[८८] हितका कोणबाट महिलाहरू माथि चरम विभेद हुन थालेपछि पुरुषवर्गको विरोध गर्दै नारीवादले जन्म लिएको देखिन्छ ।

नारी हकअधिकारका कुराहरू अगाडिदेखि नै चलेको पाइए तापनि महिला आन्दोलनलाई अगाडि बढाउने क्रममा अठारौँ शताब्दीमा फ्रान्सेली क्रान्तिबाट प्रभावित बेलायतकी महिलाअधिकारकर्मी मेरी बल्स्टनक्राफ्ट (Marry Wollstone Craft) ले **महिलाअधिकारको औचित्य (Vindication of the Right of Women)** नामक पुस्तक सन् १९७२ मा लेखेपछि यो वाद चर्चामा आएको मानिन्छ । उनले यस पुस्तकमा महिला र पुरुषमा क्षमता बराबर हुन्छ भनेकी छन् भने पूर्वाग्रही सोचले सार्वजनिक संसारबाट बञ्चित गरेका कारण महिलाहरू सांस्कृतिक, आर्थिक, राजनीतिक र साहित्य, कलाजस्ता विषयमा पछाडि पर्न गएको देखिनुलाई महिलाको कमजोरी मान्न नमिल्ने भन्दै उनले यो निष्क्रियता न प्रकृतिले गराएको हो न क्षमताको कमीका कारण भएको हो भनेकी छन् । ३८ वर्षमा मृत्युवरण गरेकी उनले यो त पुरुषप्रधान समाजले गराएको विभेदका कारण भएको हो भन्दै त्यस्तो समाजको विरोध गर्दै समानताका लागि आवाज पनि उठाएकी छन् ।[८९] विश्वभर सञ्चालित समानताको यो अभियानले लामो समय लिनाका साथै देशअनुसार संस्कृति, उद्देश्य,

८६ History of Feminism,  https..//. www.saylor.org<site<2013/01.

८७ History of Feminism,  https//en.wikipedia.org> wiki. History.

८८ सुधात्रिपाठी र सीता पन्थी, **नेपाली नारीवादी समालोचना**, (काठमाडौँ  : नेपाल प्रज्ञा प्रतिष्ठान, २०७०), पृ. १ ।

८९ Marry Wollstone Craft, https://en.wikipedia.org./wiki/mary_wollstone craft.

आवश्यकता र इच्छा फरकफरक हुने भएकाले भिन्नभिन्न तरिकाबाट सञ्चालन भएको देखिन्छ । विश्वमा पहिलोपटक महिला आन्दोलन अमेरिकामा देखा परेको थियो । सन् १८३० (वि.सं. १८८६) मा भएको दासताविरुद्धको सङ्घर्षका लागि सङ्गठित समूहसँगै यसको उदय भएको मानिन्छ ।[९०] महिलाको स्थितिमा परिवर्तन गर्न घरेलु हिंसा, कामको समस्या र अन्य महिला विरोधी कार्यहरू नियन्त्रण गर्न महिलावादीहरूबाट आन्दोलन भइरहेको थियो ।

समयको गतिसँगै नारीवाद नारीस्वतन्त्रताका लागि दह्रो हतियार बन्न पुग्यो । सबैभन्दा ठूलो कुरा यसले नारीहरू निश्क्रिय छैनन् भन्ने प्रमाणित गरिदियो । नारीवादमा भूतको ज्ञान आफैँमा महत्त्वपूर्ण छ तर पूर्ण छैन भनिएको पाइन्छ । भूतलाई वर्तमानको निश्चितता तरङ्गित गर्दै भविश्य निश्चित गर्ने आधारको रूपमा नारीवादलाई लिइएको पाइन्छ । यो परिवर्तनशील प्रक्रिया हो यसले नारीवादलाई सञ्चालन गर्छ ।[९१]

नारीहरूमा विशेष सामर्थ्य भए पनि विश्वका विभिन्न स्थानका पहिलेका दार्शनिकहरूको दृष्टिकोणसमेत महिलाका सन्दर्भमा धार्मिक दृष्टिकोण जत्तिकै सङ्कुचित भएको पाइन्छ । यसको उदाहरणमा  दार्शनिक विमर्श र बौद्धिक चिन्तन मात्र मानव सुधार्ने कार्यमध्ये सर्वोत्तम हो भन्दै प्लेटोले दास र नारीबाट विमर्श र बौद्धिक चिन्तनलाई टाढै राख्नुपर्छ भन्ने कुरा उल्लेख गरेकालाई लिन सकिन्छ ।[९२] यसबाट त्यस समयको महिलाको अवस्था पुरुषहरूको भन्दा धेरै विभेदित थियो भन्ने सजिलै बुझ्न सकिन्छ । त्यस्तै, एरिस्टोटलले नारीलाई पदार्थ मानेर तल्लो स्तरमा राखेको पाइनाले पनि सो कुराको पुष्टि हुन्छ । त्यस्तै, रुसोले महिलाहरू कमजोर हुन्छन् भन्दै पुरुषहरूलाई मात्र सबै कुराबाट सर्वश्रेष्ठ देखाएका छन् ।[९३] सन् १७९९ मा फान्सका चान्सलर बाल्जाकले पनि पुरुषको दिलको धडकन बढाउनेभन्दा अन्यत्र नारीको महत्त्व छैन भन्दै नारीलाई जड सम्पत्ति मानेका छन् । सन् १९३८ मा जापानमा महिलाले मतदानको अधिकार माग्दा समेत त्यहाँका गृहमन्त्रीले “घरमा गएर केटाकेटीको लुगा धोऊ” भनेका थिए । यसबाट पनि महिलाको अवस्था दुःखद भएको स्पष्ट हुन्छ । समयको गतिसँगै सामन्तवादको गर्भमा पूजीँवादको भ्रुण

---

[९०] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९, पृ. ७ ।

[९१] John Wallach, https://en.wikipedia.org/wiki/john_wallach.

[९२] सुधा त्रिपाठी, “आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना”, त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय विद्यावारिधि (Ph.D) उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०६८ ।

[९३] क्राफ्ट, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३२, पृ .१२४ ।

विकसित हुँदै जाने क्रममा महिला पनि सामाजिक उत्थानमा सहभागी हुन थालेपछि महिलाहरू स्वयंले आफूमाथि पुरुषहरूद्वारा गरिएको शोषणबारे बुझ्न थालेको र यसपछि बल्ल अधिकारका लागि आवाज उठाउन थालेको पाइन्छ । सन् १४१२ मा फ्रान्समा जन्मेका जोनअफ आर्केले बेलायतको प्रभूसत्ता विरुद्ध तात्कालीन राजालाई लड्न प्रेरित गर्दा १९ वर्षको उमेरमा नै बोक्सीको आरोप लगाई उनलाई जलाइएको थियो ।

यसपछि सन् १८४८ मा अनेकौ सङ्घर्ष गर्दै अमेरिकाको न्यूयोर्क सहरको सेनेका फल्स नाम गरेको सानो ठाउँमा महिलाहरूले महिलाअधिकारका लागि सभा गरेका थिए । युरोपको औधोगिक क्रान्ति हुनुभन्दा अगाडिबाट विस्तारै सुरु हुँदै गएको महिलाको आन्दोलनबाट यसले पारेको प्रभावको आधारमा प्रथम प्रारम्भिक आन्दोलन, उत्पीडनका विरुद्धमा गरिएको आन्दोलन र महिलाअधिकारका लागि गरिएको आन्दोलन (बौद्धिक नारीवाद) गरेर तीनभागमा विभाजन गरिएको पाइन्छ । सन् १८४८ देखि सन् १८९० सम्मको समयलाई प्रारम्भिक महिला आन्दोलनको समय मानिएको छ । यसमा सिमोन दि बुभाएर (Simone de Beauvoir) प्रतिनिधि नेतृका रूपमा लिएको छ । दार्शनिक, अधिकारकर्मी र सामाजिक विज्ञका रूपमा प्रशिद्ध उनी महिलावादी सिद्धान्तको प्रतिपादक नै थिइन् ।[९४] त्यस्तै, सन् १८९० देखि १९६६ सम्मको समयलाई उत्पीडन विरोधी महिला आन्दोलनको समय मानिएको छ । यस समयावधिका अमेरिकी बेट्टी फ्राइडन (Betty Firedan) को**द फेमिनिन मिस्टिक (The Feminine Mystque, 1963)**, मेरी इलमनको **थिङ्किङ एबाउट विमन**, केट मिलेटको**सेक्सुअल पोलिटिक्स** र बेलायतका जमाइल ग्रिरको **द फिमेल इनुचे**जस्ता महत्त्वपूर्ण कृतिहरूमार्फत् महिलाका उत्पीडन सम्बोधन भएको पाइन्छ । बेट्टी फ्राइडन (Betty Firedan) नेसनल अर्गनाइजेसन फर विमेन (National Organization for Women) को संस्थापक थिइन् । उनले परम्परित भूमिकाबाट महिला माथि उठ्नुपर्ने उनको धारणा थियो अर्थात् यस समयको माग थियो ।[९५] यसै गरी सन् १९६६ देखि हालसम्मको समयलाई महिलाअधिकारका लागि भएको आन्दोलन मानिएको छ । यसलाई बौद्धिक नारीवाद पनि भनिएको पाइन्छ । यसपछि धेरै लेखिकाहरू पनि देखिएका छन् । पश्चिमी नारीवाद प्रारम्भमा स्थुल भए पनि बिस्तारै सुक्ष्म बन्दै गएको छ । सडक आन्दोलनमा मात्र केन्द्रित नभएर र महिलाअधिकारकर्मीहरू सृजनात्मक लेखनमा अगाडि बढ्न थालेको पाइन्छ ।

---

[९४] Simone de Beauvoir, https://en.wikipedia.org/wiki/simone_de_deauvoir.

[९५] Betty Firedan, Women's Rights, https://www.google.com.np/searchzey_wvkz_w90efd C69Qph9q6ZcQsa_www+betty+firydan+of+Women+right.

यसरी एकातिर यो सामाजिक, राजनीतिक आन्दोलनका रूपमा रह्यो भने अर्कोतिर लेखनको विषय बन्दै लेखनमा पनि केन्द्रित हुन पुगेको थियो ।

### ३.३.१ **नारीवादका धारहरू**

आघुनिक पश्चिमी नारीवादको इतिहास हेर्दा नारीवादलाई ४ भागमा बाँडिएको पाइन्छ । प्रारम्भिक समयमा अधिकारकालागि आन्दोलनहरू गरिएको समयलाई प्रारम्भिक नारीवाद (proto feminism) को समय भनिएको छ । उन्नाइसौँ शताब्दी र बीसौँ शताब्दीको प्रारम्भतिर सञ्चालित अभियानलाई नारीवादको प्रथम लहरभनिएको छ भने सन् १९६० देखि १९९० सम्मको समयलाई दोस्रो लहर, १९९० देखि २००८ सम्मको समयलाई तेस्रो लहरर २००८ पछिको वर्तमान समयलाई चौथो लहर मानिएको छ । यी सबै धार वा लहरको चर्चा तल गरिएको छ ।

#### ३.३.१.१ **प्रारम्भिक नारीवाद (Proto Feminism)**

नारीवाद भन्ने शब्द प्रयोग हुनुअगाडिनै महिलाका अधिकारका बारेमा बोलिएको समयावधिलाई प्रारम्भिक नारीवाद भनिएको पाइन्छ । यो बीसौँ शताब्दीअगाडिको समय हो । यसलाई नै earlyfeminism पनि भनिन्छ । कसैकसैले यसलाई postfeminism पनि भन्ने गरेका छन् । प्राचीन ग्रीसमा स्वास्नी मानिसले पनि लोग्ने मान्छेसँगै शिक्षा प्राप्त गरेको तथा काम गरेको उल्लेख गरेको पाइन्छ भने मध्यकालमा इस्लामिक राज्यमा पनि विवाहित महिलाले सँगै बसुञ्जेल विशेष अधिकार पाएको र बस्न नचाहे सम्बन्धविच्छेद गर्न पाउने व्यवस्था भएको बताइन्छ । उनीहरूलाई सम्पत्तिको अधिकार पनि थियो । मध्य युगमा भएका Protofeminism को उदाहरणमा सन् १३८१ को बिटिस दासताको विरुद्धमा भएको र आम्दानी नहेरी कर लिने तथा मतदानसम्बन्धी अधिकारका लागि गरिएको (poll tax) विद्रोहलाई लिन सकिन्छ । यस विद्रोहमा नारीहरूले पनि महत्त्वपूर्ण भूमिका बहन गरेका छन् । जोहाना फेररले लर्ड चान्सलर आर्क विसप र सिमनलाई टाउको काट्ने आदेश दिइन् र दरबारमा नै आगो लगाइन् । त्यसबेला प्रधान न्यायाधीश जोन क्यामेनडिसको शिर काट्ने आदेश क्याथ्रिन ग्यामेलले दिएकी थिइन् । यसलाई यस समयको विद्रोहको रूपमा लिने गरिएको पाइन्छ ।[९६] यस समयावधिमा सत्तरीजना महिलाले विद्रोह गरेका थिए ।

---

[९६] Protofeminism, https//en.wikipedia. org/wiki/Protofenimism..

### ३.३.१.२ **नारीवादको प्रथम लहर** (**First Wave of Faminism)**

उन्नाइसौँ शताब्दी र बीसौँ शताब्दीको प्रारम्भतिर सञ्चालित अभियानलाई नारीवादको प्रथम लहर मानिएको छ । यस समयमा राजनीतिक अधिकारविना अन्य अधिकारले महत्त्वपूर्ण अर्थ राख्दैन भन्ने अठोट गरिएको पाइन्छ । त्यसैलेनारीवाद भन्ने शब्द प्रयोग हुनु अगाडिको अर्थात् महिला मताधिकार (women suffrage) का लागि आवाज उठाउनुभन्दा अगाडिको समय प्रथम लहरमा पर्दछ । यसै समयमा अर्थात् उन्नाइसौँ शताब्दीमा नै सांस्कृतिक असमानताको समेत विरोध हुन थालेको थियो । यस समयमा शिक्षा र रोजगारीलाई महत्त्व दिन थालिएको देखिन्छ । पुरुषहरूले कामको ज्याला पाउँथे, उनीहरूले राजनीतिमा भाग लिन सक्थे, तर महिलाहरूले भने घरमा बसेर सन्तानको रक्षा मात्र गर्नु पर्थ्यो । त्यसैले यस समयमा नारीवादी अभियानको अर्थात् महिलाआन्दोलनको आधारशीला शिक्षा र रोजगारीलाई मान्दै आवाज बुलन्द गरिएको थियो । यसको उदाहरणमा डेभिस (Davis) र लानचन (Lanchan) को समूहले क्विन्स कलेज (Queen’s College) मा सन् १८४८ मा महिला शिक्षाको लागि बाटो बनाएकालाई लिन सकिन्छ । त्यस्तै सन् १८४९ मा Bed Ford College ले पनि महिलाहरूलाई शिक्षा दिन सुरु गरेकाबाट पनि यस समयमा शिक्षालाई महत्त्व दिइएको थियो भन्ने बुझ्न सकिन्छ । यसरी नै यस समयमा आख्यान (fiction) हरूमा समेत नारीवादबारे उल्लेख हुन थालेको देखिन्छ । यसको उदाहरणमा जेन अस्टिन (Jane Austine) ले रेस्ट्रिक्टेड लाइफ (Restricted life) सारा पेसन (Sara payson) र फन्नि फर्म (Fanny Ferm) ले सन् १८५४ मा रुथ हल (Ruth Hall) रलौजा मे अल्कर्ट (Lousa May Alcott) ले **एलोङ ल्याटल लभचेज (Along Latal Love Chase)** लेखेकालाई लिन सकिन्छ । यस समयमा महिलाहरूले मात्र होइन पुरुष लेखकहरूले पनि महिलाहरूप्रति गरिएको अन्यायविरुद्ध आवाज उठाएका थिए । यसको उदाहरणमा सन् १८८३ मा जर्ज मेरोडिथ (George Merodith) ले लेखेको**ऐन अफ द क्रोनवेज (Aina of the Cronways)** र थोमस फन्ड (Thomas Fond) ले लेखेको**जर्ज गिसिन्स (George Gissins)** लाई लिन सकिन्छ ।[९७] यसबाट प्रथम लहर महिलाअधिकारप्रति लक्षित हुँदै बढिरहेको थियो भन्ने बुझिन्छ ।

### ३.३.१.३ **नारीवादको दोस्रो लहर (Second Wave of Faminism)**

सन् १९६० देखि सन् १९९० सम्म नारीवादको दोस्रो लहरका समयमा महिलालाई आफ्नो व्यक्तिगत जीवनबारे र यौनशक्तिको बनावटबारे बुझ्न आग्रह गरियो भने

[९७] Fergusan, Margaret (March 2004) Æ.feminism in timeÆ Modern language quarterts (1):7-81).

सांस्कृतिक समानताका लागि चेतना दिने काम गर्न थालियो । यस समयमा बेट्टी फ्रेडेन (Betty Frieden) ले सन् १९६३ मा द फेमिनाइन मोस्टिक (The Feminine Mustique) लेखेर नारीवादको दोस्रो लहर (secondwave) को आरम्भ गरेकी थिइन् । यिनले महिलाको भूमिका जरैदेखि बदल्नु पर्ने बताएकी थिइन् । यस समयबाट बल्ल नारी स्वतन्त्रता एउटा सामान्य पदावली (common phrase) बन्न पुगेको थियो । अधिकारकर्मी अधिवक्ता शान्ता थपलियाका अनुसार पनि महिलाहरूले पुरुषका लागि राम्रो बनिदिनु पर्ने, उनीहरूको सन्तान हुर्काइदिनु पर्नेजस्ता विषयका विरोधमा नारीवादी महिलाहरू आन्दोलनमा उत्रिन थालेका थिए ।[९८] यसरी महिलाहरूले अधिकारका लागि आवाज उठाएको अवस्थामा पुरुषहरूले त यसको विरोध गरेकै थिए, कतिपय महिलाहरूले समेत विरोध गरेको कुरा अधिकारकर्मी नेतृ साहना प्रधानले आफ्नो अन्तर्वातामा बताएकी थिइन् ।[९९] यस समयमा यसरी पुरुषवादी सोचकाहरूबाट माथि उठेर नारीस्वतन्त्रताका लागि आवाज उठाउन थालिएको थियो । नारी स्वतन्त्रतालाई पनि यसै समयबाट नारीवाद भन्न थालिएको थियो ।[१००] सन् १८९५ देखि स्वतन्त्रता (liberation) र नारीवाद शब्द सँगसँगै जोडिन थालेको पाइन्छ । सिमोन द विभाएर (Simone de Beauvoir) को द सेकेन्ड सेक्स (the scond sex) बाट यो नारीवाद शब्द स्वतन्त्रता (liberation) शब्दसँग जोडिएको भए पनि महिला स्वतन्त्रता अर्थात् women's liberation शब्द सन् १९६४ बाट मात्र अर्थात् दोस्रो लहरको समयदेखि मात्र प्रयोगमा आउन थालेको देखिन्छ ।[१०१] अमेरिकामा त १९६७ मा Students for a Democratic Society अर्थात् (SDS) ले पहिलोपटक महिला स्वतन्त्रता अर्थात् Women's Libaration शब्दको प्रयोग गरेको थियो । पछि सन् १९६८ बाट Voice of Women's Liberation Movement प्रकाशित गर्न थालिएको थियो । सन् १९६९ मा पुगेपछि Chicago Women's Liberation Union स्थापना गरियो ।[१०२] यसरी सन् १९६० पछि नारीवादको सिद्धान्त र कार्य

---

[९८] तुम्बाहाङ्फे, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ९, पृ. १५।

[९९] **ऐजन**, पृ. १४ ।

[१००] Ruth Moulton, "Phychoanalytic Reflections on Women's Liberation," **Contomporary Psychological**, 1972, 8:197-223.

[१०१] Kathie Savachild,"Consciousness Raising: A Radical Weapon," in save child, k, Hanish, c=, Lavine, I< Lean B, Price, C. Led.), Feminist Revolution, (NY: Random House, 1978),pp.144-150.

[१०२] Stagenborg Suzanne, "Stability and Innovation is the Wemen's Movement Organization,"**Social Problems**, (1989 February 36(1):75-92.

सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा फैलिन थालेको पाइन्छ । सन् १९७० देखि भने नारीवादले राजनीतिक र भौतिक प्रतिक्रियालाई समेत महत्त्व दिन थालेको पाइन्छ । यसको उदाहरणमा सन् १९८१ मा सुसन ग्रिफिन (Susan Griffin) ले **Pornography and Silence** नामक पुस्तक लेखेकालाई लिन सकिन्छ । त्यस्तै, वकिल म्याकिनन् (Mackinnan) ले बलात्कार सामान्य जस्तो भएको बताउँदै यौनिक हिंसाबारे बताएकी थिइन् । यसरी यस समयमा उग्र नारीवाद अर्थात् नारीवादी गतिविधिले असमान व्यवहार गर्ने समाजमा महिलाको दुखद अवस्थाका बारेमा व्याख्या गर्न थालेको थियो ।

उग्र (आमूल) महिलावादीले त महिला उत्पीडनको जरो शिक्षादीक्षा र चेतना नहुनु मात्र नभएर पुरुष जातिलाई नै मान्न पनि थालेकाथिए । यसरी दोस्रो धारमा नारीवादी गतिविधि राम्ररी फैलिएको थियो ।

### ३.३.१.४ नारीवादको तेस्रो धार (Third Wave of Faminism)

सन् १९९० को प्रारम्भबाट नारीवादको तेस्रो धार (wave) सुरु भएको मानिन्छ । यस समयमा दोस्रो धार (wave) मा भएका कमी कमजोरीहरूलाई हटाउने कार्य गरेको देखिन्छ । यस समयका एकथरी विचार धाराकाहरू उग्र विचार राख्दै अधिकारका लागि काम गर्दै थिए । यसको उदाहरणमा महिलाहरूले सन्तान जन्माउने र हुर्काउने व्यक्तिका रूपमा पुरुषले महिलालाई गर्ने नियन्त्रण हटाउन खोजेको र महिलाहरूका लागि प्रजनन् स्वेच्छा र नियन्त्रणको अधिकार हो भन्दै परम्परागत सामाजिक लिङ्ग तथा यौनिकताको बृहत् सामाजिक व्यवस्थालाई भत्काउन खोजेकोलाई लिन सकिन्छ । यसरी नै अर्को विचारधाराका व्यक्तिहरूले पनि संयमित बन्दै नारीशिक्षा, नारी स्वास्थ्य,श्रम, सीप र बुद्धिमा समानता पाउनु पर्छ, घरको काममा, सन्तान हुर्काउनमा पुरुषको सहयोग हुनुपर्छ र समान काममा समान ज्यालाको व्यवस्था गरिनुपर्छ भन्ने आवाज उठाउन थालेका थिए । यतिमात्र होइन यस समयमा यस अभियानले विभिन्न जाति, रंग र वर्गलाई समेट्ने प्रयास गरेको पाइन्छ । सन् १९८० को मध्यबाट उठेको जन्मनियन्त्रण (birth control) महिलामा सन्तानको अधिकार (reproduction right on female) र यौनिक स्वतन्त्रता (sexual freedom) जस्ता विषयहरूसम्बन्धी धारणाहरू बुलन्द हुनु नारीवादको महत्त्वपूर्ण कार्य हो ।

दोस्रो विश्व युद्धपछि संयुक्त राष्ट्रसङ्घ (UN) ले नारीवादलाई विश्वभर पुऱ्याउन सहयोग गरेको देखिन्छ । सन् १९४८ मा Commission on the Status of the Women को

स्थापना र सन् १९६६ मा आर्थिक सामाजिक परिषदको स्थापना गरेर यिनैका माध्ययमबाट महिलास्वतन्त्रताका लागि आवाज उठाउँदै विश्वभर पुऱ्याउनेप्रयास भएको देखिन्छ । संयुक्त राष्ट्र सङ्घ (UN) ले सन् १९४८ को Universal Declaration of Human Right को माध्ययमबाट नै महिला र पुरुष समान छन् भन्ने विषयलाई सार्वजनिक गर्न थालेको पाइन्छ भने सन् १९७५ लाई International Women's Year घोषणा गरेर त झन् महिलालाई महत्त्व दिन थालेको देखिन्छ । त्यस्तै सन् १९७५ देखि सन् १९८५ सम्मको दश वर्षको समयलाई महिला दशक मानेर महिलाका विषयलाई महत्त्व दियो भने यसले नै **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि,** १९७९ लागु गरेर महिलालाई अधिकारसम्पन्न बनाउन पहल गरिरहेको छ । यसरी तेस्रो लहरमा महिलाअधिकारसम्बन्धी धेरै कामहरू हुन पुगेकाले यो समयलाई महत्त्वपूर्ण मानिएको छ ।

### ३.३.१.५ **नारीवादको चौथो लहर (Fourth Wave of Faminism)**

यो सबैभन्दा कान्छो लहर हो । यो भरखरै विकसित भएको हो । जेनिफर बौमगार्डनर (Jennifer Baumgardner) ले यो लहरकाबारे बताएका थिए । सन् २००८ बाट सुरु भएको मानिने यो लहर हालसम्म चालु छ । किरा कोच्रेन (Kira Cochrane) को **All the Rebal Women: The Rise of the Fourth Wave of Feminism** ले नारीवादलाई प्रविधि (Technology ) सँग जोडेर हेरेको देखिन्छ ।[१०३] अनुसन्धानकर्ता डिना डायमन्ड (Dina Diamond) ले नारीवादलाई राजनीति, मनोविज्ञान र आध्यात्मिकता (Spirituality) सँग जोडेर हेरेको देखिन्छ ।[१०४] किरा कोच्रेनका अनुसार चौथो लहर UK बाट सुरुभएको हो भन्ने मानिन्छ । उनले अन्य देशमा भने सन् २०१२ र सन् २०१३ तिर मात्र गयो भनेकी छन् । यौनिक असमानता जस्तै बाटोमा गरिने दुर्व्यवहार (street harassment), यौनिक हिंसा (sexual harassment), कार्यस्थलमा गरिने विभेद (work place discrimination), शारीरिक प्रदर्शन (body shaminy), सञ्चार क्षेत्रको प्रस्तुति (media image), अनलाइन दुर्व्यवहार (on line misogyny) रसार्वजनिक यातायातमा गरिने दुर्व्यवहार (assault a public transport) जस्ता साना-साना विभेदहरूलाई पनि यस समयमा जोड दिन थालिएको देखिन्छ ।

---

[१०३] kiracochrane, https://www.theguardian.com/profile/kiracochrane.

[१०४] Diana Diamond, **The Fourth Wave of Feminism: PsychoAnalytic Perspectives,** (2009), pp. 213-223.

यसै समयमा किरा कोच्रेनले एउटा संस्था र वेभसाइट मार्फत बेलायतका नारीहरूका बारेमा अध्ययन गरेकी थिइन् । यस अध्ययनमा सन् २०१२ अप्रिल १६ देखि नारीवादी लेखिकाहरूले वेभसाइटको Everyday Sexism Project मा दिनदिनै महिलाहरूले भोग्नु परेका यौनहिंसाको रेकर्ड राख्ने गरिएको थियो । पछि किरा कोच्रेन (Kira Cochrane) ले उक्त रेकर्डका आधारमा **Everyday Sexism** नाम गरेकोकिताब नै प्रकाशित गरेकीहुन् । [१०५]

यसरी पुरुष साहित्य र साहित्य शास्त्रभन्दा ठिक विपरित ध्रुवमा उभिएको नारीवादले फरक किसिमको समाज विश्लेषण र मनोविश्लेषण प्रस्तुत गर्ने गरेको यस समयको उदाहरणमा फ्रान्सेली नारीवादीहरूले छुट्टै नारी भाषाको नै वकालत गरेकोलाई लिन सकिन्छ ।[१०६] यसरी नारीवाद महिलास्वतन्त्रताको अभिन्न अङ्ग बन्दै विश्वव्यापी भएको छ । आज प्रत्येक देश महिलालाई समान अधिकार दिनुपर्छ भन्ने भावले प्रेरित भएका छन् । यसरी नारीवादीले आज महिला निस्क्रिय हुन्छन् केही गर्न सक्दैनन् भन्ने भ्रमलाई हटाइदिएको छ । यसबाट महिलाअधिकार आफैँ उभिन सक्छ तर यसलाई बुझ्न लैङ्गिकता र इतिहास लेखनको नियमलाई आधार बनाउनु पर्ने रहेछ भन्ने निष्कर्ष निकालिएको छ । नारीवादमा भूतको ज्ञान आफैँमा महत्त्वपूर्ण छ तर पूर्ण छैन भनिएको छ । यहाँ भूतलाई वर्तमानको निश्चितता तरङ्गित गर्दै भविष्य निश्चित गर्ने आधारका रूपमा लिइएको छ । लकाँका विचारमा नारीवाद चाहनाहरूको शल्यक्रिया हो, जुन खास वस्तु (object) बाट असन्तुष्ट नियमित दबाबमा भ्रमपूर्ण सन्तुष्टिका खोजीमा बढेको हुन्छ । यसमा यौनिक विभेदलाई हटाउने काल्पनिक (utoppia) उद्देश्य रहेको पाइन्छ । त्यसैले जुन दिन यौनिक विभेद हट्छ, त्यस दिन मात्र नारीवाद समाप्त हुन्छ भन्दै लकाँले नारीवादीलाई यौनिक समानतासम्म मात्र व्याख्या गरेका छन् । उनको विचारमा यौनिक विभेदको अन्त्यसँग नारीवादको अन्त्य रहेको छ ।[१०७] यसरी हेर्दा नारीवाद महिला स्वतन्त्रताको आधार हो भने पितृसत्तात्मक व्यवस्थाको विरोध गर्दै लैङगिक समानताको खोजी गर्ने यो महत्त्वपूर्ण विचारधारा हो ।

---

[१०५] Savachild , **op cit**., f.n. 101.

[१०६] त्रिपाठी र पन्थी, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ८८, पृ. सम्पादकीय ।

[१०७] OEDIPUS AND ELECTRA: Jacques Lacan and the feminist perspective/romulus complex.tripod.com/rumul lycu.htm.

### ३.३.२ **नारीवादी सिद्धान्तहरू**

महिलाअधिकार स्थापनाका लागि महिलावाद (feminism) विश्वभरनै एउटा साङ्गठनिक आन्दोलनका रूपमा र छुट्टै वैचारिक दर्शनका रूपमा स्थापित भएको देखिन्छ । महिलावादी सिद्धान्तको अनुसन्धान र अवलोकनको पहिलो वस्तु अर्थात् प्रारम्भ विन्दु समाजमा विद्यमान महिलाहरूको अवस्था, उनीहरूको अनुभव र अवस्थिति मानिएको छ । महिलामा केन्द्रित रहेको यो सिद्धान्त समाजशास्त्र र मानवशास्त्रका सिद्धान्तहरूभन्दा भिन्न छ । यो सधै महिलाअधिकारको लागि क्रियाशील रहेको छ । यस महिलावादी सिद्धान्तभित्र मानवशास्त्र, जीवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, इतिहास, कानुन, साहित्यजस्ता विषयहरू पनि समेटिएको पाइन्छ । यसले सधै महिलाहरू के हुन् ? (What about the women?) भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरेको देखिन्छ । त्यस्तै, यसले महिलाको अवस्था किन यस्तो छ ? (Why then is this as it is ? ) भन्ने कुरो पनिपत्ता लगाउने कोशिस गरेको छ । यसका साथै यो नारीवादले सधैं अब कसरी हामीले यो विश्व समाजमा सबै महिलाको अवस्थामा सुधार र परिवर्तन गर्न सक्छौं (How can we change and improve the social world so as to make it more just place for women and for all people) भन्ने बारे निरन्तर प्रयास गरेको छ ।[१०८] यी प्रयासहरूबाट प्रस्तुत प्रश्नहरूको जवाफ खोज्दै नारीवादले महिलाको अवस्थिति र अनुभव पुरुषहरूको भन्दा फरक भएको निष्कर्ष निकालेको छ । यसले महिलाको अवस्थिति र अवस्था पुरुषको भन्दा असमान भएको पनि बताएको छ । त्यस्तै यसले महिला र पुरुषको अवस्था शक्तिका आधारमा मात्र मापन हुने दृष्टिकोण प्रस्तुत गरेको छ । यिनै दृष्टिकोणहरूबाट नारीवादमा विभिन्न सिद्धान्तहरू जन्मिएका छन् । ती हुन् : उदार नारीवाद, समाजवादी नारीवाद र उग्र नारीवाद । यहाँ उत्तर आधुनिकतावादी नारीवादका बारेमा पनि चर्चा गरिएको छ ।

#### ३.३.२.१ **उदार नारीवाद**

महिलाको स्वतन्त्रता र महिलाको विकासलाई जोड दिँदै र महिलाहरूलाई सामाजिक र सांस्कृतिक मान्यता प्रदान गर्दै समाजमा निर्दिष्ट कार्यविभाजन गरिनु पर्दछ भन्ने मान्यता राखेको महिलावाद नै उदार नारीवाद (liberal feminism) हो । उदार नारीवादले महिलाहरू

---

[१०८] Gorge Ritzer, **Sociological Theory,** (New York: Mc GRAWHILL, 1972), p.448.

पुरुषसरह स्वतन्त्र नभएकाले नै उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सकेमा मात्र महिलामुक्तिको प्रयास सफल हुने विश्वास यसले राखेको छ । यसले कानुन र समाजमा पुरुष र महिलालाई समान रूपमा हेर्ने गर्छ । सामाजिकीकरणको माध्यमबाट स्वतन्त्रता तथा समान अवसर महिलालाई प्रदान गर्ने र उनीहरूप्रति भएका गलत मान्यताहरू हटाउने कार्य गर्न सकेमा मात्र महिलावाद सफल हुने यस उदार महिलावादीहरूको ठहर रहेको छ । यसको ठूलो विश्वास वैयक्तिक रूपमा महिलाले पुरुषले जस्तै सामाजिक भूमिका बहन गर्न सक्छन् भन्ने हो ।[१०९] यसले महिलाहरूमा स्वतन्त्र प्रजनन् अधिकार हुनुपर्नेमा जोड दिएको छ । उदार नारीवादले परम्परागत रूपमा घरभित्र मात्र रहेका महिलाहरूलाई पुराना सबै कार्य प्रणालीका तरिका तथा मान्यताहरूलाई व्यवहारमा परिवर्तन गर्दै महिलालाई मुक्त गर्न सक्नुपर्ने धारणा राखेको पाइन्छ । यसले महिला र पुरुषमा रहेको ठूलो विभेदको अन्त्य हुनु पर्ने मान्यता राखेको छ । त्यसैले यो उदार नारीवादले समाजमा उत्पन्न लैङ्गिक असमानतालाई हटाउनु पर्छ भन्दै व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानेको छ ।[११०]

यो उदार महिलावादले लिङ्गका आधारमा गरिएका श्रम विभाजन र सामाजिक क्रियाकलापहरूलाई नीजि परिधि र सार्वजनिक परिधि गरेर दुई भागमा बाडेको छ । सार्वजनिकभित्र पुरुषको अवस्थिति रहेको देखिन्छ भने निजीभित्र महिलाको अवस्था भेटिएको छ । निजीभित्र मूल्य नआउने घरभित्रका गृहस्थीका कामहरू रहेका छन् भने सार्वजनिकभित्र विकासको अवसर, पैसा आउने काम, पुरस्कार, शक्ति र यौनिक स्वतन्त्रता (sexism) रहेका छन् । यसरी समाजिक संरचनाले महिलाहरूलाई सार्वजनिक परिधिबाट  नियन्त्रण गर्न पुगेकाले नै समाजमा लैङ्गिक असमानता रहेको धारणा उदारवादीहरूको रहेको पाइन्छ ।[१११]

### ३.३.२.२ **समाजवादी नारीवाद**

समाजवादी नारीवादलाई मार्क्सवादी नारीवाद वा भौतिकवादी नारीवाद पनि भनिन्छ । समाजवादी नारीवादले नारी स्वतन्त्रताका साथै वर्गीय आधारमा हुने गरेका लैङ्गिक

---

[१०९] **Ibid.**

[११०] Liberal Feminism, https://en.wikipedia.org/wiki/liberal_feminism.

[१११] **Ibid.**

विभेदको अवस्थालाई समेत आत्मसात गरेको छ । यसले विभेद गर्ने सामाजिक र सांस्कृतिक अवस्थाको अध्ययन गर्नुपर्ने विचारमा जोड दिएको छ । यसले विशेष गरेर सामाजिक व्यवस्थाभित्र रहेका विभेदको अन्त्यका लागि महिला र पुरुषबीच रहेका समानताको आवश्यकतालाई केलाएर अन्य कारक तत्त्वहरू हटाउन सशक्तीकरण गरिनुपर्ने कुरालाई पनि जोड दिएको देखिन्छ । समाजमा विद्यमान लिङ्गका आधारमा गरिएका श्रमविभाजन र समाजमा व्याप्त सामाजिक सांस्कृतिक मान्यताका कारण समाजका प्रत्येक तहमा महिलाहरू सधैँ पुरुषहरूका अधिनमा नै रहेका देखिन्छन् । यसरी समाजभित्रका अवस्थाहरू र मान्यताहरूलाई केलाउँदै समाजवादी नारीवादले पुरुषहरूबाट मात्र होइन महिलाहरूबाट समेत महिलाहरू स्वयं पीडित हुने गरेको छ भन्ने निर्क्यौल गरेको छ । यसरी पितृसत्तात्मक सामाजिक बनावटका कारण त्यसैभित्र रहेर समानताको खोजी गर्नुपर्ने समाजवादी नारीवादको धारणा रहेको छ । महिलामाथि गरिने दमनलाई जोड दिँदै मार्क्सवादी नारीवादले वर्गदमन र आमूल नारीवादको लैङ्गिक दमनलाई एकैठाउँमा राखेर अध्ययन गरेको पाइन्छ । यसको वर्गदमनको अन्त्य पछि मात्र महिला मुक्ति स्वत हुने ठहर छ । सामाजिक दमनका विभिन्न रूप र तहको वर्णन र व्याख्या गर्दै समाजवादी नारीवादले समाज, नारी, जाति, उमेर, यौनिक इच्छा, राष्ट्रहरूको अवस्थिति आदिमा जोड दिएर अध्ययन गर्ने  गरेको छ । त्यसैले दुवैलाई सन्तुलन गरेर निकालिएको सिद्धान्त समाजवादी नारीवाद हो ।[११२] त्यसैले यसले मुख्य तत्त्व दमनलाई नै मानेको देखिन्छ ।

### ३.३.२.३ **उग्र नारीवाद**

उग्र नारीवाद (radical feminism) लाई आमूल नारीवाद पनि भनिएको पाइन्छ । यसले महिला र पुरुष वीच पितृसत्तात्मकताका कारण हुने असमानतालाई जोड दिन्छ । यसले विद्यमान राजनीतिक र सामाजिक सङ्गठनहरूलाई मान्दैन । यी सङ्गठनहरू पितृसत्तात्मक सोचबाटै प्रभावित हुने भएकाले उग्र नारीवादले ती सङ्गठनहरूलाई नमानेको हो । त्यसैले यिनीहरू के कुराले कसरी समाजमा पूरै परिवर्तन आउँछ र पितृसत्तात्मक समाज फेर्न सकिन्छ भन्नेमा केन्द्रित भएका छन् । यिनीहरू पितृसत्तात्मक सोचको र असमानताका विरोधी हुन् तर पूरै पुरुषको भने विराधी होइनन् । उग्र नारीवादीहरूलाई

---

[११२] Marxist Feminism, https://en.wikipedia.org/wiki/marxist_feminism.

पुरुषहरूको विरोधी मान्नु भनेको पितृसत्तात्मक सोच र पुरुषहरूलाई छुट्याउनै मिल्दैन भन्नु जस्तै हो भन्नेमा यिनीहरूको विश्वास छ ।[११३] यिनीहरूले समाजमा रहेको लैङ्गिकतालाई मूल विषय बनाएका छन् । पुरुषप्रधानतालाई जरैदेखि उखेलेर फ्याक्नु यिनीहरूको मूल उद्देश्य हो । यस वादले महिलाहरू माथि दमन हुनुको मूल कारण शारिरीक भएको ठम्याएका छन् । त्यसैले यिनीहरू शारीरिक क्रान्ति नै यो असमानताको अन्त हो भन्दछन् । शारिरीक कमजोरीका कारण महिलाहरूलाई कमजोर ठानिने सोच हट्नु पर्छ भन्ने यिनीहरूको ठहर छ । यिनीहरू पुरुषको मनोविज्ञान र शारिरीक अवस्थालाई नै महिला दमनको प्रमुख कारण र मूल पीडा मान्दछन् । त्यसैले कतिपय उग्र नारीवादीहरू पुरुषबाट अलग बस्ने र स्वतन्त्र रहने विचार पनि राख्छन् । यिनीहरू महिलामहिला बीचको सम्बन्ध (sister good) लाई पुरुष प्रधान व्यवस्थाको विकल्प मान्दछन् । वर्गविभेदलाई नमानेका कारण sister hood को व्यवस्था गर्न भने यिनीहरूलाई गाह्रो देखिन्छ । आफ्नो शरीरमाथि नियन्त्रण गर्न पाउनुपर्ने, स्वेच्छाले सन्तान जन्माउन पाउनु पर्ने यिनीहरूको लक्ष्य रहेको छ । यिनीहरू बलात्कारलाई पुरुषप्रधानताको मनपरी मान्दछन् भने बेश्यावृत्तिलाई पितृसत्तात्मक समाजको यौनिक तथा आर्थिक परिचालन मान्दछन् । त्यसैले नारीवादीहरूमध्ये कोहीकोही त उग्र नग्नता (pronography) को समेत समर्थन गर्न पुगेका छन् ।[११४]

### ३.३.२.४ **उत्तर आधुनिकतावाद र नारीवाद (Postmodernism Feminism)**

उत्तर आधुनिकतावादी नारीवाद (postmodern feminism) अरू सबै किसिमका नारीवादहरूभन्दा पछाडि आएको हो । सन् १९८० का दशकमा नारीवादलाई अध्ययन गर्ने नयाँ दृष्टिकोणका रूपमा उत्तर आधुनिकतावादी नारीवाद (postmodernism feminism) को उदय भएको हो। सामान्यतया त्यसैले यो उदार नारीवाद (liberal feminism) र उग्र नारीवाद (radical feminism) भन्दा पछाडि देखिएको वाद हो । समाजलाई परिवर्तन गर्न यो वाद आवश्यक मानिएको छ । यसभित्र नारीवादका धेरै सिद्धान्तहरू पर्दछन् ।

नारीवादी अभियानका कारण महिलाहरूले अधिकार पाइसकेकाले अधिकारका लागि आवाज उठाउने नारीवादको अव आवश्यकता छैन भन्ने विचार उत्तर आधुनिकतावादीहरूको

---

[११३] What is Radical Femininism, www.thoughtco.com/what-is-radical-feminism-3528997.

[११४] **Ibid.**

रहेको छ । त्यसैले यसले आजको समयमा नारीवाद समय र समाज दुवै सापेक्ष छैन भनेको छ । अबको समयमा समाज र समुदायमा आउने समस्याले महिला र पुरुष दुवैलाई उस्तै असर पुऱ्याउने हुँदा अधिकार पाइसकेका महिलाहरूका लागि मात्र आवाज उठाउन नारीवादीले मिल्दैन भन्ने ठहर यिनीहरूले गरेका छन् । नारीवादको आवश्यकता छैन भन्नुको मतलव यसले पुरुषप्रधान समाज हुनुपर्छ भनेको चाहिँ होइन । उनीहरूले अबको समय नारीवादको हैन नारीवादभन्दा माथि उठेर महिला र पुरुष दुवैका लागि समान रूपमा काम गर्नुपर्ने समय हो भनेका छन् । महिलाहरू अब पीडित छैनन् भन्दै उनीहरूलाई कानुनले समान अधिकार दिइसकेको र शिक्षामा पहुँच पुगिसकेको समयमा अनि महिला तथा पुरुष समान रूपमा काम गर्न सक्ने भैसकेको समयमा अब नारीवादमा पुनर्मूल्याङ्कन गर्नुपर्ने धारणा उत्तर आधुनिकतावादी नारीवादले राखेको पाइन्छ ।[११५]

युनिभर्सिटी अफ क्यालिफोर्निया बर्कले (Univercity of California Berkely) का प्राध्यापक जुडिथ बट्लर (Judith Butler) लाई नारीवादको तेस्रो धारको रानी नै भनिएको पाइन्छ । उनले १९९० मा लेखेको **Gender Trouble Feminism and Subverson of Identify** शीर्षकको पुस्तकमा लैङ्गिकता (gender) का बारेमा लेखेकी छन् । उनले उक्त पुस्तकमा लैङ्गिकता भन्ने विषय परिवर्तनीय (performative) हुने भएकाले यसले समाजलाई नै परिवर्तन गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गरेकी छन् । लैङ्गिकताको क्षेत्रमा धेरै काम गरेकी बट्लरले नारीवादले सबै नारीहरूलाई एकै किसिमको ठानेर गल्ती गरिरहेको बताएकी छन् भने यसैका कारण नारी र पुरुष दुई भागमा छुट्टिन पुगेका हुन् पनि भनेकी छन् । उनको विचारमा लिङ्ग (sex) अपरिवर्तनीय भए पनि gender परिवर्तनीय भएकाले जहिले पनि शक्तिले कसरी कार्य गर्छ र यसले कस्तो रूप लिन्छ भन्ने बुझ्नु पर्ने हुन्छ। सक्रिय रूपमास्त्री समलिङ्गी (lesibian) र पुरुष समलिङ्गी (gay) को अधिकारका लागि आवाज उठाउँदै उनले उत्तर आधुनिकतावादको नजीक बन्दै नारीवादभन्दा माथि उठेर अवधारणा व्यक्त गरेको पाइन्छ । यसरी हेर्दा यो उत्तर आधुनिकतावाद नारी र पुरुष दुवैको

[११५] Women:s and gender studies Blog\feminism.gender.blogspol com\200.\01\ postmodern_feminism.html.

उत्थानको विचार लिएर जन्मिएको वाद रहेछ भन्न सकिन्छ । यसका समर्थन गर्नेहरूमा गोरा पुरुषहरू धेरै देखिएका छन् ।[११६]

## ३.४ अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दालनको नेपालमा प्रभाव

नेपालमा महिलाआन्दोलन मूलतः वि.सं. १९७४ देखि हालसम्म पनि चलिरहेको छ । आफ्नो हक तथा अधिकार प्राप्तिका लागि उनीहरू निरन्तर प्रत्यक्षअप्रत्यक्ष रूपमा सङ्घर्षरत छन् । महिला आन्दोलनको प्रारम्भिक चरणमा नेपाली महिलाहरू विश्व महिलाआन्दोलनबाट केही टाढा थिए भने यस अवस्थामा यसको प्रभाव निम्न नै देखिन्छ । राणाशासनको समय भएकाले र त्यस समयमा नेपाली जनता प्रजातन्त्रको उपयोगबाट टाढा भएका हुँदा तथा देशमा शैक्षिक गतिविधि पनि एक प्रकारले ठप्प भएको हुँदा यस समयमा अन्तर्राष्ट्रिय महिलाआन्दोलनले प्रत्यक्ष प्रभाव पार्न सकेन । यस्तो हुँदाहुँदै पनि अङ्ग्रेज शासित भारत ज्ञानविज्ञानका क्षेत्र तथा प्रजातान्त्रिक फाँटमा केही अघि बढेकाले त्यहाँको प्रभाव भने केही मात्रामा परी नै रह्यो । नेपालको महिलाआन्दोलनको प्रारम्भिक चरणकी योद्धा मानिने योगमाया नै पनि अङ्ग्रेज शासित भारतसँग निकट थिइन् र उनले त्यहाँका महिलाको केही खुलापन अनुभव गरेकी थिइन् । यस्तै, भारतमा अध्ययनका क्रममा गएका युवाहरू र उनीहरूसँगै देश निकाला गरिएका उनका परिवारहरूले पनि भारतको महिला स्वतन्त्रतालाई केही मात्रामा अनुभव गरेका थिए । यसलाई पनि बाह्य प्रभावका रूपमा लिन सकिन्छ । २००७ सालमा नेपालमा प्रजातन्त्र आएपछि र २०१२ सालमा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य भएपछि अन्तर्राष्ट्रिय प्रभाव यहाँ प्रत्यक्ष रूपमा पर्न थाल्यो । संयुक्त राष्ट्रसङ्घले घोषणा गरेका महिला अधिकारसम्बन्धी नारालाई स्वीकार्नु पर्ने भयो र यसभित्र बेला-बेला महिला अधिकार पनि परेकाले उक्त प्रभावबाट नेपाल टाढा रहन सकेन । यसरी हेर्दा २००७ सालपूर्व अन्तर्राष्ट्रिय महिला आन्दोलनको प्रभाव अत्यन्त न्यून परेको देखिन्छ भने २००७ साल पछि अझ २०४६ सालको आन्दोलनको समयदेखि भने विशेष प्रकारले परेको देखिन्छ । **सिड (CEDAW)** को प्रतिवेदन र संयुक्त राष्ट्रसङ्घले जारी गरेका महिला हकसम्बन्धी घोषणाले नेपाललाई पनि निकै प्रभावित तुल्यायो । यसका कारण सर्वोच्च अदालतले पनि नारी हकहितका सन्दर्भमा अनेक फैसलाहरू गऱ्यो ।

---

[११६] Postmodern feminism, https://en.wikipedia.org/wiki/Postmodern_feminism.

विश्वमा चलेको नारीवादको प्रभाव पनि नेपाली साहित्य लेखनको क्षेत्रमा परेको कुरा स्पष्ट छ । लैङ्गिक समानताको खोजीका सन्दर्भमा, नारी अस्तित्वका खोजीका सन्दर्भमा तथा पुरुषप्रधान समाजको विरुद्धमा नारीहरूले र पुरुषहरूले पनि साहित्य सिर्जना गरेर बन्धनबाट मुक्तिको चाहना प्रस्तुत गरेका छन् । गोपालप्रसाद रिमाल, विजय मल्ल, पारिजात, मोदनाथ प्रश्रित, सुधा त्रिपाठी, उषा लोहोनी, मोमिला, इन्दिरा प्रसाइँ, जयन्त पोखरेल, कुन्दन शर्मा, कुन्ता शर्मा, वेञ्जु शर्मा आदिले महिलासमस्यालाई प्रशस्तै उठाएका छन् र यस्तो साहित्यले नेपाली महिलाको स्वतन्त्रताका सन्दर्भमा महत्त्वपूर्ण भूमिका बहन गरेको पाइन्छ ।

## ३.५ निष्कर्ष

यस परिच्छेदमा अन्तर्राष्ट्रिय जगतका महिलाहरूको अवस्था कस्तो थियो र उनीहरूले कसरी अधिकारका लागि आन्दोलन गरे भन्ने बारेमा उल्लेख गरिएको छ । संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, जापान, जर्मनी, फ्रान्सजस्ता विकसित देशहरू र चीन, भारतजस्ता विकासोन्मुख देशहरूका महिलाहरूको अवस्था र उनीहरूले विशेष गरी मताधिकारका लागि गरेका सङ्घर्ष तथा आन्दोलनहरूका बारेमा सकेसम्म बिस्तृत रूपमा यहाँ उल्लेख गरिएको छ । महिलाहरूमाथि गरिएका विभेदका कारण कसरी नारीवादको जन्म हुनपुग्यो भन्ने विषय पनि यस परिच्छेदमा उल्लेख गरिएको छ ।

यसरी एकातिर अधिकारका लागि अन्तर्राष्ट्रिय स्तरका महिलाहरू आवाज उठाउँदै आन्दोलन गर्दै थिए भने अर्कोतिर महिला हक अधिकारका लागि लड्ने आन्दोलनकारी महिलाहरूबाट नारीवादको उदय भएको थियो । यस सन्दर्भमा अति दमन र अत्याचारका विरुद्ध लड्दै महिलाहरू पुरुषसरह अधिकारको माग गर्दै अगाडि बढिरहेका छन् र यसकै परिणाम आज समानता उन्मुख कानुन बनाउन विश्वका देशहरू कार्यरत देखिएका छन् ।

चौथो परिच्छेद

# संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू र यसले नेपालको आन्दोलनमा पारेको प्रभाव

## ४.१ परिचय

यस परिच्छेदमा अन्तर्राष्ट्रिय क्षेत्रमा साङ्गठनिक रूपमा महिलाअधिकारका लागि प्रयास कहिलेबाट सुरु गरियो र कसरी महिलालाई समान अधिकार उपलब्ध गराउन पहल भयोभन्नेबारे चर्चा गरिएको छ। यसरी नै यस परिच्छेदमा संयुक्त राष्ट्रसङ्घले अधिकार दिने सम्बन्धमा गरेका सन्धि सम्झौता र सम्मेलनहरूका बारेमा पनि उल्लेख गरिएको छ।

## ४.२ संयुक्त राष्ट्रसङ्घ र महिलाअधिकार

प्रथम विश्वयुद्धपछि सन् १९२० जनवरी १० मा लिग अफ नेसनको स्थापना गरिएको थियो। यसले उल्लेखनीय कार्य गर्न नसकेको ठहर गर्दै अमेरिकी राष्ट्रपति रुजबेल्ट र बेलायती प्रधानमन्त्री चर्चिलले विश्वजगत्मा शान्ति स्थापनामा सहयोग गर्ने र सबै देशको समान विकासमा भूमिका खेल्न सक्ने शक्तिशाली एउटा संस्थाको आवश्यकता अनुभव गरेर सन् १९४१ अगस्त १४ मा घोषणपत्र तयार गरेका थिए। उक्त घोषणपत्रमा पहिला २६ राष्ट्रले मात्र हस्ताक्षर गरेको भए पनि पछि सन् १९४५ अप्रिल २५ मा पचास राष्ट्रले छलफल गरेपछि सन् १९४५ अक्टुवर २४ का दिन संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो।[११७] यसरी धेरै राष्ट्रहरूको सहमतिमा सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घकोस्थापनाको प्रारम्भसँगै यसले महिलाहरूलाई अधिकार सम्पन्न बनाउन अर्थात् महिला र पुरुषमा समानता कायम गर्नअनैकौँ कामहरू गरेको पाइन्छ।

सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्ले महिलासम्बन्धी सहआयोगको स्थापना गरेको थियो। यस सहआयोग मानवअधिकार आयोगसँग सम्बद्ध थियो। सन् १९४६ फेब्रुअरीमा गठन गरिएको मानवअधिकार आयोगको घोषणापत्रमा नै "नैसर्गिक मानवअधिकारमाथि आस्था राख्दै महिला र पुरुषको समान अधिकारका लागि" भन्ने लेखिएको पाइन्छ।[११८] मानवअधिकार आयोगले नरनारीको समानताको कुरा गरे पनि यसले मात्र महिलाको अधिकार सम्बन्धमा काम गर्न नसक्ने अनुभव गरेर सहआयोगको पहिलो अर्थात् अन्तिम बैठकले महिलाहरूका निम्ति छुट्टै आयोग हुनुपर्ने विषयमा

---

[११७] रामकुमार पाँडे, **विश्व परिचय**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५०), पृ. ३८३।

[११८] शिवमाया तुम्बाहाङ्फे, **नेपालमा महिलाआन्दोलन**, (विराटनगर : बाणी प्रकाशन, २०६६), पृ. २४।

मतैक्यता जाहेर गरेको थियो । यसपछि तुरुन्तै आर्थिक तथा सामाजिक परिषद्को निर्णय नम्बर ११(११) अनुसार सन् १९४६ जुन महिनाको २१ तारिखका दिन (२००२ सालमा) महिलाको स्थिति विषयक आयोग (Commission on the Status of Women) गठन गरियो ।[११९]यसले महिलाका सम्बन्धमा विस्तृत रूपमा अध्ययन सुरुगरेको देखिन्छ ।

यसरी नै सन् १९४८ (२००४ सालमा) मा सन् १९४६ फेब्रुअरीमा गठन गरिएको मानवअधिकार आयोगल`विश्वव्यापी रूपमा जारी गरेको **मानवअधिकारको घोषणापत्रको धारा** २ मा कसैले पनि जाति, रङ्ग र लिङ्गका आधारमा भेदभाव गर्न पाइने छैन भन्ने उल्लेख गरेर महिला र पुरुषबीच समानता कायम गर्न खोजेको देखिन्छ ।[१२०] यसरी एकातिर मानवअधिकार आयोगले महिला र पुरुषबीच समानता गर्न खोजेको पाइन्छ भने अर्कोतिर महिलाको स्थिति विषयक आयोगले महिलाका सम्बन्धमा सबै क्षेत्रमा समान अधिकारका लागि उपायहरू अवलम्बन गर्ने र समस्या समाधानका लागि सुझाव दिनेजस्ता कार्यहरू गर्ने गरेको देखिन्छ । त्यस्तै, यस आयोगले पछाडि परेका महिलाहरूको स्थिति सुधार्नका लागि नीतिगत सुझावहरू प्रदान गर्ने, महिलाविरुद्धका अपराधहरू नियन्त्रण गर्ने तथा महिला र पुरुषबीच रहेका असमान व्यवस्थाका सट्टामा समान अधिकारहरूको व्यवस्था स्थापित गर्न समानताउन्मुख विभिन्न कार्यहरू गर्ने गरेको छ । यो स्थिति र हैसियतसम्बन्धी एक उच्चस्तरीय आयोगले गरेका केही कामहरूको उदाहरणमा **महिलाविरुद्धको हिंसा, अपराध र वेश्यावृतिलाई निषेध गर्ने महासन्धि,** १९४९ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेको **महिला र पुरुषलाई ज्यालामा भेदभाव नगर्ने महासन्धि, १९५१** लाई लिन सकिन्छ । यसरी नै सन् १९५४ (२०१० सालमा) मा सम्पन्न संयुक्त राष्ट्रसङ्घको साधारण सभाले संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रहरूलाई सम्बन्धित देशमा परापूर्वकालदेखि चलिआएको महिलाविरोधी कानुन, संस्कृति र व्यावहारिक जीवनमा गरिने भेदभावहरू उन्मूलन गर्न आह्वान गरेको थियो ।[१२१] यसपछि **विवाहित महिलाको राष्ट्रियतासम्बन्धी महासन्धि, १९५७** जारी गरिएको पाइन्छ ।

यसरी एकातिर महिलाको स्थिति विषयक आयोगले काम गर्दै थियो भने अर्कोतिर सन् १९४८ डिसेम्बर १० मा जारी गरिएको मानवअधिकारको विश्वव्यापी धोषणापत्रको प्रस्तावनामा नै बराबर अधिकारको उल्लेख गर्दै नरनारीको समानताप्रति विश्वास गर्ने भन्ने

---

[११९] Commission on the Status of Women,UN Women – Headquarters, www.unwomen.org/en/cs.

[१२०] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या२, पृ. २४ ।

[१२१] **ऐजन** ।

प्रावधान लेखिएको थियो । त्यस्तै, यसको उद्देश्यमा पनि महिलाको स्थिति सम्बन्धमा मस्यौदा गर्ने, बिना भेदभाव अधिकारको उपभोग गर्न पाउने व्यवस्था मिलाउने र असमान व्यवहार रोकथाम गर्ने सम्बन्धमा सुझाव प्रस्तुत गर्ने कुरा पनि उल्लेख गरेको देखिन्छ । यसरी महिलाअधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको यो आयोग प्रथम चरणमा नै उल्लेखनीय काम गर्न सफल भएको थियो । यसरी एकातिर संस्थागत रूपमा संयुक्तराष्ट्रसङ्घ काम गर्दै थियो भने अर्कोतिर महिलाहरूबाट सञ्चालित विश्व महिलाआन्दोलन पनि सन् १९६० को दशकबाट दोस्रो चरणमा प्रवेश गर्न पुगेको थियो । सन् १९६३ मा ब्याटी फ्रिडनले (Betty Friedan) पत्रपत्रिकामार्फत् लेखहरूमा महिलाअधिकारका कुराहरूमा आवाज उठाएकी थिइन् । यसको उदाहरणमा **द फेमिनाइन मिस्टा** (The Feminine Mystia) मा महिलाका अधिकारसम्बन्धी लेख लेखेकालाई लिन सकिन्छ । यसरी महिलावादीहरू एकातिर आन्दोलन गर्दै थिए भने आर्कोतिर सन् १९६३ मा सम्पन्न संयुक्त राष्ट्रसङ्घको साधारण सभाले महिलाउपर हुने सम्पूर्ण भेदभावसम्बन्धी घोषणापत्रको मस्यौदा तयार पार्न सम्बन्धित निकायहरूलाई आह्वान गरेको थियो । फलस्वरूप सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घ र यसको महिलासम्बन्धी आयोगले महिलाउपर हुने सम्पूर्ण भेदभाव निर्मूल पार्ने घोषणापत्रको पहिलो ड्राफ्ट साधारण सभामा प्रस्तुत गर्‍यो । पछि सन् १९६७ को नोभेम्बरमा संयुक्त राष्ट्रसङ्घको महासङ्घले एक प्रस्ताव पारित गरी महिलाविरुद्धका भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्र जारी गरेको थियो । यसलाई संयुक्त राष्ट्रसङ्घको साधारण सभाले पनि सैद्धान्तिक र कानुनी रूपले महिला र पुरुषमा समानता स्थापित गर्न पहिलेको घोषणापत्रमा संशोधन गरेर प्रस्तुत गरेको थियो ।[१२२] यस समयमा अर्थात् सन् १९६६ मा**ब्याटी फ्रिडन**को अध्यक्षतामा राष्ट्रिय महिलासङ्घ स्थापना गरिएको थियो । यस संस्थाले महिला स्वतन्त्रताका लागि कानुनी अधिकार तयार पार्‍यो ।[१२३] यसरी एकातिर **ब्याटी फ्रिडन**जस्ता महिलाहरू अधिकारका लागिबढ्दै थिए भने अर्कोतिर सन् १९६६ मा महिलाहरूबाट लैङ्गिक विभेदको अन्त्य गर्न **नेसनल अर्गनाइजेसन फर विमन** (National Organisation for Women) नाम गरेको संस्था खोलिएको थियोयसलाई छोटकरीमा 'NOW' भनिन्छ । यसरी एकातिर संस्था खोल्दै महिलाहरू अधिकारका लागि अघि बढ्दै थिए भने

---

१२२ शिवमाया तुम्बाहाङ्फे, **बेजिङ्गतिर**, (काठमाडौँ : गैर सरकारी समूह राष्ट्रिय तयारी समिति नेपाल, एन.एन.पि.सि., एन.जि.ओ. कोलिसन, सन् १९५५), पृ. १७ ।

१२३ नैनसिंह महरा, "महिलाअधिकारको सङ्घर्ष : विगतदेखि वर्तमानसम्म," **चेतना**, हरिप्रभा खड्गी र अरू (सम्पा.) (काठमाडौँ : नेपाल महिलासङ्घ, २०७१), पृ. १९२ ।

अर्कोतिर सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घ पनि महिलाविरुद्धको भेदभाव अन्त्य गर्न घोषणापत्र तयार गर्न सफल भयो । यसरी घोषणापत्र तयार गरिएको भए पनि भोषणापत्र सबैका लागि कानुनसरह बाध्यात्मक नहुने केवल निर्देशनात्मक प्रकृतिको मात्र हुने भएकाले यसले सोचेअनुसार काम गर्न नसक्ने भएकाले उक्त महिलाविरुद्धको भेदभाव अन्त्य गर्ने घोषणापत्रलाई कार्यान्वयन गराउन महिलाको स्थितिसम्बन्धी आयोग CSW लाई सन् १९७२ मा उपयुक्त लिखत तयार गर्न 'संयुक्त राष्ट्रसङ्घका महासचिवले नै अनुरोध गरेका थिए । उक्त अनुरोध पछि सन् १९७४ मा सो आयोगले मस्यौदा तयार गर्ने कार्य प्रारम्भ गरेको थियो । सोही प्रयासको परिणामस्वरूप सन् १९७७ मा महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि तयार भएको थियो ।[१२४] हुनत सन् १९७५ मा अन्तर्राष्ट्रिय नारीवर्ष मनाउने घोषणा गर्दा पनि महिलासम्बन्धी छुट्टै महासन्धि ल्याउनु पर्ने कुरामा जोड दिइएको थियो । यसै समयमा सन् १९७५ देखि सन् १९८५ सम्मको दश वर्षलाई संयुक्त राष्ट्रसङ्घले महिला दशक भनी घोषणा गरेको थियो । यसरी महिलाहरूलाई एक सूत्रमा बाँध्ने र उनीहरूको अधिकारको संरक्षण गर्ने उद्देश्यले अनेकौं कामहरू संयुक्त राष्ट्रसङ्को नेतृत्वमा निरन्तर रूपमा भइरहेको थिए । यसरी सन् १९६७ देखि गरेको प्रयास झण्डै बाह्र वर्षको लामो सङ्घर्षपछि सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घले **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि**, १९७९ जारी गरेपछि बल्ल केही हदसम्म समानताको अवधारणा पूरा भएको देखिन्छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले पारित गरेको उक्त महासन्धि ३ सेप्टेम्बर १९८१ देखि प्रभावकारी भएको हो । नेपालले यस महासन्धिलाई २२ अप्रिल १९९१ मा अनुमोदन गरेको छ । सन् १९९६ मा आर्थिक तथा सामाजिक परिषद्को निर्णय नम्बर ६ ले महिलालाई समान व्यवहार गर्ने सम्बन्धमा १९९५ मा बेजिङ्ग सम्मेलनमा पारित गरेको घोषणालाई सबै सदस्य राज्यहरूलाई पूर्ण रूपमा व्यवहारमा लागु गराउन लगाउनु पर्ने कुरा उल्लेख गरेको छ ।

यसरी विश्वमा फैलिन सफल महिलाआन्दोलनका विषय संयुक्त राष्ट्रसङ्घमा पुगे पछि संयुक्त राष्ट्रसङ्घले पनि महिलाका मुद्दामा गम्भीर बन्दै महिला समानता, महिला स्वतन्त्रता, र महिला उत्थानजस्ता विषयमा ध्यान केन्द्रित गर्दै समयसमयमा महिलासम्मेलनहरू सम्पन्न गर्ने गरेको पाइन्छ । यसले महिलावर्ष भनेर सबैको ध्यान

[१२४] सावित्रा भुसाल, “राजनीतिमा महिला सहभागितासम्बन्धी कानुनी व्यवस्था एक विवेचना,” **कार्यपत्र**.(काठमाडौं : अन्तरपार्टी महिला सञ्जाल, २०७० चैत्र ९ र १० गते). पृ. ८ ।

महिलातर्फ आकर्षित गर्ने रणनीति अपनाएको छ, त्यस्तै, महिला दशक भनेर महिलालाई महत्त्व दिएको छ ।

यसरी सबै राष्ट्रहरूले गरेको महिलाआन्दोलन र संयुक्त राष्ट्रसङ्घको, लैङ्गिक समानता कायम गर्ने प्रयासका कारण सदस्य राज्यहरू महिलालाई अधिकार दिन बाध्य भएका देखिन्छन् ।

## ४.३ संयुक्त राष्ट्रसङ्घलेमहिलाअधिकारका लागि गरेका प्रयासहरू

संयुक्त राष्ट्रसङ्घले महिलालाई अधिकार सम्पन्न बनाएर लैङ्गिक समानता कायम गर्नका लागि धेरै कामहरू गरेको छ । संयुक्त राष्ट्रसङ्घले गरेका कामहरूको उदाहरणमा सन् १९७५ लाई नारीवर्ष भनेर नारीको ध्यान आकर्षण गर्नु, प्रथम विश्व महिला (१९७५) सम्मेलनको आयोजना गर्नु,सन् १९७६ देखि १९८५ सम्मको दशवर्षको अवधिलाई महिला दशकको रूपमा मनाउनु, सन् १९८० मा दोस्रो विश्व महिलासम्मेलन आयोजना गर्नु, १९८५ र १९९५ मा तेस्रो र चौथो विश्व सम्मेलन गर्नु आदिलाई लिन सकिन्छ । यस्ता धेरै कामहरू गरेर महिलाहरूमा जागरण ल्याउन निरन्तर संयुक्त राष्ट्रसङ्घले प्रयास गरेको पाइन्छ । ती कामहरूलाई निम्न बुँदामा चर्चा गर्ने प्रयास गरिएको छ :

### ४.३.१ **अन्तर्राष्ट्रिय नारीवर्ष**, १९७५

समानता, विकास र शाान्तिको नारासहित संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारीवर्ष घोषणा गरेको थियो । महिलाले विश्वव्यापी रूपमा समानता प्राप्त गर्नेछन् र महिलाका समस्या र महिलाका विषयहरूलाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा समन्वय गरिनेछ भन्ने लक्ष्य लिनाका साथै विश्वमा शान्ति कायम गर्ने प्रयासस्वरूप यो कार्यक्रम ल्याइएको पाइन्छ ।[१२५] यस नारीवर्षको अवसर पारेर धेरै मुलुकहरूमा सभा सम्मेलनहरू गरिएका थिए । यसको उदाहरणमा इरानले वयस्क शिक्षा (adult literacy) सम्बन्धी कार्यक्रम गऱ्यो भने जर्मनीले सामाजिक स्तर उठाउने सम्बन्धमा बैठक सम्पन्न गऱ्यो ।[१२६]त्यस्तै नेपालले **मुलुकी ऐन**, २०२० मा छैटौं संशोधन गरेको छ । यसरी सन् १९७५ लाई नारीवर्ष मानेका कारण विभिन्न देशमा विभिन्न समूहहरू, व्यावसायिक संस्थाहरू र

---

१२५ International Women's Year, Womens, History.about.com/oct/feminum/a/international _womens_year.htm.

१२६ **Ibid,** p. 37.

विभिन्न समुदायहरूले महिलासमस्याका सम्बन्धमा विभिन्न कार्यक्रमहरू गरेर विश्वको ध्यान आकर्षित गर्ने प्रयास गरेका थिए । यिनै प्रयासहरूका कारण महिलाहरूलाई कसरी निर्णायक तहमा पुऱ्याउने अनि कसरी देशको विकासमा टेवा पुऱ्याउन महिलासहभागिता परिचालन गर्ने भन्ने सम्बन्धमा छलफल गर्न थालिएको पाइन्छ । यसले गर्दा कानुनमा संशोधन गरिएको पनि देखिन्छ । यसको उदाहरणमा वालविवाह हटाउने, विवाहका लागि उमेर तोक्ने, दाइजो प्रथा निर्मूल गर्ने, अन्धविश्वास हटाउने, देहव्यापार नियन्त्रण गर्ने र साक्षरता अभिवृद्धि गर्नेजस्ता प्रावधानहरू कानुनमा राख्न पहल गरिएकालाई लिन सकिन्छ । यसरी महिलावर्ष मानिएका कारण यस समयमा महिला हकहितमा धेरै कामहरू भएका थिए ।

### ४.३.२ **प्रथम विश्व महिलासम्मेलन**, १९७५

संयुक्त राष्ट्रसङ्घले महिला वर्ष घोषणा गरेको सन् १९७५ को जुन महिनामा नै महिलामाथि भएका सबै प्रकारका भेदभाव उन्मूलन गर्न तयार पारेको घोषणपत्रलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्ने उद्देश्यले मेक्सिको सिटीमा पहिलोपटक सम्मेलन सम्पन्न भएको थियो । शीतयुद्ध (Cold War) को समय भएकाले धेरै देशले महिलासम्मेलनको आयोजना गर्न अनकनाइरहेको बेलामा यो सम्मेलन गरिएको थियो । १९ जुनदेखि २ जुलाईमा भएको यस सम्मेलनमा विश्वभरका १३० देशको सहभागिता रहेको थियो । यसले विभिन्न विषयमा छलफल गर्नाका साथै धेरै उपलब्धिहरू पनि प्राप्त गरेको थियो । यस सम्मेलनमा उद्देश्यअनुरूप महिलाउपर हुने सबै प्रकारका भेदभाव निर्मूलसम्बन्धी घोषणापत्रको कार्ययोजनाको कार्यान्वयन प्रक्रियाका बारेमा छलफल भएको थियो । महिलाहरूलाई नीतिनिर्माणका तहमा बढीभन्दा बढी समावेस गराउने विषयमा पनि छलफल भएको थियो भने महिलाहरूले गर्ने दैनिक कार्यको पहिचान गरी त्यसलाई आर्थिक मान्यता दिने सम्बन्धमा पनि छलफल भएको थियो । त्यस्तै, महिलाहरूलाई नागरिक तथा पुरुषसरह समान दर्जा दिने सम्बन्धमा छलफल हुनाका साथै महिलाहरूका निम्ति रोजगारी र शिक्षाको अवसर बढाउँदै लाने सम्बन्धमा पनि यस कार्यक्रममा छलफल गरिएको थियो । यो प्रथम सम्मेलन महिलाका सवालमा खुलेर छलफल गर्न त सफल भयो तर कार्यान्वयनतर्फ भने त्यति सन्तोषजनक उपलब्धि हासिल गर्न भने सकेन । तर पनि यसै समयमा एकातिर सन् १९७५ देखि सन् १९८५ सम्मको दश वर्षलाई नारी दशकको रूपमा

मनाउने भनिएको थियो भने अर्कोतिर यसै अवधिमा **महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धि**, १९७९ महिलालाई सशक्त बनाउने लक्ष्य लिएर आएको थियो ।[१२७] यी दुवै उपलब्धिलाई प्रथम विश्व महिलासम्मेलनकै देन मान्न सकिन्छ ।

### ४.३.३ **महिलादशक** (**१९७६ देखि १९८५ सम्म**)

संयुक्त राष्ट्रसङ्घले सन् १९७५ लाई नारीवर्षका रूपमा मनाएपछि सन् १९७६ देखि सन् १९८५ सम्मको १० वर्षलाई महिलादशकका रूपमा मनाउने निर्णय गरेको थियो । यस अवधिमा महिला जागरणको लहर फैलाउन धेरै कामहरू भएको पाइन्छ । महिला उत्थानका कार्यक्रमहरू गर्न महिलावादीहरूलाई यस अवधिमा थप उर्जा मिलेको थियो । संयुक्त राष्ट्रसङ्घले सन् १९७६ जनवरी १ बाट समानताको मूल उद्देश्य लिएर यो महिला दशकको प्रारम्भ गरेको थियो । यस अवधिमा ३ वटा मुख्य बैठक बसेको पाइन्छ । पहिलो मेक्सीको सिटीको सम्मेलन ५ महिनापछि भएको, दोस्रो कोपेनहेगनको १९८० को सम्मेलन र तेस्रो नैरोबीमा १९८५ मा भएको सम्मेलन थिए । यसमा समान ज्याला, महिलाविरुद्धका हिंसा र मानव अधिकारका विषय उठाइएका थिए ।[१२८]

### ४.३.४ **दोस्रो विश्व महिलासम्मेलन**, १९८०

महिला दशकको अवधिभित्र नै दोस्रो विश्व महिलासम्मेलन सन् १९८० मा डेनमार्कको राजधानी कोपेनहेगनमा आयोजना गरिएको थियो । यो दोस्रो विश्व महिलासम्मेलनको नारा "महिलाका निम्ति रोजगारी, स्वास्थ्य र शिक्षा" भन्ने राखिएको थियो ।त्यस्तै, यो सम्मेलनले विकासमा महिलाहरूको उल्लेखनीय सहभागिताका लागि अधिकार, अवसर र उत्तरदायित्वका लागि समानता प्रदान गर्ने कुरामा छलफल गर्दै त्यस्तो अवसरबाट लाभ पाउने तथा उक्त कार्य गर्ने स्वयं महिला नै क्रियाशील भएर कार्यकर्ताका रूपमा कार्य गर्नुपर्ने व्याख्या समेत गरेको थियो । महिला दशकका अवधिमा भए गरेका कामहरूको मूल्याङ्कन गर्दै यस सम्मेलनले कानुनी समानता कायम गर्नु र आधिकारिक भेदभाव निर्मूल गर्नुलाई वास्तविक समानता हो भन्ने व्याख्या पनि गरेको पाइन्छ । यस सम्मेलनको परिणाम

---

[१२७] **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि-१९७९**(CEDAW),(काठमाडौँ : श्री ५ को सरकार, महिला विकास महाशाखा, श्रम तथा समाज कल्याण मन्त्रालय र युनिसेफ, १९९७)।

[१२८] MarcellaC. Genelli, UN Decade for Women, htpp//qs:www.britannica.com/topic/united_national_Decade_for_women.

स्वरूप महिलाउत्थानका सन्दर्भमा भएका प्रयासहरूबाट सिर्जित उपलब्धिहरू निम्नबमोजिम हेर्न सकिन्छ[१२९]:

- सहभागी देशका कार्यपालिकाहरूले नीतिनिर्माण र राजनीतिमा महिलाहरूको समान सहभागिताको ग्यारेन्टी गर्नुपर्ने,
- सहभागी देशहरूले आआफ्ना देशमा महिलासम्बन्धी कार्य गर्न छुट्टै आयोग वा कार्यालय स्थापना गर्नुपर्ने,
- उक्त देशभित्र स्थापना गरिएको आयोग वा कार्यालयको प्रभावकारी सम्बन्ध राष्ट्रिय स्तरमा कार्यरत महिलासम्बन्धी गैह्रसरकारी संस्थाहरूसँग हुनुपर्ने,
- सञ्चार माध्यममा महिलाहरूको सकारात्मक छवि प्रस्तुत गर्नका लागि अध्ययन अनुसन्धान गर्ने र
- सरकारी तथा गैह्र सरकारी संस्थाहरूको आपसी सहयोगबाट हरेक तहमा तालिम, रोजगारी र पारिश्रमिकमा महिलालाई समानता प्रदान गर्ने ।

यसरी राष्ट्रसङ्घीय महिला दशकको अन्ततिर महिला समानता, विकास र शान्तिका लागि कार्यान्वयन कार्यक्रमहरू स्वीकृत गरिएको थियो । यति मात्र होइन यस सम्मेलनले महिला सहभागिताको विकास कार्यमा महत्त्व र विकास दुवै रूपमा महिलालाई राख्नुपर्ने थप कार्यनीति पनि स्वीकृत गरेको थियो । यसरी पुनः समर्थन गरिएको कार्यनीतिले सामाजिक र आर्थिक परिवर्तनमा दूरगामी परिणाम ल्याउने उपयुक्त उपायहरू केके हुन सक्छन् भनेर आह्वान पनि गरेको थियो । यति मात्र होइन यो दोस्रो सम्मेलनले महिलाका अवस्थाबारे अत्याधुनिक तथ्याङ्क र काल दिशा उल्लेख गरेर विश्लेषण तयार गर्न पनि आह्वान गरेको थियो । यसरी हेर्दा यो सम्मेलन धेरै महत्त्वपूर्ण हुन पुगेको पाइन्छ ।

### ४.३.५ तेस्रो विश्व महिलासम्मेलन, १९८५

सन् १९८५ मा केन्याको राजधानी नैरोबीमा जुलाई महिनाको १५ गतेदेखि २६ गते सम्म ११ दिन तेस्रो महिला विश्वसम्मेलन सम्पन्न भएको थियो ।[१३०] यस सम्मेलनमा १५७ देशका प्रतिनिधिहरूको सहभागिता थियो । यो सरकार, समाज र निजी क्षेत्र मिलेर सम्पन्न

---

[१२९] **ऐजन**, पृ. २८ ।

[१३०] Nairobi Convention, https://en wikipedia.org/wiki/Nairobi-convention.

भएको थियो । यस सम्मेलनको मूल प्रस्तावका रूपमा महिला दशकका अवधिमा सदस्य राष्ट्रहरूलाई महिलाविकाससम्बन्धी तोकिएका उद्देश्यहरू पूरा गर्न कस्ताकस्ता बाधा अड्चनहरू आएका थिए पहिचान गरी निराकरणका लागि विकल्प सुझावहरू प्रस्तुत गर्नु रहेको थियो । त्यस्तै, पहिला भएका सम्मेलनहरूबाट केके प्रगतिहरू भएका थिए सोको निर्धारण गर्नु पनि यसको उद्देश्य थियो । संयुक्त राष्ट्रसङ्घले राखेका उपलब्धिहरूमध्ये महिला दशकको १० वर्षको अवधिमा १२४ सदस्य राष्ट्रहरूमध्ये केही सदस्य राष्ट्रहरूले केही मात्र उपलब्धिहरू प्राप्त गर्न सफल भएको प्रतिवेदनहरू प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदनमा सामाजिक समस्या डरलाग्दो रूपमा रहेका कारण महिलाको समान सहभागिता हुन नसकेको कुरा उल्लेख गरिएको थियो । उक्त प्रतिवेदनलाई आधार मान्दै यस सम्मेलनले महिलाहरूको अधिकारका लागि काम गर्न सन् २००० सम्मको योजना प्रस्तुत गरेको पाइन्छ । यस योजनालाई **नैरोबी अग्रदर्शी रणनीति** योजना भनेर चिनिन्छ । त्यस्तै यस सम्मेलनले महिलाहरूलाई रोजगारीको अवस्था श्रृजना गर्ने, महिलाको स्वास्थ्य अवस्थामा सुधार ल्याउने, महिलाहरूलाई पुरुषसरह शिक्षा प्रदान गर्ने र कानुनमा विद्यमान भेदभाव हटाउने जस्ता महत्त्वपूर्ण निर्णयहरू गरेको थियो र यसले गर्दा यो सम्मेलन महत्त्वपूर्ण हुन पुगेको छ ।[१३१]

नैरोबी अग्रदर्शी रणनीतिअनुरूप कार्य सम्पन्न गर्न यसैको परिणामस्वरूप संयुक्त राष्ट्रसङ्घ विकास कोषको स्थापना गरिएको पाइन्छ । त्यस्तै, नैरोबी सम्मेलनकै परिणामस्वरूप सन् १९८६ मा विकासमा महिलाको भूमिका नामक प्रथम विश्व सर्वेक्षण प्रतिवेदन पनि प्रकाशित गरिएको थियो । यही सम्मेलनका कार्यहरूलाई निरन्तरता दिन नै सन्१९९४ मा इजिप्टको राजधानी कायरोमा जनसङ्ख्या र विकाससम्बन्धी सम्मेलन गरिएको थियो । यस सम्मेलनमा महिला सशक्तीकरण गर्ने, बालबालिकाको स्थिति सुधार्नेसम्बन्धी विषय पनि नैरोबी सम्मेलनकै निरन्तरताको रूप थियो । यसरी महिलाअधिकारका सम्बन्धमा नैरोबी सम्मेलन महत्त्वपूर्ण हुन पुगेको छ ।

### ४.३.६ चौथो विश्व महिलासम्मेलन, १९९५ र नेपाल

सन् १९९५ को सेप्टेम्बर ४ देखि सेप्टेम्बर १५ सम्म चिनको राजधानी बेजिङ्गमा चौथो विश्व महिलासम्मेलनको आयोजना संयुक्त राष्ट्रसङ्घको पहलमा सम्पन्न भएको थियो । यस सम्मेलनमा विश्वका १८१ राष्ट्रले आफ्ना प्रतिनिधिहरू

[१३१] बलराम आचार्य, **लैङ्गिक अध्ययन**, (काठमाडौं : नेसनल बुक सेन्टर, २०६०), पृ. २४७ ।

पठाएका थिए । यो सम्मेलन यसभन्दा अगाडि भएका सबै सम्मेलनभन्दा बृहत र महत्त्वपूर्ण साबित भएको छ । यस सम्मेलनमा १८९ देशबाट ५ हजार प्रतिनिधिहरू, गैरसरकारी संस्थाबाट चारहजार प्रतिनिधिहरू र करिब चारहजार सञ्चारकर्मीहरू लगायत करिब १७ हजारले भाग लिएका थिए ।

यस सम्मेलनमा विगतका सम्मेलनद्वारा पारित निर्णयहरूको पुनरावलोकन गरिएको पाइन्छ । त्यस्तै, संयुक्त राष्ट्रसङ्घको घोषणापत्र र महासन्धिहरूको पनि पुनरावलोकन गरिएको थियो । यस सम्मेलनले नैरोबी अग्रदर्शी रणनीतिको उद्देश्य कतिसम्म प्राप्त हुन सक्यो भन्नेबारेमा पनि मूल्याङ्कन गरेको थियो । यसरी पहिलेका विषयहरूमा पुनरावलोकन गर्नाका साथै कसरी विश्वमा महिलासमानता कायम गर्ने, कसरी बैठकमा पारित प्रस्तावहरू, प्रतिबद्धताहरू र घोषणाहरूलाई कार्यान्वयनको दिशातर्फ अगाडि बढाउने अनि कसरी महिलाको विकास र विश्वमा शान्ति प्राप्त गर्ने भन्नेतर्फ पनि छलफल केन्द्रित हुन पुगेको थियो । ती महत्त्वपूर्ण प्रतिबद्धताहरूको उल्लेख तल गरिएको छ :

(१) महिलाको मानवअधिकारलाई सबै मानवअधिकार र नैसर्गिक स्वतन्त्रताको महत्त्वपूर्ण, अभिन्न र जन्मसिद्ध एउटा पाटोका रूपमा पूर्ण कार्यान्वयन सुनिश्चित गर्नुपर्छ,

(२) समाजका सबै पक्षमा निर्णय गर्नेदेखि, पद र शक्तिमा समेत, समानताको आधारमा महिला सशक्तीकरण र सामाजिक सहभागिता, विकास, शान्ति र समानताका लागि आवश्यक कुरा हो भन्ने बुझ्नु पर्दछ,

(३) महिलाका अधिकारहरू मानवअधिकारकै सवालहरू हुन् भन्ने बुझ्नु पर्दछ,

(४) स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वशान्ति प्राप्त गर्ने अधिकार महिलाविकाससँग सम्बन्धित छ किन भने महिला, शान्ति आन्दोलन र द्वन्द्व समाधानको नेतृत्वकारी शक्तिले महिलामाथि हुने सबैखाले भेदभावको अन्त्य गर्ने र उनीहरूलाई संरक्षण गर्ने वातावरण सृजना गर्दछ भन्ने बुझ्नु पर्दछ ।

यस्ता प्रतिबद्धताहरू जाहेर गर्नाका साथैयस चौथो सम्मेलनमा बेजिङ्ग घोषणापत्र, बेजिङ्ग कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू दस्ताबेजहरू र रणनीतिक लक्ष्य र

कार्यहरूसम्बन्धी दस्तावेजहरू पनि पारित गरिएका थिए ।[१३२] अर्को नयाँ विषय यस सम्मेलनले गैह्र सरकारी, सरकारी र नीजि क्षेत्रको प्रयत्नलाई सँगसँगै लानुपर्ने प्रतिवद्धता पनि व्यक्त गरेको पाइन्छ । यसका साथै यस सम्मेलनले महिलाका संस्थाहरू र महिलासङ्घ सङ्गठनहरू र राजनीतिक दलहरूले गर्नुपर्ने कार्यहरू पनि उल्लेख गरेको छ ।

सन् १९९१ (वि.सं. २०४८) मा प्रजातन्त्र आएपछि मात्र नेपालले CEDAW महासन्धिमाहस्ताक्षर गरेको थियो । त्यसैले सन् १९९५ मा बेजिङ्गमा सम्पन्न चौथो विश्वसम्मेलनमा नेपालले पनि सहभागिता जनाउन पाएको थियो । यसभन्दा अगाडिसम्म भएका महिला सम्मेलनहरूले लाखौँलाख महिलाहरूको सपना साकार पार्ने प्रतिवद्धता गरेको भए पनि सहभागी राष्ट्रहरूले आफ्नो राष्ट्रमा आवश्यक पूर्वाधारहरूको अभावका कारण निर्धारित समयमा उद्देश्य पूरा गर्न सकेका थिएनन् । यस सम्मेलनमा ती सबै अभावमा पूर्णता दिने सोच राखेका कारण यो सम्मेलन महत्त्वपूर्ण मानिएको थियो भन्ने N.G.O. Forum की संयोजक डा. सुपात्रा मास्दितले 'A conference with a diffrence' भनेकोबाट पनि यो सम्मेलन विशेष रहेछ भन्ने बुझ्न सकिन्छ । यस सम्मेलनमा भाग लिन जानका लागि चौथो विश्व महिला तयारी सम्मेलन बेजिङतिर सांसद साहना प्रधानको संयोजकत्वमा एक वर्षअगाडि नै गठन गरिएको थियो । यस तयारी समितिको सचिव अन्जना शाक्य थिइन् भने कोषाध्यक्ष शशी श्रेष्ठ थिइन् । त्यस्तै सदस्यहरू प्रा.डा. शान्ता थपलिया, बन्दना कोइराला, प्रतिभा सुवेदी, गुणलक्ष्मी शर्मा, कमला ढुङ्गेल, शिबमाया तुम्बाहाङ्फे, डा. आरजु राणा देउवा, तारा उप्रेती, अमृता बाँस्कोटा, डा. अरुणा उप्रेती, दुर्गा घिमिरे, दुर्गा सोब र तुला शर्मा थिए । यस तयारी समितिका सदस्यहरू लगायत यस चौथो सम्मेलनमा तल्लो स्तरका महिला, गैह्र सरकारी संस्थाका प्रतिनिधि, अधिकारकर्मी महिला र सरकारी प्रतिनिधिहरूको सहभागिता थियो । त्यसैले यस सम्मेलनमा महिलाको सहभागिता धेरै भएको पाइन्छ । सन् १९७५ मा मेक्सिको सिटीमा गरिएको प्रथम सम्मेलनमा ६००० महिला सहभागी थिए भने सन् १९८० मा कोपेन हेगनमा भएको दोस्रो महिला विश्वसम्मेलनमा ८००० महिलाको सहभागिता थियो । त्यस्तै, सन् १९८५ मा नैरोवीमा सम्पन्न तेस्रो महिला विश्वसम्मेलनमा १५००० महिलाको सहभागिता थियो । यस चौथो सम्मेलनमा भने ३६००० महिलाहरूले सहभागिता जनाएका थिए । यसबाट महिलाहरू चेतनशील हुँदै गएका रहेछन् भन्ने बुझिन्छ ।

यस चौथो सम्मेलनमा बेजिङ्ग घोषणापत्र, बेजिङ्ग कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू, दस्ताबेजहरू र रणनीतिक लक्ष्य र कार्यहरूसम्बन्धी दस्तावेजहरू पारित गरिएका

---

[१३२] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या२, पृ. २९ ।

थिए ।[१३३] तीमध्ये १८९ राष्ट्रका प्रतिनिधिहरूले हस्ताक्षर गरेको बेजिङ्ग कार्यमञ्चमा १२ वटा (twelve critical areas of concern) विषयलाई अध्ययनको क्षेत्र बनाएको थियो ।

ती १२ वटा विषयलाई कार्यान्वयन गर्ने उद्देश्ययले महिला तथा समाज कल्याण मन्त्रालयले विभागीय माननीय मन्त्रीको अध्यक्षतामा बेजिङ्ग कार्यमञ्च राष्ट्रिय अनुगमन समिति गठन गरेको थियो । यस समितिले ती १२ वटा विषयहरूको छुट्टाछुट्टै उपसमितिहरू गठन गरेर अध्ययन गरेको पाइन्छ ।[१३४] ती उपसमितिहरूमा सम्बन्धित मन्त्रालयका प्रतिनिधि, विषय विज्ञ, अधिकारकर्मी र गैह्र सरकारी संस्थाका प्रतिनिधिहरू सदस्य रहेका थिए ।[१३५]

यस चौथो सम्मेलनले प्रस्तुत गरेका बाह्रवटा चासोका विषयहरूमा केन्द्रित रही भिन्दाभिन्दै शीर्षकअन्तर्गत छुट्टाछुट्टै रणनीति, लक्ष्य र कार्यक्रमहरू निर्धारण गर्नाका साथै प्रतिबद्धतासमेत जाहेर गरेको थियो । यसरी यस चौथो सम्मेलनले समयअनुसारको जनशक्ति तयार पार्न महिलाहरूलाई वैज्ञानिक, प्राविधिक, आर्थिक र राजनीतिक रूपले दक्ष बनाउने लक्ष्य लिनाका साथै विकासका प्रक्रियाहरूमा महिला सहभागिता गराउन उनीहरूलाई सशक्तीकरणतर्फ उन्मुख गराउने लक्ष्य पनि लिएको देखिन्छ । यसरी यस सम्मेलनले 'प्लेटफर्म अफ एक्सन' (Plate Farm of Action) नाम दिएर लैङ्गिक समानता, विकास र शान्तिको बाटोमा महिलाहरूको समान सहभागिता गराउन विश्वव्यापी नीतिको तर्जुमा गर्ने र नैरोबी अग्रदर्शी रणनीतिले तय गरेको अनि कार्यान्वयन गर्न भने नसकेको योजनाहरूलाई पूरा गर्ने सम्बन्धमा कार्ययोजना घोषणा गरेको पाइन्छ ।[१३६] यसरी हेर्दा यो सम्मेलन विश्वका महिलाहरूलाई एकै ठाउँमा भेला गराएर आ-आफ्ना समस्याहरूमा छलफल गराउन सफल भएको थियो भने यसले महिलाआन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा मार्गहरू किटान पनि गरिदिएको थियो । विश्वभरिकै महिलाहरूलाई आफ्नो हकअधिकार प्राप्त गर्न झकझक्याउने काम पनि यसले गरेको छ । त्यसैले महिलाआन्दोलनको जगत्मा यो चौथो सम्मेलन महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । यसपछि साउथ एसियन महिलाहरूको एक्सन कमिटि गठन गरिएको थियो । यसलाई The South Asian Women:s Caucus भनिएको

---

[१३३] **ऐजन**, पृ. २९ ।

[१३४] परिशिष्ट १० ।

[१३५] परिशिष्ट ११ ।

[१३६] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या २, पृ. ३० ।

पाइन्छ। यस पछि सन् १९९४ डिसेम्बर १ देखि ३ सम्म बङ्गलादेशको मानिक गुञ्ज कोइट्टामा साउथ एशियन महिलाहरूले सामाजिक अवस्थाका बारेमा आआफ्नो धारणा राख्न Center for Social Rescarch (C.S.R.) खोलेका थिए।[१३७] यसले सबै महिलाहरूले अधिकारका लागि झन् संयुक्त रूपमा सङ्घर्ष गर्नुपर्ने निष्कर्ष निकालेको देखिन्छ। यसैगरी अप्रिलमा नयाँ दिल्लीमा बसेको बैठकले सांस्कृतिक, कानुनी र प्रशासनिक क्षेत्रको कुरा पनि थप गरेको थियो। त्यस्तै, राजनीतिक अधिकार नपाई महिला सशक्त हुन नसक्ने ठहर गर्दै निम्न उद्देश्य भएका South Asia Coordination Committee on Political Empowerment of Women (SACPEW) पनि गठन गरियो,जसका उद्देश्यहरू निम्नलिखित थिए :

(क) राजनीतिक र अन्य निर्णय गर्ने ठाउँमा महिला र पुरुषलाई समान रूपमा पुऱ्याउने,

(ख) नराम्रा गतिविधिलाई हटाउँदै सफा राजनीति गर्न सुसंस्कारको विकास गर्ने,

(ग) समानता कायम गर्न बाधक हुने सांस्कृतिक गतिविधिहरू र प्रथा परम्पराहरूको विरोध गर्ने,

(घ) समाजमा लैङ्गिक समानता कायम गर्दैं, महिलालाई राजनीतिमा समान सहभागी गराउन महिलाआन्दोलनलाई सशक्त बनाउने,

(ङ) सबै सार्वजनिक महिलाका मुद्दामा ध्यान पुऱ्याउन समान सहभागिताका लागि आवाज उठाउने,

(च) समान सहभागिताका लागि राजनीतिक दलहरू, कर्मचारी प्रशासन, ट्रेड युनियन, गैह्र सरकारी संस्थाहरू र अन्य सामाजिक समूहहरूसँग मिलेर काम गर्न पहल गर्ने,

(छ) महिलाहरूलाई योग्य बनाउन नेतृत्व विकास र व्यवस्थापन सम्बन्धमा तालिम दिन संस्थाहरू खोल्ने।[१३८]

प्रस्तुत उद्देश्यहरू पूरा गर्ने क्रममा नै साउथ एशियन रिजनल कन्फ्रेन्स “टुवार्डस् इक्वेल पोलिटिकल पाओर,साउथ एशियन ओमेन्स भ्वाइस” (South Asian National Conference Towards Equel Political Power South Asian Women's Voice) भनेर सन्

---

[१३७] ए.बी.सी. नेपाल एन्ड ओमेन अवेरनेस सेन्टर नेपाल, **टुवार्डस् इक्वेल पोलिटिकल पावर साउथ एशियन ओमेन्स भ्वाइस**, (काठमाडौं : रिजनल सेमिनार रिपोर्ट, ३...४ अगष्ट १९९५), पृ. ४।

[१३८] **ऐजन**, पृ. ६।

१९९५ अगस्त ३ र ४ का दिन नेपालको काठमाडौँमा पनि दुई दिने सेमिनारको आयोजना गरिएको थियो । सार्क देशका प्रतिनिधिहरूले कन्ट्री पेपर (Country Paper) प्रस्तुत गरेको यस सेमिनारमा मङ्गला देवी र साहना प्रधानको पनि उपस्थिति थियो । यसले समान राजनीतिक अधिकार र नीतिनिर्माण तहमा महिलालाई पुऱ्याउनै पर्ने अडान लिएको पाइन्छ ।[१३९]

## ४.४ महिलाको अधिकार स्थापित गर्न नेपालले अनुमोदन गरेका केही अन्तर्राष्ट्रिय सन्धि र महासन्धिमा भएका व्यवस्थाहरू

नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्य भएपछि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरेको छ । हाम्रो कानुनमा नेपालले अनुमोदन गरेको सन्धि नेपालको राष्ट्रिय कानुनसरह लागु हुनेछ भन्ने व्यवस्था रहेको छ । अन्तर्राष्ट्रिय महासन्धिसँग राष्ट्रिय कानुन बाझिएमा अन्तर्राष्ट्रिय महासन्धि लागु हुने व्यवस्था छ ।[१४०] त्यसैले कानुनसरह रहेको अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरूले महिलालाई प्रदान गरेका अधिकारहरूका बारे चर्चा गर्ने क्रममा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धित, १९७९ का बारेमा महिलासम्बन्धी व्यवस्थाको उल्लेख गरिएको छ ।

### ४.४.१ मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

यसले मानवको जन्मजात स्वतन्त्रता, समान अधिकार र समान महत्त्व हुनुपर्दछ भन्ने मान्यतालाई स्वीकार गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कुनै पनि जाति,लिङ्ग, भाषा, धर्म, राजनीतिक, सामाजिक, सांस्कृतिक वा आर्थिक पक्षको आधारमा महिला र पुरुषबीच भेदभाव हुनुहुन्न भन्ने मान्यतालाई आत्मसात गरेको छ ।

### ४.४.२ नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६

**धारा २**

[१३९] **ऐजन**, पृ. ३४ ।

[१४०] **नेपाल सन्धि ऐन**, २०४७, दफा ९ (क) ।

नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ को धारा २ को १ मा आफ्ना इलाका तथा आफ्ना अधिकारका भूभाग भित्र सम्पूर्ण व्यक्तिलाई जाति, रङ्ग, लिङ्ग,भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै प्रकारको भेद नगरी यस अनुबन्धमा स्वीकृत अधिकारको सम्मान एवं सुनिश्चितता प्रदान गर्न यस अनुबन्धका पक्ष राष्ट्र लिखित प्रतिज्ञा गर्छन् भनिएको छ ।

**धारा ३**

धारा ३ मा यस अनुबन्धमा प्रस्तुत नागरिक तथा राजनीतिक अधिकार उपभोग गर्ने पुरुष एवं महिलाको समान अधिकार सुनिश्चित गर्न यस अनुबन्धका पक्ष राष्ट्रहरू लिखित प्रतिज्ञा गर्छन् भनिएको छ ।

**धारा ६**

धारा ६ को उपधारा ५ मा १८ वर्ष उमेर नपुगेको व्यक्ति र गर्भवती महिलालाई मृत्युदण्ड दिइने छैन भन्ने व्यवस्था छ ।

**धारा २४**

धारा २४ को उपधारा ३ राष्ट्रियता प्राप्त गर्ने प्रत्येक बालक र बालिकाको अधिकार छ भनी समान व्यवस्था गरिएको छ ।

**धारा २५**

धारा २५ को उपधारा २ मा उल्लेख गरिएको कुनै पनि भेद तथा अनुचित नियन्त्रण बिना प्रत्येक नागरिकलाई निम्न अधिकार तथा मौका हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधि मार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने,

(ख) सर्वव्यापी तथा समान मतदान एवं गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्ति सुनिश्चित गरिएको निष्पक्ष आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने,

(ग) समानताको सामान्य नियममा आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

**धारा २६**

धारा २६ मासम्पूर्ण व्यक्ति कानुन समक्ष समान छन् तथा कुनै भेदभाव विना कानुनको समान रक्षामा सहभागी छन् र यस सम्बन्धमा कानुनले कुनै पनि भेदलाई निषेध गर्नेछ तथा जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म राजनीतिक अथवा अन्य विचार, राष्ट्रियता अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा स्थानजस्ता आधारमा हुने भेदभाव विरुद्ध सम्पूर्ण व्यक्तिलाई समान एवं प्रभावकारी रक्षा कानुनले सुनिश्चित गर्नेछ भनिएको छ ।.

**धारा २८**

धारा २८ को उपधारा १ मा मानवअधिकार समितिको व्यवस्था गरिएको छ । यो समितिले पक्ष राष्ट्रले पठाएको प्रतिवेदनमाथि अध्ययन गर्दै सम्बन्धित राष्ट्रमा गरिएका मानवअधिकार उलङ्घनका बारेमा प्रश्न उठाउने र यस सम्बन्धमा सुझाव दिने कार्य पनि गर्दछ भनिएको छ ।

### ४.४.३ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ (Convention on Elimination of all Forms of Discrimination Against Women, 1979)

संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि महिलाहरूको लामो सङ्घर्षको परिणामस्वरूप महिला र पुरुषबीच समानता कायम गर्नु पर्छ भन्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्रसङ्घले महिलाको स्थितिसम्बन्धी आयोग (Commission on the Status of Women) गठन गरेको थियो ।[१४१] यसले सन् १९४९ देखि सन् १९५२ सम्म महिलालाई समान रूपमा राजनैतिक अधिकार दिने सम्बन्धमा अध्ययन गरेपछि सन् १९५७ जनवरि २९ मा **The Convention on Nationality of Married Women** ल्याइएको थियो भने सन् १९६२ नोभेम्बर ७ मा विवाहको उमेर तोकिनु पर्ने अनि विवाह दर्ता गरिनु पर्ने जस्ता विषयलाई संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९६५ नोभेम्बरमा अनुमोदन गरेको थियो । अनि

[१४१] Overview of the convention,http://www.un.org/womenwatch/daw/cedaw/history.htm.

महिलाको स्थितिसम्बन्धी आयोगलाई महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी घोषणा पत्रको मस्यौदा गर्न भनिएको थियो ।सन् १९६७ को नोभेम्बर ७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले एक प्रस्ताव पारित गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी घोषणा जारी गरेको थियो । घोषणामा अन्तरनिहित सिद्धान्तहरू अन्तर्राष्ट्रिय कानुन बमोजिम राज्यलाई बाध्यात्मक नभई निर्देशनात्मक प्रकृतिको मात्र हुने भएकाले त्यसलाई बाध्यात्मक रूपमा कसरी कार्यन्वयन गर्ने भन्ने सम्बन्धमा अध्ययन गरी प्रस्तुत गर्नसन् १९७२ मा संयुक्त राष्ट्रसङ्घका महासचिवले महिलाको स्थितिसम्बन्धी आयोगलाई उपयुक्त लिखत तयार गर्न अनुरोध गरेका थिए ।[१४२] सन् १९७४ मा सो आयोगले मस्यौदा तयार गर्ने कार्य प्रारम्भ गरी सन् १९७७ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको मस्यौदा तयार गरेको थियो । उक्त मस्यैदालाई संसारभरका महिलाहरूको अधिकारको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७९ डिसेम्बर १८ मा **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि,** १९७९ का रूपमा रेजोलुशन ३४/१८० अनुसार पारित गरी सबै सदस्य राष्ट्रहरूको अनुमोदन तथा सम्मिलनका लागि खुला राखेको थियो । सन् १९८१ सेप्टेम्बर ३ मा १० राष्ट्र अनुपस्थित भएकाले १३० राष्ट्रहरूले यस महासन्धिमा हस्ताक्षर गरेका थिए ।

नेपालमा २०४७ सालमा प्रजातन्त्र आएपछिसन् १९९१, २२ अप्रिलमा अर्थात् २०४८ सालमा तत्कालीन अन्तरिम सरकारले यसलाई अनुमोदन गरेको थियो । यसलाई पूर्णता दिन सन् २००० डिसेम्बरमा यसको इच्छाधीन आलेखमा पनि अनुमोदन गरिसकेको छ । समानताको सिद्धान्त, भेदभावरहित सिद्धान्त र राज्यको दायित्वको सिद्धान्तमा यो महासन्धि आधारित छ ।[१४३] यस महासन्धिमा ३० धाराको व्यवस्था गरिएको छ । यसको एउटा धाराले स्पष्ट रूपमा यसैअन्तर्गत गठन गरिएको सिड समिति (CEDAW Committee) मा प्रतिवेदन पठाउनु पर्छ भनेको छ । त्यसैले यस अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर र अनुमोदन गरेपछि सम्बन्धित त्यस्ता सबै राष्ट्रहरूमा उक्त महासन्धि आफ्नो देशको कानुनसरह लागू हुनेछ भन्दै

[१४२] International Women's Year, **op cit.**, f.n. 9.

[१४३] सपना प्रधान मल्ल,“महिलाको मानवअधिारको सन्दर्भमा महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि र यसको कार्यान्वियनको अवस्था”, **ल्याक लेन्स**,वर्ष ८, अङ्क २,(२०५८ भाद्र), पृ. ३५-३९ ।

यस महासन्धिमा हस्ताक्षर गरेपछि महिला र पुरुषबीचमा भएका विद्यमान सामाजिक विभेदलाई अन्त्य गर्ने नीतिहरू निर्माण गर्नुपर्दछ पनि भनिएको छ । यस अन्तर्राष्ट्रिय महासन्धिमा अनुमोदन गर्ने प्रत्येक सदस्य राज्यले अनुमोदन गरेको पहिलो एक वर्षमा पहिलो प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ, अनि प्रत्येक चारचार वर्षमा आवधिक प्रतिवेदनहरू सिड समितिमा पठाउनु पर्छ पनि भनिएको छ ।[१४४]यसरी समानता कायम गर्न बाध्यकारी अन्तराष्ट्रिय कानुनका रूपमा यो सन्धि देखिएको छ ।

महिलाका सम्बन्धमा सचेत गराउने यस महासन्धिमा भेदभाव निर्मूल गर्ने सबै विषयहरू समावेश गरिएका छन् । यसका ३० वटा धाराले भेदभावको विस्तृत व्यवस्था गरेको छ ।[१४५]

यसरी महिलासम्बन्धी हक अधिकारहरू लिएर आएको **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ (CEDAW) ले महिलालाई अधिकार प्रदान गर्ने सम्बन्धमा विश्वमा नै तहल्का ल्याइदिएको छ । यस महासन्धिमा हस्ताक्षर गरेका सदस्य राष्ट्रहरूलाई यस महासन्धिले महिलालाई अधिकार दिन बाध्य गराएको देखिन्छ । यस महासन्धिमा बेजिङ्ग कार्ययोजनाको पालना भए नभएका सम्बन्धमा अनुगमन गर्नका लागि गठन गरिएको CEDAW Committee अन्तर्गत प्रत्येक चारचार वर्षमा बुझाउनु पर्ने प्रतिवेदन बुझाए नबुझाएको अनुगमन गर्न सन् २००० को February देखि March सम्मको १ महिनाको समयमा महिलाको स्थितिसम्बन्धी आयोग (Commission on the Status of Women) ले बेजिङ्ग सम्मेलन पछिको ५ वर्षको अवधिमा भएको कार्यप्रगतिको मूल्याङ्कन र अनुगमन गरेको देखिन्छ । यस अनुगमन गर्ने कामलाई 'बेजिङ्ग प्लस' (Beijing+) भनिन्छ ।

Beijing+ ले यस अवधिमा राम्रोसँग काम गरिएको नपाइएपछि संयुक्त राष्ट्रसङ्घले लगत्तै तीन महिनापछि सन् २००० को जुन ५ देखि ९ सम्म पाँच दिने महासभाको विशेष अधिवेशन बोलाएको थियो । यस विशेष अधिवेशनमा सरकारी तथा गैर सरकारी स्तरबाट नेपालको उपलब्धिपूर्ण सहभागिता रहेको थियो । यस अधिवेशनले प्रस्तुत गरेका राष्ट्रिय प्रतिवेदनहरू, जानकारीपत्रहरू तथा अध्ययन प्रतिवेदनले बेजिङ्ग कार्ययोजनाका बारेमा नेपालमा विगत ५ वर्षमा भएका उपलब्धिहरू, कमीकमजोरीहरू, चुनौतीहरू तथा भविष्यमा

[१४४] CEDAW, 1979, Article No. 11.

[१४५] परिशिष्ट ११ ।

गर्नुपर्ने कार्यलाई औँल्याइदिएको पाइन्छ । यस अधिवेशनले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा भविष्यमा गर्नुपर्ने कामहरूलाई समेत मार्गदर्शन गरिदिएको छ ।[१४६]

यसपछि सन् २००५ मा पनि फेरि महिलाको स्थितिसम्बन्धी आयोग (CSW) को तत्त्वावधानमा नै बेजिङ्ग सम्मेलनले तय गरेअनुसारका कार्यहरू भए नभएको मूल्याङ्कन र अनुगमन गर्ने काम भएको थियो । यसलाई बेजिङ्ग प्लस दश (Beijing+१०) भनिएको पाइन्छ । यसरी नै सन् २०१० मा पनि १५ वर्षको कार्यप्रगतिको मूल्याङ्कन र अनुगमन Beijing+१५ का नाममा महिलाको स्थितिसम्बन्धी आयोग (CSW) ले गरेको थियो ।[१४७]

## ४.५ अन्तर्राष्ट्रिय महिलाआन्दोलनले नेपालमा पारेको प्रभाव

सुरुदेखि नै नेपालमा अन्तर्राष्ट्रिय क्षेत्रको प्रभाव पर्दै आएको छ । सुरुका अवस्थामा अप्रत्यक्ष रूपमा प्रभाव परेको थियो भने पछिल्ला अवस्थामा प्रत्यक्षरूपमा प्रभाव पर्ने गरेको छ । विश्वमा भएको महिलाआन्दोलनलाई तीन धारमा विभाजन गरेर हेर्दा दोस्रो धारबाट नेपालमा प्रत्यक्ष प्रभाव बढी पर्न थालेको पाइन्छ । महिलाआन्दोलनलाई ती धारमा विभाजन गरेर हेर्ने हो भने प्रत्येक धारको नेपालमा छुट्टाछुट्टै प्रभाव परेको देखिन्छ ।

संसारभरका महिलाहरूको अधिकारको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७९ डिसेम्बर १८ मा एउटा **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि,** १९७९ प्रस्ताव पारित गरी सबै सदस्य राष्ट्रहरूको अनुमोदन तथा सम्मिलनका लागि खुला राखेको थियो भने सन् १९८१ सेप्टेम्बर ३ मा मात्र लागू गरिएको थियो । यस महासन्धिमा नेपालसहित १६८ राष्ट्रहरूले अनुमोदन गरेका छन् । सन् १९९१, २२ अप्रिलमा तात्कालीन अन्तरिम सरकारले यसलाई अनुमोदन गरेको हो । यसपछि नेपालमा महिलालाई अधिकार दिने सन्दर्भमा ठूलो प्रभाव पारेको देखिन्छ । सिड (CEDAW) ले पारेको प्रभावलाई पहिलो धारमा राख्ने गरिएको पाइन्छ ।

महिलाआन्दोलन सन् १९९० मा पुग्दा राजनीतिक अधिकार कानुनले दिएर मात्र नहुने रहेछ, महिलालाई अधिकार सम्पन्न बनाउनमा सामाजिक संस्कार, रितिस्थिति र प्रथा

[१४६] भुसाल, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ८, पृ. १३ ।

[१४७] Commission on the Status of Women, UN Women – Headquarters,www.unwomen.org/en/cs,**पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३ ।

प्रचलनहरू पनि बाधक हुने रहेछन् अनि यिनीहरूमाथि विजय प्राप्त गर्न पुरुषको सोचमा परिवर्तन ल्याउन आवश्यक रहेछ भन्ने अनुभव गरिएको देखिन्छ र यो समय महिलाआन्दोलनको दोस्रो धारमा राखिएको देखिन्छ ।

सामाजिक परिस्थितिबाट माथि उठेर व्यक्तिगत अधिकारलाई मान्यता दिँदै यौनिकता प्रत्येक व्यक्तिको स्वतन्त्रता हो भन्ने र प्रजनन्अधिकार महिलाको शरीरभित्र जोडिने भएकाले आफ्नो शरीरमाथि आफ्नो अधिकार हुनुपर्ने निर्णय गर्दै निर्णायक स्थान महिलाको हुनुपर्ने आजको वर्तमान समयलाई तेस्रो धार मानिएको पाइन्छ। यी तीन धारका आन्दोलनले कसरी नेपालका कानुनमा प्रभाव पारेका छन् भन्ने चर्चा तल तीन चरणमा छुट्याएर गरिएको छ ।

### ४.५.१ **पहिलो चरण**

पहिलो चरणको आन्दोलनले नेपालमा अप्रत्यक्ष रूपमा प्रभाव पारेको पाइन्छ । यस अवधिमा अर्थात् सन् १७७० को दशकमा अमेरिकाका नवराज्यहरूमा ब्रिटिस पक्षधर र बिपक्षीहरू बीच सङ्घर्ष भएको थियो । त्यसबेला एबिगल अदाम्सले उनका पति जोन अदाम्सलाई फिलाडेल्फिया राज्यको कङ्ग्रेसमा जान लाग्दा “महिलाहरूलाई सम्झिनू” भन्दै महिलालाई अधिकार दिनुपर्छ भन्ने सन्दर्भमा बोलेको समय अर्थात् वि.सं. १८३३ को समयमा नेपालमा भने बडामहाराजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दै थिएर देशको कानुन, धर्म, शास्त्र र बडामहाराजाको दिव्योपदेशका आधारमा चल्दै थियो । यस समयमा पृथ्वीनारायण शाहका छोरा सिंहप्रताप शाहको छिट्टै मृत्यु भएका कारण पृथ्वीनारायण शाहका भाइ बहादुर शाह र प्रतापसिंह शाहकी पत्नी राजेन्द्रलक्ष्मी शाहबीच सत्ताका लागि सङ्घर्ष चल्दै थियो । देवर बहादुर शाहलाई हटाएर राजेन्द्रलक्ष्मी शासनको बागडोर हातमा लिन सफल भएकी थिइन् । यसरी हेर्दा महिलाअधिकारका लागि सङ्घर्ष गर्न प्रथम मानिएको अमेरिकाकी एबिगेल अदाम्सले “कानुन बनाउँदा महिलालाई सम्झनू” भनेका बखत नेपालमा महिलाकै नेतृत्वमा शासन चलेको पाइन्छ । त्यस्तै, अमेरिकाका अधिकारकर्मी स्टान्टन र अधिकारकर्मी सुसन बी. एन्थोनीका भेट सन् १८५१ (वि.सं. १९०८) मा भएपछि महिलाअधिकारको सङ्घर्ष अमेरिकामा चरमोत्कर्षमा पुगेको तथा बेलायतका महिलाहरूले सिफिल्ड महिला राजनीतिक सङ्घ (Sheffield Famele Political Association) खोली अधिकारका लागि सदनसमक्ष निवेदन दिन पुगेको समयमा नेपालका

श्री ३ जङ्गबहादुर प्रथमपटक नेपालका तर्फबाट विदेश भ्रमण गर्न बेलायत गएका थिए । उनको बेलायत भ्रमणले लिखित कानुन हुनुपर्ने रहेछ भन्ने अनुभव गराएका कारण नेपालमा **मुलुकी ऐन,** १९१० प्रथम लिखित कानुन भएर नेपालीका हातमा आएको थियो । यसपछि प्रथमपटक स्त्रीसभा गठन गर्ने प्रयास गरिएको पाइन्छ ।

दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ स्थापनाको समयमा नेपालमा पनि जीबकुमारी, योगमाया, दिव्या कोइराला, मङ्गलादेवीजस्ता महिलाहरू महिलालाई अधिकार दिनु पर्छ भन्दै आन्दोलनमा होमिइसकेका थिए । जीव कुमारीले वि.सं. १९७७ मा सतीप्रथा उन्मूलन गर्न चन्द्र शमशेरलाई चिट्ठी पठाइसकेकी थिइन् भने योगमायाले जुद्धशमशेरसँग भेटेर धर्म राज्यको माग गरिसकेकी थिइन । त्यस्तै, मङ्गलादेवीले प्रजा पञ्चायतको सदस्य र महिलासङ्घको अध्यक्ष भएर पद्मशमशेर कहाँ गएर पढ्नका लागि विद्यालय र मत दिन पाउने अधिकारको माग गरेकी थिइन् ।

यसरी सन् १९४६ मा महिलाको स्थिति विषयक आयोग गठन गरिएको समयसम्ममा धेरै नेपाली महिलाहरू भिन्नभिन्न तरिकाबाट आन्दोलनमा उत्रिसकेका थिए । यसको थप उदाहरणमा २००३ साल फागुन २१ गतेदेखि अर्थात् १९४७ मार्च ४ देखि बिराटनगरमा पाट र सुतका कारखानामा भएको हडतालमा सक्रिय रूपमा भाग लिएका दिव्या कोइराला, इन्दिरा आचार्य, नलिनी उपाध्याय र कामिनी कोइरालालाई २००३ साल चैत्र १४ गते पक्राउ गरिएको र उनीहरूलाई धनकुटा जेलमा राखिएको घटनालाई महिलाआन्दोलनको सक्रियताको उदाहरणमा लिन सकिन्छ ।[१४८] संयुक्त राष्ट्रसङ्घले **मानवअधिकारको विश्वव्यापी घोषणा, १९४८** माप्रत्येक व्यक्ति स्वतन्त्र छ र प्रत्येकलाई नागरिकताको अधिकार प्राप्त गर्न सक्ने अधिकार छ अनि सो प्राप्त गराउनु राज्यको दायित्व हुन्छ भन्ने आदेशजारी गर्न सफल भइसकेको समय अर्थात् २००४ साल नेपाली महिलाका लागि पनि नयाँ अधिकार दिन सफल भएको देखिन्छ । अर्थात् नेपालको प्रथम संविधान नेपालको **वैधानिक कानुन,** २००४ ले महिलालाई मताधिकार प्रदान गरेको थियो । सन् १९५२ मा **नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२** महिलालाई राजनीतिक अधिकार प्रदान गर्न धारा १ र धारा २ लिएर आयो । सायद यसकै प्रभावले होला प्रजातन्त्र प्राप्तिपछि २००८ साल (सन् १९५२) मा **अन्तरिम शासनविधान, २००८** पनि महिलालाई मताधिकार समेत

[१४८] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, चौथो संस्करण, (वाराणसी : कृष्णकुमारी देवी, २०३३), पृ. ४०९ ।

लैङ्गिक विभेद नगर्ने प्रावधान लिएर देखापऱ्यो । २०१२ साल अर्थात् सन् १९५५ मा मात्र नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बन्न सफल भयो । यसपछि मात्र नेपाल विश्वका देशहरूसँग दौत्य सम्बन्ध गाँस्ने क्रम सुरु गर्दै विकासको बाटोमा बढ्न थालेको देखिन्छ ।[१४९] यस चरणमा सन् १९६८ मा Martha Lear ले न्यूयोर्क टाइम्समा लेख लेखेको समयसम्म पर्दछ । यस अवधिमा नेपालमा २०१२ साल वैशाख १ गते नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सदस्य बन्यो । यसरी एकातिर नेपाल विश्व जगत्मा आफ्नो अस्तित्व खोज्दै थियो भने अर्कोतिर विश्वजगत्मा भएको महिलाआन्दोलन दोस्रो चरणमा प्रवेश गर्दै थियो ।

सन् १९६० को सुरुसँगै विश्वको महिलाआन्दोलन पनि दोस्रो चरणमा प्रवेश भएको मानिन्छ । त्यसैले सन् १९६३ अर्थात् वि.सं. २०१९ मा संयुक्त राष्ट्रसङ्घले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी घोषणा पत्रको ड्राफ्ट तयार पार्न सम्बन्धित निकायलाई आह्वान गरेको थियो । यसै दिन **दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि**, १९२७ मा पनि हस्ताक्षर गऱ्यो भने **नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२** मा पनि २०२३ साल वैशाख ८ गते हस्ताक्षर गरेको थियो ।[१५०] यस समयमा अर्थात् २०१९ साल पुष २३ गते (सन् १९६३ जनवरी ७) **दासत्व महासन्धि, १९२७**मा हस्ताक्षर गऱ्यो । यस समयमा नेपालमा पनि **प्रथम मुलुकी ऐन**, १९१० मा तेह्रौँ संशोधन व्यापक रूपले गर्दै **नयाँ मुलुकी ऐन**, **२०२०** जारी गरिएको थियो । यस मुलुकी ऐनले बालविवाह, बहुविवाह, अनमेल विवाहको विरोध गरेको पाइन्छ । सन् १९६५ मा **सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**, **१९६५** जारी गरिएको थियो । त्यस्तै, वि.सं. २०२३ अर्थात् सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घद्वारा **नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध संयुक्त राष्ट्र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र**, **१९६६ (UN Covenant on Civil and Political Right, 1966)** जारी गरेको थियो । यसको धारा ३ ले नर र नारीबीच समानताको अधिकार सम्बन्धमा बोलेको छ भने धारा ६ ले जीवनको अधिकारको सम्बन्धमा गम्भीर अपराधका लागि मात्र मृत्युदण्ड दिन पाइने तर १८ वर्ष मुनिका र गर्भवती महिलाहरूलाई मृत्युदण्ड दिन नपाइने अनि धारा २२ ले विवाहयोग्य नरनारीले स्वतन्त्र निर्णयद्वारा विवाह गर्न र परिवार बसाउन

[१४९] First wave feminism, https://en.wikipedia.org/wiki/First-wave_feminism.

[१५०] शोभा पौडेल पराजुली, “लैङ्गिक न्याय र नागरिकता”, **न्यायदूत**,वर्ष ३७, पूर्णाङ्क १३२, (२०६३ असोज/कार्तिक), पृ. ५० ।

पाउने अनि धारा २४ ले प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्नेजस्ता अधिकारहरू प्रदान गरेको छ ।[१५१] यति मात्र होइन २०२३ साल वैशाख ८ गते (१९६६ अप्रिल २०) **नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२** मा नेपालले हस्ताक्षर गरेको छ । सन १९६६ अर्थात् २०२२/०२३ सालमा नै संयुक्त राष्ट्रसङ्घ र यसको महिलासम्बन्धी आयोगले महिलाउपर हुने सम्पूर्ण भेदभाव निर्मूल गर्नेसम्बन्धी घोषणापत्रको पहिलो ड्राफ्ट नै साधारण सभामा प्रस्तुत गरेको पाइन्छ । यसमा सन् १९६७( वि.सं. २०२३) मा कानुनी र सैद्धान्तिक रूपले समानता कायम गर्ने प्रावधान उल्लेख गर्दै संशोधनसहित साधारण सभाले पनि प्रस्तुत गरेको थियो । यसरी एकातिर संयुक्त राष्ट्रसङ्घ विश्वहितलाई ध्यानमा राखेर सन्धि महासन्धि जारी गर्थ्यो भने अर्कोतिर नेपाल त्यसमा हस्ताक्षर गर्दै सहमति जनाउँथ्यो । यसको उदाहरणमा **जातिजन्य अपराधको रोकथाम र सजायँसम्बन्धी महासन्धि, १९५५** मा पनि २०२५ साल माघ ४ गते हस्ताक्षर गरेकोलाई लिन सकिन्छ । त्यस्तै, २०२७ साल माघ १७ गते (३० जनवरी १९७१) सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९६५ मा पनि हस्ताक्षर गरेको थियो ।

सन् १९७३ अर्थात् वि.सं. २०२९ मा संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषदले सन्धिपत्र मस्यौदा गर्न १५ सदस्यीय कार्यसमिति गठन गरेको थियो ।[१५२] अनि सन् १९७५ लाई महिलावर्षका रूपमा घोषणा पनि गरेको थियो । यसको प्रभावस्वरूप २०३३ सालमा नेपालको **मुलुकी ऐन, २०२०** मा छैटौँ संशोधन गरिएको पाइन्छ । जुन संशोधनले सम्बन्धविच्छेद भएकी स्वास्नीलाई खाने लाउने खर्च भराउने व्यवस्था गरेको पाइन्छ ।[१५३] त्यस्तै, २०३४ साल असार २८ गते (१२ जुलाई १९७७) नेपालले अर्को सन्धि **रङ्गभेद अपराधको दमन दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३** मा पनि हस्ताक्षर गर्‍यो । सन् १९७९ मा **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, १९७९** घोषणा गर्न संयुक्त राष्ट्रसङ्घ सफल भयो । यसपछि सन् १९८१ मा नै यस सन्धिलाई सदस्य राष्ट्रहरूले अनुमोदन गर्न पनि सुरु गरे । सुरुको समयमा नेपालले यसमा अनुमोदन गर्न सकेन । यस समयमा नेपालमा प्रजातन्त्रका लागि सङ्घर्ष भइरहेको थियो । तर नेपालले २०४५ साल फागुन १८ गते (मार्च १ १९८९) **खेलकुदमा रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८५** मा हस्ताक्षर गरेको थियो ।

---

[१५१] **ऐजन**, पृ. ५५ ।

[१५२] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या२, पृ.४ ।

[१५३] शशी अधिकारी, "पारिवारिक कानुनका समस्याहरू र लैङ्गिक न्यायका लागि सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू", **कानून**, अङ्क १०५, (२०७१ असार), पृ. ९ ।

### ४.५.२ **दोस्रो चरण**

सन् १९९० बाट दोस्रो धारको आन्दोलन सुरु भएको मानिन्छ ।[१५४] यस समयमा अमेरिकाले सुरु गरेको महिला अधिकारका कुरा पश्चिम विश्वभर फैलदै थियो भने यस समयबाट नै प्रत्यक्ष रूपमा नेपालमा अन्तर्राष्ट्रिय क्षेत्रको प्रभाव पर्न थालेको थियो । जुन कुराको प्रमाण सन् १९९१ मा**महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९,** CEDAW मा हस्ताक्षर गरेकोलाई लिन सकिन्छ । यस चरणमा महिलालाई समान अधिकार दिनु पर्ने सम्बन्धमा वादविवाद सुरुहुन थालेको थियो । लैङ्गिकता, परिवार, कार्यक्षेत्र, प्रजनन अधिकार सँगै घरेलु हिंसा पनि यस समयको छलफलको विषय हुन पुगेको थियो । नेपाल पनि प्रजातन्त्र प्राप्तिपछि अन्तर्राष्ट्रियजगत्सँग नजिक हुँदै थियो यस कुराको पुष्टि २०४८ सालमामात्र **बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६ र यातना र क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि,** १९८४ सबैमा वैशाख ३१ गते नै हस्ताक्षर गरेकोबाट भएको छ । नेपालमा एकातिर महिलाहरूले आन्दोलन गरेका छन् भने अर्कोतिर तिनै महासन्धि र प्रजातान्त्रिक **नेपालको संविधान, २०४७** को आडमा अधिकारकर्मीहरूले संविधानसँग बाझेका कानुनहरू बदर गराउन रिटहरू दर्ता गरेका छन् । यसरी आन्दोलनकै कारण बाध्य भएर दिएका अधिकारहरूमध्ये कतिपय भने प्रयोग गर्न नपाएको अवस्था देखिन्छ भने कतिपय अधिकारचाहिँ प्राप्त गर्न नसकेको अवस्था पनि देखिन्छ । यसपछि सन् १९९५ मा बेजिङ्गमा सम्पन्न चौथौ विश्वसम्मेलनमा नेपालले सक्रिय सहभागिता जनाएको थियो । यसको उदाहरणमा १६३ पृष्ठ लामो प्रतिवेदन "लैङ्गिक समानता तथा महिला सशक्तीकरण, राष्ट्रिय कार्ययोजना", श्री ५ को सरकार महिला तथा समाज कल्याण मन्त्रालय र क्यानेडियन कोअपरेसन अफिस काठमाडौँको संयुक्त प्रयासमा वि.सं. २०५४ मार्ग महिनामा प्रस्तुत गरेकोबाट बुझ्न सकिन्छ ।[१५५] यस धारको प्रभावस्वरूप नेपालमा पनि सडक र सदन दुवैतिरबाट महिलाहरूले अधिकारका लागि आन्दोलन गर्न थालेका छन् भने न्यायपालिकाले महिलालाई अधिकार सम्पन्न बनाउँदै निर्देशनात्मक आदेश जारी पनि गरेको छ । महासन्धि र **नेपालको संविधान, २०४७** को आडमा अधिकारकर्मीहरूले संविधानसँग बाझेका कानुनहरू बदर गराउन रिटहरू दर्ता गरेको र ती रिटहरूमा निर्देशनात्मक आदेश

---

[१५४] Second Wave of feminism,https://en.wikipedia.org/wiki/Second-wave_feminism,access date 11/23/2016.

[१५५] श्री ५ को सरकार, **लैङ्गिक समानता तथा महिला सशक्तिकरण, राष्ट्रिय कार्ययोजना,** (काठमाडौँ : श्री ५ को सरकार, महिला तथा समाज कल्याण मन्त्रालय एवं क्यानाडियन कोअपरेसन अफिस, २०५४), पृ. ११७ ।

पनि जारी गरिएको पाइन्छ । त्यस्तै,राजनीतिक दलहरूले समेत अन्तर्राष्ट्रियजगत्को प्रभावमा पर्दै **नेपाल अधिराज्यको संविधान**, २०४७ र **सन्धि ऐन**, २०४७ जारी गरेको र जारी गरेका कानुनहरूको भावनालाई आत्मसात गर्दै नेपालका राजनीतिक दलका नेताहरूले वि.सं. २०४८, वि.सं. २०५१ र २०५६ मा सम्पन्न भएका आमनिर्वाचनहरूको घोषणापत्रमा नै महिलाका हित र उत्थानसम्बन्धी विषयलाई सम्झँदै सर्वदलीय घोषणापत्र पारित गरेको देखिन्छ । **महिलासम्बन्धी महासन्धिमा अर्थात् CEDAW**, १९७९ मा नेपालले हस्ताक्षर गरेकै कारण सन् २००१ अर्थात् मिति २०५८ साल भदौ २८ र २९ गते मानवअधिकार सञ्चार प्रतिष्ठानको आयोजनामा सम्पन्न "नेपालका प्रमुख राजनीतिक पार्टीहरूमा महिलाको नेतृत्व विकास" विषयक अन्तरक्रियामा सबै दलका नेताहरूले पनि आआफ्ना दलको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गरेको पाइन्छ ।[१५६] नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट तत्कालीन महामन्त्रीको हैसियतले शुशील कोइरालाले, ने.क.पा. एमालेका तर्फबाट तत्कालीन महासचिवको हैसियतले माधवकुमार नेपालले, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट तत्कालीन अध्यक्ष सूर्यबहादुर थापाले र नेपाल सद्भावना पार्टीका तर्फबाट तत्कालीन कार्यबाहक अध्यक्ष बद्रीप्रसाद मण्डलले महिलासम्बन्धी विषयमा निम्न पूर्ण प्रतिबद्धता जाहेर गरेका थिए ।

- राजनीतिक दलहरूले महिलाको राजनीतिक सशक्तीकरणका विषयमा सहकार्य गर्ने अवधारणा स्पष्ट गर्ने,
- महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि 'सिड' को प्रावधानअनुसार महिलाहरूका विरुद्ध विद्यमान सबै असमान र भेदभावपूर्ण कानुन खारेज गर्दै पैतृक सम्पत्तिमा महिलाको समान अधिकार कायम गर्ने,
- आमाको नागरिकताका आधारमा पनि सन्तानले नागरिकता पाउने अधिकार कायम गर्ने,
- निर्वाचनमा महिला सहभागिताको सङ्ख्यात्मक एवं गुणात्मक विकास गर्न न्यूनतम ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्ने,
- महिला सहभागिता एवं उत्थानका लागि निर्धारित नीति एवं निर्णयलाई कार्यान्वयन गर्न, गराउन पार्टी सङ्गठनलगायत राज्यका हरेक संरचनामा महिलाहरूलाई उचित स्थान र जिम्मेबारी दिने,

[१५६] परिशिष्ट ५।

- राजनीतिको मूल प्रवाहमा महिलाको समान सहभागिताका लागि सञ्चारको सकारात्मक भूमिका अभिवृद्धि गराउन राजनीतिक दलहरू र सरकारले सहयोगी एवं सहजकर्ताको कार्य गर्ने,
- ठूलो सङ्ख्यामा रहेका सिमान्तीकृत मधेशी र पहाडका पिछडिएका जनजातिका महिलाहरूको राजनीतिमा समूचित सहभागिता र नेतृत्व विकासका लागि राज्यको महिला सशक्तीकरणसम्बन्धी नीतिलगायत अन्य राजनीतिक एवं सामाजिक संरचनामा आवश्यकता अनुरूप संशोधन गर्ने,
- राजनीतिक दलहरू र सरकारले महिला नेतृत्व विकासका लागि गैर सरकारी संस्थाहरूसँग समन्वयको वातावरण तयार गर्दै काम गर्ने,
- महिला आत्मनिर्णयको अधिकारलाई राजनीतिक र कानुनी प्रक्रियाद्वारा स्थापित गराउने,
- महिलाअधिकार कार्यान्वयन गराउन कार्यनीति निर्माणका लागि सर्वदलीय कार्यदल स्थापना गर्ने,
- संसदमा महिलाको समानुपातिक प्रतिनिधित्वका लागि चुनावी प्रक्रियामा आवश्यक सुधार गर्न गम्भीर सम्बादको प्रक्रिया सुरु गर्ने ।

२०५८ साल अशोज १० गते **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौं संशोधन गरी महिलाहरूलाई अधिकारसम्पन्न बनाउनुमा दलहरूको मात्र भूमिका नरहेर गैह्र सरकारी संस्थाहरू समेतको ठूलो भूमिका रहेको छ । यी संस्थाहरूले **सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि**, १९७९ अर्थात् **CEDAW, 1979** लाई आधार मानेर नै अधिकारका लागि पहल गरेको पाइन्छ । यसको उदाहरणमा कानुनी सहयोग तथा परामर्श केन्द्रको पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकारसम्बन्धी विषयमा भएको अनुसन्धान, साथी संस्थाले गरेको अध्ययन, महिला कानुन र विकास मञ्चले गरेको पहल, मिडिया सर्भिस इन्टरनेसनलको अध्ययन तथा सञ्चारिका समूह नेपालको अध्ययनलाई लिन सकिन्छ ।[१५७]त्यस्तै, प्रतिनिधि सभा कानुन न्याय तथा संसदीय व्यवस्था समितिले पनि अध्ययन गरी मुलुकी ऐनमा एघारौं संशोधन गर्न सहयोग गरेको छ । यसरी एकातिर **सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि**, १९७९ अर्थात् **CEDAW, 1979** ले सोचेबमोजिम महिलालाई समान अधिकार दिन पहल गरेको पाइन्छ भने आर्कोतिर विश्वसम्मेलनहरूमा सहभागिता जनाउँदै आएकोबाट पनि अन्तर्राष्ट्रिय जगत्‌को प्रभाव नेपालमा परेको स्पष्ट हुन्छ । यसको उदाहरणमा सन् १९९५ मा

---

[१५७] कानुनी परामर्श केन्द्र (ल्याक.) द्वारा सञ्चालित कार्यक्रमहरू, **ल्याकलेन्स**, वर्ष ८, अङ्क २,(२०५८), पृ. ५९-६२ ।

सम्पन्न चौथो विश्वसम्मेलनमा नेपालबाट सरकारी तथा गैह्र सरकारी क्षेत्रका प्रतिनिधिहरूको प्रत्यक्ष संलग्नता भएको पाइन्छ । न्यायपालिकामा परेको प्रभावका सम्बन्धमा हेर्दा यिनै घोषणापत्रहरू, समयसमयमा हस्ताक्षर गरेका सन्धिहरू र महासन्धि, १९७९ अनुसारका अधिकारहरू प्रदान गर्न पनि समयसमयमा सर्वोच्चले आदेश गरेको पाइनुले सो कुरा स्पष्ट पारेको छ । **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९** अर्थात् **CEDAW**, १९७९ मा हस्ताक्षर गरेको समेतलाई आधार मान्दै सर्वोच्च अदालतले आदेश गर्ने गरेको र सर्वोच्च अदालतको आदेशबाट नेपाली महिलाहरू केही अधिकार पाउन सफल भएको देखिन्छ र यसको उदाहरणमा मीरा ढुङ्गानाको रिटको आदेशबाट सम्पत्तिसम्बन्धी अधिकारमा एघारौँ संशोधन गरिएकालाई लिन सकिन्छ । त्यस्तै, अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध श्री ५को सरकार मन्त्रीपरिषद् सचिवालय समेत भएको रिट नं. ३६६८ मा सम्मानित सर्वोच्च अदालतबाट नागरिकताका सम्बन्धमा संविधान संशोधन गर्नुपर्ने भन्ने आदेश भएको अनि गैह्र सरकारी महासङ्घका डिलबहादुर विश्वकर्मा र जनहित संरक्षण मञ्चले पुनः मध्यपश्चिम क्षेत्रका वादी महिलाका र बाबुको किटान नभएका सन्तानले नागरिकता पाउन बञ्चित रहेको भनी छुट्टाछुट्टै दुईवटा रिट दायर गरेकामा सर्वोच्चका माननीय न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र अर्जुनप्रसाद सिंहको विशेष इजलासले बाबुको ठेगान नलागेकालाई अनिवार्य रूपमा नागरिकता प्रदान गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेकोलाई लिन सकिन्छ । यसरी हेर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका आन्दोलन र आन्दोलनबाट स्थापना गरिएका परिवर्तनहरूको प्रभावका कारण नै नेपालमा परिवर्तन हुनेगरेको देखिन्छ । आज जेजति अधिकार महिलाहरूले पाएका छन् ती सबै अन्तर्राष्ट्रिय जगत् कै प्रभावको प्रतिफल हो भन्न सजिलै सकिन्छ ।

### ४.५.३ **तेस्रो चरण**

सन् १९९० देखि सन् २०१२ सम्मको समय यस चरणमा पर्दछ ।[१५८] यस समयमा धेरै अधिकार कर्मी तथा नारीवादी लेखिकाहरूले जाति, लिङ्ग, राजनीति, शक्ति र संस्कृति कुनै पनि कुराका आधारमा महिला र पुरुष वीच विभेद गर्न नहुने लेखहरू प्रकाशित गर्दै जागरण ल्याउने काम गर्न थालेको पाइन्छ । यसको उदाहरणमा रेविका वाल्कर (Rebacca Walker) ले लेखेको "I am the third wave" शीर्षकको लेखलाई लिन सकिन्छ ।[१५९] त्यस्तै नेपालका सन्दर्भमा हेर्दा पनि **नयाँ मुलुकी ऐन**, २०२० मा गरिएको क्रान्तिकारी एघारौँ

---

[१५८] Third wave of feminism, https://en.wikipedia.org/wiki/Third-wave_feminism,

[१५९] **Ibid.**

संशोधन होस् या २०६३ सालमा संसदले गरेको महिलावादी घोषणा नै किन नहोस् सबैमा प्रत्यक्ष रूपमा अन्तर्राष्ट्रिय महिलाआन्दोलनले ल्याएको 'सिड' महासन्धिको प्रभाव परेको छ । आज विश्वकानुनले दिएको कुरा कार्यान्वयन गरिनु पर्नेतिर जोड दिँदै आवाज बुलन्द गर्दै छ, भने नेपाली महिलाहरू पनि सोही कुरालाई कार्यान्वयनमा जोड दिनुपर्ने आवाजमा आवाज थपिरहेका छन् । यसबाट विश्वका महिलाले गरेको आन्दोलनको प्रभाव नेपाली महिलालाई पनि प्रत्यक्ष रूपमा पर्ने गरेको देखिन्छ । आजको विश्व ग्लोबलाइजेसनले एकै ठाउँमा आइसकेको छ । प्रत्येक देशको महिलाहरूको समस्या साझा मानिदै समस्या समाधानको बाटो संस्थागत रूपमा नै खोजिँदैछ । आज महिलाहरूले कानुनमा प्राप्त गरेका अधिकारहरू कार्यन्वयनमा सजिलै पुऱ्याउन पुरुषहरूको सोचमा परिवर्तन ल्याउनु पर्ने, संस्कारगत र सामामाजिक रूपमा रहेका बन्धन फुकाउन पुरुषवादी सोचमा नै परिवर्तन ल्याउनु पर्ने भन्ने आवाज उठ्न थालेको छ । विश्वजगतका महिलाहरूसँगै यो सोच नेपाली महिलाहरूमा पनि बढ्दै गएका कारण सन् २००८ (वि.सं. २०६३) मा पुग्दा कार्यान्वयनलाई जोड दिइएको पाइन्छ ।

## ४.६ निष्कर्ष

सबै ठाउँमा महिलालाई पुरुषका सहयोगीका रूपमा मात्र हेर्ने गरिएकाले अर्थात् महिलालाई दोस्रो दर्जाका रूपमा राखिने प्रचलन रहेकाले विश्वभरका महिलाले पुरुषसरह अधिकार प्राप्त गर्न धेरै सङ्घर्ष गर्नुपरेको थियो । विश्वको शक्तिशाली देश संयुक्त राज्य अमेरिका होस् या विश्वमा साम्राज्य कायम गर्न सफल देश संयुक्त अधिराज्य नै किन नहोस् सबैतिर महिलालाई हेर्ने दृष्टिकोण पहिले एउटै थियो र अहिले पनि केही मात्रामा छँदैछ । अमेरिका, बेलायत, फ्रान्स, जापान, जर्मनी, भारत, चीन आदि देशको अध्ययन गर्दा ती देशमा पनि महिलालाई पुरुषसरह अधिकार दिन खोजेको देखिँदैन । सबै ठाउँका महिलाहरू एकजुट भएर आन्दोलन गरेर मात्र किस्ताकिस्तामा अधिकार प्राप्त गर्न सफल भएका छन् । संयुक्त राष्ट्रसङ्घको जन्म भएपछि राष्ट्रसङ्घले गरेको प्रयासबाट महिलाहरूको हक र अधिकारमा निकै नै सुनिश्चितता कायम भएको पाइन्छ । संयुक्त राष्ट्रसङ्घको लामो प्रयासपछि **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ **(Convention on the Elimination of all Forms of Discrimination Against Women-CEDAW)** संसार भरका महिलाहरूको अधिकारको संरक्षण गर्ने उद्देश्य लिएर देखा पऱ्यो । विश्वजगत् अगाडि संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९७९ डिसेम्बर १८ मा सिड महासन्धिको प्रस्ताव

पारित गरी सबै सदस्य राष्ट्रहरूको अनुमोदन तथा सम्मिलनका लागि खुला राखेको थियो । यसमा हस्ताक्षर गर्ने देशहरू सन्धिका प्रावधान मान्न बाध्य भएकाले महासन्धिको ३० ओटा धारामा व्यवस्था गरिएका महिलाअधिकारका प्रावधानअनुसार महिलाहरूलाई अधिकार दिन सबै सदस्य राज्यहरू बाध्य भएका छन् । त्यसैले आज विश्वका धेरै देशका महिलाहरू बिस्तारैबिस्तारै अधिकार प्राप्त गर्न सफल हुँदैछन् ।

## पाँचौं परिच्छेद

# नेपालमा भएका महिलाआन्दोलनहरू

## ५.१ परिचय

यस परिच्छेदमा अधिकार प्राप्त गर्नका लागि महिलाहरूले गरेका वैयक्तिक गतिविधिहरू तथा हक-अधिकार प्राप्त गर्नका लागि गरेका आन्दोलनहरू बारे चर्चा गरिएको छ । चार उपशीर्षकमा विभाजन गरिएको यसको पहिलो उपशीर्षकअन्तर्गत वि.सं. १९७३ पूर्व रानीमहारानीहरूद्वारा शक्ति प्राप्त गर्न गरिएका सङ्घर्षहरूका बारेमा चर्चा गरिएको छ भने १९७३ देखि २०१७ सालसम्म अधिकार प्राप्त गर्न गरिएका महिलाहरूको आन्दोलनलाई दोस्रो उपशीर्षकमा प्रस्तुत गरिएको छ । त्यस्तै, तेस्रो उपशीर्षकमा २०१७ देखि २०४७ सालसम्म र चौथौ उपशीर्षकमा २०४७ देखि २०६३ सालसम्म भएका महिलाआन्दोलनहरूलाई समेटिएको छ ।

महिलाहरूलाई स्पष्ट रूपमा अधिकार दिने कानुन नबनाइएको समयमा पनि दरबारभित्रका महिलाहरूले सङ्घर्ष र षडयन्त्र गर्दै नेतृत्व हातमा लिएर शक्तिशाली बन्दै शासन चलाउने गरेको तथ्य एकातिर देखिन्छ भने अर्कोतिर महिलाअधिकारका लागि सङ्घर्ष गर्दै आन्दोलनमा होमिएर सर्वसाधारण महिलाहरूले आन्दोलन गर्नु परेको अवस्था पनि पाइन्छ । यसबाट महिलाहरू कमजोर थिएनन् उनीहरूमा नेतृत्व गर्ने क्षमता थियो भन्ने स्पष्ट देखिएकाले त्यस समयका रानी-महारानीहरूले वैयक्तिक स्वार्थका लागि भए पनि गरेका सङ्घर्ष र पछिल्लो चरणमा महिलाहरूले अधिकारका लागि गरेको आन्दोलनहरूको चर्चा यस परिच्छेदमा गरिएको हो ।

## ५.२ १९७३ साल पूर्व रानीमहारानीहरूद्वारा शक्ति प्राप्त गर्न गरिएका सङ्घर्षहरू

प्रारम्भदेखि १९७३ सालसम्मको समयमा नेपाली महिलाहरूमा महिलाअधिकारसम्बन्धी चेतना आएको देखिँदैन तर राजालाई सङ्कट परेको समयमा, राज्यमा अपठ्यारो परेको बेलामा र आफ्नो छोरालाई राजा बनाउने सन्दर्भमा भने रानी महारानीहरूले राज्यकै नेतृत्त्व हातमा लिएर शासनसमेत चलाएको पाइन्छ । यसबाट पनि महिलाहरू कमजोर हैनन् उनीहरूलाई कमजोर त पुरुषप्रधान समाजले बनाएको हो भन्ने प्रमाणित हुन्छ । इतिहासले समयसमयमा रानी-महारानीहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न, छोराको राज्य टिकाउन र

आफ्नो छोरालाई राजा बनाउन सङ्घर्ष तथा षडयन्त्र गरेर राज्यशक्ति आफ्नो हातमा लिएको पाइन्छ । यस अर्थमा रानी महारानीहरूले हक-अधिकारका लागि सङ्घर्ष गरेको देखिन्छ । यहाँ लिच्छवि, मल्ल र शाह कालका यस्ता महारानीका बारेमा चर्चा गरिएको छ ।

### ५.२.१ लिच्छविकालीन रानीहरूको सङ्घर्ष

लिच्छविकालका शक्तिशाली रानीहरूमा राज्यवती, गुणवती र भोगिनीदेवीको नाम लिनुपर्ने हुन्छ । राजा मानदेवकी आमा शङ्करदेवकी पत्नी राज्यवतीले लिच्छविकालमा नै अर्थात् इसापूर्व ४९६ मा नै सानो उमेरको छोरा मानदेवलाई गद्दीमा राखेर शासन सञ्चालनमा सहयोग गरेकी थिइन् । आमा राज्यवतीले सती जान खोज्दा राजा मानदेवले नदिएर उनको सल्लाह-सुझावमा राज्य चलाउने गरेको कुरा इतिहासमा उल्लेख छ ।[१६०] कलिलो उमेरका राजा भएकाले पूर्व-पश्चिमका शत्रुहरूले स्वतन्त्र हुने चेष्टा गर्न लागेको बेलामा माता राज्यवतीको सहयोगमा नै उनले तात्कालीन समस्या समाधान गरेका थिए ।[१६१] मानदेवले मल्लपुर विजयपछि आफ्नी आमा राज्यवतीद्वारा ब्राह्मणहरूलाई प्रशस्त दान दिएको कुरा इतिहासमा छ ।[१६२] त्यस्तै, राजा मानदेवकी महारानी भोगिनीदेवी पनि शक्तिशाली थिइन् भन्ने कुरा मानदेवको पालामा निकालिएको मुद्रा मानाङ्कमा उनको नाम उल्लेख गरिएकोबाट स्पष्ट हुन्छ । यसले पनि लिच्छविकालमा समाजमा नारीहरूको सम्मान थियो भन्ने बुझ्न सकिन्छ ।[१६३] यस समयमा महिलाहरू घरको चार दिवारबाट बाहिर निस्केर लोक कल्याणका काम पनि गर्दथे भन्ने प्रमाणमा दीक्षित भिक्षुणीहरूको सङ्घ खुलेकालाई लिन सकिन्छ । त्यस्तै, यस समयको अड्डा माप्चोकले पुनर्विवाह, विधवा विवाह आदि हेर्ने गरेको र पुनर्विवाह गर्ने महिलाको सन्तान नभएमा उनको सम्पत्तिको केही प्रतिशत माप्चोक अड्डाले लिने गरेको पाइनुले पनि महिलाहरूलाई यस समयमा पुनर्विवाह गर्ने अधिकार दिइएको पुष्टि हुन्छ ।[१६४] राजा अंशुवर्माले राजनीतिक कारणले गर्दा आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रङ्चङ्गम्पोसित गरिदिएका थिए । भृकुटीले राष्ट्र बचाउन र राष्ट्रिय

---

[१६०] श्रीरामप्रसाद उपाध्याय, **नेपालको समीक्षात्मक इतिहास,** (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. १६ ।

[१६१] राजाराम सुवेदी, **नेपालको तथ्य इतिहास,** (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. ६२ ।

[१६२] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा,** चौथो संस्करण, (वाराणसी : कृष्णकुमारी देवी, २०३३), पृ. ८३ ।

[१६३] उपाध्याय, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १, पृ. १६ ।

[१६४] विमला शाक्य, "नेपालमा महिलाहरूको कानुनी स्थिति : एक ऐतिहासिक अध्ययन (वि.सं. २००७ देखि २०४७ सम्म", मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, (२०६३), पृ. ९९. ।

सम्मान जोगाउन सो विवाहलाई स्वीकार गरेकी थिइन् । उनको चातुर्यका कारण उनी विदेशमा समेत हरित ताराका नामले प्रख्यात हुन पुगिन् । यसरी महिलाले धर्म, जातीयता र देश-विदेश केहीको पनि पर्वाह नगरेर राष्ट्र हितका लागि काम गरेको पाइन्छ ।[१६५] राजा मानदेव र रानी भोगिनीदेवीकी छोरी विजयावती विभिन्न कलामा निपूर्ण थिइन् । यिनले आफ्ना बुबा मानदेवको प्रसंसा गरेकी छन्[१६६] तर पनि यस समयमा छोरीलाईभन्दा छोरालाई नै बढी महत्त्व दिएको देखिन्छ । पुत्रप्राप्तिका लागि ठाउँठाउँमा प्रार्थना गर्ने गरेको सन्दर्भले यसै कुरालाई पुष्टि गर्छ ।[१६७]

### ५.२.२ मल्लकालका रानीहरूको सङ्घर्ष

मल्लकालमा पदुमलदेवी, देवलदेवी, नायकदेवी, राजल्लदेवी, ऋद्धिलक्ष्मी, लालमती, योगमती, गङ्गादेवी, रूपमती र दयावती नाम गरेका दरबारभित्रका महिलाहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ । तुङ्ग मल्ल राजा नभए पनि तात्कालीन समयमा हर्ताकर्ता थिए । उनकी पत्नी पदुमलदेवी पनि राजनीतिमा चतुर थिइन् । त्यसैले इ.सं. १२९६ मा जन्मिएका उनीहरूका छोरा रुद्र मल्ल १६ वर्ष पुग्नेबित्तिकै राजनीतिमा अग्रसर हुन पुगेका थिए । परिणामस्वरूप इ.सं. १३१७ मा देववंशी राजा आनन्ददेवसँगै रुद्र मल्ल संयुक्त शासक भएका थिए । रुद्र मल्लको ३१ वर्षकै उमेरमा मृत्यु भएकाले रुद्र मल्लको राजनीतिक देनलाई स्वीकार्दै उनको सानै उमेरकी छोरी नायकदेवीलाई उत्तराधिकारी मानेर उनको नायवी हजुरआमा पदुमलदेवीले शासन चलाएकी थिइन्[१६८] भने इ.सं. १३८२ मा गयासुद्दिनको आक्रमणले कर्नाटवंशी सिम्रौनगढका राजा हरिसिंहदेव भागेर उपत्यकातर्फ आएपछि भक्तपुर राजधानीमा शरण पाएका थिए भने उनको विधवी महिला देवलदेवीसँग विवाह भएको थियो । पछि उनीहरूबाट जगतसिंहको जन्म भयो । यिनै देवलदेवीको छोरा जगतसिंह र नायकदेवीबाट छोरी राजल्लदेवीको जन्म भएको थियो । राजल्लदेवी जन्मेको १० दिनमा नै आमा नायकदेवीको मृत्यु भएकाले राजल्लदेवीको पालनपोषण पनि देवलदेवीले नै गर्नुपऱ्यो । झन्पछि नायकदेवीको पति अर्थात् देवलदेवीका छोरा जगतसिंहको पनि रिसइवीका कारण हत्या भएपछि पुनः सासू देवलदेवी हर्ताकर्ता हुन

[१६५] शर्मा, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३, पृ. ९० ।

[१६६] **ऐजन,** पृ. १३० ।

[१६७] मेदिनीप्रसाद शर्मा, "लिच्छविकालीन नेपालमा नारीको अवस्था," मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०४०), पृ. १२३ ।

[१६८] जगदीशचन्द्र रेग्मी, **नेपालको वैधानिक परम्परा,** तृतीय संस्करण, (काठमाडौं : तन्नेरी प्रकाशन, २०६०), पृ. ८७ ।

पुगेकी थिइन् । यसरी कर्णाटक राजाकी पत्नी देवलदेवी भक्तपुरको राजदरबारमा आफ्नो हैकम बढाउँदै लगेर आफ्नो वंशको शासन स्थापित गर्न सफल भएको पाइन्छ । चालीस वर्षसम्म शक्तिशाली हुँदै हैकम चलाएर सन् १३६६ मा उनको मृत्यु भयो ।[१६९] यसबाट महिलाहरूमा घर व्यवस्थित गर्ने, परिवार व्यवस्थित गर्ने मात्र क्षमता होइन राज्यकै व्यवस्था गर्ने शक्ति पनि हुन्छ भन्ने कुराको पुष्टि हुन्छ । नायकदेवी कै कुरा गर्दा पनि उनी नेपालको राजसिंहासनको प्रथम महिला उत्तराधिकारी थिइन् । इ.सं. १३८२ मा गयासुद्दिनको आक्रमणले सिम्रौनगढका राजा हरिसिंहदेव भागेर उपत्यकातर्फ आएपछि उनको र देवलदेवीको छोरा जगतसिंहले भक्तपुरका राजा जयरुद्र मल्लकी छोरी नायकदेवीसँग विवाह गरे । जयरुद्र मल्लकी उत्तराधिकारी यी नायकदेवीले पनि थोरै समय भए पनि शासन चलाएकी थिइन् ।[१७०] नायकदेवीको छोरी राजल्लदेवी जन्मेको १० दिनमा नै मृत्यु भएकाले राजल्लदेवीको पालनपोषण पनि देवलदेवीले गरिन् र इ.सं. १३५४ मा राजल्लदेवीको विवाह स्थिति मल्लसँग भयो । राजल्लदेवीसँग विवाह भएपछि नै स्थिति मल्लको शक्ति बढ्नुपर्ने भए पनि देवलदेवीको नेतृत्वमा उनी छायाँमा परेको देखिन्छ । यसबाट स्थिति बसाउने राजा स्थिति मल्लले समेत नारीको सल्लाहमा शासन चलाएको देखिन्छ ।[१७१] यसरी नै पार्थीवेन्द्र मल्लकी रानी ऋद्धिलक्ष्मी मल्लले शक्तिका लागि राजालाई विष खुवाई हत्या गरेर छोरा भूपालेन्द्र मल्लको संरक्षक भई राजमाता बनेर राज्य चलाएकी थिइन् । राजालाई मारेर समेत रानीले शक्ति लिएको पाइनुले स्वार्थपूर्ण नेतृत्वका लागि महिलाहरू पनि कम रहेनछन् भन्ने स्पष्ट हुन्छ । पछि छोराले बाबुको हत्या आमाले गराएको भन्ने बुझेपछि तौथलीमा कैद गरेकामा त्यही उनको १७५७ साल वैशाखमा मृत्यु भएको थियो ।[१७२] त्यस्तै, पाटनका राजा हरिहरसिंह मल्लकी रानी र सिद्धिनरसिंह मल्लकी आमा लालमतीले राजाको हत्या नगरे पनि राजाको मृत्युपछि भारदारहरूको प्रतिकुल प्रभावका बाबजुद उनले १२ वर्षका छोरा सिद्धिनरसिंह मल्ललाई गद्दीमा राखेर राजमाताको हैसियतले शासन चलाएकी थिइन् ।[१७३] यसरी नै पाटनका राजा योगनरेन्द्र मल्लकी छोरी योगमतीले उत्तराधिकारी छोरा नभएकाले भक्तपुरका राजा भूपतीद्र मल्लको सहयोग लिई आफ्नो ७ वर्षको छोरा लोकप्रकाश मल्ललाई गद्दीमा राखेर

---

१६९ उपाध्याय, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १, पृ. ३० ।

१७० रेग्मी, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९, पृ. ८१ ।

१७१ **ऐजन,** पृ. ८२ ।

१७२ ज्ञानेश्वर भट्टराई, **बृहत् ज्ञानकोश,** बाह्रौं संस्करण, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०४३), पृ. ३५७ ।

१७३ **ऐजन**, पृ. ३५९ ।

राजमाताको हैसियतले शासन चलाएकी थिइन् । पछि लोकप्रकाशको पनि छिट्टै मृत्यु भएको र उनीपछि इन्द्र मल्ल र महीन्द्र मल्ल राजा भएकामा उनीहरूका पालामा पनि यिनले नै राजमाता भएर प्रभाव जमाएको पाइन्छ ।[१७४] यसैगरी शिवसिंह मल्लकी रानी गङ्गादेवीले राजालाई शासन सञ्चालनमा ठूलो सहयोग गरेकी थिइन् । यिनको समयमा प्रशस्त धर्मकार्य गरिएको पाइन्छ । यस समयमा पाटी, पौवा र सत्तलहरूको निर्माण तथा जिर्णोद्वार गरिएको थियो ।[१७५] त्यस्तै, राजा प्रताप मल्लकी रानी रूपमतीलाई राजाले क्षमता भएकै कारण केही समय राज्य सञ्चालन गर्न दिएका थिए । उनले सम्पूर्ण अधिकार प्रयोग गर्दै राम्रोसँग राज्य सञ्चालन गरेकी थिइन् ।[१७६] यसरी हेर्दा मल्ल कालमा पनि केही रानीहरूको स्थान प्रभावशाली राजनीतिज्ञका रूपमा रहेको पाइन्छ । राजा साना भएको अवस्थामा र राजालाई खुशी पारेको अवस्थामा केही रानीहरू राजनीतिमा सक्रिय देखिए पनि समग्र महिलाले भने यस बेला अधिकार पाएका थिएनन् ।

### ५.२.३ शाहकालका रानीहरूको सङ्घर्ष

यस अवधिमा शासन सञ्चालनमा सक्रिय भूमिका निवार्ह गर्ने महिलाहरूमा चन्द्र प्रभावती, विलासकुमारी, राजेन्द्रलक्ष्मी, तोरण दिव्येश्वरी शाह, महालभसन्त, राजराजेश्वरीदेवी, त्रिपुरा सुन्दरी, साम्राज्यलक्ष्मी र लक्ष्मीदेवीको नाम उल्लेखनीय छ । आधुनिक नेपालको इतिहासमा नरभुपाल शाहकी जेठी रानी चन्द्रप्रभावतीले राजा राजकाजबाट उदासिन भएको अवस्थामा तथा शत्रुहरूले हमला गर्दै गोरखा राज्यलाई चारैतिरबाट घेरेको अवस्थामा राजालाई लुकाएर गोरखा राज्य बचाएकी थिइन् । उनको यही राज्य कुशलताका कारण पतिको मृत्युपछि पनि उनलाई सती जान दिइएको थिएन । उनले पछि छोरा पृथ्वीनारायण शाहको राज्यविस्तार गर्ने कार्यमा पनि ठूलो सहयोग गरेकी थिइन् ।[१७७] यसरी नै बडामहाराजा पृथ्वीनारायण शाहकी छोरी विलास कुमारीले राजा श्रीकृष्ण शाहका छोरा रणभीम शाहसँग विवाह भएपछि राजा पति र ससुरालाई राज्य सञ्चालनमा धेरै सहयोग गरेकी थिइन् । यिनकै सहयोगमा रणबहादुर शाहको समयमा जुम्ला, डोटी, कुमाउँ,

१७४ **ऐजन**, पृ. ३६० ।

१७५ शर्मा, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३, पृ. १३६ ।

१७६ **ऐजन**, पृ. १४१ ।

१७७ **ऐजन**, पृ. २१४ ।

र गढवालमाथि विजय प्राप्त भएको थियो भने यिनकै कारण बाइसी राज्यमा सल्यान शक्तिशाली हुन पुगेको हो भन्ने भनाइ पनि छ ।[१७८]

यसरी नै सल्यानका राजा नरेन्द्रबहादुर सिंहकी रानी तोरण दिव्येश्वरीले पनि जीवनभरि राज्यसञ्चालनमा भाग लिई राजालाई सहयोग गरेकी थिइन्[१७९] भने पर्वतका राजा मलेबम द्वितीयकी रानी महालभसन्तले पनि राजालाई राज्यसञ्चालको कार्यमा सल्लाह र सुझाव दिने गरेकी थिइन् ।[१८०] बडामहाराजा पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका छोरा प्रतापसिंह शाह राजा भएकामा उनको पनि छिट्टै सन् १७७७ नोभेम्बर १७ का दिन बिफर रोगका कारण मृत्यु भएपछि प्रतापसिंह शाहका पुत्र साढे दुई वर्षका रणबहादुर शाहलाई राजा बनाइयो र राजमाता राजेन्द्रलक्ष्मीले नायबीका रूपमा नेपालको शासन सञ्चालन गर्न थालिन् । पछि पृथ्वीनारायण शाहका भाइ बहादुर शाह र प्रतापसिंह शाहकी पत्नी राजेन्द्रलक्ष्मी शाहबीच सत्ताका लागि सङ्घर्ष चल्यो । जसमा राजेन्द्र लक्ष्मी र देवर बहादुर शाहले केही समय संयुक्त रूपमा शासन चलाए पनि पछि राजकाजमा रानीले देवरलाई कैद गरेर शासनको बागडोर आफ्नो हातमा लिन सफल भइन् । राज्यका सीमा बढाएका कारण उनलाई नेपालको इतिहासमा वीराङ्गना महिलाको सम्मान दिइएको छ ।[१८१] उनले रुढिवादी परम्परालाई तोड्दै घोडामा चढेर हातमा नाङ्गो तरबार लिएर युद्ध गरेकी थिइन् । लगभग सात वर्षको नायवी कालमा उनले लमजुङ, तनहुँ, कास्की, सतहुँ, रिसिङ्ग, पश्चिम नुवाकोट र चरिकोटलाई जितेर नेपालमा मिलाएकी थिइन् । उनको सन् १७८५ जुलाई १३ का दिन क्षयरोगबाट मृत्यु भयो ।[१८२] राजा रणबहादुर शाहले मन परेकी कान्छी रानीको छोरालाई राजा बनाउने उद्देश्यले रानी सुवर्णप्रभाको छोरा रणोद्दत शाहलाई भित्रिनीपट्टिका छोरा घोषित गर्दै विधवी ब्राह्मणी कान्तिमतीतर्फका छोरा गीर्वाणयुद्ध वीर विक्रमलाई राज्य दिनका लागि आफूले सन्यास लिएको घोषणा गर्दै ८ मार्च १७९९ (वि.सं. १८५४) मा साढे एक वर्षका बालकलाई गद्दीमा राखेर कान्छी रानी राजमाता कान्तिमतीको हातमा नायवी दिए । यसरी नायवी पाए पनि कान्तिमती बिरामी भएकाले उनलाई लिएर राजा देउपाटनमा गएर बस्न थाले । पछि उनले नायवी चलाउन सकिनन् । सन् १७९९ नोभेम्बर १ का दिन उनको

[१७८] उपाध्याय **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १, पृ. १२५ ।

[१७९] **ऐजन**, पृ. १२५ ।

[१८०] **ऐजन ।**

[१८१] **ऐजन**, पृ. ३५६ ।

[१८२] **ऐजन**, पृ. १७२ ।

मृत्यु भयो ।[१८३] कान्तिमतीको मृत्युपश्चात् भने पुनः जेठी महारानी राजराजेश्वरीदेवीलाई लिएर रणबहादुर शाहले पाटनबाट राज्यसञ्चालन गर्न खोजेको देखिन्छ । यस बखत रानी राजराजेश्वरीदेवीले पनि छुट्टै सेना परिचालन गर्दै राज्य सञ्चालन गर्न खोजेको देखिन्छ । यसरी त्रिपक्षीय राज्य सञ्चालन हुन थालेको बुझेर दामोदर पाडेले षडयन्त्र गर्न लागेको थाहा पाएपछि भागेर राजारानी र भीमसेन थापा काशी अर्थात् बनारस गएपछि तात्कालीन मुख्तियार दामोदर पाडेले कम्पनी सरकारसँग राजासहित सबैलाई बनारसमा नै कैद गरी नेपाल फर्कन नदिने सम्झौता गरेका थिए । यसपछि रानी राजराजेश्वरी उक्त सम्झौता भङ्ग गर्न रणबहादुरकी अर्की रानी सुवर्णप्रभाले खडा गरेका बाधाबिरोधहरू हटाउँदै दरबारमा आई नायवी आफ्नो हातमा लिन सफल भएकी थिइन् । उनी सम्झौता भङ्ग गर्न सफल हुँदै विपक्षीहरूलाई दबाएर राज्य सञ्चालन गर्न समेत सफल भएको पाइन्छ ।[१८४] तर सन् १८०४ मा राजा रणबहादुर शाह बनासबाट फर्किएर नायबी हातमा लिएपछि महारानी राजराजेश्वरीलाई पुरस्कार दिनाको बदला हेलम्बु निष्कासन गरेका थिए । रणबहादुर शाहको हत्यापछि हेलम्बुबाट ल्याएर भीमसेन थापाले उनलाई सती जान बाध्य गराएको बताइन्छ ।[१८५] पछि रणबहादुर शाहको हत्या भएपछि कान्छी महारानी ललित त्रिपुरा सुन्दरी बालक राजा गीर्वाणयुद्ध वीर विक्रम शाहको नायबी भइन् र राज्य चलाउन थालिन् । उनी थापाकी छोरी थिइन् । सन् १८१६ (१९७३) सालमा भरखर जवान भएका राजा गीर्वाणयुद्ध वीर विक्रमको मृत्यु भयो । यिनका २ वर्षका नावालक छोरा राजेन्द्रविक्रम शाहलाई गद्दीमा राखियो । मुख्तियार भीमसेन थापाले गीर्वाणयुद्ध वीर विक्रम शाहकी जेठी रानी सिद्धिराज्यलक्ष्मीलाई सती पठाइदिए भने कान्छी रानी गोरक्षलक्ष्मीको पनि चार दिनपछि मृत्यु भयो । यसपछि ललित त्रिपुरा सुन्दरी राजा राजेन्द्रको पनि नायबी हुन पुगिन् । यसरी नायवी राजाकी कान्छी हजुरआमा (रणबहादुर शाहकी कान्छी रानी थापा पुत्री) त्रिपुरासुन्दरीको हातमा दिइयो । यसरी यस समयमा रणबहादुर शाहका रानीहरूको हातमा अर्थात् एकलाई हटाए पनि अर्को फेरि महिलाकै नेतृत्वमा एकपछि अर्को गर्दै लामो समयसम्म शासन चलेको

---

[१८३] **ऐजन**, पृ. १९४ ।

[१८४] चित्तरञ्जन नेपाली, **जनरल भीमसेन थापा र तात्कालीन नेपाल**, पाँ.सं, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६०), पृ. ९ ।

[१८५] शर्मा, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३, पृ. २५२ ।

पाइन्छ । त्रिपुरा सुन्दरीले महाभारत शान्ति पर्वको नेपाली भाषामा अनुवाद गरेकोबाट यिनको विद्वता स्पष्ट हुन्छ ।[१८६]

यस समयमा सर्वसाधारण महिलाहरूले पनि राज्यको सीमा बचाउन सहयोग गरेको देखिन्छ । १८७० अर्थात् सन् १८७४ नोभेम्बर १ का दिन कम्पनी सरकारका प्रतिनिधि हेस्टिङ्सले युद्धको घोषण गरेपछि नोभेम्बर २७ सम्म युद्ध भएको थियो । यस समयमा साधारण महिलाहरू पनि गोली, बाण र पत्थरको पर्वाह नगरी अनवरत रूपमा लडिरहेका थिए । यसको प्रमाणमा कप्तान हेस्टिङ् तारिफ गर्दै "अङ्ग्रेजी तोप र गोलीको अनवरत वर्षाका बीच नेपाली महिलाहरू कोतको पर्खालमा निर्भिक उभिएर शत्रुउपर पत्थरको वर्षा गरि रहे" भनेकोलाई लिन सकिन्छ ।[१८७] थापापुत्री त्रिपुरासुन्दरी र भीमसेन थापा मिलेर राज्य चलाउँदै गर्दा १६ वर्षपछि अर्थात् सन् १८३२ (वि.सं. १८८८) मा त्रिपुरासुन्दरीको मृत्यु भएपछि भरखर जवान भएका राजा राजेन्द्र भीमसेन थापाको विरोधी हुन पुगे । राजा राजेन्द्रका दुई रानीमध्ये जेठी रानी साम्राज्यलक्ष्मी पनि थापा विरोधी नै थिइन् । लामो समय शक्तिशाली भएर बसेका भीमसेन थापाका आफ्नै भाइ राजवीर थापा पनि उनका विरोधी थिए । पहिला पाण्डेहरूलाई दमन गरेर सत्तामा आएका भीमसेन थापा भने अब पाण्डेहरू शक्तिशाली बन्दै गएपछि कमजोर बन्न पुगेका थिए र त अचानक रानी साम्राज्य लक्ष्मीका छोरा देवेन्द्र शाहको मृत्यु भएकामा उनलाई मारेको भन्ने दोष भीमसेन थापालाई लगाइयो । यस घटनामा उनले त्यस समयमा सफाइ त पाए तर यसपछि भने उनले पहिलाको स्थान प्राप्त गर्न सकेनन् । भीमसेन थापापछि रङ्गनाथ पौड्याल प्रधानमन्त्री भए । राजा राजेन्द्रले राम्रो नमानेका कारण उनले पनि राजिनामा दिनुपर्‍यो । त्यस ठाउँमा थापा विरोधी रणजङ्ग पाण्डेलाई प्रधानमन्त्री बनाइयो । पाण्डेलाई थापासँग बदला लिनु थियो । उनले भीमसेन थापाको ज्यान मुद्दा दोहोर्‍याए । कारवाही चल्दाचल्दै उनले कैदमा नै आत्महत्या गरे । यसपछि राजा राजेन्द्रकी जेठी रानी साम्राज्यलक्ष्मी सर्वेसर्वा हुन पुगिन् । यसरी नेपालको सत्तामा महिला पुनः देखा परिन् । रानी साम्राज्य लक्ष्मीले रणजङ्ग पाण्डेसँग मिलेर शासन

---

[१८६] उपाध्याय, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १, पृ. २०४ ।

[१८७] शर्मा, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३, पृ. २६० ।

चलाएकी थिइन् ।[१८८] १८९८ मा राजेन्द्र वीर विक्रम शाहकी जेठी रानी साम्राज्यलक्ष्मीको मृत्यु भएपछि राजा राजेन्द्रले कान्छी रानी र युवराजका विरुद्धमा पाण्डेहरूले षडयन्त्र गर्न लागेको बुझेर सम्पूर्ण अधिकार कान्छी रानी राज्यलक्ष्मीदेवीलाई दिए । १९९९ साल (१८४३ जनवरी ५) का दिन राजा राजेन्द्रले कान्छी रानी राज्यलक्ष्मीदेवीलाई निम्न अधिकार दिएका थिए :

> राजपरिवारका व्यक्तिबाहेक कसैलाई पनि कारावास, अङ्गभङ्ग, देशनिकाला, प्राणदण्ड र पदच्यूतको आज्ञा दिनु, राजकर्मचारीहरूलाई नियुक्ति गर्नु, उनीहरूलाई खोसमोसगर्नू, उनीहरूको उपाधि र पदको परिवर्तन गर्नु, चीन, भोट र ब्रिटेनसित राजकीय सम्बन्ध राख्नु र विदेशी शक्तिसित आवश्यकताअनुसार सन्धि विग्रह गर्नु ।
>
> स्वयं म पनि उनको राय नलिई कुनै कार्य गर्ने छैन म आफ्ना प्रजाजनलाई सूचित गर्दछु कि कसैले युवराजधिराजको आज्ञा नमानोस् र यदि कसैले मानेन भने उसले महारानीबाट दण्ड पाउनेछ ।[१८९]

यो घोषणाले नेपालको इतिहासमा शक्तिशाली राजा आफैँ प्रथमपटक शक्तिहीन भएका र रानी शक्तिशाली हुनपुगेको तथ्यलाई प्रमाणित गर्छ । यसपछि रानी राज्यलक्ष्मीबाट सन् १९०० मा देश निकालामा परेका माथवरसिंह थापालाई बोलाएर प्रधानमन्त्री बनाइन् । यसरी नेपालमा पुनः महिलाको नेतृत्वमा शासन चलेको देखिन्छ ।[१९०] माथवरसिंह थापाले पाण्डेहरूसँग बदला त लिए तर रानी लक्ष्मीदेवीका छोरालाई राजा बनाउने कुरामा सहयोग गरेनन् । यसले गर्दा आफ्नै भान्जा जङ्गबहादुर राणाबाट उनको हत्या गराइयो ।

रानी लक्ष्मीदेवीको स्वार्थका कारण रानीका नजिक पुग्न सफल भएका जङ्गबहादुर रानीको प्रिय पात्र गगनसिंहको हत्या भएपछि हत्यारा पत्ता लगाउन रानीले कोतमा बोलाएका बाँकी शत्रु मार्दै १९०३ असोज १० गते रानी लक्ष्मीदेवीबाट मुख्तियारी लिन सफल भए । आफ्नो इच्छा पूरा नहुने देखेपछि जङ्गबहादुरलाई मार्न रानी लक्ष्मीदेवीले रचेको भण्डारखाल पर्वमा उल्टै जङ्गबहादुरले बाँकी शत्रुहरू पनि मारे भने नेपालका तात्कालीन राजा राजेन्द्र र रानी राज्यलक्ष्मीदेवीलाई विधिवत् मुद्दा लगाएर युवराज सुरेन्द्रलाई राजगद्दीमा राखी राजा घोषित गर्दै शासन गर्न थाले । जङ्गबहादुरले आफूलाई श्री ३

---

१८८ **ऐजन**, पृ. ३९. ।

१८९ **ऐजन**, पृ. २९४ ।

१९० त्रिरत्न मानन्धर, **नेपालको इतिहासमा जङ्गबहादुर**, (काठमाडौं : प्रकाशक स्वयम्, २०४८), पृ. ११ ।

बनाउँदै आफ्ना भाइहरूमा श्री ३ को उत्तराधिकार सर्दै जाने परम्परा पनि बसाले । यसपछि नेपालमा जहानीया राणा शासन सुरु भयो ।[१९१] यसरी पृथ्वीनारायण शाहको मृत्युपछि दरबार भित्र चर्किएको रानीहरूको षडयन्त्रले तानाशाही राणा सरकार जन्माएको थियो । राणाकालमा ज्यादति भोग्नु परेकै कारण स्वतन्त्रताका लागि नेपाली जनताहरू आन्दोलित हुन थालेका थिए र पुरुषहरूलाई राजनीतिमा प्रजातन्त्र ल्याउन सहयोग गर्दै बिस्तारै आफ्ना अधिकारका लागि महिलाहरू आन्दोलन गर्न थालेका थिए ।

## ५.३ १९७४ देखि २०१७ सालसम्म भएका महिलाआन्दोलनहरू

१९०३ सालमा जङ्गबहादुर राणाबाट राणा शासन सुरु भएर रणोद्दीप सिंह, वीरशमशेर, देवशमशेर हुँदै चन्द्रशमशेरको शासनकालमा पुग्दा जहानीया एकतन्त्री तानाशाही शासकको निरङ्कुशता बढ्दै थियो भने चेतनशील नेपालीहरूसँगै चेतनशील महिलाहरू पनि अधिकारका लागि जुर्मुराउन थालिसकेका थिए । महिलाहरूलाई बच्चीहरूको बिहे बुढासित गरिदिने कानुन ठीक लागेको थिएन, न त पुरुषले जति जनासँग बिहे गरे पनि हुने परिपाटी नै ठीक लागेको थियो । त्यस्तै, महिलाले भने घुम्टो ओढेर बस्नुपर्ने, घर परिवारले जे भन्छ सोही मान्नु पर्ने अचम्मको व्यवस्था उनीहरूलाई मन परेको थिएन । बुढाले बालिका बिहे गर्ने अनि बुढाको मृत्यु पछि भरखर जवान हुँदै गरेकी स्त्रीलाई सती पठाउने प्रचलन पनि उनीहरूलाई मन परेको थिएन । महिलाले स्वतन्त्र किसिमले इच्छा व्यक्त गर्न नपाउने यस्तो अवस्थाको विरोध चेतनशील महिलाहरूको जमघटमा चर्चाको विषय मात्र हुनथालेको थिएन महिलाहरू सङ्घर्षको मैदानमा उत्रिन पनि थालेका थिए ।

यस अवधिको प्रारम्भसँगै महिलाहरू अधिकारका लागि सङ्घर्ष गर्दै अघि बढ्न थालेको देखिन्छ । पुरुषहरूले नै सङ्गठन गर्न नसकेको राणाकालीन ज्यादति चरमोत्कर्षमा पुगेको यस समयमा पनि प्रारम्भसँगै महिलाहरू सङ्गठन गर्न सफल भए । साङ्गठनिक रूपमा र व्यक्तिगत रूपमा समेत महिलाहरू अगाडि बढ्न थालेका थिए । योगमाया न्यौपाने, जीवकुमारी गौतम, दिव्या कोइराला, मङ्गलादेवी, साहना प्रधान, मोतीदेवी, राममाया पोडेनीजस्ता नेतृहरूलाई व्यक्तिगत रूपमा समेत कार्य गर्ने महिलाहरूको

---

[१९१] **ऐजन**, पृ. १२ ।

उदाहरणमा लिन सकिन्छ । सजिलोका लागि यस चरणलाई पनि दुई भागमा विभाजन गरेर विवेचना गरिएको छ ।

### ५.३.१ १९७४ देखि १९९८ सालसम्म भएका महिलाआन्दोलनहरू

योगमाया न्यौपानेले व्यक्तिगत रूपमा परिवार र समाजबाट पीडित बन्दै समाज र देशकै सुधारका लागि आवाज उठाएकी थिइन् । उनले समाजका लागि सुधारको काम गर्न सुरु गरेको समयबाट उनले सामूहिक आत्मदाह गरेको समयसम्मको अवधि यस शीर्षकमा अध्ययन गरिएको छ । यसै समयमा जीवकुमारी गौतम, दिव्या कोइराला, मोहन कुमारी कोइराला आदिको नाम पनि आउँछ ।

भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स. को सिम्ले गाँउमा १९२४ सालमा जन्मिएकी योगमाया ७ वर्षको कलिलो उमेरमा पिता श्रीलाल पाध्ये न्यौपाने र आमा चन्द्रकला न्यौपानेको घरबाट पति ईश्वर कोइरालाको घरमा आएकी थिइन् ।[१९२] बाल्यकालमा धेरै दुःख दिएर घरबाट निकालेको र माइतीले पनि दुःख सहेर घरमा नै बसेकी भए हुन्थ्यो भनेका कारण बाध्य भएर दोस्रो बिहे कँडेलसँग गरेकी योगमायाले पति कँडेलको मृत्युपछि पुनः दुख पाएको र छोरी बाटुली समेतलाई छोडेर हिँड्नु परेको थियो । उनी तेस्रो बिहे डोटेलसँग गरेर आसाममा बस्न थालिन् । यसरी धेरै हण्डर खाएकी उनले त्यहाँ धेरै कुरा सिक्ने मौका पाइन्, समाज बुझ्ने अवसर पाइन् । नयाँ राजनीति सुरु हुन लागेको र आर्य समाजीहरूको चहलपहल बढेको समय उनी धेरै कुरा बुझ्दै थिइन् तर पति डोटेलको पनि मृत्यु भएपछि उनी दिक्क हुँदै १९७३ (सन् १९१६) सालमा ४९ वर्षको उमेरमा आसामबाट फर्केर मझुवा बेसी नै फर्केर बस्न थालिन् ।[१९३] उनले छोरी नयनकला डोटेलको विवाह गरिदिइन् तर नयनकला पनि थोरै दिनमा नै विधवा भइन् । उनलाई छोरीको दुखःले पनि साह्रै असह्य बनायो । मनको शान्तिका लागि उनी भारत तीर्थयात्राका लागि गइन् । त्यहाँ पनि शान्ति नपाएपछि उनी नेपालभित्र तीर्थ यात्रा गर्दै नेपालको समाज बुझ्न थालिन् । पछि उनी समाजमा अन्याय बढ्दै गएका सन्दर्भमा उनले आफूले धेरै दुःख पाए पनि अरूलाई सुख होस् भन्ने सोची समाजसुधारतर्फ कार्य गर्न उनले हिम्मत देखाउँदै तात्कालीन राणा सरकारलाई धेरै मागसहित बिन्तीपत्र दिएकी थिइन् । उक्त बिन्तीपत्रमा उनले महिलाका

---

[१९२] मातृका तिम्सिना, **नेपाली सन्त परम्परामा योगमाया र सर्वार्थ योगवाणी**, (काठमाडौ : पैरवी प्रकाशन २०७०), पृ. ४६ ।

[१९३] **ऐजन** ।

हित गर्ने कल्याणकारी सामाजिक सुधार होस्, पुरोहितवादको अमानवीय चलन खारेज गरियोस्, धर्मराज्यको भिक्षा दिइयोस् भन्नेजस्ता मागहरू राखेकी थिइन् । त्यस्तै, उनले समाजसुधार र सामाजिक न्यायको पक्षमा, विधवा महिलाको अधिकारका पक्षमा, सामाजिक विसङ्गति, विकृतिका रूपमा रहेका प्रचलन एवं अन्धविश्वासका विरुद्धमा, वन जङ्गल र चरणको सुरक्षाका सम्बन्धमा, जातपात, छुवाछुत र सानाठूलाको विभेदजस्ता कुराको नियन्त्रण गर्ने सम्बन्धमा मागहरू राखेकी थिइन् । आँट र साहसकी धनी उनले प्रेमनारायण मार्फत पटकपटक नेपालका तात्कालीन श्री ३ चन्द्रशमशेर, श्री ३ भीमशमशेर र श्री ३ जुद्धशमशेरलाई भेट्ने प्रयास गरेकी थिइन । प्रेमनारायणमार्फत भेट्न नसकेपछि उनी आफैँ १९९३ साल असोज महिनामा दशैँको अष्टमीका दिन काठमाडौँ गएर जुद्धशमशेरलाई भेटिछाडिन् । किस्तिभरि असर्फी ल्याएर जुद्धशमशेरकी रानीले उनलाई उपहार दिएकी थिइन् उनले त्यो लिइनन् बदलामा जनतालाई अत्याचारबाट मुक्त गर भन्दै धर्म राज्यको माग राखिन् ।[१९४] उनीसँग श्री ३ लाई भेट्न प्रेमनारायण, नैनकला र दुखुना पनि गएका थिए । उनलाई राणा सरकारले अर्थात् श्री ३ जुद्धशमशेरले केही समय दिनूस् मैले धर्मराज्य भिक्षामा दिएँ भनेपछि उनी आफ्ना साथीसहित खुशी भएर चन्द्रागिरीबाट सिमभन्ज्याङ हुँदै वीरगञ्ज, रक्सौल, जोगवनी, विराटनगर, इटहरी, धरान, धनकुटा, हिले, पाखीबास, लेगुवा, तुम्लिङटार हुँदै मझुवावेसी पुगेकी थिइन् । तर के गर्नु आश्वासन कार्यान्वयन भने हुन सकेन । १९९५ सालको दशैँको नवमीसम्म पनि माग पूरा नगरेपछि उनी राणा सरकारको विरोधमा उत्रिन बाध्य भइन् ।[१९५] दशमीका दिन उनले भिक्षापत्र लेख्न लगाइन्, जसमा निम्न मागहरू थिए :

- महिलाहरूलाई पनि वेद पढ्न पाउने व्यवस्था गरियोस्,
- उमेर पुगेपछि मात्र केटीको बिहे गरियोस्,
- केटाकेटीको मञ्जुरी बेगर बिहे नगरियोस्
- जातपात र छुवाछुतको अन्त गरियोस्
- विधवालाई बिहे गर्न छुट दिइयोस्,

[१९४] डम्बर बहादुर बस्नेत, "क्रान्तिकारी महिला : योगमाया", **सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमाया,** (सम्पा.), (काठमाडौँ : मातृका तिम्सिना समेत, नेपाल अध्ययन केन्द्र, २०५७), पृ. १९५ ।

[१९५] तिम्सिना, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३३, पृ. १७८ ।

- गाउँ घरमा बुनिएको खाडी कपडा सबैलाई लगाउन अनिवार्य गरियोस्,
- चक्रवृति व्याज लिने चलन बन्द गरियोस्,
- अन्न पच्चिसौँ लगाउने चलन बन्द गरियोस्,
- मान्छे मरेपछि भनिने गरुडपुराण बन्द गरियोस्,
- सौता हाल्ने चलन खारेज होस्,
- गाइबस्तुका लागि गौचरन र पानीघाटको व्यवस्था गरियोस्,
- मानापाथीमा एकरूपता कायम होस्,
- १९९० को भूइँचालोपछि राजाले रैतीलाई दिएको ऋण मिनाहा गरियोस्,
- न्याय किनबेचको वस्तु नबनोस्,
- जात पतीत गर्ने र मुड्ने चलनको अन्त होस्,
- घरैपिच्छे श्राद्ध गर्ने चलन रोकेर सबै दाजुभाइ जेठो दाजुकहाँ जम्मा हुनुपर्ने व्यवस्था गरियोस्,
- रुद्राक्ष बेच्न नपाइने व्यवस्था गरियोस्,
- १ वर्षसम्म बरखी बार्ने चलन हटाइयोस्,
- नियाँ निसाफ सरल होस्,
- जिन्सीमा पनि तिरो तिर्न सकिने व्यवस्था गरियोस्,
- देशभित्र खानी खनियोस्
- टोढापुबाट नुन झिकेर बाँडियोस्,
- पुराना कानुन खारेज गरी धर्मराज्य घोषणा गरियोस्,
- गरिबहरूलाई जग्गा उपलब्ध गराउन गाउँ-गाउँमा भूदान यज्ञ गरियोस्,
- खेतीयोग्य जमीन बाँझो राख्नेलाई कारबाही गरियोस् ।

यस्ता १२४ सूत्रीय मागहरू जुद्धशमशेरका नाममा दिङ्गला हुलाकबाट पठाइयो । सूचनाका रूपमा ठाउँठाउँमा टाँसियो । उक्त माग पूरा नभए कार्तिक २७ गते हरिशयनी एकादशीका दिन सम्पूर्ण भक्तहरूले अग्नि समाधी लिई संसार छाड्ने छौँ भनियो । २४० जनाले माग पूरा नभए अग्नि समाधी लिने भनेर नाम लेखाएका थिए माग पूरा भएन । यसपछि उनले १९९५ साल मार्ग पूर्णिमाका दिन मजुवामा ठूलो यज्ञको तयारी गर्न लगाइन् । उनले छाप्न लगाएको सर्वाथ योगवाणी वितरण गर्ने र सो यज्ञमा योगमायासहित उनका अनुयायीहरू यज्ञको अग्निमा प्रवेश गरी आत्मदाह गर्ने घोषणा गरेकी थिइन् ।[१९६] भिक्षापत्रमा लेखिएका मागहरू पूरा गरिनुको बदला महिलाको नेतृत्वमा भएको कठिन निणर्यलाई भत्काउँदै तात्कालीन राणासरकारले उनलाई पाटीमा राखेर कैद गर्ने भन्दै अरू सबै उनका अनुयायीहरूलाई धनकुटा जेलमा नै कैद गर्नू भन्ने आदेश गर्न पुग्यो । धनकुटा गौडाका तात्कालीन बडाहाकिम माधवशम्शेर र भोजपुरका बडाहाकिम गरुडध्वजले गोलीगठ्ठासहित फौज लिएर गएर यज्ञ रोक्दै सहभागीहरूलाई पक्राउ गरेका थिए । पक्राउ पर्नेहरूमा पण्डित प्रेमनारायण भण्डारी १९ महिनापछि छुटेका थिए भने रत्नमानको जेलमा नै मृत्यु भएको थियो । डिल्लीबहादुर १५ महिनापछि छुटेका थिए भने डम्बरबहादुर, सूर्यबहादुर, भक्तबहादुर र नरेन्द्रबहादुरले ३० महिना जेलमा बस्नु परेको थियो । तीमध्ये पहलमान, गोविन्द खतिवडा र टेकबहादुर जेलबाट भागेका थिए । यसैगरी फटिकबहादुर ११ वर्षका मात्रै भएकाले छाडिदिनू भन्ने आदेश भएकाले छुटेका थिए ।

यसरी प्रथम महिलाको नेतृत्वमा गरिएको आन्दोलनमाथि धरपकड र ज्यादती गरियो । यसरी पहिलोपटक महिला नेतृ योगमाया न्यौपाने थुनामा परेकी थिइन् ।[१९७] १९९५ साल मङ्सिर पूर्णिमाका दिनमा धर्म र कविताका माध्यमबाट महिलाअधिकारका लागि लड्ने योगमायालाई नौजना पुरुषहरूसँगै कैद सजाय दिइएको थियो । सनातनदेखि चलिआएको वर्णाश्रम धर्म व्यवस्थाका विरूद्ध भारतमा आर्य समाजमा सुधार गरिनु पर्ने आवाज उठेको थियो । भारतका दयानन्द सरस्वतीले आर्यसमाजमा सुधार गर्ने कुरा गरेका थिए भने यसको प्रभाव नेपालमा पनि पर्न गयो । यसले नेपाली महिलाहरूमा पनि शिक्षाप्रति रुचि

[१९६] **ऐजन,** पृ. ११३, ११४ र ११५ ।

[१९७] शिवमाया तुम्बाहाङ्फे, **नेपालमा महिलाआन्दोलन,** (विराटनगर : बाणी प्रकाशन, २०६६), पृ. ८२-८३ ।

जगाइदिएको थियो । यसै समयमा उनले तात्कालीन समाजमा व्याप्त सामाजिक कुरीतिका विरूद्ध प्रथमपटक आवाज उठाएकी थिइन् । उनले कविताका माध्मयबाट उठाएको आवाज नै पछि धेरै महिलाहरूको सङ्गठित आवाज हुन पुगेको पाइन्छ । पछि सत्य धर्म र शिक्षाका बदलामा कैद पर्नु परेको घटनाले निरास बनेकी उनी झन् चारजना सपूतहरू गङ्गालाल, धर्मभक्त, दशरथ चन्द र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिएको घटनाले त झनै बिह्वल बनिन् । अन्याय चरम हुन पुगेको अनुभव गर्दै १९९८ साल असार ३१ गते (सन् १९४१) शनिबार हरिशयनी एकादशीका दिन एकाबिहानै अरुण नदीको उर्लदो भेलमा योगमाया न्यौपानेसहित ६८ जनाले देहत्याग गरेका थिए । यसरी उनीसँग जलसमाधि लिनेहरूमा ४८ जना महिलासहित २० जना पुरुषहरू पनि थिए ।[१९८] यसलाई नेपाली महिलाआन्दोलनको चरम रूप मान्न सकिन्छ ।[१९९] यसरी योगमायाले व्यक्तिगत रूपमा आन्दोलन गर्दै पूरै समाजका लागि ठूलो सङ्घर्ष गरेकी थिइन् ।

महिला हकहितका लागि साङ्गठनिक रूपमा काम गर्न १९७४ साल असार महिनामा श्री ३ चन्द्रशम्शेरकी महारानी बालकुमारीदेवी अध्यक्ष, कृष्णप्रसाद कोइरालाकी जेठी पत्नी मोहनकुमारी उपाध्यक्ष, कृष्णप्रसाद कोइरालाकी कान्छी पत्नी दिव्या कोइराला सचिव अनि योगमाया न्यौपाने, पूर्णकुमारीदेवी (मनमोहन अधिकारीको आमा) सदस्य भएको महिला समितिको गठन सिराहामा गरिएको थियो ।[२००] पुरुषले नै संस्था खोल्न नसक्ने यस समयमा महिलाहरूले खोलेको यस संस्थाले राम्रोसँग काम गर्न भने पाएन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सङ्गठन फिजाउँदै शिक्षाको प्रचार गर्ने र घरेलु सीप सिकाउने उद्देश्य रहेको यस प्रथम समिति एक वर्षमा नै कृष्णप्रसाद कोइरालाको परिवारलाई सर्वस्वसहित निर्वासन गरिएपछि रोकिन पुग्यो । उनले घुम्टो हाल्नुपर्ने प्रथाको विरोध गरेकालाई महिला जागरणको उदाहरणका रूपमा लिन सकिन्छ ।

त्यस्तै, १९७७ असार २५ गते चन्द्रशम्शेरले सतीप्रथा उन्मूलन गर्नुभन्दा अगाडि नै पनि महिलाअधिकारको आवाज उठाउने जीवकुमारी तराई नेपालमा जन्मि सकेकी थिइन् ।

---

[१९८] परिशिष्ट ४ ।

[१९९] तिम्सिना, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३३, पृ. १२१ ।

[२००] गोविन्दमान सिंह कार्की, "निरङ्कुशताविरोधी आन्दोलनकी अग्रणी दिव्या कोइराला," **चेतना**, हरिप्रभा खड्की र अरू (सम्पा.), (काठमाडौं : नेपाल महिला सङ्घ, २०७१), पृ. १४४ ।

यस समयमा महिलाहरूको अवस्था दयनीय थियो । विशेष गरी तराईका महिलाहरूलाई त पुरुषको अनुहार हेर्नेसमेत छुट थिएन । उनीहरूलाई घरबाहिर हिँड्ने अनुमति थिएन, घरभित्र नै बस्नु पर्थ्यो । हिँड्नै परे पनि उनीहरूले अनुहार छोपेर हिँड्नु पर्थ्यो । यस्तो अवस्थामा भरखर विवाह भएकी आठ-नौ वर्षकी बालिका खिदिम कि जीवकुमारी गौतम माइतीबाट घर आउँदा सती पठाउन लागेकी महिलाको क्रन्दन र आँखाकै सामुन्ने विभत्स मृत्यु देखेपछि भयभित हुन पुगेकी थिइन् । उक्त भय कम नहुँदै घरमा आएको केही समयपछि नै आगलागीमा परेका बेला आमाजू र नन्दले माथि तलाबाट बचाऊ-बचाऊ भन्दा तल बसेका पुरुषहरूले तल आए पनि मर्ने नै हौ माथि बसे पनि मर्ने नै हौ भनेका कारण उद्दार नगरिएकाले उनीहरूले डढेर मर्नु परेको सत्य आँखा अगाडि नै घटेपछि महिलाको जीवनको मूल्य नै रहेनछ भनेर उनी दिक्क भएकी थिइन् । यस घटनाले महिलाका लागि केही गर्नैपर्ने विचार उनको मनमा जगाइदियो । आफन्त पुरुषहरूलाई भन्दा केही हुन नसक्ने ठहर गरी उनले सरकारको प्रमुखलाई नै पत्र लेख्ने विचार गरिन् । आँटिली वीराङ्गना जीवकुमारीले तात्कालीन श्री ३ चन्द्रशम्शेरलाई पत्रमा लेखेकी थिइन्- “तिमी कस्ता राजा हौ आफ्नो प्रजाको रक्षा गर्न नसक्ने, के राजा भरतले राजा दशरथ मर्दा रानीहरू कौसल्या, कैकेयी र सुमित्रालाई सती पठाएका थिए ? अनाहकमा महिलाहरू मारिने प्रथा तिमी महाराज भएर पनि रोक्न सक्दैनौं भने तिमीलाई किन महाराज भन्नू ।”[२०१] उदाहरणसहित यस्ता कुराहरू लेखेर पत्र पठाएपछि चन्द्रशम्शेरको चित्त बुझेछ । यही सल्लाहपत्रपछि सतीप्रथा बन्द गराउन श्री ३ ले आदेश दिएका थिए । भनिन्छ, उनले सतीप्रथा मात्र रोकेका थिएनन्, उनको आँखा खोलिदिएकामा खुशी हुँदै जीवकुमारीलाई मुखियानी पद्वी नै दिएका थिए । चन्द्रशमशेरले पत्रमा- “भारदार, गुरु, पुरोहितसँग सल्लाह गरी तिमीले अति चित्त बुझ्ने गरी सल्लाह दिएकाले मुखियानी पदवी दिएँ”[२०२] लेखेका थिए । मुखियानीका सन्तान भएकाले आजसम्म पनि खिदिमका उनका सन्तान गौतमहरूलाई मुखिया भन्ने गरिएको पाइन्छ ।[२०३] यसरी खिदिमका दण्डपाणी गौतमकी कान्छी पत्नी जीवकुमारी गौतमले दिएको सल्लाहमा[२०४] नै १९७७ साल जेष्ठ ६ गते श्री ३ चन्द्रशम्शेरले

---

[२०१] किशोर गौतम, “जीवकुमारी गौतम र हरिहर गौतम” **सामाजिक जनसत्ता**, (काठमाडौं : २०५९), पृ. २४ ।

[२०२] **ऐजन** ।

[२०३] किशोरकुमार गौतमबाट प्राप्त जानकारी, परिशिष्ट १ ।

[२०४] गौतम, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ४२, पृ. २४ ।

सती प्रथा उन्मूलन गरेको पाइन्छ ।[२०५] १९९३ सालमा चन्द्रकान्ता मल्लले कन्याहरूलाई शिक्षा दिनुपर्छ भन्दै र स्कुल खोलेर, सबैका घर-घरमा गएर छोरीहरूलाई पढाउनुपर्छ भन्दै चेतना फैलाउने काम गरेकी थिइन् ।

### ५.३.२ १९९९ देखि २०१७ सालसम्म महिलाहरूद्वारा गरिएका सङ्घर्षहरू

यस अवधिमा सङ्ठन गर्दै महिलाहरू अधिकार प्राप्त गर्न सङ्घर्षको मैदानमा अनेक तरहले सहभागी भएका थिए । आभा कोइराला, कामाक्षादेवी, मङ्गलादेवी सिंह, मिठाइदेवी डङ्गोल, राममाया पोडेनी, शान्ता श्रेष्ठ, रेवन्तकुमारी आचार्य, साधना अधिकारी, सुशीला चालिसे, नोना कोइराला, द्वारिकादेवी ठकुरानी, स्नेहलता, कनकलता दिलहरि श्रेष्ठ, शान्ता श्रेष्ठ, अष्टकुमारी, चञ्चला मानन्धर, धनदेवी, साहनाप्रधान मोतीदेवी, शान्तिदेवी क्षेत्राणी, रोहिणी शाह, प्रिन्सेप शाह, तुलसा शर्मा, चन्द्रकान्ता मल्ल आदि यस समयका सक्रिय नेतृहरू थिए ।

मङ्गलादेवी सिंहको १९९७ सालमा राजनीतिज्ञ गणेशमान सिंहसँग विवाह भएको थियो । राणाविरोधी आन्दोलन चरमोत्कर्षमा पुगेको त्यस समयमा नेपालभित्र राणाकालीन बडाकाजीको बुहारी बन्दै उत्साह र उमङ्गका साथ भव्य समारोहबीच उनी विवाह बन्धनमा बाँधिएकी थिइन् । प्रजापरिषद्का सदस्य गणेशमान पक्राउ परेपछि विवाहको चार महिनादेखि पतिको वियोगमा बस्नु पर्दासमेत नआत्तिई पतिले बोकेको सपना पूरा गर्न हिम्मत र साहस जुटाउँदै सङ्घर्षका लागि घरपरिवारलाई छल्दै उनी प्रजा पञ्चायतको सदस्य हुन पुगेकी थिइन् ।[२०६] प्रजा पञ्चायतको लगातार बैठक भइरहँदा पाँचवटा बैठकमध्ये चारवटा बैठकमा अनेकौं समस्याहरूसँग लड्दै उनी सहभागिता जनाउन सफल भएकी थिइन् । अध्यक्ष विश्वेश्वरप्रसाद कोइराला अनि त्रिपुरसिंह प्रधान, विष्णुसुन्दर प्रधान, प्रेमबहादुर कंसाकार, भुवनलाल जोशी, अमीरबहादुर, नन्दलाल जोशी, राजाराम श्रेष्ठ, दमनराज तुलाधर, भोलामान प्रधान आदि सदस्य भएको यस प्रजा पञ्चायतको बैठकमा धेरै विषयमा छलफल भैरहेको थियो । यति धेरै विषयमा छलफल भए पनि महिलाका

---

[२०५] प्रकाश वस्ती, **हाम्रो कानुनी इतिहासका केही झाँकीहरू**, (काठमाडौं : पैरवी प्रकाशन, २०६३), पृ. १५ ।

[२०६] मङ्गलादेवी सिंह, **नारी सङ्घर्षका पाइलाहरू (आत्म वृतान्त)**, (काठमाडौं : पी.एल. सिंह, २०५१), पृ. १५ ।

विषयमा भने पहिलो, दोस्रो तेस्रो, चौथो कुनै पनि बैठकमा छलफल नभएपछि उनी छक्क परेकी थिइन् ।

यसरी लगातार चारवटा बैठकमा महिलाका विषयमा कुरै नउठेपछि उनको मनमा महिलाको छुट्टै संस्था खोल्नुपर्ने र महिलाका मुद्दामा आवाज उठाउनु पर्ने विचार उम्रिन पुग्यो । यसलाई महिलासङ्घ स्थापना गर्ने विचारको बीज अङ्कुरित भएको मान्न सकिन्छ ।

मङ्गलादेवीले २००४ सालमा म्हेपीमा आयोजना गरिएको वनभोज कार्यक्रममा महिलासङ्घ खोलेर महिलाअधिकारका लागि महिलाहरूले नै काम गर्नुपर्छ भन्ने विचार राखेपछि उनको विचारमा सहमती जनाउँदै उपस्थित अन्य बीसजना महिलाहरूले पनि महिलाअधिकारका लागि सङ्घर्ष गर्ने निर्णय गरेका थिए । यस वनभोज कार्यक्रममा उपस्थित भई सहमति जनाउने महिलाहरू प्रेमलता कंसाकार, श्रीमाया, नानु प्रधान, प्रतिमा कर्माचार्य, हरिदेवी श्रेष्ठ, सरोजनी मानन्धर, गुलबदन ताम्राकार, भानुदेवी, हिरादेवी तुलाधर, कृष्णकुमारी मानन्धर, नानीमैया श्रेष्ठ, सुवर्ण मैया जोशी, सानुदेवी तुलाधर, मैया जोशी, मैया प्रधान, हसिनादेवी श्रेष्ठ, नारायणदेवी सिंह, तारा मानन्धर, केशरीदेवी मानन्धर, स्नेहलता, मिठुदेवी आदि गरी जम्मा २१ जना थिए । यो महिला मात्रको प्रथम भेलाले नेपालको इतिहासमा प्रथमपटक नै महिलाका मुद्दामा आवाज उठाउने निर्णय गरेको थियो । यस भेलाले श्री ३ पद्मशम्शेरकहाँ महिलाअधिकारको माग लिएर प्रतिनिधि जाने र नगरपालिकाको तुरुन्तै हुने भनिएको निर्वाचनमा भोट हाल्ने अधिकार महिलालाई पनि दिइनु पर्ने, महिलाहरूलाई पढ्नका लागि अधिकारको सुनिश्चितता गर्नुपर्नेजस्ता कुरामा श्री ३ बाट हुकुमप्रमाङ्गी गराउने निर्णय गरेको थियो ।[२०७]

यसपछि महिलासङ्घ स्थापना गर्न २००४ साल श्रावण १६ गते भेडासिंहस्थित चिनियालालको घरमा बसेको बैठकले महिलासङ्घ स्थापना गर्ने, साधारण सदस्यता वितरण गर्ने, कार्यसमिति चयन गर्नेजस्ता महत्त्वपूर्ण निर्णयहरू गरेको पाइन्छ ।

यसरी प्रजातन्त्रका लागि गरिएको आन्दोलनका हिमायतीहरूमाथि धरपकड गर्दै मृत्युदण्ड दिने, आफैँ आत्मदाह गर्नेजस्ता विरोधले एकातिर उग्र रूप लिँदै थियो भने अर्कोतिर नेपाली काङ्ग्रेस पार्टी, नेपाल कम्युनिस्ट पार्टी, प्रजा पञ्चायत, नेपाल प्रजापरिषद्

---

[२०७] **ऐजन**, पृ. ९१ ।

नेपाल महिलासङ्घ जस्ता संस्थाहरू स्थापना भएर साङ्गठनिक रूपमा प्रजातन्त्र स्थापनार्थ नेपाली महिला पुरुषहरू अघि बढिसकेका थिए । त्यसैले त यस अवधिको आल्दोलन विराटनगर हडतालबाट सुरु गरिएको थियो ।

२००३ साल फागुन २१ गते अर्थात् ४ मार्च १९४७ मा सुरु गरिएको विराटनगर जुटमिल आन्दोलनका अगुवाहरू विश्वेश्वरप्रसाद कोइराला, बालचन्द्र शर्मा, गोपालप्रसाद उपाध्याय, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, गेहेन्द्रहरि शर्मा, तारिणीप्रसाद कोइरालालगायत धेरै पुरुषहरू पक्राउ परेपछि २००४ सालको उक्त विराटनगर मजदुर हडतालको नेतृत्व सुरुदेखि चेतना जगाउने कार्य गर्दै आएकी दिव्यादेवी कोइरालाले नै गरेकी थिइन् । हडताल गर्नाका साथै उनको नेतृत्वमा जुलुस पनि निकालिएको थियो । त्यसैले त २७ मार्च १९४७ का दिन उनी पक्राउ परिन् । उनीसँगै नलिनी र कामिनी कोइराला पनि पक्राउमा परेका थिए ।[२०८]

प्रजातन्त्र आइसकेपछि पनि महिलाआन्दोलनलाई सशक्त बनाउन यिनी सक्रिय थिइन् । यसको उदाहरणमा २०१७ साल श्रावण १६ गते **नेपाली नारी बिल मसौदा समिति**द्वारा अखिल नेपाली महिलासङ्घको कार्यालयमा आयोजना गरिएको एक सभाको अध्यक्षता गरेकालाई लिन सकिन्छ । यस सभामा उनले बालविवाह, बहुविवाह र सम्पत्तिमा नारीका अधिकारका बारेमा विचार व्यक्त गरेकी थिइन् । यतिमात्र होइन यी साहसी नारीले राजा महेन्द्रले २०१७ सालमा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासमेत सबै प्रजातन्त्रवादी नेताहरूलाई बन्दी बनाएर यातना दिँदै गरेको प्रतिकूल अवस्थामा पनि हरेस नखाई छोरालाई सान्त्वना दिँदै सङ्घर्षलाई साथ दिइनै रहेकी थिइन् ।[२०९]

यस समयमा २००४ सालमा भएको सत्याग्रहमा भाग लिएको चार महिनापछि मङ्गलादेवीको अध्यक्षतामा महिलासङ्घ खोलिएको थियो । प्रथम महिलासङ्घकी अध्यक्ष मङ्गलादेवीले त प्रजातन्त्रको पुर्नस्थापना भैसक्दा पनि महिलाको सम्पत्तिमा समान हक हुनुपर्ने आवाज उठाइरहेकी थिइन् । २०४२ सालको सत्याग्रहको अवसरमा पनि उनले महिलालाई सम्पत्तिमा समान अधिकार हुनुपर्छ भन्दै महिला अधिकारका लागि आवाज उठाइ नै रहिन् ।

[२०८] शर्मा, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३, पृ. ४०९ ।

[२०९] विश्वेश्वरप्रसाद कोइराला, **जेल जर्नल,** चौ.सं., (काठमाडौं : जगदम्बा प्रकाशन, २०६३), पृ. १९ ।

क्रान्तिकारी स्वभावकी निडर साहसी मङ्गलादेवी महिलाहरू जम्मा गरेर विकट परिस्थितिमा महिलासङ्घ खोल्न सफल बन्दै जीवकुमारी र योगमायाले जस्तै अधिकारका लागि मागहरू लिएर श्री ३ पद्मशम्शेरकहाँ गइन् । उनले जीवकुमारीले जस्तो पत्र पठाएकी होइनन् न त उनले योगमायाले जस्तो सन्त भेषमा धर्मराज्यको नै माग गरेकी हुन् । उनले त अरू महिलाहरूसहित प्रतिनिधि मण्डल नै गएर महिलाहरूका लागि पढ्न विद्यालय र महिलाहरूलाई राजनीतिक अधिकार अर्थात् मताधिकारको माग गरेकी थिइन् । जुन **वैधानिक कानुन**, २००४ आएपछि पाइने विश्वास थियो । यसकै परिणामस्वरूप पद्मशमशेरले पढ्नका लागि आफ्नै नाममा पद्मकन्या स्कुल स्थापना गरिदिएका थिए मङ्गलादेवीको नेतृत्वमा महिलाहरूले प्रथम भेलामा नै गरेको निर्णयबमोजिम २१ जना महिलाहरू पद्मशम्शेरको निवास विशालनगरमा प्रतिनिधि मण्डल (डेलिगेसन) गएपछि विशालनगर निवासमा बाहिर बस्ने ढोके, पाले, डिठ्टा र बिचारी सबैलाई किन आएको भन्ने जवाफमा अधिकार माग्न सरकारलाई भेट्न आएको भन्ने जवाफ दिँदै सबैलाई छक्क पार्दै उनीहरूले आफ्नो निडरपन देखाएका थिए । कसैकसैले त दर्शन गर्न आएको भन्नुपर्छ भनेर सिकाएका पनि थिए तर विरोधको रापमा दनदन बलेकी निडर मङ्गलादेवीलाई शिष्टता होइन आफ्नो अधिकार मात्र थाहा थियो । अरूलाई दिएको जवाफ त के थियो र ? उनले त आफ्नै बुढा ससुरा बडाकाजीलाई पनि सिधै सरकारलाई भेट्न र अधिकार माग्न आएको भनेर निर्भिकतापूर्वक जवाफ दिएकी थिइन् । त्यसबेला प्रधानमन्त्रीका हजुरिया कर्णेलले तिमी ठूलाकी बुहारी इज्जतमा बस्नुपर्छ, जो पायो त्यहीसँग हिँड्नु हुँदैन भनेर सम्झाएका पनि थिए । यो सम्झाइले उनलाई झन् रिस उठेको थियो र उनले तुरुन्तै प्रतिकार गरेकी थिइन् । उनले इज्जत सबैको हुन्छ, यिनीहरूको पनि छ, यहाँ यी सबै अधिकार माग्न आएका हुन् भनेपछि के भयो कुन्नि पद्मशम्शेरले छिट्टै भित्र भेट्न बोलाएका थिए । श्री ३ ले भित्र बस्न भनेका थिए, तर उनीहरूले मानेनन्, उनीहरूले उठेरै नडराई नगरपालिकाको चुनावमा महिलाले पनि भोट हाल्न पाउनुपर्ने र पढ्नका लागि व्यवस्था गर्नुपर्ने माग राखेका थिए । उनले सरकारले आफ्नै नाममा स्कुल खोले सरकारको नाम रहने थियो अनि हामीले पढ्न पाउने थियौँ भनेपछि श्री ३ पद्मशम्शेरले ले 'म विचार गर्छु' भनेर सरल जवाफ दिएका थिए तर उनले विचार गर्छु मात्र भनेर हुँदैन लेखेर दिनुपर्छ भनेपछि नजिकै उभिइरहेका सहयोगीलाई लेख्न लगाएर प्रतिबद्धता जनाएका थिए । वैधानिक कानुन जारी गर्ने सोचमा रहेका श्री ३

आन्दोलनबाट डराएका रहेछन् क्यारे, ती दुबै माग पूरा गर्ने जवाफ दिए ।[२१०] फलस्वरूप २००४ सालमा **वैधानिक कानुन**, २००४ ले महिलालाई मताधिकार प्रदान गरेको थियो । यसका सदस्यहरूको समेत प्रयासमा २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र आएको थियो । प्रजातन्त्र आएपछि यस महिलासङ्घलाई वैधानिकता प्रदान गर्न २००८ साल श्रावण २७ गते काठमाडौँको भूगोल पार्कमा महिलाहरूको बृहत् भेला आयोजना गरिएको थियो । श्री ५ त्रिभुवनको समुपस्थिति रहेको भेलाको उद्घाटन श्री ३ मोहनशम्शेरले गरेका थिए ।[२११] यसरी प्रजातन्त्र र महिला हकहितका लागि निरन्तर लड्ने मङ्गलादेवीलगायत धेरै महिलाहरूले जेल र निर्वासित जीवन अपनाउँदै भए पनि निरन्तर सङ्घर्ष गरिरहेको पाइन्छ ।

१९९० सालतिर खोलिएको प्रेमबहादुर कंसाकार, पुष्पलाल श्रेष्ठ आदि सदस्य भएको गोप्य सङ्गठनमा कामाक्षादेवी सदस्य थिइन् । यस गोप्य सङ्गठनको मुख्य उद्देश्य जनतामा जागरण ल्याउनु थियो । उनले २००० सालमा दिलहरि श्रेष्ठ आदिसँग मिलेर बनेपामा स्थायी स्कुल खोली शिक्षाका माध्यमबाट चेतना छर्ने काम तिब्रताका साथ गरेको पाइन्छ । २००७ सालमा प्रजातन्त्र आएपछि २००८ साल असार महिनामा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल आउने भएका थिए । नेहरूलाई स्वागत गर्ने कि नेहरूलाई कालो झन्डा देखाउने भन्ने विवाद महिलासङ्घभित्र हुन थालेको थियो । कार्यकारी सदस्यको बहुमतले कालो झन्डा देखाउने निर्णय गर्दै विरोधको नेतृत्व गर्न शीलवन्ती शाह र श्रीमायालाई जिम्मेबारी दिने निर्णय गऱ्यो । निर्णयअनुसार कालो झन्डा देखाउने काम पनि भयो । तर एक भएर रहेको महिलासङ्घभित्र एयरपोर्टमा विरोध गर्ने कि नगर्ने भन्ने कुराले मनमुटाव ल्याइदियो । परिणामस्वरूप चित्त नबुझ्नेहरूबाट विभाजन सुरु हुन पुग्यो । कालो झन्डा देखाउनेहरूमध्ये ७ जना महिला पक्राउ परेका थिए । यसरी स्पष्ट रूपमा महिलासङ्घ विभाजित भएपछि कालो झन्डा देखाउने समूहको नेतृत्व गर्दै कामाक्षादेवीको नेतृत्वमा नेपाल महिलासङ्गठन गठन गरियो भने विरोध नगर्नेहरू नेपाल महिला सङ्घभित्र रहे ।[२१२]

---

[२१०] सुषमा, बाँस्कोटा बराल,. "मङ्गलादेवी सिंह, महिला सङ्घ र महिलाअधिकार". **चेतना**. हरिप्रभा खड्गी र अरू (सम्पा.), २०७१, पृ. २१०-२२७ ।

[२११] सुशीला ढकाल आचार्य, "मेरो स्मृतिमा मङ्गलादेवी सिंह," **मङ्गला माँ,** विजया श्रेष्ठ (के.सी.) (सम्पा), (काठमाडौँ : नेपाल महिलासङ्घ, २०७१), पृ. ८६ ।

[२१२] **ऐजन**, पृ. १०९ ।

सबै नेपाली महिलाहरू एकै ठाउँमा मिलेर प्रारम्भमा आन्दोलन गरेको भए पनि पछि विभाजित हुँदै सङ्घ संस्था खोलेर महिलाका लागि काम गर्न थालेका थिए । यतिमात्र होइन पछि त आस्थाका हिसाबले भिन्नभिन्न सङ्गठनमा आबद्ध हुन थालेको समेत पाइन्छ । यसरी हेर्दा साङ्गठनिक रूपमा प्रजातन्त्रवादीहरूको भगिनी संस्थाका रूपमा नेपाल महिलासङ्घ रहेको देखिन्छ भने प्रगतिवादीहरूको भगिनी संस्थाका रूपमा नेपाल महिलासङ्गठनले काम गर्न थालेको पाइन्छ । यसरी नै २००० सालमा साहना प्रधान र साधना प्रधानको नेतृत्वमा राणाविरुद्ध पर्चाबाजी गर्न एक गोप्य सङ्गठन खोलिएको थियो । राणा सरकार विरोधी पर्चा छरेपछि श्री ३ जुद्धशम्शेर भागेर पाल्पा गएका थिए ।[२१३] यिनीहरूसँग आन्दोलनमा उत्रिने महिलाहरूमा मिठाइदेवी डङ्गोल, राममाया पोडेनी, शान्ता श्रेष्ठ, रेवन्तकुमारी आचार्य, साधना अधिकारी, सुशीला चालिसे, नोना कोइराला, द्वारिकादेवी ठकुरानी आदि थिए । २००४ सालमा भएको नागरिक अधिकार आन्दोलनमा साधना अधिकारी, स्नेहलता र कनकलतासँगै साहना प्रधान पनि जेल परेकी थिइन् । यिनीहरूलाई सातदिनपछि मात्र छाडिएको थियो ।[२१४] २०४६ सालको आन्दोलनमा समेत २००० सालमा राणाविरुद्ध पर्चा छर्ने गोप्य सङ्गठनकी सदस्य साहना प्रधानले नै सात बाम घटकको नेतृत्व समेत गरेको पाइन्छ । यसरी नेपालमा राणा शासनको समयदेखि अधिकारका लागि आवाज उठाउँदै आन्दोलन कै नेतृत्व गर्न सफल साहना प्रधान २०४७ सालमा भने उद्योगमन्त्री बन्न र २०५३ सालमा बालबालिका तथा समाजकल्याण मन्त्रीसमेत बन्न सफल भएको देखिन्छ । २०४८ सालको प्रतिनिधि सभा सदस्य साहना प्रधानको संयोजकत्वमा गठन गरिएको यस दबाबसमूहले २०४९ साल श्रावण २५ गते समाजकल्याण परिषद् लैनचौरमा महिला र तिनका विविध समस्या विषयमा विचार गोष्ठी गरेर प्रतिवेदन प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको थियो ।[२१५] साहना प्रधानले एकातिर महिलाहरूलाई जागरुक बनाउँदै बढेको पाइन्छ भने अर्कोतिर महिलाअधिकारका सम्बन्धमा महत्त्वपूर्ण निर्णयहरू समेत गर्दै महिलालाई अधिकार प्रदान गर्ने विधेयक प्रस्तुत गर्नसम्म सफल भएको देखिन्छ ।[२१६] त्यस्तै, साहना प्रधानसँगै २००२

---

[२१३] भुवनलाल प्रधान, **नेपालको जनक्रान्ति-२००७,** (काठमाडौँ : रूप प्रकाशन, २०४७), पृ. १५२ ।

[२१४] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३८, पृ. १०२ ।

[२१५] निर्मला सिवाकोटी, "महिला सुरक्षा दबाबसमूह के हो ?," **महिला सन्देश,** वर्ष १, अङ्क १, (२०४९), पृ. २३ ।

[२१६] श्री ५ को सरकार, "लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना," (काठमाडौँ : महिला तथा समाज कल्याण मन्त्रालय एवं क्यानेडियन कोअपरेसन अफिस, मार्ग २०५४), पृ. १०७ ।

सालमा राणा सरकारविरोधी पर्चा छर्ने साधना प्रधान पनि २००४ सालमा भएको नागरिक अधिकार आन्दोलनमा पक्राउ परेकी थिइन् ।[२१७] महिलाअधिकारका सम्बन्धमा चेतनशील साधना प्रधान पनि नगरपालिकाको प्रथम महिला सदस्य हुन सफल भएको देखिन्छ ।[२१८]

आभा कोइरालाले पनि २००३ सालको आन्दोलन सफल पार्न ९ वर्षको कलिलो उमेरमा नै उनले सी.आई.डी. लागिरहेको समयमा लुकेर घरबाट निकै पर पर्ने स्कुल, चउर नाघेर उनी पर्चा, पम्प्लेट ल्याउने गर्थिन्, जुन काम तात्कालीन समयका लागि साह्रै डरलाग्दो मानिन्थ्यो । पटुकामा लुकाएर, घाँघरले छोपेर अति गोप्यताका साथ उनी ती पर्चा पमप्लेटलाई बाँड्ने गर्थिन् । यति मात्र होइन भारतबाट निस्किने **युगबाणी** पत्रिका पनि लुकाउँदै ल्याएर सबैको घरघरमा आफ्नो आँट र उत्साहका साथ पुऱ्याउने गर्थिन् । उनका साथीहरू विन्दा नेपाल, सविता कोइराला, सपु थापा आदि पनि उनीसँगै आन्दोलनमा सहभागी थिए । उनको गोप्य कामको जानकारी ती साथीहरूलाई पनि नहुने गरी आभाले काम गर्ने गरेको पाइन्छ । यसरी आन्दोलनमा सहयोग गर्ने महिलाहरू भएकै कारण २००३ सालको आन्दोलन सफल भएको थियो ।[२१९]

कम्युनिस्ट पार्टीले दिएको छद्म नाम दुर्गादेवी भएकी संस्थापक सदस्य मोतीदेवी २००६ सालमा गङ्गालालसँग कलकत्ता गएकी थिइन् । १९४९ सेप्टेम्बर १५ मा (कसैले १९४९ अप्रिल २२ भनेको) कलकत्ताको श्यामबजारस्थित सरकारी टोलालिनमा नरबहादुर कर्माचार्य, नारायण विलास जोशी, निरञ्जन गोविन्द बैद्य, पुष्पलाल श्रेष्ठ र दुर्गादेवी अर्थात् मोतीदेवी सदस्य भएको नेपाल कम्युनिस्ट पार्टी गठन गरिएको थियो ।[२२०] यसरी भारतमा गठन गरिएको संस्थामा मोतीदेवी आन्दोलनकारी महिलाको सूचीमा दर्ता हुन सफल हुँदै संस्थापक महिला नेतृ बन्न सफल भइन् । पुष्पलालले गठन गर्ने बेलामा विवाद परेका कारण गङ्गालाल विरामी भएकाले सँगै निस्केकी मोतीदेवीलाई संस्थापक होइन भनेको पनि पाइन्छ तर त्यस्तो विकट परिस्थितिमा आन्दोलन गर्ने भारतीय कम्युनिस्टहरूबाट तालिम समेत लिएकी पार्टीकै काममा बाहिर निस्केका कारण कोठामा

---

[२१७] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३८, पृ. १०२ ।

[२१८] भट्टराई, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १३, पृ. ८२ ।

[२१९] गौतम, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ४४, परिशिष्ट १ ।

[२२०] प्रधान, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ५४, पृ. २० ।

नहुँदैमा संस्थापक नहुने हैन भनेको पुष्पलालको भनाइले पनि उनी प्रथम संस्थापक महिला थिइन् भन्ने स्पष्ट हुन पुगेको छ ।[२२१]

यस अवधिमा सङ्घर्षका निम्न कार्यक्रमहरू गरिएका थिए :

### ५.३.२.१ **प्रथम मजदुर आन्दोलन, २००३**

यस अवधिमा एकातिर काठमाडौँमा बडाकाजीकी बुहारी मङ्गलादेवी महिलाहरूलाई बटुल्दै अधिकारका लागि अघि बढ्दै थिइन् भने अर्कोतिर मङ्गलादेवीले प्रथम महिलासङ्घ गठन गर्नुभन्दा अगाडि नै भारतमा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना भएपछि अर्थात् २००३ सालमा विराटनगरमा प्रारम्भ गरिएको आन्दोलनमा दिव्या कोइराला, इन्दिरा आचार्य, नलिनी उपाध्याय, आभा कोइराला र कामिनी गिरीहरू आन्दोलनमा सक्रियताका साथ बढेको कुरा अगाडि चर्चा गरिसकिएको छ । विराटनगरका जुट मिल, कटन मिल र केमिकल कारखानाका मजदुरहरूले २००३ साल फागुन २१ गतेबाट हडताल सुरु गरेका थिए भने महिलाहरूको नेतृत्वमा २००३ साल चैत्र १४ गते निस्किएको जुलुसमाथि प्रशासनले धरपकड गर्दै गोलीसम्म चलाएको थियो । यस जुलुसमा भारतीय नागरिक रितेन बाबु चौधरीको गोली लागेर मृत्यु नै भएको थियो ।[२२२] यसै दिन दिव्या कोइरालालगायत इन्दिरा आचार्य, नलिनी उपाध्याय र कामिनी गिरी पक्राउ परेका थिए । उनीहरूलाई हिँडाएर धनकुटा जेलमा लगिएको थियो ।[२२३] यसरी प्रथम महिला समिति गठन गर्ने दिव्या कोइरालाले नै प्रथम आन्दोलनको पनि नेतृत्व गरेको पाइनुले महिलाहरू आन्दोलनमा सक्रिय थिए भन्ने पुष्टि हुन्छ । यसरी सबैतिरका महिलाहरू आन्दोलनमा अधिकारका लागि निरन्तर लागिरहेका थिए ।

### ५.३.२.२ **सत्याग्रह, २००४**

२००४ सालको प्रारम्भसँगै वैशाख १ गतेबाट सत्याग्रह सुरु भएको थियो । जुलुस प्रदर्शन गरिनु, जयतु संस्कृतम्को आन्दोलन हुनु, गान्धीजीको श्रद्धाञ्जलीमा बजार बन्द गरिनु, विश्वेश्वरप्रसाद कोइरालाको.पक्राउपछि हडताल गरिनुजस्ता विरोधका कार्यक्रमहरू भई नै रहेका थिए । यस प्रजापञ्चायतको सदस्यमा मङ्गलादेवी पनि थिइन् ।

---

[२२१] **ऐजन**, पृ. २१ ।

[२२२] **ऐजन** ।

[२२३] **ऐजन** ।

उनीसँगै धेरै महिलाहरू यस सत्याग्रहमा सहभागी थिए । महिलाहरू एकातिर आन्दोलनमा पुरुषसँग अगाडि बढ्दै थिए भने अर्कोतिर महिलाअधिकारका लागि आवाज उठाउन महिलाहरूको छुट्टै सङ्गठन हुनु पर्छ भन्ने सोचले सङ्गठन पनि गर्दै थिए ।

२००४ सालको सत्याग्रहको क्रममा वैशाख ७ गते काठमाडौँ, ललितपुर र भक्तपुरबाट निकालेको जुलुसमा महिलाहरूको राम्रो सहभागिता थियो । जुलुसमा उनीहरूले इन्ल्काब जिन्दाबाद, नेपाली काङ्ग्रेस जिन्दाबाद, राज हामीले ताकेका छैनौं, ताज हामीले ताकेका होइनौं, हामीलाई नागरिक अधिकार दिनै पर्छ, गोलीदेखि डराउँदैनौं, मरिमेट्न तयार छौँ आदि नारा लगाउँदै अगाडि बढेका थिए ।

### ५.३.२.३ **ब्रिटिश मिसनको विरोध गर्ने कार्यक्रम,** २००७

२००७ सालमा राजा त्रिभुवन भारत गएपछि नेपालको अवस्था बुझ्न नेपाल आएको ब्रिटिस मिसनलाई पत्र दिन र विरोध गर्न लाखौ नेपालीहरू विमान स्थलमा गएका थिए । तिनीहरूलाई हटाउन प्रहरीले हवाइफायर गरेको थियो । हवाइफायरपछि सबै विरोध गर्न गएकाहरू तितरबितर भएका थिए । यसरी सबै भाग्दा पनि शान्ता श्रेष्ठ भने नभागेर निडर बन्दै “सक्छौ भने लौ मलाई गोली हान्” भन्दै अगाडि बढेकी थिइन् । प्रहरीले गोली हान्न सकेन । भागेका आन्दोलनकारीहरू फेरि एकत्रित भए । उनलाई बोकेर ब्रिटिस मिसन बसेकै गाडीमा राखिदिए । उनी नारा लगाउन थालिन् । सबैले उनको साथ दिए । यसरी शान्ता श्रेष्ठको नेतृत्वमा ब्रिटिस मिसनका पदाधिकारीहरूको समेत विरोध गर्न महिलाहरू सफल भएको देखिन्छ ।[२२४]

यतिमात्र होइन २००८ सालको डा. के.आई. सिंह काण्डमा भएको जुलुस प्रदर्शनमा भएको बृहद् महिला सहभागितमा होस् या २०१० सालको भीमदत्त पन्तको किसान आन्दोलनमा होस् महिलाहरूको सहभागिता प्रशस्तै थियो ।

### ५.३.३ **१९७४ देखि २०१७ सालसम्ममा महिलाहरूले प्राप्त गरेका उपलब्धिहरू**

यस प्रथम चरणको आन्दोलन महिलाहरूले महिलाअधिकारका लागि मात्र नगरेर प्रजातन्त्र प्राप्तिका लागि गरेका थिए । त्यसैले महिलाका लागि मात्रै यस समयमा विशेष केही भएको देखिँदैन तर पनि खुला वातावरणमा हुने केही फाइदा भने महिलाहरूलाई भयो नै ।

---

[२२४] **ऐजन** ।

### ५.३.३.१ महिलाअधिकारका लागि महिलाका सङ्घसङ्गठनहरू खोल्नु

धेरै महिलाहरूले संस्था खोलेको पाइनु यस अवधिको आन्दोलनको ठूलो उपलब्धि मान्नु पर्छ । २००८ सालमा कामांक्षा देवीको नेतृत्वमा महिला सङ्गठन खोलिएको थियो भने विदेशी प्रभावबाट नेपाली महिलाहरूलाई बचाउन र महिलाका हक हितमा कामहरू गर्ने उद्देश्य लिएर धनदेवीको अध्यक्षतामा २००९ साल श्रावणमा आर्य स्त्री समाज नामक संस्था खोलिएको थियो । त्यस्तै, २००९ सालमा नै रोहिणी शाहले पनि महिलाहरूको हितमा काम गर्ने उद्देश्य लिएर विराङ्गना दल खोलेको र २००९ साल जेठ महिलामा प्रिन्सेप शाहको नेतृत्वमा विमन्स भोलिन्टियर्स सर्भिस नाम गरेको संस्था खोलेकोलाई लिन सकिन्छ । २०१३ सालमा पुग्दा रोहिणी शाहको संस्था विराङ्गना दल र प्रिन्सेप शाहको संस्था विमन्स भोलेन्टियर्स सर्भिस र धनदेवीको संस्था आर्य स्त्री समाज मिलेर संयुक्त हुँदै पुण्यप्रभादेवी ढुङ्गानाको नेतृत्वमा संयुक्त नेपाली नारी समाजका नामले नयाँ संस्था स्थापना गरिएको पाइन्छ ।[२२५]

### ५.३.३.२ विभिन्न तरिकाबाट महिलाहरूलाई जाग्रत बनाउनु

यस अवधिमा तुलसा शर्माले गान्धी आश्रममा संलग्न भएर महिलाहरूलाई सामाजिक ढङ्गले जाग्रत बनाउन योगदान पुऱ्याएकी थिइन् भने भारतमा गएर नेपाली गीत रेकर्ड गर्ने प्रथम महिला मेलवादेवीले गायनका माध्ययमबाट केही चेतना छरेकी थिइन् । यसरी नै दुर्गादेवीले पनि शिक्षाका माध्ययमबाट महिलामा जागरण ल्याउने काम गरेकी थिइन् । प्रथम कानुनव्यवसायी शान्तिदेवी क्षेत्राणी महिलाले लेखेको निवेदनलाई मान्यता नदिने तात्कालीन समयमा प्रथम प्रधान न्यायाधीश हरिप्रसाद प्रधानबाट महिलाले लेखेको पनि मान्य हुने आदेश गराउन सफल भएकी थिइन् ।[२२६] २०१७ सालमा त यिनी अधिवक्ताको प्रमाणपत्र लिएर प्रथम कानुनव्यवसायी महिला बन्न नै सफल भएको पाइन्छ ।[२२७] यसरी शान्तिदेवी क्षेत्राणीको निवेदनमा सर्वोच्च अदालतका प्रथम प्रधान न्यायाधीश हरिप्रसाद प्रधानले आदेश दिएपछि वल्ल महिलाले लेखेको निवेदनले पनि मान्यता पाएको थियो ।

### ५.३.३.३ प्रथम महिला मन्त्री बन्नु

[२२५] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३८, पृ. ९० ।

[२२६] सुषमा बाँस्कोटा बराल, **सर्वोच्च महिला कानुन बुलेटिन,** (काठमाडौं : सर्वोच्च अदालत बार एसोसिएसन, महिला शाखा, २०६१), पृ. सम्पादकीय ।

[२२७] कानुन व्यवसायी महिलाले प्राप्त गरेको प्रथम प्रमाणपत्र, परिशिष्ट ८ ।

२०१५ सालमा सम्पन्न प्रथम आम निर्वाचनमा स्वतन्त्र रूपमा ५ जना महिलाले र पार्टीको तर्फबाट एकजनाले उम्मेदबारी दिएका थिए । स्वतन्त्र रूपमा महिलाले उम्मेदबारी दिनु र पार्टीको तर्फबाट उम्मेदबार बनाइनु दुवै उपलब्धि हुन् । कमल शाह, रानी शारदा, शुशीला राणा, तारादेवी शर्मा र मैयादेवी स्वतन्त्र उम्मेदबार थिए भने नेपाली काङ्ग्रेसका तर्फबाट द्वारिका देवी ठकुरानीले उम्मेदबारी पाएर प्रथम आमनिर्वाचनमा विजयी भएकी थिइन् ।[२२८] उनी प्रथम स्वास्थ्य मन्त्री बन्न सफल हुनु महिलाहरूका लागि ठूलो प्राप्ति थियो तर यस मन्त्रीमण्डलले काम गर्न पाउनुभन्दा अगाडि नै राजा महेन्द्रले यो मन्त्रीमण्डल भङ्ग गरेर पञ्चायती व्यवस्थाको प्रादुर्भाव गरेपछि पुनः आन्दोलन गर्नुपर्ने भयो ।

#### ५.३.३.४ प्रथमपटक सल्लाहकार सभामा महिला प्रतिनिधि चयन गरिनु

आन्दोलनमा सक्रिय भएकै कारण सल्लाहकार सभामा ६ जना महिलाहरूले प्रतिनिधिका रूपमा जाने अवसर पाएका थिए । वि.सं. २०१२ सालमा गठन गरिएको सल्लाहकार सभामा मङ्गलादेवी सिंह, पुन्यप्रभा ढुङ्गाना, मायादेवी शाह, विद्यादेवी देवकोटा प्रतिभा झा र सुशिला थापा सल्लाहकार भएका थिए ।[२२९]

यसरी महिलाका हकअधिकारका लागि निरन्तर रूपमा काम गर्दै रहेको अवस्थामा राजा महेन्द्रले प्रजातान्त्रिक अवस्था अफापसिद्ध भएको भन्दै दलहरूमाथि प्रतिबन्ध लगाए पछि प्रजातन्त्रसँगै महिलाका हकअधिकारका लागि सङ्घर्ष गर्ने काममा पनि अवरोध खडा हुन पुगेको देखिन्छ ।

## ५.४ २०१७ देखि २०४७ सालसम्मको अवधिमा भएका आन्दोलनहरू

यस अवधिमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्था अफापसिद्ध भएको भन्दै दलहरूमाथि प्रतिबन्ध लगाएर पञ्चायती व्यवस्था लागू गरेदेखि २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप राजा वीरेन्द्रले दलहरूमा लगाइएको प्रतिबन्ध फुक्का गर्दै संसदीय व्यवस्था लागू गर्दा सम्मको समय अर्थात् पञ्चायतकालीन समयलाई लिइएको छ । यस भागलाई पनि दुई उपभागमा विभाजन गर्दै पहिलोमा जनमतसङ्ग्रहको घोषणा गरिएको समयसम्मलाई लिइएको छ भने दोस्रो भागमा त्यसपछिको दश वर्षलाई लिइएको छ ।

### ५.४.१ २०१७ देखि २०३६ सालसम्म भएका महिलाआन्दोलनहरू

---

[२२८] शाक्य, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ५, पृ. १९४ ।

[२२९] Women Members of the Constitutient Assembly, **A Summary of a Study on Contribution of Women in Constition Making in Nepal.** (Kathmandu: Nepal Law Society, 2013), p. 2.

राजा महेन्द्रले २०१७ साल पुस १ गते दुवै सदन विघटन गरेका थिए । अनि उनले पुस ९ गते राजाको प्रेस सेक्रेटरीबाट छिट्टै नयाँ शासन व्यवस्था आउने सूचना जारी गर्न लगाए । पुस १२ गते राजाले आफ्नो अध्यक्षतामा डा. तुलसी गिरी, विश्वबन्धु थापा, ऋषिकेश शाह, सूर्यबहादुर थापा र अनिरुद्रप्रसाद सिंहसमेत भएको ९ सदस्यीय मन्त्रीपरिषद्को घोषणा गरे । यसपछि पुस १२ गतेका दिन राजनीतिक दलहरूलाई अवैध भन्दै प्रतिबन्धित घोषित गरेर पञ्चायत व्यवस्था प्रारम्भ गर्ने सूचना दिए । मन्त्रीमण्डलमा रहेका सदस्यहरू बाहेक प्रतिनिधि सभाका सभापतिलगायत धेरैलाई गिरफ्तार गरियो । अनि संविधानको भाग २ र ३ का सबै धाराहरू, भाग ४ को धारा ११ बाहेक सबै धाराहरू, भाग ९ को धारा ७३ बाहेक सबै धाराहरू र भाग १० को सबै धाराहरू निलम्बन गर्दै धारा ५५ को अधिकार प्रयोग गरी राजाले आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । यसरी २०१७ साल पुस १ गते पञ्चायती व्यवस्था लागू गरेपछि बाहिर भएका प्रजातन्त्रवादीहरू पनि विरोध गर्ने क्रममा जेल पर्दै थिए ।[२३०]

२०१७ साल पुस १ गते राजा महेन्द्रबाट तात्कालीन मन्त्रीपरिषद् विघटन गरेर नेताहरूमाथि धरपकड सुरु गरेपछि प्रजातन्त्रवादी नेताहरूलाई मात्र होइन, नेतृहरूलाई पनि भाग्दै र लुक्दै हिँड्नु परेको थियो । यसको उदाहरणमा महिला नेतृ मङ्गलादेवीलाई कहिले सरोजनी मानन्धरको घरमा त कहिले हरिनारायणको घरमा लुक्दै हिँड्नु परेकोलाई लिन सकिन्छ । कहिले कर्फ्यू लागेको समयमा, महिलाहरू मात्रै बस्नु पर्ने, चौबीसै घण्टा सी.आई.डी. को घेराबन्दीमा बचेर काम गर्नुपर्ने साँच्चै डरलाग्दो समय थियो । राजाले सैनिक शक्तिको प्रयोग गरी जन निर्वाचित सरकार भङ्ग गर्ने, संसद विघटन गर्ने, राजनीतिक पार्टीमाथि प्रतिबन्ध लागू गर्नेजस्ता कार्यहरू गर्दै धरपकड सुरु गरेपछि पञ्चायती दमनले उग्र रूप लिन थालेको अवस्थाको विरोधमा विभिन्न कार्यक्रमहरू हुन थाले । यस्ता विरोध कार्यक्रमहरूमा भाग लिन महिलाहरू पछि हटेनन् । उनीहरूको सहभागिता बढ्दै थियो । राजाको अप्रजातान्त्रिक कदमको विरोधमा चारैतिर विभिन्न कार्यक्रमहरू हुन थाले, जसको चर्चा तल गरिएको छ ।

---

[२३०] मीना पाण्डेको अन्तरर्वार्ता, परिशिष्ट ३ ।

**५.४.१.१ २०१७ साल फागुन ७ गतेको कालो झन्डा देखाउने कार्यक्रम**

राजा महेन्द्रले २०१७ साल पुष १ गते प्रथम निर्वाचित संसद भङ्ग गरेर प्रधानमन्त्रीलगायत सम्पूर्ण नेताहरूलाई बन्दी बनाउँदै प्रजातन्त्रको हनन गरेको विरोधमा काठमाडौँमा राजालाई कालो झन्डा देखाएर विरोध गर्ने कार्यक्रम आयोजना गरिएको थियो । यस्तो कार्यक्रमको अग्र पङ्तिमा महिलाहरू थिए । यस कार्यक्रममा महिलाहरूको नेतृत्व शैलजा आचार्यले गरेकी थिइन् । २०१७ साल पुस १ गते तात्कालीन राजा महेन्द्रले अपदस्थ गरेर वी.पी. कोइरालालाई जेल हालेपछि राजाले वी.पी. कोइरालालाई मार्छन् कि भनेर चिन्तित बनेकी उनले तेजप्रकाश सिटौलाको सहयोगमा हातले लेखेर पर्चाहरू बाँड्दै विरोधको प्रारम्भ गरेकी थिइन् । उनको त्यस समयमा सहयोग गर्ने साथी तेजप्रकाश सिटौलाले पर्चामा के लेखिएको थियो भन्न नसके पनि सिनेमा छुट्ने बेलामा रञ्जना हल नजिकै लुकेर बसिरहने र हलबाट सबै निस्केका बेलामा भिडभित्र निहुरेर पर्चा छर्दै भिडसँगै भाग्ने गरेको कुरा बताएका छन् । यसरी सँगै साथ दिने सिटौलालाई समेत नभनेर अति गोप्य रूपले उनले राजालाई कालो झन्डा देखाउने योजना बनाएकी थिइन् ।[२३१] संसदीय व्यवस्था अपदस्थ गर्ने राजालाई कालो झन्डा देखाउनेहरूको अग्रपङ्तिमा महिलाहरू थिए भने महिलाहरूको अगाडि शैलजा थिइन् । कालो झन्डा देखाउने कार्यक्रममा उनीसँगै उमा शर्मा, सरोजनी प्रधान, विजया बराल, गौरी राणा जोशी आदि पद्मकन्या कलेजका छात्राहरू थिए । उनीहरूलाई शैलजाले कालो चुन्नीको झन्डा बनाएर फहराउन लगाएकी थिइन् । यसरी प्रजातन्त्रको पुनबर्हाली गर्न २०१७ साल फागुन ७ गते कालो झन्डा देखाउने कार्यक्रमको नेतृत्व गरेकाले उनले तीन वर्ष जेल जीवन बिताउनु परेको थियो । विजया बरालको हिम्मतको तारिफ शैलजा आचार्यको तारिफसँगै स्वयं विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो **जेल जनल**मा पनि गरेका छन् ।[२३२] यसपछि उनले प्रवासमा बसेर आन्दोलनका लागि हातहतियार जम्मा गर्ने काम गर्दै आन्दोलनका लागि निडर भएर समर्पित भएको देखिन्छ ।[२३३] पछि उनी उपप्रधानमन्त्री समेत बन्न सफल भइन् ।

**५.४.१.२ २०१८ सालमा जनसेवा चलचित्र घर आगलागी भएपछिको विरोध जुलुस**

---

[२३१] अम्बिका गिरी, "नबनेकी फस्ट लेडी प्राइम मिनिस्टर", **कान्तिपुर,** साप्ताहिक परिशिष्टाङ्क, वर्ष २४, अङ्क ९, (काठमाडौँ :२०७२ फागुन १५), पृ. क ।

[२३२] विश्वेश्वर कोइराला, **जेल जर्नल,** चौ.सं., (काठमाडौँ : जगदम्बा प्रकाशन, २०६३), पृ. ११ ।

[२३३] बद्रीनारायण गौतम, "वी.पी. कोइरालाको सशस्त्र सङ्घर्ष र शैलजा आचार्य", **चेतना**, (काठमाडौँ : नेपाल महिलासङ्घ, २०७१), पृ. १६३ ।

नोना कोइराला, मङ्गलादेवी सिंहलगायत महिला सदस्यहरू अधिकार प्राप्तिका लागि आन्दोलन गर्दै थिए । राजा महेन्द्रले संसदीय व्यवस्था देशका लागि अफापसिद्ध भएको भन्दै प्रजातान्त्रिक व्यवस्थालाई अपदस्थ गरेर संसदीय प्रजातन्त्रका नेताहरूमाथि धरपकड सुरु गर्दै देशमा पञ्चायती व्यवस्थाअनुरूप शासन सञ्चालन गर्न थालेपछि मङ्गलादेवीले "याक्सन कमिटी" को अध्यक्ष नै भएर राजा महेन्द्रको विरोध गरेकी थिइन् । जुलुस, धर्ना र हड्तालमा सहभागी हुनाका साथै उनले पावरहाउस उडाउने योजनामा पनि सक्रिय रूपमा सहभागी भएकी थिइन् ।[२३४] यसरी कार्यक्रम आयोजना गर्दागर्दै २०१८ सालमा जनसेवा हलमा आगलागी भएपछि निस्केको जुलुसमा महिलाहरू धेरै सहभागी भएका थिए । त्यहाँ धरपकड गर्दै धेरैलाई पक्राउ गरियो । महिलाहरूकी अध्यक्ष मङ्गलादेवीले यस पछि १ वर्षको काखे बालिका छोडेर जेल जानुपरेको थियो । पछि काखे बालिकालाई लिएर नै कारागारमा बस्नु परेको थियो । उनी आठ वर्ष जेलमा बसेपछि २०२४ सालमा जेलबाट निस्किएर आठ वर्ष नै निर्वासित जीवन बिताउन बाध्य भएकी थिइन् । प्रजातन्त्रवादी आन्दोलनकारी सबै नेताहरू र नेतृहरूको अवस्था यस्तै थियो ।

### ५.४.१.३ २०१७ सालको प्रतिरोध आन्दोलन

नेपाली काङ्ग्रेसले सुरुमा नै अर्थात् २०१७ सालमा प्रतिरोध आन्दोलन गरेको थियो । त्यस्तै, २०१८ साल र २०१९ सालभरि इलामको च्याङ्थापुदेखि जनकपुर, भरतपुर, गुल्मी, बझाङ अर्थात् देशभरि नै सशस्त्र प्रतिरोध आन्दोलन गऱ्यो ।[२३५] यस समयमा भारत र चीनबीच भएको युद्ध र त्यसबाट उत्पन्न प्रतिकूल परिस्थितिका कारण प्रतिरोध आन्दोलनलाई स्थगित गरिएको थियो । यस अवधिमा दुर्गा खड्का र मीना खड्काहरूले चतुऱ्याईपूर्वक आन्दोलनलाई सहयोग गरेका थिए । २०१७ सालमा पति खड्का पक्राउ परेपछि प्रहरीहरूको कडा निगरानीमा पनि भोकभोकै हिँडेर आन्दोलनमा लागेकाहरूको बचाउ गर्ने कामहरू गरेका थिए । एकपटक लुकाएर राखेका पर्चाहरू प्रहरीले भेट्दा भाग्नु

---

[२३४] श्यामलाल श्रेष्ठ दाइले भन्नुभए अनुसार ।

[२३५] रामचन्द्र पौडेल (संयोजक), **नेपाली काङ्ग्रेस के भन्छ ?**, (काठमाडौँ : नेपाली काङ्ग्रेस, केन्द्रीय प्रचार समिति, २०४७), पृ. ५ ।

परेको अवस्थाको दर्दनाक कहानी मीना खड्काकी भाउजु दुर्गा खड्काले सुनाएकी सत्य कहानी मीना खड्का पाण्डेले बताएकी छन् ।[२३६]

### ५.५.१.४ २०२८ सालको झापा आन्दोलन

यस समयमा नेपालमा बामपन्थी सक्रियताले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसैताका कम्युनिस्टहरूमा दरभङ्गा प्लेनमबाट केशरजङ्ग रायमाझी संशोधनवादी भएका थिए । पुष्पलाल र मोहनविक्रम सिंह क्रान्तिकारी धारमा लागेका थिए भने भरतमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ र तुलसीलाल अमात्यका बीच फुट ल्याउन खोज्दै थिए ।[२३७] फलस्वरूप, २०२५ सालबाट उनी छुट्टिए । राजाले संसद विघटन गरेपछि नै ७ सदस्यीय अन्तरजोनल सामन्जस्य समितिको गठन गरिएको थियो, जसमा मोहनविक्रम सिंह र कमलराज रेग्मी जेलमा थिए । वैकल्पिक सदस्यमा रहेका मनमोहन अधिकारी सदस्यहरू बीच फुट ल्याउन खोज्दै थिए । २०२५ सालमा पुष्पलाल श्रेष्ठले गोरखपुरबाट सशस्त्र आन्दोलन सुरु गरे भने झापा जिल्ला कमिटीका सदस्यहरू र केही जोशिला युवकहरू भारतका नक्सलाइट नेता चारु मुजिमदारको सल्लाहअनुसार पूर्वीय अन्तरजोनल सामन्जस्य समितिका सदस्यहरू प्रान्तीय कमिटीबाट अलग भएका थिए । यसरी अलग भएको पूर्वीय अन्तरजोनल सामन्जस्य समितिले २०२७ सालमा नयाँ जनवादी कार्यक्रम लागू गर्न "गोरिल्ला युद्ध" भनिने झापा आन्दोलन गरेको थियो ।

२०२८ सालमा झापालीहरूबाट झापा विद्रोह गरियो । यस विद्रोहमा साना उमेरका महिलाहरू पनि सहभागी थिए । यसको उदाहरणमा १२ वर्षको उमेरमा गौरा प्रसाईं जेल परेकालाई लिन सकिन्छ ।[२३८] यसै समयदेखि वर्तमान राष्ट्रपति विद्या भण्डारी पनि सक्रिय थिइन् । यसै समयमा कपिलवस्तु, रुपन्देही लगायतका स्थानमा भूमिगत रूपमा एकपछि आर्को घर गर्दै लुकीलुकी सङ्गठन गर्ने काममा पनि महिलाहरू लागेका थिए । यसै अवधिमा शान्ता मानविको अध्यक्षतामा महिला सङ्घ खोलिएको थियो ।[२३९] २०३१ सालमा नेपाल कम्युनिस्ट पार्टी झापा जिल्ला कमिटी र क्रान्तिकारी कम्युनिस्टहरूले मोरङका कम्युनिस्टलाई राष्ट्रिय

---

[२३६] मीना खड्काको अन्तर्वार्ता, परिशिष्ट ३ ।

[२३७] सुरेन्द्र के.सी., **नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (भाग** २), (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. ३ ।

[२३८] नरनाथ लुइँटेल र अरू, **मानवअधिकार सचेतन माला,** दो.सं., (काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द) (इन्सेक), २०५४), पृ. १७९ ।

[२३९] शान्ता मानवीको अन्तर्वार्ता, परिशिष्ट २ ।

स्तरको कोअर्डिनेसन कमिटी बनाएर अधिवेशन गर्न अपिल गरेको पाइन्छ । सोहीबमोजिम २०३२ साल जेष्ठ २४ र २५ गते भूमिगत रूपमा नै सम्मेलन गरिएको थियो । यस सम्मेलनले माले गठन गर्ने प्रस्ताव गरेको पाइन्छ । यसरी एकातिर सङ्गठन गर्दै अर्कोतिर २०३३ सालमा नख्खुजेल तोडेका यिनीहरू २०३४ सालमा मुक्ति मोर्चासँग एकता गरेर २०३५ साल पुस ११ गते सम्पन्न राष्ट्रिय सम्मेलनमा विधिवत् रूपमा मालेको गठन गर्न सफल भएका थिए । मालेले २०३६ सालमा सम्पन्न जनमत सङ्ग्रहमा भाग नलिएर बहिस्कार गरेको थियो ।

### ५.४.१.५ महिलासङ्गठनको पुनर्गठन

यस अवधिमा महिलाहरूलाई एकतृत गर्दै र सङ्गठन गर्दै र भूमिगत रूपमा आन्दोलनको तयारी गर्ने काम शान्ता मानवीसँगै साहना प्रधान आदिले गरेका थिए । २००३ साल वैशाख १९ गते बुधबार अर्घाखाँची जिल्लामा भट्टराई परिवारमा साहिली छोरीका रूपमा जन्मेकी शान्ता मानवीको विवाह ८ वर्षकै उमेरमा २०११ साल फागुन ११ गते मेघराज अधिकारीसँग भएको थियो । अचानक २०१६ सालको बडा दशैँको एकादशीका दिन पतिको मृत्यु भएपछि १३ वर्षे शान्ता मानवीका अगाडि समस्याको पहाड खसेको थियो । पति टोक्वी भन्दै घरबाट निकालिएको र माइतीले पनि सहयोग नगरेकाले उनी बाध्य बन्दै अधिकारका लागि आवाज उठाउन थालेकी थिइन् । महिलाहरूले पनि पुरुषसरह काम गर्न सक्छन् भन्ने उनको अठोट थियो । त्यसैले २३ वर्षको उमेरमा पढ्नका लागि दिल्लीमा गएर रमा कलेजमा आयाको काम गर्न थालिन् । उनी काम गर्दै स्वअध्ययन पनि गर्दै थिइन् सोही अवस्थामा उनलाई मित दाजु मोदनाथ प्रश्रितले सहयोग गरेपछि एस्.एल्.सी. पास गर्न उनी सफल भइन् ।[२४०] त्यहाँ शान्ता मानवीको भेट विश्वेश्वरप्रसाद कोइराला, शैलजा आचार्य, पुष्पलाल श्रेष्ठ, जीवराज आश्रित, मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्रजस्ता नेताहरूसँग भएको थियो । यसपछि उनी राजनीतिमा आकर्षित भएकी थिइन् ।[२४१]

भारतमा नै बसेर पढ्नका लागि काम खोज्दै गर्दा जगदम्बा स्कुलको प्रिन्सिपलले जगदम्बा स्कुलमा महिनाको भा.रु. २००/- मा काम मिलाउनका लागि दामोदर गुरुले

---

[२४०] देवी नेपाल, **साहित्य सन्ध्या र पुरस्कृत प्रतिभाहरू**, (काठमाडौँ : साहित्य सन्ध्या, असोज २०६४), पृ. ५१-५२ ।

[२४१] शान्ता मानवीको अन्तर्वार्ता, परिशिष्ट सङ्ख्या २ ।

केही लेखेर दिएपछि काम पक्का जस्तै भइसकेको बेलामा जीवराज आश्रितले पार्टीमा नै काम गर्नुपर्छ देश फर्कौं भनेपछि उनी २०३२ सालमा नेपाल फर्केकी थिइन् । राजनीतिमा लाग्न पार्टीभित्र काम खोज्ने क्रममा भने नेताहरूले कामको जिम्मेबारी नदिने मात्र होइन पार्टी भित्र काम खोज्ने हैन केटी मान्छे तिमी जागिर खाऊ भनेको र जागिरको खोजी गर्दै एक-दुई ठाउँमा जाँदा जागीर दिने अधिकारीहरूको व्यवहार मन नपरेपछि दिक्क भएर उनले आफैँले आफ्नै तरिकाले काम गर्ने निर्णय गरेकी थिइन् ।

त्यस समयमा कम्युनिस्टहरूले पश्चिम नेपालको पियालीभित्तीबाट मजदुर सङ्गठन गर्ने निर्णय गरेका थिए । उनी पनि त्यहाँ जाने निर्णय गर्दै अधिकारका लागि लड्ने निर्णय गरेर घरबाट हिँडेकी थिइन् ।[२४२] हिँड्दै भैरहवाबाट कपिलवस्तु हुँदै रूपन्देही पुगेर विश्राम गरेको ठाउँमा उनलाई खोज्दै नेता बामदेव गौतम आइपुगे र पार्टीभित्र काम गर्न हिँड भनेर सम्झाउँदै फर्काएका थिए । यसपछि उनले विकट परिस्थितिमा पार्टीको सङ्गठन गर्ने काम गर्न थालेकी थिइन् । भूमिगत अवस्थामा लुक्दै भाग्दै हिँड्नु पर्थ्यो भने सहयोग गरेर लुकाउने सेल्टरका मानिसहरू आफ्ना श्रीमतीलाई काम गर्न नदिने र श्रीमतीहरू पनि आफ्ना लोग्नेसँग बिस्तारै नजिकै गएर सुस्तरी बोलेको देख्दा शङ्का गर्ने गर्थे । यस्तो अवस्थामा पनि विरोध गर्ने महिलाहरूलाई सम्झाउँदै महिलाको त्यस क्षेत्रको नेतृत्व गर्दै उनी अगाडि बढेकी थिइन् । उनले भूमिगत् अवस्थामा २०३२ देखि २०३८ सालसम्म रूपन्देहीमा महिलाहरूलाई जाग्रत गर्ने काम गरेकी थिइन् भने २०३८ बाट २०५० सालसम्म नवलपरासीमा बसेर महिलाहरूलाई एकै ठाउँमा ल्याउने काम गरेकी थिइन् ।

२०२८ साल पुस महिनामा उनको अध्यक्षतामा अर्घाखाँचीमा ५ सदस्यीय क्रान्तिकारी महिलासङ्घको गठन भएको थियो, जसमा शान्ति श्रेष्ठ (गुल्मी), द्रौपदी श्रेष्ठ (प्यूठान) रमा अर्याल (गुल्मी), शोभा पोखरेल (गुल्मी) आदि सदस्य थिए ।[२४३]

**५.४.१.६ महिलाहरूको सहभागितामा भएका आन्दोलनहरू**

---

२४२ शान्ता मानवीसँगको अन्तर्वाता, परिशिष्ट २ ।

२४३ **ऐजन** ।

यस समयमा सशस्त्र किसान आन्दोलन गरिएको थियो भने महिलाहरूको सङ्गठन राम्रोसँग गरिएको थियो । यसपछि २०२९, ३० सालतिर पनि सशस्त्र आन्दोलन गरिएको थियो । २०३३ सालमा पुगेपछि भने मेलमिलापको नीति लिँदै आन्दोलनको रूप फेरिएको देखिन्छ, ती आन्दोलन र कार्यक्रमहरू निम्न छन् :

**(क) २०२८ सालको झापाको सशस्त्र किसानआन्दोलन**

गौरा प्रसाईं, शान्ता मानवीलगायत धेरै महिलाहरूले २०२८ सालको झापामा भएको सशस्त्र किसान आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । त्यस्तै, सञ्चिता रावल, सुजिता शाक्य,सीता पौडेल, सीता गिरी, गोमा के.सी., उमा अधिकारी, मीना खड्का र सीता खड्का पनि यस समयका सक्रिय महिलाअधिकार कर्मीहरू थिए ।

**(ख) महिला संस्थाहरूको गठन**

२०३३ सालमा रूपन्देहीमा भूमिगत रूपमा क्रान्तिकारी महिलासङ्घको गठन गरिएको थियो भने भुमा थापाको अध्यक्षतामा महिला सुधार समाज गठन गरिएको थियो । त्यस्तै, हीरादेवीको अध्यक्षतामा महिला सुधार समूह गठन गरिएको पाइन्छ । यसरी नै गोमा के.सी. को पहलमा तथा देवी थापाको अध्यक्षतामा महिला किसान क्लब खोलिएको थियो ।[२४४]

**(ग) २०२९ र २०३० सालको सशस्त्र आन्दोलन**

२०२९ सालमा नेपाली काङ्ग्रेसको नेतृत्वमा पुनः सशस्त्र आन्दोलन सुरु गरेपछि हरिपुर काण्ड, विराट नगर काण्ड, हवाई अपहरण काण्ड, जदुकोहा काण्ड र ओखल ढुङ्गा काण्डजस्ता अनेक प्रतिरोधका कार्यक्रमहरू गरिएका थिए । यी हरेक काण्डहरूका जुलुसमा सहभागी भएर महिलाहरूले सहयोग गरेको पाइन्छ ।[२४५]

**(घ) २०३३ सालको राष्ट्रिय एकता र मेलमिलापको नीति**

यसपछि २०३३ सालमा राष्ट्रिय एकता र मेलमिलापको आह्वान गर्दै विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंहलगायत नेताहरूले नेपाल फर्कने र नेपालभित्र

---

[२४४] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३८, पृ. ९३ ।

[२४५] जयप्रसाद पौडेल (संयोजक), "नारी अस्मिताको संरक्षण", **न्यायदूत,** वर्ष ३६, अङ्क १, पूर्णाङ्क १५२, (२०६१, चैत्र वैशाख), पृ. १-४ ।

नै बसेर मेलमिलापद्वारा प्रजातन्त्र बहाली गर्ने निर्णय गरे ।[२४६] यही निर्णयअनुसार नेपाल फर्केकामा बी.पी. चढेको प्लेनलाई रोक्न नै दिइएन । पछि नेपालको भूमि टेक्नेबित्तिक्कै एयरपोर्टमा नै विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंहलगायत नेताहरूलाई गिरफ्तार गरियो ।[२४७] यसरी मेलमिलापको नीति लिएर आएका काङ्ग्रेसहरूमाथि पनि पञ्चायत सरकार ज्यादती गर्दै थियो । यस्तो व्यवहार प्रजातन्त्रवादीहरूलाई मन परेको थिएन । त्यसैले पञ्चायत विरोधीहरू हरतरहले आन्दोलन गर्दै थिए । यसरी काङग्रेस आफूले लिएको मेलमिलापको नीतिअनुसार २०३३ साल पुस १६ गते पटनाबाट काठमाडौं फर्केपछि नेताहरूसँगै महिला नेतृहरूको पनि निर्वासित जीवन सकिएको थियो ।

(ङ) **२०३५ सालको विद्यार्थीआन्दोलन**

प्रजातन्त्रका लागि के गर्ने भन्नेबारे भित्रभित्रै नेताहरू बीच सल्लाह हुँदै थियो । छरपस्ट हुन बाध्य नेताहरू छिटफुट आन्दोलन गर्दै थिए । यसैबीच २०३५ सालमा जुल्फिकर अलीभुट्टोलाई पाकिस्तानमा फाँसी दिएपछि नेपाली विद्यार्थीहरूको समूह पाकिस्तानी दूतावासमा विरोधपत्र दिन गएका थिए । उनीहरूलाई पञ्चायती सरकारले धरपकड र लाठीचार्ज गर्दै पक्राउ गऱ्यो । २०३५ साल चैत्र २५ गतेबाट अधिराज्यभरका विद्यार्थीहरूले सुरु गरेको आन्दोलन पञ्चायती सरकारले धरपकड, लाठीचार्ज गर्दै पक्राउ गरेपछि चर्किएको थियो ।[२४८] राजधानीका सबै कलेजहरू बीच राम्रो सम्बन्ध थियो । सबै कलेजका आन्दोलनकारी विद्यार्थीहरू सरसल्लाहपछि निर्णय गर्दै सबैजसो कलेजमा हड्ताल गर्न पुग्थे । नेपाल ल कलेजमा पढ्ने छात्राहरू शोभा कोइराला, सुषमा बाँस्कोटा र पावना जोशी आफ्नो कलेजमा हडताल गरी पद्मकन्या क्याम्पसको ड्रेस लगाएर त्यहाँ हडताल गर्न जाँदा पक्राउ परेका थिए ।[२४९] कम्युनिस्ट नेताहरूले संयुक्त रूपमा भाद्र २४ गतेदेखि देशव्यापी सङ्घर्ष गर्ने घोषणा गरका थिए ।[२५०] भदौ २० गते साहना प्रधानले जोशिलो भाषण दिइन्[२५१] भने

---

[२४६] **ऐजन** ।

[२४७] **चर्चा**, वर्ष ९, अङ्क, ३४, (२०३५ चैत्र २० गते सोमबार), पृ. १ ।

[२४८] टी. लुज. ब्राउन, **द च्यालेन्ज टु डेमोक्रेसी इन नेपाल**, (लन्डन : रलेज, सन् १९९६), पृ. ९० ।

[२४९] **दैनिक नेपाल**, वर्ष २०, अङ्क (२०३५ चैत्र ३० गते) पृ. १ ।

[२५०] **दृष्टि साप्ताहिक**,वर्ष १६, अङ्क २, (२०३६ भदौ ६ गते), पृ. १ ।

[२५१] **नेपाल पोष्ट**, वर्ष ६, अङ्क २४, (२०३,६ भदौ २० गते), पृ. ३-६ ।

मङ्गलादेवीको अध्यक्षतामा क्षेत्रपाटीमा बसेको महिला बहुदल प्रचार केन्द्रीय समितिको बैठकले महँगीलगायत अत्याचारको विरोध गर्ने निर्णय गरेको थियो ।[२५२]

त्यस्तै, पद्ममकन्या कलेजका छात्राहरू मीना खड्का, उमा रेग्मी, प्रतिमा पाठक, ज्योति पाण्डे र शशी श्रेष्ठलगायत धेरै छात्राहरू आन्दोलनमा सक्रिय थिए भने त्रिचन्द्र क्याम्पसका उषा ज्ञवाली आन्दोलनमा अग्रपङ्तिमा थिइन् । ल क्याम्पसका छात्राहरू पक्राउ परेकै दिन आन्दोलनकै क्रममा मीना खड्का र उमा रेग्मी पनि पक्राउ परेका थिए ।[२५३] यसरी छात्रहरूसँगै छात्राहरू पनि धमाधम पक्राउ पर्न थालेपछि आन्दोलन धेरै चर्किएको थियो । देशव्यापी रूपमा झन्झन् आन्दोलन बढ्दै गएपछि जनमतसङ्ग्रहको घोषणा गर्न तात्कालीन राजा वीरेन्द्र बाध्य हुन पुगे र २०३६ साल जेष्ठ १० गते पञ्चायती व्यवस्था कायमै राखी त्यसमा सुधार गर्दै लैजाने वा बहुदलीय शासन पद्धति स्थापना गर्नेमध्ये एकलाई रोज्न जनमतसङ्ग्रह गर्ने घोषणा गरियो । यसरी जनमतसङ्ग्रहको घोषणा गरिनु प्रजातन्त्रवादीका लागि ठूलो विजय हुन पुग्यो तर महिलाहरूलाई मात्र यसले खासै उपलब्धि ल्याउन सकेन यसलाई पुष्टि गर्दै अधिवक्ता सपना प्रधान मल्लले पनि आफ्नो अन्तवार्तामा महिलालाई अधिकार दिने सम्बन्धमा कानुनमा परिवर्तन ल्याउन यो २०३५/०३६ को आन्दोलनले नसकेको धारणा व्यक्त गरेकी छन् ।[२५४]

२०३६ सालमा जनमत सङ्ग्रहको घोषणा गरिएपछि भने देशमा केही खुला वातावरणको अनुभव गर्न पाइँदै थियो । अनि २०३७ साल वैशाख २० गते जनमतसङ्ग्रह गरियो । कूल मतदाता ७१,९२,४५१ मध्ये ४८,१३,४८३ अर्थात् ६९.९२ प्रतिशत मत खसेकामा ४४,४१,४१७ (९२.२७ प्रतिशत) मत सदर भएको थियो । ती मतमध्ये निर्दलका पक्षमा २४,३३,४५२ मत खसेको पाइन्छ भने बहुदलका पक्षमा २०,०७,९५६ मत खसेको पाइन्छ । यसरी थोरै मतका अन्तरमा बहुदल पराजित हुनपुग्यो तर अल्पमतको पनि कदर गर्दै लैजाने भन्ने भएकाले जनमतपछि निम्न उपलब्धि हासिल गर्न नेपालीहरू सफल भए ।

**५.४.१.७ महिलाले प्राप्त गरेका उपलब्धिहरू**

---

२५२ **ऐजन** ।

२५३ **दैनिक नेपाल**, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ८७ ।

२५४ शाक्य, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ५, पृ. १६४ ।

प्रथम चरणमा अर्थात् २०३५/२०३६ मा भएको आन्दोलनको उपलब्धि जनमत सङ्ग्रहको घोषणा गरिनु, वातावरणमा केही खुलापन देखिनु, सङ्गठन र विद्यार्थी युनियन खोल्न पाउनु नै मुख्य थिए । वातावरणमा केही खुलापन देखिएकाले सङ्घ-संस्था खोल्न प्रतिबन्ध लागेका कलेजहरूमा धमाधम विद्यार्थी सङ्गठनको निर्वाचन हुन थाल्यो । यसको उदाहरणमा पद्मकन्या कलेजमा मीना खड्काको नेतृत्वमा नेपाल विद्यार्थी सङ्घको गठन भएकालाई लिन सकिन्छ, जसको पदाधिकारीहरूमा अध्यक्ष मीना खड्का, उपाध्यक्ष ज्योति भण्डारी, सचिव इन्दिरा बस्नेत, सहसचिव प्रतिमा पाठक, कोषाध्यक्ष- कल्पना पिया र सदस्यहरूमा वसुन्धरा श्रेष्ठ, प्रमिला शर्मा, चोलावती शर्मा आदि थिए । उनीहरूले विद्यार्थी नेताहरू पम्फा भुषाल, शशी श्रेष्ठ, साबित्रा भुषाल र राष्ट्रिय प्रजातन्त्र पार्टी पक्षको विमला थापालाई पराजित गरेका थिए ।[२५५]

जनमतपछि संशोधन गरिएको संविधानले गाऊफर्क अभियानको वर्गीय सङ्गठनको सदस्य हुनुपर्ने भन्ने प्रावधानलाई हटाएर केही खुकुलो बनाइदियो । यो ३०३६ सालमा घोषणा गरिएको जनमत सङ्ग्रहपछि २०३७ साल पुस १४ गते **नेपालको संविधान, २०१९** मा गरिएको तेस्रो संशोधनले प्रजातान्त्रिक मान्यताअनुसार राष्ट्रिय पञ्चायतको निर्वाचन वालिग मताधिकार र गोप्य मतदानका आधारमा प्रत्यक्ष निर्वाचन पद्धतिबाट गरिने भएको थियो ।

### ५.४.२ २०३७ देखि २०४७ सालसम्म भएका महिलाआन्दोलन

जनमतसङ्ग्रहमा पञ्चायती व्यवस्था विजयी भएपछि पञ्चायती व्यवस्थामा जनमतको कठिन परीक्षा उत्तीर्ण, जनमतद्वारा खारिएको तथा जनअनुमोदन प्राप्त व्यवस्था आदि विशेषता थपिए । यसपश्चात् त पञ्चायती शासकहरूले “सबै नेपाली पञ्च हुन् सबै नै पञ्च नेपाली” भन्दै अरू दलहरूको ठाडै वेवास्ता गर्न पुगे । निर्दलीय चरित्र र गाउँफर्क मूल्याङ्कन पद्धतिले राजनीतिक वातावरण स्वच्छ हुन सकेन, न त भनेबमोजिम अल्पमतको कदर नै गरियो । राष्ट्रिय पञ्चायतका सिफारिसका आधारमा नियुक्त हुने प्रधानमन्त्री र मन्त्रीपरिषद् व्यवस्थापिकाप्रति नै उत्तरदायी हुने भयो तर वर्गीय सङ्गठनको सदस्य भने हुनैपर्ने भएकाले बहुदलवादीले २०३८ सालको निर्वाचनमा भाग लिन भने पाएनन् । झन् जनमतसङ्ग्रहका कारण पञ्चायती व्यवस्थामा थप विशेषता थपिएको भन्दै ज्यादति बढ्न थाल्यो । यस्ता अवस्थाहरूको विरोध गर्न बहुदलवादीहरू आन्दोलन गर्न बाध्य भएका थिए ।

---

[२५५] मीना खड्काको अन्तर्वार्ता, परिशिष्ट ३ ।

फलस्वरूप २०४२ सालमा नेपाली काङ्ग्रेसले सत्याग्रहको आह्वान गर्न बाध्य हुन पुग्यो । प्रतिबन्धित नेपाली काङ्ग्रेसका जिल्ला सभापति ओमकार श्रेष्ठले २०४२ साल वैशाख ५ गते सत्याग्रह गर्ने समय आयो भनेर बोलेपछि[२५६] त नेपाल विद्यार्थीसङ्घको १५ औँ स्थापना दिवशका अवसरमा भेला भएकाहरूलाई पक्राउ गरियो । यहाँ पक्राउ पर्नेहरूमा धेरै पुरुषहरूसँगै समा शाही, कृष्णा अमात्य, लक्ष्मी श्रेष्ठ, किरण पन्थी, गोमा के.सी., पियुष शर्मा, समिता खड्गी र एलिजा अधिकारी थिए ।[२५७] यसरी २०३५ सालको आन्दोलनले जनमतको घोषणा गरेपछिको परिणाम स्वरूप महिलाको सङ्ख्यामा वृद्धि भएको देखिन्छ ।

### ५.४.२.१ सत्याग्रह, २०४२

२०४२ सालको सुरुदेखि नै तानाशाही पञ्चायती सरकारका ज्यादतिका बाबजुद प्रजातन्त्रवादीहरू वृक्षारोपण, रक्तदान, सरसफाइजस्ता कार्यहरू गर्दै एकजुट हुँदै थिए । काम गर्न सरल थिएन । नेपाल विद्यार्थी सङ्घको स्थापना दिवसका दिन नै धरपकड सुरु भएको थियो । त्यसैले प्रजातन्त्र साकार पार्छौं, वीर विश्वेश्वर अमर रहून्, स्वतन्त्रता लक्ष्य हो प्रजातन्त्र पक्ष हो । मानिस सबै बराबर, सत्य भन्नु प्रजातन्त्र हो जस्ता नाराहरू लिएर प्रजातन्त्रको पुनर्स्थापना गर्न २०४२ साल जेष्ठ १० गतेबाट विभिन्न ७ सूत्रीय माग राखेर नेपाली काङ्ग्रेसले सत्याग्रहको आह्वान गर्‍यो ।[२५८] दशौँ हजार कार्यकर्ताले गिरफ्तारी दिए । सत्याग्रहका क्रममा गणेशमान सिंहसँगै धेरै महिला कार्यकर्ताहरू र पुरुष कार्यकर्ताहरू पक्राउमा परेका थिए ।[२५९] यस अवसरमा पक्राउ पर्ने महिलाहरू साहना प्रधान, शैलजा आचार्य, गोमा उप्रेती, गोता न्यौपाने, किरण पन्थी, समिता खड्गी, एलिजा अधिकारी, पियुष शर्मा आदि थिए ।[२६०] यसरी वैशाख १० गते नै धेरै पक्राउ परिसकेका थिए । साहना प्रधानले प्रत्येक जिल्लाका कार्यकर्ताहरूलाई सत्याग्रहमा सहभागी हुन आह्वान गरेकी थिइन् भने यही सत्याग्रहका समयमा पहिलोपटक महिला नेतृ मङ्गलादेवीले महिलाको सम्पत्तिमा अधिकार हुनुपर्छ भन्दै महिलाअधिकारका सम्बन्धमा आवाज उठाएकी थिइन् । यसै दिन वीरगञ्जका महिलाहरू ठाकुर कुमारी, मरहिया देवी, शारदादेवी, मोदाकादेवी कलेरियादेवी, मतिश्वरीदेवी, फूल बहिनीदेवी,

---

[२५६] **मिलापत्र चक्षु दैनिक**, वर्ष ४, अङ्क ३, (काठमाडौँ : २०४२ वैशाख ६ गते), पृ. १ ।

[२५७] **ऐजन**, अङ्क ९, (२०४२ वैशाख ११ गते), पृ. १ ।

[२५८] **चक्षु साप्ताहिक**, वर्ष ४, अङ्क ३१, (२०४२ जेठ ७ गते), पृ. १ ।

[२५९] **ऐजन,** अङ्क ३२, (२०४२ जेठ ९ गते), पृ. १ ।

[२६०] **ऐजन,** अङ्क ३४, (२०४२ जेठ ११ गते), पृ. १ ।

समपतियादेवी, माया पतिदेवी, राम रानीदेवी र ज्योतिदेवी ११ जना पक्राउ परेका थिए ।[२६१] यस समयमा तराईमा मात्र ज्यादति भएको होइन दमौली स्याङ्जा, भक्तपुर, पाटन, काठमाडौँ सबैतिर महिलाहरूले गिरफ्तारी दिँदै थिए । महिला सहभागिता साह्रै उल्लेखनीय हुँदै थियो । त्यसैले सत्याग्रहको तेह्रौँ दिन महिलाहरूले मात्र धर्ना दिएका थिए । यस दिन पक्राउ पर्ने महिला कृष्णा अमात्य, बिना बुढाथोकी, विनीता बुढाथोकी, शमा शाही, लक्ष्मी जि.सी. र गोमा के.सी. थिए ।[२६२] सत्याग्रहको चौधौँ दिन सडकमा नै सुतेर विरोध गरिएको थियो । पानी पर्दापर्दै जुलुस अगाडि बढ्दै थियो । यसरी अघि बढेको सत्याग्रह असार ५ र ६ गते अप्रत्यासित तवरले बमकाण्ड घटेपछि पूर्वघोषित नीतिअनुसार शान्ति नभएकाले स्थगित गर्नु परेको देखिन्छ ।[२६३] यस समयमा आइपुग्दा महिलाको आन्दोलनमा सहभागिता पहिलाको तुलनामा धेरै बढेको देखिन्छ ।

### ५.४.२.२ **जनआन्दोलन, २०४६**

सत्याग्रह बीचैमा टुटेपछि पुनः जनआन्दोलन गर्न २०४५ साल मार्ग १२ गते नेपाली काङ्ग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको आह्वानमा नेपाली काङ्ग्रेस केन्द्रीय कार्यसमिति गठन गरियो । यसले देशभरका जिल्ला सङ्गठनहरूको पुनर्गठन गर्दै आन्दोलनको तयारी गरेको थियो । योजनाअनुसार २०४६ साल कार्तिक २०, २१ र २२ गते बसेको बैठकले माघ ७ गते राष्ट्रिय सम्मेलन गर्ने निणय गर्नाका साथै आन्दोलनमा कार्यगत एकताका आधारमा सम्मिलित भई सहयोग गर्न सबै राजनीतिक दलहरूलाई आह्वान पनि गऱ्यो ।[२६४] सोही आह्वानबमोजिम २०४६ साल माघ २ गते ७ बाम घटक (मार्क्सवादी, माले, मानन्धर, वर्मा, अमात्य, ने.म.कि.पा. र पद्मरत्न) मिलेर साहना प्रधानको अध्यक्षतामा वाममोर्चा गठन गरे ।[२६५] यस्तो ऐतिहासिक संयुक्त वाममोर्चाको अध्यक्षता गर्ने मौका साहना प्रधानलाई दिइनु महिलाहरूकै लागि गौरवको विषय थियो । पछि यिनी आफ्नो पार्टीभित्र पोलिट ब्युरो तथा केन्द्रीय सङ्गठन समितिको सदास्य पनि

---

[२६१] **ऐजन,** अङ्क ३७, (२०४२ जेठ १४ गते), पृ. १ ।

[२६२] **चक्षु दैनिक, पूर्ववत्,** अङ्क ४४, (२०४२ जेठ, १२ गते), पृ. १ ।

[२६३] पौडेल (संयोजक), **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ७६, पृ. ७ ।

[२६४] **ऐजन ।**

[२६५] के.सी., **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ७८, पृ. ३८२ ।

भइन् ।[२६६] यसबाट नेपाली महिलाको सक्रियताको मूल्याङ्कन सजिलै गर्न सकिन्छ । साहना प्रधानद्वारा नेतृत्व गरिएको बाममोर्चासमेतको एकतामा नेपाली काङ्गग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा संयुक्त जनआन्दोलन गरियो । गणेशमान सिहंको घर चाक्सीबारीमा २०४६ साल माघ ५, ६ र ७ गते आयोजित सम्मेलनले आन्दोलन देशव्यापी रूपमा गर्ने निर्णय गरेको थियो । यस सम्मेलनमा भारतका नेताहरू चन्द्र शेखर, सुब्रमन्यम स्वामी, हर किसन सिंह, फारुकी र एम.जे. अकबरको पनि उपस्थिति थियो । सबै दलहरूको संयुक्त सक्रियतामा सञ्चालित जनआन्दोलनमा धेरैले सहिद हुनु पर्‍यो । यस जनआन्दोलनमा धेरै महिलाहरू पनि सहिद भएका छन् । २०४६ साल माघ १९ गते नेपाली कांग्रेस र बाममोर्चाद्वारा समन्वय समिति गठन गरियो । यस समन्वय समितिले आन्दोलनका लागि संयुक्त कार्यक्रम प्रकाशित गर्‍यो ।[२६७] सोही संयुक्त कार्यक्रमअनुसार धमाधम पञ्चायती सरकार विरोधी कार्यक्रमहरू हुन थाले जसअनुसार फागुन १ गते पोखरा क्याम्पसका विद्यार्थीहरूले गरेको आन्दोलनमा निर्मम लाठीचार्ज गराइयो । फागुन ६ गते महेन्द्ररत्न क्याम्पसबाट उमा रेग्मी अधिकारी समेत धेरैलाई गिरफ्तार गरिएको थियो । यसै दिन त्रिभुवन विश्वविद्यालय छात्रावासबाट धमाधम विद्यार्थीहरूलाई पक्राउ गरिएको थियो । ज्यादती यति बढेको थियो की राती बाह्र बजे नयाँबजार कीर्तिपुरमा घरघरबाट धेरै मानिसहरूलाई पक्राउ गरियो । घरमा जवान व्यक्ति कोही छोडिएन ।

फागुन ७ गते कार्यकर्ता र नेताहरू गिरफ्तार गरिएका थिए । कीर्तिपुर नयाँबजारमा प्रहरी र आन्दोलनकारीबीच दोहोरो भिडन्त भएको थियो । प्रहरीले अश्रुग्यास प्रहार गर्नाका साथै हवाईफायर समेत गरेको थियो । यी झडपहरू ठाउँठाउँमा भएका थिए । विभिन्न ठाउँमा भएको झडपमा चलाइएको गोलीकाण्डमा आठ जनाको मृत्यु भएको थियो । यसै दिन जनकपुरको जदुकुवामा पनि प्रहरीले चलाएको गोलीबाट तीन जना महिलासहित चारजना सहिद भएका थिए । ती सहीद हुने महिलाहरूमा सोनावती यादव, मुनेश्वरी यादव र जानकी यादव थिए ।[२६८]

---

[२६६] **ऐजन**, पृ. ९९ ।

[२६७] राष्ट्रिय जनआन्दोलनको निम्ति संयुक्त आव्हान, पृ. ३८६, परिशिष्ट ८ ।

[२६८] लुइँटेल र अरू, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ७९, पृ. १७९ ।

फागुन ८ गते भएको नेपाल बन्दमा भक्तपुरमा ४ जनाको मृत्यु भएको थियो । फागुन ९ गते आन्दोलन झनै चर्कियो । यस दिन कानुनव्यवसायीहरू अदालत बहिष्कार गरेर विरोधमा सहभागी भएका थिए । फागुन १४ गते देशभर कालो झन्डा प्रदर्शन गरियो । फागुन १६ गते नेपाल बन्द गरियो र ठाउँठाउँमा झडपहरू भए । फागुन १९ गते नेपाल बन्द गरियो । ठाउँठाउँमा हवाइफायरहरू भए । प्रहरीबाट ज्यादति गरियो ।

त्यसैगरी चैत्र १ गते नेपाल बन्द गरियो । झडप झन् व्याप्त हुन थाल्यो । विरोधमा धरपकड सुरु गरियो । चैत्र ३ गते नेपाल बन्दसँगै विरोधका कार्यक्रमहरू गरिए । जताततै झडप बढ्न थाल्यो । डराएको पञ्चायती सरकारले चैत्र ७ गते त्रिभुवन विश्वविद्यालयको सभा कक्षबाट एकै पटक ८०० जना बुद्धिजीवीहरू पक्राउ गऱ्यो । यसपछि आन्दोलन झन् चर्किन थाल्यो । चैत्र ८ गते देशव्यापी कलम बन्द गरियो, जसले देश पूरै ठप्प हुन पुग्यो । चैत्र १० गते सबै आन्दोलनकारीले ऐक्यबद्धता जनाउँदै एकता दिवश मनाए । चैत्र १५ गते कानुनव्यवसायीहरू पुष्पा भुषाल, ईश्वरी दाहाल, सुषमा बराललगायत अन्य धेरै पुरुष तथा महिला कानुनव्यवसायीहरू आन्दोलनमा उत्रिएका थिए । यसरी कानुनव्यवसायीहरू मात्र होइन डाक्टरहरू र इन्जिनियरहरू पनि विरोधमा उत्रिएका थिए । त्रि.वि. का उपकुलपतिलाई घेराउ गरियो ।

चैत्र १६ गते विभिन्न क्याम्पसहरूबाट १००० भन्दा बढी विद्यार्थी गिरफ्तार गरिए । क्याम्पस सबै बन्द भए । पूरै राजधानीमा ‘बत्ती निभाऊ’ कार्य गरेर पूरै देशलाई ठप्प र अन्धकारमय बनाइयो । राजधानी काठमाडौँमा पनि धेरै पुरुषहरूसँगै महिलाहरू पनि सहिद भए । सहीद हुने महिलाहरू पम्फा खड्गी, ज्ञान शोभा र रेखा रिजाल थिए भने धेरै पुरुषहरूसँगै महिलाहरूले यस आन्दोलनमा काठमाडौँमा ज्यान गुमाएका थिए । आन्दोलन भयङ्कर हुँदै थियो ।

यसै क्रममा चैत्र १८ गते पाटनमा ठूलो प्रदर्शन गरियो । आन्दोलनमा पाइलटहरू पनि उत्रिए । आन्दोलनबाट पञ्चायत सरकार डगमगाउन थाल्यो र मन्त्रीपरिषद्मा फेरबदल गरियो । चैत्र २० गते डाक्टरहरूले हड्ताल गरे । पाटनले किल्लाबन्दी गऱ्यो । कीतिपुरको महिला र बालबालिका समेत भएको ठूलो जुलुसमा गोली चलाइयो । गोलीले चारजना आन्दोलनकारी सहीद भए । चैत्र २२ गते आन्दोलनमा धेरै सहीद भएका कारण प्रार्थना सभाको आयोजना गरियो । चैत्र २३ गते कर्मचारीहरूले समेत दुई घण्टे भए पनि हड्ताल गरेर आन्दोलनमा सहभागिता जनाए ।

चैत्र २४ गते कीर्तिपुर, काठमाडौँ, ललितपुर र भक्तपुर सबैतिरबाट आएको जुलुसले दरबार अगाडि ठूलो प्रदर्शन गऱ्यो । धैरै सहीद भए । रगतको खोलो बग्यो । दरबार अगाडिको राजा महेन्द्रको सालिक प्रदर्शनकारीहरूले ढाले । जुलुस अघि बढिरह्यो । व्यापक जुलुस प्रदर्शनपछि धेरैको बलिदान र प्रयासको फलस्वरूप मरिचमान सिंहको सरकार विघटन गरी आन्दोलनकारीसँग वार्ता गर्न चन्द सरकार गठन गरियो । चैत्र २५ गते काठमाडौँ र पाटनमा कर्फ्यू लगाइयो । बुटवलमा प्रदशर्नकारीहरू माथि गोली चलाइएपछि आन्दोलनले झन् उग्र रूप लिन पुग्यो । यसरी आन्दोलनको चरमोत्कर्ष पछि ठाउँठाउँमा घेराबन्दी गर्दै आन्दोलकारीहरूले आ-आफ्नो स्थान स्वतन्त्र भएको घोषणा समेत गर्न थाले ।

चैत्र २६ गते भक्तपुरमा पनि काठमाडौँ र पाटनमा जस्तै कर्फ्यू लगाइयो । कर्फ्यू उलङ्घन गरेका कारण काठमाडौँमा दुई जनामाथि गोली चलाइयो । गोलीबाट मृत्यु भएपछि आन्दोलनकारीहरू झन् आक्रोशित हुन पुगे । राजा वीरेन्द्रले राती वार्ता गर्न नेताहरूलाई बोलाएपछि आन्दोलन सफल भएको थियो । यसरी बोलाइएको समूहमा कृष्णप्रसाद भट्राई, गिरिजाप्रसाद कोइराला र राधाकृष्ण मैनालीसँगै साहना प्रधान पनि थिइन् र त्यहाँ साहना प्रधान पनि हुनुले आन्दोलनमा महिलाहरूको भूमिकालाई स्पष्ट पार्दछ । यसरी राती ११.१० मा राजाले निर्दल शब्द हटाएर बहुदलको घोषणा गरेपछि आन्दोलन सफल भएको थियो । यसरी ४९ दिनको निरन्तर रूपमा गरिएको आन्दोलनको परिणामस्वरूप कृष्णप्रसाद भट्राईको अध्यक्षतामा मन्त्रीपरिषद् गठन गरियो । यसपछि पनि नेपाली महिलाहरूले आफ्नो अधिकारका लागि आन्दोलनका कार्यक्रम राखी नै रहे जुन निम्नअनुसार छ :

### (क) जुलुसप्रदर्शन

२०४७ साल श्रावण २८ गते कल्याणी शाह र अष्टलक्ष्मी शाक्यले महङ्गीविरुद्धको जुलुसको नेतृत्व गरेका थिए ।[२६९] यस दिन धरान, विराटनगर, काठमाडौँ र भक्तपुरबाट एकैपटक महिलाहरूले जुलुस निकालेका थिए । यसरी प्रजातान्त्रिक महिलासङ्घ र अखिल नेपाल महिलासङ्घले आयोजना गरेको ७०० भन्दा बढी महिलाहरू सहभागी भएको जुलुसले महङ्गी नियन्त्रण, सहर सफाइ, बजार नियन्त्रण, स्वच्छ खानेपानीको व्यवस्था, बलात्कारीउपर कडा कारवाहीजस्ता मागहरू राख्दै तुल, प्लेकार्ड र ब्यानर बोकेर आन्दोलन गरेका थिए ।[२७०]

---

[२६९] मीना खड्काको अन्तर्वार्ता, परिशिष्ट सङ्ख्या ३ ।

[२७०] **ऐजन ।**

यस महङ्गी विरोधी जुलुसमा वृद्ध महिलाहरूको पनि सहभागिता थियो । यस जुलुसमा पर्चा बाँड्दै बजारभाउ नियन्त्रण र मूल्य घटाइयोस् भन्ने आवाज बुलन्द पारिएको थियो ।[२७१]

(ख) **प्रधानमन्त्रीसमक्ष माग प्रस्तुत**

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसमक्ष नेपाली महिलाहरूले अधिकारका लागि २२ सूत्रीय माग प्रस्तुत गरेका थिए । उक्त मागपत्रमा महिलाहरूको पैत्रिक सम्पत्तिमा अधिकार, हत्यारा र बलात्कारीमाथि कडा कारवाही, महिलालाई समान अधिकारको व्यवस्था, महिलाको सुरक्षाको ग्यारेन्टीजस्ता मागहरू रहेका थिए ।[२७२]

(ग) **सेमिनार/गोष्ठी आदिको आयोजना**

२०४७ साल असार १६ गते "नेपालको भावी संविधान र त्यसअन्तर्गत निर्माण हुने कानुनमा महिलाहरूको अधिकार" विषयक सेमिनार सञ्चालन गरिएको थियो । यस सेमिनारमा महिलाका समसामयिक समस्याहरू र समस्या समाधानका उपायहरूका बारेमा छलफल गरिएका थिए ।

(घ) **गृहमन्त्रीसमक्ष सुरक्षाका लागि माग प्रस्तुत**

काठमाडौँको डिल्लीबजारस्थित पीपलबोटमा ११ वर्षीय बालिकामाथि बलात्कारको घटनापछि चिन्तित महिलाहरू २०४७ साल श्रावण २ गते ७० जना महिलाको समूह गृहमन्त्रीसमक्ष सहयोगको अपेक्षा गर्दै गएका थिए । गृहमन्त्रीले महिलाहरू आफैँ सुरक्षित हुनुपर्ने, खुर्सानीको धुलो बोकेर हिँड्नु पर्ने, लामा-लामा नङ्ग्रा पाल्नुपर्नेजस्ता गैह्र जिम्मेबारपूर्ण जवाफ दिएपछि आक्रोशित महिलाहरूले श्रावण ५ गते पीपलबोटमा जम्मा भई बलात्कार काण्डको भण्डाफोर गरेका थिए । तीन हजारभन्दा बढी जनसमुदायको उपस्थिति भएको उक्त विरोध सभामा महिलाहरूले आफ्नो शक्ति राम्रोसँग प्रदर्शन गरेका थिए ।[२७३]

(ङ) **संविधान सुझाव आयोगमा सुझाव प्रस्तुत**

महिलाहरूको हक-अधिकारलाई संविधानमा सुरक्षित गर्न महिला स्वतन्त्रता र समानतासम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, मानवअधिकारसम्बन्धी भएका घोषणपत्रहरू तथा

---

[२७१] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ३८, पृ. १२१ ।

[२७२] **गोरखापत्र**, वर्ष १२, अङ्क ६०, (२०४९ असार २० गते), पृ. ७ ।

[२७३] **ऐजन**, पृ. १२२ ।

संयुक्त राष्ट्र सङ्घीय नेपाली महिलाहरूको वर्तमान दयनीय अवस्थाको मूल्याङ्कन गरी संविधान सुझाव आयोगमा सुझावहरू प्रस्तुत गरिएको पाइन्छ । उक्त सुझावमा सार्वभौमिकता, मौलिक हक, समान अधिकार, महिला सहभागिता, संवैधानिक अङ्गहरूमा महिलाको स्थान, पारिवारिक अदालतको व्यवस्था आदिबारे उल्लेख गरिएको थियो ।

यसै मन्त्रीमण्डलले अर्थात् कृष्णप्रसाद भट्टराईको प्रजातान्त्रिक सरकारले २०४७ साल कार्तिक २३ गते **नेपाल अधिराज्यको संविधान, २०४७** जारी गरेपछि नेपालीले पुनः ३० वर्षपछि प्रजातन्त्रको अनुभव गर्न पाएका थिए ।

### ५.४.३ आन्दोलनको उपलब्धि

२०४६ सालको ऐतिहासिक जनआन्दोलनमा नेपाली काङ्ग्रेस र संयुक्त जनमोर्चाको महत्त्वपूर्ण योगदान रहेकामा महिला सहभागिताले भूमिका निर्वाह गरेको पाइनुलाई ठूलो उपलब्धि मान्न सकिन्छ । यसको उदाहरणमा २०४६ साल चैत्र २६ गते दलहरूमा लगाइएको प्रतिबन्ध फुक्का गर्दै प्रजातन्त्रको घोषणा गरेपछि भोलिपल्ट अर्थात् चैत्र २७ गते काठमाडौँको टुडिखेलमा आमसभाको आयोजना गरिएको थियो । जहाँ महिला र पुरुषको बराबरी उपस्थिति थियो । उक्त आमसभामा गिरिजाप्रसाद कोइरालाले बोल्ने क्रममा “यो जीत जनताको हो, यो जित राजाको हो” भनेपछि राजाको नाम सुन्नेबित्तिक्कै रिसाएका जनताले हल्ला गर्दै आक्रोस पोख्न थालेका थिए । यस्तो अवस्थामा महिला नेतृ साहना प्रधानले भड्केका जनतालाई नियन्त्रणमा लिएकी थिइन् । यसरी महिला नेतृले आफ्नो क्षमता प्रस्तुत गरेकोबाट आन्दोलनमा रहेका महिलाको भूमिका स्पष्ट भएको कुरा सुशीला श्रेष्ठको **स्वप्नबाटिकामा** प्रकाशन गरिएको “साहना प्रधान : स्मृतिका आँखिझ्याल” भन्ने लेखबाट स्पष्ट हुन्छ ।[२७४] यसरी यस आन्दोलनले महिलालाई नेतृत्व तहमा ल्याइदिएको छ । यसै गरी समानताको धारा ११ लिएर जारी भएको **नेपाल अधिराज्यको संविधान, २०४७** पनि यस आन्दोलनको ठूलो उपलब्धि हुन पुगेको छ । त्यस्तै २०४८ सालमा सिड महासन्धिमा नेपालले हस्ताक्षर गर्नुलाई पनि यसै आन्दोलनको उपलब्धि मान्नु पर्छ । यही संविधान । सिड महासन्धिका जगमा पछि नेपाली महिलाले धेरै अधिकार पाएका छन् ।

---

[२७४] तुम्बाहाङ्फे, **पूर्ववत्,** पादटिप्पणी ३८, पृ. १२० ।

## ५.५ २०४८ देखि २०६३ सालसम्म भएका महिलाआन्दोलनहरू

यस अवधिमा २०४७ सालमा प्रजातन्त्र आएपछि जारी गरिएको **नेपाल अधिराज्यको संविधान**, २०४७ ले दिएका अधिकारहरू कार्यान्वयन गराउन र सिड महासन्धि बमोजिम कानुनमा संशोधन गराउन पुनः नेपाली महिलाहरूले आन्दोलन गर्नु परेको छ । यस खुला वातावरणमा गरिएका आन्दोलनको रूप पहिलाको भन्दा धेरै फरक छ । पहिला महिलाहरू आफ्ना लागि मात्र नलडेर देशको स्वतन्त्रता र प्रजातन्त्रका लागि लडेका थिए । यस अवधिमा भने महिलाहरू पुरुषप्रधान सोच र कानुनका व्यवस्थाका विरोधमा उत्रिएका थिए । त्यसैले त २०५८ सालमा क्रान्तिकारी संशोधनका रूपमा **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन गरिएको थियो । यसरी एकातिर लोकतन्त्रवादीहरू २०४७ सालको संविधानभित्र रहेर समान कानुन बनाउन प्रयास गर्दै थिए भने अर्कोतिर सुस्त परिवर्तन होइन सत्ता नै परिवर्तन गर्नु पर्छ, राज्यको संरचना नै बदल्नु पर्छ अनि गणतन्त्र स्थापना गर्दै क्रान्तिकारी रूपमा महिलालाई पुरुषसरह स्थापित गर्न सक्नुपर्छ भन्ने सोचका साथ भूमिगत बन्दै सशस्त्र युद्ध गर्न बढेकाहरू थिए । त्यसैले यहाँ २०४८ देखि २०६२ सम्म प्रजातान्त्रिक वातावरणमा भएका शान्तिपूर्ण प्रयासहरू र माओवादी सशस्त्र जनयुद्ध भनी संसदवादीहरू र माओवादीहरूले गरेको संयुक्त जनआन्दोलनलाई पनि यहाँ उल्लेख गरिएको छ ।

### ५.५.१ २०४८ देखि २०६२ सालसम्म प्रजातान्त्रिक वातावरणमा गरिएका प्रयासहरू

२०४६ सालको जनआन्दोलनको सफलतापछि **नेपाल अधिराज्यको संविधान**, २०४७ जारी गरियो । अनि **महिलाविरुद्ध हुने सबै प्रकारको विभेद अन्त गर्ने महासन्धि**, १९७९ (CDAW) मा संविधान बनेको ५ महिनापछि नै अर्थात् २०४८ (१९९१ अप्रिल २२) साल वैशाख ९ गते नेपालले हस्ताक्षर गरेको थियो । त्यसैले सबै महिलाहरू अब समान कानुन निर्माण हुन्छ र महिलालाई अधिकार समान रूपमा दिइन्छ भन्ने विश्वासमा थिए ।[२७५] समान अधिकार प्राप्त हुन **मुलुकी ऐन**, २०२० लगायत अन्य कानुनहरूमा भएका महिलालाई विभेद गर्ने प्रावधानहरू बदर गर्नुपर्ने थियो । अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरेका कारण समान कानुन बनाउनु राज्यको दायित्व थियो भने यति हुँदाहुँदै पनि अधिकार प्रदान गर्दा महिलालाई

[२७५] सपना प्रधान मल्ल, "महिलाको मानवअधिकारको सन्दर्भमा महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि र यसको कार्यान्वयनको अवस्था ", **ल्याकलेन्स**, वर्ष ८, अङ्क २, (२०५८ भाद्र), पृ. ३५ ।

थोरै मात्र प्रदान गर्ने तर दण्ड सजायँ सुनाउँदा पुरुषलाई भन्दा बढी सुनाउने गरेको कानुन सजिलै बदर हुन सकेन न त कानुनमा विद्यमान असमानताहरू हटाउन पहल नै गरियो ।

देशमा अन्तरिम सरकार २०४७ साल वैशाख ३ गते बन्यो । यस मन्त्रीमण्डलमा साहना प्रधानले उद्योग तथा वाणिज्य मन्त्री बन्ने सौभाग्य प्राप्त गरिन् । राजनीतिक स्थान आन्दोलनकारी महिलाले प्राप्त गर्न सफल भएपछि समान अधिकार लिने संविधान आउँछ भन्ने थियो । महिलाहरू विभिन्न तरिकाले सुझाव दिँदै थिए । उनीहरू देशमा बढ्दै गएको महङ्गी नियन्त्रण गर्न र महिलाहरूका लागि सुरक्षित वातावरण निर्माण गर्न पनि आवाज उठाउँदै थिए । यहाँ संविधान जारी भएपछि गरिएका सामान्य गतिविधिलाई प्रस्तुत गरिएको छ ।

**(क) प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिनु**

राजनीतिक दलहरूले महिलाका बारेमा घोषणापत्रमा अधिकार दिने कुरा उल्लेख गरे पनि समाजमा भने महिलाविरोधी गतिविधिहरू भइ नै रहेका थिए । त्यस्ता घटनाहरूको महिलाहरूले पनि विरोध गरिरहेका थिए । महिलाहरूले आफ्ना हित विपरीतका काममा मात्र होइन टनकपुर बचाउ अभियानमा तथा कर्मचारीहरूले गरेका आन्दोलनमा पनि ऐक्यबद्धता जनाएका थिए । यसै समयदेखि महिलाहरू पैत्रिक सम्पत्तिमा अधिकारका लागि समेत हस्ताक्षर सङ्कलन गर्दै अगाडि बढेको पाइन्छ । धर्ना र जुलुस गर्दै पाँचवटै विकास क्षेत्रमा गोष्ठीहरू सम्पन्न गरेर देशव्यापी रूपमा जिल्ला-जिल्लाबाट प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई विधेयक पास गर्नका लागि ज्ञापनपत्र दिइएको थियो । यस आन्दोलनलाई सफल पार्न भद्रकालीमा धर्ना दिने काम पनि भएको थियो ।

**(ख) सभासदसँग पत्राचार गर्नु**

पैत्रिक सम्पत्तिमा समान अधिकार प्राप्त गर्नका लागि सबै राजनीतिक दलहरूसँग पत्राचार गर्दै अ.ने.म. सङ्घले २६५ जना सांसदहरूलाई पैत्रिक सम्पत्तिमा समान अधिकार सम्बन्धमा आफ्नो मत जाहेर गर्न समेत पत्राचार गरेको पाइन्छ ।

**(ग) दबाबसमूहको गठन गर्नु**

२०४९ साल असार १९ गते सात वर्षीय बालिका मीरा गुरुङलाई बलात्कार गरेको घटनाको विरोध गर्ने क्रममा सबै महिलाहरूले एकै ठाउँबाट कार्य गरे मात्र बल पुग्छ भन्ने

मनन गर्दै दबाबसमूहको गठन गरिएको थियो ।[२७६] तात्कालीन प्रतिनिधि सभा सदस्य साहना प्रधानको संयोजकत्वमा गठन गरिएको यस दबाबसमूहले २०४९ साल श्रावण २५ गते समाजकल्याण परिषद् लैनचौरमा महिला र तिनका विविध समस्या विषयमा विचार गोष्ठी गरेर प्रतिवेदन प्रधानमन्त्रीसमक्ष दिइएको थियो ।[२७७] यस दबाबसमूहमा प्रारम्भमा १९ संस्थाहरूको सहभागिता रहेको थियो । पछि तीन महिनाभित्र यसमा ९५ वटा सङ्घ संस्थाहरू आबद्ध हुन पुगे । यसरी यस दबाबसमूहमा राजनीतिक दलहरूसँग सामिप्यता रहेका संस्थाहरू, महिलाका हक-अधिकारका बारेमा काम गर्ने गैह्रसरकारी संस्थाहरू र व्यक्तिगत अधिकारकर्मी महिलाहरूको पनि सहभागिता थियो । महिलाका मुद्दामा राजनीति नगर्ने उद्देश्यका साथ सबै एउटै छातामुनि अर्थात् दबाबसमूहमुनि आएर संयुक्त रूपमा अधिकारका लागि आवाज उठाउन थालेका थिए । यस दबाबसमूहले आफ्नो ब्यानरमा नै "महिलाका सवाललाई राजनीतीकरण नगरौँ" भनेर लेखेको उदाहरण पाइन्छ । यस दबाबसमूहको निम्नलिखित उद्देश्यले पनि यो महिलाअधिकारका लागि आवाज उठाउने सशक्त संस्था हो भन्ने स्पष्ट पारेको छ ।[२७८]

- महिलामाथिको दमन, शोषण तथा सामाजिक अत्याचारको विरुद्ध जनमत तयार गर्दै जन दबाबको सृजना गर्ने,
- महिलाहरू माथि भइरहेको सामाजिक अन्याय र अत्याचारका विरुद्ध महिला हक हित संरक्षण गर्नका लागि कार्यरत सङ्घसंस्थाहरूलाई गोलबन्द गर्दै महिलामाथि भइरहेको सामाजिक अत्याचारका विरुद्ध संयुक्त रूपले प्रयत्न गर्ने,
- महिलासमुदायको स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अत्यधिक सहभागी गराउने तथा बालबालिका, असहाय, महिला वृद्ध र अशक्त महिलाहरूको संरक्षणका लागि ठोस नीति तयार गर्न सरकारलाई दबाब दिने,
- संविधानसँग बाझिएका, महिला विकासमा अवरोध पुऱ्याउने प्रकारका सबै ऐन कानुन संशोधन गर्न दबाब दिने,

---

[२७६] अन्तर्वार्ता साहना प्रधान, **गोरखापत्र**, वर्ष ९५, अङ्क ११३, (काठमाडौँ : २०५२ भाद ११), पृ. २ ।

[२७७] सिवाकोटी, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ५६, पृ. २३ ।

[२७८] तुम्बाहाङ्फे, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३८, पृ. ५ ।

- प्रचलित कानुनहरू र नयाँ निर्मित कानुन दुवैको कार्यान्वयन पक्ष दरिलो बनाउन सम्बन्धित निकायमा जोड दिने,
- महिला र बालबालिकाप्रति नकारात्मक भाव प्रभाव पार्ने अश्लील विज्ञापन प्रचार माध्यमबाट प्रसारित हुने कार्यक्रम, साहित्य, संस्कृति तथा कलालाई रोक लगाउन सरकारलाई दबाब दिने,
- महिला तथा बालबालिकामाथि हुने सबै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको सन्धिपत्रसँग बाझिएका र मेल नखाने प्रचलित नेपाल कानुनहरूको खारेजी तथा संशोधन गरी महिला तथा बालबालिकाको हक हितको संरक्षण गर्ने, सामाजिक न्याय र समानतामा आधारित कानुनहरू निर्माण गर्न सरकारलाई दबाब दिन र अभिप्रेरित गर्न जनमत सिर्जना गर्न कार्यरत रहने,[२७९]
- महिलाहरूको अस्तित्व र अस्मितालाई खतम गर्न खोज्ने अपराध र अपराधी समूहलाई नष्ट गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्ने र गराउने,
- बलात्कार, अपहरण, बेचबिखनका सिकार भएका र बेश्यावृत्ति गर्न बाध्य तुल्याइएका महिला वा बालबालिकालाई राहत दिन, न्याय दिलाउन र पुनर्स्थापना गरी सामाजिक प्रतिष्ठा प्रदान गर्न आवश्यक प्रभावकारी कार्यक्रम सञ्चालन गर्न दबाब दिने,
- महिला तथा बालबालिकाहरूको हित संरक्षणका लागि कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरू एवम् यस सम्बन्धमा सरोकार राख्ने अन्य संस्थाहरूका बीचमा विचार आदानप्रदान गरी पारस्परिक सहयोगात्मक र समन्वयात्मक भावना जगाउने,
- शक्तिसंरचनाका विभिन्न क्षेत्रमा महिलाहरूको सहभागिता वृद्धि गर्न दबाब दिने,

विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको पेसागत हकहितको सुरक्षा, सबै महिलाहरूलाई सशक्तीकरण गर्न सम्बन्धित निकायलाई दबाब दिने तथा उपर्युक्त सम्पूर्ण उद्देश्य पूर्तिका लागि महिला सुरक्षा दबाबसमूहले निरन्तरता कायम गर्ने ।

(घ) **चौथो विश्व महिलासम्मेलन तयारी कार्यकारिणी समितिमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र प्रस्तुत गर्नु**

[२७९] **ऐजन ।**

महिला हकहितका लागि कार्यरत गैह्रसरकारी संस्थाहरूको समूहले करिब एक वर्ष अगााडिदेखि एउटै ठाउँमा कार्य गरेर महिलाअधिकारका सम्बन्धमा महिलाहरू एक ठाउँमा छन् भन्ने प्रमाण प्रस्तुत गरेका थिए । जसमा महिला सुरक्षा दबाबसमूहलगायत ९० वटा गैह्र सरकारी संस्थाहरू आबद्ध थिए । त्यस्तै, गैह्र सरकारी संस्था राष्ट्रिय तयारी समिति, बेजिङ्गमा अन्य ८० वटा संस्थाहरू पनि आबद्ध थिए । यतिमात्र होइन पूर्वाञ्चल क्षेत्रीय गैह्र सरकारी संस्थाहरूको नेटवर्क समूहमा पनि ३६ वटा अन्य गैह्र सरकारी संस्थाहरूको आबद्धता थियो । महिला वातावरण समूह (जसमा ८ वटा गैह्र सरकारी संस्थाहरू आबद्ध थिए) यसमा कार्यरत थियो । यसरी महिला र बालबालिकका सम्बन्धमा काम गर्ने धेरैभन्दा धेरै संस्थाहरूलाई समेटेर गैह्र सरकारी समूह राष्ट्रिय तयारी समिति नेपाल बेजिङ्गतिर १९९५ गठन गरिएको थियो । यसका उद्देश्य निम्न थिए :[२८०]

- भिन्नभिन्न गैह्र सरकारी संस्थाहरूले गरेको काम नदोहोरियोस् तथा धेरैभन्दा धेरै महिलाहरूमा बेजिङ्ग सम्मेलनको सन्देश पुगोस् भन्ने,
- नेपाली महिलाहरूका क्षेत्रीय तथा राष्ट्रिय स्तरका मुद्दाहरूलाई प्रतिनिधित्व गराउने,
- विभिन्न महिलाका संस्थाहरूमा ऐक्यबद्धता कायम राख्ने,
- बेजिङ्ग सम्मेलनका निमित्त नेपालका गैह्र सरकारी संस्थाहरूको समूहले गरेको तयारीका सम्बन्धमा पारदर्शिता कायम राख्दै महिलाको सशक्तीकरणका लागि कार्य गर्ने,
- महिलाहरूका प्रमुख मुद्दाहरूको समाधानार्थ सरकारलाई दबाब दिनाका साथै महिलाहरूका लागि कार्य गर्ने सङ्घ सस्थाहरूसँग मिलेर बेजिङ्गअगाडि र बेजिङ्गपछाडि गर्ने कार्यक्रम तथा नीति तय गर्ने ।

बेजिङ्ग पठाउने नेपालका गैह्र सरकारी संस्थाहरूको रिपोर्टमा सम्पूर्ण महिला समूहहरूको सहभागिता गराउनेजस्ता उद्देश्यहरू लिएर एकै ठाउँमा महिलाहरू जम्मा हुनु साँच्चै नै महिलाआन्दोलनका लागि गौरवको विषय हुन पुगेको थियो । यस समूहले महिलाहरूको एक कार्यकारिणी समिति पनि गठन गरेको पाइन्छ, जसमा पदाधिकारीहरूमा संयोजक- सांसद साहना प्रधान, सदस्य सचिव- अन्जना शाक्य, कोषाध्यक्ष- शशी श्रेष्ठ र सदस्यहरूमा शान्ता थपलिया, बन्दना कोइराला, प्रतिभा सुवेदी, गुणलक्ष्मी शर्मा, कमला ढुङ्गेल, शिवमाया तुम्बाहाङ्फे, आरजु राणा देउवा, तारा उप्रेती, अमृता बास्कोटा, अरूणा

[२८०] **ऐजन**, पृ. १२६ ।

उप्रेती, दुर्गा घिमिरे दुर्गा सोब, तुला राणा आदि थिए । यसले महिलाका समस्याहरूका बारेमा अध्ययन गरेर तात्कालीन प्रधानमन्त्री मनमोनहन अधिकारी र राष्ट्रिय योजना आयोगसमक्ष २०५१ साल फागुन १ गते ज्ञापनपत्र बुझाएको थियो । यसरी सम्पूर्ण महिलाहरू एकै ठाउँबाट समान अधिकारका लागि आवाज उठाउँदै थिए ।

(ङ) **महिलाद्वारा मात्र आन्दोलनहरू गर्नु**

२०५० साल जेष्ठ ३ गते दासढुङ्गामा घटेको मदन भण्डारी र जीवराज आश्रितको हत्याकाण्डको विरोधमा होस् या चितवनमा कौशिला रानाको हत्याको विरोधमा होस् महिलाहरूले आवाज उठाउँदै विरोध गर्ने गरेको पाइन्छ । यतिमात्र होइन २०५१ सालमा संसद विघटन गर्दाको अवस्थामा होस् या संसदमा प्रस्तुत विधेयक छलफल गराउनमा नै किन नहोस् महिलाहरूले आवाज उठाएका छन् । त्यस्तै, २०५२ साल भाद्र १२ गते ने.क.पा. एमालेको सरकारविरुद्ध सर्वोच्चले गरेको फैसलाको विरोधमा समेत महिलाहरूले आवाज उठाउने दुस्साहस गरेको पाइन्छ ।[२८१]

(च) **सदनभित्र नै आन्दोलन गर्नु**

निर्वाचित हुने महिलाहरूले पनि सदनभित्र सांसदहरूलाई स्मरणपत्र दिने, प्रधानमन्त्री, महिला बालबालिका तथा समाजकल्याण मन्त्री, कानुन तथा न्याय मन्त्रीलगायत सम्बन्धित निकायहरूलाई ज्ञापनपत्र तथा स्मरणपत्र दिने, सदन र समितिमा विधायकहरूलाई समान अधिकारका पक्षमा आवाज उठाउन अभिप्रेरित गर्नेजस्ता कार्यहरू गरेको पाइन्छ । समान अधिकार प्राप्तिका लागि सदनभित्र पनि नारा लगाउन महिलाहरू बाध्य भएका थिए । सदन चलिरहेको समयमा दर्शक दीर्घामा बस्ने महिलाहरूले पनि “पैत्रिक सम्पत्तिमा समान अधिकार पाउनै पर्छ,” “पैत्रिक सम्पत्तिसम्बन्धी विधेयक संशोधनसहित चालु अधिवेशनमा पेस गर” भन्ने नारा ब्यानरसहित घन्काउँदै सदनभित्र नै कालो झन्डा फहराएका थिए । यसरी दर्जनौं महिलाहरूले सदनभित्र आफ्नो अधिकारका लागि आवाज बुलन्द गरेका थिए । यसरी आन्दोलन गर्ने दर्जनौं महिलाहरूलाई सुरक्षाकर्मी लगाएर संसद भवनबाट बाहिर निकालिएको थियो । तर संसदबाहिर पनि सयौं महिलाहरू नारा लगाइरहेका थिए । ती सबैमाथि धरपकड गर्दै लछारपछार गरेर महेन्द्र पुलिस क्लबमा लगिएको थियो । त्यहाँ पनि नारा लगाउँदै महिलाहरूले आफ्नो आवाज बुलन्द बनाउन

---

२८१ **ऐजन**, पृ. १२७ ।

छाडेका थिएनन् । यसरी २०५५ साल भाद्र ३ गते ऐतिहासिक रूपले समान अधिकारका लागि प्रदर्शन गरिएको पाइन्छ ।[२८२] यस समयमा महिलाहरूमा बुद्धलक्ष्मी महर्जन, अञ्जना विशंखे, शारदा राना, मञ्जु सुवेदी, कल्पना राना, लक्ष्मी शाह, शशी श्रेष्ठलगायत ४५ जना पक्राउ परेका थिए ।[२८३]

अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूमा हस्ताक्षर गरेका कारण असमान कानुन खारेज गरी समान कानुन बनाउनु राज्यको पनि दायित्व नै हुनपुगेको थियो ।

### (छ) महिलाविरोधी कार्यक्रमको विरोध गर्नु

२०५२ सालमा नयाँबानेश्वरस्थित अन्तर्राष्ट्रिय सभा भवनको हलमा मिस नेपाल प्रतियोगिताको विरोध गर्दा यिनीहरू प्रहरीद्वारा धरपकडमा परेका थिए भने लाठीचार्जबाट घाइते पनि भएका थिए । २०५२ साल चैत्र ९ र १० गते बुटवलमा सम्पन्न अखिल नेपाल महिलासङ्घको बैठकले महिलासम्बन्धी अधिकारपत्र पारित गरेको थियो । उक्त अधिकारपत्रमा महिलासम्बन्धी अधिकारहरूका बारेमा उल्लेख गरिएको पाइन्छ, जसअन्तर्गत सम्पत्तिमा महिलाको समान अधिकार, विवाह र सम्बन्ध विच्छेदको स्वतन्त्रता, गर्भपतनको स्वतन्त्रता, महिला बेचविखनको विरोध, वेश्यावृत्ति, महिलाहरू माथिको दुर्व्यवहार र हिंसात्मक कार्य, महिलाका अधिकारहरू माथि नियन्त्रण, अल्पसङ्ख्यक, दलित र जनजातिहरूका महिलाहरूको अधिकारको रक्षा, पारिवारिक न्यायालय आदि रहेका छन् ।[२८४] यस्ता महिलासम्बन्धी अधिकारपत्रलाई आधार मान्दै महिलाहरूले निरन्तर अधिकारका लागि आन्दोलन गरिरहेको पाइन्छ ।

२०५५ साल वैशाख २० गते सात महिलासङ्गठनले संयुक्त रूपमा कार्यक्रमको आयोजना गर्दै जुलुस निकालेको थियो । उक्त जुलुसमा पैत्रिक सम्पत्तिमा समान अधिकारसम्बन्धी विधेयक संशोधनसहित चालु अधिवेशनमा प्रस्तुत गर, आतङ्ककारी कालो विधेयक फिर्ता गर, भारतीय सेना कालापानी छोड, सम्पूर्ण असमान सन्धिहरू खारेज गरजस्ता नाराहरू लगाइएका थिए । यस्तो सात दलको संयुक्त जुलुसमा प्रहरीले लाठीचार्ज

---

[२८२] अनेम सङ्घ, “समसामयिक प्रस्ताव तथा विधान (२०५७)”, **प्रतिवेदन,** (काठमाडौँः अनेम सङ्घ, केन्द्रीय समिति), पृ. २५ र २६ ।

[२८३] **गोरखापत्र,** वर्ष ९५, अङ्क ११६, (२०५२ भाद्र १४), पृ. १ । **धारणा,** वर्ष ७, अङ्क १९, (२०५५ भाद्र ४ गते), पृ. १ ।

[२८४] **ऐजन,** पृ. १२८ ।

गर्दै दमन गर्न खोजे पनि जुलुस सफल भएको थियो । त्यस्तै २०५५ साल श्रावण ३१ गते निकालिएको संयुक्त जुलुस महँगी, कृत्रिम अभाव र कालो बजारीका विरुद्धमा प्रदर्शन गरिएको थियो । काठमाडौँको भोटाहिटीबाट सुरु गरिएको रित्ता थाल, डाडु, पन्यू, चम्चा र गिलाससहितको जुलुसले नारा लगाउँदै नगर परिक्रमा गरेर आन्दोलनलाई चरमोत्कर्षमा पुऱ्याएको थियो । सबैको आवाज समान कानुन बनाउनु पर्छ भन्ने थियो ।[२८५]

(ञ) **समान कानुन निर्माणका लागि संस्थाहरू मार्फत् भिन्नभिन्न पहलहरू गरिनु**

२०४६ सालको आन्दोलनपछि सङ्घ-संस्था खुल्ने काम तीव्र गतिमा भएको पाइन्छ । यस समयमा नेपाल महिलासङ्घ र नेपाल महिलासङ्गठनले मात्र महिलाका सवालमा आवाज उठाएका होइनन्, **नेपाल अधिराज्यको संविधान, २०४७** आएपछि लैङ्गिक समानताका लागि धेरै सङ्घ-संस्थाहरू खुलेका छन् र महिला हकअधिकारका लागि प्रयास गरेका छन् । यसको उदाहरणमा नेपाल बार एसोसिएसन, नेपाल बार एसोसिएसनका महिला केन्द्रहरू, नेपाल बार एसोसिएसनका परियोजनाहरूबाट प्रयास गरिनुका साथै एक्सनएड नेपाल, कानुनी परामर्श केन्द्र (ल्याक), न्याय कानुन तथा विकास मञ्च, दिदीबहिनी, साथी, महिलाको निम्ति महिला मञ्च, माइती नेपालजस्ता गैर सरकारी संस्थाहरूले आ-आफ्नो तर्फबाट गरेका प्रयासहरूलाई लिन सकिन्छ । यी संस्थाहरू र यिनले गरेका कामहरू निम्नअनुसार छन् :

- **याक्सन एड नेपाल**

एक्सन एड नेपालले २०५६ सालमा महिलाहरूको अवस्थाबारे अध्ययन गर्दै **महिलामाथिका कानुनी विभेद र समानताका आधारहरू** शीर्षकमा अनुसन्धान गरेर कानुनमा संशोधन गर्नका लागि ३६ पृष्ठ लामो प्रतिवेदन प्रस्तुत गरेको थियो । कानुनमा रहेको लैङ्गिक विभेदको पूर्ण रूपमा अन्त्य गर्ने कानुन निर्माणको दिशामा सहयोग पुऱ्याउने मुख्य उद्देश्यबाट निष्कर्षहरू निकालिएको उक्त प्रतिवेदनले असमान कानुन बदरमा ठूलो सहयोग पुऱ्याएको पाइन्छ ।[२८६]

- **नेपाल बार एशोसिएसन**

---

[२८५] **ऐजन** ।

[२८६] एक्सन एड नेपाल, **महिलामाथिका कानुनी विभेद र समानताका आधारहरू**, (काठमाडौँ : एक्सन एड नेपाल, २०५६), पृ. १५ ।

नेपाल बार एसोसिएसन स्थापना भएपछि प्रत्येक तीन वर्षमा राष्ट्रिय सम्मेलन हुने गरेको छ । यस्ता सम्मेलनहरूमा कार्यपत्रहरू प्रस्तुत गरी छलफल हुने गरेको पाइन्छ । यसरी प्रस्तुत गरिने कार्यपत्रहरूको विषयमा लैङ्गिक समानता र महिला हिंसाजस्ता विषयहरूमा पनि कार्यपत्र प्रस्तुत गरी छलफल हुँदै कानुनमा संशोधन गर्नुपर्ने सुझाव पटकपटक प्रस्तुत गर्दै आएको पाइन्छ । यसका बारेमा छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

- **महिला कानुनव्यवसायीहरूको राष्ट्रिय सम्मेलन**

नेपाल बार एसोसिएसनअन्तर्गत सञ्चालित कानुनी सहायता परियोजनाको आर्थिक सहयोगमा प्रत्येक वर्ष महिला कानुनव्यवसायीहरूको राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने गरिन्छ । यस राष्ट्रिय सम्मेलनमा छलफलका लागि महिलाअधिकारसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत हुने गरेको पाइन्छ । यसका बारेमा पनि अगाडि चर्चा गरिएको छ ।

- **कानुनी सहायता तथा परामर्श केन्द्र** (**ल्याक**)

कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) महिलाको हक, हित तथा सशक्तीकरणका लागि कटिबद्ध एक गैह्र सरकारी सामाजिक संस्था हो । यसले २०४४ (१९८७) सालमा स्थापना भएदेखि नै महिलाविरुद्ध रहेको विभिन्न असमान कानुनहरू संशोधनका लागि आफ्नो तर्फबाट महत्त्वपूर्ण पहल गर्दै आएको छ । यसले असहाय महिलाहरूलाई निःशुल्क कानुनी सहयोग उपलब्ध गराउँदै आएको छ । त्यस्तै, यसले महिला हक हेल्पलाइन र बाल न्यायिक केन्द्रको स्थापना गरेर महिला र बालबालिकाको हक हितमा कार्य गर्दै आएको छ । त्यस्तै, कानुनका महिला विद्यार्थीहरूका लागि कानुनी तालिम, सामाजिक लिङ्गभेदसम्बन्धी तालिम, नेतृत्व विकाससम्बन्धी तालिम र विभिन्न विषयमा कार्यशाला गोष्ठीहरू सञ्चालन गर्दै जनचेतना छर्ने काम गदै आएको छ ।

२०४६ सालको जनआन्दोलनपछि नेपालीहरूले प्राप्त गरेको **नेपाल अधिराज्यको संविधान**, **२०४७** ले महिला र पुरुषलाई समान बनाउने धेरै अधिकार प्रदान गरेको भए पनि अन्य कानुनहरू विशेष गरी मुलुकी ऐनमा भएका असमान व्यवस्थाहरू हटाई समान व्यवस्था कायम गर्न धेरै प्रयास यस संस्थाबाट गरिएको छ । यसले कहिले पैत्रिक सम्पत्तिमा महिलाको अधिकार सम्बन्धमा ठाउँठाउँमा गएर स्थानीय स्तरमा सचेतना जगाउन विभिन्न

कार्यक्रमहरू सञ्चालन गर्दै तालिम दिने गरेको पाइन्छ भने कहिले महिलाका अधिकारका सम्बन्धमा अन्तर्क्रिया सञ्चालन गर्ने गरेको पाइन्छ ।[२८७]

कानुनी सहयोग तथा परामर्श केन्द्रले महिलाको सम्पत्तिसम्बन्धी अधिकारका सम्बन्धमा विधेयक तयार गर्ने क्रममा कस्तो कानुन बनाउन उपयुक्त होला भनेर २०५२ साल चैत्र ३० गतेबाट निरन्तर एक महिनासम्म विविध क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गरी अन्तर्क्रिया कार्यक्रमबाट सुझावहरू सङ्कलन गरेर कानुन निर्माणको काममा सहयोग गर्ने उद्देश्यले ९ वटा विषयमा छलफल गरी निम्न सुझावहरू सङ्कलन गरिएको थियो ।

सुझाव नं. १ छोरीले बाबुआमा तर्फबाट जन्मका आधारमा र लोग्नेका तर्फबाट कर्मको आधारमा अंश पाउने व्यवस्था गर्न उपयुक्त हुन्छ कि हुँदैन भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- छोरीले छोरासरह जन्मेका आधारमा अंश पाउने व्यवस्था गरिनु पर्दछ ,
- छोराको जति अधिकार हुन्छ छोरीको पनि त्यति नै अधिकार हुनु पर्दछ ,
- छोरीले छोरासरह जन्मका आधारमा अधिकार पाएपछि घर परिवार र बाबुआमाप्रति गर्नुपर्ने कर्तव्य छोरीले पनि पूरा गर्नु पर्दछ,
- जन्मका आधारमा अंश प्राप्त गरिसकेपछि लोग्नेतर्फबाट पनि पाउने दोहोरो अंशको व्यवस्था भने हुनु हुँदैन । विवाहपछि भने लोग्नेले अंशबापत पाएको सम्पत्ति निजकै नाममा र स्वास्नीले आफ्नो अंशबापत माइतीबाट पाएको सम्पत्ति स्वास्नीकै नाममा रही आफ्नो आफ्नो मात्र हक हुने हुनु पर्दछ,
- आ-आफ्नो अंश लिएका दम्पत्तिबाट जन्मेका सन्तानले भने आमाबाबु दुवैको र विवाहपश्चात् कमाएको सम्पत्तिमा समेत अंश भाग पाउने व्यवस्था हुनु पर्दछ ।

सुझाव नं. २ छोरीले माइतीपट्टिबाट पाएको अंश निजी सम्पत्तिका रूपमा मानी त्यस्ती महिलाले आफूखुसी गर्न पाउने र लोग्नेतर्फको अंश सामान्य अंशका रूपमा रही बन्देज व्यवस्था हुनु उपयुक्त हुन्छ हुन्न भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो : [२८८]

---

[२८७] "कानुनी सहयोग तथा परामर्श केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरू", **ल्याकलेन्स**, वर्ष ८, अङ्क २, (२०५८ भाद्र), पृ. ५९ ।

[२८८] **ऐजन**, पृ. ६१ ।

- स्वास्नीले माइतीबाट पाएको अंशलाई निजी सम्पत्तिका रूपमा मान्नु पर्दछ । चलमा सबै र अचलमा आधासम्म मात्र आफूखुसी गर्न पाउनु पर्ने व्यवस्था गरिनु पर्ने, पूरै आफूखुसी गर्नका लागि सन्तानको मन्जुरीले मात्र आफूखुसी गर्न पाइने भनिएको पाइन्छ । सन्तान नभएमा ३० वर्षको उमेर पूरा गरेपछि मात्र कसैको मन्जुरी बेगर आफूखुसी गर्न पाउनुपर्छ । स्वास्नीले आफ्नो अंश नभएको अवस्थामा मात्र लोग्नेका तर्फबाट अंश लिन पाउने व्यवस्था गरिनु पर्छ । लोग्ने स्वास्नीमध्ये सक्षम पक्षले असक्षम पक्षलाई पालन पोषण र हेरविचार गर्नु पर्छ ।

सुझाव नं. ३. अंश नभएकी महिलाको विवाह भएकामा विवाह भएको मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ कि हुँदैन भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- अंश नभई विवाह भएकामा विवाह भएको मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ, जुन मितिमा कानुन लागू भएको हो त्यो मितिसम्म विवाह नभएकी छोरीले मात्र अंश पाउने व्यवस्था गरिनु पर्छ ।

सुझाव नं. ४ लोग्ने र स्वास्नीको बीचमा अंशबण्डा गरी के-कुन अवस्थामा के-कुन आधारमा बण्डा हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- लोग्नेस्वास्नीमध्ये कुनै एक पक्षले चाहनेबित्तिकै अंशवण्डा गर्न पाउने व्यवस्था गरिनु पर्ने,
- लोग्नेस्वास्नीले आ-आफ्नो अंशबापत पाएको सम्पत्तिमा आधासम्म आफूखुश गर्न पाउनु पर्ने र आधाभन्दा बढीमा एक अर्काको मन्जुरी लिनुपर्ने,
- लोग्नेस्वास्नीको सम्बन्धबिच्छेद हुने भएको अवस्थामा पहिले अंशवण्डाको निर्णय गरेपछि मात्र सम्बन्धबिच्छेदको निर्णय गरिनु पर्ने,
- सम्बन्धबिच्छेदपछि सन्तानहीन दम्पत्तिले आ-आफ्नो सम्पत्ति आ-आफ्नै हकमा राख्न पाउने तर कुनै एक पक्ष असक्षम भएमा सक्षम पक्षले अर्को विवाह नगरेसम्म असक्षम पक्षलाई पालनपोषण र हेरविचार गर्नुपर्ने अर्थात् सम्पत्ति हुने पक्षले नहुने पक्षलाई भरण पोषणको व्यवस्था गर्नुपर्ने,

- लोग्नेस्वास्नीका बीचमा हुने सामान्य झगडाकै कारणले मात्र वण्डा छुट्याउन पाउने व्यवस्था गर्न नहुने,
- सन्तान हुने लोग्नेस्वास्नीको सम्बन्ध बिच्छेद गर्नु परेमा सन्तानको पालनपोषण र अंशवण्डाको निर्णय गरेपछि मात्र सम्बन्धबिच्छेद गर्नुपर्ने,
- लोग्ने वा स्वास्नीमध्ये कसैले सम्पत्ति खाने नियत लिई हातपात गरी मार्ने प्रयास गरेमा, मारेमा वा अपमानजनक व्यवहार गरेमा जसले गरेको हो उसको आधा सम्पत्ति समेत पीडित पक्षलाई दिलाइदिने व्यवस्था गर्नुपर्ने ।[२८९]

सुझाव नं. ५ विधवा विवाहलाई प्रोत्साहन गर्न त्यस्ती सन्तान नभएकी विधवाले मृतक लोग्नेतर्फबाट पाएको सम्पत्ति लिएर अर्को विवाह गर्न पाउने व्यवस्था हुनु उपयुक्त हुन्छ कि हुँदैन भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- सन्तान नभएकी विधवाले मृतक लोग्नेको अंश समेत लिई अर्को विवाह गर्न पाउने व्यवस्था हुनुपर्ने भनी केही सहभागीहरूले सुझाव दिएका थिए भने केहीले मृतक लोग्नेको आधा मात्र अंश लिन पाउने व्यवस्था हुनुपर्ने सुझाव दिएका थिए ।

निष्कर्षमा हेर्दा विधवा विवाहलाई प्रोत्साहन गर्न सन्तान नहुने विधवाले मृतक लोग्नेको अंश लिन पाउने व्यवस्था गरिनु पर्ने भन्ने रह्यो ।

सुझाव नं. ६ महिलाले माइतीपट्टिबाट पाएको अंश निजको मृत्यु हुँदा निजको सन्तान नभएको अवस्थामा लोग्ने वा लोग्नेतर्फका हकवालालाई दिनु उपयुक्त हुन्छ वा माइतीपट्टिका हकवालामा नै फर्किने व्यवस्था हुनु उपयुक्त हुन्छ भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :[२९०]

सन्तान भएसम्म सन्तानले बराबर बाँडेर लिनुपर्ने र सन्तान नभएको अवस्थामा निजको मृत्युपछि निजले माइतीबाट पाएको सम्पत्ति कसैलाई पनि इच्छापत्र गरी दिएको रहेनछ भने माइतीपट्टिका हकवालालाई फिर्ता गरिनु पर्ने प्रावधान हुनुपर्ने, सन्तान नहुने स्वास्नी मानिसलाई माइतीतर्फको हकवालाले पालनपोषण र हेरविचार नगरी लोग्नेतर्फको हकवालाले वा कसैले पालनपोषण र हेरविचार गरेको रहेछ भने पालनपोषण गर्ने जो हो उसैले

---

[२८९] **ऐजन**, पृ. ६६ ।

[२९०] **ऐजन**, पृ. ६७ ।

पाउनु पर्ने, पालनपोषण गर्ने पनि कोही नभएको र इच्छापत्र पनि नगरेको अवस्थामा भने सन्तान नभएकी स्वास्नीको सम्पत्ति तपसिलबमोजिम माइतीमा नै फर्किनु पर्ने निम्न व्यवस्था गरेको छ :

- मर्नेको आमाबाबु भए आमाबाबुले पाउने,
- आमाबाबु नभएमा दिदी, बहिनी र दाजुभाइले पाउने,
- माथि उल्लेखित निजहरू नभएमा निजहरूको सन्तानले बाँडेर लिन पाउने ।

सुझाव नं. ७ छोरीले बाबु-आमाका तर्फबाट अंश पाउने कानुनी व्यवस्था गर्दा त्यस्तो कानुन कुन मितिदेखि लागू हुन उपयुक्त हुन्छ भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

कानुन लागू भएपछि विवाह नभएकी छोरीले अंश पाउनु पर्ने व्यवस्था गरिनुपर्ने र विवाह भएको मितिलाई मानो छुट्टिएको मिति कायम गरी अंशवण्डा गर्नुपर्ने ।

सुझाव नं. ८ महिला बिक्रीको कसुरलाई (जीउ मास्ने बेच्ने कार्य) निरुत्साहि गर्न महिला बिक्री गर्ने व्यक्तिको आधा सम्पत्ति जफत गरी पीडित पक्षलाई दिलाउने कानुनी व्यवस्था उपयुक्त हुन्छ कि हुन्न भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- जीउ मास्ने बेच्ने कार्य निरुत्साहि गर्न महिला बिक्रीको कार्यमा संलग्न व्यक्तिको अंश सर्वस्व गरी पीडित महिलालाई दिलाइ दिने व्यवस्था गर्नुपर्दछ ।

सुझाव नं. ९ जीवनयापन गर्न नपुग्ने, अचल सम्पत्ति मात्र भएको लोग्ने वा स्वास्नीले रेखदेख, पालनपोषण नगरेमा त्यस्तो लोग्ने वा स्वास्नीबाट माना चामल भराउन पाउने व्यवस्था राख्न उपयुक्त हुन्छ कि हुन्न भन्ने छलफलको बुँदामा निम्न सुझाव दिइएको थियो :

- जीवनयापन गर्न नपुग्ने, अचल सम्पत्ति मात्र भएको लोग्ने वा स्वास्नीले रेखदेख, पालनपोषण नगरेमा त्यस्तो लोग्ने वा स्वास्नीबाट माना चामल भराउन पाउने व्यवस्था राख्न उपयुक्त हुन्छ भन्ने सुझाव दिइएको पाइन्छ ।[२९१]

यसरी सुझाव सङ्कलन गर्नका साथै यस संस्थाले २०५३ सालमा महिलाको सम्पत्तिको अधिकार विषयमा सबैभन्दा पहिलोपटक अधिराज्यका सबै अञ्चल, जिल्ला, क्षेत्र र वर्गलाई समेटिने गरी २० जिल्लाको ११००० घर धुरी र काठमाडौँ उपत्यकाको विभिन्न वर्ग, समूह, स्तर, क्षेत्र, व्यवसाय, उमेर तथा लिङ्गका मानिसहरूका बीच अन्तरक्रिया र

---

[२९१] **ऐजन**, पृ. ८-१० ।

प्रश्नावलीको माध्यमबाट अध्यन गरेको थियो । उक्त अध्ययनले ७० प्रतिशत उत्तरदाताहरूले छोरीले पनि पैतृक सम्पत्तिमा छोरासरह समान अंश अधिकार पाउने कानुन संशोधन गर्नुपर्ने कुरा बताएका थिए । ६३ प्रतिशत उत्तरदाताले महिलाको विवाहपछि सम्पत्ति फिर्ता गर्नु नपर्ने अर्थात् पैतृक सम्पत्तिमा समान तथा पूर्ण अधिकार हुनुपर्दछ भनेका थिए । यसै अध्ययनका आधारमा यस संस्थाले विधेयकको मस्यौदा समेत गरेको थियो ।[२९२] यतिमात्र होइन कानुन न्याय तथा संसदीय समितिले प्रस्तावित अंशवण्डाको १६ नं. सर्वसम्मतिबाट पारित गरेका सम्बन्धमा यस संस्थाले राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूलाई जानकारी गराउने सन्दर्भमा पत्रकार सम्मेलन गरी मिति २०५८ साल जेष्ठ २८ गते सोसम्बन्धमा विस्तृत जानकारी उपलब्ध गराउनेजस्ता कामहरू पनि गरेको थियो ।[२९३]

कानुन न्याय तथा संसदीय समितिले पैत्रिक सम्पत्तिमा समान अधिकारसम्बन्धी अनुसन्धान गरी प्रस्तुत गरेको प्रतिवेदनमाथि छलफल गर्न कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ले २०५८ साल असार ४ गते कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा नेपाली काङ्ग्रेस पार्टीका महिला सांसदहरूलाई बोलाइएको थियो । यस कार्यक्रममा व्यापक छलफल भएको थियो । यस संस्थाले समान कानुन निर्माण गराउनाका लागि बेलाबेलामा धर्ना जुलुसजस्ता कार्यक्रमहरूमा पनि सक्रिय सहभागिता जनाएको पाइन्छ । यसको उदाहरणमा २०५८ साल असार ११ गते एमाले महिलासङ्गठन विभागको आयोजनामा बिसौँ संसद अधिवेशनको पहिलो दिन सांसदहरूलाई सहयोग गर्न विभिन्न महिला नेतृहरूसँग धर्ना कार्यक्रममा भाग लिएकालाई लिन सकिन्छ । त्यस्तै, यस संस्थाले अन्य संस्थाहरूसँग मिलेर पनि महिलाअधिकारका लागि कार्यहरू गरेको पाइन्छ । यसरी विभिन्न तरिकाबाट यस संस्थाले महिलाका हक र अधिकारका लागि निरन्तर रूपमा पहल गरेको पाइन्छ ।

- **महिला, कानुन तथा विकास मञ्च**

महिला कानुन तथा विकास मञ्च (Forum for Women, Law and Development, FWLD) सन् १९९५, मे २९ मा खोलिएको एक गैह्र सरकारी संस्था हो । यो संस्था मानवअधिकारको रक्षा तथा प्रबर्द्धन गर्ने उद्देश्यले खोलिएको हो । यसले स्थापना कालदेखि नै सबै प्रकारका भेदभाव उन्मूलन गरी समानता कायम गर्न कानुनलाई नै महत्त्वपूर्ण

---

[२९२] **ऐजन**, पृ. ११ ।

[२९३] **ऐजन**, पृ. ५९ ।

हतियार मानेर आफ्नो कार्यलाई अघि बढाउँदै आएको छ । यो कानुनबाट नै महिला, बालबालिका, पिछडिएका वर्ग र अति विपन्न वर्गहरूमा भएको असमानता हटाउन सकिन्छ भन्ने विश्वास गर्दै अघि बढेको पाइन्छ । स्थापनाको समयदेखि नै **महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (CEDAW),** १९७९ को सफल प्रयोगबाट मात्र कानुनमा विद्यमान विभेदहरूलाई हटाउन सकिन्छ भन्ने विश्वासका साथ यो संस्था बढेको छ । कानुनलाई आधार मानेर समानता कायम गर्ने रिटहरूका माध्ययमबाट छोरा र छोरीमा समानता कायम गर्ने, महिला हिंसा निमूर्ल गर्ने, महिलालाई सम्पत्तिमा समान अधिकार प्रदान गर्नेजस्ता कार्यहरू गरेको छ । त्यस्तै, यस संस्थाले निरन्तर रूपमा कानुनी सहयोग पीडित महिलाहरूलाई प्रदान गर्नेजस्ता कामहरू पनि गर्दै आएको छ । यतिमात्र होइन यसले लैङ्गिक हिंसाविरुद्ध कार्यक्रमहरू गरेको छ भने चेलिबेटी बेचबिखन विरुद्ध आवाज उठाउनमा पनि यो संस्था अग्रपङ्तिमा रहेको छ ।[२९४] महिला कानुन र विकास मञ्चले २०५५ सालमा महिलाको अंश अधिकार सम्बन्धमा एक सर्वेक्षण गरेको थियो । उक्त सर्वेक्षणमा १५ प्रतिशत उत्तरदाताले मात्र तात्कालीन विद्यमान व्यवस्था ठीक भएको बताएका थिए भने अरूले विपक्षमा मत दिएका थिए । त्यस्तै, ६० प्रतिशत उत्तरदाताले महिला सशक्तीकरणका लागि आर्थिक अधिकार आवश्यक भएको कुरा व्यक्त गरेका थिए ।

महिला, कानुन तथा विकास मञ्चले कानुनी परामर्श केन्द्रसँग मिलेर पनि कार्य गरेको पाइन्छ । यस महिला कानुन तथा विकास मञ्चका अध्यक्ष सपना प्रधान मल्ल र कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) को अध्यक्ष शान्ता थपलियाले पैत्रिक सम्पत्तिसम्बन्धी महिलाको अधिकारका सम्बन्धमा स्थानीय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्न २० जना कानुनव्यवसायीहरूलाई तालिम सञ्चालन गरी तालिम सञ्चालनका विधिहरू बारे जानकारी गराएका थिए । यसरी २०५८ साल भाद्र ८ गते सञ्चालित कार्यक्रममा स्थानीय स्तरमा कसरी काम गर्ने भन्ने सम्बन्धमा शशी अधिकारी र सविन श्रेष्ठले कक्षा लिएका थिए । झापा, सुनसरी, सप्तरी, चितवन, मकवानपुर, स्याङ्जा, काठमाडौं, ललितपुर र भक्तपुरमा कानुनी सहयोग तथा परामर्श केन्द्रले र धनकुटा, मोरङ, कैलाली, डोटी, काभ्रेपलाञ्चोक, दोलखा, नवलपरासी, रूपन्देही, दाङ र नेपालगञ्जमा न्याय

---

[२९४] Forum for Women, Law and Development (FWLD) is an autonomous, ... FWLD has researched thoroughly on the discriminatory laws of Nepal, .

कानुन तथा विकास मञ्चले कार्यक्रम सञ्चालन गरेको थियो । यसरी २०५८ साल भाद्र १६ गतेदेखि ४ दिनसम्म सञ्चालित कार्यक्रममा जिल्लाका न्यायाधीश, स्थानीय महिला जनप्रतिनिधि, गृहिणी, शिक्षिका, प्रहरी, सरकारी वकिल, अधिवक्ता र चिकित्सकहरूको सहभागिता रहेको थियो । त्यस्तै, विभिन्न क्षेत्रसँग सम्बद्ध व्यक्तित्वहरू तथा न्यायिक क्षेत्रका व्यक्तित्वहरूलाई यस सचेतता सञ्चालन कार्यक्रममा सहभागी गराइएको पाइन्छ ।[२९५]

- **दिदीबहिनी**

दिदीबहिनी सन् १९९२ (वि.सं. २०४९) मा महिला सशक्तीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको एक गैह्र नाफामूलक गैह्र सरकारी संस्था हो । यसले स्थापनाकालदेखि नै नामअनुसार दिदीबहिनीलाई सशक्त बनाउन अनेकौं कामहरू गर्दै आएको छ । सलोनी सिंहको अध्यक्षतामा खोलिएको मानिसको स्वभावमा सकारात्मक परिवर्तन ल्याउन प्रयत्नरत यस संस्थाले लैङ्गिक शिक्षा दिनाका साथै समाजमा परिवर्तन ल्याउन महिला र पुरुषहरूले भोग्दै आएका समस्याहरूको समाधानका कार्यहरू अन्य गैह्र सरकारी संस्थाहरू र सरकारका निकायहरूसँग मिलेर तल्लो तहदेखि नै कार्यहरू गर्ने गरेको पाइन्छ । यसले लैङ्गिक समानता कायम गर्न आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै आएको छ । विभिन्न क्षेत्रमा कार्य गर्दै आएको यस संस्थाले शिक्षाले देशमा परिवर्तन ल्याउन सक्ने विश्वासका साथ महिला सशक्तीकरणका लागि महिला र छात्राहरूको शिक्षामा केन्द्रित हुँदै कार्य गर्दै आएको छ ।

- **साथी**

साथी सन् १९९२ मा स्थापना गरिएको नाफामूलक गैह्र सरकारी संस्था हो । आरजु राणा देउवाको अध्यक्षतामा खोलिएको यस संस्थाले स्थापनाका समयदेखि नै नेपाली महिलाहरूले भोग्दै आएका समस्याहरूको पहिचान गर्ने, महिलावर्गको स्तर उकास्ने, लैङ्गिक विभेद विरुद्ध आवाज उठाउने, समान कानुन निर्माणमा पहल गर्नेजस्ता कार्यहरू गर्दै आएको छ । पारिवारिक र सामाजिक क्षेत्रमा महिलाको समान पहुँच र सहभागिता बढाउनाका साथै नीतिनिर्माण तहसम्म महिलाको पहुँच पुऱ्याउनु पर्छ भन्दै यो संस्था

---

[२९५] कानुनी सहयोग तथा परामर्श केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरू, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या १२८, पृ. ६२ ।

कार्यरत् छ ।[२९६] २०५४ सालमा यस संस्थाले महिलाविरुद्ध हुने हिंसा सम्बन्धमा एक अध्ययन गरेको थियो । उक्त अध्ययनको निष्कर्ष महिलाविरुद्ध हुने हिंसाको मुख्य कारण आर्थिक अवस्था नै हो भन्ने निकालिएको थियो । यस अध्ययनमा ७३ प्रतिशत उत्तर दिनेहरूले महिलाहरू सधैँ आर्थिक रूपमा पर निर्भर हुनु परेकाले घरेलु हिंसादेखि अरू विभिन्न हिंसा खप्न बाध्य भएको कुरा देखाइएको पाइन्छ ।

- **महिलाका लागि महिलामञ्च**

२०५२ सालमा स्थापना गरिएको प्रतिमा मुडभरी अध्यक्ष भएको यस संस्थाले नामअनुसार नै महिलाहरूका लागि काम गर्दै आएको छ । यस संस्थाले तल्लो वर्गका महिलाहरूको जीवनस्तर उठाउन महिला सशक्तीकरणका लागि चेतना जगाउने, महिलाको आर्थिक स्तर वृद्धि गर्ने, कानुनी विभेदबारे जानकारी दिन कानुनी कक्षा सञ्चालन गर्ने, कार्यहरू गर्नाका साथै आवश्यकताअनुसार धर्ना, जुलुसजस्ता दबाबमूलक कार्यक्रमहरूमा पनि सहभागिता जनाउँदै आएको छ । विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय सङ्घ-संस्थाहरूको सहयोगमा महिलाअधिकारका लागि कार्य गर्दै आएको छ । यतिमात्र होइन यसले महिलाहरूको आर्थिक स्तर उकास्न हेफरसँग मिलेर गाउँ गाउँमा गएर काम गर्ने गरेको छ । यसले गर्दा चेतनशील र सक्षम हुन पुगेका महिला अधिकारका लागि आवाज उठाउन सक्ने भएका छन् ।[२९७]

- **ए.बी.सी. नेपाल**

२०४४ सालमा दुर्गा घिमिरेको अध्यक्षतामा खोलिएको यो प्रथम महिलाका हक-अधिकारका लागि कार्य गर्ने पहिलो सामाजिक संस्था हो । यसको नाम नै कृषिवन आधारभूत स्वास्थ्य, सहकारी नेपाल भएकाले नामबाट नै यसले गर्ने काम अनुमान गर्न सकिन्छ । महिलामा चेतना जगाउने कार्यसँगै यसले महिलालाई काम गर्न सजिलो गराउन धुवाँरहित चुल्होको व्यवस्था, डाले घाँसको व्यवस्था, नर्सरीहरूको स्थापना, स्वास्थ्य शिक्षा कार्यक्रम तथा विभिन्न किसिमका तालिमहरू उपलब्ध गराउने गरेको छ । यसरी महिलामुखी काम गर्दै यसले चेलीबेटीको अवैध व्यापार रोक्न धेरै कार्यक्रमहरू गर्दै चेतना जगाउने गरेको छ भने पुनर्स्थापना गर्न सरकारलाई घच्घच्याउने पनि गरेको छ । यसको

---

[२९६] A Nepali NGO working to eliminate injustice and violence against women and children in Nepal and providing support to victims, www.saathi.org.np/

[२९७] Currentproject:EconomicandSocialDevelopment, http://womenforwomenforumnepal.org/econ.php

उदाहरणमा २०४७ साल कार्तिक १५ र १६ गते सञ्चालित "चेलीबेटीको अबैध व्यापार हाम्रो जिम्मेबारी" नामक दुई दिने गोष्ठी सञ्चालन गरेकालाई लिन सकिन्छ ।[२९८]

- **कानुनव्यवसायी महिला केन्द्र, सर्वोच्च अदालत बार एसोसिएसन**

सर्वोच्च अदालत बार एसोसिएसन महिला केन्द्रले समयसमयमा छलफलका कार्यक्रमहरू गरेर महिलाका सेवा सुविधा तथा अधिकारका लगि प्रयास गर्ने गरेको पाइन्छ । यसको उदाहरणमा लैङ्गिक हिंसाका मुद्दाहरूको सुनुवाइका लागि शीघ्र कारवाही अदालतको आवश्यकता चुनौती तथा वैकल्पिक व्यवस्था सम्बन्धमा यस महिला केन्द्रले २०६९ वैशाख २० गते तयार गरेको अवधारणापत्रलाई प्रस्तुत गर्दै कार्यक्रम गरेकोलाई लिन सकिन्छ । शीघ्र न्याय प्रदान कसरी गर्ने भन्ने सम्बन्धमा यस छलफलले निम्नलिखित बुँदाहरू प्रस्तुत गरेको पाइन्छ :

- के अदालतमा विचाराधीन मुद्दाहरूको निरन्तर सुनुवाइको प्रक्रिया अवलम्बन गर्न सकिन्छ ?
- के हाल भइरहेको बाल इजलासमा बालबलिकाको मुद्दा नभएको अवस्थामा महिला हिंसाका मुद्दाको सुनवाइ गर्न सकिन्छ ?
- सुरुवातमा काठमाडौँ जिल्ला अदालतमा नमुनाका रूपमा छुट्टै महिला इजलास गठन गरेर मुद्दाको सुनवाइ गर्न सकिन्छ ?
- हाल भइरहेको अवस्थामा ६ दिन पेसी हुनेमा १ दिन महिलाहिंसाका मात्रै मुद्दाहरूको सुनवाइ गर्ने व्यवस्थाका लागि पहल गर्न सकिन्छ ?

यसैगरी यस केन्द्रले महिलालाई अधिकार दिँदै गरिएका फैसलाहरूको कार्यान्वयन भए नभएका सम्बन्धमा पनि समयसमयमा छलफल गर्ने गरेको पाइन्छ । यसको उदाहरणमा जुरी नेपालको सहयोगमा २०७२ साल चैत्र ६ गते आइतबारका दिन सञ्चालन गरेको "लैङ्गिक हिंसाविरुद्ध न्यायिक फैसला कार्यान्वयनका चुनौती" विषयक अन्तक्रिया कार्यक्रमलाई लिन सकिन्छ ।

- **ने.बा.ए., सी.बी.ए. र डी.डी.एन. परियोजनाले गरेको प्रयास**

---

[२९८] दुर्गा घिमिरे (सम्पा.), **चेलिबेटीको अबैध व्यापार हाम्रो जिम्मेबारी**, (काठमाडौँ : कृषिवन आधारभूत स्वास्थ्य, सहकारी (ए.बी.सी), नेपाल, २०४७), पृ. १ ।

नेपाल बार एसोसिएसन र क्यानेडियन बार एसोसिएसनको संयुक्त प्रयासमा सञ्चालन गरिएको डेमोक्रेटिक डेभलपमेन्ट इन नेपाल (CBA NBA DDN Project-Democratic Development in Nepal) परियोजना सञ्चालन गरेर भावी संविधान निर्माणमा सहयोग पुऱ्याउने उद्देश्य लिइएको थियो । सङ्घीय प्रणालीमा अदालतको संरचना, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकारका रूपमा आर्थिक सामाजिक र सांस्कृतिक अधिकार लैङ्गिक न्याय, भाषा नीति र आदिवासी जनजाति तथा अल्पसङ्ख्यकको अधिकारजस्ता ६ भिन्नभिन्न समूहमा विभाजन गरेका प्रत्येक समूहमा एकएक जना विशेषज्ञ नियुक्त गरेर सुझाव सङ्कलन गर्ने काम यो परियोजनाले गरेको थियो । अधिवक्ता सुषमा बाँसकोटा बरालले लैङ्गिक न्याय विषयको विशेषज्ञका रूपमा भूमिका निर्वाह गर्दै सुझावसहितको प्रतिवेदन प्रस्तुत गरेकी थिइन् भने अन्य सबै विशेषज्ञहरूबाट पनि सुझाव लिएपछि सम्पूर्ण सुझावहरूबाट एउटै प्रतिवेदन तयार गरी आगामी संविधानमा उल्लेख गरिनुपर्ने विषयहरू सुझावका रूपमा संविधान सभामा प्रस्तुत गरिएको थियो ।[२९९]

– **इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइ.सि.जे.)**

इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइ.सि.जे.) ले नेपालमा सन् २०११ बाट नेपालको न्यायिक क्षेत्रमा सुधार गर्ने उद्देश्यले परियोजना सञ्चालन गरेको पाइन्छ । यसले पहिलो परियोजना ताप्लेजुङ, पाँचथर, इलाम, सिराहा, धनुषा, महोत्तरी, चितवन, पर्वत, बागलुङ, म्याग्दी, कपिलबस्तु, बर्दिया, डडेलधुरा र बैतडी गरी १५ वटा जिल्लाको अध्ययन गरेर नेपाली जनताको न्यायमा पहुँच कति छ भन्ने अध्ययन गरेको थियो । यस अध्ययनले सबैभन्दा बढी जोखिममा महिलाहरू रहेको र औपचारिक न्याय प्रणालीमा महिलाहरूको पहुँच नपुगेको पत्ता लगाएको पाइन्छ । यसपछि यस संस्थाले यस परियोजनालाई महिलाहरू माथि भइरहेको जोखिमलाई घटाउने र उनीहरूको न्यायमा पहुँचलाई सहज बनाउने कुरामा केन्द्रित गरेको पाइन्छ । महिलालाई अधिकार सम्पन्न बनाउन सहयोग गर्ने उद्देश्यले सन् २०१२ मा इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइ.सि.जे.) ले महिलाहरूलाई न्याय प्राप्तिमा सशक्तीकरण गर्ने (Strengthening Justice Delivery for Vulnerable Women in Nepal) नामको नयाँ परियोजना सुरु गरेको थियो । यसले गरेका धेरै कामहरूमध्ये सर्वोच्च

---

[२९९] नेपाल बार एसोसिएसनबाट सञ्चालित C.B.A., N.B.A, DDN Project, **राम शाह पथ काठमाडौं नेपालको प्रतिवेदन २०६६ ।**

अदालतबाट महिलाहरूको अधिकारका सम्बन्धमा गरिएका फैसलाहरूलाई कार्यान्वयन गराउने पनि रहेको थियो । ती फैसलाहरूलाई एकै ठाउँमा समेटेर टिप्पणीसहित यसले प्रकाशित गरेको छ । यसको प्रकाशनले न्याय क्षेत्रमा कार्यरतबाहेक समस्त नेपालीहरूलाई महिलाका सम्बन्धमा गरिएका फैसलाहरूलाई सार्वजनिक गरेर सहयोग गरेको छ ।[३००]

- **अन्तरपार्टी महिलासञ्जाल**

सबै दलका महिला नेतृहरूको संयुक्त प्रयासमा २०६२ सालमा खोलिएको अन्तरपार्टी महिलासञ्जालले महिलाका हक-अधिकारका सम्बन्धमा समयसमयमा गोष्ठी, सेमिनारजस्ता छलफलका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ भने धर्ना, जुलुस, हडतालजस्ता दबाबमूलक कार्यक्रमहरू गरेर महिलालाई अधिकार प्रदान गर्न सरकारलाई बाध्य बनाउँदै आएको पनि छ । अर्कोतिर जनताका बीचमा यसले चेतनामूलक कार्यहरू गर्दै पनि आएको छ । यतिमात्र होइन, यसले कानुन संशोधन गर्न सरकारलाई सल्लाह-सुझाव दिन समयसमयमा गोष्ठी, सेमिनार गर्ने काम गरेको छ । यसको उदाहरणमा महिला प्रतिनिधित्वको सवाल विषयक अन्तरपाटी महिलासञ्जालद्वारा २०७० चैत्र ९ र १० गते सम्पन्न कार्यशालाको प्रतिवेदनले सरकारसमक्ष सुझाव प्रस्तुत गरेकोलाई लिन सकिन्छ । ती सुझावहरूले महिलाका पक्षमा थप अधिकार प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ, ती हुन् :

- महिलाको अधिकार संस्थागत गर्न महिलाहरू वर्ग, विचार र सिद्धान्तभन्दा माथि उठेर एकजुट हुनुपर्ने,
- राजनीतिक दलका महिला, निर्वाचित महिला, सरकारमा बसेका महिला, सञ्चार क्षेत्रका महिला, बौद्धिक जगतका महिला, स्थानीय निकायका महिला अर्थात् सबै क्षेत्रका महिलाहरूको सञ्जाल तयार गरी रणनीतिक रूपमा अगाडि बढ्नु पर्ने,
- राजनीतिक दलहरूलाई आफूले गरेका महिलासम्बन्धी प्रतिबद्धताहरू पूरा गराउन बाध्य गराउनु पर्ने,
- निर्वाचन ऐनमा ३३ प्रतिशत महिलालाई उम्मेदबारी दिने भनिएकाले विजयी हुने क्षेत्रमा उम्मेदबारी नदिँदा हार बेहोर्नु परेको र ३३ प्रतिशत पुग्न नसकेको

[३००] प्रेमचन्द्र राई (सम्पा:), **महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालत फैसलाहरूको टिप्पणीसहित सारसङ्क्षेप,** (काठमाडौं : इन्टरनेसनल कमिसन अफ जुरिस्ट, सन् २०१२) पृ. अ ।

अवस्थालाई ध्यानमा राखी कम्तीमा ३३ प्रतिशत पुऱ्याउने गरी बढी उम्मेदबारी दिने भन्ने वाक्य राख्न पहल गर्ने,

- कानुन उल्लङ्घन गरेमा दण्डनीय हुने कुरा मनन गर्दै राज्यपक्ष भएर समानताका लागि अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अनुबन्धहरूमा हस्ताक्षर गरेका, राजनीतिक दलहरूले प्रतिबद्धता जाहेर गरेका विषयहरू पालना नगरेमा के हुने भन्ने अवस्था निश्चित गर्नुपर्ने,
- नागरिकताका सवालमा बाबुआमा मिलेको अवस्थामा बाबु र आमा दुबैको नाम उल्लेख गर्नुपर्ने अन्यथा बाबु वा आमामध्ये एकको नामबाट नागरिकता पाउन सकिने व्यवस्था गर्नुपर्ने,
- निर्णायक तहमा महिलाको पहुँच पुऱ्याउन विशेष बाध्यकारी व्यवस्था गर्नुपर्ने,
- केही वर्षका लागि मात्र भए पनि निश्चित अवधि तोकेर पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने,
- एक घर, एक महिला रोजगारको व्यवस्था सँगै अशक्त महिलाका हकमा राज्यले विशेष व्यवस्था गर्नुपर्ने,
- छोरी पनि छोरासरह छन् र पुरुषले गर्ने काम महिलाले पनि गर्न सक्छन् भन्ने कुरा पितृसत्तात्मक घर परिवार, समाज र दलहरूभित्र जानकारी गराउन सम्पूर्ण महिला एक भई पहल गर्नुपर्ने,
- **स्थानीय स्वायत्त शासन ऐन, २०५५** मा सदस्यहरूमा मात्र नभई पदाधिकारी तहमा पनि अनिवार्य महिलाको प्रावधान राखी संशोधन गर्नुपर्ने ।

देवानी संहिता बनाउने क्रममा पनि कानुनविद्हरू समेत बोलाएर दुई दिने छलफल कार्यक्रमको आयोजना गरी विधेयकमा सुझावसमेत प्रस्तुत गरिएको पाइन्छ ।[३०१]

- **नेपाल बार एसोसिएसन**

२०५९ सालमा नेपाल बार एसोसिएसनको नवौं राष्ट्रिय सम्मेलनमा अधिवक्ता सुशिला कार्की, अनीता सापकोटा चापागाईं, छत्रकुमारी गुरुङ र डिल्लीप्रसाद संजेल 'झापाली' ले क्रमशः "मुलुकी ऐनमा भएको ११ औं संशोधन र महिलाहरूको

[३०१] सुषमा बाँसकोटा बराल, "अन्तरपार्टी महिलासञ्जालद्वारा सञ्चालित दुई दिने कार्यशाला गोष्ठीमा प्रस्तुत गरिएको प्रतिवेदन-२०७०," **प्रतिवेदन,** (काठमाडौं : २०७० चैत्र ९/१० गते), पृ. १ ।

सम्पत्तिसम्बन्धी कानुनी हक", "मुलुकी ऐन ११ औँ संशोधनको परिप्रेक्ष्यमा महिला", "मुलुकी ऐनमा भएको ११ औँ संशोधनको परिप्रेक्ष्यमा महिलाअधिकार" र "लैङ्गिक समानता आजको आवश्यकता" शीर्षकमा कार्यपत्र लेखेका थिए ।

२०६२ साल फागुन १७, १८, १९, र २० गते गरी चार दिन मनाइएको दसौँ राष्ट्रिय सम्मेलनमा महिलासम्बन्धी धेरै कार्यपत्रहरू प्रस्तुत गरिएका थिए भने व्यापक रूपमा छलफल पनि गरिएको थियो । यस छलफलबाट निकालिएका धेरै निष्कर्षहरूमध्ये नागरिकता दिने कुरामा उदार भई विद्यमान कानुनी व्यवस्थामा परिवर्तन गरी आमाको नामबाट पनि नागरिकता दिने कानुन बनाउन जोड दिनेजस्ता कुरा पनि उल्लेख गरिएको थियो ।[३०२]

२०६५ साल फागुन २२, २३ र २४ गते सम्पन्न भएको एघारौँ सम्मेलनमा महिलासम्बन्धी कार्यपत्रहरूको प्रस्तुतिपछि पेसालाई लैङ्गिकीकरण गर्न नहुने, 'सिड' महासन्धिले उल्लेख गरेका प्रावधानहरू पूर्णतः पालन हुनुपर्ने, सबै प्रकारका महिलाविरुद्धको हिंसा र विभेद रोक्न र नियन्त्रण गर्न प्रभावकारी कानुन निर्माण हुनुपर्ने, नीति निमार्ण तथा रोजगारीका क्षेत्रमा महिला पहुँचको सुनिश्चिता हुनुपर्ने र महिलाविकासको बहसलाई अभियानको रूप दिनुपर्ने, नयाँ निर्माण हुने संविधानको मौलिक हकअन्तर्गत विभेद र हिंसाविरुद्ध महिलाको मानवअधिकारको व्यवस्थाको प्रत्याभूति दिनुपर्ने, राज्यका सबै संरचनामा महिला सहभागिताको अधिकार मौलिक हकमा व्यवस्था गर्नुपर्ने, प्रजनन् स्वास्थ्यको अधिकारलाई मौलिक हकअन्तर्गत व्यवस्था गर्नुपर्ने, महिलाको स्वास्थ्य शिक्षा र रोजगारीलाई संवैधानिक सुनिश्चितता प्रदान गर्नुपर्नेजस्ता निष्कर्षहरू पारित गरिएका थिए ।[३०३]

- **महिला कानुनव्यवसायीद्वारा गरिएका प्रयासहरू**

सन् २००१ मा वीरगञ्जमा सम्पन्न एघारौँ राष्ट्रिय सम्मेलन "बोक्सीसम्बन्धी सामाजिक समस्या र राष्ट्रिय महिला आयोग" विषयमा छलफल गरी सम्पन्न भएको थियो । यही सम्मेलनको घोषणापछि महिला आयोगको आवश्यकता राष्ट्रले मनन गरेको देखिन्छ ।

---

[३०२] विन्दा मगर, "रोल अफ विमन इन लिगल सिस्टम" **न्यायदूत** (दशौँ राष्ट्रिय सम्मेलन विशेषाङ्क). वर्ष ३७, अङ्क १, पूर्णाङ्क १५९, (चैत/वैशाख, २०६३), पृ. ३८-४० ।

[३०३] अन्जु उप्रेती. "एघारौँ अखिल नेपाल कानुनव्यवसायी सम्मेलनमा प्रस्तुत कार्यपत्रहरू," **न्यायदूत** (एघारौँ सम्मेलन विशेषाङ्क), वर्ष ४०, अङ्क १, पूर्णाङ्क १८०, (२०६५ चैत/वैशाख), पृ. १९ ।

यसपछि क्रमशः एघारौँ सम्मेलन काठमाडौँमा, बारौँ सम्मेलन काभ्रेमा, तेह्रौँ सम्मेलन काठमाडौँमा, चौधौँ सम्मेलन भक्तपुरमा, पन्ध्रौँ सम्मेलन पोखरामा, सोह्रौँ सम्मेलन बुटवलमा, सत्रौँ सम्मेलन ललितपुरमा, अठारौँ सम्मेलन पाटनमा, उन्नाइसौँ सम्मेलन भक्तपुरमा, बीसौँ गोष्ठी पोखरामा, एक्काइसौँ गोष्ठी धनगढीमा र बाइसौँ गोष्ठी झापामा र तेइसौँ सम्मेलन ललितपुरमा सम्पन्न भएको देखिन्छ । यी सबै गोष्ठी तथा सम्मेलनहरूमा महिलाका सवालमा छलफल भएका थिए । सन् २००२ अर्थात् २०५९ साल कार्तिक ३० र मार्ग १ गते सम्पन्न एघारौँ सम्मेलनमा “कानुनी सहायतामा महिला कानुनव्यवसायीको अपेक्षित भूमिका र कानुन व्यवसायमा सक्रियता” विषयमा छलफल गरिएको थियो । सन् २००३ मा काभ्रेमा लैङ्गिक न्याय, कानुनी पक्ष, कार्यविधि र कार्यान्वयन विषयमा छलफल गरी सम्पन्न भएको थियो । सन् २००४ अर्थात् २०६१ साल पुस १६ र १७ गते काठमाडौँमा सम्पन्न तेह्रौँ गोष्ठीमा “महिला सशक्तीकरणका प्रयास, लैङ्गिक समानता र महिलाअधिकार” विषयमा, “महिला कानुनव्यवसायी र वर्तमान अवस्था” विषयमा र “प्रजनन् स्वास्थ्य प्राप्तिका लागि महिला कानुनव्यवसायीको भूमिका” विषयहरूमा छलफल गरिएको थियो । त्यसैगरी सन् २००५ मा भक्तपुरमा “प्रजातन्त्र, मानवअधिकार तथा शान्ति स्थापनामा महिला कानुनव्यवसायीको भूमिका” विषयमा छलफल गरी चौधौँ गोष्ठी सम्पन्न भएको पाइन्छ । सन् २००६ अर्थात् २०६३ साल भदौ ३० र ३१ गते पोखरामा पन्ध्रौँ गोष्ठी पनि “महिला सशक्तीकरणका प्रयास, लैङ्गिक समानता र महिलाअधिकार,” “महिला कानुनव्यवसायी र वर्तमान अवस्था” र “प्रजनन् स्वास्थ्य प्राप्तिका लागि महिला कानुनव्यवसायीको भूमिका”, “संविधान सभामा महिलाको सहभागिता”, “लैङ्गिक न्याय र नागरिकता”, “राज्यको सम्पूर्ण संरचनामा महिलाको समान सहभागिता” र “अन्तरिम संविधान र निर्वाचन” विषयमा छलफल गरी सम्पन्न भएको थियो । सन् २००७ अर्थात् २०६४ पुस १४ र १५ गते बुटवलमा सम्पन्न सोह्रौँ गोष्ठीमा “द्वन्द्वको समयमा महिलाविरुद्धको हिंसा र उपचार”, “शान्ति प्रक्रियामा महिलाको सारभूत सहभागिता”, “महिला कानुनव्यवसायीको पेसागत दक्षता र सुनिश्चितता” र “समावेशी र समानुपातिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन” विषयमा छलफल भएका थिए । सन् २००८ अर्थात् २०६५ साल मार्ग २२ र २३ गते ललितपुरमा सम्पन्न सत्रौँ राष्ट्रिय गोष्ठीमा “राज्यको पुनर्संरचनामा महिला सांसदको भूमिका” र “महिला कानुनव्यवसायीको भूमिका र संविधान सभामा समावेश गर्नुपर्ने महिला मुद्दा” विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

सन् २००९ (२०६६ साल कार्तिक १४ र १५) मा पाटनमा "महिलाअधिकारको सुनिश्चितता आजको आवश्यकता" शीर्षकमा अठारौँ गोष्ठी गरिएको पाइन्छ । यस सम्मेलनमा "राज्यका सम्पूर्ण निकायमा महिलाको समानुपातिक सहभागिता चुनौती र रणनीति", "कानुनव्यवसायी महिलाको अधिकार प्रबर्द्धन र सम्बर्द्धनमा ने.बा.ए. को भूमिका" र "घरेलु हिंसासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, सम्भावना र चुनौती" विषयमा कार्यपत्र प्रस्तुत गरिएको पाइन्छ ।

**(ट) असमान कानुन बदर गराउन रिटहरू दर्ता गर्नु**

**नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा १ बमोजिम संविधानसँग बाझिएको कानुन उक्त संविधानको धारा ८८(१) बमोजिम बदर घोषित गर्ने आदेश गरी पाऊँ भनी सर्वोच्च अदालतमा नेपाल ल क्याम्पसका तात्कालीन विद्यार्थीहरू मीरा ढुङ्गाना र मीरा खनालले श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय, श्री प्रतिनिधि सभा सिंहदरबार काठमाडौँ, श्री राष्ट्रिय सभा, सिंहदरबार काठमाडौँलाई विपक्षी बनाएर २०५० साल जेष्ठ १८ गते परमादेशको रिट दर्ता गरेका थिए । उक्त रिटमा मुख्य जिकिर निम्नलिखित थियो :

- यस रिटमा **नयाँमुलुकी ऐन**, २०२० को अंशवण्डाको १६ नं. मा भएको "३५ वर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरासरह अंश पाउँछे र अंश लिएपछि विवाह भयो भने उसले पाएको अंशबाट विवाह खर्च पर सारी बाँकी रहेको ऐनले हक पुग्नेले पाउँछ भन्ने प्रावधानमध्ये ३५ वर्ष उमेर पुगी विवाह नभएकी" भन्ने र अंशवण्डाको १ र २ नं. मा लेखिएको छोरा भन्ने शब्दलाई संविधानसँग बाझिएको हुनाले बाझिएको हदसम्म बदर घोषित गरी उपयुक्त आज्ञा आदेश र पूर्जी जारी गरिपाऊँ भन्ने निवेदिका मीरा ढुङ्गाना र मीरा खनालको मुख्य जिकिर थियो ।

यसरी २०५० साल जेष्ठ १८ गते सर्वोच्च अदालतमा दर्ता गरिएको ३३९२ नं. को रिटमा सर्वोच्च अदालतबाट २०५२ साल श्रावण १८ गते फैसला भएको थियो ।[३०४] उक्त फैसलामा अंश प्राप्त गर्ने तरिका नेपाल कानुनले महिला तथा पुरुषलाई छुट्टाछुट्टै व्यवस्था गरेको छ भन्दै छोरीलाई अंश प्राप्त गर्ने अधिकारबाट बन्चित गरेको वा भेदभाव गरेको

[३०४] "मीराकुमारी ढुङ्गाना विरुद्ध श्री ५ को सरकार, कानुन मन्त्रालय समेत," **नेपाल कानुन पत्रिका**, अङ्क ६, (२०५२), पृ. ४६२ ।

नभई महिलाको सामाजिक हैसियतलाई दृष्टिगत गरी छोरालाई भन्दा अति बेग्लै तरिकाबाट छोरीलाई अंश प्रदान गर्ने तरिकामा भिन्नता मात्र गरेको पाइन्छ भनिएको थियो, जस्तै अंशवण्डाको १६ नं. ले अविवाहित छोरीले अंश पाउनका लागि ३५ वर्ष उमेर पूरा हुनुपर्ने व्यवस्था गरेको थियो भने विवाहित छोरीले पनि अंश प्राप्त गर्न विवाह भएको कम्तीमा १५ वर्ष र उमेर कम्तीमा ३५ वर्ष पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको छ भन्दै फैसलामा छोराले जन्मनासाथ अंश प्राप्त गर्न सक्छ भने छोरीले केही सर्तहरू पूरा गर्नुपर्ने कुरालाई नकार्न सकिँदैन भनिएको थियो । निवेदिकाहरूले माग गरेबमोजिम अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनेर छोरीलाई छोरासरह जन्मनासाथ अंश प्राप्त गर्ने व्यवस्था गर्नुअगाडि त्यसबाट आउने नकारात्मक पक्ष पनि हेर्नु पर्दछ अर्थात् छोरीलाई अंश दिँदा समाजमा के असर पर्दछ त्यो पनि हेर्नु पर्दछ पनि भनिएको थियो ।

त्यस्तै, परम्परादेखि चलिआएको हाम्रोजस्तो पितृसत्तात्मक समाजको संरचनामा नै यसबाट ठूलो असर पुग्दछ भन्ने कुरो पनि यसमा उल्लेख गरिएको थियो । छोरी विवाह गरेर जान बाध्य हुन्न भने अर्कोतिर अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्दा विवाह भएकी छोरीले पिता र लोग्ने दुवैको सम्पत्तिबाट अंश प्राप्त गर्न सक्ने तर छोराले आफ्नो पिताबाट मात्र अंश प्राप्त गर्ने हुनाले छोरीले छोराले भन्दा बढी अंश प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना हुने भएकाले छोरालाई मर्का पर्ने अवस्था आउन सक्ने भन्दै यसले राज्यका सम्पत्तिको अधिकारका सम्बन्धमा बनेका सम्पूर्ण कानुनमा यसले असर पुऱ्याउँछ पनि भनिएको थियो । त्यसैले, अंशवण्डाको १६ नं. लाई अमान्य घोषित गरी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्नु नै समस्याको समाधान होइन भन्दै लामो समयदेखि समाजले अवलम्बन गर्दै आएको परम्परागत सामाजिक व्यवहार सामाजिक मान्यताका कुराहरू एकाएक परिवर्तन गर्दा समाजले कतिपय कुराहरू आत्मसात गर्न नसक्ने हुन जान्छ भन्दै एकाएक निर्णयमा पुग्नुअघि समानतासम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी व्यापक छलफल र विचार विमर्श गरी न्यायोचित व्यवस्था गरिनु पर्दछ भन्ने पनि यहाँ उल्लेख गरिएको थियो । सम्पत्तिसम्बन्धी पारिवारिक कानुनलाई समष्टिगत रूपमा विचार गर्नुपर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिलासङ्गठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक सङ्गठन तथा कानुनविद्हरू समेतसँग आवश्यक परामर्श गरी अन्य देशहरूमा यस सम्बन्धमा भएका

कानुनी व्यवस्थाहरूलाई समेत अध्ययन र मनन गरी यो आदेश प्राप्त भएका मितिले एक वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने यो निर्देशनात्मक आदेश जारी गरेको छ भन्ने फैसला गरेको थियो ।[३०५]

यस फैसलाले महिलालाई समान अधिकार दिने कानुन बनाउन सहज नभएको कुरा स्पष्ट पारेको छ । महिलालाई अधिकार सम्पन्न बनाउन समान कानुन नभएसम्म सम्भव देखिँदैन । सर्वोच्चको यो फैसलाले महिलालाई अधिकार दिन गाह्रो मानेको कुरा स्पष्ट छ । त्यसैले समान कानुन बनाउन सबै क्षेत्रका महिलाहरू र महिलावादीहरू एकजुट भएर हर तरहले अगाडि बढ्नु पर्ने अनुभव गरी अधिकारका लागि आन्दोलन गर्न धर्ना जुलुस, नाराजस्ता दबाबका कार्यक्रम गर्नका साथै भिन्नभिन्न संस्थाहरूबाट गोष्ठी, सेमिनार, अन्तर्क्रिया गरेर पहल गर्नाका साथै अधिकारकर्मी, अधिवक्ताहरूबाट सर्वोच्च अदालतमा अभियानकै रूपमा रिटहरू दर्ता गरी असमान कानुन खारेज गर्ने, बदर गर्ने र नयाँ बनाउन निर्देशनात्मक आदेश जारी गराउनेजस्ता कार्यहरू गरेको पाइन्छ । नजिरहरूका बारेमा भने छैटौँ परिच्छेदमा चर्चा गरिएको छ ।

### ५.५.२ माओवादी सशस्त्र जनयुद्ध (वि.सं. २०५२–२०६२) र महिलाआन्दोलन

२०४७ सालको जनआन्दोलनको सफलतापछि प्राप्त खुला वातावरणको सदुपयोग गर्दै संसदीय दलका महिलावादी नेताहरू र महिला नेतृहरू अनि अधिकार कर्मीहरू महिला पुरुषमा समान अधिकार प्रदान गर्न, समान कानुन बनाउन र असमान कानुनहरू संशोधन गर्न आवाज उठाइरहेका थिए । **नेपाल अधिराज्यको संविधान,** २०४७ र **महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि,** १९७९ लाई आधार मान्दै सर्वोच्च अदालतमा रिटहरू दर्ता गरिँदै थिए । यसै समयमा उक्त संविधान नमान्ने भन्दै संविधानसभाबाट नयाँ संविधान बनाउने, पूरै सत्ता परिवर्तन गर्ने अनि राज्यको संरचना परिवर्तन गर्दै समान अधिकार स्थापना गर्ने भन्दै माओवादीहरू सङ्घर्षमा अगाडि बढ्दै थिए ।

जनयुद्ध गर्ने निर्णय गर्दै २०५२ साल फागुन १ गतेदेखि माओवादी समूहले सशस्त्र विद्रोह सुरु गऱ्यो ।[३०६] सत्ता परिवर्तन गरी संविधान सभाबाट अधिकार सम्पन्न संविधान बनाउने उद्देश्यका साथ सुरु गरिएको यस आन्दोलनको पहिलो वर्षमा नै धेरै निरीह

---

[३०५] **ऐजन** ।

[३०६] **जन्मभूमि साप्ताहिक,** वर्ष २६, अङ्क ४६, २०५२ फागुन १२ गते शनिबार, पृ. १ ।

जनताको ज्यान गएको थियो । धेरै निर्ममतापूर्वक मारिएका थिए । सर्वसाधारण त्राहीत्राही थिए भने युद्धरतहरू सेनाबाट यातना सहन विवश थिए । लडाकुहरू शाहीसेनाको निर्मम यातना सहन विवश थिए । यस आन्दोलनमा महिलाहरूले घर छाडेका थिए अनि समाजको लाञ्छना सहेका थिए । यति मात्र होइन सरकारी सेनाको चरम यातना सहनुका साथै आफ्नाहरूको निर्मम हत्या आँखासामू हेर्न समेत विवश बनेका थिए, तर आन्दोलनबाट भने पछि हटेका थिएनन् । महिलाहरू पनि घर परिवार छाडेर भूमिगत बन्दै युद्धमा होमिएका थिए ।

के गर्भवती महिला, के साना बच्चाका आमा महिला, के साना केटीहरू धेरै आन्दोलनमा थिए । घर छाडेर नहिँड्ने अवला मानिएका कतिपय महिलाहरू बन्दुक उठाएर युद्धमा होमिएका थिए । यसरी आन्दोलनमा सहभागी हुनेहरूमध्ये धेरैले सरकार पक्षबाट आफ्ना प्रियजन र परिवार गुमाएका छन्, धेरै महिलाहरू ठूलो यातना सहन बाध्य भएका छन् र धेरैले पति, पिता, पुत्र र दाजुभाइ र दिदीबहिनी गुमाएका छन् । यसको उदाहरणमा लडाकु अमृता थापा (हितमान शाक्यकी पत्नी) भोजपुर जिल्लाको आक्रमणमा सहभागी भई सेनालाई पराजित गर्न सफल भएकी थिइन्, तर खोटाङको आक्रमणमा भने आफू स्वयं नराम्ररी घाइते बनिन् ।[३०७] अर्को उदाहरणमा परिवारको धेरै सदस्य गुमाएर पीडित हुन पुगेकी भरतकुमारी रेग्मी शर्मालाई लिन सकिन्छ । यिनले आफ्ना धेरै आफन्तहरूलाई यस युद्धमा गुमाएकी छन् । यिनले पति नारायण शर्मा, ससुरा कविराम शर्मा, पतिकी बहिनी (नन्द) सीता शर्मा, भाइ उदय रेग्मी र काका भनीराम रेग्मी समेत पाँच जनालाई गुमाउनु परेको थियो । यतिमात्र होइन यिनको भाइ केशव रेग्मी र खडानन्द रेग्मी जेलमा यातना दिएकै कारण अपाहिज हुन पुगेका थिए । यिनकै नन्दका पति नन्देज्वाइ लक्ष्मी अधिकारी पनि वेपत्ता पारिएका छन् । घरमा एकपछि आर्कोको हत्या सुरक्षा निकाय भनिने सेनाले गरेकाले काखमा सानो बालक रहेको अवस्थाले गर्दा उनी साह्रै पीडामा थिइन् । जति पीडामा भए पनि उनी सङ्घर्षमा निरन्तर रूपमा लागि रहिन् । यस्तो पीडा भोग्ने यिनी प्रतिनिधि पात्र मात्र हुन् । धेरै लडाकुको अवस्था यस्तै थियो । यिनले भूमिगत भएर रुकुम, रोल्पा, सल्यान, चितवन र डोटीमा बसेर काम गरेकी थिइन् ।[३०८] यस्तै पीडामा परेको अर्को उदाहरणमा जीतपुर पर्साकी चन्दादेवी रामलाई लिन सकिन्छ । उनका पति रामेश्वर रामलाई

---

[३०७] Nepal Law Society, **Women Members of the Constituent Assembly, A study on contribution of women in constitution making in Nepal**, (Kathmandu: Nepal Law Society, 2072), p. 113.

[३०८] **ऐजन**, पृ. १४७ ।

सरकारले पक्रेर मारेपछि उनको अवस्था दयनीय हुनपुगेको थियो । यिनले पार्टीमा भूमिगत भएर काम गर्दा लडाकुहरूलाई उपचार गर्न जाने क्रममा बेतियामा नै पनि दुख खेप्नुपरेको थियो ।[३०९] यस्तै पीडा भोग्ने दामा शर्मा पनि हुन् । यिनका पति यज्ञेश्वर सरकारी जागीरबाट राजिनामा दिएर युद्धमा लागेका थिए । सुरुकै दिनमा अर्थात् २०५१ सालमा नै यिनी ६ महिना जेल परेका थिए । युद्ध गरिनै रहेको अवस्थामा अर्थात् २०५५ सालमा भने उनी घरबाट नै पक्राउ परे अनि सेनाबाट मारिए । पति मारिएपछिको बेदनालाई सहँदै दामा शर्मा सानो बच्चा लिएर पूरै लडाकु बन्न पुगेकी थिइन् । पछि त यिनले नन्द र भतिजीलाई पनि गुमाउनु पर्‍यो । पीडाको के कुरा गर्नु ? यस्तो पीडा युद्धरत महिलाहरूको नियति नै बनेको थियो । महिलाले पाउने पीडाको चरमोत्कर्षको उदाहरणमा देवी खड्काले भोगेको यातनालाई लिन सकिन्छ । घरका ४ जना परिवार पक्राउमा पर्नु, दाजु कारागारमा यातना दिँदा दिँदै मारिनु अनि काभ्रे सङ्घर्षको बेलामा आफैँले प्रहरीको पक्राउमा पर्दा अकल्पनीय यातना भोग्नुलाई यातनाको चरमोत्कर्ष मान्न सकिन्छ । उनलाई सय जनाभन्दा बढी रक्सी खाएर मात्तिएकाहरूबाट थुनामा नै बलात्कार गरिएको थियो । यातना भोग्न नसकेर बेहोस भएकी उनी रक्ताम्य हुनपुगेकी थिइन् ।

पछि उनले चिनेको कसैले भगाइदिएपछि उनी कैदबाट भाग्न सफल भइन् । उनी २०५६ (इ.स. १९९९) सालमा भाग्दै घर पुगेकी थिइन् । त्यहाँ उनले झन् आर्कै किसिमको यातना भोग्नु पर्‍यो । उनको भाइलाई सेनाले मारेको थियो । उनकी आमाले त उनलाई माया गर्नुको बदला झन् उल्टै छोराको सट्टा यो मरेकी भए हुन्थ्यो पो भनिन् । महिलामाथिको आफ्नै आमाले गरेको त्यो विभेद, उनको लागि साह्रै असह्य हुन पुग्यो । गाउलेहरूले पनि सुरक्षाकर्मीबाट पीडित उनलाई माया गर्नुको साटो अपराधीझैँ व्यवहार गरेका थिए । मृत्युभन्दा शारीरिक पीडा असह्य हुने र शारिरीक पीडाभन्दा पनि मानसिक पीडा असह्य हुने उनको अनुभव छ । यसरी देवी खड्का शारीरिक र मानसिक अनेकौँ प्रकारका यातना सहन बाध्य भएकी थिइन् । यस्ता देवी खड्काहरू यस सशस्त्र युद्धमा धेरै जन्मेका थिए । त्यस्तै धर्मशीला चापागाईं पनि अर्को उदाहरणीय व्यक्ति हुन पुगेकी छन् ।[३१०] उनका पति माओवादीका लडाकु शङ्कर घिमिरे झापाबाट कार्यक्रमकै सिलसिलामा इलाम जानलाग्दा पक्राउ परेका थिए । उनलाई सेनाले ब्यारेकमा नै हत्या गरेको थियो । पतिको

[३०९] **ऐजन**, पृ. १९० ।

[३१०] **ऐजन**, पृ. २१७ ।

हत्यापछि धर्मशिलालाई ६ महिनाको छोरीसहित सङ्घर्षमा होमिनु साह्रै अप्ठ्यारो थियो । तर उनी काम गर्दै थिइन् । पछि छोरीसहित पक्राउ परिन् । बालक छोरीसहित पक्राउ परेकी उनीमाथि दया देखाउनुको बदला छोरीलाई छोड् भन्दै उनलाई झन् सेनाले धेरै यातना दियो । हात खुट्टा बाँधेर यति पिट्थ्यो यति पिट्थ्यो मुर्छा नपरुन्जेल पिटिरहन्थ्यो । पिटाइका कारण उनको बङ्गारा भाँचिएका छन् । यातनाको के कुरा गर्नु थुनामा प्रायः खानै दिँदैनथे । खाना दिए पनि खान लाग्दा भने मुखमा नै पिट्थे । पिटाइले धेरै साथीहरू मरे पनि सानो बालक साथमा भएकी उनी भने बाँच्नसम्म सकेकी थिइन् ।[311] यस्तो पीडा सङ्घर्षमा लाग्ने महिलाका लागि दैनिकी बनिसकेको थियो । यस्तै, अर्को उदाहरणमा दुर्गा जयन्ती राईलाई लिन सकिन्छ । उनी खोटाङबाट प्रथमपटक पक्राउमा पर्ने महिला थिइन् । उनी २०५३ सालमा टङ्कनाथ आचार्यको घरमा आक्रमण गर्ने क्रममा दुईजना दाजुसँगै पक्राउ परेकी थिइन् । यसपछि अर्थात् २०५९ सालबाट भने यिनी पूर्णकालीन लडाकुका रूपमा आन्दोलनमा सहभागी भइन् । त्यस्तै, सङ्कटकाल घोषणा भएको बेलामा पूर्ण लडाकु बनेकी दुर्गाकुमारी बिकलाई पनि उदाहरणीय पात्रका रूपमा हेर्न सकिन्छ । उनी पक्राउमा परेपछि मारिसकेको झुटा खवर फैलाइएको थियो । उनी तीन महिनासम्म बेपत्ता पारिएकी थिइन् । कास्की फूलबारी ब्यारेकमा राखिएकी उनलाई त्यस समयमा शारिरिक मानसिक धेरै यातना दिइएको थियो । उनका हड्डी भाँचिएका थिए । यसरी उनी एकपटक मात्र पक्राउ परेकी होइनन् । उनी पटकपटक पक्राउ परेकी थिइन् । उनले पटकपटक अनेकौं यातना सहिरहिन् । यहीँ माओवादी जनयुद्धमा उनकी बहिनी भने यातना नै खपेर पनि बाँच्न सकिनन् । उनकी बहिनी सेनाद्वारा मारिइन् ।

यसरी मृत्युलाई साथी बनाउँदै माओवादी जनयुद्धमा महिलाहरू उत्रिएका थिए । पतिको मृत्युबाट आत्तिनुको बदला शक्ति बनाएर महिलाहरू अघि बढेका थिए । यसको उदाहरणमा गङ्गा प्रसाईलाई लिन सकिन्छ । किलो सेरा २ को समयमा अर्थात् २०५५ सालमा पक्राउमा परेकी उनी १३ दिनपछि छाडिइन्, तर उनका पति काभ्रेका नारायण अधिकारी भने चौवास जङ्गलमा सेनाद्वारा मारिए । त्यसपछि उनी घर नफर्केर पूरै भूमिगत हुन पुगेकी थिइन् । २२ वर्षिया उनको साथमा २ वर्से छोरो थियो ।

यस समयमा सुरुबाट नै आन्दोलनकारीले आतङ्क फैलाउँदै र विरोध गर्दै आफ्ना विरोधीहरूलाई मार्ने अनि माओवादी आन्दोलनकारीलाई आतङ्ककारी भन्दै सेनाले यातना दिदै मार्ने अवस्था थियो । यस्ता घटनाक्रमका कारण सङ्घर्षले उग्ररूप लिन थालेको थियो ।

---

[311] **ऐजन**, पृ. २२१ ।

यसलाई रोक्नु पर्ने सोचले वार्ता गर्न आवश्यक भएको ठहर गर्दै सरकारका तर्फबाट ऋषिकेश शाहको अध्यक्षतामा वार्ता टोली पनि गठन गरियो, तर वार्ता हुन सकेन । सत्ता परिवर्तनलगायत असम्भव माग र माग पूर्ति गर्न सक्ने क्षमताका अभावका कारण वार्ता हुन सक्ने सम्भावना नै थिएन ।[३१२] त्यसैले त झन् २०५३ साल फागुन १ गतेबाट सशस्त्र आन्दोलन नै गर्ने घोषणा माओवादीहरूले गरेका थिए । यसपछि त आन्दोलनले झन् उग्र रूप लिन पुगेको थियो ।

यस अवधिसम्म पुग्दा सातजना महिलासहित झण्डै १०० जनाले ज्यान गुमाइसकेका थिए ।[३१३] २०५४ सालबाट माओवादी आन्दोलन जनयुद्धको नामले प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पार्ने नारासहित झन् भयावह हुनपुगेको थियो । यस जनयुद्धमा महिला पुरुष सबै प्रभावित भएका थिए ।[३१४] यस आन्दोलनमा २०५५ सालसम्म पुग्दा रुकुम, रोल्पा, प्यूठान, गोर्खा र सल्यानमा भूमिगत लडाकुहरू र लडाकुहरूबाट गरेर १२९ जनाको मृत्यु भएको थियो । यसमा ५८ जना माओवादीबाट मारिएका थिए भने सरकारको तर्फबाट ७१ जना मारिएका थिए । यसरी दाहोरो मारमा नेपालीहरू परेको यस अवस्थामा पीडामा भने मूल रूपमा महिलाहरू नै थिए ।[३१५]

२०५६ सालबाट झन् आन्दोलनलाई उग्र रूप दिन थालियो । योजनासहित आन्दोलनकारीहरू अघि बढ्दै थिए । उनीहरूले २०५६ साल चैत्र ७ गतेदेखि १७ गतेसम्म प्रचारप्रसार मात्र गर्ने, १६ गतेदेखि २२ गतेसम्म विशेष प्रतिरोधात्मक कार्यक्रम गर्ने र २३ गते सशस्त्र जुलुस निकाल्ने भनेका थिए । उनीहरू २४ गते रक्तपात हुने भन्दै व्यवस्थित रूपमा खुलेआम आन्दोलन गर्न अघि बढ्दै थिए । आन्दोलन झन् उग्र हुँदै थियो ।[३१६] २०५८ सालमा दरबार हत्याकाण्ड घटेको यो वर्ष वार्ताको कुरा उठेको भए पनि सफल हुन सकेन । भारतीय महिला नेतृ कमलाले पूँजीवादलाई महिलाको शत्रु भनेको अवस्थामा अर्थात् मालदिभ्स र भूटानबाहेक सार्क राष्ट्रहरूले पूँजीवादलाई नै महिलाको शत्रु मानेका बेलामा यसैको समर्थन गर्दै माओवादी जनयुद्ध पनि पूँजीवाद हटाएर महिलालाई समान अधिकार दिने

[३१२] **ऐजन**, वर्ष २७, अङ्क २४, २०५३ भदौ २२ गते शनिबार, पृ. १ ।

[३१३] **ऐजन**, वर्ष २७, अङ्क ४५ ,२०५३ माघ २३ गते शनिबार, पृ. १ ।

[३१४] **ऐजन**, वर्ष २८, अङ्क ३७, २०५४ पुष १९ गते शनिबार, पृ. १ ।

[३१५] सर्वहारा फौजकासाथ जनयुद्ध तेस्रो वर्षमा, **ऐजन**, वर्ष २६, अङ्क ४३, (२०५५ फागुन २ गते शनिबार), पृ. १ ।

[३१६] सशस्त्र नेपाल बन्दको घोषणा, २४ गते रक्तपात, दिव्य चक्षु, वर्ष १८, अङ्क ३६, (२०५६ चैत्र १२ गते शनिबार), पृ. १ ।

उद्देश्यले बढिरहेको थियो ।[३१७] २०५९ सालमा पुग्दा जनयुद्ध राजधानी केन्द्रित हुन पुग्यो । यस समयमा राजधानीलाई लक्षित गरेर एकपछि अर्को गर्दै आन्दोललकारी गतिविधि बढ्न थाले । सहर घेर्ने, बिस्फोट गर्नेजस्ता घटनाहरू धादिङ, नुवाकोट, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोकलगायत उपत्यकाका सीमावर्ती दुर्गम क्षेत्रमा एक पछि आर्को घट्दै थिए । यसको उदाहरणमा सामान्य प्रशासन सहायक मन्त्री डी.बी. लामाको नुवाकोट गेर्खु गा.वि.स. को घरमा विस्फोटसहित आगलागी भएकोलाई लिन सकिन्छ । त्यस्तै, अन्य उदाहरणमा काभ्रे, विशाल बजार, ललितपुर उपमहानगरपालिका भवन, पाटनको मङ्गलबजार, टेकु र कालिमाटीमा भएको बम बिस्फोटलाई पनि लिन सकिन्छ । यस्ता अवस्थाले सरकार र माओवादी दुवैतर्फ भीषण क्षति हुँदै थियो । सरकार र माओवादीबीच वार्ता गर्ने कुरा पटकपटक भइरहेका थिए । केही समझदारी बन्ने हो कि जस्तो हुँदै थियो । वार्ता गर्ने र संयुक्त सरकार बनाउने कुरा चल्दै थियो,[३१८] तर वार्ता हुन भने सकिरहेको थिएन । यस्तो अवस्थामा सरकारका तर्फबाट धेरै महिला र पुरुष आन्दोलनकारीहरूलाई आत्मसमपर्ण गराइँदै थियो । यसको उदाहरणमा रेखा शर्मा, ईश्वरी दाहालसहित धेरै पक्राउ परेकोलाई लिन सकिन्छ ।[३१९] यसरी एकातिर आत्मसमर्पण गर्न लगाइँदै थियो भने अर्कोतिर झन् धेरै महिलाहरू जनयुद्धमा सहभागी हुँदै सिधै भूमिगत् बन्दै लडाकुको तालिम लिँदै थिए । यसको उदाहरणमा गीता थाक्मालाई लिन सकिन्छ । २०५८ सालमा माओबादीमा प्रवेश गरी भूमिगत भएर तालिम लिएकी गीता २०६० सालमा  केन्द्रीय सदस्य भएकी थिइन् । दार्चुला भिडन्तमा उनका २ जना साथी ठूलो यातनापछि मारिएका थिए । अनेकौं शारीरिक र मानसिक यातना सहँदै उनी बाँचेकी थिइन् । त्यस्तै, २०५६ सालमा पार्टी प्रवेश गरेकी गोमा पाठक २०५८ सालमा भूमिगत बन्दै सशस्त्र तालिममा थिइन् । सोलुखुम्बुको बुद्धि योन्जनसँग विवाह गरेकी उनले पनि सशस्त्र युद्धकै क्रममा पति गुमाएकी थिइन् । त्यस्तै लेखपढ गर्न नजान्ने हेलिना खातुनको पतिलाई २०६२ सालमा सेनाले मारेपछि उनी जनयुद्धमा सक्रिय भएकी थिइन् ।[३२०] हिमकुमारी सुनुवारको कथा पनि त्यस्तै छ । २०५६ सालमा पति एकबहादुर सुनारको हत्यापछि उनी बालक छोरालिएर सशस्त्र युद्धमा पूरा समय दिन थालिकी थिइन् । पोखरा कार्यक्षेत्र रहेको उनलाई पटकपटक जेल लगिएको थियो ।

---

[३१७] **दृष्टि साप्ताहिक,** वर्ष १८, अङ्क ४३, (२०५८ मङ्सिर २८ गते), पृ. १ ।

[३१८] **जन भावना, वर्ष** २०, अङ्क ११, (२०५९ माघ २० गते), पृ. १ ।

[३१९] **ऐजन,** वर्ष २२, अङ्क १४, (२०६० माघ १ गते). पृ. १ ।

[३२०] **ऐजन,** पृ. २८१ ।

उनी २०५९ सालमा सङ्कटकाल लागू भएपछि पनि पक्राउ परिन् । उनको कान्छो छोरालाई पक्रेर पनि धेरै यातना दिइयो । आँखामा पट्टि बाँधेर छोरालाई राखेको पिडा एकातिर थियो भने अर्कोतिर सेनाले दिएको शारिरिक यातना सही नसक्नु थियो । छोरालाई मार्न गोली हानियो र मऱ्यो भनेर छोडियो तर मुश्किलले भागेर छोरा बाँचेको रहेछ । उनी पनि पटकपटक पक्राउ पर्दै यातना सहँदै सङ्घर्ष गर्न बाध्य थिइन् । यस्तै अवस्था जयपुरी घर्ती र जुवा सोरेनको पनि थियो । २०५५ (सन् १९९८) सालमा विवेक के.सी. सँग विवाह गरेकी जयपुरी २०६० (सन् २००३) सालमा पतिको हत्या प्रहरीले गरेपछि सानो छोरीलाई लिएर पूर्णकालीन योद्धा बन्न पुगेकी थिइन्[३२१] भने २०५९ साल (सन् २००२) मा पति रामचन्द्र सोरेनसँग विवाह गरेकी जुवा सिमुनीदाना विराटनगरमा २०६१ (सन् २००४) मा पति मारिएपछि पूर्णकालीन योद्धा बनेकी थिइन् ।[३२२] यसरी आन्दोलन दिन दुईगुना रात चौगुनाको हिसाबले बढ्दै थियो ।

२०६० सालमा पुग्दा 'जनयुद्ध जहाँ टेक्यो त्यहीँ पड्काउने एक्काइसौँ शताब्दीको युद्ध' भन्ने नयाँ नारासहित झन् उग्र हुन पुग्यो ।[३२३] यसरी एकातिर जनयुद्ध चर्किँदै थियो भने अर्कोतिर संसद पुनर्स्थापनाका लागि गरेको सात दलको आन्दोलन पनि चम्किरहेको थियो । यसैले त्यस समयमा संविधानमा भएका कमजोरीहरू, प्रजातन्त्रप्रति राजाको अपर्याप्त प्रतिबद्धता, नेतृत्ववर्गको गम्भीर असफलता, समग्र राष्ट्रको प्रतिनिधित्वका लागि हुनुपर्ने गम्भीर प्रयासमा दलहरूको असफलता, राष्ट्रिय जीवनका धेरै पक्षहरूमा अल्पसङ्ख्यकहरूको प्रभूत्वसँगै राजधानीमा माओवादी युद्धको शक्ति केन्द्रित अवस्थाले राष्ट्र जटिल अवस्थामा पुगेको थियो ।[३२४] २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रले शक्ति हातमा लिएपछि देशको हरेक समस्या चरमोत्कर्षमा पुगेको थियो । यसपछि अक्षम भन्दै राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाएर शक्ति आफैँमा लिएपछि बाध्य भएर राज्य पुनर्स्थापनाको माग गर्ने दलहरू र जनयुद्ध गर्ने माओवादीबीच १२ बुँदे समझदारी गरियो । फलस्वरूप संसद पुनर्स्थापनाको माग गर्ने सात दलको मूल एजेन्डा र माओवादीहरूको बटम लाइन मानिएको संविधान सभा र गणतन्त्र दुवैलाई एक अर्काले समर्थन गर्ने सहमति गरेपछि २०६२ साल चैत्र २४ बाट संयुक्त जनआन्दोलन भयो । १९ दिनको आन्दोलनपछि

---

[३२१] Women Members of the Constituent Assembly, **op cit.,** f.n. 148, p. 326.

[३२२] **Ibid**, p. 331.

[३२३] **ऐजन**, वर्ष २२, अङ्क १४, (२०६० माघ १ गते). पृ. १ ।

[३२४] **नेपालको अन्तरिम संविधान, २०६३**, पहिलो, दोस्रो र तेस्रो संशोधन सहित, संयोजन सूर्य ढुङ्गेल, केदार भट्टराई, बसन्त सुब्बा समेत, यु.एन. डि.पी. (नेपाल : २०६४ पुष), पृ. ७ ।

राजाबाट २०६३ साल वैशाख ८ गते संसद पुनस्थापना गर्ने घोषणा भयो । तर संविधानसभाको निर्वाचन गर्ने विषय उल्लेख नभएकाले आन्दोलन रोकिएन, लगत्तै वैशाख ११ गते तात्कालीन राजा ज्ञानेन्द्रबाट पुनः घोषणा भयो ।[३२५] घोषणाबमोजिम वैशाख १५ गते चित्रलेखा यादवको अध्यक्षताका संसदको बैठक बस्यो, उक्त संसदले गिरिजाप्रसाद कोइरालाको प्रधान मन्त्रीत्वमा ८ सदस्यीय मन्त्रीमडण्ल गठन गऱ्यो । यसले गणतन्त्र लागू गर्ने, महिलालाई ३३ प्रतिशत स्थान सुरक्षित गर्ने जस्ता काम गर्नाका साथै २०६३ साल माघ १ गते महिलालाई विशेष अधिकार दिँदै **अन्तरिम संविधान, २०६३** जारी गऱ्यो । यस संविधानको धारा ३३ अनुसार २०६४ साल चैत्र २८ गते संविधान सभाको निर्वाचन भयो । जसमा ३३ प्रतिशत महिला थिए । यसरी महिलाको उपस्थिति हुनु माओवादी जनयुद्धको पनि परिणाम थियो ।

यतिमात्र होइन यस जनयुद्धमा सदियौँदेखि महिलाले नगर्ने भनेका काम गर्न महिला सफल भएका छन् । चरम विभेद सहन बाध्य ग्रामीण क्षेत्रका हजारौँ जनजाति, दलित र मधेशी महिलाहरू यस जनयुद्धमा सहभागी थिए । समान अधिकार यिनीहरूको मूल एजेन्डा थियो । हतियार चलाउन महिलाहरूले सक्दैनन्, गोरु जोत्न महिलाहरूले सक्दैनन् भन्नेजस्ता गलत सोच यस जनयुद्धले हटाइदिएको थियो । घर छाडेर बाहिर रात बिताउनुलाई महिलाले गर्न नहुने काम सम्झिने समाजमा यस युद्धमा हजारौँ महिलाहरू घर छाडेर आन्दोलनमा लागेर समाजको महिलाप्रतिको दृष्टिकोण नै बदलिदिएका थिए । यसरी यस आन्दोलनले सन्तान जन्माउने र घरभित्र मात्र काम गर्ने सदियौँदेखिको महिलाहरूको कामको सीमा तोडिदिएको थियो ।

सात डिभिजन P.L.A. को कमान्डर र डेपुटी कमान्डरहरूमध्ये पुरुषहरू नै हुने परम्परालाई तोड्दै तीनजना महिला माथिल्लो स्तरमा पुग्न सफल भएका थिए । यसको उदाहरणमा ब्रिगेडियर बन्न सफल अमृता थापा, कमला रोक्का र उमा भुजेललाई लिन सकिन्छ ।[३२६] त्यस्तै पम्फा भुषाल, हिसिला यमी र जयपुरी घर्ती केन्द्रीय स्तरको नेतृत्व तहमा पुग्न सफल भएका थिए ।[३२७] त्यस्तै यस जनयुद्धको सफलता स्वरूप नै ३३ प्रतिशत

[३२५] सांसद पुनर्स्थापनाको घोषणा, परिशिष्ट ७ ।

[३२६] Women Members of the Constituent Assembly, **op cit.,** f.n. No. 148, p. 287.

[३२७] **Ibid**, p. 288.

महिला संविधान सभामा अर्थात् नीति निर्माण तहमा पुग्न सफल भएका थिए ।[३२८] महिलाहरूलाई नाम मात्रको सहभागिता गराउँदै आएकामा यस पार्टीबाट सबैभन्दा बढी ७९ (निर्वाचित २४ र मनोनित ३) जना महिलालाई पहिलो संविधानसभामा पुऱ्याएको थियो । त्यस्तै, समानुपातिक प्रणाली अपनाएका कारण राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ४ जना, तराई मधेशी लोकतान्त्रिक पार्टीबाट २ जना, मधेशी जनाधिकार फोरम नेपाल (गणतान्त्रिक) बाट ४ जना, मालेबाट २ जना, सद्भावना पार्टीबाट १ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट २ जना, कम्युनिस्ट (संयुक्त) बाट १ जना राष्ट्रिय जनसंस्कृति पार्टीबाट १ जना नेपाल मजदूर किसानबाट १ जना, नेपाल जनता दलबाट १ जना, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च १ जना, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) १ जना, समाजवादी पार्टीबाट १ जना, राष्ट्रिय जनमुक्ति पार्टीबाट १ जना, महिला संविधान सभामा पुग्न सफल भएका थिए । त्यस्तै, एमालेबाट ३८ जना (निर्वाचित १ र मनोनित २ समेत), मधेशी जनाधिकार फोरम नेपाल (लोकतान्त्रिक) बाट ६ जना (निर्वाचित १ जना) तराई-मधेश लोकतान्त्रिक पार्टीबाट ४ जना (निर्वाचित १ जनासमेत) र काङ्ग्रेसबाट ३९ जना (निर्वाचित २ जना र मनोनित १ जनासमेत) गरेर जम्मा १९७ जना महिलाहरू संविधान सभामा सभासद् हुनपुगेका थिए । यसरी ९० वर्षको सङ्घर्षपछि महिलाहरू ३३ प्रतिशत स्थान निर्णायक तहमा हासिल गर्न प्रथमपटक सफल भएका देखिन्छन् ।[३२९]

### ५.५.३ संसदवादी र माओवादीबाट भएको संयुक्त जनयुद्ध-२, २०६२

२०५८ साल असोज १० गते **मुलुकी ऐन, २०२०** मा एघारौँ संशोधन गरियो । महिलाअधिकारका सम्बन्धमा क्रान्तिकारी संशोधन मानिएको यस संशोधनले धेरै अधिकारहरू दिए पनि असमानता भने बाँकी नै रह्यो । त्यसैले समान कानुन निर्माणका लागि प्रयासहरू गर्ने काम पनि बाँकी नै हुन पुग्यो । महिला र पुरुषका लागि कानुन समान हुनुपर्छ भन्ने मान्यतालाई बोकेर एघारौँ संशोधन गरिएको थियो । यस संशोधनले महिलाको सम्मान, स्वाभिमान, प्रतिष्ठा जोगाउन र सम्पूर्ण कुरामा पुरुषसरह समानता कायम गर्न खोजेको प्रस्ट देखिन्छ तर पनि सोचेअनुरूप कानुनमा संशोधन भएन । यसको उदाहरणमा

---

[३२८] **Ibid**.

[३२९] **Ibid**, pp. 68-69.

जारीको महललाई लिन सकिन्छ । महिलाको स्वाभिमानमाथि आघात पुऱ्याउने यो महल खारेज गरिएको छैन । लोग्ने स्वास्नीको महलको दफा २ ले पत्नीले परपुरुषसँग करणी गराएको ठहरेमा संशोधित भाषामा भन्दा अर्को पुरुषसँग विवाह गरेमा पतिपत्नीबीच स्वतः सम्बन्धबिच्छेद हुन्छ भन्ने व्यवस्था गरेको छ, तर जारीको महलको १ नं. ले भने अर्काकी स्वास्नी हो भन्ने जानीजानी वा सो थाहा पाउने मनासिब कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई स्वास्नी बनाउन लगेमा जारी ठहर्छ भन्ने व्यवस्था गरेको छ । त्यसैले लोग्नेस्वास्नीको महलको दफा २ लाई यथावत् राख्ने हो भने जारीको महलको १ नं. अर्थहीन हुने देखिन्छ । यस्तो अवस्थाले कानुन संशोधनका लागि पहल गर्नु आवश्यक हुन पुगेको छ । त्यसैले अधिकारकर्मीहरू र अधिवक्ताहरूबाट सर्वोच्चमा रिटहरू दर्ता गरेर पहलहरू गरिएको पाइन्छ । त्यस्तै अधिकार प्राप्त गर्न नेपाली महिलाहरूको सञ्जाल नै तयार गरियो । ९७ औँ नारी दिवशका अवसरमा सात राजनीति दल समर्थित संयुक्त महिलासङ्घ सङ्घर्ष समिति र महिलासञ्जालले विरोधमा ऱ्यालीहरू निकाले ।[३३०]

२०५८ साल असोज १० गते **मुलुकी ऐन**, २०२० मा गरिएको एघारौँ संशोधनले धेरै असमान कानुनहरू बदर गरे पनि पूर्ण रूपमा भने बदर गर्न सकेको थिएन । त्यसैले अन्तर्राष्ट्रिय महासन्धि र **नेपाल अधिराज्यको संविधान**, २०४७ लाई आधार मान्दै असमान कानुनहरू बदर गराउन सर्वोच्च अदालतमा रिटहरूमा दर्ता गराउँदै निर्देशनात्मक आदेशहरू जारी गर्ने क्रम यस अवधिमा चलेको पाइन्छ । यस समयमा रहेका असमान प्रावधानहरूका सम्बन्धमा हेर्दा २०५९ साल कार्तिकमा न्यायपरिषद्को अध्यक्षतामा गठित उच्चस्तरीय समितिले प्रस्तुत गरेको भेदभावजन्य कानुनहरूको २८ वटा सूची औँल्याएको थियो, जसलाई तल उल्लेख गरिएको छ । प्रस्तुत प्रतिवेदनमा एघारौँ संशोधन पूर्व ६९ वटा भेदभाव रहेकामा संशोधनपश्चात् बाँकी रहेका २८ वटा र अन्य विभिन्न ऐनहरूमा रहेका २५ वटा विभेदहरू गरी जम्मा ५३ वटा व्यवस्थाहरू भेदभावजन्य रहेको पाइन्छ । त्यस्तै, विभिन्न ३६ वटा नियमावलीहरूका ८५ वटा प्रावधानहरू विभेदपूर्ण रहेको पाइन्छ, ती निम्नअनुसार छन् :

- मुलुकी ऐनमा म्याद तामेल गर्दा एकाघरका लोग्ने मानिसलाई बुझाउनुपर्ने भन्ने व्यवस्था,
- हाडनाता करणीको अवस्थामा सजायमा भेदभाव गरेको व्यवस्था,

[३३०] **विमर्श साप्ताहिक**, वर्ष ३५, अङ्क ३०, (२०६३ फागुन २६ गते), पृ. ७ ।

- बोनस, बिमा, सञ्चयकोष पाउने क्रममा छोरासरह छोरीलाई नराखिएको अवस्था,
- जबर्जस्ती करणीको कसुरमा पीडित पक्षलाई पीडकबाट आधा अंश भराउने भन्ने प्रभावकारी व्यवस्था कार्यान्वयन हुन नसकेको व्यवस्था,
- जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐनले जन्म तथा मृत्युको सूचना परिवारको उमेर पुगेको पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले दिनुपर्ने भन्ने व्यवस्था आदि ।[३३१]

यिनै विभेदपूर्ण व्यवहारहरू बदर गराउन धेरै रिटहरू दर्ता गरिएका छन् भने तिनमा सर्वोच्च अदालतले समानता कायम गराउन निर्देशनात्मक आदेश जारी गरेको छ ।

यस अवधिमा पनि मुलुकी ऐनको एघारौं संशोधनको समयमा सर्वोच्च अदालतको सहयोग पाइएका कारण असमान कानुन बदर गराउनका लागि सर्वोच्चमा अधिकारकर्मीहरूबाट धमाधम रिट निवेदन दर्ता गर्ने र सर्वोच्चबाट समान कानुन निर्माणका लागि आदेश गराउने क्रम यथावत् रहेको पाइन्छ । यस अवधिमा यसरी एकातिर अदालतको सहयोग लिइएको थियो भने अर्कोतिर राजनीतिक दबाब यथावत् नै थियो । त्यस्तै, सङ्घ संस्थाहरूको पहल पनि पहिलाजस्तै भएको पाइन्छ । यसरी एकातिर समान कानुन निर्माणका लागि विश्व वातावरणसँगै नेपालको माहौल तातेको थियो भने अर्कोतिर राजनीतिक वातावरणमा पनि उतारचढाव आएको थियो ।

२०५८ साल जेष्ठ १९ गते घटेको दरबारको पूरै वंश विनास गर्ने हत्याकाण्डपछि राजा वीरेन्द्र वीरविक्रम शाहका भाइ ज्ञानेन्द्र वीरविक्रम शाह राजा भएका थिए । तात्कालीन समयमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए । उनीपछि शेरबहादुर देउवा प्रधानमन्त्री भएका थिए । यस समयमा दरबारको अकल्पनीय हत्याकाण्ड र देशमा २०५२ सालदेखि प्रारम्भ भएको माओवादी सशस्त्र द्वन्द्वका कारण वातावरण तनावयुक्त थियो । त्यसैले २०५८ साल कार्तिक १६ गतेबाट प्रधानमन्त्री शेरबहादुर देउवाले देशमा सङ्कट काल लागू गरेका थिए । पछि सङ्कटकाल लागू गर्ने या हटाउने छलफल हुँदाहुँदै उनले सङ्कटकाल लागू गर्ने घोषणा गर्दै संवैधानिक अधिकार प्रयोग गर्दै संसद नै विघटन गरिदिए । उनले छ

[३३१] काशीराज दाहाल, "लैङ्गिक विधिशास्त्र र मुलुकी ऐनको एघारौं संशोधन," **स्मारिका–२०६०**, सुषमा बाँसकोटा बराल (सम्पा.), (काठमाडौं : नेपाल बार एसोसिएसन, २०६०), पृ. १-५ ।

महिनामा २०५९ साल कार्तिक २७ गते निर्वाचन गर्ने भनेका थिए । देशमा व्याप्त माओवादी समस्याका कारण उक्त तिथिमा निर्वाचन सम्पन्न गर्न नसकिने विचार सबै राजनीतिक दलहरूका नेताहरूबाट व्यक्त गरिएपछि संविधानको धारा ५३(४) कार्यान्वयन गर्न बाधा अड्काउ परेकाले संविधानको धारा १२७ बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवा निर्वाचनको तिथि सार्ने बिन्तीपत्र लिएर २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रसमक्ष गएका थिए । आफैं संसद विघटन गरेर निर्वाचनको मिति तोक्ने अनि आफैं निर्वाचन गर्न सकिँदैन मिति सारौं भन्दै बिन्तीपत्र लिएर गएका प्रधानमन्त्री शेरबहादर देउवालाई राजा ज्ञानेन्द्रले असक्षम भन्दै हटाएर मन्त्रीमण्डल नै विघटन गरिदिए ।[३३२] यसपछि सरकार गठन गर्न नेताहरूबाट नाम माग गरिएको थियो । यस्तो अवस्थाले देशको वातावरण अस्थिर हुन पुग्यो । राजा ज्ञानेन्द्रले २०५९ साल असोज २५ गते लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । यस मन्त्रीमण्डलमा महिला अनुराधा कोइराला मन्त्री भएकी थिइन् । यसपछि २०६२ साल जेष्ठ २८ गते सूर्यबहादुर थापाको अध्यक्षतामा राजा ज्ञानेन्द्रले मन्त्रीमण्डल गठन गरे । देशको राजनीतिक माहौल अस्थिर भएकाले २०६१ साल जेष्ठ २० गते आफूले अक्षम भनेर हटाएका शेरबहादुर देउवाको नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गर्न पुगे । यसबाट देशको अवस्था साह्रै अस्थिर भएको बुझ्न सकिन्छ । यस पछि त झन् राजा ज्ञानेन्द्रले आफ्नै अध्यक्षतामा शासन चलाएर ज्यादतिलाई पराकाष्ठामा पुऱ्याइदिए ।

यसरी २०६१ साल माघ १९ गते राजाले **नेपाल अधिराज्यको संविधान, २०४७** को विपरीत प्रत्यक्ष शासन सञ्चालन गरेपछि प्रजातन्त्रवादीहरू विरोधमा उत्रिँदै थिए । राजा भने यसरी एकपछि अर्को संविधान विपरीत कार्य गर्दै थिए । उनले संविधान विपरीत दुईजना उपप्रधानमन्त्रीहरू नियुक्त गरेका थिए भने प्रजातन्त्र विरोधी वक्तव्यहरू दिएका थिए, संविधान विपरीत अध्यादेशहरू जारी गरेका थिए । क्रमिक रूपमा गरिएका यस्ता कार्यक्रमहरूको राजनीतिक दलहरूबाट भर्त्सना, विरोध, चेतावनी आदि दिँदै संसद पुनर्स्थापनाका लागि आवाज उठाउने क्रम क्रमबद्ध रूपमा गर्न थालियो । यस आन्दोनलमा नागरिक समाज, व्यावसायिक सङ्गठन र मानवअधिकारवादी सबैको राजनीतिक दलहरूलाई सहयोग भइरहेको थियो ।

[३३२] सुषमा बाँस्कोटा बराल, **नेपालको कानुन : इतिहास र सन्दर्भ**, (काठमाडौं : अक्सफोर्ड इन्टरनेसन पब्लिकेसन, २०६३), पृ. १६४ ।

यसै क्रममा देशमा सशस्त्र आन्दोलन गरेर समस्याका रूपमा देखिएका माओवादीहरूसँग राजनीतिक दलका नेताहरूको वार्ता हुने क्रम पनि चल्दै थियो र १२ बुँदे समझदारीमा वार्ता सम्पन्न गरियो । जसअनुसार सात दलको संसद पुनर्स्थापनाको एजेन्डालाई माओवादीहरूले समर्थन गर्ने र माओवादीको बटम लाइनमा रहेको संविधानसभाको मागलाई सात दलले समर्थन गर्नुपर्ने कुरा उल्लेख थियो ।[३३३] सोही सल्लाहबमोजिम २०६२ सालको जनआन्दोलन गरिएको थियो ।

२०६२ साल चैत्र २४ गते जनआन्दोलन दिवसको दिनबाट सात दलले जनआन्दोलन प्रारम्भ गऱ्यो । यस आन्दोलनमा नागरिक समाज, व्यावसायिक सङ्गठन्, मानवअधिकारवादी, माओवादी र सर्वसाधारण महिला पुरुष सबैको सहभागिता रह्यो । निरङ्कुस सरकारले लगाएको कर्फ्युलाई समेत बेवास्ता गर्दै विशाल जनसमूह राजाको कार्यको विरोधमा सडकमा उत्रियो । महिलाहरूले पनि महिलासञ्जालको गठन गरेर आन्दोलनमा साथ दिए । महासङ्घको अध्यक्ष आरजु देउवाको संयोजकत्वमा भएको एक कार्यक्रममा महिलाहरूलाई उचित स्थान दिनुपर्ने आवाज उठाइयो ।[३३४] १९ दिनसम्म लगातार आन्दोलन चर्किरह्यो । टियर ग्यास र गोलीको पर्वाह नगरी महिला पुरुष सबै अगाडि बढिरहे । कतिपय सहिदमा परिणत हुँदै गए, तर आन्दोलन रोकिएन । २०६२ साल चैत्र २४ गते आन्दोलन गर्दै अघि बढेका महिलाहरूमा मीना पाण्डे, सुजाता कोइराला, विनिता अधिकारी, विना पौडेल, रमा गुरागाईं, अम्बिका सुवेदी, शान्ता ढकाल, प्रमिला सिंह, राज्यलक्ष्मी श्रेष्ठ, चन्द्रा अधिकारी, खेम कुमारी पौडेल, स्वस्तिका अधिकारी, शारदा श्रेष्ठ, विद्या भण्डारी, राधा ज्ञवाली, कमला पराजुली, हरिमाया भेटवाल, शिवकुमारी खनाल, सुमित्रा वि.सी., सीता गिरी, सृजना शर्मा, राधा घले र शशी श्रेष्ठ पक्राउ परेका थिए ।[३३५] आन्दोलनका कारण धरमराउन थालेका राजा ज्ञानेन्द्रले २०६३ साल वैशाख ८ गते सात राजनीतिक दलहरूका लागि **नेपाल अधिराज्यको संविधान**, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्न आह्वान गर्दछौँ" भन्दै घोषण गरे । संसद पुनर्स्थापनाको माग राखेर आन्दोलन गरेका दलहरूलाई यो घोषणा चित्त बुझेन । आन्दोलन झन् चर्किन

---

[३३३] बाह्रबुँदे समझदारी, परिशिष्ट ७ ।

[३३४] **विमर्श साप्ताहिक**, वर्ष ३५, अङ्क ३१, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या १३७, पृ. ७ ।

[३३५] **विमर्श साप्ताहिक**, वर्ष ३५, अङ्क ३४, (चैत्र २५-३१, २०६२), पृ. १ ।

थाल्यो । यस घोषणाले काठमाडौँको कर्फ्यू उलङ्घन गर्दै चक्रपथ पूरै बीसौं लाख नेपाली महिला पुरुषको जुलुसले घेरियो । अब के हुने हो भन्ने त्रासमा परेका राजाले २०६३ साल वैशाख ११ गते पुनः अर्को घोषणा गरे ।[३३६] यस घोषणाले संसद पुनर्स्थापना गरी सार्वभौमसत्ता जनतामा रहेको कुरा व्यक्त गऱ्यो र वैशाख १५ गतेका लागि संसदको बैठकसमेत बोलायो । यस घोषणालाई आन्दोलन गर्ने सात दलबाट स्वीकारेका कारण २०६३ साल वैशाख १ गते दिनको १ बजे संसदको बैठक बस्यो । यसले सात वर्षअगाडि विघटन गरेको संसदलाई जगाएको थियो । यस्तो ऐतिहासिक बैठकको सभापतित्व चित्रलेखा यादवबाट गरियो ।[३३७]

नेपाल अधिराज्यकै इतिहासमा सर्वशक्तिमान संसदका रूपमा सात दलले गिरिजाप्रसाद कोइरालालाई निर्विरोध प्रधानमन्त्री चयन गऱ्यो । यसपछि बसेको २०६३ साल जेष्ठ ४ गतेको बैठक ऐतिहासिक घोषणा गर्न सफल भयो । त्यस्तै, महिलाहरूको अत्यधिक सहभागिताबाट पुर्नस्थापित यस प्रतिनिधि सभाले २०६३ साल जेष्ठ १६ गते महिलाका सम्बन्धमा निम्नलिखित घोषणा गऱ्यो :[३३८]

- आमाका नामबाट नागरिकता प्रदान गर्ने,
- ३३ प्रतिशत महिलाको सहभागिता हरेक संरचानामा गराउनु पर्ने,
- महिलालाई सम्पत्तिमा समान हक दिनुपर्ने र
- प्रजनन् स्वास्थ्यको सुरक्षा गर्नुपर्ने ।

यस्तो घोषणा गरेकै कारण पनि अन्तरिम संविधान महिलाको सम्पत्तिसम्बन्धी अधिकार लिएर आउन सफल भएको छ ।[३३९] यसरी अधिकार दिने निर्णय गरिए पनि लगत्तै २०६२ साल असार ९ गते गठन गरिएको अन्तरिम संविधान मस्यौदा समितिमा महिलाहरू समावेश गरिएनन् ।[३४०] यसपछि पुनः संयुक्त महिला सङ्घर्ष समितिले चरणबद्ध विरोध

[३३६] राजा ज्ञानेन्द्रको घोषणापत्र, परिशिष्ट ६ ।

[३३७] **ऐजन**, पृ. १८४ ।

[३३८] सुषमा वास्कोटा बराल, “समावेशी लोकतन्त्र र महिला,” **चिन्तन**, वर्ष १०, अङ्क २, (काठमाडौँ : प्रजातान्त्रिक सञ्चार समाज, २०६३), पृ. २४ ।

[३३९] **नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० ।**

[३४०] सुषमा वास्कोटा बराल, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या १७९ , पृ. २४ ।

कार्यक्रम गरिएको पाइन्छ ।[३४१] यसको परिणाम ४ जना महिला सदस्यका रूपमा उक्त समितिमा समावेश हुन सफल भए ।

## ५.६ निष्कर्ष

अन्तर्राष्ट्रिय जगत्मै पछाडि परेका महिलाहरूको अवस्था नेपालमा कस्तो होला सजिलै अनुमान गर्न सकिन्छ । २००७ सालमा प्रजातन्त्र आएको धेरै पछिसम्म पनि नेपाली महिलाहरूले लेखेको निवेदनसम्म पनि मान्य हुँदैनथ्यो भने यसभन्दा अगाडि झन् कस्तो अधिकार महिलाहरूले पाएका थिए होलान् ? प्रजातन्त्र आइसकेपछि प्रथम कानुनव्यवसायी महिला शान्तिदेवी क्षेत्राणीको प्रयासबाट सर्वोच्च अदालतका प्रथम प्रधान न्यायाधीश हरिप्रसाद प्रधानको आदेशले महिलाले लेखेको निवेदन सदर हुने अधिकार महिलाले प्राप्त गरेका थिए । यस्तो अवस्थामा र यसभन्दा अगाडिको व्यवस्थामा नेपालमा बनाइएका ऐन कानुनहरूमा महिलाअधिकारका प्रावधान नपाइनु स्वाभाविक नै मान्न सकिन्छ **। प्रथम मुलुकी ऐन**, १९१०, **बैधानिक कानुन**, **२००४ र अन्तरिम शासन विधान**, २००७ प्रजातन्त्र आउनुपूर्वका कानुन भएकाले महिलाअधिकारका सन्दर्भमा ती कानुनहरू मौन रहनुलाई स्वाभाविक नै मान्नुपर्ने हुन्छ । तर २००७ सालमा प्रजातन्त्र आएपछि जारी भएका **नेपाल अधिराज्यको संविधान**, २०१५, **नेपालको संविधान**, २०१९ **र नयाँ मुलुकी ऐन**, २०२० ले पनि महिलालाई अधिकार दिने सन्दर्भमा गम्भीरतापूर्वक सोचेको नपाइनु र असमान व्यवस्था गरेको पाइनुले २००७ सालमा वास्तविक प्रजातन्त्र त देशमा आएकै रहेनछ भन्ने स्पष्ट रूपमा प्रमाणित गरिदिएको देखिन्छ । २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप जारी हुनपुगेको **नेपाल अधिराज्यको संविधान**, **२०४७** मा भने केही मात्रामा भए पनि प्रजातन्त्र आएको सङ्केतस्वरूप विगतका संविधानभन्दा फरक रूपमा केही समानताको प्रावधान उल्लेख गरिएको पाइन्छ । **नेपाल अधिराज्यको संविधान**, **२०४७** जारी भएपछि नै अर्थात् २०४८ (सन् १९९१) सालमा नेपालले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ मा हस्ताक्षर गरेको थियो । यसरी नेपालले पनि एकातिर १७१ राष्ट्रसँगै यो महासन्धिलाई अनुमोदन गरेको थियो भने अर्कोतिर यस संविधानको धारा १२६ को भावनाअनुकूल **नेपाल सन्धि ऐन**, २०४७ जारी पनि गरिएको थियो । यो सन्धि ऐनको धारा ९

---

[३४१] **ऐजन**, पृ. ४ ।

मा सन्धि व्यवस्था कानुनसरह लागू हुनेछ भनिएको पाइन्छ । त्यतिमात्र होइन यो सन्धि ऐनको उपदफा १ मा संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै पनि सन्धि महासन्धि आदिको पालना गर्नु राज्यको दायित्व हुन पुगेको कुरा उल्लेख गरिएको पाइन्छ । देशमा प्रजातन्त्र आएकै कारण यसलाई एक महिनापछि नै संसदबाट समेत अनुमोदन गरिएको थियो । प्रजातन्त्र आएपछि **नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा १ ले स्पस्ट रूपमा संविधानसँग बाझिएका अन्य कानुनहरू बाझिएको हदसम्म स्वतः बदर हुने कुरा एकातिर उल्लेख गरेको थियो भने धारा ११ ले समानताको विषयमा उल्लेख गर्नाका साथै उपधारा ३ को समेत उल्लेख गरेर महिला मैत्री बनाउन खोजेको थियो । यसपछि महिलाअधिकारका सवालमा **मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन क्रान्तिकारी रूपमा गरियो भने २०६३ सालमा महिलाअधिकार लिएर **अन्तरिम संविधान**, २०६३ आयो । यसपछि पनि सबैलाई अधिकार सम्पन्न बनाउने भन्दै नेपाली महिलाले पटकपटक आन्दोलन गर्नु परेको छ, ज्यादति सहँदै सङ्घर्ष गर्नु परेको छ ।

### छैटौँ परिच्छेद

# नेपालको कानुनमा महिलाअधिकार

## ६.१ परिचय

नेपाल विभिन्न स-साना राज्यको समष्टिगत रूप हो । वि.सं. १७७९ मा जन्मिएका पृथ्वीनारायण शाहले वि.सं. १८०१ मा नुवाकोटबाट विजय सुरु गर्दै वि.सं. १८२५ मा काठमाडौँ र १८२६ मा भक्तपुर जितेपछि यो र यस्तैयस्तै एकीकरणका क्रममा नेपाल राष्ट्रको निर्माण भएको हो । आधुनिक कानुन नबनेको यस अवस्थामा पुराना नीति, नियम र धर्मशास्त्रलाई आधार मान्ने गरेको देखिन्छ । यसको उदाहरणमा ई.पू. ५५० देखि सन् २५० सम्म शासन गर्ने किराँतहरूले[३४२] मुन्धुमअनुसार न्यायप्रणाली चलाउने गरेको देखिन्छ भने सन् २५१ देखि सन् ८७९ सम्म शासन गर्ने लिच्छविहरूले हिन्दू धर्मग्रन्थमा आधारित भएर शासन गरेको देखिन्छ । हिन्दू धर्मशास्त्रमा ईश्वरले ऋषिमुनिहरूलाई सुशासनका सम्बन्धमा प्रवचन दिएको र सो कुरा एकबाट अर्कोले सुन्दै आएकाले श्रुति भएको अनि सुनेका कुरा सम्झँदै लेखेको भएर स्मृति भनिएको र जसले लेख्यो उसकै नामबाट मनुस्मृति, याज्ञवल्क्य स्मृति, वृहस्पति स्मृति नारद स्मृति र शुक्र स्मृतिहरू बनेको देखिन्छ । तिनै श्रुति, स्मृति आदिमा आधारित भएर नै किराँत, लिच्छवि, मल्ल र शाह अनि राणाहरूले शासन चलाउने गरेको पाइन्छ ।[३४३]

सन् ८८० देखि सन् १७६८ सम्म नेपालमा मल्लहरूको शासन थियो ।[३४४] मल्ल राजाहरू हिन्दू धर्मग्रन्थ श्रुति, स्मृति आदिमा आधारित भएर नै राज्य चलाउँथे । यस समयमा सन् १३८० (वि.सं. १४३६) मा स्थिति मल्ल अर्थात् जयस्थिति मल्लले स्मृतिहरूको व्यवहारजन्य कुराहरूबाट मानवधर्म न्यायशास्त्र अर्थात् न्यायविकासिनी बनाएका थिए । काठमाडौँमा मल्लहरूको शासन भएको बेलामा गोरखामा राम शाह राजा थिए । उनले पनि श्रुति र स्मृतिहरूमा आधारित भएर राज्य चलाएको भए पनि तात्कालीन सरलता र प्रशासनिक सुदृढताका लागि नियमहरू बनाएका थिए । उनले २६ थिति भएको न्यायविधान बनाएका थिए भने नेपाल एकीकरण गर्ने शाह राजाले **दिव्योपदेश**मा केही नीतिनियम पनि

---

[३४२] बाबुराम आचार्य, **प्राचीनकालको नेपाल**,(काठमाडौँ : श्री कृष्ण आचार्य, २०६०), पृ. ६३ ।

[३४३] प्रकाश वस्ती, **हाम्रो कानुनी इतिहासका केही झाँकीहरू**, (काठमाडौँ : पैरवी बुक हाउस, चैत २०६३), पृ. ३ ।

[३४४] श्रीरामप्रसाद उपाध्याय, **नेपालको समीक्षत्मक इतिहास**,(ललितपुर : साझा प्रकाशन, २०५५), पृ. २५ ।

उल्लेख गरेका थिए । यसपछि युरोप घुमेर आएका जङ्गबहादुरले कानुन बनाएपछि आधुनिक समयमा १९१० को मुलुकी ऐन प्रथम लिखित कानुन हुन पुग्यो । जङ्गबहादुरले स्थापना गरेको राणाकालीन १०४ वर्षको अन्त्य २००७ सालमा प्रजातन्त्र आएपछि भयो र वर्तमान समयका कानुनहरू आवश्यकताअनुसार जारी गरिएका छन् । यसरी समय समयमा बनाइएका कानुनहरूमा महिलाका बारेमा कस्तो सोच राखिएको थियो भन्ने कुरा पनि तात्कालीन समयका नीतिहरू र कानुनले बुझाउने भएकाले यस परिच्छेदमा महिलालाई अधिकार दिने कानुनहरूको बारेमा मात्र चर्चा गरिएको छ ।

लिखित कानुनी व्यवस्था प्रारम्भ हुनुपुर्व हिन्दू धर्मशास्त्र, स्मृतिहरू र राजाज्ञाहरू नै कानुन थिए । यिनीहरूले समयसमयमा निर्धारित गरेका महिलासम्बन्धी नियमहरू नै महिलाहरूका लागि अधिकार प्रदान गर्ने कानुन भए । त्यसैले यस परिच्छेदमा वैदिक कालको व्यवस्था, किराँत कालको मुन्धुममा गरिएको व्यवस्था, **न्यायविकासिनी**ले महिलाका सम्बन्धमा गरेको व्यवस्था, राजा पृथ्वीनारायण शाहले **दिव्योपदेश**मा गरेको व्यवस्था, ताम्रपत्र, शिलालेखहरूमा गरिएका व्यवस्थाहरू र राजाज्ञाहरूबाट महिलालाई प्राप्त भएका अधिकारहरूका बारेमा चर्चा गरिएको छ । १९०८ सालमा राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर युरोप भ्रमणबाट फर्केर आएपछि त्यताको नेपोलियन देवानी र फौजदारी संहिताहरूबाट प्रभावित भएर लिखित कानुन चाहिने रहेछ भन्ने विचार गरी नेपालमा लिखित कानुन बनाएपछि बल्ल लिखित रूपमा अधिकारहरूका बारेमा कानुनमा उल्लेख हुन थालेको थियो ।[३४५] यो मुलुकी ऐनमा आवश्यकताअनुसार समयसमयमा संशोधन हुँदै अधिकारहरू थपघट भइरह्यो । २०२० साल भाद्र १ गते नयाँ मुलुकी ऐन जारी गरेपछि महिलाअधिकारमा धेरै परिवर्तन हुन पुग्यो भने उक्त नयाँ संविधानमा समेत एघारौं संशोधन भएपछि महिलाअधिकारमा वृद्धि हुन पुगेको थियो । यसरी समयको गतिसँगै समाजको आवश्यकताअनुसार **अन्तरिम संविधान, २०६३** सहित अन्य जारी गरिएका कानुनहरूले थप अधिकारको व्यवस्था गरेका छन् । ती सबै महिलाका अधिकारका बारेमा पनि यस परिच्छेदमा चर्चा गरिएको छ ।

## ६.२ लिखित कानुन बन्नुभन्दा अगाडि विद्यमान महिलासम्बन्धी व्यवस्थाहरू

यसमा वैदिक काल, किराँतकाल, लिच्छविकाल, मल्लकाल र शाहकालमा महिलाका सम्बन्धमा कस्तो व्यवस्था गरिएको थियो भन्नेकुरा वेदहरू, स्मृतिहरूको आधारमा अध्ययन

---

[३४५] युवराज सङ्ग्रौला र गीता पाठक, **जेन्डर एन्ड ल**, (काठमाडौँ : पैरवी प्रकाशन, सन् २००२), पृ. ९ ।

गरिएको छ भने मल्लकालको सम्बन्धमा न्यायविकासिनीको र शाहकालका सम्बन्धमा पृथ्वीनारायण शाहको **दिव्योपदेश**ले गरेका व्यवस्थाबारे चर्चा गरिएको छ ।

### ६.२.१ वैदिक कालमा महिलासम्बन्धी व्यवस्था

हिन्दूहरूको सबैभन्दा पुरानो सभ्यता वैदिक सभ्यतालाई मानिन्छ । वेदको रचना इसापूर्व ४००० देखि इशाको १००० का वीचमा भएको मानिएको छ ।[३४६] प्राचीन वैदिक युग हिन्दूहरूको खुला समाजको युग थियो । त्यस बेलासम्म समाजमा नारी र पुरुषका बीचमा भेदभाव थिएन । यस समयमा नारीहरू सम्मानित थिए ।[३४७] उनीहरू पुरुषसरह नै शिक्षा ग्रहण गर्न सहभागी हुने गर्दथे ।

हिन्दू विधिशास्त्रका स्रोतहरूमध्ये वेद मन्त्र, संहिता अर्थात् ऋगवेद, यजुर्वेद सामवेद अर्थात् वेद संहिताहरू अनि ब्राम्ह्ण ग्रन्थ आरण्यक, उपनिषद् वेदाङ्ग शिक्षा, व्याकरण, छन्द ज्योतिष उपाङ्ग धर्मशास्त्र, धर्मसूत्र, स्मृतिहरू (मनुस्मृति, याज्ञबल्क्य स्मृति, नारद स्मृति, विष्णु स्मृति, पराशर स्मृति), पुराण, इतिहास, रामायण, महाभारत अनि मिमांसा, न्याय धर्मशास्त्र निबन्धग्रन्थ, उपवेदहरूलाई मुख्य कानुनका स्रोतहरू मानिएका छन् । वेदमा विवाह र विवाहका प्रकार, पुत्र र पुत्रका प्रकार, अंशवण्डा अर्थात् दायविभाग, स्त्रीधन इत्यादि विषयहरू बारे उल्लेख गरिएको पाइन्छ । त्यस्तै मिताक्षरामा स्त्रीधनलाई व्यापक अर्थमा परिभाषित गरिएको छ । यसमा स्त्रीधन भन्नाले स्त्री स्वामिनी हुने सबैथरी धन भन्ने स्पष्ट उल्लेख गरिएको छ । स्त्रीहरूको अधिकारलगायत छोराको जन्मको आधारमा, रगत सम्बन्धको आधारमा गरिने अंशवण्डासम्बन्धी विषयमा पनि व्यवहारमातृका निष्कर्षहरू प्रस्तुत गरिएको छ । बङ्गालका जीमुत वाहनविद्ले बाह्रौं शताब्दीमा लेखेका 'कालविवेक' र 'दायविभाग' भन्ने तीन खण्डमध्येको दायविभाग खण्डमा अंशवण्डासम्बन्धी नियमहरू लेखिएको पाइन्छ ।[३४८]

पन्ध्र अध्याय भएको यस ग्रन्थमा स्त्रीधनको परिभाषा, स्त्रीधनको विभाग, निःसन्तान स्त्रीको धनको उत्तराधिकारजस्ता विषयहरूबारे उल्लेख गरिएको छ । यसमा स्त्रीले स्वतन्त्र

---

[३४६] मेदिनीप्रसाद शर्मा, "लिच्छविकालीन नेपालमा नारीको अवस्था," मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, त्रि.वि. मा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०४०), पृ. २४ ।

[३४७] **ऐजन** ।

[३४८] आमोदवर्धन कौण्डिन्न्यायन, **वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार**, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. ३६ ।

रूपमा दान र भोग गर्न सक्ने सम्पत्तिलाई मात्र स्त्रीधन भनी परिभाषा गरिएको छ । यसबाट वैदिककालमा स्त्रीलाई स्त्रीधन प्रयोग गर्न भने पूर्ण अधिकार दिइएको र त्यसको व्यवस्थाका लागि दायविभागमा राम्रो व्यवस्था गरिएको देखिन्छ । वैदिक कालमा सम्पूर्ण स्त्री समाजलाई माता, भगिनी, पुत्री र बुहारी गरी चार वर्गमा विभाजन गरिएको थियो । सबै वर्गका स्त्रीलाई आ-आफ्नो महत्त्व र विशेषताअनुसार स्थान दिइएको यस समयमा स्त्रीको स्थान उच्च र मर्यादित रहेछ भन्ने बुझिन्छ ।

त्यस समयमा स्त्रीधनमा पूर्ण अधिकार भएझैँ स्त्रीहरूलाई वेद, वेदाङ्ग आदि शास्त्रको अध्ययन गर्न पाउने व्यवस्था पनि थियो ।[३४९] यति मात्र होइन शुक्र नीतिमा त स्पष्ट रूपमा छोरीलाई आफ्नो अंशमा आधा भाग दिनु पर्दछ भनिएको छ । त्यस्तै बाबुको सम्पत्ति छोराहरूलाई र आमाको सम्पत्ति छोरीहरूलाई बाँडिदिनु पर्छ भन्ने कुरा याज्ञवल्क्यले उल्लेख गरेका छन् ।[३५०]

तात्कालीन समाजका द्विज जातिका स्त्रीहरूले ज्ञान प्राप्त गरेको उदाहरणमा अगत्स्य ऋषिकी बहिनी अदिति, अत्रीऋषिकी छोरी अपला, इन्दाणी, उर्वशी, गोतासँगै कलिवान ऋषिकी छोरी घोषा विदर्भ राजाकी छोरी अर्थात् अगत्स्य ऋषिकी पत्नी लोपा मुद्रा आदि स्त्रीहरूले वेदवेदाङ्ग आदि शास्त्र पढेकालाई लिन सकिन्छ । तात्कालीन समयमा पढ्न लेख्न अध्ययन गर्न रुचाउने स्त्रीहरूलाई ब्रह्मवादिनी भन्ने गरिन्थ्यो भने पढ्न लेख्न नरुचाउने, राम्रो लाउन पाए, मीठो खान पाए खुशी हुने स्त्रीहरूलाई स्त्रीप्रज्ञा भन्ने गरिन्थ्यो । यसबाट सबै स्त्री पढ्ने लेख्ने र अध्ययन गर्ने खालका नहुने कुरा एकातिर बुझ्न सकिन्छ भने अर्कोतिर स्त्रीका दुई वर्ग ब्रह्मवादिनी र स्त्री प्रज्ञामध्ये ब्रह्मवादिनी स्त्रीहरू मात्र विदुषी हुने रहेछन् भन्ने बुझ्न सकिन्छ । यसको उदाहरणका लागि याज्ञवल्क्य ऋषिका दुई पत्नी मैत्रेयी र कात्यायनीलाई लिन सकिन्छ । मैत्रेयी ब्रह्मवादिनी थिइन् भने कात्यायनी स्त्री प्रज्ञा थिइन् अर्थात् खान लाउन पाए खुशी हुने स्वभावकी थिइन् । त्यस्तै वैदिक कालमा विदुषी गार्गीले राजा जनकको सभामा शास्त्रार्थ गरेको उदाहरणले पनि वैदिक कालमा महिलाहरूलाई पढ्ने

---

[३४९] **ऐजन।**

[३५०] छत्रकुमारी गुरुङ्ग, "विद्यमान कानुनमा महिलाको सम्पत्तिसम्बन्धी अधिकार", **ल्याकलेन्स**, वर्ष ८, अङ्क २, (काठमाडौं : कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक), २०५८ भाद्र), पृ. २७-२९ ।

लेख्ने छुट थियो, महिलाहरू विदूषीमा गनिन्थे र महिलाहरूलाई सम्मान प्राप्त थियो भन्ने बुझ्न सकिन्छ ।[३५१]

यसरी वैदिक कालमा एकातिर स्त्रीहरूलाई शिक्षा ग्रहण गर्ने व्यवस्था भएको देखिन्छ भने अर्कोतिर स्त्रीहरूका लागि विशेष व्यवस्थाहरू पनि गरिएको पाइन्छ । यसको उदाहरणमा सामान्य तया स्त्रीहरूलाई मृत्युदण्ड नदिनु, व्यभिचारिणी स्त्रीलाई पनि खान लाउन दिनुपर्ने व्यवस्था गरिनु, पुरुषलाई भन्दा स्त्रीहरूलाई आधा मात्र सजायको व्यवस्था गरिनु, पतित बाबुलाई त्याग गर्नु परे पनि पतिता आमालाई त्यागै गरिहाल्नु नपर्ने व्यवस्था गरिनु, पतिको सम्मान पत्नीलाई प्राप्त हुनु, विद्वान् ब्राह्मणलाई राज्यले कर तिर्नबाट मुक्त गरे जस्तै सबै स्त्रीहरूलाई पनि कर तिर्नबाट मुक्त गरिनु, बाटो हिँड्दा स्त्रीलाई नाउमा भाडा नलाग्नु, बुढीकन्या, सानीकन्या रोगी, गर्भिणी र सुत्केरीलाई अतिथिभन्दा पहिला खुवाउने व्यवस्था हुनु, स्त्रीधनका उत्तराधिकारीमा छोरालाई भन्दा छोरीलाई प्राथमिकता दिइनुजस्ता विशेष अधिकारहरूलाई लिन सकिन्छ ।[३५२] यति मात्र होइन हिंसा, चोरी, डकैतीजस्ता अपराधबाट सम्पूर्ण राष्ट्रवासीको रक्षा गर्ने कार्य जति महत्त्वपूर्ण हुन्छ त्यसैगरी अविवाहिता कन्या विवाहिता सधुवा, विधवा र स्त्रीहरूलाई रक्षा गर्ने कार्य पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ भनेर महिलाहरूलाई विशेष स्थानमा राखेको पाइन्छ । प्रस्तुत विशेष अधिकारहरूलाई मात्र हेर्दा पनि वैदिक कालमा स्त्रीहरू मर्यादित रहेछन् भन्ने कुरा सजिलै बुझ्न सकिन्छ ।[३५३]

वेदका संहिताहरूमा नारी शिक्षाबारे उल्लेख गरेको छ । अविवाहित विदुषी कन्याले विद्धान् वरसँग विवाह गरोस् । कन्यालाई बाल्यकालमै विवाह गरिदिने कुरा कहिल्यै नसोचियोस्[३५४] भनेर ऋगवेदको ३,५५,१६ सर्गमा लेखिएको छ । त्यस्तै ब्रम्हचर्य पालन गरेकी युवती कन्याले आफ्नो अध्ययन सकेपछि आफूजस्तै विद्वान् वरसित विवाह गरोस् भनेर यजुर्वेदको ८ र ९ मा भनिएको छ ।[३५५] यसरी नै कन्याहरूको पनि उपनयन संस्कार

---

[३५१] सुषमा बाँस्कोटा बराल, “पारिवारिक कानुनभित्र सम्पत्तिको अधिकार : एक विश्लेषण”, **कानुन**, अङ्क १०५, (काठमाडौँ : कानुन व्यवसायी क्लब, २०७१), पृ. ५६-६३ ।

[३५२] आमोदवर्धन, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ५, पृष्ठ १३९ ।

[३५३] **ऐजन**, पृ.१०४ ।

[३५४] शर्मा, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ५, पृ. २५६ ।

[३५५] **ऐजन** ।

गरिने व्यवस्था थियो । अनि उपनयन गरेका नारीहरू कठिन कार्यहरूका लागि सक्षम हुन्छन् भन्ने मानिन्थ्यो ।[३५६] यसरी नै अथर्व वेदमा पनि कन्याहरू ब्रम्हचर्य आश्रम पूर्ण गरेपछि विवाह गर्छन् भनिएको छ ।[३५७] सती जाने कुरा मनु याज्ञवल्क्य कसैले पनि उल्लेख गरेको पाइँदैन । बरु पति मरेपछि कसरी बस्नुपर्छ भनिएको छ । मृत पतिलाई बिर्सेर जीवित पुरुषमध्येबाट दोस्रो प्राप्त गर । तिमी पुनः प्राणी ग्रहण गरिने पतिद्वारा जुन पुत्र हुनेछ त्यो तिम्रो र यी मृत पुरुषको मानिने सम्झ भनेर ऋगवेदको १० मण्डल, १८ सूत्रमा भनिएबाट वैदिक कालमा पुनः विवाहको चलन थियो भन्ने बुझिन्छ ।[३५८] यसरी वैदिक कालमावेद, मन्त्र, संहिता अर्थात् ऋगवेद, यजुर्वेद, सामवेद अर्थात् वेद संहिताहरू, अनि ब्राम्हण ग्रन्थ आरण्यक, उपनिषद् वेदाङ्ग शिक्षा, व्याकरण, छन्द, ज्योतिष उपाङ्ग धर्मशास्त्र, धर्मसूत्र, स्मृतिहरू (मनुस्मृति, याज्ञवल्क्य स्मृति, नारद स्मृति, विष्णु स्मृति, पराशर स्मृति) पुराण, इतिहास, रामायण, महाभारत अनि मिमांसा, न्याय धर्मशास्त्र निबन्धग्रन्थ र उपवेदहरूका आधारमा महिलाहरूका लागि अधिकारहरूको व्यवस्था गरिएको पाइन्छ ।

### ६.२.२ स्मृतिहरूले महिलाका सम्बन्धमा गरेका व्यवस्थाहरू

वैदिक कालमा नारीहरू सम्मानित र समान हैसियतका भए पनि स्मृतिकालमा पुग्दा भने पुरुषका अर्धाङ्गिनीका रूपमा व्याख्या गर्दै सती बलपूर्वक पठाउने क्रम सुरु भएको पाइन्छ तर पनि वैदिक कालको महिलालाई सम्मान गर्ने परम्पराको केही अंश भने स्मृति कालमा पनि बाँकी नै थियो ।[३५९] स्त्रीलाई जति जघन्य अपराध गरे पनि दण्ड गर्नु हुँदैन भन्ने स्मृतिकालको नियम वैदिक कालको सम्मान कै निरन्तरता हो भन्न सकिन्छ ।[३६०] यसरी मनु स्मृतिले केही सम्मानका कुरा गरे पनि कतै स्त्रीलाई पराधीन पार्ने कुरा उल्लेख गरेको पाइनुले यस समयबाट नारीप्रति विभेद सुरुभएको बुझ्न सकिन्छ । यसको उदाहरणमा "यत्र नार्यस्तु पुज्यन्ते, रमन्ते तत्र देवता" भन्ने तथा स्वेच्छाले जीवन साथी रोज्ने छुट दिने मनु

---

[३५६] ए.एस. अल्टेकर, **एजुकेसन इन एन्सियन्ट इन्डिया**,छैठौं संस्करण, (वाराणसीःनन्दकिशोर एण्डबदर्श, सन् १९६५), पृ.२०९।

[३५७] शर्मा, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ५, पृ. २५७ ।

[३५८] **ऐजन**, पृ.२३१ ।

[३५९] **ऐजन**, पृ. २५ ।

[३६०] **ऐजन** ।

स्मृतिले नै नारीले वेद पढ्न नपाउने, पति सेवा नै गुरु सेवा हुने, यज्ञ गर्न नपाउने कुरा उल्लेख गरेर नारीप्रति असमान व्यवहार गरेको छ ।[३६१] मनुले बाबु गुरुभन्दा सयगुणा र आमा बाबुभन्दा हजार गुणा पुज्य हुने कुरा उल्लेख गरेर बाबुभन्दा आमाको बढी सम्मान गरेको पनि देखिन्छ ।[३६२] पछि शुक्र स्मृतिले भने सती जाने नजाने पत्नीको इच्छामा छाडेको देखिन्छ ।[३६३] वैदिक कालमा प्रचलित यी नियमहरूले किराँत, लिच्छवि, मल्ल र यसपछिको समयमा पनि महत्त्वपूर्ण भूमिका बहन गरेका छन् ।

### ६.२.३ किराँत, लिच्छवि र मल्लकालको कानुनी व्यवस्था

यहाँ किराँत काल, लिच्छवि काल र मल्ल कालका कानुनमा महिलालाई दिइएको अधिकार व्यवस्थाका बारे चर्चा गरिएको छ ।

#### ६.२.३.१ किराँत काल

ई.पू. ५५० देखि सन् २५० सम्म शासन गर्ने किराँतहरूको शासन चलाउने नियम मूलतः **मुन्धुम**मा आधारित थियो । **मुन्धुम** भनेको किराँतहरूको वेद हो । सोकसोक मुन्धुम, येहाङ्ग मुन्धुम, सज्जी मुन्धुम र साप् मुन्धुम गरी चार भारमा विभक्त मुन्धुमहरूमध्ये येहाङ्ग मुन्धुममा विहेबारी, मध्यस्थता, सुतक, शुद्धिलगायत धर्मसम्बन्धी कानुनको बारेमा लेखिएको पाइन्छ । यसमा छोरा पाएमा आमा चारदिनमा चोखिने र छोरी पाएमा तीनदिनमा चोखिने भनेर विभेद गरिएको छ । त्यस्तै मृत्यु संस्कारमा पनि लोग्ने मानिस मरेर गाडेको ठाउँमा चार खुड्किला अग्लो बनाउनुपर्ने तर स्वास्नी मानिस मरेको ठाउँमा भने तीन खुड्किला मात्र बनाउनुपर्ने व्यवस्था गरेर विभेद गरेको छ ।[३६४]

#### ६.२.३.२ लिच्छवि काल

सन् २५१ देखि सन् ८७९ सम्म शासन चलाउने लिच्छविहरूले श्रुतिहरू र स्मृतिहरूकै आधारमा राज्य सञ्चालन गरेको पाइन्छ । यस समयमा सुव्यवस्था कायम गर्न चार प्रकारका अधिकरणहरू (अड्डा अदालत) को व्यवस्था गरिएको थियो ।[३६५]

---

[३६१] मनुस्मृति, पृ. ३६, ३७, ८८, ९२ ।

[३६२] **ऐजन**, पृ. २१४५ ।

[३६३] **ऐजन**, पृ.२२० ।

[३६४] जगदीशचन्द्र रेग्मी, **नेपालको वैधानिक परम्परा**, तृ.सं., (काठमाडौं : तन्नेरी प्रकाशन, २०६०), पृ. १०-११ ।

[३६५] **ऐजन**, पृ. ४६ ।

महिलासम्बन्धी विवाद समाधान गर्न छुट्टै अड्डा माप्चोकको व्यवस्था गरिएको थियो । माप्चोक पारिवारिक व्यवस्था सुदृढ गर्न खोलिएको अधिकरण थियो । यसले जारी, वेश्यावृतिजस्ता पारिवारिक विवादहरूको समाधान गर्ने काम गर्ने गरेको पाइन्छ । कुनै पनि महिलाको लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा अरू कुनै कारणबाट अर्को बिहे गर्न परेमा यस अधिकरणमा छलफल गर्ने व्यवस्था थियो । विवाह, सम्बन्धविच्छेदजस्ता पति पत्नीसँग सम्बन्धित समस्याहरूको समाधान गर्ने काम माप्चोक अधिकरणले गर्ने गरेको पाइन्छ ।[३६६]

यसरी हेर्दा लिच्छविकालमा पनि सतीप्रथा वैकल्पिक रूपमा रहेको देखिन्छ । जब मुसलमानी आक्रमणको सुरुवात भयो त्यसपछि छोरीको सुरक्षाका लागि रजस्वला नभएकी कन्याको विवाह गरिदिने र पति मरेपछि बुहारीको सुरक्षा गर्न कठिन सम्झेर सती पठाउने चलन क्रमैसँग बढ्न थालेको देखिन्छ ।[३६७] यसरी बालविवाहको प्रचलन बढ्नाले नारीले शिक्षा पाएनन् अनि अर्धाङ्गिनी भन्दै पतिमा पूरै पत्नीलाई आश्रित बनाइयो । याज्ञवल्क्य स्मृतिको २/७० श्लोकमा उल्लेख गरेको महिला सती हुन नसक्ने कुरा पनि यस कालमा प्रचलित रह्यो ।[३६८] यस समयमा मरेपछि अर्को संसारमा गइन्छ भन्ने विश्वास दिलाउँदै मृतकले जीवनमा प्रयोग गरेका सामानहरू उसँगै अर्को जीवनका लागि आवश्यक हुन्छ भनेर जमिनमा गाड्ने चलन भएको देखिन्छ । यस्तै मृतकका नोकर, चाकर र पत्नीहरूलाई पनि सँगै पठाउन भन्दै जिउँदै मार्ने चलन सुरु भएको देखिन्छ ।[३६९] धनबज्र बज्राचार्यका अनुसार लिच्छविकालमा सती व्यवस्था ऐच्छिक थियो ।[३७०] यसको उदाहरणमा सती जान लागेकी घर्मदेवकी रानी तथा मानदेवकी आमा सती नगएको सन्दर्भलाई लिन सकिन्छ ।

### ६.२.३.३ **मल्लकाल**

सन् ८८० देखि सन् १७६८ सम्म शासन चलाएका मल्लहरूको समयमा पनि धर्मशास्त्रलाई आधार मान्दै व्यवस्था सञ्चालन गर्ने गरेको पाइन्छ । सन् १३८० (वि.सं. १४३६) मा भने स्थिति मल्लले मानवधर्म न्यायशास्त्र वा न्याय विकासिनी लेखाएर नयाँ कानुनको व्यवस्था गरेका थिए । त्यसैले यो **न्याय विकासिनी** पहिलो मौलिक कानुन हुन

[३६६] रेवतीरमण खनाल, **नेपालको कानुनी इतिहासको रूपरेखा**, (काठमाडौँ : श्रीमती सरस्वती खनाल,२०५९), पृ. ३४ ।

[३६७] शर्मा,**पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ५, पृ. २२९ ।

[३६८] ज्ञाइन्द्रबहादुर श्रेष्ठ, **प्रमाण ऐन २०३१ एक संक्षिप्त टिप्पणी**,ते.सं. (काठमाडौँ : पैरवी प्रकाशन, २०४९साउन), पृ. ५ ।

[३६९] अल्टेकर,**पूर्ववत्**, पादटिप्पणी सङ्ख्या १५, पृ.११५-१६ ।

[३७०] धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**,(काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०), पृ. २२ ।

पुगेको छ ।[३७१] नारदीय संहिताको प्रभावमा निर्मित यस कानुनमा छोराको अनुपस्थितिमा मात्र छोरीले अंश पाउने कुरा उल्लेख गरेको पाइन्छ । तर आमाको सम्पत्तिमा भने आमाको मृत्युपछि अविवाहिता छोरीहरूले छोरासरह अंश प्राप्त गर्न सक्ने राम्रो व्यवस्थायसमा उल्लेख गरिएको छ ।[३७२] यसरी आमाको सम्पत्तिमा छोरीको हक लाग्ने कुरा लेखेको भए पनि यसले महिलाहरूलाई पुरुषसरह समान व्यवहार गर्न भने सकेको छैन । यसमा महिलाहरू स्वाधीन हुन विल्कुल लायक छैनन् भनिएको छ । सो कुराको पुष्टि गर्दै स्त्रीहरूलाई वाल्यकालमा पिताले, जवानीमा पतिले र विधवा भएमा वा वृद्ध भएमा छोराले सुरक्षित राख्छन् भन्ने कुरा न्यायविकासिनीको पृष्ठ २१४ मा उल्लेख गरिएको पाइन्छ । ठूलो कूलमा जन्मिएका स्त्री पनि स्वाधीन रहँदा नराम्रोसित नासिन्छन् भनेर स्त्रीहरूलाई नियन्त्रणमा राख्नै पर्ने भएकाले नियम बनाइएको हो भन्ने प्रावधान प्रथम लिखित कानुन **न्यायविकासिनी**मा उल्लेख गरेको पाइनुले यस प्रथम कानुनले स्त्रीहरूलाई पूर्ण नागरिकको दर्जा नदिएको स्पष्ट देखिएको छ । यसरी पूर्ण नागरिक नमानेकै कारण स्त्रीहरू साक्षी हुन सक्दैनन् भन्ने कुरा पनि यस **न्यायविकासिनी**को पृष्ठ ५० मा उल्लेख गरिएको छ । यति मात्र होइन स्त्रीहरूले गरेको घरजग्गा दान दिने, बन्धकी राख्ने र बिक्री गर्ने काम पनि प्रामाणिक नहुने कुरा **न्यायविकासिनी**को पृष्ठ १० मा उल्लेख गरिएको छ । पति र पुत्र नभएकाहरूलाई राजाले भए पनि सुरक्षा गर्नु पर्छ भन्ने कुरा पृष्ठ ११ मा उल्लेख गरेर स्त्रीहरूलाई दोस्रो दर्जामा राखी न्यायविकासिनीले महिलाहरूमाथि ठूलो अन्याय गरेको देखिन्छ ।[३७३]

### ६.२.४ पृथ्वीनारायण शाहपूर्वको शाहकालमा भएका महिलासम्बन्धी व्यवस्थाहरू

वि.सं. १६६६ देखि वि.सं.१६९६ सम्म ३० वर्ष शासन चलाएका राजा रामशाहकै कारण 'न्याय नपाए गोरखा जानू' भन्ने उखानले ख्याति पाएको थियो । उनले न्यायविधान बनाएर स्थिति बाँधेका थिए । २६ स्थिति भएको **न्यायविधान**ले महिलाका बारेमा राम्रो व्यवस्था गरेको देखिँदैन । यसबाट यस समयमा पनि महिलालाई वैदिक कालमा दिएजस्तो सम्मान दिन सकिएको थिएन भन्न सकिन्छ । उनले बाँधेका २६ स्थितिमध्ये १७ औं स्थितिमा महिलाहरू कसले सुनका गहना लगाउन पाउने र कसले नपाउने भन्ने सम्बन्धमा मात्र

---

[३७१] वस्ती, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या २, पृ. ११ ।

[३७२] अशुशा मैनाली,"विमन्स प्रपर्टी राइट विथ स्पेसल रिफेन्स टु मानव न्यायशास्त्र," **न्यायदूत**,वर्ष ४२, अङ्क १,पूर्णाङ्क १९४,(काठमाडौँ : ने.बा.ए.,२०६७), पृ. ९८ ।

[३७३] प्रवीणता वस्ती र दीक्षा प्रधानाङ्ग, "लैङ्गिक समानताको खोजीमा **न्यायविकासिनी**भित्र पस्दा."**कानुन**,अङ्क ७३, (काठमाडौँ : कानुन व्यवसायी क्लब,फागुन २०६५),पृ.३३-३४ ।

बोलेको पाइन्छ ।[३७४]सुनका गहना श्री ५ पटवन्दी महाराजकी रानीले पाउमा पैह्रनु, चौतारा चौतारनी प्रभृत्तिले श्री ५ महाराजा महारानीबाट बक्सनु भया मात्र पाउमा लाउनू नबक्सी नलाउनू, चौताराका रौतेला रौत्याल्नीले बालककालमा मात्र पाउमा लाउनू, खस प्रभृत्ति अरूले श्री ५ बाट बक्स्या हातमा लाउनू भनी थिति बाँधेको पाइन्छ ।[३७५]

### ६.२.५ राजा पृथ्वीनारायण शाहको दिव्योपदेशमा गरिएका महिलासम्बन्धी व्यवस्थाहरू

वि.सं.१७९९मा गोरखाका राजा भएका पृथ्वीनारायण शाहले १८३१ सम्म ३२ वर्ष शासन चलाएका थिए । नेपालको एकीकरण गर्नेकार्य प्रारम्भ गरेका उनले कानुनहरू बनाउन पनि खोजेका थिए भन्ने कुरा उनको"उप्रान्त राजा रामशाहले बाध्याको स्थिति पनि हेरिसक्याँ, राजा जयस्थिति मल्लले बाध्याको स्थिति पनि हेरिसक्याँ ईश्वरले दियो भन्या म पनि यस्ता बन्देजको स्थिति बाँधीजाला"[३७६]भन्ने भनाइबाट बुझ्न सकिन्छ ।

उनले धेरै नियमहरू दिव्योपदेशमा लेखेका छन् । त्यहाँ महिलाका सम्बन्धमा नलेखिए पनि उनले छोरीलाई बाबु आमाले छोरा बनाएर राख्न सक्ने र त्यस छोरीको सन्तानको थर छोरीकै थरबाट राखिने अधिकार दिएकाले महिलालाई वंशीय अधिकार दिएको स्पष्ट हुन्छ । यसरी छोरीलाई वंशीय अधिकार दिएको कुरा वि.सं. १८२५ मा बडामहाराजाले भोसिङ्ग उदास कि छोरी भीमलक्ष्मी उदासलाई दोलाजी राख्न लगाई अड्डालाई साक्षी राखी छेभँडेल अर्थात् राजदरबारको अड्डामा रु. ५१ दस्तुर तिरी दोलाजी राख्न लगाएकोबाट थाहा हुन्छ । यस्ता दोलाजीबाट जन्मेका सन्तानको थर आमाको हुने परम्परालाई मान्यता दिने परम्परा पनि कायमै राखेका थिए ।यसबाट सम्पत्तिमा बाबुआमा र छोराछोरीको बराबर अधिकार दिइएको थियो भनिए पनि छोरीले बाबुबाट अंश पाउन ३५ वर्ष कुर्नुपर्थ्यो अनि छोरा नहुने छोरीमात्र हुनेले छोरीलाई अंश दिन सक्थ्यो तर छोरीको मृत्युपछि सो सम्पत्ति फेरि बाबुको हकवालाकोमा जाने व्यवस्था थियो ।[३७७] त्यस्तै, पोइल जाने आइमाई भनी विधवा पोइल गएमा, विवाहित पोइल गएमा दण्ड फरक थियो । विधवा

[३७४] काशीराज दाहाल, "नेपालमा भूमिसम्बन्धी कानुनको विकास : एक सिंहावलोकन", **नेपाल कानुन परिचर्चा**, वर्ष ६, अङ्क १, (२०३९), पृ. ४२ ।

[३७५] रेग्मी, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या २३, पृ. १३८ ।

[३७६] द एक्सप्लोर नेपाल ग्रुप, **दिव्योपदेश**, (काठमाडौं : द एक्सप्लोर नेपाल ग्रुप, २०५८), पृ. १० ।

[३७७] कविता श्रेष्ठ, "मध्यकालीन नेपालमा नारीको अवस्था," त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरात्त्व विषयमा विद्यावारिधिका लागि प्रस्तुत शोधप्रबन्ध, २०६४), पृ. ११८ ।

आफ्नो जातभन्दा तल गए दण्ड गरी त्यही जातमा जान सक्थी तर विवाहित गएमा नथुनी काटी विरूप बनाई दण्ड दिइन्थ्यो ।[३७८] यसबाट वैदिककालमा भन्दा पछिका समयमा महिलाहरूमाथि असमान व्यवहार गरिएको स्पष्ट हुन्छ ।

## ६.३ मुलुकी ऐन,१९१० र महिलासम्बन्धी व्यवस्थाहरू

वि.सं. १९०३ देखि वि.सं. १९३४ सम्म ३१ वर्ष शासन गर्नेश्री ३ जङ्गबहादुर राणा वि.सं. १९०६ मा युरोप यात्रामा गएका थिए । फ्रान्स भ्रमणका क्रममा नेपोलियनका भाइ नै उनको पथप्रदर्शक भएकाले दाजु नेपोलियनले बनाएको सिभिल कोड जङ्गबहादुरलाई देखाएका थिए । यही कोड अर्थात् संहिताबद्ध कानुनकै नामबाट कानूनी प्रणालीकै नामाकरण भएको र फ्रान्समा यसैलाई नेपोलियन कोड भन्ने गरिएको कुराले उनलाई नेपालमा पनि लिखित कानुन बनाउन प्रेरणा मिलेको थियो ।[३७९] त्यसैले बेलायतबाट फर्केपछि जङ्गबहादुरको प्रयासबाट १९१० पुष ७ गते १६३ महल भएको प्रथम **मुलुकी ऐन**, १९१० जारी गरियो । प्रारम्भमा यसको नाम राजा सुरेन्द्रको समयमा जारी गरेका कारण **श्री ५ सुरेन्दवीर विक्रम शाहका पालामा बनेको ऐन** भन्ने थियो ।[३८०] पछि यो मुलुकभर लागू हुने ऐन भएकाले यो मुलुककै ऐन अर्थात् मुलुकी ऐन हुन पुग्यो । जङ्गबहादुरको समयमा यसमा वि.सं. १९१९ र १९२९ मा दुईपटक संशोधन गरिएको थियो ।

१९४५ सालमा भने श्री ३ वीरशमशेरले यसलाई पुन लेखाएर ५ भागमा विभाजन गरेका थिए । पछि क्रमैसँग वि.सं. १९५४, १९६१, १९६७, १९७७, १९८०, १९८२, १९८७, १९९०, १९९९, २००३ र २०१२ मा संशोधन हुँदै २०१९ साल साउन मसान्तसम्म यो मुलुकी ऐन लागू भएको थियो ।[३८१]

यो मुलुकी ऐनले वेद, संहिताहरू, ब्राम्हण ग्रन्थ आरण्यक, उपनिषद् वेदाङ्ग शिक्षा, व्याकरण, छन्द ज्योतिष उपाङ्ग धर्मशास्त्र, धर्मसूत्र, स्मृतिहरू (मनुस्मृति, याज्ञवल्क्य स्मृति, नारद स्मृति, विष्णु स्मृति, पराशर स्मृति) पुराण, इतिहास, रामायण, महाभारत अनि मिमांसा, न्याय धर्मशास्त्र निबन्धग्रन्थ र उपवेदहरूका आधारमा महिलालाई अधिकारहरू

---

[३७८] रेग्मी, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या २३, पृ. १३८ ।

[३७९] वस्ती, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या २, पृ. ५ ।

[३८०] **ऐजन** ।

[३८१] **ऐजन**, पृ. ६ ।

दिएको छ । धर्मशास्त्रमा आधारित भएर बनाइएको भए पनि वैदिक कालमा जस्तो महिलालाई अधिकार **मुलकी ऐन,** १९१० ले दिन सकेको भने पाइँदैन । वेदले सती जान बाध्य नगरेको भए पनि पछि बनेका स्मृतिहरूलाई आधार मानेर राणाकालीन यस मुलुकी ऐनमा भने सतीप्रथा कायम राखिएको थियो । प्रथम लिखित कानुन १९१० को मुलुकी ऐनमा राखिएका "जनै दिनेको, गुप्ती वेश्या करणी गर्नेको, नेवार जातको, घटीबढी जातमा करणी गर्नेको, पानी नचल्ने जातको, भातमा बोर्नेको" जस्ता महलहरूलेतात्कालीन समाजको जानकारी गराउँछन् । यस समयमा जातिपाति र छुवाछुतको व्यवस्था रहेछ भन्ने बुझिन्छ भने यस समयमा विवाह, ठूलो जात सानो जात सबैमा गर्न सकिने रहेछ भन्ने पनि स्पष्ट हुन्छ । त्यस्तै वेश्याहरूको सम्बन्धमा पनि कानुनी व्यवस्था गरिएको पाइनुले त्यो बेलाको समाजमा वेश्यागमन सामान्य रहेको पुष्टि गरेको छ, । जुन कुरा "गुप्ती वेश्या करणी गर्नेको" भन्ने छुट्टै महलको व्यवस्था गरिएका बाट बुझ्न सकिन्छ । यसरी लिखित कानुनको एक झलकले तात्कालीन समाजमा स्त्रीहरू मर्यादित थिएनन् भन्ने कुरा छर्लङ्ग पारेको छ ।[७]त्यस्तै, वैदिककालमा जस्तो यस समयमा स्त्रीहरूलाई अध्ययन गर्ने मौका दिइएको थिएन । घरको चार दिवारभित्र मात्र स्त्रीहरू पतिका सुखदायिनी र सहधर्मिणीका रूपमा रहेका थिए । घर परिवारभित्र सन्तान जन्माउने र हुर्काउने जिम्मेबारीमा मात्र महिलाहरू साँघुरिन बाध्य पारिएको यस समयमा स्त्रीलाई शिक्षा प्रदान गर्नु भनेको त सोचभन्दा बाहिरको विषय थियो ।यस समयमा पुरुषहरूलाई सकेजति महिलासँग विवाह गर्ने छुट थियो । सन्तानहरू भने आमाअनुसार बाबुबाट हक प्राप्त गर्ने व्यवस्था यस समयमा थियो । आफ्नै जातको पत्नीबाट जन्मेका सन्तानले पाएको सम्पत्तिको एक चौथाइ मात्र अर्को जातको पत्नीबाट जन्मेको सन्तानले आफ्नो बाबुको सम्पत्तिबाट प्राप्त गर्न सक्ने व्यवस्था थियो ।[३८२]**मुलुकी ऐन,**१९१० ले प्रारम्भमा नै कमारा कमारी राख्न र बिक्री गर्न पाइनेजस्ता प्रावधानहरू राखेको पाइनाले **मुलुकीऐन,** १९१०, महिलाप्रति कठोर भएको स्पष्ट देखिन्छ । यसमा भएका केही व्यवस्थाहरू निम्न छन् :

### ६.३.१ सतीप्रथासम्बन्धी व्यवस्था

१९१० को मुलुकीऐनमा 'सती जान्याको' भन्ने महल राखिएको छ । यसमा पत्नी १६ वर्षमुनिको भएमा पत्नीको १६ वर्ष नपुगेको नावालक छोरा भएमा र ५ वर्षमुनिकी छोरी

[३८२] संग्रौला र पाठक, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या४,पृ. १० ।

भएमा,दोस्रो पति तुल्याई बसेकामा र गर्भवती भएकामा मात्र सती जान नपर्ने प्रावधान थियो ।[३८३] यस सतीप्रथामा अङ्कुश लगाएको पाइए पनि रोक लगाएको भने देखिँदैन । यसमा पनि छोरा १६ वर्ष नपुगेकामा र छोरी भने ५ वर्ष नपुगेमा भनेर छोरीप्रति विभेद गरिएको छ ।मुलुकी ऐन बनाउने श्री ३ जङ्गबहादुरको मृत्युपछि उनका रानीहरू हिरण्यगर्भ कुमारी, पुतलीनानी र मिश्रीमैयालाई नै सती पठाइएको थियो ।[३८४]जसमा पछि चन्द्रशमशेरले १९७७ साल असार २५ गते **मुलुकी ऐन,** १९१० मा संशोधन गरी सती जाने र जानदिने कार्यलाई ज्यानमारासरह बात लाग्ने अपराधको कोटिमा राखे । यस कुराको पुष्टि चन्द्रशमशेरले करिया प्रथा उन्मूलन गर्ने बेलामा जनताको अगाडि दिएको भाषणले गरेको छ । उक्त भाषणमा "सती पोल्ने डरलाग्दो चलन अघि थियो । यो चलन बन्द गरिनु हुँदैन भन्नेहरू काहीँकोही थिए तापनि संवत् १९७७ साल आषाढ २५ गते बृहस्पति बारका दिन ऐन बनी एकदम बन्द गराइएको तिमीहरूलाई यादै होला ।"[३८५]

यसरी सतीप्रथा चन्द्रशमशेरले हटाए पनि पुरुषले धेरैसँग विवाह गर्न हुने तर पत्नीले गरेमा जारी भराई आफूले दिएको लोग्नेले फिर्ता लिन पाउने, जार काट्न पाउने, जातका आधारमा घटिबढी सजायँ हुनेजस्ता कानुनमा गरिएका व्यवस्थाहरू भने कायम नै रहेका कारण यस्ता व्यवस्थाले महिलालाई भेदभाव गरेको स्पष्ट देखिन्छ । यति मात्र गरेको होइन महिलाहरू त पुरुषको निजी चल सम्पत्तिका रूपमा रहेका पनि देखिन्छन् ।[३८६]

### ६.३.२ सम्पत्तिसम्बन्धी व्यवस्था

यस समयमा बनाइएको प्रथम ऐनले गरेको व्यवस्थाअनुसार कुनै पनि परिवारको अंशवण्डा गर्दा विवाह नभएका छोरीको विवाह खर्च पर सारी राखिन्थ्यो । ३५ वर्ष नाघेकी छोरी माइतीमा नै बसेकामा उसले दाजुभाइसरह नै अंश पाउने व्यवस्था गरिएको थियो । यस्ती छोरीले ३५ वर्षको उमेरपछि विवाह गरेमा माइतीबाट पाएको त्यस्तो अंश लिएर जान पाउने व्यवस्था थियो ।[३८७]

---

[३८३] वस्ती, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या२, पृ. २५२ ।

[३८४] राजाराम सुवेदी, **नेपालको तथ्य इतिहास**,(ललितपुर : साझा प्रकाशन, २०६१), पृ. २४२ ।

[३८५] वस्ती, **पूर्ववत्** पादटिप्पणी सङ्ख्या २, पृ. २५३ ।

[३८६] राजेन्द्रकुमार भण्डारी,"नेपालमा महिलाअधिकारको पृष्ठभूमि र वर्तमान अवस्था", **कानुन**,अङ्क ५०, (काठमाडौँ : कानुन व्यवसायी क्लब,२०६२ वैशाख), पृ. १०१ ।

[३८७] रेग्मी, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या २३, पृ.१०२ ।

### ६.३.३ महिलाहरूलाई सजायँमा छुट गर्ने व्यवस्था

यस समयमा विवाहपछि केटा नपुङ्सक भएका अवस्थामा केटी अर्कोसित भागेमा सजायमा छुट दिने कानुन थियो । यसको प्रमाणमा तलको भनाइलाई लिन सकिन्छ :

> चार वर्ण छत्तीसै जात कसैले केटी मागी बिहासमेत भै सकिया पछि केटो नपुङ्सक लिङ्गहीन भयाको कोही र स्वास्नी हाडनाता बाहेक जात मिलदामा भातमा नपारी अर्कासित पोइल गै भन्या ब्राम्हण जातका ब्राह्मणसित गया षत लाग्दैन, जार काटन्या जातकाले जार काट्न पाउदैनन्, जार नकाट्न्या जातकालाई दण्ड जरिवाना पनि हुँदैन, मासिन्या जात मासन पनि हुँदैन, कसैले जार काट्यो भन्या ब्राम्हणले भया अैन बमोजिम् अंस सर्वस्व गरि दामल गर्नु अरू जातको ज्यानको बदला काटि मारि दिनु ।[३८८]

त्यस्तै,स्वास्नीमानिसको सर्वस्व नगर्ने र दण्ड,जरिवानामा कमी गर्ने व्यवस्था गरेको कुरा"सर्वस्व गर्दाको" ऐन नं. १ मा स्वास्नी मानिसहरूले सर्वस्व हुन्या तक्सीर गऱ्यामा सर्वस्व नगर्नु 'स्वास्नीमानिसहरूको सर्वस्व हुँदैन' भनी लेखिएको, "दवाहाको" ऐन नं. २ मा मुद्दा हुने कुरा लुकाएकामा लोग्ने मानिसलाई अंश सर्वस्व र ४ वर्ष कैद हुनेमा आईमाइलाई २ वर्ष मात्र कैद हुने व्यवस्था गरिएको थियो भने लोग्ने मानिसलाई सर्वस्व गरी २ वर्ष कैद हुने भनिएको मुद्दामा स्वास्नी मानिसलाई २० रु. मात्र दण्ड गर्ने व्यवस्था थियो । यसरी यस ऐनले स्वास्नीमानिसको सर्वस्व नगर्ने र दण्ड-जरिवानामा कमी गर्ने व्यवस्था गरेको बुझ्न सकिन्छ ।[३८९]

### ६.३.४ विवाह गर्ने कन्याको उमेरसम्बन्धी व्यवस्था

यस ऐनमा कन्याको विवाह गर्ने उमेर ५ वर्ष तोकेको पाइन्छ । झन् तागाधारी कन्याको त ३० महिनाको उमेर पुग्नुपर्ने व्यवस्था गरिएको थियो भन्ने कुरा "तागाधारी गैह्र जातका छोरी बिहा गर्दा ५ वर्ष मनिका कन्या कसैले बिहा गर्नु हुँदैन, तिन्मा पनि ३० मैन्हा नपुग्याका कन्या विहा गरी दिन्याको अैन बमोजिमको अंश सर्बस्व गरि दसौद लि उपर त्यसै कन्यालाई दाइजो दि छाडि दिनु"[३९०]भनिएकोबाट बुझ्न सकिन्छ ।

१९६५ देखि १९९० सालसम्म भने सबै जातिको हकमा केटीको उमेर ६ वर्ष अर्थात् ७२ महिना नाघेको हुनुपर्ने व्यवस्था गरिएको थियो ।[३९१] यसरी ५ वर्षबाट बढाएर ६ वर्ष हुनु पर्ने व्यवस्था गरे पनि यस्तो व्यवस्थाको खासै अर्थ देखिँदैन ।

---

[३८८] **ऐजन**, पृ. १२३ ।

[३८९] **ऐजन** ।

[३९०] रेग्मी,**पूर्ववत्**,पादटिप्पणी सङ्ख्या २३, पृ. १२४ ।

[३९१] कुमार रेग्मी, "नेपालमा बालविवाह:महिला सशक्तीकरणको प्रारम्भिक अवरोध",**चेतना**, हरिप्रभा खड्गी र अरू (सम्पा.),(काठमाडौं : नेपाल महिला सङ्घ, २०७१), पृ. १३५ ।

### ६.३.५ आइमाईलाई तीर्थयात्रासम्बन्धी व्यवस्था

कागज जाँचको १३ नं. र १४ नं. मा तराईमा बस्नेबाहेक अरू ठाउँमा बस्ने ४५ वर्ष नाघेका आइमाईले भारततर्फ वा कतै हिमालपारी कतै तीर्थ वर्त गर्न जान राहदानी दिन हुने भन्दै ४५ वर्षमुनिका कमारा कमारीलाई भने २५ जनाको पहरा नभै स्वीकृति दिन नहुने भनिएको छ। ४५ वर्ष नपुगेको भए पनि पतिसँग जान भने हुने व्यवस्था गरिएको पाइन्छ।[३९२]

यसरी प्रथम लिखित कानुन वि.सं.१९१० को मुलुकी ऐनले महिलाका लागि गरेको व्यवस्था हेर्दा महिलाहरू माथि अन्याय गरेको स्पष्ट हुन्छ । त्यसमा पनि सतीप्रथा कायम गर्नुचाहिँ झनै दुःखद देखिन्छ ।

## ६.४ २००४ देखि २०१७ सालसम्मका महिलासम्बन्धी कानुनी व्यवस्थाहरू र सरकारले गरेका नीतिगत व्यवस्थाहरू

श्री ३ पद्मशम्शेरका पालामा नेपालमा प्रथम संविधानका रूपमा **वैधानिक कानुन, २००४** जारी गरिएको थियो । यसपछि आन्दोलनको परिणामस्वरूप **अन्तरिम शासन विधान, २००७** ल्याइयो । समयको गतिसँगै अन्तरिम शासन विधानमा पटकपटक संशोधन गरियो । प्रजातन्त्र आएको ८ वर्षपछि प्रजातान्त्रिक संविधान **नेपाल अधिराज्यको संविधान,२०१५** जारी गरियो । यी सम्पूर्ण संविधानहरू र त्यस समयमा जारी गरिएका ऐनहरूले महिलालाई प्रदान गरेकाअधिकारहरू कार्यान्वयन गर्न सरकारले कस्तो नीतिगत व्यवस्था गरेको थियो भन्ने सम्बन्धमा यस शीर्षकमा चर्चा गरिएको छ ।

### ६.४.१ २००४ देखि २०१७ सालसम्मका महिलाका सम्बन्धमा गरिएका कानुनी व्यवस्थाहरू

यस अवधिमा नेपालको प्रथम संविधान मानिएको **वैधानिक कानुन, २००४** जारी गरिएको थियो भने प्रजातन्त्र प्राप्ति पछि **अन्तरिम संविधान, २००७** जारी भएको थियो । यसमा समयसमयमा संशोधन गरिदै प्रावधानहरू थप्ने गरेको देखिन्छ । यसै अवधिमा नेपालको प्रथम प्रजातान्त्रिक संविधान **नेपाल अधिराज्यको संविधान, २०१५** पनि जारी गरिएको थियो । यस परिच्छेदमा ती कानुनहरूले महिलाका सम्बन्धमा केकस्ता व्यवस्थाहरू गरे सो सम्बन्धमा अध्ययन गरिएको छ ।

---

[३९२] **ऐजन**, पृ. १३४ ।

### ६.४.१.१ **वैधानिक कानुन, २००४**

नेपालको प्रथम संविधान **वैधानिक कानुन, २००४** २००५ साल वैशाख १ गतेबाट लागू हुने गरी निम्न अधिकारसहित जारी गरिएको थियो :[३९३]

**वैधानिक कानुन, २००४** को भाग २ मा मौलिक हकसम्बन्धी व्यवस्थाको धारा रहेको छ र यसधाराले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ खोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानुनी पूर्ण समानता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू प्रदान गरेको देखिन्छ ।

संविधानले दिएको उक्त अधिकारबाट महिलाहरूले पनि निम्न अधिकार प्राप्त गरेका थिए भन्ने बुझ्नुपर्ने हुन्छ :

- यसले पुरुषहरूसँगै महिलाहरूलाई पनि मताधिकार प्रदान गरेको थियो,
- निःशुल्क प्रारम्भिक शिक्षाको व्यवस्था गरेको थियो ।

### ६.४.१.२ **अन्तरिम शासन विधान, २००७**

२००७ साल चैत्र २९ गते जारी गरिएको **अन्तरिम शासन विधान, २००७** महिलाका लागि निम्नलिखित अधिकार लिएर आएको पाइन्छ:[३९४]

**अन्तरिम शासन विधान, २००७** को राज्यका निर्देशक सिद्धान्तहरूमा "राज्यले धर्म जाति, जात (वर्ण), लिङ्ग जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन" भनेको थियो भनेयसले निम्नलिखित समानताको अवधारणा उल्लेख गरेको छ :[३९५]

---

[३९३] सुषमा बाँस्कोटा बराल,**नेपालको कानुनः इतिहास र सन्दर्भ**, पहिलो संस्करण, (काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, २०६३), पृ.२९१ ।

[३९४] मुकुन्द रेग्मी, **संवैधानिक विकास नेपाल अधिराज्यको संविधान**,२०४७, खण्ड १, (काठमाडौं : सीतादेवी रेग्मी, मात्रिका रेग्मी र राजेन्द्र रेग्मी, २०६१), पृ. ७६-८५ ।

[३९५] **अन्तरिम शासन विधान**,२००७, भाग २,राज्य नीतिका निर्देशक सिद्धान्तहरू, धारा १४ ।

- जीवन निर्वाह गर्न चाहिने पर्याप्त साधनमा नरनारी सबै नागरिकको समान हक दिने भनेर महिलालाई पनि पुरुषसरह अधिकार दिएको थियो,[३९६]
- स्त्रीपुरुष दुवैलाई समान कामका लागि समान तलब दिलाउने भनेर समानता कायम गरेको थियो,[३९७]
- मजदुर, स्त्री पुरुषको स्वास्थ्य र बालक तथा केटाकेटीहरूको कलिलो उमेरको दुरुपयोग हुन नदिने भन्ने व्यवस्था गरेर महिलापुरुषमा समानता कायम गरेको थियो ।[३९८]

यस **अन्तरिम शासन विधान,** २००७मा छ पटक संशोधन गर्दा पनि महिलाका सम्बन्धमा अधिकार दिने प्रावधान थपिएको भने पाइँदैन ।

### ६.४.१.३ **नेपाल अधिराज्यको संविधान, २०१५**

२०१५ साल वैशाख १ गतेबाट लागू हुने गरी जारी गरिएको प्रथम संविधानले महिलालाई मुख्य रूपमा निम्न अधिकार प्रदान गरेको छ :

#### (क) **समान मताधिकार**

समान मताधिकार प्राप्त गर्न अन्तर्राष्ट्रिय जगत्का महिलाहरूले धेरै सङ्घर्ष गर्नुपरेको थियो, तर यस संविधानले महिलाहरूलाई पनि पुरुषलाईसरह मताधिकार दिएर समान अधिकार दिएको थियो ।[३९९]

#### (ख) **मौलिक हकको व्यवस्था**

यसको भाग २ को मौलिक हकसम्बन्धी व्यवस्थाको धारा ४ ले लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ खोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानुनी पूर्ण समानता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू दिने काम भएको छ भनेकाले यस **नेपाल अधिराज्यको संविधान, २०१५** ले सबै सँगै महिलाहरूलाई पनि मताधिकार प्रदान गरेको थियो र निःशुल्क प्रारम्भिक शिक्षाको व्यवस्था गरेको थियो

[३९६] **ऐजन**,धारा ४(क)।

[३९७] **ऐजन**, धारा ४(घ) ।

[३९८] **ऐजन**, ४(ङ) ।

[३९९] बाँस्कोटा बराल,**पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ५०, पृ.२९१ ।

।[४००] यसले सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग जातजातिका आधारमा भेदभाव गरिने छैन भनेर समानता कायम गर्न खोजेको थियो ।[४०१]

(ग) **सरकारी सेवामा समानताको व्यवस्था**

यस संविधानले सरकारी सेवाको नियुक्तिमा विभेद गरिने छैन भन्ने प्रावधान उल्लेख गरेर पनि समानता कायम गर्न खोजेको पाइन्छ । यस संविधानले मौलिक हकअन्तर्गत सबै नागरिक कानुनको समान संरक्षणका हकदार हुने व्यवस्था गरेको भए पनि त्यस समयका कानुनहरू संविधानसँग मेल खाने गरी बनाइएका थिएनन् । पछि यो संविधान छिट्टै विघटन भएकाले यसले सुनिश्चित गरेका अधिकारहरू पनि कार्यान्वयन हुन सकेनन् ।[४०२]

**६.४.१.४ अन्य अधिकारहरू**

नेपालमा पहिलोपटक प्रजातन्त्र आएको यस समयावधिमा महिलाहरूले गरेको आन्दोलनले महिलाहरूलाई घरको चार दिवारबाट बाहिर ल्याइदिएको थियो । महिलाहरूले स्कूल खोलेर अध्ययन गर्नुपर्छ भन्ने भनाइ अघि सारेका थिए भने कविता लेख्न जान्नेहरूले कविताकै माध्यमबाट चेतनाको बिगुल फुकेका थिए । गोप्य रूपमा सङ्गठन गर्दै अत्याचार विरुद्ध लड्न कम्मर कस्ने महिलाहरू राणा सरकारसामु राजनीतिक डेलिगेसनसम्म लिएर नडराई गएका थिए । सामूहिक जलसमाधिको नेतृत्वसमेत गर्दै आन्दोलन गरेकै कारण तात्कालीन समयमा विश्वजगत्का महिलाहरूले भरखर-भरखर प्राप्त गरेको मताधिकार प्राप्त गर्न सफल भएका थिए । तर २०११ सालमा सल्लाहकार सभामा प्रस्तुत गरिएको **नेपाल नारी संरक्षण विधेयक** भने ऐन बन्न सकेको पाइँदैन । यसबाट प्रजातन्त्रले देखावटी रूपमा एकदुई जनालाई अवसर दिएको पाइए पनि महिलालाई समान अधिकार दिने सम्बन्धमा भने ध्यान नदिएको स्पष्ट हुन्छ ।

**६.४.२ २००४ देखि २०१७ सालसम्म गरिएका महिलासम्बन्धी नीतिगत व्यवस्थाहरू**

निरङ्कुश राणा सरकारको ज्यादती चरमोत्कर्षमा पुगेको यो समय राणाविरोधी आन्दोलनमा केन्द्रित थियो । २००७ सालमा प्रजातन्त्र आएपछि बल्ल योजनाबद्ध रूपमा काम गर्न प्रजातान्त्रिक सरकारले २०१३ सालमा नै पञ्चवर्षीय योजना लागू गरेको थियो । २०१३

---

[४००] **नेपाल अधिराज्यको संविधान,२०१५** को धारा ४ ।

[४०१] **ऐजन,** धारा ४(२) ।

[४०२] भण्डारी, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या४५, पृ. १०२ ।

देखि २०१८ सालसम्मको पाँच वर्षको अवधिलाई पञ्चवर्षीय योजनाका रूपमा प्रस्तुत गरिएको भए पनि महिला हकहितका कुरा त परै छाडौं केही पनि काम राम्रोसँग गर्न नै नपाउँदै २०१७ साल पुष १ गते प्रजातन्त्रमाथि कुठाराघात गरियो । अनि देशमा पञ्चायती व्यवस्था लागू हुन पुग्यो । यति हुँदाहुँदै पनि यस समयमा संसदको निर्वाचनमा महिलालाई टिकट दिने नीति लिएको, सल्लाहकार सभामा ३ जना महिलालाई सल्लाहकारका रूपमा राखेको जस्तो कार्यबाट महिलाप्रति देखाइएको सद्भाव बुझ्न सकिन्छ ।

## ६.५ पञ्चायती व्यवस्थाको समय (वि.सं. २०१७-२०४६) मा महिलाअधिकारका दृष्टिले बनेका कानुनहरू र नीतिगत व्यवस्थाहरू

यस समयमा महिलाहरूले गरेको आन्दोलनबाट महिलाहरूलाई मात्र उपलब्धि हात लाग्ने भन्ने थिएन । यस समयमा महिला हुन् या पुरुष सबैले प्रजातन्त्र प्राप्तिलाई नै आन्दोलनको लक्ष्य बनाएकाले प्रजातन्त्रभित्र प्राप्त हुने उपलब्धि नै महिलाहरूले प्राप्त गरेको अधिकार थियो । यस अवधिमा धेरै ऐन कानुनहरू जारी गरिएका थिए । यस समयमा जारी गरिएका कानुनहरू **नेपालको संविधान**, २०१९, **नयाँ मुलुकी ऐन** २०२० तथा अन्य ऐन नियमहरूथिए । ती ऐन कानुनहरूमा महिलाअधिकारका सम्बन्धमा गरिएका व्यवस्थाहरू उल्लेख गर्नाका साथै श्री ५ को सरकारले महिलालाई अधिकार दिने सम्बन्धमा गरेका नीतिगत व्यवस्थाका बारेमा यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ६.५.१ पञ्चायती व्यवस्थाको समयमा जारी गरिएका कानुनमा महिलाअधिकार

प्रजातान्त्रिक सरकारलाई हटाएर श्री ५ महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि **नयाँ मुलुकी ऐन**, २०२० र **नेपालको संविधान**, २०१९ जारी गरिएको थियो । त्यस्तै,यस समयमा **सैनिक ऐन**, २०१६, **नेपाल नागरिकता ऐन**, २०२०, **भूमिसम्बन्धी ऐन**, २०२१, **बोनस ऐन**, २०३० **व्यक्तिगत घटना दर्ता ऐन**, २०३३, **सामाजिक व्यवहार सुधार ऐन**, २०३३, **वैदेशिक रोजगार ऐन**, २०४२ आदि जारी गरिएका थिए । ती कानुनहरूले महिलाका सम्बन्धमा गरेका व्यवस्थाहरूलाई यस शीर्षकमा चर्चा गर्ने प्रयास गरिएको छ ।

#### ६.५.१.१ महिलाअधिकारका दृष्टिले नेपालको संविधान, २०१९

**नेपालको संविधान**, २०१९ ले संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता शीर्षकअन्तर्गत नेपालमा स्थायी वासस्थान भएको देहायको प्रत्येक व्यक्तिअनुसार नेपालको नागरिक ठहर्नेछ भनिएको छ ।

- जो नेपालमा जन्मेको हो, जसको आमा बाबुमा एकजना नेपालमा जन्मेको हो, नेपालको कानुन र रीतबमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस वा नेपालको कानुनबमोजिम जसले नागरिकताको प्रमाणपत्र लिइसकेको छ ।[४०३]

त्यस्तो प्रत्येक व्यक्ति यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्नेछ भनिएबाट आमाको नामबाट पनि सन्तानलाई नागरिकता दिन सकिने व्यवस्था यस संविधानले गरेको ज्ञात हुन्छ ।[४०४] त्यस्तै यस संविधानले निम्न शीर्षकअर्न्तगत महिलालाई केही न केही अधिकार दिएको देखिन्छ ।

**(क) समानताको हक**

यस संविधानको धारा १० मा समानताको हकअन्तर्गत सबै नागरिक कानुनको समान संरक्षणका हकदार हुनेछन् भनिएको छ । त्यस्तै सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, लिङ्ग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन पनि भनिएको छ । यतिमात्र होइन सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जातजाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनिएको पनि पाइन्छ ।[४०५]

**(ख) महिला सहभागी अनिवार्य गराउने व्यवस्था**

यस संविधानको धारा ३४(२) ख मा महिलाहरूलाई सङ्गठित गर्न अनुसूची ५ मा तोकेबमोजिम ३ जना महिला राष्ट्रिय पञ्चायतमा निर्वाचन गर्नैपर्ने व्यवस्था गरिएको थियो ।

**(ग) अन्य हकसम्बन्धी व्यवस्था**

यसमा बालक वा स्वास्नी मानिसको हितको संरक्षण गर्न भन्ने वाक्य प्रयोग भएकाले[४०६] यसले महिलाहरूको हित गर्ने बारेमा सोचेको रहेछ भन्ने बुझ्न सकिन्छ ।

यस संविधानले कतिपय कुरामा समानताको व्यवस्था गरेको पाइए पनि लिङ्गका आधारमा गरिने भेदभावहरू यथावत् नै रहेको थियो । संविधानसँग बाझिएका कानुनहरू

---

[४०३] **नेपालको संविधान** २०१९, तेस्रो संशोधन समेत, भाग २, धारा ७ ।

[४०४] **ऐजन**, २, ७(ख) ।

[४०५] **ऐजन**,भाग ३, धारा १० को उपधारा १,२, ३ ।

[४०६] **ऐजन**,धारा १७ (२) च ।

अमान्य वा वदर घोषित गर्न न्यायिक पुनरावलोकनको अख्तियारीद्वारा सर्वोच्च अदालतलाई अधिकार सम्पन्न बनाइएको थिएन न त संवैधानिक समानताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गरिने प्रभावकारी संयन्त्रको व्यवस्था नै गरिएको थियो ।[४०७]

२०३२ सालमा गरिएको **नेपालको संविधान, २०१९** को दोस्रो संशोधनले तात्कालीन पञ्चायतका हरेक निकायहरूमा महिला सहभागिता सुनिश्चित गराउनु पर्ने व्यवस्था गरेको थियो । यस व्यवस्थानुसार गाउँ, नगर, जिल्ला आदि विभिन्न तहहरूको निर्वाचनमा कम्तीमा एक जना महिला अनिवार्य रूपले उम्मेदबार बनाउनुपर्ने नयाँ व्यवस्था थप गरेको थियो ।[४०८] यदि जिल्ला पञ्चायतको निर्वाचनमा एकजना महिला पनि निर्वाचित हुन नसकेमा गाउँफर्क राष्ट्रिय अभियानले मनोनित गर्ने चारजना जिल्ला पञ्चायतका सदस्यहरू मध्ये एक जना महिला मनोनित गर्नै पर्ने थप व्यवस्था गरेको थियो ।[४०९] यसरी यस संशोधनले महिलाहरूलाई राजनीतिक निकायमा सहभागी हुन पाउने केही हक प्रदान गरेको पाइन्छ । उक्त हकलाई २०३७ सालमा गरिएको **नेपालको संविधान, २०१९** को तेस्रो संशोधनले सङ्कुचित बनएको देखिन्छ । जसले पञ्चायतको कुनै पनि तहको निर्वाचनमा उम्मेदबार हुन संविधानले व्यवस्था गरेको ६ वटा वर्गीय सङ्गठनहरूमध्ये कुनै एकको अनिवार्य सदस्य भएको हुनुपर्ने व्यवस्था गरेर स्वतन्त्र महिलाहरूलाई उम्मेदबार बन्न रोक लगाएको थियो ।[४१०]

### ६.५.१.२ **नयाँ मुलुकी ऐन,** २०२०

राजा महेन्द्रले २०२० साल भाद्र १ गते क्रान्तिकारी **नयाँ मुलुकी ऐन, २०२०** जारी गरेका थिए । यस ऐनले बालविवाह, बहुविवाह रअनमेल विवाहको विरोध गर्दै जातिपातिको अन्त गर्न खोजेको थियो । यस **मुलुकी ऐन, २०२०**ले महिलाहरूका सम्बन्धमा निम्न अधिकारको व्यवस्था गरेको थियो ।

मुलुकी ऐन अंशवण्डाको १ नं. मा अंशवण्डा गर्दा बाबु आमा र छोराहरूको बीचमा मात्रै गर्नुपर्छ भन्ने व्यवस्था यसमा गरिएको थियो । अर्थात् यसमा अंशवण्डा गर्दा बाबु,

---

[४०७] भण्डारी, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या ४५, पृ. १०३ ।

[४०८] हेमनारायण अग्रवाल, **नेपाल ए स्टडी इन कन्स्टिच्यूसनल चेन्ज,**(भारत : अक्सफोर्ड एन्ड आई.बी.एच. पब्लिसिङ् कम्पनी, सन् १९८७),पृ. ७१ ।

[४०९] गणेशचन्द्र अधिकारी (सम्पा), **संविधान सुधार : एक चर्चा**, (जनकपुर : पञ्चायत विकास प्रशिक्षण केन्द्र, प्रकाशन तथा प्रचार विभाग, २०३२), पृ. ४ ।

[४१०] **पञ्चायत ऐन,** २०३८, परिच्छेद २, धारा ३, (काठमाडौँ : श्री५ को सरकार, कानुन किताब व्यवस्था समिति, २०३८, पृ. १५४ ।

आमा, स्वास्नी र छोराहरूको जीयजियैको अंश गर्नुपर्छ भनिएको पाइन्छ ।[४११] छोरीहरूले अंश हक प्राप्त गर्न विवाह गर्नु हुँदैन र उमेर ३५ वर्ष पुग्नुपर्छ भन्ने व्यवस्था यसमा गरिएको थियो अर्थात् पैतीस वर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरासरह अंश पाउने व्यवस्था गरिएको थियो । अंश लिएपछि विवाह भयो वा पोइल गई भने उसले पाएको अंशबाट ऐनबमोजिमको विवाह खर्च पर सारी बाँकी ऐनले हक पुग्नेले पाउँछ[४१२]भन्ने व्यवस्था यसमा गरिएको थियो । यसरी महिलाले ३५ वर्ष कुरेर पाएको अंश हकको सम्पत्ति पनि पूर्ण रूपमा आफूखुशी गर्न नपाइने व्यवस्था गरेर अर्थात् अंश लिएपछि विवाह गरेमा अंश फिर्ता गर्नुपर्ने व्यवस्था गरेर यो ऐनले अनुदारता देखाएको थियो । विधवा महिलाले ३० वर्षको उमेर पुगेपछिमात्र अंश पाउने, अर्थात् अंश नभई एकाघरसँग बसेकी छोरा नहुने विधवा स्वास्नी मानिसले उमेर ३० वर्ष ननाघी सँगै बस्ने हकवालाले आफूसरह खान, लाउन, दान र पुण्य गर्न दिएसम्म अंश लिई भिन्न बस्न नपाउने व्यवस्था गरिएको थियो भने सो बमोजिम नगरे ३० वर्षको उमेर नपुगेको भए पनि अंश लिई भिन्न बसी खान पाउँछे भन्ने व्यवस्था गरिएको थियो । तर सो कुरा प्रमाणित गर्न सरल नभएकाले विधवा महिलालाई उमेर ३० वर्ष नपुगी अंश पाउने  अवस्था भने भएको पाइँदैन ।

त्यस्तै, यस मुलुकी ऐनमा सधवा महिलाले आफ्नो पतिसँग आफ्नो भागको सम्पत्ति प्राप्त गर्न पनि ३० वर्ष उमेर पुग्नु पर्ने व्यवस्था गरिएको थियो अर्थात् मुलुकी ऐनको छैटौं संशोधनले दफा १०(क) को थप व्यवस्था गर्दै यसै महलको १० नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह भएको कम्तीमा १५ वर्ष र उमेर पैतीस वर्ष पुगिसकेकी स्वास्नी मानिसले चाहेमा लोग्नेसित अंश लिई भिन्न बस्न पाउँछे भनिएको थियो ।[४१३] यस्तो व्यवस्था महिलाका लागि उपयुक्त थिएन । यसै महलको १८ नं. मा २०३३ साल साउन २८ गते भएको छैटौं संशोधनद्वारा स्त्री अंश धनको ५ नं. बमोजिम पाएको सम्पत्ति निजी आर्जनको हुने व्यवस्था गर्दै स्त्री अंश धनको २ नं. मा रहेको ३ पुस्ताभित्रका हकदारको मन्जुरी लिनुपर्ने व्यवस्था खारेज गरेर महिलाको हक सुरक्षित गरेको थियो  ।

[४११] **मुलुकी ऐन,** २०२०, सातौं संशोधन, अंशवण्डाको महल १३, दफा १ ।

[४१२] **ऐजन,** दफा १६, छैठौं संशोधन ।

[४१३] **ऐजन,** दफा १०(क), पृ. १३६ ।

मुलुकी ऐनको अपुतालीको महलमा अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा वा छोराको छोरा भएसम्म छोरीले अपुताली नपाउने व्यवस्था गरिएको थियो ।[४१४] तर भिन्न भै बसेका लोग्ने, स्वास्नी, छोरा वा छोराका छोराले हेरचाह नगरी छोरी वा छोरी ज्वाइँले स्याहारसम्भार गरी पालेकी रहिछ भने त्यसरी पालेको बाबुआमा वा सासुससुराको अपुताली पाल्ने छोरी वा छोरी ज्वाइँले पाउँछन्, हकवालाले पाउँदैनन् भनेर छोरीलाई यस्तो अवस्थामा भने अधिकार दिइएको थियो ।[४१५] त्यस्तै, एकै आमापट्टिका छोरा मात्र छन् र ऐनबमोजिम अंशबण्डा गरेपछि बाबुआमा मात्रै बसेको अवस्थामा लोग्ने मरे स्वास्नीको र स्वास्नी मरे लोग्नेले जिउनी पाउने अनि लोग्नेसँग छुट्टिएर भिन्न बसेकी स्वास्नी मरेकामा छोरा भए छोराले र छोरा नभए लोग्नेले पाउने, लोग्ने पनि नभए सौतेनी छोराले पाउने व्यवस्था गरेको पाइन्छ ।[४१६]

मुलुकी ऐन लोग्ने स्वास्नीको महलको २ नं. ले स्वास्नीले अरूसित करणी गराएकी छु भनेमा स्वतः सम्बन्धबिच्छेद हुने व्यवस्था गरेको थियो  तर बहुविवाह गर्न नपाइने भनेर कानुनमा स्पष्ट उल्लेख गरेको भए पनि पुरुषले बहुविवाह गरेका अवस्थामा सम्बन्धबिच्छेद भएकामा मात्र खान लाउन पुग्ने आफ्नो आयस्था नभएकी स्वास्नी मानिसले खान लाउन खर्च भराउन चाहेमा लोग्नेले त्यस्तो सम्बन्धबिच्छेद भएकी स्वास्नीलाई आफ्नो इज्जत आमद्अनुसार अदालतले तोकेबमोजिम एकसरो खान लाउन खर्च भर्नुपर्छ, त्यस्तो खर्च सम्बन्धबिच्छेद गरेको मितिले ५ वर्षसम्म वा त्यस्तो स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म जुन अगाडि हुन्छ सो समयसम्म मात्र भर्नुपर्छ भन्ने व्यवस्था गरेको थियो ।[४१७] यसरी यस मुलुकी ऐनको यस महलले महिलाहरू माथि  दया मात्र देखाएको थियो । २०३३ सालमा गरिएको मुलुकी ऐनको छैटौं संशोधनले विवाह गर्ने केटाको उमेर बाबुआमाको मञ्जुरी भएमा १८ वर्ष तोकेको थियो भने केटीको उमेर १६ वर्षको हुनुपर्ने व्यवस्था गरेर असमान व्यवहार गरेको थियो । त्यस्तै, मन्जुरी नभएमा त झन् केटाको उमेर २१ वर्ष र केटीको उमेर १८ वर्ष तोकी ३ वर्षको असमानता गरेको थियो ।[४१८] मुलुकी ऐन अदालती

---

[४१४] **ऐजन,** अपुतालीको महल, छैठौं संशोधन, दफा २ ।

[४१५] **ऐजन,** महलको दफा ३ ।

[४१६] **ऐजन,** दफा १०, पृ. १५० ।

[४१७] **ऐजन,** छैटौं संशोधन, दफा ४(क) ।

[४१८] **ऐजन,** विवाहबारीको महलको दफा २ ।

बन्दोबस्तको दफा ११० नं. मा समाह्वान इतलायनामा म्याद सूचना तामेल गर्न पठाउँदा तामेल पनि एकाघरका भरसक लोग्ने मानिसलाई बुझाउनु पर्छ भनी महिलामाथि असमान व्यवहार गरिएको थियो ।

समाह्वान इतलायनामा म्याद पूर्जी सूचना तामेल गर्न खटिएका सरकारी कर्मचारीलाई तामेल गर्नुपर्ने समाह्वान इतलायनामा म्याद पूर्जी सूचनाको तीनप्रति जिम्मा दिई भरपाई गराउनु पर्छ, निजले पनि सम्बन्धित व्यक्ति चिने जहाँ फेला परे पनि निजलाई बुझाउन हुन्छ, सम्बन्धित व्यक्ति फेला नपरे वा नचिने निजको ठेगानामा गई बुझी घर डेरा पत्ता लगाई मानिस चिनी स्थानीय पञ्चायतको सदस्य वा सचिव, वडा समितिको सदस्य वा तालुकदारमध्ये एकजना वा अरू स्थानीय भलादमी दुईजना रोहबरमा राखी बेटिकटवाला समाह्वान इतलायनामा म्याद पूर्जी सूचना दिए तामेल गरेको दिन मिति लेखी सम्बन्धित व्यक्तिलाई भेट भए निजैलाई निज भेट नभए त्यसका उमेर पुगेको एकाघरका जहानमा भरसक लोग्ने मानिसलाई र नभए स्वास्नी मानिसलाई दिई र निजहरू पनि भेट भएनवा भए पनि बुझी लिएन भने त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी टाँसी अड्डामा दाखिल गर्ने टिकटवाला समाह्वान इतलायनामा म्याद पूर्जी सूचनाको पीठमा कसलाई दिए टाँसिएको हो सो र दिए टाँसिएको दिनको मितिसमेत लेखी सो दिए टाँसिएको बखतमा भएको माथि लेखिएका मानिसहरू समेतको प्रष्ट बुझिने गरी ऐनबमोजिम सहीछापगरी गराई सो तामेल गर्ने कर्मचारीले समेत सहीछाप गरी दाखिल गर्न ल्याउनु पर्छ भनिएको थियो ।

यसबाट अदालती कारबाहीको क्रममा अदालतबाट जारी हुने म्याद, सूचना आदि तामेल गर्दा सम्बन्धित व्यक्ति भेट नभएमा एकाघरका जहानमा भरसक लोग्ने मानिसलाई र नभए मात्र स्वास्नी मानिसलाई भन्ने व्यवस्था गरेर असमान व्यवहार गरेको थियो ।[४१९] मुलुकी ऐन अंशवण्डाको १० नं. मा पिताले आफ्ना छोरालाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिनुपर्छ भन्ने व्यवस्था गरिएको भए पनि छोरीका सम्बन्धमा भने केही नबोलेर असमान व्यवस्था गरेको थियो ।[४२०]

---

[४१९] **ऐजन**, अदालती बन्दोबस्तको महल, दफा ११० ।

[४२०] **ऐजन**, अंशवण्डाको महल, दफा १०, पृ. १३५ ।

### ६.५.१.३ **सैनिक ऐन, २०१६**

**सैनिक ऐन**, २०१६ ले महिला भर्ना सम्बन्धमा श्री ५ को सरकारले निर्दिष्ट गरेबमोजिम डिपार्टमेन्ट, हिस्सा वा शाही नेपाली सेनाको कुनै अङ्ग वा सो शाही नेपाली सेनाको कुनै भागसित संलग्न रहेको सङ्घमा बाहेक कुनै पनि महिलालाई शाही नेपाली सेनामा भर्ना लिने वा काममा लगाइने छैन भन्ने व्यवस्था गरिएको थियो । यसरी सेनामा महिलालाई बेवास्तागरेर असमान व्यवहार गरिएको थियो ।[४२१]

### ६.५.१.४ **नेपाल नागरिकता ऐन, २०२०**

यस ऐनले सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा बाबु नेपाली भएमा मात्र वंशजको आधारमा सन्तानले नागरिकता पाउने व्यवस्था गरेर असमानता गरेको थियो ।[४२२]

### ६.५.१.५ **भूमिसम्बन्धी ऐन, २०२१**

यस ऐनले “मोहीको हक र दायित्व” भन्ने शीर्षकमा मोहीको मृत्युपछि मोहियानी हक निजपछि निजका एकासगोलका पति, पत्नी, छोरा, आमा, बाबु, धर्मपुत्र, पैतीस वर्ष पुगेकी अविवाहित छोरी, बुहारी, नाति, नातिनी बुहारी वा दाजुभाइहरूमध्ये जग्गावाला व्यक्तिले पत्याएको व्यक्तिलाई मात्र मोहियानी हक प्राप्त हुनेछ भन्ने व्यवस्था गरेको थियो । त्यस्तै छोरी अविवाहित र ३५ वर्ष उमेर पूरा गरेकी छ भने मात्र त्यस्ती छोरीलाई मोहियानी हक प्राप्त हुन सक्ने व्यवस्था गरेर भूमिसम्बन्धी ऐनले असमान व्यवहार गरेको थियो ।[४२३]

### ६.५.१.६ **बोनस ऐन, २०३०**

यस ऐनमा रहेको “वारेस वा परिवारका सदस्यलाई बोनस दिने” भन्ने शीर्षकमा[४२४] कुनै कर्मचारीको मृत्युपछि निजले कसैलाई इच्छाएको अवस्था नभएमा वा इच्छाएको व्यक्तिको मृत्यु भएको अवस्थामा बोनस पाउने क्रममा सगोलको पति वा पत्नी, सगोलको छोरा, सगोलको अविवाहिता छोरी, सगोलका बाबुआमा र छोरापट्टिका नाति आदि गर्दै क्रम उल्लेख गरिएको थियो । यसरी महिलालाई छोरा पछि मात्र स्थान दिइएको थियो ।[४२५]

---

[४२१] **सैनिक ऐन**, २०१६, परिच्छेद ३, दफा १० ।

[४२२] **नेपाल नागरिकाता ऐन**,२०२०, दफा ३ ।

[४२३] **भूमिसम्बन्धी ऐन**, २०२१,दफा २६ ।

[४२४] **बोनस ऐन**, २०३०, दफा १० ।

[४२५] **ऐजन**, दफा १०(२) ।

### ६.५.१.७ **व्यक्तिगत घटना दर्ता ऐन**, २०३३

यस ऐनमा देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनाका लागि त्यस्तो घटना घटेको ३५ दिनभित्र सूचना दिनु पर्छ ।जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेका पुरुषहरूमध्ये सबैभन्दा जेठोले दर्ता गर्नुपर्छ भन्ने व्यवस्था गरिएको थियो ।यसमा आफ्ना सन्तानको जन्म र मृत्यु दर्ता गर्ने अधिकारसम्म जन्मदिने आमालाई दिइएको थिएन ।[४२६]

### ६.५.१.८ **सामाजिक व्यवहार सुधार ऐन**, २०३३

विवाह, व्रतबन्धजस्ता सामाजिक व्यवहारमा भइरहेको बढ्दो प्रतिस्पर्धा नियन्त्रण गर्न बनेको यस ऐनले एउटै कुरामा महिला पक्षलाई बढी र पुरुष पक्षलाई कम जरिवाना गरेर भेदभाव गरेको थियो । छोरीको विवाह गरिदिँदा सोबापत दुलही पक्षले आफ्ना लागि कुनै नगदी जिन्सी लिएमा बिगो जफत गरी रु. १२,०००/- देखि रु. २५,०००/- सम्म जरिवाना गर्ने व्यवस्था थियो, तर दुलाहा पक्षले यति गहना, कपडा, नगद, जिन्सी र जेथा चाहिन्छ भनेमा रु. १०००/- सम्म जरिवाना र १५ दिन कैदको व्यवस्था तोकिएको थियो । उस्तै कसुरमा फरक सजाय गर्नु विभेद नै हो ।[४२७]

### ६.५.१.९ **वैदेशिक रोजगार ऐन**, २०४२

यस ऐनमा जुनसुकै कुरा लेखिएको भए पनि इजाजतपत्र वालाले "नाबालक र महिलालाई" वैदेशिक रोजगार उपलब्ध गराउन पाउने छैन भन्ने व्यवस्था गरिएको थियो । वैदेशिक रोजगारको निहुँ बनाएर विदेशमा लगी नेपाली चेली बेच्न सक्छन्, विदेशमा यौन शोषण हुन सक्छ भनेर संरक्षण गर्ने उद्देश्यबाट यो संशोधन गरिएको भनिएको पाइन्छ, तर यसबाट असमान व्यवस्था प्रस्ट रूपमा भएको देखिन्छ ।[४२८]

### ६.५.१.१० **निवृत्तकोष ऐन**, २०४२

२०४२ सालमा जारी गरिएको यस ऐनको दफा २३ को उपदफा १ मा कर्मचारीको खातामा जम्मा रहेको रकम निजको मृत्युपश्चात निजले इच्छाइएको व्यक्तिले पाउने, त्यस्तो व्यक्ति नभएमा निम्न क्रम अनुसार पाउने भनिएको थियो ।

---

[४२६] **व्यक्तिगत घटना दर्ता ऐन**, २०३३ को दफा ४ (१) ।

[४२७] **सामाजिक व्यवहार सुधार ऐन**, २०३३ को दफा ४ ।

[४२८] **वैदेशिक रोजगार ऐन**, २०४२, दफा १२ ।

(क) सगोलको पति वा पत्नी, सगोलको छोरा अविवाहित छोरी, बाबुआमा, नाति वा नातिनी

(ख) भिन्न बसेका पति वा पत्नी, छोरा अविवाहित छोरी, बाबुआमा,बाबुपट्टिका बाजे बज्यै, दाजुभाइ, अविवाहित दिदी बहिनी, विधवा छोरा बुहारी,

(ग) सगोलकी सौतेनी आमा, भतिजा,भतिजी,

(घ) भिन्न बसेका छोरा पट्टिको नाति,

(ङ) सगोलका काका, विधवा काकी,भाउजू बुहारी, नातिनी बुहारी, भिन्न बसेका दाजुभाइ, र

(छ) विवाहित दिदीबहिनीहरू ।[४२९]

यसरी यस **निवृत्त कोष ऐन**, २०४२ ले महिलालाई हक दिन स्पष्ट रूपमा कन्जुस्याइँ गरेको देखिन्छ ।

### ६.५.१.११ जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण), ऐन २०४३

मुलुकी ऐनमा व्यवस्था गरिएको जिउ मास्ने बेच्नेसम्बन्धी व्यवस्था अपुग भएकाले यो ऐन ल्याइएको भनिए पनि यसले स्वेच्छाले वेश्यावृत्ति गर्नेका सम्बन्धमा केही बोलेको पाइँदैन न त नियन्त्रण तथा प्रतिबन्धित गर्ने कानुनी प्रावधानहरू नै छन् ।[४३०] यस्तै न त किन्ने व्यक्तिलाई गर्ने सजायँ नै पर्याप्त छ, त्यसैले यो ऐनले महिलालाई सुरक्षा प्रदान गर्न सकेको देखिँदैन । त्यस्तै कानुनमा व्यवस्था गरिएकै प्रावधानको पनि कार्यान्वयन हुन नसकेका कारण पीडित महिलाको संरक्षण हुन सकेको देखिँदैन ।[४३१]

### ६.५.१.१२ नेपाल सन्धि ऐन, २०४७

**नेपाल सन्धि ऐन, २०४७** को दफा ९ (क) मा " नेपालले अनुमोदन गरेको सन्धि नेपालको राष्ट्रिय कानुन सरह लागू हुनेछ ।" भन्ने व्यवस्था रहेको छ । यस्तो व्यवस्था भएकै कारण अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूमा हस्ताक्षर गरेपछि सो कानुनसरह मान्य भएकाले

[४२९] श्री ५ को सरकार, **निवृत्तकोष ऐन**,२०४२, नेपाल ऐन सङ्ग्रह खण्ड ४(ख) (काठमाडौँ : श्री५को सरकार कानुन किताब व्यवस्था समिति, २०५०), पृ .९७ ।

[४३०] विमला शाक्य, "नेपालमा महिलाहरूको कानुनी स्थिति : एक ऐतिहासिक अध्ययन वि.सं. (२००७-२०४७ सम्म)," मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधिका लागि त्रि.वि. मा प्रस्तुत शोधप्रबन्ध, (२०६७), पृ. १७० ।

[४३१] **जिउ मास्ने बेच्ने नियन्त्रण ऐन**, २०४३।

हाम्रा कानुनहरूमा भएका असमान प्रावधानहरू हटाउन मुलुकी ऐनमा एघारौँ संशोधन गरिएको थियो भने एघारौँ संशोधनले समान व्यवहार गर्न नसकेका प्रावधानका हकमा पनि सर्वोच्च अदालतले आदेश  गरेको थियो ।

### ६.५.२ पञ्चायतकालमा महिला उत्थानका लागि गरिएका नीतिगत व्यवस्थाहरू

कुनै पनि व्यवस्था लागू गर्न पहिला कानुन बनाइन्छ अनि उक्त कानुन कार्यान्वयन गर्न सरकारले नीतिगत व्यवस्था गर्नुपर्छ । यस समयमा पञ्च वर्षीय योजना लागू गरेर सरकारले व्यवस्थित कामको प्रारम्भ गर्न खोजेको थियो । यहाँ के कस्ता नीतिहरू बनाइएको थियो भन्ने बारेमा चर्चा गरिएको छ । यस अवधिमा अर्थात् राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गर्दा प्रथम पञ्चवर्षीय योजना (२०१३ देखि २०१८ सालसम्म) को एक वर्ष बाँकी नै थियो । यसपछि राजा महेन्द्रले दोस्रो त्रिवर्षीय योजना २०१९ देखि २०२२ सम्म लागू गरेका थिए । पञ्चायती सरकारले प्रत्येक गाउँमा विद्यालय खोल्नु पर्छ भन्ने कुरा बल्ल २०१८ सालको योजनामा उल्लेख गरेको थियो । तेस्रो योजनासम्म आइपुग्दा अर्थात् २०१९ देखि २०२२ सालको त्रिवर्षीय योजनाका समयमा दुर्गम क्षेत्रमा विद्यालय स्थापना गर्ने, नीतिगत निर्णयसँगै छात्राको भर्ना बढाउने, कक्षा ३ सम्म निःशुल्क शिक्षा र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने, दुर्गम क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई प्रोत्साहनस्वरूप विशेष सुविधा प्रदान गर्नेजस्ता नीतिहरू अपनाएको पाइन्छ ।[४३२] यस अवधिमा श्री ५ को सरकारले राष्ट्रिय सञ्चार नीतिमा महिला सशक्तीकरण या लैङ्गिक समानतासम्बन्धी कुनै कुरा उल्लेख गरेको पाइँदैन । यस समयमा **नयाँ मुलुकी ऐन**, २०२० ले गरेका व्यवस्थालाई नै यस समयको महिलाविरुद्धको हिंसा नियन्त्रण गर्ने कानुनसँगै महिला हितको व्यवस्था मान्नुपर्ने देखिन्छ । यसको उदाहरणमा **मुलुकी ऐन**, २०२० का **जबरजस्ती करणीको महल**, **हाडनाता करणीको महल**, **आशय करणीको महल**, **पशु करणीको महल**, **कुटपिटको महल**, **जीउ मास्ने बेच्नेको महल** आदिले गरेका व्यवस्थाहरूलाई लिन सकिन्छ । त्यस्तै, महिलाका स्वास्थ्य सम्बन्धमा ध्यान पुऱ्याउँदै समग्र स्वास्थ्य क्षेत्रका नीतिहरू प्रथम योजना अवधिदेखि नै सुरु गरिँदै आएको पाइन्छ । यसरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको भए पनि यस समयमा महिलाहरू खासै लाभान्वित भने हुन सकेका देखिँदैनन् । यसरी हेर्दा राजा महेन्द्रले महिलाका हक अधिकारका लागि खासै नीतिगत व्यवस्था गर्न सकेको देखिँदैन । २०२२ देखि

[४३२] श्री ५ को सरकार, **लैङ्गिक समानता तथा महिला सशक्तकीरण राष्ट्रिय कार्ययोजना**, (काठमाडौँ : महिला तथा समाज कल्याण एवं क्यानडियन कोअपरेसन अफिस, २०५४), पृ. २६ ।

२०३२ सालसम्मको यस दश वर्षको अवधिमा अर्थात् अन्तर्राष्ट्रिय महिला आन्दोलनको यो ६० को दशकमा दोस्रो चरणमा प्रवेश गर्न पुगेको यस समयमा नेपालमा तेस्रो र चौथो विकास योजना चल्दै थिए ।यस समयमा नेपालमा भने महिलाका अधिकारका सम्बन्धमा खासै केही काम हुन सकेको थिएन । केवल महिलाविरुद्धको हिंसाका सम्बन्धमा जारी गरिएको **केही सार्वजनिक अपराध र सजाय ऐन**, २०२७ नै यस समयमा महिलाको हकमा भएको काम थियो भन्न सकिन्छ ।[४३३] तेस्रो योजनासम्म आइपुग्दा दुर्गम क्षेत्रमा समेत विद्यालय स्थापना गर्ने, छात्राको भर्ना बढाउने, कक्षा ३ सम्म निःशुल्क शिक्षा र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने, दुर्गम क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई प्रोत्साहन स्वरूप विशेष सुविधा प्रदान गर्नेजस्ता नीतिहरू अपनाइएको थियो । चौथो योजना अवधिभरि व्यापक रूपमा शिक्षाको अवसर उपलब्ध गराउने सन्दर्भमा कार्य हुँदै थियो । यस अवधिमा २०३२ देखि २०४२ सालसम्मको १० वर्षको समय ओगटेको पाचौँ र छैटौँ पञ्चवर्षीय योजनामामहिला शिक्षालाई प्राथमिकता दिँदै छात्राहरूका लागि विशेष सुविधा प्रदान गर्ने नीति लिइएको पाइन्छ । सन् १९७५ अर्थात् २०३३ साललाई नारीवर्ष घोषणा गरेपछि भनौँ या प्रथम विश्व महिलासम्मेलनको प्रभाव स्वरूप भनौँ १९७५ देखि सन् १९८५ सम्मको नारीवर्ष घोषणा यसै अवधिमा गरिएको थियो भने श्री ५ को सरकारले स्थानीय विकास मन्त्रालयमा २०३७ सालमा स्थापना गरेको महिलाशाखा (जुन पछि महिला महाशाखा हुन पुग्यो) लाई महिलाविरुद्धको हिंसाका सम्बन्धमा गरेको उपलब्धि मान्न सकिन्छ । त्यस्तै, सन् १९७५ देखि १९८५ सम्मलाई महिलादशकका रूपमा मनाउने घोषणा गरेपछि नेपालमा सर्वप्रथम २०४२ सालमा तात्कालीननारीसेवा समन्वय समितिको संयोजकत्वमा महिलाविकासका निमित्त एक राष्ट्रिय कार्ययोजना तयार पारिएको थियो । यस कार्ययोजनामा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सहकारी, वन र कानुनी क्षेत्रहरू निर्धारण गरेर महिलावर्गको विकासका लागि उनीहरूले भोग्नु परेका समस्याहरू निराकरण गर्दै नीतिगत कदमहरू तर्जुमा गर्दै लैजाने उद्देश्य लिएको देखिन्छ । यसरी हेर्दा पाचौँ पञ्चवर्षीय योजनाबाट मात्र नीतिगत रूपमा महिलाविकाससम्बन्धी प्रयासको थालनी भएको थियो भन्न सकिन्छ ।[४३४]

त्यस्तै, छैटौँ योजना अवधि २०३७ देखि २०४२ सालसम्ममा भने शिक्षा, साक्षरता, स्वास्थ्य, परिवारनियोजनजस्ता कार्यक्रमहरूमा महिलावर्गको सहभागिता गराई उनीहरूको

[४३३] **ऐजन** ।

[४३४] **ऐजन** ।

क्षमता अभिवृद्धि गर्ने नीति अपनाएको देखिन्छ । महिलाहरूको संस्थागत विकास गर्ने क्रमलाई हेर्दा भने २०२९ सालमा शिक्षा मन्त्रालयमा महिला शिक्षा परियोजनाको स्थापना गरिएकालाई प्रथम संस्थागत प्रयास मान्नुपर्ने हुन्छ । यसपछि २०३४ सालमा भने नारीसेवा समन्वय समिति सञ्चालन गरेर महिलाका हकहितमा कार्य गर्ने प्रयास गरिएको देखिन्छ ।

आजका बालिका नै भोलिका महिला हुन् । १६ वर्षमुनिका स्त्री सन्तान नै बालिका भएकाले बालकको अगाडि बालिकाहरूको समस्या पनि धेरै देखिएका छन् । यसको उदाहरणमा बालिका बेचबिखन, बाल वेश्यावृति, देउकी, भ्रुण हत्या, कामको बोझ र उपेक्षित सन्तान हुनु आदिलाई लिन सकिन्छ । यी विषयमा यस अवधिमा खासै काम हुन सकेको पाइँदैन ।सर्वप्रथम २०४२ सालमा तात्कालीननारीसेवा समन्वय समितिको संयोजकत्वमा महिलाविकासका निमित्त एक राष्ट्रिय कार्ययोजना तयार पारिएको थियो । यस कार्ययोजनामा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सहकारी, वन र कानुनी क्षेत्रहरू निर्धारण गरिएको पाइन्छ । यसरी क्षेत्रहरू निर्धारण गरेर महिलावर्गको विकासका लागि उनीहरूले भोग्नु परेका समस्याहरू निराकरण गर्दै नीतिगत कदमहरूबाट समस्या समाधान गर्न नीतिगत व्यवस्था तर्जुमा गरिएको थियो । यसरी हेर्दा पाचौँ पञ्चवर्षीय योजनाबाट मात्र महिलाविकाससम्बन्धी प्रयासको थालनी भएको रहेछ भनेर सजिलै भन्न सकिन्छ । त्यस्तै, सन् १९७५ को अन्तर्राष्ट्रिय नारीवर्षका साथसाथै सन् १९८० को संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय सम्मेलनले राष्ट्रको विकास प्रक्रियामा नारीवर्गको सहभागिता महत्त्वपूर्ण रहने तथ्यलाई स्वीकार गरेअनुरूप नेपालले छैटौँ योजना अवधि २०३७ देखि २०४२ सम्ममा शिक्षा, साक्षरता, स्वास्थ्य, परिवारनियोजनजस्ता कार्यक्रमहरूमा महिलावर्गको सहभागिता गराई उनीहरूको क्षमता अभिवृद्धि गर्ने नीति अपनाएको थियो ।[४३५] पाचौँ योजनामा महिला शिक्षालाई प्राथमिकता दिँदै छात्राहरूका लागि विशेष सुविधा प्रदान गर्ने नीति लिएर महिलालाई सुविधा प्रदान गर्न खोजेको पाइन्छ । यस्तै दुर्गम र पिछडिएका क्षेत्र एवं पिछडिएका वर्गका छात्राहरूलाई थप सुविधा प्रदान गर्ने नीति लिँदै पिछडिएका महिलाहरूका हितमा काम गर्ने नीति लिएको पाइन्छ ।[४३६] कार्यान्वयन पक्ष सोचेअनुरूप नभए पनि महिलासम्बन्धी नीति भने पञ्चायती सरकारले बनाउन छाडेको थिएन । त्यसैले छैटौँ

---

[४३५] श्री ५ को सरकार, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या ९१, पृ. ५-८ ।

[४३६] **ऐजन**, पृ. ७३ ।

योजनादेखि महिलाविकास कार्यक्रममा महिला सहभागिता बढाउने नीति लिइएको थियो । यतिमात्र होइन विकास कार्यमा नारी सहभागिता वृद्धि र विकासमा महिलाजस्ता उद्देश्य पनि यस समयमा लिएको पाइन्छ ।[४३७] यसरी छैटौँ योजनामा प्रशिक्षण कार्यक्रमहरूमा प्रत्यक्ष रूपमा सहभागी गराउने, घरेलु तथा ग्रामीण उद्योगधन्दा बृद्धि गर्न आवश्यक तालिम, पुँजी र बजारसम्बन्धी सुविधा जुटाउने र यस्ता कार्यहरूलाई सहकारी संस्थामार्फत् सञ्चालन गर्न प्रोत्साहन दिने, जनसङ्ख्या बृद्धिदर घटाउन बढी सहभागी गराउने,औपचारिक शिक्षाका साथै कार्यमूलक प्रौढ, अनौपचारिक तथा स्वास्थ्य शिक्षा र पोषण कार्यक्रमहरूमा महिलाहरूलाई बढी सहभागी गराउने, रोजगारमा बढी सहभागी गराउनेजस्ता नीतिहरू बनाएर छैटौँ योजनामा समाजकल्याणअन्तर्गत नारीसेवा समन्वय समितिमार्फत ४ जिल्लामा १२८ महिलाहरूलाई उत्प्रेरक तालिम दिलाउने उद्देश्यसमेत राखिएको थियो । त्यस्तै घरेलु उद्योगअन्तर्गत अति दुर्गम क्षेत्रका महिलाहरूलाई स्थायी रोजगारी दिने, आठ स्थानमा उपकेन्द्रहरू खोल्ने र २०० महिलाहरूलाई रेशम खेतीको ज्ञान पूरा गराई पारिवारिक आयमा बृद्धि गराउनेजस्ता कार्यहरू यस समयमा गरिएको पाइन्छ ।[४३८] त्यस्तै, यस समयमा गरिएको संस्थागत विकासलाई हेर्दा २०३८ सालमा तात्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयमा महिलाविकास शाखाको स्थापना गरिएको थियो भने २०३९ सालमा महिलाविकास महाशाखामा यसलाई परिणत गरेर कार्य विस्तृत गरिएको थियो । त्यसै गरी छैटौँ योजना अर्थात् २०३७ सालपछाडि धेरै नयाँ नीतिहरू बनाइएको पाइन्छ । उदाहरणका लागि विकास कार्यमा महिला सहभागिता बढाउने नीति लिइएकालाई लिन सकिन्छ । यसरी यस समयमा कुटिर उद्योगमा संलग्न महिलाहरूको योगदानको कदर गर्न खोजिएको थियो । त्यस्तै, बालिकाहरूको विकासका लागि पनि छैटौँ योजनामा छुट्टै नीति लिएको पाइन्छ, जुन निम्नलिखित छन् :

- छात्रा भर्ना वृद्धि गर्न शिक्षिका भर्नामा प्राथमिकता दिने नीति लिइनु,
- जनचेतना फैलाउने नीति लिइनु,
- छात्रा बढी भएको विद्यालयलाई स्वीकृति दिने नीति लिनु,[४३९]

[४३७] **ऐजन**, पृ. ७२ ।

[४३८] **ऐजन**, पृ. ७३ ।

[४३९] **ऐजन**, पृ. १५१ ।

- स्वास्थ्य हेरचाह, पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिनु,
- अभिभावकहरूलाई चेतना जगाउने नीति लिनु ।

यसरी नै २०४२ देखि २०४७ सालसम्मको समयमा सन् १९७५ को अन्तर्राष्ट्रिय नारीवर्षका साथसाथै सन् १९८० को संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय सम्मेलनले राष्ट्रको विकास प्रक्रियामा नारीवर्गको सहभागिता महत्त्वपूर्ण रहने तथ्यलाई स्वीकार गरेको अवधि पर्दछ । त्यसैले यस सातौँ योजना अवधि २०४२ देखि २०४७ मा नेपालले पनि विभिन्न कार्यक्रमहरू गरेर महिलाहरूको उत्पादकत्व र क्षमता बढाउनाका साथै महिलाहरूलाई विकास प्रक्रियामा सक्रिय बनाउने तथा पुरुषवर्गसरह सहभागी बनाउने नीति अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको थियो । यसै समयमा प्राथमिक विद्यालयमा महिला शिक्षिकाको नियुक्तिलाई विशेष प्राथमिकता दिँदै अनौपचारिक शिक्षामा महिलाको सहभागिता बढाउने कुरामा विशेष जोड पनि दिइएको थियो ।[४४०] यस अवधिमा महिला र शिक्षा भन्ने छुट्टै नीति नै बनाइएको थियो । यसमा महिलाहरूका लागि विशेष कार्यक्रम स्वास्थ्य, शिक्षा, कृषि, इन्जिनियरिङ्ग आदि क्षेत्रको भर्ना सङ्ख्यामा निम्नदेखि उच्च स्तरसम्म सहुलियत, कार्यमूलक प्रौढ तथा अनौपचारिक शिक्षा आदि दिने लक्ष्य राखिएको थियो । यस योजना अवधिमा निम्न सेवासम्बन्धी नीतिहरू अवलम्बन गरिएका थिए :

- आधारभूत प्राथमिक स्वास्थ्यसेवा,
- उपचारात्मक स्वास्थ्यसेवा,
- स्वास्थ्य प्रतिरोधात्मक तथा प्रवर्धनात्मक सेवा तथा
- आयुर्वेदिक स्वास्थ्यसेवा सम्बन्धी नीतिहरू ।

त्यस्तै, यस अवधिमा महिलालाई विकासमा सहभागी बनाउने भनेर शिक्षा, तालिम, परिवारनियोजन र महिला भेदभावका कानुनहरूका बारेमा विशेष व्यवस्था गरिएको थियो । यस समयमा महिला र स्वास्थ्य भन्ने छुट्टै नीति नै सरकारले अवलम्बन गरेको थियो । यस नीतिमा मातृ शिशु कल्याण कार्यक्रमअन्तर्गत आधारभूत स्वास्थ्यसेवाका अवसरहरू वृद्धि गर्नाका साथै पोषण कार्यक्रम तथा स्वास्थ्य शिक्षामा महिलाहरूलाई बढी संलग्न गराउने

---

[४४०] **ऐजन**,पृ. २७ ।

कार्यलाई प्राथमिकता दिइएको थियो ।महिलाउपर हुने यातना, आतङ्क र अपमानजनक क्रियाकलापहरूलाई रोक्ने सम्बन्धमा भने नागरिकहरूको रक्षा गर्नेसम्बन्धी **जेनेभा महासन्धि, १९४९** जारी भैसकेको र यसको थप दस्तावेज १९७७ आइसकेको भए पनि खासै व्यवस्था गर्न सकेको थिएन तर पनि मानवअधिकारसम्बन्धी विश्वसम्मेलनले भियना घोषणापत्र पारित गरेका कारण युद्ध र विद्रोहका समयमा महिलाप्रति हुने अपमानजनक व्यवहार, बलपूर्वक करणी, बाध्यतापूर्ण देहव्यापार, यौनदासता, बलजफतपूर्ण गर्भधारणजस्ता कुराहरू राज्यले नियन्त्रण गर्नुपर्ने भन्दै ध्यानाकर्षण भने गरेको थियो । यस अवधिमा सरकारले निम्न उद्देश्यहरू लिएको थियो ।

- विकास कार्यमा नारीको सक्रिय सहभागिता वृद्धि गर्ने,
- आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्ने,
- सक्षम तथा उत्पादन शील नागरिक बनाउँदै स्वाबलम्बन बनाउने ।

यसरी छैटौं योजनामा महिलाका सम्बन्धमा लिइएका नीतिहरूलाई राष्ट्रिय नीतिका रूपमा समावेश मात्र गरिएको थियो भने सातौं योजनामा महिलाविकाससम्बन्धी कार्यक्रमहरूमा सङ्गठनात्मक प्रभावकारिताका लागि सरकारी क्षेत्रको अलावा गैह्र सरकारी क्षेत्रलाई पनि सक्रिय रूपमा संलग्न गराउन आवश्यक सुविधाको व्यवस्थासमेत गरिएको पाइन्छ । यस सन्दर्भमा महिलावर्गको हितको संरक्षण र उत्थानका लागि प्रमुख दायित्व बहन गरेका संस्थाहरूनेपाल महिला सङ्घठन र नारीसेवा समन्वय समितिको महत्त्वपूर्ण भूमिका रहेको हुँदा उनीहरूको योगदानलाई बढी सक्रिय एवं सामयिक तुल्याइने नीति लिइएको थियो । नेपाल महिला सङ्घको ग्रामीण तहदेखि राष्ट्रिय तहसम्मको इकाइलाई बढी सक्रिय तथा प्रभावकारी तुल्याई नारी विकास कार्यमा पञ्चायत तथा गैह्र सरकारी संस्थाको बढी मात्रामा सहभागिता जुटाउने प्रयास यस समयमा गरिएको थियो ।[४४१] महिलाविकाससम्बन्धी सरकारी, अर्ध सरकारी, गैह्र सरकारी तथा स्थानीय निकायहरूको सहभागिता अभिवृद्धि गर्ने नीति पनि यस समयमा लिइएको थियो ।

यस समयमा महिलाहरूलाई कसरी सशक्त बनाउन सकिन्छ भन्ने बारेमा कुनै खास रणनीति अपनाइएको पाइँदैन[४४२] तर पनि शिक्षा मन्त्रालयमा महिला शिक्षा परियोजना

---

[४४१] **ऐजन**, पृ. १०० ।

[४४२] **ऐजन**, पृ. ८६ ।

शाखा, कृषि मन्त्रालयमा महिला कृषक महाशाखा, श्रम मन्त्रालयमा महिला महाशाखा, स्वास्थ्य, जलस्रोत, पर्यटन मन्त्रालयमा महिला एकाई, स्थानीय विकास मन्त्रालयमा महिलाविकास महाशाखा, खोलिएकालाई महिलाका हकहितमा सोचिएका कार्यहरू मान्न सकिन्छ । यस अवधिमा आमसञ्चार माध्यममा महिलाको सकारात्मकभन्दा नकारात्मक छबिलाई महत्त्व दिइएको पनि देखिन्छ तर यसलाई रोक्ने प्रयास भने गरिएको पाइँदैन । सेन्सर बोर्डले पनि यस समयमा प्रभावकारी काम गर्न सकेको देखिँदैन । सञ्चार माध्यमले भेदभावपूर्ण प्रस्तुति गर्ने गरेको पाइन्छ । यसको उदाहरणमा आमा भाडा माझिरहेको देखाउने गरेको र बाबा भने पढ्दै गरेको देखाउने गरेको चित्रलाई लिन सकिन्छ । २०२८ सालदेखि सुरु गरिएको नयाँ शिक्षा पद्धति योजनाका साथै छैटौं योजनाको नीति र कार्यक्रमहरूको परिणामस्वरूप २०२८ सालको जनगणनामा करिब ४ प्रतिशत रहेको महिलासाक्षरता २०३८ सालमा करिब १३ प्रतिशत पुगेको थियो भने सातौँ योजनामा पुग्दा बाल विकास नीतिलाई राष्ट्रिय नीतिका रूपमा लिइएको थियो । यसरी वन सम्पदाको संरक्षण विकास तथा अभिवृद्धिसम्बन्धी कार्यमा पनि महिला सहभागिता जुटाउने नीति अबलम्बन गरिएको थियो ।[४४३]

## ६.६ २०४७ देखि २०५८ सालसम्मका कानुनहरूमा व्यवस्था गरिएका महिलाअधिकारसम्बन्धी व्यवस्था र राज्यले अपनाएका नीतिहरू

यस परिच्छेदमा २०४६ सालमा सम्पन्न आन्दोलनपछि **नेपाल अधिराज्यको संविधान, २०४७, नयाँ मुलुकी ऐन, २०२०** को एघारौँ संशोधनले महिलाहरूलाई प्रदान गरेको अधिकारहरूका बारेमा उल्लेख गर्दै उक्त कानुन लागू गर्ने सम्बन्धमा सरकारले अबलम्बन गरेका व्यवस्थाहरूका बारेमा चर्चा गरिएको छ ।

### ६.६.१ २०४७ देखि २०५८ सालसम्मका कानुनहरूमा गरिएका महिलाअधिकारसम्बन्धी व्यवस्थाहरू

यस अवधिमा **नेपाल अधिराज्यको संविधान**, २०४७ महिलालाई समान अधिकार दिन धारा ११ सहित जारी गरिएको थियो भने **नयाँ मुलुकी ऐन**, २०२० मा गरिएको एघारौँ संशोधनलाई महिलालाई अधिकार दिने सम्बन्धमाभएको क्रान्तिकारी संशोधन मानिने

[४४३] **ऐजन**, पृ. १३७ ।

संशोधन **नयाँ मुलुकी ऐन**, २०२० मा गरिएको थियो । यसले महिला र पुरुषमा समानता कायम गर्न असमान प्रावधानहरू खारेज गर्नाका साथै महिलालाई अपमान गर्ने खालका शब्दहरू हटाएको थियो । त्यस्तै, यस अवधिमा अन्य धेरै कानुनहरू महिलालाई अधिकार दिन जारी गरिएका थिए । उदाहरणमा भूमिसम्बन्धी ऐनले दिएका अधिकारहरू, **स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल संशोधन गर्न बनेको ऐन**ले दिएका अधिकारहरू र **स्थानीय स्वायत्त शासन ऐन**, **२०५५** ले दिएका अधिकारहरूलाई लिन सकिन्छ ।

### ६.६.१.१ **नेपाल अधिराज्यको संविधान**, २०४७

लैङ्गिक समानता कायम गर्न धारा ११ को उपधारा १, २ र ३ सँगै प्रतिबन्धात्मक वाक्यांशमा विशेष व्यवस्था गर्न सकिने प्रावधान लिएर २०४७ साल कार्तिक २३ गते **नेपाल अधिराज्यको संविधान**, **२०४७**जारी गरिएको थियो । यस संविधानको धारा १ ले यस संविधानसँग बाझिएका कानुनहरू स्वतः रद्द हुनेछन् भन्ने व्यवस्था गरेको थियो । त्यस्तै, धारा १३१ ले यो संविधान लागू भएको मितिले एक वर्षपश्चात् संविधानसँग बाझिएका कानुनहरू स्वतः बदर हुने छन् भन्ने व्यवस्था पनि गरेको थियो ।[४४४] यसमा गरिएका व्यवस्थाहरू निम्न अनुसार छन्[४४५] :

- धारा ११(३) :यस धाराले समानताको व्यवस्था गर्दै महिला, वृद्ध र बालबालिकाका हकमा विशेष व्यवस्था गर्न सकिने छ भन्ने व्यवस्था गरेको थियो ।
- धारा ११(५) : यस धाराले समान कामका लागि महिला र पुरुष दुवैमा समान ज्याला दिनुपर्ने व्यवस्था गरेको थियो ।
- धारा १७ : यस धाराले सम्पत्तिको हकमा समानता हुने व्यवस्था गरेको थियो ।
- धारा २६(७) : यस धाराले महिलावर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरी अधिकतम् सहभागी गराउनु पर्छ भन्ने व्यवस्था गरेको थियो ।
- धारा ११४: यस धाराले प्रत्येक राजनीतिक दलले प्रतिनिधि सभाको निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उम्मेदबार उठाउनु पर्ने अनिवार्य व्यवस्था गरेको थियो ।

---

[४४४] **नेपाल अधिराज्यको संविधान**, २०४७, धारा १३१ ।

[४४५] **ऐजन**, धारा ११ ।

### ६.६.१.२ भूमिसम्बन्धी ऐनले दिएको अधिकार

२०५३ सालमा **भूमिसम्बन्धी ऐन**, २०२१ मा चौथो संशोधन गरेर भूमिसम्बन्धी ऐनको दफा २६(१) थपेर महिला नाता थप गरेको पाइन्छ । यसबाट धेरै महिलाहरू लाभान्वित भएका छन् ।[४४६]

### ६.६.१.३ स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल संशोधन गर्न बनेको ऐन, २०५४ ले दिएको अधिकार

**नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा ४६ को व्यवस्थाबाहेक स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी **केही नेपाल संशोधन गर्न बनेको ऐन**, २०५४ ले गाउँ विकास समिति तथा नगर विकास समितिको वडामा एकजना सदस्य, गाउँ परिषद्, नगर परिषद्, गाउँ विकास समिति, नगर विकास समिति र जिल्ला विकास समितिमा १-१ जना महिला सदस्य मनोनयन गर्नै पर्ने वाध्यात्मक व्यवस्था गरेको थियो ।

### ६.६.१.४ स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार

२०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन लागू गरिएपछि महिलाको स्थानीय निकायहरूमा महिलाको सहभागितामा वृद्धि भएको थियो । **स्थानीय स्वायत्त शासन ऐन, २०५५** को प्रस्तावनाको अध्ययन गर्दा सम्बन्धित क्षेत्रका ज्ञाताको सहभागिताद्वारा नै सो क्षेत्रको विकासका लागि साधनको परिचालन र विनियोजन गर्न सकिने र सो क्षेत्रको पिछडिएको वर्ग, जनजाति, दलित र महिलासमेतको सहभागिता गराई स्थानीय क्षेत्रको विकासका लागि स्थानीय नेतृत्वको निर्माण गर्ने उद्देश्य लिएको पाइन्छ । महिलाको सहभागिता सम्बन्धमा राखिएका निम्न बुँदाहरूमास्थानीय निकायको गठनमा महिलाको प्रतिनिधित्व निम्नबमोजिम गर्नुपर्ने व्यवस्था गरिएको थियो :

**(क) गाउँ विकास समिति**

**स्थानीय स्वायत्त शासन ऐन, २०५५** को भाग २ दफा ७ वडा समिति गठनमा एक जना वडाध्यक्ष, एकजना महिला वडा सदस्य र तीनजना वडा सदस्यहरू रहने व्यवस्था गरेको थियो । उक्त वडा समितिको महिला सदस्य गाउँ परिषद्मा सदस्य हुने व्यवस्था

---

[४४६] **भूमिसम्बन्धी ऐन**, २०२१ को दफा २६(१) ।

गरिएको थियो । गाउँ परिषद्ले पनि कम्तीमा एकजना महिला गाउँ परिषद् सदस्यका लागि अनिवार्य मनोनित गर्ने व्यवस्था गरेको थियो । उक्त मनोनित गाउँ परिषद् महिला सदस्य गाउँ विकास समितिका लागि पनि मनोनित गरिने व्यवस्था गरिएको थियो ।[४४७]

**(ख) नगर विकास समिति**

**स्थानीय स्वायत्त शासन ऐन, २०५५** को भाग ३ नगरपालिकासम्बन्धी व्यवस्थाको दफा ७५ मा नगर विकास समितिको प्रत्येक वडा समितिमा एक जना वडाध्यक्ष १ जना महिला वडा सदस्य र तीन जना वडा सदस्यहरू रहने व्यवस्था गरेको थियो । त्यस्तै, प्रत्येक नगर समितिको महिला सदस्य नगर परिषद्को सदस्य हुने व्यवस्था गरिएको थियो । नगर परिषद्द्वारानगर परिषद् सदस्यका लागि मनोनित गर्ने व्यवस्था गरिएको थियो । यसरी नगर परिषद्बाट मनोनित भएका महिलालाईनगरपालिका सदस्यका लागि १ जना मनोनित गर्ने व्यवस्था गरेकाले ६ जनादेखि ४० जनासम्मसदस्य हुन सक्ने भएकोहुँदा कूल सदस्य सङ्ख्याको ४० प्रतिशत सदस्य महिला पुग्ने भएको थियो ।

**(ग) जिल्ला विकास समिति**

**स्थानीय स्वायत्त शासन ऐन, २०५५** को भाग ४ दफा १७६ मा जिल्ला विकास समितिअन्तर्गत जिल्ला परिषद्द्वारा मनोनित एकजना महिला सदस्य जिल्ला परिषद्को पनि सदस्य हुने व्यवस्था गरिएको थियो । यसरी जिल्ला विकास समितिद्वारा मनोनित (जिल्ला परिषद्मा मनोनित महिलामध्ये) एकजना महिला जिल्ला विकास समितिको सदस्य हुने व्यवस्था गरिएको थियो । यसबाट औसतमा २० प्रतिशत महिलाको उपस्थिति स्थानीय निकायमा हुनसकेको थियो ।[४४८] यतिमात्र होइन कार्यक्रम बनाउँदा महिला बालबालिकाको हक-हितसम्बन्धी सीपमूलक कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा विभिन्न समिति उपसमिति तथा उपभोक्ता समितिहरू गठन गर्दा महिला सहभागिता गराउनु पर्ने व्यवस्था गरेर महिलाहरूको सहभागितामा जोड दिइएको थियो । महिलाहरूलाई सुविधा दिने उद्देश्यले पुरुष उम्मेदबारको उमेर ३५ वर्ष तोकेको भए पनि महिलाको उमेर भने ४० वर्ष तोकेर महिलाका लागि सजिलो बाटो खोलिदिएको थियो ।[४४९] यति मात्र होइन परीक्षणकालको

---

[४४७] **स्थानीय स्वायत्त शासन ऐन-२०५५** को भाग २, दफा ६, भाग ३, दफा ७५, भाग ४, दफा १७६ ।

[४४८] नवराज तिमिल्सिना,"स्थानीय निकायमा महिलाको प्रतिनिधित्व, भूमिका, कानुनी व्यवस्था र अवस्था : एक मिमांसा",**न्यायदूत**,वर्ष ३३, अङ्क ५,(काठमाडौं : ने.बा.ए., ७ माघ-फागुन,२०५९), पृ. ८६ ।

[४४९] **स्थानीय स्वायत्त शासन नियमावली-२०५६**, नियम २१४ ।

सन्दर्भमा पनि पुरुषलाई १ वर्षको परीक्षण कालको व्यवस्था गर्दा महिलालाई भने ६ महिनाको मात्र परीक्षणकालको अवधि तोकेर पनि महिलालाई सहयोग गरेको थियो ।[४५०] यसरी नै उपभोक्ता समिति गठन गर्दा पनि ३० जना महिला हुनुपर्ने व्यवस्था गरेकाले महिला सहभागितामा वृद्धि गरेको थियो ।[४५१]

यसरी सङ्ख्यात्मक रूपमा महिलाको सहभागितामा वृद्धि भएको देखिए पनि अर्थपूर्ण भने हुनसकेको देखिँदैन । यसको उदाहरणमा मध्यस्थताको सूची तयार गर्ने क्रममा यथासम्भव महिला तथा पिछडिएको वर्गलाई समेट्न खोजिएको छ भन्ने **स्थानीय स्वायत्तशासन ऐन, २०५५** को दफा १०३ को व्यवस्थाले अर्थात् यथासम्भव भन्ने शब्दको प्रयोगले महिला नभए पनि हुने जस्तो गरेको छ । त्यस्तै, निर्वाचित महिलाको प्रतिनिधित्व सम्बन्धमा हेर्दा पनि वास्ता नगरिएको भन्ने बुझ्न सकिन्छ । यसको उदाहरणमा गणपूरक सङ्ख्या ५० प्रतिशत भनेकाले महिला नभए पनि हुने स्पष्ट हुन्छ । त्यस्तै महिलाहरूले अध्यक्षता गर्ने समितिको व्यवस्था नहुनुले पनि महिलाहरूलाई जिम्मेबारी दिन नखोजेको देखिन्छ ।

### ६.६.१.५ मुलुकी ऐन, २०२० (एघारौँ संशोधन) २०५८ ले प्रदान गरेका महिलाअधिकारहरू

मुलुकी ऐनमा देखिएको महिला र पुरुषबीचको भेदभावपूर्ण प्रावधानहरूको अन्त गर्ने उद्देश्यले यस एघारौँ संशोधन गरिएको सत्य निम्न संशोधनले स्पष्ट पारेको छ । २०२० सालमा लागू गरिएको पाँच भागमा बाँडिएको मुलुकी ऐनको भाग १ मा प्रारम्भिक कथनको व्यवस्था गरिएको थियो भने भाग ५ मा खारेजीको व्यवस्था गरिएको थियो । बीचका दोस्रो, तेस्रो र चौथो भागमध्ये भाग २ मा अदालती बन्दोबस्तको महल र दण्ड सजायँको महल गरी २ महलको मात्र व्यवस्था गरिएको थियो भने भाग ३ मा २२ वटा महलको व्यवस्था गरिएको थियो । त्यस्तै भाग ४ मा पनि १९ वटा महलको व्यवस्था गरिएको पाइन्छ । २०५८ साल असोज १० गते गरिएको एघारौँ संशोधनका क्रममा भाग १ लाई छोइएको थिएन भने भाग दुईमा भएका दुईवटा महलमध्ये पनि अदालती बन्दोबस्तको महललाई संशोधन गर्ने क्रममा छोइएको थिएन । दण्ड सजायँको महलमा पनि दफा ११ मा गरिएको ३ वर्षभन्दा कम कैदको सजायँ हुने कसुरदारलाई अड्डाले कैदमा राख्न मनासिव नठहराएमा एक

---

[४५०] **ऐजन**, २१९ ।

[४५१] **ऐजन**, नियम ७० ।

दिनको रु. २५/- का दरले हुन आउने रकम लिई कैदको लगत कट्टा गरिदिनुपर्छ भन्ने व्यवस्था भएकामा ११(क) नम्बरको दफा ३ पछि दफा ४ थप गरी बिहाबारीको महलको १० नं. बमोजिम विवाह गरेकामा सजाय दिने सम्बन्धमा भने कैदको लगत कट्टा गरिदिनुपर्छ भन्ने माथिको व्यवस्था लागू नहुने कुरा उल्लेख गरेर बहुविवाहलाई निरुत्साहित गर्न खोजिएको थियो,[४५२]जसलाई तल चर्चा गरिएको छ :

**(क) मुलुकी ऐनको भाग तीनले एघारौँ संशोधनपछि प्रदान गरेका महिलाअधिकारहरू**

भाग ३ अन्तर्गत २२ वटा महलको व्यवस्था भएकामा केवल ६ ओटा महलमा मात्र संशोधन गरिएको छ । ती संशोधित महलहरूमा भएका संशोधनहरूले महिलालाई प्रदान गरेका अधिकारहरू निम्नअनुसार छन् :

**- लोग्ने स्वास्नीको महल**

लोग्ने स्वास्नीको महलको दफा १ मा गरिएको सम्बन्धबिच्छेद गर्न पाउने प्रावधानमा शारीरिक कष्ट हुने जाल प्रपञ्चसँगै मानसिक शब्द पनि थपेर पति-पत्नीको बेमेलका कारण भोग्नुपरेको मानसिक यातनाबाट छुटकारा पाउन ढोका खोलिदिएको छ । त्यस्तै, पति-पत्नी दुवैलाई सम्बन्धबिच्छेद गर्न एक अर्कालाई निको नहुने यौनरोग लागेमा भन्ने प्रावधान पनि थपिएको छ । त्यस्तै पत्नीले परपुरुषसँगै करणी गराएको ठहरेमा पतिले परस्त्रीसँग करणी गरेको ठहरेमा एक अर्कासँग सम्बन्धबिच्छेद गर्न पाउने थप व्यवस्था गरी महिला र पुरुषका लागि कानुन समान बनाउन खोजिएको छ । यसै महलको दफा २,३ र ४ मा प्रयोग गरिएको 'अर्कोसित करणी गराएको' भन्ने वाक्यको सट्टा 'अर्कोसित विवाह गरेमा' भन्ने वाक्य र 'पोइल' भन्ने शब्दको सट्टा 'विवाह' भन्ने शब्द राखी भाषालाई शिष्ट बनाउने प्रयास गरिएको छ ।[४५३] तर 'करणी'का ठाउँमा विवाह शब्द राखेर यसले अर्थलाई फरक पनि पारेको छ । भनाइको तात्पर्य के हो भने विवाह र करणी एउटै अर्थ दिने शब्द होइनन् । साविकको दफा ४(क)को सट्टा थप गरिएको ४(क)ले महिलालाई विशेष व्यवस्था गर्न खोजेको स्पष्ट हुन्छ, जसमा यसै महलको १ नं. बमोजिम 'सम्बन्धबिच्छेद हुने भएमा निजहरू बीच अंशवण्डा गर्न लगाएर मात्र अदालतले सम्बन्धबिच्छेदको निर्णय गर्नुपर्छ' भन्ने स्पष्ट व्यवस्था छ । लोग्नेले अंश लिई नसकेको अवस्थामा समेत तायदाती मागी, भाग

[४५२] **राजपत्र**,भाग २, अतिरिक्ताङ्क ४७,२०५९ साल असोज १० गते ।

[४५३] **न्याँ मुलुकी ऐन**, २०२०,भाग ३, लोग्नेस्वास्नीको महल, दफा १, २, ३ र ४ ।

छुट्याई उसको अंशबाट पाउने अंश अन्जाम गरी मासिक रूपले खर्च भराइ दिने व्यवस्था गरी उक्त सम्पत्तिमा पूर्ण हक हुने व्यवस्था गरिदिएको छ । यसै थप ४(क) नं. ले उक्त स्वास्नीले अर्को विवाह नगरेमा वा विवाह गरेर पनि सन्तान नभएमा सम्बन्धबिच्छेद भएको लोग्नेले सम्पत्ति पाउने व्यवस्था गरेको पाइन्छ ।[४५४]

**– अंशवण्डाको महलले दिएको अधिकार**

अंशवण्डाको महलको दफा १ मा 'छोरी' शब्द थपी जियजियैको अंश गर्नुपर्ने कुरा उल्लेख गरेर छोरा र छोरीमा समानता गरेको छ । तर दफा १(क) नं. थपी विवाह भइसकेकी छोरीलाई भने अंश दिनु नपर्ने व्यवस्था गरिएको छ । दफा ३, ५, ८, १०, ११, १४ र १९ मा 'छोरा' शब्द सँगै 'छोरी' शब्द थपेर छोरा र छोरीलाई समान गर्न खोजेको छ । दफा १०(ग) मा भएको फैसलाबमोजिम अंश रकम वा खर्च नपाएमा पुनः दरखास्त दिँदा पक्षहरू उही रहेछन् भने १ हजार रूपैयाँ जरिवाना र १ महिनासम्म कैद गर्न पाउने व्यवस्था भएकामा जरिवाना रकमलाई बढाएर रु. ५,०००/- पुऱ्याइएको छ । साविकको दफा १२ मा विधवा स्वास्नी मानिसले अंश लिन निजको उमेर ३० वर्ष पुग्नुपर्ने र खान लाउन दानपुण्य गर्न दिएसम्म अंश माग्न नपाउने व्यवस्था भएकामा यस संशोधनले उमेरको हदलाई हटाएर तुरुन्तै अंश लिन पाउने व्यवस्था गरिदिएको छ । सन्तान नभएकी विधवाले अर्को विवाह गरेमा पनि आफ्नो अंश आफूखुस गर्न पाउने व्यवस्था गरेको छ । सन्तान भएका विधवा नारीले अर्को विवाह गरेकामा भने आफ्नो अंश भागबाट नै सन्तान नाबालक भएसम्म पालनपोषण र शिक्षादीक्षाको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै सन्तान नभएकाको शेषपछि उक्त सम्पत्ति अघिल्लो लोग्नेपट्टिका सन्तान भए सन्तानले र नभए हकवालाले पाउने व्यवस्था गरेर महिलाको सम्पत्तिमाथिको अधिकारलाई साँघुरो पारिदिएको थियो । त्यस्तै दफा १६ ले ३५ वर्ष उमेर पुगेपछि मात्र छोरीले अंश पाउने र विवाह गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था गरेकामा फिर्ता दिनुपर्ने प्रावधान बाँकी नै राखे पनि संशोधनले छोरीले पनि छोरासरह नै अंश पाउने व्यवस्था भने गरेको पाइन्छ ।[४५५] विवाहपश्चात् खाइ लाई बाँकी रहेको सम्पत्ति माइतीपट्टिका हकवालालाई फिर्ता दिनुपर्ने व्यवस्थाचाहिँ सम्बन्धबिच्छेद भएकी महिला र विधवा महिलाको हकमा क्रुर हुन पुगेको थियो । थप गरेको दफा १९ क मा भिन्न भएको अविवाहित छोराले अंश भागमा परेको अचल सम्पत्ति

---

[४५४] **ऐजन,** दफा ४(क) ।

[४५५] **ऐजन,** भाग ३, अंशबण्डाको महल, दफा १, ३, ५, ८, १०, ११, १४ र १९ ।

आधाभन्दा बढी बेचविखन वा आफूखुस गर्दा बाबुआमा जिवित भए बाबुआमाको मञ्जुरी लिनुपर्छ भन्ने व्यवस्था गरेर अल्लारे छोराको व्यवहारमा अङ्कुश लगाएको देखिन्छ । यस सम्बन्धमा छोरीका हकमा भने कानुन मौन रहेको देखिन्छ ।

- **स्त्री अंशधनको महल**

स्त्री अंशधनको महलमा 'बाबु' शब्दसँग 'आमा' शब्द र 'छोरो' शब्दसँग 'छोरी' शब्द थपेर महिला र पुरुषमा समान व्यवहार गरिएको छ । त्यस्तै दफा ७ मा भएको 'करणीमा बिग्रिछ' भन्ने शब्दको सट्टा 'विवाह गरिछ' भन्ने शब्द र दफा ८ को 'करणी प्रकाश भएको मितिले' का सट्टा 'अर्को विवाह भएको मितिले' भन्ने शब्दहरू प्रयोग गरेर भाषालाई मर्यादित बनाइएको छ[४५६] तर यसले अर्थ भिन्न दिने पनि स्पष्ट छ ।

- **धर्मपुत्रको महल**

धर्मपुत्रको महलमा छोरा शब्दसँगै छोरी शब्द थपिएको छ भने 'बाबु' सँगै 'आमा' शब्द थपिएको छ । दफा २ को "छोरा हुने लोग्ने मानिस र लोग्ने जिवित हुने आफ्नो वा सौताको छोरा नहुने स्वास्नी मानिसले धर्म पुत्र राख्न पाउँदैन" भन्ने साविकमा भएको व्यवस्थामा 'छोरा' सँगै 'छोरी' शब्द थपेर छोराछोरी दुवै नहुनेले मात्र धर्मपुत्र राख्न पाउने व्यवस्था गरी समानता गरेको छ ।[४५७] त्यस्तै दफा २(क) थपी अंश लिई वा मानो छुट्टिई बस्न विवश नारीका हकमा भने लोग्ने भए पनि, सौतापट्टि सन्तान भए पनि आफ्नो सन्तान छैन भने धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने व्यवस्था गरी नारीमाथि न्याय गरेको छ । दफा २(ख)को थप व्यवस्थाले दोहोरो धर्मपुत्र-धर्मपुत्री राख्न दिन नहुने र दिएको भए पनि बदर हुने व्यवस्था गरेको छ । त्यसै महलको दफा ९(ख)ले धर्मपुत्री र धर्मपिताको उमेरमा २५ वर्षको फरक हुनुपर्ने व्यवस्था साविकमा भएकामा संशोधित ९(ख)को व्यवस्थामा भने ५ वर्ष थप गरी ३० वर्षको भिन्नता धर्मपिता र धर्मसन्तानमा हुनुपर्ने व्यवस्था गरेको छ । दफा ९(ग) मा पनि 'धर्मपुत्र' सँगै 'धर्मपुत्री' र 'छोरा' सँगै 'छोरी' शब्द थपिएको छ ।[४५८] साविकको दफा १० मा भएको जारी गरी जन्माएको भए बाबुको र बालकको अंश आमाको दाइजो पेवा अंशसमेत पाल्नेलाई दिलाई दिनुपर्छ भन्ने व्यवस्था थपिएको छ । यसै महलको ४ नं. बमोजिम धर्मपुत्र नठहरेमा त्यस्तो दिलाइदिएको सम्पत्ति त्यस बालकको हुन्छ भन्ने वाक्यहरू हटाइएको छ । दफा ११ मा पनि 'धर्मपुत्र' सँगै 'धर्मपुत्री' शब्द थप्नाका साथै शिष्ट

[४५६] **ऐजन**, भाग ३, स्त्री अंशधनको महल, दफा र ८ ।

[४५७] **ऐजन**, भाग ३, धमपुत्रको महल, दफा २ र दफा २(क) ।

[४५८] **ऐजन**, भाग ३, धर्मपुत्रको महल, दफा ९(ख), ९(ग) र १० ।

भाषाको प्रयोग गरिएको छ,[४५९] जस्तै- 'कुनै चुक नभई' को सट्टा 'कुनै खास कारण नभई' जस्ता वाक्य राखिएको छ । दफा १२ मा पनि एउटा छोरा हुनेले भनेका ठाउँमा 'छोरी' शब्द थपी छोरा र छोरीमा समानता गरिएको छ । त्यस्तै दफा १२(ख)नं. थपी विदेशीलाई धर्मपुत्र र धर्मपुत्री राख्ने स्वीकृति दिँदा सम्बन्धित व्यक्तिको देशको कानुनमा समेत त्यस्ता धर्मपुत्र र धर्मपुत्रीले छोराछोरीसरह हक पाउने व्यवस्था भएको हुनुपर्ने अनि मात्र स्वीकृति दिइने व्यवस्था गरी कानुनी हकलाई सुरक्षित पारिएको छ ।

- **अपुतालीको महलले प्रदान गरेको अधिकार**

अपुतालीको महलको दफा २ ले साबिकमा छोराको छोरा भएसम्म छोरीले अपुताली नपाउने व्यवस्था गरेकामा हालको एघारौँ संशोधनले मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको छोरा, छोराको अविवाहित छोरीले अपुताली पाउने व्यवस्था गरी छोरासरहको हक छोरीलाई प्रदान गरेको छ । त्यस्तै, विधवा बुहारीले छोरासरह अपुताली पाउने  व्यवस्था यस संशोधनमा गरिएको थियो । उल्लेखित क्रम नदेखिए मात्र विवाहित छोरी र छोरीको छोरा वा निजको अविवाहित छोरीमा हक जाने स्पष्ट व्यवस्था गरेको देखिन्छ । यति नभए मात्र हकवालाले अपुताली पाउने व्यवस्था गरी यस संशोधनले छोरीलाई हक दिलाएको पाइन्छ । यस दफामा भएको 'पोइल' शब्दलाई हटाइएको छ । दफा ३, ६,७ र ९ मा पनि 'छोरा' सँगै 'अविवाहित छोरी' शब्द थपी छोरा र छोरीमा समान व्यवहार गरिएको छ । साविकको दफा ११ मा गरिएको छोराछोरीले स्याहार सम्भार नगरी हकवाला वा दाजुभाइले स्याहार सम्भार गरेको अवस्थामा अपुताली पर्दा चलमा सबै र अचलमा आधा स्याहार्ने व्यक्तिले र आधा भने ऐन बमोजिम हकवालाले पाउने भन्नेजस्तो विरोधपूर्ण व्यवस्था भएकामा हालको संशोधनले 'हकवाला वा दाजुभाइले स्याहार सम्भार गरेको अवस्थामा' भन्ने वाक्यांशको सट्टा 'दाजुभाइ र हकवालाले स्याहार सम्हार नगरी अन्य व्यक्तिले स्याहार सम्हार गरेको अवस्थामा' भनी मिलाइएको छ ।[४६०] यसले गर्दा स्याहार्ने अन्य व्यक्तिले चलमा सबै र अचलमा आधासम्म अपुतालीको हकदार हुन पाउने व्यवस्था समसामयिक भएको छ । दफा १२ मा 'भाइ' शब्द पछि 'अविवाहित बहिनी' शब्द थपी समानता गरिएको थियो । नयाँ थपिएको १२(क)मा भने अपुताली पाएकी अविवाहित छोरीले विवाह गरेको अवस्थामा खाईलाई बाँकी रहेको अपुताली सम्पत्ति माइतीपट्टिका हकवालामा

---

[४५९] सुषमा बराल, "मुलुकी ऐनको एघारौँ संशोधन : एक अध्ययन,"**स्मारिका-२०६०,** (काठमाडौँ : नेपाल बार एसोसिएसन, महिला शाखा, २०६०), पृ.५०।

[४६०] **ऐजन,** भाग ३, अपुतालीको महल, दफा २, ३, ६, ७ र ९ ।

फिर्ता गर्नुपर्ने व्यवस्था गरी छोरीमाथि अन्याय गरेको थियो । साविक दफा १९ मा कसैले कुनै रिसइवीले कसैलाई मारेमा सो मार्ने वा निजको सन्तानले सो मर्ने वा निजका सन्तानको अपुताली खानका लागि कुनै स्वास्नी मानिसलाई फलानासित बिग्रेकी छ भनी झुट्टा कुरा पोले पोलाए वा सो कुराको जालसाजी गरे गराएमा सो पोल्ने पोलाउने वा जालसाँजी गर्नेले त्यो स्वास्नीमानिसको पछि अपुताली खान पाउँदैन भन्ने व्यवस्था भएकामा[४६१] हालको एघारौँ संशोधनले सोमा कसैले कुनै रिसइवीले कसैलाई मारेमा सो मार्ने वा निजका सन्तानले सो मर्ने वा निजको सन्तानको अपुताली खान पाउँदैन भन्ने व्यवस्था थप गरेको देखिन्छ ।

**(ख) मुलुकी ऐनको भाग ४ ले एघारौँ संशोधनपछि प्रदान गरेको महिलाअधिकारहरू**

मुलुकी ऐनको भाग ४ मा १९ वटा महलको व्यवस्था गरिएको छ । उक्त १९ वटा महलहरूमध्ये केवल ६ वटा महलमा मात्र संशोधन गरिएको थियो । संशोधन गरिएका महलहरू ज्यानसम्बन्धीको महल, जबरजस्ती करणीको महल, हाडनाता करणीको महल, पशु करणीको महल, बिहाबारीको महल र जारीका महल हुन् । यी महलहरूको चर्चा तल गरिएको छ ।

**– ज्यानसम्बन्धीको महल**

ज्यानसम्बन्धी महलको संशोधन गरिएको दफा २८ गर्भपतनसँग सम्बन्धित छ । साविकमा भएको गर्भपतनको व्यवस्थामा विशेष थप गरी दफा २८ ल्याइएको छ । साविकको दफा २८ मा उपचारका लागि बाहेक कसैले कसैको गर्भ तुहाए, तुहाउन लाए वा तुहाउनाका लागि मद्दत गरे बात लाग्छ भन्ने मात्र उल्लेख गरिएको थियो । संशोधित थप दफा २८ ले भने अवस्था छुट्याई गर्भ तुहिन जाने कार्य गरेमा हुने सजायँसमेत स्पष्ट तोकेको छ । जसमा कसैले जानीजानी १२ हप्तासम्मको गर्भ तुहाएको भए १ वर्षसम्म कैद, २५ हप्तासम्मको गर्भ भए ३ वर्षसम्म कैद र २५ हप्ताभन्दा बढीको गर्भ भए ५ वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ । त्यस्तै, हाल दफा २८(क) र २८(ख) समेत थपिएको छ ।[४६२] जसमा २८(क) ले कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाइफकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन वा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान

---

[४६१] बराल, **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ११८, पृ. ५५ ।

[४६२] **नयाँ मुलुकी ऐन,** २०२०,भाग ३, ज्यानसम्बन्धीको महल, दफा २८(क) र २८(ख) ।

हुने कुनै काम गर्न गराउन हुँदैन भन्दै त्यसरी गर्भपतन गराउने र भ्रुणको लिङ्ग पहिचान गर्ने गराउनेलाई ३ महिनादेखि ६ महिनासम्म कैद र लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई थप १ वर्ष कैद गर्ने व्यवस्था गरी गर्भैदेखि छोरीमाथि गर्ने पक्षपातविरुद्ध व्यवस्था गरेको देखिन्छ । थपिएको दफा २८(ख) ले गर्भपतन गराउन पाउने अवस्थालाई स्पष्ट पारेको थियो । निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भ बोक्ने महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपात गरेकामा,जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गरेकामा,गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्तछ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खराब हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानुनबमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो गर्भ बोक्ने महिलाको समेत मञ्जुरीले गर्भपात गराएकामा,यस महलबमोजिम गर्भ तुहाएको मानिने छैन भन्ने व्यवस्था गरिएको थियो ।

उपर्युक्त अवस्थामा गर्भधारण गर्ने महिलालाई दिइएको विशेष छुटको व्यवस्थालाई नारीहरूको विशेष अधिकारका रूपमा लिन सकिन्छ । साविक दफा ३२ ले गर्भ तुहाउने मनसाय नभई केही गर्दा गर्भ तुहिन गएकामा गरिने कैद र जरिवानामा संशोधनले फेरबदल गरेको थियो । साविकको दफा ३२ मा ६ महिनासम्मको गर्भ तुहाएकामा ३ महिना र ६ महिनाभन्दा माथिको गर्भ तुहाएकामा ६ महिना कैद भनिएकामा हालको दफा ३२ मा २५ हप्तासम्मको गर्भ र २५ हप्ताभन्दा माथिको गर्भ भनी सोही कैद सजायँ उल्लेख गरेको थियो । त्यस्तै, जरिवानामा भने साबिकमा भएको २५ रूपैयाँलाई बढाएर ५००/- र ५०/- रूपैयाँलाई बढाएर १,०००/- पुऱ्याइएको पाइन्छ ।[४६३]

– **जबरजस्ती करणीको महल**

जबरजस्ती करणीको महलमा पनि यस संशोधनले फेरबदल गरेको छ । साविक दफा ३ मा १४ वर्षभन्दा मुनि, १४ वर्ष वा सोभन्दा माथि भनी दुई समूहमा बालिकाहरूलाई छुट्याई १४ वर्षमुनिकालाई जबरजस्ती करणी गरे ६ वर्षदेखि १० वर्षसम्म कैद र १४ वर्ष वा सोभन्दा माथिकालाई जबरजस्ती करणी गरे ३ वर्षदेखि ५ वर्षसम्म कैद सजायँको व्यवस्था गरिएकामा हालको संशोधनले भने १० वर्षमुनिको, १० वर्षदेखि माथि र १६ वर्षमुनिको र १६

---

[४६३] बराल, **पूर्ववत्**, पाददटिप्पणी सङ्ख्या ११८, पृ. ५५ ।

वर्ष भन्दा माथिको गरी तीन चरणमा विभाजन गरी जबरजस्ती करणी गर्ने व्यक्तिलाई दिइने सजायँमा पनि वृद्धि गरिएको थियो ।[४६४] जसमा १० वर्षमुनिको बालिकालाई करणी गर्ने जघन्य अपराधीलाई १० वर्षदेखि १५ वर्षसम्म कैद, १० वर्षभन्दा माथि १६ वर्षमुनिको किशोरीलाई करणी गर्नेलाई ७ वर्षदेखि १० वर्ष कैद र १६ वर्ष वा सोभन्दा माथिको केटीलाई करणी गर्नेलाई ५ वर्षदेखि ७ वर्षसम्म कैद गर्ने व्यवस्था गरिएको पाइन्छ। यसै दफाको ३ नं. मा ३(क) थप गरी महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायँमा थप ५ वर्ष कैद गर्नुपर्ने व्यवस्था गरी महिला अस्मिताको रक्षा गर्ने प्रयास गरिएको थियो । त्यस्तै साविक दफा ४ मा व्यवस्था गरेको जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई हुल गरी सँगलागी जाने समाउने र सो काममा मद्दत दिनेलाई जनही १ वर्षसम्म कैद गर्ने व्यवस्था भएकामा बढाएर ३ वर्ष पुर्‍याइएको थियो । त्यस्तै १४ वर्षमुनिकाको सम्बन्धमा दोब्बर हुने व्यवस्थालाई १६ वर्षमुनिको बनाइएको थियो ।[४६५] यसै महलको दफा ९ मा ९(क) थप गरी कसैले कुनै बालिकासँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी नै गरेको मान्ने व्यवस्था गर्नाका साथै दफा ३ बमोजिम हुने सजायँमा १ वर्ष कैद सजायँसमेत थप गर्ने व्यवस्था गरेको थियो ।[४६६] त्यस्तै, नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराइदिनुपर्छ भन्ने थप व्यवस्था गरी महिलालाई जन्मने बित्तिक्कैदेखि भोग्नुपर्ने यातनाबाट बचाउने प्रयास गरिएको थियो । यस महलको दफा १० मा 'जिउताभर' भन्ने शब्द हटाइएको छ भने महिलाहरूलाई पर्ने मर्का विचार गरी दफा १०(क) र १०(ख) थप गरिएको छ । जसमा यस महलअन्तर्गतका कुनै अपराध अनुसन्धान र तहकिकातका सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा प्रहरी कर्मचारी महिला हुनुपर्ने र सो नभएमा समाजसेवी महिलाको रोहबरमा अन्य प्रहरी कर्मचारीले गराउन सकिने व्यवस्था गरिएको थियो ।[४६७] त्यस्तै, दफा १०(ख) ले पनि यस महलअन्तर्गत कुन मुद्दाको कारबाही

[४६४] **नयाँ मुलुकी ऐन**, २०२०,भाग ४, जबर्जस्ती करणीको महल, दफा ३ ।

[४६५] **ऐजन**, दफा ३(क) र ४ ।

[४६६] **ऐजन**, दफा ९(क) ।

[४६७] **ऐजन**, दफा १०(क) र १०(ख) ।

चल्दा सम्बन्धित कानुन व्यवसायी अभियुक्त, पीडित स्वास्नी मानिस र निजका संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुनसक्ने छन् भन्ने व्यवस्था गरी महिलाहरूको हकमा व्यवस्था गरेको देखिन्छ।[४६८]

- **हाडनाता करणीको महल**

हाडनाताको महलमा भने साविकको दफा १० मा उल्लेखित आफूलाई जन्माउने आमाको करणी गर्नेलाई जन्म कैद हुन्छ भनिएको छ। त्यस्तै, आफ्नै एकै बाबुबाट जन्मेका दिदीबहिनी वा आफूले जन्माएको छोरीको करणी गर्नेलाई १० वर्ष कैद हुन्छ भन्ने कुरालाई कायम राखी त्यस्ता दिदीबहिनी वा छोरी आफ्ना लोग्नेको सत्य छाडी बिग्रेकी रहिछ भने त्यस्तीको करणी गर्नेलाई सो सजायँको आधा मात्र सजायँ हुन्छ भन्ने वाक्यलाई हटाइ दिएको थियो। जसले गर्दा महिलामाथि गलत आरोप नलाग्ने विश्वास गर्न सकिन्छ।

- **पशु करणीको महल**

पशु करणीको महलमा दफा २ र ४ मा मात्र संशोधन गरिएको छ। साबिक दफा २ मा कसैले स्त्री जाति चौपायामध्ये गाईको करणी गरेमा निजलाई १ वर्ष कैद भनिएकामा हाल २ वर्ष गरिएको छ।[४६९] त्यस्तै, गाईबाहेक अन्य चौपायाको करणी गरेमा ६ महिना कैद वा दुईसय रूपैयाँ जरिवाना भनिएकामा थप गरी १ वर्ष कैद वा रु. ५००/- जरिवाना पुऱ्याइएको छ। त्यस्तै, साविक दफा ४ मा अप्राकृतिक मैथुन गर्ने गराउनेलाई ३ महिना कैद भनिएकामा १ वर्ष गरिएको छ। यसमा एकसय रूपैयाँ जरिवाना भनिएकामा बढाएर रु. ५,०००/- पुऱ्याइएको छ।[४७०]

- **बिहाबारीको महल**

भाग ४ मा पर्ने बिहाबारीको महलमा गरिएको संशोधनले स्पष्ट रूपमा महिला र पुरुषमा समान व्यवहार गर्ने प्रयास गरेको देखिन्छ। यस महलमा कानुनले नै साविक दफा २ मा केटाको उमेर १८ वर्ष र केटीको उमेर १६ वर्ष भनेर असमान व्यवस्था गरेकामा यस एघारौँ संशोधनले समान उमेर कायम गरेको थियो। हुन पनि विवाह आपसी सम्झौता हो,

[४६८] **ऐजन**।

[४६९] **ऐजन**, पशु करणीको महल, दफा २।

[४७०] **ऐजन**, महल दफा ४।

कानुनले नै केटालाई बढी र केटीलाई कम उमेर तोकी अन्याय गर्नु अवश्य राम्रो कुरा होइन । शायद त्यही सोचेर होला हालको संशोधित दफा २ ले केटा र केटी दुवैको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष हुनुपर्ने र संरक्षकको मन्जुरी नभए दुवैको उमेर २० वर्ष पुग्नुपर्ने व्यवस्था गरी समानता गरेको पाइन्छ ।[४७१] त्यस्तै साविक दफा २ को उपदफा १ मा १० वर्ष उमेर नपुगेकी महिलाको विवाह गराइएको रहेछ भने ३ महिनादेखि ३ वर्षसम्म कैद र रु ५००/- देखि रु. ५,०००/- सम्म जरिवाना हुने व्यवस्थाको सट्टा संशोधित दफा २को उपदफा १ ले १० वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएकामा ६ महिनादेखि ३ वर्षसम्म कैद र रु. १,०००/- देखि रु. १०,०००/- सम्म जरिवाना भनी जरिवाना रकम बढाइदिएको देखिन्छ ।[४७२]

त्यस्तै १० वर्षभन्दा माथि १४ वर्ष नपुगेकी महिलाको विवाह गरे गराएकामा सो गर्ने गराउनेमध्ये उमेर पुगेकालाई १ वर्ष कैद र २ हजार जरिवाना हुने व्यवस्था भएकामा कैद वर्ष उही कायम गरे पनि जरिवाना रकम भने वृद्धि गरी रु. ५,०००/- पुऱ्याएको थियो । १४ वर्षदेखि १६ वर्ष नपुगेकाको हकमा भने ३ महिना कैद र रु. १,०००/- जरिवाना वा दुवै हुने भनिएकामा हाल १४ वर्षदेखि माथि १८ वर्ष नपुगेकी भनी उमेरमा २ वर्ष थप एकातिर गरिएको छ भने अर्कोतिर ६ महिना कैद र १०,०००/- रु. जरिवाना वा दुवै हुन सक्ने व्यवस्था गरेको थियो । यतिमात्र नभई यस महलले संरक्षकको मन्जुरीविना कानुनबमोजिमको उमेर नपुगेका केटा र केटीको विवाह गराएकामा रु. ५००/- मात्र जरिवाना हुने व्यवस्था भएकामा एघारौँ संशोधनले केटा र केटी दुवैको कानुनबमोजिमको उमेर नपुगेको अवस्थामा ६ महिनासम्म कैद वा रु. १०,०००/- जरिवाना वा दुवै हुने व्यवस्था गरी छिटो विवाह गरिदिने गलत परिपाटीको विरुद्ध व्यवस्था राम्रो व्यवस्था गर्न खोजेको थियो । त्यस्तै यस महलले अन्य दफामा भएका जरिवाना र कैद सजायँमा पनि वृद्धि गरेको पाइन्छ, जस्तै :

लमी पुरोहित आदिलाई १ महिना कैद वा रु. १००/- जरिवाना वा दुवै हुनेछ भनिएको सट्टा १ महिना नै कैद भनी रु. १,०००/- जरिवाना गर्ने व्यवस्था गरेको छ ।

---

[४७१] **ऐजन**, बिहाबारीको महल, दफा २ ।

[४७२] **ऐजन**, भाग ४, बिहाबारीको महल, दफा २(ख) ।

यसै महलको साविक दफा ८ मा सधवा विधवा स्वास्नी मानिसलाई कन्या हो भनी ढाँटी विवाह गरिदिएमा विवाह गरिदिने मुख्य र विवाह गर्ने स्वास्नी मानिस दुवैलाई १ वर्ष कैद वा रु. ५००/- जरिवाना वा दुवै हुने व्यवस्थाका साथै सधवा भए विवाह बदर हुने र विधवा भए विवाह गर्ने लोग्नेले मन्जुर नगरे बदर हुन्छ भन्ने व्यवस्था थियो । हालको संशोधित दफा ८ ले भने सधवा, विधवा वा सम्बन्धविच्छेद भैसकेकी स्वास्नी मानिसलाई कन्या हो भन्ने वाक्य सँगै विदुर वा सम्बन्धविच्छेद भैसकेका लोग्ने मानिसलाई कुमार भनी ढाँटी भन्ने वाक्य थपी उनीहरूले विवाह गर्न मन्जुर नगरे विवाह बदर हुन्छ भनेको थियो । यसरी यो एघारौं संशोधनले समान व्यवहार गर्नाका साथै यस दफाले यस्तो विवाह गराउने मुख्यलाई रु. १०,०००/- जरिवाना गरी झुक्यानमा पर्नेलाई दिने व्यवस्था गरेको पाइन्छ ।[४७३] साविक १० नं. ले बहुविवाह गर्नेलाई १ महिनादेखि २ महिनासम्म कैद र १ हजारदेखि २ हजारसम्म जरिवाना हुने व्यवस्था गरेकामा एघारौं संशोधनको दफा १० ले १ वर्षदेखि ३ वर्षसम्म कैद र रु. ५,०००/- देखि २५,०००/- सम्म जरिवाना हुने व्यवस्था गरी बहुविवाहलाई निरुत्साहित पार्न खोजेको थियो ।[४७४]

- **जारीको महल**

यस महलको साबिकको दफा १ मा भएका केही वाक्यांशहरू यस संशोधनले हटाएको छ । साविक दफा ५ मा प्रयोग भएको शब्द फेर्ने काम गरेको छ । साविक १ नं. मा भएको "निजको मन्जुरीले करणी गरेमा वा स्वास्नी बनाई भगाएर लगेमा" भन्ने वाक्यांश हटाएर संशोधित दफा १ मा "अर्काकी स्वास्नी हो भन्ने कुरा जानीजानी वा सो थाहा पाउने मनासिव कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई स्वास्नी बनाउन लगेमा जारी ठहर्छ" भन्ने व्यवस्था गरेको थियो भने साविक दफा ५ मा भएको 'पोइल जाँदा' भन्ने शब्दको सट्टा 'विवाह गरी जाँदा' भन्ने शिष्ट वाक्यांश प्रयोग गरिएको थियो । यसरी एघारौं संशोधन गरिएका कारण २०५८ सालमा पुग्दा महिलालाई अपमान गर्ने शब्दावलीहरू मुलुकी ऐनबाट हटाइएका थिए ।[४७५]

---

[४७३] **ऐजन**, दफा ८ ।

[४७४] **ऐजन**, दफा १० ।

[४७५] **मुलुकी ऐन-२०२०**,जारीको महल, दफा ५ ।

### ६.६.२ २०४७ देखि २०५८ सालसम्म गरिएका महिला उत्थानसम्बन्धी नीतिगत व्यवस्थाहरू

प्रजातन्त्रको पुनः प्राप्तिसँगै नेपालले सिड महासन्धिमा हस्ताक्षर गरेपछिको आठौँ योजना (२०४७ देखि २०५२ सालसम्मर नवौं योजना (२०५२ देखि २०५७ सालसम्म) मा महिलाका लागि धेरै कामहरू भए गरेको पाइन्छ । यसको उदाहरणमा महिला मन्त्रालय राष्ट्रिय स्तरमा महिलाका हकहितमा काम गर्न खोलिनु, बेजिङ सम्मेलनमा अधिक मात्रामा नेपाली महिलाहरूको सहभागिता हुनु, बेजिङ सम्मेलनले सदस्य राष्ट्रहरूलाई महिलाअधिकारका लागि असमान कानुन बदर गर्नेदेखि नीतिनिर्माण तहमा महिलालाई पुऱ्याउनेसम्मका कामहरू गर्न जोड दिएको पाइनु र नेपालका अधिकारकर्मी महिलाहरू सिड महासन्धि र नेपाल अधिराज्यको संविधानलाई आधार मानेर सर्वोच्च अदालत जानु र सर्वोच्च अदालतले पनि मागबमोजिमका आदेश गर्नुलाई लिन सकिन्छ । यो दश वर्षको समय महिलाअधिकारका दृष्टिले उर्वर हुन पुगेको थियो । यसै समयमा **नयाँ मुलुकी ऐन, २०२०** मा एघारौँ संशोधन गरेर महिलालाई थप समान अधिकार दिन प्रारम्भ गरिएको थियो भने यस अवधिमा आठौँ पञ्चवर्षीय योजना (२०४९ देखि २०५४ सालसम्म) र नवौँ पञ्चवर्षीय योजना (२०५४ देखि २०५९ सालसम्म) को समय पर्दछ । यस अवधिमा महिलाअधिकारका लागि कसरी प्रयास गरिएको थियो र के कस्ता उपलब्धिहरू महिलाहरूलाई प्राप्त भएको थियो भन्ने सन्दर्भमा बेजिङ सम्मेलनले तोकेको बुँदाहरूलाई आधार मानेर चर्चागर्ने प्रयास यहाँ गरिएको छ । महिलालाई समान अवसर प्रदान गर्न सशक्तीकरण गर्ने उद्देश्यले यस बेजिङ सम्मेलनले "महिला र गरिबी, महिलालाई शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशस्त्र विद्रोह, महिला तथा अर्थतन्त्र, नीतिनिर्माणमा महिला, महिलाविकासका लागि संस्थागत संरचना, महिला र मानवअधिकार, महिला र सञ्चार महिला र वातावरण र बालिका"जस्ता १२ वटा प्रस्थान विन्दु तय गरेको थियो । तल उक्त प्रस्थान विन्दुमा आधारित भएर यिनको चर्चा गरिएको छ :

#### ६.६.२.१ महिला र गरिबी

आठौँ पञ्चवर्षीय योजनामा  महिलाहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्ने र उनीहरूको सामाजिक र आर्थिक उन्नति गर्ने कार्यनीतिहरू अवलम्बन गरिएका थिए । यस समयमा ठूलो चुनौतीका रूपमा देखिएको विद्यमान गरिबीको अवस्थालाई निराकरण गरी महिलावर्ग लगायत सम्पूर्ण जनताको जीवनस्तर कसरी माथि उठाउने भन्ने उद्देश्य राखिएको पाइन्छ ।नवौं योजना अवधिमा भने पहिलाको भन्दा अलि फरक तरिकाले अर्थात्

गरिबहरूको सशक्तीकरणका लागि आवश्यक पुँजी, सङ्गठन र सीप प्रदान गर्न सरकार, स्थानीय निकाय, जिल्ला विकास समिति लगायत गैह्र सरकारी सङ्घ संस्थाहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने नीति अवलम्बन गर्दै देशको आर्थिक विकास प्रक्रियासँग आबद्ध सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूबीच समन्वयात्मक कार्यक्रमहरू तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखिएको थियो ।[४७६]प्रस्तुत उद्देश्य प्राप्त गर्न अर्थात् विकासको प्रत्येक क्षेत्रमा महिलावर्गको संलग्नता वृद्धि गर्न सामाजिक, आर्थिक शैक्षिक, राजनीतिक र कानुनी स्थितिमा सुधार गर्न उपयुक्त वातावरण र पूर्वाधार सृजना गर्नका लागि निम्नलिखित मुख्य नीति र कार्यक्रमहरू अङ्गिकार गरिएका थिए :

- प्राथमिक, माध्यमिक र प्रौढ तथा अनौपचारिक शिक्षामा महिलाहरूका लागि संलग्नता वृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, प्रौढ तथा अनौपचारिक शिक्षामा महिलाहरूका लागि चेलिबेटी कार्यक्रम सञ्चालन गरी कार्यमूलक शिक्षा प्रदान गर्ने, उच्च शिक्षा प्राप्त गर्न अवसर नपाएका छात्राहरूका लागि साधारण तथा प्राविधिक शिक्षा उपलब्ध गराउने सन्दर्भमा निश्चित कोटा छुट्याउने र स्वदेशी तथा विदेशी छात्रवृत्तिमा छात्राहरूका लागि केही प्रतिशत सिट छुट्याउने,
- जनसङ्ख्या नियन्त्रणमा महिलाहरूको अहं भूमिकालाई ध्यानमा राखी परिवारनियोजन तथा जन्मान्तर बढी पार्न आवश्यक जानकारी र सेवा उपलब्ध गराउन विशेष जोड दिई उनीहरूको स्वास्थ्यमा सुधार ल्याउन सुरक्षित मातृत्व, खोपविस्तार, प्राथमिक स्वास्थ्य केन्द्रको स्थापनाजस्ता महिलावर्गलाई लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,[४७७]
- कृषि क्षेत्रमा, महिलाहरूको सहभागितालाई मान्यता दिँदै उत्पादनमा वृद्धि गर्न उन्नत बिउ, मल, कृषि ऋृण, प्राविधिक ज्ञान, तालिम आदिमा महिलाहरूको पहुँच बढाई ग्रामीण महिलाहरूको कृषिलगायत घरायसी कार्यबोझ घटाउने प्रविधि विस्तार गर्ने, मध्यम तथा उच्चस्तरका महिला कृषि प्राविधिक जनशक्तिको अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने,

[४७६] श्री ५ को सरकार, **पूर्ववत्,**पादटिप्पणी सङ्ख्या ९१, पृ. ५-८ ।

[४७७] **ऐजन**, पृ. ६ ।

- वनसम्पदाको संरक्षण र विकास, वातावरण सुधार आदि कार्यमा महिलाहरूलाई सक्रिय सहभागी गराई सामुदायिक वृक्षारोपण, जडिबुटी उत्पादन, प्रशोधन, डालेघाँस उत्पादनजस्ता कार्यहरूमा महिलाहरूको संलग्नतालाई जोड दिने,

- उद्योगहरूको सञ्चालन र व्यवस्थापनमा महिला सहभागितालाई प्रोत्साहन गर्न आवश्यक सीपमूलक तालिम, कच्चा पदार्थ, औद्योगिक व्यवस्थापन तालिम, सुलभ र सहुलियत ऋण सुविधा उपलब्ध गराउनाका साथै बाणिज्य तथा पर्यटन क्षेत्रमा महिलाहरूको सहभागिता वृद्धि गर्न नेतृत्व व्यवस्थापन, उद्यमी र सीप विकास हुने प्रशिक्षण उपलब्ध गराउने,[४७८]

- गरिब ग्रामीण महिलाहरूको आर्थिक स्तरमा सुधार ल्याउन साना किसान विकास कार्यक्रम, ग्रामीण महिलाहरूका लागि उत्पादन ऋणव्यवस्था कार्यक्रम, सिचाइ, खानेपानी, बाटोघाटोजस्ता ग्रामीण पूर्वाधार विकासका कार्यक्रमहरूमा महिलाको सहभागितामा विस्तार गर्ने,

- ग्रामीण महिलाहरूको उन्नतिका लागि साझा संस्थामार्फत् कृषि, घरेलु तथा ग्रामीण उद्योगको स्थापना र बचत कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन दिने,

- महिलावर्गको हित र विकासका बाधक ऐन कानुनमा सुधार गर्ने,

- देशको ग्रामीण क्षेत्रमा महिलाहरूको स्वास्थ्य र शिक्षा सेवा पुऱ्याउने, विकास कार्यमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने, उपयुक्त प्रविधिको विकास, हस्तान्तरण र उपयोग गर्ने तथा वातावरणको जगेर्ना गर्ने आदि कार्यमा गैह्र सरकारी संस्थाहरूको महत्त्वपूर्ण योगदानलाई ध्यानमा राखी महिलाहरूलाई यी कार्यहरूमा केन्द्रित हुन अभिप्रेरित गर्ने ।

यसरी आठौं पञ्चवर्षीय योजना अवधिमा महिलाहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्ने र उनीहरूको सामाजिक र आर्थिक उन्नति गर्ने कार्यनीतिहरू अवलम्बन गरिएको थियो भने नवौं योजनामा भने पहिलाको भन्दा अलि फरक तरिकाले अर्थात् गरिबहरूको सशक्तीकरणका लागि आवश्यक पूँजी, सङ्गठन र सीप प्रदान गर्न सरकारी स्थानीय निकाय, जिल्ला विकास समितिलगायत गैह्र सरकारी सङ्घ संस्थाहरूलाई

[४७८] **ऐजन**, पृ. ७।

प्रभावकारी रूपमा परिचालन गर्ने नीति अवलम्बन गर्दै देशको आर्थिक विकास प्रक्रियासँग आबद्ध सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरू बीच समन्वयमा कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने लक्ष्य राखिएको थियो ।[४७९]

### ६.६.२.२ महिलालाई शिक्षा र तालिम

बेजिङ्गसम्मेलनले शिक्षामा समान अवसर दिने, महिलाहरूमा निरक्षरता उन्मूलन गर्ने, महिलाहरूलाई व्यवसायिक तालिम, विज्ञान र प्रविधिका शिक्षामा निरन्तर अवसर बढाउने, भेदभावरहित शिक्षा र तालिमको विकास गर्ने, शिक्षामा सुधार गर्नका लागि पर्याप्त स्रोत र साधनहरू छुट्याउने बालिका तथा महिलाका लागि आजीवन शिक्षाको अभिवृद्धि गर्नेजस्ता रणनीतिक उद्देश्य लिइएको थियो । २०५७ सालसम्ममा प्राथमिक शिक्षा सर्वसुलभ गर्ने नीति अवलम्बन गर्नाका साथै देशमा साक्षरता प्रतिशत ६७ पुऱ्याउने लक्ष्य लिएको पाइन्छ । आधारभूत प्राथमिक शिक्षा परियोजनाअन्तर्गत२०५३ सालसम्म ३६५१ अस्थायी शिक्षिका नियुक्त गरिसकेको पाइन्छ भने ती अस्थायी कोटालाई स्थायी गर्न श्री ५ को सरकारको नीतिअनुसार ५०० दरबन्दीलाई मात्र स्थायी गरिएको थियो । यस आर्थिक वर्ष २०५३/०५४ मा पनि २५० दरबन्दीलाई मात्र पुनः स्थायी गर्ने निर्णय गरिएको थियो । छात्रवृत्तिको हकमा अछाम, डोटी, बाजुरा, बझाङ, हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, डोल्पा र मुगु गरी १० जिल्लाको १ देखि ५ कक्षासम्मका सम्पूर्ण छात्राहरूलाई एक शैक्षिक सत्रमा रु. २५०/- वितरण गर्ने व्यवस्था आर्थिक वर्ष २०५२/०५३ बाट सुरु गरिएको पाइन्छ । यस अवधिमा गरिएका अन्य नीतिगत कार्यहरू निम्नलिखित थिए :

- शिक्षामा महिला सहभागिता बढाउन विशेष जोड दिइने,
- अनौपचारिक शिक्षा विस्तार गर्न ६ देखि १४ वर्षसम्मका बालिकाहरूलाई चेलिबेटी र शिक्षा सदन कार्यक्रमबाट अनौपचारिक शिक्षा दिने व्यवस्था गर्ने ।

यसरी नै उक्त नीतिअनुरूपनिम्न कार्यक्रम लागू गरिएका थिए :

- प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा एक महिला शिक्षक रहनु पर्ने नीतिअनुरूप २०४९ सालदेखि थप महिला शिक्षकको नियुक्ति गरिँदै आएको थियो,
- सीपमूलक प्रशिक्षणमा उद्योग मन्त्रालयबाट दिइएको तालिममा ५० प्रतिशत महिलाको सहभागिता रहेको थियो ।[४८०]

---

[४७९] **ऐजन,** पृ. ८ ।

[४८०] श्री ५ को सरकार,**पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९१, पृ. २३ ।

त्यस्तै, शिक्षा क्षेत्रमा प्राथमिक शिक्षा व्यापक तुल्याउने, निरन्तरता हटाउन पञ्चवर्षीय साक्षरता अभियान वृहत् रूपमा सञ्चालन गर्ने, शिक्षाको स्तर बढाउन विशेष उपाय अपनाउने, शिक्षामा महिला एवं बालिकाको सहभागिता बढाउन विशेष सुविधा प्रदान गर्ने, निजी क्षेत्रका शैक्षिक संस्थाहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नेतर्फ प्रोत्साहन गर्नेजस्ता नीतिहरू अवलम्बन गरिएको देखिन्छ । नवौँ योजनामा महिलालाई शिक्षामा समान अवसर प्रदान गर्न योजनाभरिमा प्राथमिक शिक्षा अनिवार्य गर्ने, छात्राहरूलाई माध्यमिक स्तरसम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने, स्नातक स्तरसम्म अध्ययन गर्ने छात्राहरूका लागि श्री ५ को सरकारको अनुदानबाट सञ्चालित शैक्षिक संस्थाहरू वा क्याम्पसहरूमा गरिब छात्राहरूलाई प्राथमिकता दिने गरी ५० प्रतिशत छात्राहरूलाई प्रतिमहिना शुल्क मिनाहा गर्ने, त्यस्तै, महिलाहरूमा निरक्षरता निमूल गर्न अनौपचारिक तथा औपचारिक शिक्षाको माध्ययमबाट नवौँ योजनाभरिमा महिलासाक्षरता ५० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको पाइन्छ । व्यावसायिक तालिम विज्ञान र प्रविधि तथा निरन्तर शिक्षामा महिलाको पहुँच बढाउनका लागि व्यावसायिक तालिम र प्राविधिक शिक्षामा बालिकाका लागि कोटाको व्यवस्था गर्ने, यस्ता तालिमहरू र शिक्षामा बालिकालाई थप सुविधा प्रदान गर्ने उद्देश्य लिएको थियो भने भेदभावरहित तालिम र शिक्षाको व्यवस्था गर्न महिला र पुरुषबीच देखिने अजैविक विभेद निराकरण गर्न शिक्षा र तालिम पद्धतिमा सुधार गर्ने लक्ष्य नवौँ योजनाले लिएको थियो ।[४८१]

दशौँ योजनाले भने निम्न माध्यमिक तहसम्म छात्राहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने, छात्राहरूलाई विशेष छात्रवृतिको व्यवस्था गर्ने, महिलाहरूका लागि अनौपचारिक शिक्षाको व्यवस्था गर्ने नीति लिएको पाइन्छ । त्यस्तै, दशौँ योजनाले अनिवार्य महिला शिक्षिकाको व्यवस्था गर्ने नीति पनि अवलम्बन गरेको पाइन्छ । यतिमात्र होइन प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम पाठ्यक्रम, पाठ्यपुस्तकजस्ता प्रशिक्षण सामग्रीहरूलाई लैङ्गिक संवेदनशील बनाउने, खेलकूदमा महिला सहभागिता बढाउने, महिलासम्बन्धी विशेष व्यवस्था गर्न सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने नीति लिएको पाइन्छ ।

दशौँ योजनाले महिला सशक्तीकरणका लागि नेतृत्वविकास, सीपविकास तथा क्षमताविकास गर्न पहल गर्ने नीति पनि अवलम्बन गर्नाका साथै जनजाति, दलित एवम्

[४८१] **ऐजन**, पृ. ५ ।

पिछडिएका समुदायका छात्राहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृतिको व्यवस्था मिलाउने नीति दशौँ योजनाले लिएको थियो ।[४८२]

### ६.६.२.३ महिला र स्वास्थ्य

आठौँ योजना अवधि (२०५४ देखि २०५९ सालसम्म) मा अगाडि दिँदै आएका सेवाहरूलाई प्राथमिकता दिँदै थप नीतिमा सङ्ख्यात्मक स्वास्थ्यसेवा प्रदान गर्न सबै निर्वाचन क्षेत्र, सबै गाउँ विकास समिति र सबै वडास्तरमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी स्थापना र सञ्चालन गरिने अनि परिवारनियोजन सेवा विस्तार गर्ने, स्वास्थ्यसेवाको उचित व्यवस्थापन गर्ने र भौतिक सुविधाको विस्तार गर्ने नीति लिएको थियो । त्यस्तै, आयुर्वेद स्वास्थ्यसेवाको विस्तार र गाउँमा वातावरण स्वास्थ्य, जीवन अवधिभर उपयुक्त, धान्न सकिने र गुणात्मक स्वास्थ्य सुविधा, सूचना र सम्बन्धित सेवामा महिलाको पहुँच बढाउन श्री ५ को सरकारले परिवारनियोजन, जनसङ्ख्यानियन्त्रण तथा सुरक्षित मातृत्व सम्बन्धित कार्यक्रम ल्याएको थियो भने महिलाको स्वास्थ्यमा सुधार गर्न प्रतिरोधात्मक र प्रबर्द्धनात्मक कार्यक्रम सुदृढ बनाउन स्वास्थ्य मन्त्रालयले नीति तथा कार्यक्रमहरू तयार गरेको थियो ।[४८३] 'सबैका लागि स्वास्थ्य' को धारणाअनुरूप कार्यक्रम सञ्चालन गर्ने जिम्मा स्वास्थ्य मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्र पारेको थियो । यी कार्यक्रम लागू गर्दा मूलतः महिलाको बिग्रेको स्वास्थ्यको अवस्थालाई मध्य नजर गर्दै सुरक्षित मातृत्वको कार्यक्रम, महिलाको प्रजनन् स्वास्थ्यलगायत महिलाको प्रजनन अधिकारलाई सुरक्षित गर्दै लैजानु पर्दछ भनिएको थियो भने अरू विषय अनुरूप निर्माण हुने ऐन कानुन तथा सोको कार्यान्वयन प्रभावशाली हुनुपर्ने कुरामा मन्त्रालयसमेत सहमत भएको थियो ।

### ६.६.२.४ महिलाविरुद्धको हिंसा

कुनै पनि व्यक्तिलाई शारीरिक मानसिक र भावनात्मक रूपमा शोषण गर्ने हतोत्साहित पार्ने, दमन गर्ने वा चोट पुऱ्याउने क्रियाकलापलाई हिंसात्मक गतिविधि भनिन्छ । आठौँ योजनासम्म महिलालाई विकासमा सहभागी बनाउने भनेर शिक्षा, तालिम, परिवारनियोजन तथा महिला भेदभावका कानुन आदिको उल्लेख गरिए तापनि महिलाविरुद्धका हिंसाको सम्बन्धमा भने कुनै कुराको उल्लेख गरिएको थिएन । २०५४ सालसम्म यस सम्बन्धमा कुनै

[४८२] **ऐजन**, पृ. ४४९ ।

[४८३] **ऐजन**, पृ. ४५-४६ ।

ठोस नीति र कार्यक्रम बनेको पाइँदैन तर पनि महिलाविरुद्धका सबै प्रकारका हिंसाको अन्त्य गरी हिंसाविहीन शान्तिपूर्ण समाजको सिर्जना गर्दै महिलाको आत्मबलको विकास गर्ने रणनीतिक उद्देश्य यस अवधिमा सरकारको रहेको थियो ।[४८४]बेजिङ सम्मेलनबाट पारित कार्यमञ्च र विभिन्न सन्धिहरूबाट पारित मुख्यमुख्य बुँदाहरूलाई आधार बनाएर महिलाविरुद्धको हिंसा उपसमितिले **नेपाल अधिराज्यको संविधान**, २०४७, **नयाँ मुलुकी ऐन**, २०२०, अन्य ऐनहरू र व्यवहारिक पक्षहरूलाई समेत आधार बनाएर कार्ययोजना२०५४ सालमा तयार गरेको थियो । यस समयमा महिलाउपर हुने शारीरिक, मानसिक, परम्परागत, सामाजिक, राजनीतिक तथा घरेलु हिंसाको पहिचान गरी महिलाअधिकारसम्बन्धी काम गर्ने निकायहरू बीच समन्वय गरी हिंसा निराकरण गर्दै लैजाने र महिलाउपर हुने सबै प्रकारका हिंसाको घटनाको आधिकारिक तथ्याङ्क सङ्कलन गर्ने परिपाटी निर्माण गर्ने दीर्घकालीन उद्देश्य राखेको थियो ।

दशौं पञ्चवर्षीय योजनाले महिलासम्बन्धी विद्यमान कानुनमा सुधार गर्ने र परम्पराजन्य छाउपडी, बोक्सी, झुमा, देउकी र वादीजस्ता समस्याहरूलाई रोकथाम गर्न कानुनी व्यवस्था गर्ने नीति लिएको थियो । त्यस्तै महिलाअधिकारबारे जनचेतना अभिवृद्धि गर्ने व्यवस्था गर्नाका साथै चेलिबेटी बेचविखन लगायतका हिंसाबाट असर परेका महिलालाई क्षतिपूर्ति, परामर्श, स्वास्थ्य उपचार कानुनी सहयोगजस्ता कार्यक्रमहरू ल्याउने नीति लिनाका साथै समुदायमा आधारित पुनःस्थापना तथा पुनः एकीकरण प्याकेज कार्यक्रम सञ्चालन गर्ने नीति लिएको थियो ।[४८५]

### ६.६.२.५ महिला र सशस्त्र विद्रोह

युद्धको समयमा नागरिकहरूको रक्षा गर्नेसम्बन्धी **जेनेभा महासन्धि**, १९४९, त्यसको थप दस्तावेज, १९७७ का साथै मानवअधिकारसम्बन्धी विश्वसम्मेलनले पारित गरेको **भियना घोषणापत्र**, १९९४ र कार्यनीति लगायतका दस्ताबेजहरूले युद्ध वा विद्रोहको समयमा महिलाहरूप्रति गरिने अपमानजनक व्यवहार, करणी, वाध्यतापूर्ण देहव्यापार, यौनदासता, बलजफ्ती गर्भधारणजस्ता कुराहरू नियन्त्रण हुनुपर्नेतर्फ ध्यानाकर्षण गरेको थियो । हाम्रो देशको सन्दर्भमा भने युद्धको कारणबाट हुने उपर्युक्त अवस्थाहरूको अनुभव भाग्यवश गर्न

---

[४८४] **ऐजन**, पृ. ५३ ।

[४८५]**ऐजन**,पृ. ४४९ ।

नपरे पनि आन्तरिक कहिलेकाहीँ घट्ने र घट्न सक्ने विद्रोह, आतङ्क र हिंसा आदिलाई मध्यनजर गरी निम्न दीर्घकालीन र अल्पकालीन कार्ययोजना बनाइएको थियो :

(क) **दीर्घकालीन उद्देश्यहरू**

महिलालाई सशस्त्र विद्रोहका कारण उत्पन्न हुने समस्याहरूबाट बचाउनु पर्छ भन्ने सोचले सरकारले विभिन्न किसिमका नीतिहरू अपनाउने गरेको पाइन्छ । त्यस्ता नीतिहरू कुनै लामो अवधिमा लागू गरिने हुन्थे भने कुनै छोटो समयमा लागू गर्नलाई बनाइएका हुन्थे । तल लामो समयमा लागू हुने गरी बनाइएका उद्देश्यहरू अर्थात् दीर्घकालीन उद्देश्यहरू निम्नलिखित थिए :

- पारिवारिक विखण्डन, आतङ्कवाद, शरणार्थीसमस्या, आन्तरिक उपद्रवबाट पीडित महिला र उनको परिवारको मानवअधिकारको संरक्षण गर्ने,
- यस्ता पीडित महिलाका अवस्थाबारे अध्ययन अनुसन्धान गरी समस्या समाधानका लागि पहल गर्ने,
- अप्ठ्यारा परिस्थितिमा परेका महिलालाई सामाजिक, आर्थिक संरक्षण प्रदान गर्ने ।

(ख) **अल्पकालीन उद्देश्यहरू**

विद्रोहबाट ग्रस्त भएका पीडित महिलाहरूलाई बचाउन र तुरुन्त राहत दिलाउन दीर्घकालीन उद्देश्यहरूबाट नसकिने भएकाले छिटो सहयोग गर्नाका लागि सरकारले अल्पकालीन उद्देश्यहरू पनि लिएको थियो र ती उद्देश्यहरू हुन् :

- विवाद र विद्रोहबाट आक्रान्त महिला एवं बालबालिकालाई राहत सहयोग उपलब्ध गराउने,
- महिलाको सहभागितामा शान्ति सुव्यवस्था कायम गर्न पहल गर्ने,
- विस्थापित र शरणार्थी महिलाको लगत अध्यावधिक गर्ने ।[४८६]

दशौँ पञ्चवर्षीय योजनाले देशमा सिर्जित द्वन्द्वका गतिविधिको कारणले विस्थापित हुन पुगेका विधवा, अनाथ र अन्य बालबालिका तथा महिलाहरूका निम्ति संरक्षण र समुदायमा आधारित पुनर्स्थापना, आयआर्जनजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति लिइएको थियो ।[४८७]

---

[४८६] **ऐजन**, पृ. ७३ ।

[४८७] **ऐजन**, पृ. ४४९ ।

### ६.६.२.६ महिला तथा अर्थतन्त्र

देशको सर्वाङ्गिण विकासको अभिन्न पक्ष महिलाविकास हो र महिलाविकासमा प्रभाव पार्ने पक्ष भनेको आर्थिक पक्ष हो । विश्वको विकासशील मुलुकहरूको आर्थिक स्रोत साधनमा महिलाको ज्यादै कम पहुँच रहेको पाइन्छ । यसैगरी नेपालमा व्यवस्थित आर्थिक योजनाको आठौँ योजना सकिने बेलासम्म पनि महिलाको आर्थिक स्थिति र आर्थिक स्रोतमा पहुँच कम भई महिला र गरिबी प्रमुख समस्या बन्न पुगेको देखिन्छ। त्यसैले यस अवधिमा महिलाहरूलाई आर्थिक रूपले सशक्त बनाउन निम्नलिखितराम्राराम्रा नीतिहरू बनाइएका थिए :

**(क) दीर्घकालील उद्देश्य**

महिलालाई आर्थिक रूपले सम्पन्न बनाउन यस समयमा सरकारले विभिन्न किसिमका नीतिहरू अपनाउने गरेको पाइन्छ । त्यस्ता नीतिहरू कुनै लामो अवधिमा लागू गरिने हुन्थे भने कुनै छोटो समयका लागि बनाइएका हुन्थे । यस अवधिमा बनाइएका दीर्घकालीन उद्देश्यहरू निम्नलिखित थिए :

- महिलाहरूको आर्थिक उत्थानका लागि रोजगारको अवसरमा तीव्र वृद्धि गर्नाका साथै सबै आर्थिक स्रोत साधनमा महिलाको पहुँच, नियन्त्रण तथा स्वामित्व निश्चित गरी पुरुषसरह आर्थिक हक अधिकार कायम गराउने,
- महिलाहरूले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएका योगदानको सही आँकलन हुनसक्यो भने मात्र कुल राष्ट्रिय आयको वास्तविक चित्र प्रस्तुत हुन सक्ने भएकाले विद्यमान राष्ट्रिय लेखा प्रणालीमा पुनरावलोकन गरी सुधार ल्याउने ।[४८८]

**(ख) अल्पकालीन उद्देश्यहरू**

आर्थिक रूपले पीडित महिलाहरूको विपन्नता हटाउँदै तुरुन्त राहत दिलाउन दीर्घकालीन उद्देश्यहरूबाट नसकिने भएकाले छिटो सहयोग गर्नाका लागि सरकारले अल्पकालीन उद्देश्य लिएको पाइन्छ, ती अल्पकालीन उद्देश्यहरू निम्नलिखित थिए :

- सबै क्षेत्रमा महिलाको निम्ति उपयुक्त तालिम दिई रोजगारको अवसरमा वृद्धि गर्ने,
- महिलाको आर्थिक स्रोत र साधनमा पहुँच, नियन्त्रण तथा स्वामित्व सुनिश्चित गर्ने, महिला ऋण कार्यक्रममा तीव्रता ल्याउने,

---

[४८८] **ऐजन**, पृ. ७५ ।

- महिला उद्यमशीलताको विकास गर्ने ।[४८९]

### ६.६.२.७ **नीतिनिर्माणमा महिला**

बहुदलीय शासन व्यवस्थाको पुनःर्स्थापनापछि श्री ५ को सरकारले महिलाको सामाजिक, आर्थिक एवं राजनीतिक स्थितिमा सुधारका लागि आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्दै महिलाविकासप्रति प्रतिबद्धता देखाएको थियो । यसका लागि **नेपाल अधिराज्यको संविधान**, **२०४७** ले लिङ्गका आधारमा विभेद नगर्ने तथा महिला हक, हित, विकास र संरक्षणको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्थासमेत उल्लेख गरेको थियो ।

**(क) दीर्घकालील उद्देश्य**

महिलालाई नीतिनिर्माण तहमा पुऱ्याएर सशक्त वा अधिकार सम्पन्न बनाउन यस समयमा सरकारले विभिन्न किसिमका नीतिहरू अपनाउने गरेको पाइन्छ । त्यस्ता नीतिहरू कुनै लामो अवधिमा लागू गर्न हुन्थे भने कुनै छोटो समयका लागि बनाइएका हुन्थे । तल लामो समयमा लागू हुने गरी बनाइएका उद्देश्यहरू अर्थात् दीर्घकालीन उद्देश्यहरू निम्न छन् :

- नीतिनिर्माण स्तरमा महिलाको सहभागिता बढाई महिला सशक्तीकरण गर्ने,
- देशविकास प्रक्रियामा योगदान गर्न महिला जनशक्ति तयार गर्ने,
- महिलालाई नीतिनिर्माणको माथिल्लो स्तरमा पुऱ्याउन समानुपातिक विकासको अवधारणा अवलम्बन गर्ने,
- महिलालाई नीतिनिर्माण तहमा पुऱ्याउन सकिने पूर्वाधारहरू खडा गर्ने प्रक्रिया गर्ने ।
- सकारात्मक भेदभाव थालनी गर्ने ।[४९०]

यसरी सबै क्षेत्रमा नेपाली महिलाहरूको पहुँच न्यून रहेकामा राजनीतिक, प्रशासनिक तथा नीतिनिर्माण तहमा समेत महिला सहभागिता प्रभावकारी रूपमा वृद्धि हुन सकेमा मात्र देशको विकास हुन सक्छ भन्ने ठहर गर्दै नीतिनिर्माण तहमा महिला सहभागिता अति नै कम भएको वर्तमान अवस्थामा महिला सहभागिताका लागि विशेष पहल गर्नुपर्ने निर्णय गर्दै

---

[४८९] **ऐजन**, पृ. ८० ।

[४९०] **ऐजन**, पृ. ९४ ।

दशौँ योजनाले त २० प्रतिशत महिला सहभागिता नीतिनिर्माण तहमा पुऱ्याउने लक्ष्यसहित निम्न रणनीति लिएको थियो :

- महिलावर्गको सहभागितामा सम्बद्ध क्षेत्रगत नीति तथा महिला लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, समन्वय, मूल्याङ्कन र अनुगमन प्रक्रियालाई समन्वयात्मक रूपमा प्रभावकारी बनाउने,
- स्थानीय स्तरमा सञ्चालन गरिने गरिबी निवारण एवं आयआर्जनलगायतका आयोजनाको सबै चक्रमा महिलाहरूको सहभागिता वृद्धि गर्ने,
- सबै वर्ग एवं तहमा लैङ्गिक समानताको अभिवृद्धि गर्ने,
- महिलाविरुद्धका भेदभावपूर्ण कानुनलाई समानता र अन्तर्राष्ट्रिय प्रतिबद्धताको आधारमा संशोधन गर्ने ।[४९१]

### ६.६.२.८ महिलाविकासका लागि संस्थागत संरचना

२०४६ सालको जनआन्दोलनपछि **नेपाल अधिराज्यको संविधान, २०४७** लागू भएपछि भने २०४९ सालमा कृषि मन्त्रालयमा महिला कृषक विकास महाशाखा गठन गरिएको थियो भने २०५० सालमा राष्ट्रिय योजना आयोगको सचिवालयमा बाल तथा महिलाविकास शाखा गठन गरिएको थियो । त्यस्तै, २०५० सालमा नै शिक्षा मन्त्रालयमा पनि महिला शाखा गठन गरिएको थियो । यस वर्ष नै जलस्रोत मन्त्रालयमा महिलाविकासइकाईको गठन गरिएको थियो । यसपछि झन् संस्थागत संरचनालाई महत्त्व दिँदै २०५१ सालमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल विकास परिषद्को गठन गरियो भने २०५२ साल असोज महिनामा त महिला तथा समाज कल्याण मन्त्रालयको नै गठन गरिएको देखिन्छ । यस मन्त्रालयको माध्ययमबाट महिलाविकासका निम्ति विभिन्न कार्यहरू गरिएको छ । यो मन्त्रालयबाहेक स्थानीय विकास मन्त्रालय, कृषि मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग सचिवालय, जल तथा शक्ति आयोगको सचिवालय, श्रम मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उद्योग मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय र प्रहरी

[४९१] श्री ५ को सरकार, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९१, पृ. ४४६ ।

प्रधान कार्यालयबाट समेत महिलाविकाससम्बन्धी विभिन्न कार्यहरू भएका थिए ।[४९२] यसपछि महिलाविकासका लागि संस्थागत संरचनासम्बन्धी कार्य गर्ने सम्बन्धमा सरकारले निम्नलिखित रणनीतिहरू बनाएको थियो ।

- राष्ट्रिय महिलाआयोगको गठन गर्ने सम्बन्धमा महिला तथा समाज कल्याण मन्त्रालयले महिलाका क्षेत्रमा सक्रिय रहेका विभिन्न बुद्धिजीवीहरू तथा समाजका प्रतिष्ठित व्यक्तिहरू, व्यावसायिक व्यक्तिहरू, राजनीतिक दलका प्रतिनिधिहरू तथा सरकारी एवं गैह्र सरकारी क्षेत्रका सम्बन्धित व्यक्तिहरूलाई भेला गराई आयोगको गठन सम्बन्धमा आवश्यक विचार विमर्श गर्ने र सोको आधारमा कारवाही अगाडि बढाउने,
- श्री ५ को सरकारका विभिन्न मन्त्रालयहरू समेतमा महिलाविकाससम्बन्धी महाशाखा, शाखा, एकाई स्थापना गर्ने सम्बन्धमा तथा भइरहेका एकाईहरूलाई सुदृढीकरण गर्ने सम्बन्धमा, महिला तथा समाज कल्याण मन्त्रालयले संयोजनकारी भूमिका निर्वाह गर्ने र सोको आधारमा कारवाही अगाडि बढाउने,
- महिला तथा समाज कल्याण मन्त्रालयको सङ्गठनात्मक सुदृढीकरण गर्ने र मन्त्रालयलाई छुट्टै महिलाविकास मन्त्रालयको रूपमा विकसित गर्ने सम्बन्धमा महिला तथा समाजकल्याण मन्त्रालयले श्री ५ को सरकारका सम्बन्धित निकायमा प्रस्तुत गरी निर्णयका लागि कारवाही अगाडि बढाउने ।

यसरी महिलाहरूको संस्थागत विकास गर्न अल्पकालीन रणनीति बनाएर अघि बढेको सरकारले महिलाहरूको संस्थागत विकास गर्न निम्नलिखित दीर्घकालीन उद्देश्यहरू पनि लिएको थियो :

- महिलाविकासका लागि संस्थागत संरचनामा सुधार तथा विस्तार गर्ने,
- निर्णायक तहमा महिलाको संलग्नता बढाउने,
- लैङ्गिक दृष्टिकोणलाई राष्ट्रिय योजना प्रक्रियामा समाहित गर्ने ।[४९३]

**अल्पकालीन उद्देश्यहरू**

संस्थागत रूपमा महिलाहरूको विकास छोटो अवधिमा गर्नका लागि सरकारले निम्नलिखित अल्पकालीन उद्देश्यहरू पनि राखेको थियो :

---

[४९२] शिवमाया तुम्बाहाङ्फे, **नेपालमा महिला आन्दोलन,** (विराटनगर : वाणी प्रकाशन, २०६६), पृ. १८१ ।

[४९३] श्री ५ को सरकार, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९१, पृ. ९९ ।

- आवश्यकताअनुसार विभिन्न मन्त्रालय, सचिवालय तथा आयोगमा महिलाविकास महाशाखा र एकाइहरू स्थापना गर्ने,
- विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता गराउने पूर्वाधार खडा गर्ने,
- तथ्याङ्क सङ्कलन गर्ने समस्त निकायले उमेर, लिङ्गअनुसारको तथ्याङ्क अनिवार्य रूपले दिने व्यवस्था गर्ने,
- तथ्याङ्क अभाव भएका विषयहरूको छुट्टै गणना, सर्वेक्षण गरी, गराई उमेर र लिङ्गअनुसारको तथ्याङ्कहरू निकाल्ने,
- गणना, सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्क र प्रशोधन नगरिने सङ्कलित विवरण पनि समयमै महिला तथा समाज कल्याण मन्त्रालयलाई उपलब्ध गराउने ।
- सङ्कलित समस्त तथ्याङ्क वा विवरण प्रशोधन वा विश्लेषण गरी सम्बन्धित निकायमा प्रवाह गर्ने ।[४९४]

२०५८ साल फागुन २४ गते महिलाआयोगको घोषणा गर्दै नवौं योजनालाई विदा गरेकामा झन् २०५९ सालबाट दशौं पञ्चवर्षीय योजना प्रारम्भ भएपछि मूल प्रवाहीकरणका क्षेत्रमा महिलालाई केन्द्रबिन्दुका रूपमा अगाडि बढाउने नीति नेपाल सरकारले अवलम्बन गरेको थियो, जुन निम्न प्रकारका छन् :

- सबै कानुन नीति तथा बजेटको लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्ने, लैङ्गिक सूचना केन्द्रको स्थापना गर्ने,
- महिलाविकासका लागि राष्ट्रिय योजना तयार गर्ने र कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रगत मन्त्रालयहरूलाई प्रभावकारी बनाउने,
- जीवनचक्रमा आधारित प्रजनन् स्वास्थ्य पद्धतिको विकास गरी महिलाको स्वास्थ्य स्तर सुधार गर्न स्वास्थ्य कार्यक्रम र लैङ्गिक सहयोगी बनाउनेतर्फ उन्मुख गर्ने,
- कृषिक्षेत्रको विकासमा महिला कृषकहरूको जीवनस्तर उकास्न आयमूलक कार्यक्रम बजारव्यवस्था, ऋण, कृषिशिक्षा र तालिम सम्बन्धमा आवश्यक पहल गर्ने,

---

[४९४] **ऐजन**, पृ. १०८ ।

- महिलाउद्यमी वृद्धि गर्न उद्यमी तालिम सहुलियत ऋण, जागृति कार्यक्रम, बजार व्यवस्थापन र महिलाउद्यमीलाई प्रोत्साहन पुग्ने पुरस्कार र कदरको व्यवस्थाका लागि पहल गर्ने ।[४९५]

### ६.६.२.९ महिला र मानवअधिकार

महिलाको उत्थान विषयमा भएका अन्तर्राष्ट्रिय प्रयास र नेपालको सहभागिता हेर्दा लैङ्गिक आधारमा महिलाहरूप्रति रहे भएका भेदभावहरू हटाउने सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको स्थापना हुनुभन्दा अगाडिदेखि नै प्रयासहरू भएको भए पनि विकासको मूल प्रवाहमा पुरुषसरह महिलाहरूलाई पनि सहभागी गराउने विशेष प्रयास भने संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा नै भएको पाइन्छ । मानवअधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार र सम्पन्न गरिएका महासन्धिहरू लगायत महिलाहरूको अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा सहभागिता, सम्मिलन र प्रतिबद्धता जाहेर गर्दै नेपालले अनुमोदनसमेत गर्दै आएको छ, जुन निम्नलिखित छन् :[४९६]

| क्र. सं. | अन्तर्राष्ट्रिय महासन्धिहरू | नेपालले अनुमोदन गरेको तथा सम्मीलन जनाएको समय |
|---|---|---|
| १. | दासता विषयक महासन्धि (१९५२ मा संशोधित) | ७ जनवरी १९६३ |
| २. | नरसंहारसम्बन्धी अपराधको रोकथाम तथा सजायँ विषयक महासन्धि १९५३ | १७ जनवरी १९६९ |
| ३. | महिलाहरूको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५३ | ६ अप्रिल १९६६ |
| ४. | दासता, दास व्यापार तथा त्यस्तै अन्य व्यवहार निर्मूल गर्नेसम्बन्धी महासन्धि, १९५६ | ७ जनवरी १९६३ |
| ५. | व्यक्तिगत आधारमा गरिने सम्पूर्ण भेदभाव निर्मूल गर्नेसम्बन्धी महासन्धि १९६६ | ३० जनवरी १९७१ |
| ६. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ | १४ मे १९९१ (नेपालका सम्बन्धमा १४ अगष्ट १९९१ देखि लागू हुने गरी) |
| ७. | आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्बन्धमा अनुवन्ध १९६६ | १४ मे १९९१ (नेपालका सम्बन्धमा १४ अगष्ट १९९१ देखि लागू हुने गरी) |

[४९५] **ऐजन**, पृ. ४४८ ।

[४९६] **ऐजन**,पृ. १४० ।

| | | |
|---|---|---|
| ८. | नगरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध इच्छाधीन उल्लेख १९६६ | १४ मे १९९१ (नेपालका सम्बन्धमा १४ अगष्ट १९९१ देखि लागू हुने गरी) |
| ९. | जतिगत भेदभावसम्बन्धी अपराध हटाउने तथा सजाय गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | १२ जुलाई १९७७ |
| १०. | खेलकुदमा जातिगत भेदभाव विरुद्धसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १ मार्च १९८९ |
| | २०४७ सालपछि | २०४७ |
| ११. | बाालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धि १९८९ | १४ सेप्टेम्बर १९९० |
| १२. | महिलाहरू उपरका सम्पूर्ण भेदभाव निर्मूल गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९ | २२ अप्रिल १९९१ |

प्रस्तुत तालिका[४९७] बमोजिम अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा हस्ताक्षर गरेको नेपालले महिला र मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र र अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरू र महिला समानताको अधिकार प्रबद्धर्न गर्न अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा उल्लेख गरिएका प्रावधानहरूलाई आत्मसात गर्दै निम्नलिखित दीर्घकालीन र अल्पकालीन उद्देश्य राखेको थियो :

**(क) दीर्घकालीन उद्देश्यहरू**

महिलाहरूको अधिकार र मानवअधिकार उपभोग गर्न सक्ने सरल वातावरणको निर्माण गर्न, सन्धि महासन्धिअनुसार अधिकार महिलालाई प्रदान गर्न सरकारले रणनीति बनाउँदै, अल्पकालीन उद्देश्यसँगै लामो अवधिमा सम्पन्न गर्ने उद्देश्यहरू पनि राखेको देखिन्छ, ती दीर्घकालीन उद्देश्यहरू निम्नलिखित थिए :

- महिलालाई आफ्नो मानवअधिकारको उपभोग गर्न सक्षम बनाउन उपयुक्त कानुन बनाई सोको प्रभावकारी कार्यान्वयन गर्ने,
- महिला समानता तथा महिलाअधिकारका विषयहरूलाई राष्ट्रिय विकास प्रक्रियामा समाहित गरी प्रचारप्रसार गर्ने,
- महिला र पुरुषको भूमिकाबारे परम्परागत सोचाइमा परिवर्तन ल्याउने,
- महिलाअधिकार नै मानवअधिकार हो भन्नेबारे समाजमा चेतना अभिवृद्धि गर्ने ।

[४९७] **ऐजन**, पृ. ११३ ।

(ख) **अल्पकालीन उद्देश्यहरू**

यस अवधिभर मानव भएर मानवअधिकार उपभोग गर्नबाट बन्चित भएका महिलाहरूलाई अधिकार सम्पन्न बनाउन र अधिकार उपभोग गर्न सक्ने बनाउनसरकारले अल्पकालीन उद्देश्यहरू पनि राखेको पाइन्छ, ती अल्पकालीन उद्देश्यहरू निम्नलिखित थिए :

- महिलाअधिकार, समानता तथा मानवअधिकारबारे व्यापक प्रचारप्रसार गरी जनचेतना जगाउने,
- महिला पुरुष सबैलाई महिलाको मानवअधिकारसम्बन्धी कानुनी शिक्षा उपलब्ध गराउने,
- महिलाअधिकार हनन् हुने विविध क्षेत्र, जस्तै : देहव्यापार, यौनशोषण, रोजगारी, असमान पारिश्रमिक आदि लगायत विवाह, मातृत्व संरक्षण आदिका लागि कानुनी व्यवस्था गर्ने ।[४९८]

### ६.६.२.१० महिला र सञ्चार

२०४७ सालमा लागू गरिएको**नेपाल अधिराज्यको संविधान**,२०४७ को धारा ११ मा महिलाको हक, हित, विकास र संरक्षणका लागि विशेष व्यवस्था गन सकिने र राष्ट्र विकासमा महिलालाई अधिक रूपमा सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने कुरासमेत उल्लेख गरिएको थियो । आठौँ योजनासम्म शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, वन, कानुन आदि क्षेत्रमा महिलालाई सहभागी बनाउने कुरा उल्लेख गरेको भए पनि महिला र सञ्चारका विषयमा भने उल्लेख गरिएको पाइँदैन, तर पनि यस अवधिमा आम सञ्चारमा महिला सहभागिताको बृद्धि भने केही मात्रामा भएको पाइन्छ । आठौँ योजनामा नै सरकारले सञ्चार नीति तयार गरेका भए पनि महिला र सञ्चार विषयका बारेमा भने उल्लेख गरिएको थिएन । यस अवधिमा सरकारले लिएका दीर्घकालीन र अल्पकालील उद्देश्यहरू हेर्दा दीर्घकालीन उद्देश्यहरूमा सञ्चारको मूल प्रवाहमा लैङ्गिक समानता र महिला सशक्तीकरणलाई समाहित गर्ने तथा सञ्चार माध्यमलाई महिलाको सकारात्मक छवि प्रस्तुत गर्न सक्षम बनाउने भन्ने थिए भनेअल्पकालीन उद्देश्यहरूमासञ्चार माध्यमबाट महिलाको सकारात्मक छवि प्रस्तुत गर्ने कामको थालनी गर्ने, महिलाको पक्षमा नकारात्मक असर पार्ने

---

[४९८] **ऐजन**, पृ. १२१ ।

खालका पत्रपत्रिकाका लेख, रचना, गीत र टेलिभिजनका कार्यक्रमहरूलाई निरुत्साहित गर्दै लैजाने, सञ्चार क्षेत्रको विभिन्न तहमा महिला सहभागिता अभिवृद्धि गर्ने तथा लैङ्गिक समानताका नीतिहरू  अवलम्बन गर्दै लैङ्गिक समानताको पक्षमा जोडदार रूपमा वकालत गर्न सक्नुपर्छ भन्ने धारणा महिला मन्त्रालयले राखेको थियो ।[४९९]

### ६.६.२.११ **महिला र वातावरण**

यस सम्बन्धमा छैटौँ पञ्चवर्षीय योजना अवधिदेखि नै नीतिहरू बनाइएको पाइन्छ तर कार्यान्वयन भने राम्रोसँग सातौँ योजना अवधि (वि.सं. २०४२ देखि २०४७) मा पनि भएको पाइँदैन । **नेपाल अधिराज्यको संविधान, २०४७** लागू भएपछि अगाडिका महिलाको चौतर्फी विकास गर्ने भन्ने नीतिलाई अभियानकै रूपमा निरन्तरता दिइएको पाइन्छ । १९७० को दशकदेखि नै बिग्रँदो वातावरण र प्राकृतिक प्रकोपबाट बच्न वातावरण संरक्षण र दिगो विकासका अवधारणहरूले नीतिगत रूपमा मान्यता पाएका थिए । पछि त वातावरण संरक्षणमा महिलाको भूमिकालाई स्वीकार गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आफ्नो प्रतिबद्धता जाहेर गरिएको पाइन्छ । **नेपाल अधिराज्यको संविधान, २०४७** का प्रावधानहरू, अन्तर्राष्ट्रिय महासन्धि र सम्मेलनहरूमा सहमति जनाएका कुराहरूलाई ध्यानमा राखेर दीर्घकालीन र अल्पकालीन उद्देश्यहरू लिएको पाइन्छ । दीर्घकालीन उद्देश्यहरूमा वातावरणसम्बन्धी नीतिनिर्माण तथा कार्यान्वयन प्रक्रियामा महिला सहभागिता वृद्धि गर्ने, वातावरण र महिला विषयमा सूचना सङ्कलन गर्ने परिपाटी बसाल्ने, वातावरण र महिलासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने निकायबीच समन्वय कायम गरी एकीकृत रूपमा वातावरण तथा महिलासम्बन्धी कार्यक्रम गर्ने, वातावरणसम्बन्धी नीति तथा कार्यक्रमलाई लैङ्गिक रूपमा संवेदनशील बनाउने नीति लिइएको थियो भने अल्पकालीन उद्देश्यहरूमा वातावरण संरक्षण र संबर्द्धनमा महिलाको भूमिका तथा महिला र वातावरणबीचको अन्योन्याश्रित सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्ने, वातावरणसम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा लैङ्गिक संवेदनशीलताको दृष्टिकोण राख्ने नीति लिइएको थियो ।[५००]

---

[४९९] **ऐजन** ।

[५००] **ऐजन**, पृ. १४६ ।

६.६.२.१२ **बालिका**

**नेपाल अधिराज्यको संविधान**, **२०४७** ले सबै नागरिकलाई समान अधिकार दिने तथा कुनै पनि व्यक्तिलाई जात, धर्म, भाषा, विचार, उमेर, वर्ण आदिका आधारमा भेदभाव नगरिने व्यवस्था गरेको थियो । **बाल बालिकासम्बन्धी ऐन**, **२०४८** ले पनि बालक र बालिकाबीच समान हक अधिकार तथा सुविधा हुने कुरा प्रत्याभूति गरेको छ भने निम्न विशेष व्यवस्था पनि गरेको पाइन्छ :

- बालबालिकाको हकहित संरक्षण सम्बन्धमा बालबालिकाहरूलाई जबर्जस्ती मगन्ते बनाउने, फकिर बनाउने, अनैतिक कार्यमा लगाउने, अश्लील चित्र खिच्ने, देवी देवतालाई चढाउनेजस्ता कार्यमा बन्देज लगाएको छ,
- बालबालिकाको हक अधिकार संरक्षण गर्ने, उनीहरूको नैसर्गिक विकासमा बाधा पर्ने गरी शोषण गर्न नपाइने, हकहित र विकास गर्न आवश्यक कानुनले व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ,
- बाबुआमा तथा अभिभावकहरूको बालबालिकाको मानसिक, शारीरिक, बौद्धिक विकास गर्नेजस्ता कार्यहरूको संरक्षण र सम्बर्द्धन गर्नु कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको छ,[५०१]
- मातृभाषामा पढाउन पाइने व्यवस्था गरिएको छ ।
- **नेपाल अधिराज्यको संविधान**, **२०४७** मा नै बालबालिकाको स्वास्थ्य सुधार गर्दै जीवनस्तर बढाउने अर्थात् स्वास्थ्यसेवा प्रदान गर्ने नीति सरकारले लिनुपर्ने छ  भन्ने उल्लेख गरिएको थियो ।[५०२] यसले बालकलाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको थियो ।[५०३] त्यस्तै **श्रम ऐन**, **२०४८** ले पनि १४ वर्ष नपुगेका बा बालिकाहरूलाई काममा लगाउन नहुने र नाबालिक तथा महिलालाई सामान्यतः बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र काममा लगाउनु पर्ने व्यवस्था गरेको

---

[५०१] **बालबालिका सम्बन्धी ऐन-२०४८**, दफा १ ।

[५०२] **नेपाल अधिराज्यको संविधान**,**२०४७**, **पूर्ववत्** पादटिप्पणी सङ्ख्या १०२ ।

[५०३] **ऐजन**, धारा २० ।

थियो ।[५०४] यसरी नै **मुलुकी ऐनको जबरजस्ती करणीको, जीउ मास्ने बेच्नेको, कुटपिटको, ज्यान सम्बन्धीको महलहरू** र **जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, केही सार्वजनिक (अपराध र सजाय) ऐन** जस्ता कानुनहरूले महिलाहरू विरुद्ध हुने शारीरिक हिंसालाई निषेध र दण्डनीय बनाएको थियो । **केही सार्वजनिक (अपराध र सजाय) ऐन**ले सार्वजनिक स्थलमा हुने अश्लील व्यवहार, यौनअपराध र नराम्रा बोलिचालीहरूलाई पनि दण्डनीय बनाएको देखिन्छ । त्यस्तै सोह्र वर्षमुनिको बालिकाको सहमतिमा नै करणी गरेकामा पनि जबरजस्ती करणी सरह दण्डनीय हुने कानुनी व्यवस्था गरिएको छ । तर यस्ता कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन भने पूर्ण रूपमा हुन सकेको छैन । त्यसैले कानुनी व्यवस्थाहरूमा नै विभेद देखिएकामा भने कानुनमा सुधार हुनुपर्ने देखिन्छ । यस समयमा बालिकाहरूको विकास एवं अधिकारको सन्दर्भमा लिइएका दीर्घकालीन उद्देश्यहरूमा राष्ट्रिय एवं स्थानीय विकास प्रक्रियामा बालिकाको विकास र अधिकारका विषयहरू समाहित गर्ने, बालिकाको विकास र अधिकारसँग सम्बन्धित क्षेत्रगत कार्यक्रमहरू बीच तथा कार्यक्रम सञ्चालन गर्ने निकायहरू सरकारी तथा गैह्र सरकारीबीच समन्वय गरी एकिकृत रूपमा विकास गर्दै लैजाने, बालिकासँग सम्बन्धित विषयहरूमा यथासम्भव सूचना सङ्कलन गर्ने प्रक्रियाको विकास गर्ने, बालिकाको विकास एवं अधिकारबारे सामाजिक दायित्व बोध गर्दै लैजाने प्रवृतिको विकास गर्ने, बालिकालाई आफ्नो मानवअधिकार उपभोगमा सरिक गराउँदै भविष्यमा सशक्त एवं स्वाबलम्बी नागरिक बन्न सहयोग एवं आधार खडा गर्नेजस्ता विषयहरू राखिएका थिए । त्यस्तै, अल्पकालीन उद्देश्यहरूमा भने बालिकाको शारीरिक, नैतिक, बौद्धिक आदि सर्वाङ्गिण विकास र मानवअधिकारसँग सम्बन्धित विषयवस्तुबारे जनचेतना अभिवृद्धि गर्ने, बालिकाको विकास एवं अधिकारको योजना र कार्यक्रमहरू आगामी आर्थिक वर्षदेखि नै राष्ट्रिय योजना र कार्यक्रमहरूमा समावेश गर्ने कार्यको थालनी गर्ने, बालिकालाई आफ्नो नैसर्गिक अधिकार उपभोग गर्ने कार्यमा संलग्न गराउने, बालिकासँग सम्बन्धित क्षेत्रगत कार्यक्रमहरू बीच समन्वय कायम गर्ने, विविध प्रकारको हिंसाको शिकार भएका

---

[५०४] **श्रम ऐन**, २०४८, दफा ११ ।

बालिका, श्रमिक बालिका तथा अन्य कठिन परिस्थितिमा परेका बालिकाको लागि पुनर्स्थापन कार्य सञ्चालन गर्नेजस्ता विषयहरू राखिएका थिए ।[५०५]

यसरी अन्तर्राष्ट्रिय महिलासम्मेलनले तय गरेका १२ वटा प्रस्थान विन्दुमा आधारित हुँदै यस समयमा महिलालाई सबल सक्षम बनाउन सरकारले अल्पकालिन र दीर्घकालीन नीतिहरू बनाउँदै सकारात्मक सोचकासाथ अगाडि बढेको पाइन्छ ।

## ६.७ नयाँ मुलुकी ऐन २०२० मा एघारौं संशोधन भएपछि २०६३ सालसम्म बनेका महिलाअधिकारसम्बन्धी कानुनहरू र राज्यले अपनाएका नीतिगत व्यवस्थाहरू

यस समयमा कानुनमा संशोधन गरिनाका साथै सर्वोच्च अदालतको आदेशबाट एघारौं संशोधनपछि असमान रहेका कानुनहरू बदर गराउन, समान कानुन निर्माण गर्न निर्देशनात्मक आदेश जारी गराउन, महिलाहरूले भोग्नुपरेको असमान व्यवहार खारेज गर्न र कानुनले दिएको अधिकार उपभोगका लागि परिपत्र गराउन परमादेशका लागि धेरै अधिकारकर्मी संस्थागत रूपमा र व्यक्तिगत रूपमा समेत सर्वोच्च अदालतमा रिटहरू दर्ता गराउन गएका थिए । सर्वोच्च अदालतले पनि आवश्यकताअनुसार आदेशहरू जारी गरेर महिलाहरूलाई अधिकार प्रदान गर्ने काम गरेको थियो । ती कानुनहरूका बारेमा तल चर्चा गरिएको छ ।

### ६.७.१ वि.सं. २०५८ पछि जारी गरिएका ऐनहरूमा महिलाअधिकार

यस समयमा महिलालाई अधिकार प्रदान गर्न धेरै ऐन कानुनहरू जारी गरिएका थिए । यसको उदाहरणमा लैङ्गिक समानता कायम गर्न **केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३** र घरेलु हिंसा (कसुर र सजायँ) ऐन-२०६६ लाई लिन सकिन्छ ।

#### ६.७.१.१ लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३

प्रतिनिधि सभाको घोषणा २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले बनाएको २०६२ सालको ऐन नम्बर ११ अर्थात् "लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन" सर्वसाधारणको जानकारीका लागि २०६३ साल कार्तिक १७ गते प्रकाशित गरिएको थियो ।[५०६] यसमा समानता कायम गर्ने खालका प्रावधानहरू राखिएका छन् ।

---

[५०५] श्री ५ को सरकार, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ९१,पृ. १५८-५९ ।

[५०६] **नेपाल राजपत्र** (अतिरिक्ताङ्क ४०(क), भाग १, खण्ड ५१, (काठमाडौं : नेपाल सरकार, २०६३ कार्तिक १७ गते),पृ. १-२० ।

### ६.७.१.२ **राष्ट्रिय महिलाआयोग ऐन**, २०६३

प्रतिनिधि सभाको घोषणा भएको पहिलो वर्षमा नै ऐन नम्बर ३४ मा महिला हकहितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूलप्रवाहमा समाहित गर्न महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि भनेर राष्ट्रिय महिलाआयोगको गठन गरिएको छ ।[५०७]यस महिलाआयोगले महिलाका मुद्दाहरूमा छलफल गरी न्याय स्थापनार्थ पहल गर्ने व्यवस्था गरिएको छ ।

### ६.७.१.३ **नेपाल नागरिकता ऐन**, २०६३

**नेपाल नागरिकता ऐन**, २०६३ ले नेपालमा पहिलोपटक आमालाई वंशजको परिभाषाभित्र समेटेको छ । यो ऐनको दफा ३, उपदफा १ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्तिको सम्बन्धमा "कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने उल्लेख गरेको छ । उल्लेखित प्रावधानले आमाका नामबाट छोराछोरीले नागरिकता पाउन सक्ने व्यवस्थालाई सुनिश्चित गरेको छ । त्यस्तै यो ऐनको दफा ४ मा जन्मका आधारमा नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्था गरेको छ । दफा ४ उपदफा १ मा २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्ति जन्मका आधारमा नेपालको नागरिक हुनेछभनिएको थियो ।[५०८]

दफा ४ उपदफा ३ बमोजिम यो ऐन निर्माण भएको दुई वर्षभित्र निवेदन दिनसक्ने व्यवस्था गरेको थियो । यस व्यवस्थाले आइन्दा नेपालमा जन्मेको मात्र आधारमा नागरिकता प्राप्त गर्न नसकिने भएको देखिन्छ ।

यो ऐनको दफा ५ ले अङ्गीकृत नागरिकता प्राप्ति भन्ने शीर्षकको उपदफा २ माविदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोवास गरेको र बाबुको नागरिकताका आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था छ ।[५०९]

---

[५०७] **ऐजन**, खण्ड ५५, (काठमाडौँ : साउन १२ गते २०६२) (अतिरिक्ताङ्क २७, (क+३), पृ. ७६-७९ ।

[५०८] **नेपाल नागरिकता ऐन**, २०६३, दफा ३(१), ४, ४(१), ४(२) र ४(३) ।

[५०९] **ऐजन**, दफा ५ ।

### ६.७.१.४ अन्तरिम संविधान, २०६३ ले गरेका महिलासम्बन्धी व्यवस्थाहरू

२०६३ साल मंसिर ५ गते नेपाल सरकार तथा माओवादीबीच भएको १० बुँदे विस्तृत शान्ति सम्झौताले एघार वर्षे माओवादीले गरेको सशस्त्र जनआन्दोलन समाप्तिको घोषणा गरेपछि २०६३ साल पुष १ गते आठ राजनीतिक दलका नेताहरू **नेपालको अन्तरिम संविधान**, **२०६३** मा हस्ताक्षर गर्न सफल भएका थिए । उक्त **नेपालको अन्तरिम संविधान**,**२०६३** लाई २०६३ साल माघ १ गते पुनर्स्थापित प्रतिनिधि सभाको बैठकद्वारा पारित गरेको थियो । व्यवस्थापिकाका संसदहरूद्वारा अनुमोदन गरिएपछि निम्न विशेषता बोकेर **नेपालको अन्तरिम संविधान**, **२०६३** नेपालीका सामु आएको थियो ।

यसको प्रस्तावनामा नै नेपालको सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उद्घोष गरिएको छ भने देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने सङ्कल्प पनि गरिएको छ ।[५१०] नेपाली महिलाहरूलाई अहिलेसम्मका संविधानहरूमा सबैभन्दा बढी अधिकार सुनिश्चित गराएको यो **नेपालको अन्तरिम संविधान**, **२०६३** ले निम्न अधिकार महिलाहरूका लागि प्रदान गरेको पाइन्छ :

**(क) महिलाहक मौलिक हकका रूपमा समावेश गरिनु**

**नेपालको अन्तरिम संविधान**, **२०६३** को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । यस भागमा २१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । जसमा महिला हक र सामाजिक न्यायको हक शीर्षकअन्तर्गत निम्न अधिकार महिलाका लागि सुनिश्चित गरिएको पाइन्छ । मौलिक हकअन्तर्गत धारा २० मा निम्नलिखित महिलाका हकको व्यवस्था गरिएको देखिन्छ :

- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन,
- प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ,
- कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ,

[५१०] **नेपालको अन्तरिम संविधान–२०६३** को प्रस्तावना ।

- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ ।[५११]

**(ख) सामाजिक न्यायको हक**

धारा २१ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलालगायत दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।[५१२]

**(ग) संवैधानिक उपचारको हक**

मौलिक हकअन्तर्गत धारा (३२) मा संवैधानिक उपचारको हकमा "यस भागद्वारा प्रदत्त हकको प्रचलनको लागि धारा (१०७) मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ" भन्ने व्यवस्था गरिएको छ । संवैधानिक उपचारको हक प्रचलनका लागि सर्वोच्च अदालतमा रिट निवेदन दिने व्यवस्था छ । यससम्बन्धी असाधारण अधिकार सर्वोच्च अदालतलाई दिइएको छ ।[५१३]

**(घ) नागरिकताको हक**

नागरिकताका सम्बन्धमा **नेपाल अधिराज्यको संविधान, २०४७** ले भन्दा यस अन्तरिम संविधान, २०६३ ले महिलामुखी व्यवस्था गरेको देखिन्छ, जुन निम्नबमोजिम छ :

धारा ८(२)(ख). कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरेर आमा मात्र नेपाली हुँदा पनि सन्तानलाई नेपाली नागरिकता दिन सकिने व्यवस्था गरेको छ ।[५१४] उक्त संविधानको धारा ८ को उपधारा १.मा यो संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता प्राप्त गरेको र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुनेछन् भनिएको पाइन्छ ।

- उपधारा २.यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजका आधारमा नेपालको नागरिक ठहर्ने छ भनिएको छ ।

---

[५११] **ऐजन**,धारा २० ।

[५१२] **ऐजन**,धारा २० र २१, पृ. ६ र ७ ।

[५१३] **ऐजन**,धारा ३२ र १०७ ।

[५१४] **ऐजन**, धारा २(क)(ख), ३, ४ र ८ ।

- उपधारा २ को (क). यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजका आधारमा नागरिकता प्राप्त गरेका व्यक्ति,
- उपधारा २ को (ख). कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,
- उपधारा ३.नेपाली सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक
- उपधारा ४.नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति
- उपधारा ५.२०४६ साल चैत्र मसान्तभित्र नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्ति तर यस व्यवस्थाअन्तर्गत नागरिकता प्राप्त गर्न प्रचलित कानुनमा व्यवस्था भएबमोजिम एकपटकका लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्नेछ ।

निम्न व्यक्तिहरूले अङ्गीकृत नागरिकता लिन सक्ने छन् :

उपधारा ६.नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी महिला ।

उपधारा ७. अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिका हकमा निजको नेपालमा जन्म भई नेपालमै स्थायी बसोवास गरेका र बाबुको नागरिकताका आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने त्यस्ता व्यक्ति ।[५१५]

प्रस्तुत नागरिकतासम्बन्धी प्रावधान हेर्दा यो संविधानले वंशजको परिभाषाभित्र आमालाई स्वीकार गरेको छ । विदेशी नागरिकसँग वैवाहिक सम्बन्ध राख्ने पुरुष र महिलाले आफ्नो पति पत्नीलाई प्रदान गर्ने नागरिकतामा भने अझै पनि विभेद गरेको छ । विदेशीसँग वैवाहिक सम्बन्ध भई जन्मेका नेपाली महिला नागरिकका सन्तान कानुनबमोजिम अङ्गीकृत मात्र हुन सक्ने र नेपाली पुरुष नागरिकले विदेशी महिलासँग वैवाहिक सम्बन्धका आधारमा जन्मने सन्तानहरूले स्वतः वंशजको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था यसमा गरिएको छ । यसले महिला र पुरुष वीच विभेद कायम राखेको देखिन्छ ।

---

[५१५] **ऐजन**,धारा ८ को उपधारा ६ र ७ ।

(ङ) **राजनीतिक हक**

यसमा राजनीतिक दलमा उम्मेदबार हुने र समानुपातिक प्रतिनिधित्वको हक र राजनीतिक दलको सदस्यता प्राप्त गर्ने हकहरू पर्दछन् ।

(च) **राजनीतिक दलमा उम्मेदबार हुने र समानुपातिक प्रतिनिधित्वको हक**

**नेपालको अन्तरिम संविधान**, २०६३ को भाग ७ संविधान सभाको धारा ६३ संविधान सभा गठनको उपधारा ४ मा "उपधारा ३ को खण्ड क बमोजिम राजनीतिक दलहरूले उम्मेदबार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ र खण्ड ख बमोजिम राजनीतिक दलहरूले उम्मेदबारहरूको सूचीकृत गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्वासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदायलगायत अन्य वर्गसमेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ" भन्ने उल्लेख गरिएको थियो । त्यस्तै गरी धारा ६३ कै उपधारा ५ मा "उपधारा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिलाको हकमा" उपधारा ३ को खण्ड ख बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा उपधारा ३ को खण्ड क अनुसार दिइने उम्मेदबारीको कुल सङ्ख्या जोडेर न्यूनतम एकतिहाई उम्मेदबारी दिइनु पर्नेछ"भन्ने लेखिएको थियो ।[५१६]

माथि उल्लिखित व्यवस्था कै कारणले संविधान सभामा ३२.८ प्रतिशत महिला सभासद्को उपस्थिति सम्भव भएको थियो । २०६४ चैत्र महिनामा सम्पन्न संविधान सभाको निर्वाचनबाट प्रत्यक्षतर्फ ३० जना, समानुपातिक तर्फ १६१ जना र नेपाल सरकारबाट मनोनित ६ जना गरी १९७ जना महिला सभासद्को संविधान सभामा उपस्थिति भयो । जसका फलस्वरूप विश्वका संसदहरूमा महिलाको बढी प्रतिनिधित्व हुने देशमा नेपाल १७ औं मुलुकमा पुग्न सफल भएको थियो ।

(च) **राजनीतिक दलको सदस्यता प्राप्त गर्ने हक**

यो संविधानको धारा १४२ राजनीतिक दलका रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दल दर्ता गराउनु पर्ने शीर्षकअन्तर्गत उपधारा ४ मा "कुनै राजनीतिक दलको

---

[५१६] **ऐजन**, भाग ७ धारा ६३, उपधारा ४ र ५ ।

सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा र लिङ्गका आधारमा नेपाली नागरिक उपर भेदभाव पूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक सङ्गठन वा दलको नाम, उद्देश्य,चिन्ह वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एक दलीय व्यवस्थाका सम्बर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने निर्वाचन आयोगले त्यस्तो सङ्गठन वा दललाई दर्ता गर्ने छैन" भन्ने उल्लेख गरिएको थियो । प्रस्तुत व्यवस्थाले राजनीतिक दलको सदस्यता प्राप्त गर्ने महिलाको हकलाई सुनिश्चित गरेको छ ।[५१७]

(छ) **भाग ४ मा भएको व्यवस्था :राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू**

यस भागमा गरिएको राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत राज्यको दायित्वमा महिलासम्बन्धी निम्न व्यवस्थाहरू गरिएका थिए:

- **राज्यको दायित्व**

क. धारा ३३(घ) वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीयसँगै लैङ्गिक भेदभावको अन्त्य गर्दै महिला, दलित, जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएको क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने भन्ने व्यवस्था गरिएको पाइन्छ ।[५१८]

यसै नम्बरमा पाचौं संशोधनले निम्न घ(१) थप गरी महिलालाई निम्न अधिकार दिएको छ : ३३(घ)१ मुलुकको राज्य संरचनाका सबै अङ्गहरू मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने भनिएको पाइन्छ ।[५१९] यसरी महिलालाई समावेशीको आधारमा सहभागी गराउनु राज्यको दायित्व मानिएको देखिन्छ ।

- **राज्यका नीतिहरू**[५२०]

धारा ३५(८) ले महिलावर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ भनिएको छ ।

---

[५१७] **ऐजन**, धारा १४२, उपधारा ४ ।

[५१८] **ऐजन**, धारा ३३ ।

[५१९] **ऐजन**,धारा ३३(घ) ।

[५२०] **ऐजन**, धारा ३५(८), (९), (१४) र (१७) ।

धारा ३५(९) मा पनि राज्यले एकल महिला, अनाथ बालबालिका, असहाय वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ ।

धारा ३५(१४) मा पनि राज्यले महिला दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको पाइन्छ ।

धारा ३५(१७). मा पनि वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ भनिएको पाइन्छ ।[५२१]

- **संविधान सभामा महिला सहभागिता**[५२२]

धारा ६३ को उपधारा ४ मा उम्मेदबार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदबारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्गसमेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने छ भनिएको छ भने यसै धाराको उपधारा ५ ले महिलाका हकमा उपधारा ३ को खण्ड ख बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा उपधारा ३ को खण्ड क अनुसार दिइने उम्मेदबारीको कुल सङ्ख्या जोडेर न्यूनतम एकतिहाइ उम्मेदबारी दिनु पर्नेछ भनेर महिलाका लागि ३३ प्रतिशत स्थान सुरक्षित गर्न खोजेको देखिन्छ ।

- **राष्ट्रिय मानवअधिकार आयोग र महिला सहभागिता**

भाग १५, धारा १३१ को उपधारा २ मा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नुपर्नेछ भनेर महिलालाई स्थान दिइएको छ ।[५२३]

---

[५२१] **ऐजन**,धारा ३५को उपधारा(८),(९),(१४)र (१७) ।

[५२२] **ऐजन**, धारा ६३ को उपधारा ४ र ५ ।

[५२३] **ऐजन**, भाग १५, धारा १३१ को उपधारा २ ।

- **राजनीतिक दलहरूको सन्दर्भमा संविधानमा महिलासम्बन्धी व्यवस्था**

भाग १८ को धारा १४२ को उपधारा ३ (ग) मा विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्नेछ, नभए राजनीतिक दलहरूको नाम निर्वाचन आयोगको सूचीबाट हटाइनेछ भन्ने व्यवस्था धारा १४२ को उपधारा १ ले गरेर महिलाको स्थान सुरक्षित गरेको देखिन्छ ।[५२४]

- **महिलाआयोग गठनसम्बन्धी व्यवस्था**

भाग २२ विविधअन्तर्गत धारा १५४ मा नेपाल सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, मजदूर वा किसानलगायत विविध क्षेत्रको हकहितको संरक्षण र प्रबर्द्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्ने कुरा उल्लेख गरेको छ ।[५२५] सोहीबमोजिम नेपाल सरकारले महिलाको हकहित तथा अधिकारको संरक्षण गरी देशविकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय महिलाआयोगको स्थापना गरिएको थियो ।[५२६] यसरी **नेपालको अन्तरिम संविधान**, २०६३ महिलालाई अधिकार सम्पन्न बनाउन धेरै हदसम्म सफल भएको बुझिन्छ ।

### ६.७.१.५ महिलासम्बन्धी अन्य व्यवस्था

**अन्तरिम संविधान**, २०६३ जारी भएपछि पनि पटकपटक ऐनहरू संशोधन गरेर पनि महिलालाई अधिकार प्रदान गर्ने प्रयास गरिएको थियो । यसको उदाहरणमा निम्न कानुनी व्यवस्थालाई लिन सकिन्छ :

२०६३ सालको ऐन नम्बर ८ अर्थात् **केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३** लाई लिन सकिन्छ । यसको दफा २१ ले **मानवअधिकार आयोग ऐन, २०२३** को दफा ३(१) को 'क' मा खण्ड 'ख' मा रहेको ३ जना भन्ने शब्दको सट्टा महिला दुईजना, दलित र जनजातिको एकएकजना प्रतिनिधिसहित नौजना भन्ने शब्द राखिएकालाई लिन सकिन्छ ।[५२७]

---

[५२४] **ऐजन**,भाग १८, धारा १४२ को उपधारा १ र उपधारा ३(ग) ।

[५२५] **ऐजन**, धारा १५४ ।

[५२६] **नेपाल राजपत्र**, अतिरिक्ताङ्क २७ (क+३), खण्ड ५५, (काठमाडौं : नेपाल सरकार, २०६२ साउन १२ गते) ।

[५२७] **ऐजन**,अतिरिक्ताङ्क ३९,खण्ड ५६, (काठमाडौं : नेपाल सरकार, २०६३ असोज २८ गते) ।

### ६.७.२ वि.सं. २०५८ मा भएको नयाँ मुलुकी ऐनको एघारौं संशोधनपछि राज्यले अपनाएका नीतिहरू

यस अवधिमा दशौँ योजना अर्थात् २०५९ देखि २०६४ सालसम्मको समय पर्दछ। दशौँ योजनाले महिलाहरूलाई सशक्त बनाउन सबै तहका राजनीति, प्रशासन, प्रविधि, सेवा, संवैधानिक निकाय एवम् समिति र समूह सञ्चालन र व्यवस्थापन आदिमा महिला सहभागिता बढाउने, अल्पकालीन विशेष उपायहरू अवलम्बन गर्ने, महिला श्रमिक सहभागिता वृद्धि गर्न रोजगार दातालाई प्रोत्साहन गर्ने, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोक्ने, वैदेशिक रोजगारीमा महिलालाई प्रोत्साहित गर्नेजस्ता कार्यक्रमहरू सञ्चालन गर्न पहल गर्ने नीतिहरू अबलम्बन गर्दै आएको छ।

यसरी महिलालाई अधिकार दिन राज्यले मागअनुसार क्रमैसँग कानुनहरू बनाउने गरेको र सो लागू गर्न नीतिहरू पनि तय गर्ने गरेको देखिन्छ।

## ६.८ निष्कर्ष

यस परिच्छेदमा लिखित कानुन नभएको अवस्थादेखि २०६४ सालसम्म बनाइएका कानुनहरूले महिलालाई कसरी अधिकार दिएका रहेछन् भन्ने अध्ययन गरिएको छ। झण्डै ९० वर्षको अवधिलाई केलाउँदा सामान्य अधिकार प्राप्तिका लागि पनि महिलाहरूले ठूलो सङ्घर्ष गर्नुपरेको अवस्था छर्लङ्ग भएको छ। यस अध्ययनले शासकवर्गले अधिकार दिनै नखोजेको र दिनै पर्दा पनि खटाई-खटाई अधिकार दिने गरेको अवस्थाको पुष्टि गरेको छ। शासकहरू मूलतः पुरुष हुने र पुरुषहरूले महिलालाई अधिकार दिन नखोज्ने प्रवृतिका कारण सङ्घर्षको तुलनामा प्रारम्भमा अधिकार प्राप्त गर्न नसकेको भए पनि वि.सं. २०४८ अर्थात् सन् १९९१ मा **महिलाविरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि,** १९७९ मा नेपालले हस्ताक्षर गरेपछि सरकारमाथि समान कानुन निर्माण गर्नुपर्ने दायित्व बढेको एकातिर देखिन्छ भने अर्कोतिर २०५२-२०६२ को दश वर्षे सशस्त्र युद्धपश्चात् प्रत्येक संरचनामा ३३ प्रतिशत स्थान महिलाका लागि सुरक्षित गर्ने, प्रजनन स्वास्थ्यमा विशेष अधिकार दिने, सम्पत्तिमा समान अधिकार दिनेजस्ता अधिकार स्थापित गर्न राज्य अग्रसर भएको देखिन्छ। त्यस्तै सरकारले वास्ता नगरेर बस्दा पनि अधिकारकर्मीहरूबाट असमान कानुन बदर गराउन सर्वोच्च अदालतमा परेका रिटहरूमा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरू र संविधानको

प्रावधानलाई आधार मानेर बदर गर्ने तथा नयाँ कानुन बनाउन आदेश दिने गरेपछि क्रमैसँग समानता उन्मूख कानुनहरू बन्दै गएको देखिन्छ । त्यस्तै ती कानुनहरूलाई कार्यान्वयन गर्न राज्यले बिभिन्न नीतिगत व्यवस्थाहरू पनि गर्दै कार्यान्वयनमा ल्याउन पहल गर्ने गरिएको पाइन्छ ।

सातौँ परिच्छेद

# सर्वोच्च अदालतबाट प्रतिपादित महिलाअधिकारसम्बन्धी नजिरहरू

## ७.१ परिचय

नजिर भन्नाले सर्वोच्च अदालतद्वारा न्याय प्रदान गर्ने सन्दर्भमा विभिन्न मुद्दाहरूमा गरिएका त्यस्ता निर्णयहरूलाई बुझ्नुपर्छ जुन पछि आउने मुद्दाहरूका लागि कानुनसरह मानिन्छन् ।सर्वोच्च अदालतले प्रतिपादन गरेका कानुनी सिद्धान्त कानुनसरह मानिने सम्बन्धमा संविधानमा नै व्यवस्था भएको पाइन्छ ।५२८ त्यसैले सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तहरू सबैका लागि बाध्यकारी हुन पुगेका छन् । **नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा ९६ ले सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त कानुनसरह हुने र यस्ता सिद्धान्तहरूलाई सबैले मान्नुपर्ने व्यवस्था गरेकाले नजीरहरू कानुनसरह हुन पुगेका हुन् ।५२९ यस परिच्छेदमा सर्वोच्च अदालतले महिलालाई समान अधिकार दिने सम्बन्धमा असमान कानुन खारेज गरेका, लैङ्गिक समानताका लागि कानुन बनाउन निर्देशनात्मक आदेश जारी गरेका र असमान व्यवहार गर्नेलाई परमादेशको आदेश गरेका त्यस्ता निर्णयहरू अर्थात् नजीरहरूका बारेमा चर्चा गरिएको छ ।

## ७.२ महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेशहरू

समानता व्यक्तिको नैसर्गिक अधिकार हो, जसलाई सुनिश्चित गराउने सम्बन्धमा विभिन्न मानवअधिकारसम्बन्धी सन्धि तथा महासन्धिहरूलेव्यवस्था गरेका छन् । लामो सङ्घर्षपछि प्राप्त **नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा ११ ले समानताको व्यवस्था गरेको थियो ।त्यस्तै,लामो समयपछि **सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ **(Convention on Elimination of all Forms of Discrimination Against Women, 1979)** मा पनि सन् १९९१ अप्रिलमा नेपालले हस्ताक्षर गरेको थियो । यतिमात्र होइन **सन्धि ऐन**, २०४७ पनि महासन्धिको पालना गर्नु सदस्य राष्ट्रका लागि बाध्यात्मक हुन्छ भन्ने प्रावधानसहित जारी गरिएको थियो ।तर कानुनहरूमा असमानता व्यापक रूपमा रहेका थिए । हुनत समानता कायम गर्न आधुनिक राज्यका संयन्त्रहरूले कानुनको निर्माण, व्याख्या तथा प्रभावकारी कार्यान्वयनमार्फत पहल गरी नै रहेका हुन्छन् ।

---

५२८ **नेपाल अधिराज्यको संविधान**,२०४७ को धारा ९६ ।

५२९ नरेन्द्रप्रसाद पाठक र नरेन्द्र प्रकाश खनाल, **निर्णयसार कोष** २०६०, (काठमाडौँ : पैरवी प्रकाशन, २०६०), पृ. हाम्रो भनाइ ।

समानता कायम गर्ने सन्दर्भमा हाम्रो न्यायपालिकाले कानुनको व्याख्या एवम् विधिशास्त्रको विकासमार्फत अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नेपालको सर्वोच्च अदालतले महिलाउपर गरिने विभेदपूर्ण व्यवहार एवम् कानुनी व्यवस्थाहरूको परिमार्जन तथा सुधार गर्ने सम्बन्धमा महत्त्वपूर्ण विधिशास्त्रको विकास गरेको छ । हाम्रो **नेपालअधिराज्यको संविधान**, २०४७ तथा **नेपालको अन्तरिम संविधान**, २०६३ ले न्यायपालिकालाई प्रदान गरेका असाधारण क्षेत्राधिकारअन्तर्गत रहेरसर्वोच्च अदालतले महिलाउपर रहेका विभेदपूर्ण कानुनी व्यवस्था, सम्पत्तिको अधिकार, प्रजनन् स्वास्थ्यको अधिकार, विवाह तथा सम्बन्धबिच्छेदसँग सम्बन्धित व्यवस्था, रोजगारीलगायतका अधिकारसँग सम्बन्धित विभेदपूर्ण व्यवस्थाको खारेजी वा परिमार्जनका लागि धेरै आदेशहरू जारी गरेकोछ । ती सर्वोच्च अदालतबाट जारी गरिएका आदेशहरूले समानता कायम गराउने सम्बन्धमा महत्त्वपूर्ण विधिशास्त्रको विकास गरेको छ ।[530] त्यस्तै, समाजमा विद्यमान रहेका छाउपाडी, बोक्सी, घरेलु हिंसालगायतका कुरीतिहरूको अन्त्य गर्न पनि सर्वोच्च अदालतले धेरै रिटहरूमा आदेशहरू गरेको छ । नागरिकताको अधिकार, बालबालिकाको जन्मदर्ताको अधिकार, महिलाविरुद्धका हिंसासँग जोडिएका मुद्दाहरूको गोपनीयता कायम गर्नेअधिकार, वैवाहिक बलात्कारलाई दण्डनीय बनाउने अधिकार, घरेलु हिंसाका मुद्दाहरूको सुनवाइ गर्न फास्ट ट्र्याक कोर्टको गठन गर्ने अधिकार महिला पीडित हुने मुद्दाको सुनवाइ निरन्तर गर्नुपर्छ भन्नेजस्ता महत्त्वपूर्ण फैसला गरेर सर्वोच्च अदालतले महिलाअधिकारका सन्दर्भमा उल्लेखनीय योगदान प्रदान गरेको छ ।[531] यस शीर्षकमा महिलाहरूलाई अधिकार प्रदान गर्न सफल भएका तिनै रिटहरूका बारेमा चर्चा गरिएको छ ।

२०४६ सालको जनआन्दोलनको सफलताको परिणामस्वरूप प्रजातान्त्रिक संविधान **नेपाल अधिराज्यको संविधान**, २०४७ जारी गरियो । अनि संयुक्त राष्ट्रसङ्घबाट सन् १९७९ मा पारित गरिएका**सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, १९७९ (Convention on Elimination of all Forms of Discrimination Against Women, 1979)** मा नेपालले सन् १९९१ अप्रिलमा हस्ताक्षर गर्‍यो । यसै वर्ष नेपालकासन्धि महासन्धिहरू सदस्य राष्ट्रका

530 मीरा ढुङ्गाना, सबिना श्रेष्ठ, सुषमा गौतम र अरू (सम्पा.), **लैङ्गिक न्यायसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सँगालो–२०७०**, (काठमाडौँ : महिला कानुन र विकास मञ्च र इन्टरनेसनल कमिसन अफ जुरिस्ट, २०७०), पृ. मन्तव्य ।

531 **ऐजन।**

लागि कानुनसरह बाध्य हुन्छन् भन्ने व्यवस्था गर्दै **सन्धि ऐन**, २०४७ पनि जारी भयो ।532 यसरी महासन्धिको पालना गर्नु सदस्य राष्ट्रका लागि बाध्यात्मक हुन पुग्यो भने लिङ्गकाआधारमा हुने भेदभावको अन्त्य गर्नु पनि सरकारको दायित्व हुन पुग्यो । यसरी एकातिर **सन्धि ऐन**, २०४७ को धारा ९ को व्यवस्था थियो भने अर्कोतिर **नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा ११(३) ले महिलाअधिकारका सम्बन्धमा बोलेका प्रावधानहरू थिए । अर्कोतिर **नेपाल अधिराज्यको संविधान**, २०४७को धारा १ले त झन् स्पष्ट रूपमा संविधानसँग बाझिएका अन्य कानुनहरू बाझिएको हदसम्म स्वतः बदर हुन्छन् भन्ने व्यवस्था गरेको थियो। यसरी समानतातर्फ उन्मुख देखिए पनि समान व्यवस्था गर्ने कानुनहरू बनाइएका थिएनन् न असमान कानुनहरू बदर गर्न पहल नै गरिएका थिए । त्यसैले अधिकारका लागि पहल गर्नु महिलावादीहरूका लागि कर्तव्य जस्तै हुन पुगेको थियो । त्यसैले यिनै **नेपाल अधिराज्यको संविधान**, २०४७, **महिलाउपर हुने सबै किसिमका विभेदको अन्त्य गर्ने महासन्धि, १९७९ र सन्धिऐन**, २०४७लाई आधार मानेर रिटहरू सर्वोच्च अदालतमा दर्ता हुन थाले अनि ती रिटहरूमा सर्वोच्च अदालतले पनि महिला मैत्री आदेशहरू गर्न थालेपछि महिलाहरूले अधिकार प्राप्त गर्ने अर्को क्रम सुरु हुन थाल्यो ।

यति हुँदाहुँदै पनि एकैपटक महिलाका असमान कानुन बदर गरिएनन् न त समान कानुन बनाउन सर्वोच्च अदालतले आदेश नै गऱ्यो । क्रमैसँग गरिएका आदेशहरूका कारण **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन गरियो । महिलालाई अधिकार दिने सम्बन्धमा क्रान्तिकारी संशोधन मानिएको यस संशोधनले पनि पूर्ण अधिकार दिन सकेन । त्यसैले पुनः आवश्यकताअनुसार रिटहरू दर्ता गरिँदै गए र महिलालाई अधिकार दिने आदेशहरू सर्वोच्च अदालतले पनि गर्दै गयो । सर्वोच्च अदालतले प्रदान गरेका अधिकारहरू पनि सबै कार्यान्वयनमा आउन नसकेपछि पुनः कार्यान्वयनका लागि परिपत्र गराउन पनि रिटहरू दर्ता हुन थालेका थिए । सर्वोच्च अदालतले पनि आवश्यकताअनुसार आदेशहरू गर्दै गएपछि बिस्तारैबिस्तारै महिलाहरू अधिकार सम्पन्न हुँदै गएका छन् । यहाँ मुलुकी ऐनमा एघारौँ संशोधन हुनुभन्दा अगाडिका रिटहरू, संशोधन पछाडिका रिटहरू र उक्त आदेश कार्यान्वयन गर्ने सन्दर्भमा जारी गरिएका रिटहरूलाई छुट्टाछुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

532 **सन्धि ऐन**, ३०४८,धारा ९ ।

### ७.२.१ महिलाअधिकारका सम्बन्धमानयाँ मुलुकी ऐन, २०२० मा एघारौ संशोधन गर्नुपूर्व दर्ता गरिएका रिटहरूमा भएका सर्वोच्च अदालतका आदेशहरू

नेपालमा समानताको धारा ११ सहित **नेपाल अधिराज्यको संविधान, २०४७** लागू भइसक्दा पनि र सरकारले **महिलासम्बन्धी महासन्धि, १९७९** मा हस्ताक्षर गरिसक्दा पनि समानता कायम गरिनुपर्छ भनेर नीतिहरू बनाइसक्दा पनिअसमान कानुनी व्यवस्था स्वतः खारेज हुनुपर्नेमा नभई बाँभिएका कानुनहरू यथावत् नै रहेका थिए । त्यसैले असमान व्यवस्थाहरू खारेज गराउन सर्वोच्च अदालतमा रिटहरू धमाधम दर्ता हुन थालेको पाइन्छ । अनि ती रिटहरूमा सर्वोच्च अदालतले पनि बदर गर्ने, खारेज गर्ने, लगायत आवश्यकताअनुसार छलफल गरी निणर्यमा पुग्नेजस्ता आदेशहरू गर्ने गरेको पाइन्छ । **नयाँ मुलुकी ऐन, २०२०** मा एघारौँ संशोधन २०५८ सालमा हुनुभन्दा अगाडि दर्ता भएका रिटहरूमा सर्वोच्च अदालतले कस्ताकस्ता आदेशहरू गरेको थियो भन्ने सम्बन्धमा तल चर्चा गरिएको छ ।

#### ७.२.१.१ मीरा गुरुङ्गसमेत विरुद्ध केन्द्रीय अध्यागमन विभाग, ठमेल समेत, २०४९

२०४९ सालको रि.पु. इ.नं. २९ मा मीरा गुरुङ्ग समेत विरुद्ध केन्द्रीय अध्यागमन विभाग, ठमेल समेत भएको लिङ्गका आधारमा भिसाको म्याद दिने कार्य असमान र भेदभावपूर्ण भएकाले बदर गरी पाऊँ भन्ने मुद्दामा सर्वोच्च अदालतले २०५० साल माघ २८ गते कानुनले वस्तुत लिङ्गको आधारमा असमान र भेदभावपूर्ण व्यवहार गरेको देखिन्छ । अतः कुनै विवेकपरक कारण नभई विभेद गर्दा संवैधानिक व्यवस्थासँग असङ्गत हुन्छ भन्ने निर्णय गरेको छ ।[533]

#### ७.२.१.२ अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध श्री ५ को सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सिंहदरबार समेत, २०४९

२०४९ सालको रिट नं. ८८ को अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध श्री ५ को सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सिंहदरबार समेत भएको अन्तर्राष्ट्रिय अभिसन्धिहरू समेतलाई विचार गरी न्यूनतम प्रसूति बिदाको अवधि निर्धारण गरी तोकी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था गरिपाऊँ भन्ने रिटमा सर्वोच्च अदालतले २०६० साल भाद्र २५ गते शिशु स्वास्थ्य मातृत्व संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको परिप्रेक्ष्य र मातृत्व संरक्षण सम्बन्धमा प्रसूति विदालगायतका अन्तर्राष्ट्रिय

---

533 मीरा गुरुङ्गसमेत विरुद्ध केन्द्रीय अध्यागमन विभाग, ठमेल समेत,**नेपाल कानुन पत्रिका**, अङ्क २, निर्णय सङ्ख्या४८५८,(काठमाडौं : सर्वोच्च अदालत, २०५१), पृ. ६८ ।

अभिसन्धिहरू समेतलाई विचार गरी उपयुक्त मापदण्ड बनाई सोका आधारमा महिला कामदार कर्मचारीहरूका हकमा तोकिएभन्दा कम गर्न नपाइने गरी न्यूनतम प्रसूति विदाको अवधि निर्धारण गरी तोकीमातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी श्री ५ को सरकारका नाममा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको थियो ।534

**७.२.१.३ डा. चन्दा बज्राचार्य विरुद्ध संसद सचिवालय समेत, २०५१**

डा. चन्दा बज्राचार्य विरुद्ध संसद सचिवालय समेत भएको २०५१ सालको रिट नं. २८१६ मा मुलुकी ऐन अंशवण्डाका महलको १२ नं. अपुतालीको २ नं. धर्मपुत्रको ५ नं. का व्यवस्था बदर घोषित गरिपाऊँ भन्ने रिटमा सर्वोच्च अदालतले २०५३ साल श्रावण ३ गते प्रस्तुत रिट निवेदनमा निवेदिकाले प्रश्न उठाएको उपर्युक्त विषयहरूको प्रसङ्गमा पनि उपयुक्त विधेयक प्रस्तुत गर्ने निर्णयमा पुग्नका लागि संविधानको धारा ११ द्वारा प्रदत्त समानताका हकसमेतको सन्दर्भमा विचारविमर्श गर्नुपर्ने प्रकृतिको देखिन आएको छ । सोका लागि केही समय लाग्ने देखिँदा निवेदिकाले प्रश्न उठाएका माथि उल्लेख गरिएका विषयहरू र सोसँग सम्बद्ध अन्य विषयहरूमा समेत समष्टिगत रूपमा समाजका विभिन्न पक्षहरूको समेत अध्ययन, मनन गरी सोसँग सम्बन्धित व्यक्ति, निकाय, सङ्घ, संस्था, समाजशास्त्री तथा कानुनविदहरूसँग जो चाहिने आवश्यक विचार विमर्श गरी यो आदेश प्राप्त भएको मितिले २ वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्नु भनी श्री ५ को सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।535

**७.२.१.४ मीरा ढुङ्गाना र मीरा खनाल विरुद्ध श्री ५को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय, श्री प्रतिनिधि सभा सिंहदरबार काठमाडौं, श्री राष्ट्रिय सभा, सिंहदरबार, काठमाडौँसमेत, २०५०**

नेपाल ल क्याम्पसका तत्कालीन विद्यार्थीहरू मीरा ढुङ्गाना र मीरा खनालले **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १ बमोजिम संविधानसँग बाझिएको कानुन उक्त संविधानको धारा ८८(१) बमोजिम बदर घोषित गर्ने आदेश गरिपाऊँ भनी सर्वोच्च अदालतमा श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को

534 अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार समेत,**नेपाल कानुन पत्रिका**, अङ्क ९, निर्णय सङ्ख्या ७२६८, (काठमाडौँ :सर्वोच्च अदालत, २०६०), पृ. ७२६ ।

535 चन्दा बज्राचार्य विरुद्ध संसद सचिवालयसमेत, **नेपाल कानुन पत्रिका**, अङ्क ७, निर्णय सङ्ख्या ६२२३, (काठमाडौँ :सर्वोच्च अदालत, २०५३), पृ. ५३७ ।

सरकार मन्त्रीपरिषद् सचिवालय, श्री प्रतिनिधि सभा सिंहदरबार काठमाडौं, श्री राष्ट्रिय सभा, सिंहदरबार काठमाडौंलाई विपक्षी बनाएर २०५० साल जेष्ठ १८ गते परमादेशको रिट दर्ता गरेका थिए । उक्त रिटमा मुख्य जिकिर **मुलुकी ऐन,** २०२० को अंशवण्डाको १६ नं. मा भएको ३५ वर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरासरह अंश पाउँछे, अंश लिएपछि विवाह भयो भने उसले पाएको अंशबाट विवाह खर्च पर सारी बाँकी रहेको ऐनले हक पुग्नेले पाउँछ भन्ने प्रावधानमध्ये ३५ वर्ष उमेर पुगी विवाह नभएकी भन्ने र अंशवण्डाको १ र २ नं. मा लेखिएको छोरा भन्ने शब्दलाई संविधानसँग बाझिएको हुनाले बाझिएको हदसम्म बदर घोषित गरी उपयुक्त आज्ञा आदेश र पूर्जी जारी गरिपाऊँ भन्ने थियो ।536

यसरी २०५० साल जेष्ठ १८ गते सर्वोच्च अदालतमा दर्ता गरिएको ३३९२ नं. को रिटमा सर्वोच्च अदालतबाट २०५२ साल श्रावण १८ गते गरेका फैसलामा अंश प्राप्त गर्ने तरिका नेपाल कानुनले महिला तथा पुरुषलाई छुट्टाछुट्टै व्यवस्था गरेको छ भन्दै छोरीलाई अंश प्राप्त गर्ने अधिकारबाट बन्चित गरेको वा भेदभाव गरेको नभई महिलाको सामाजिक हैसियतलाई दृष्टिगत गरी छोरालाईभन्दा अति बेग्लै तरिकाबाट छोरीलाई अंश प्रदान गर्नेतरिकामा भिन्नता मात्र गरेको पाइन्छ भनिएको छ । जस्तै अंशवण्डाको १६ नं ले अविवाहित छोरीले अंश पाउनका लागि ३५ वर्ष उमेर पूराहुनुपर्ने व्यवस्था गरेको थियो भने विवाहित छोरीले पनि अंश प्राप्त गर्न विवाह भएको कम्तीमा १५ वर्ष र उमेर कम्तीमा ३५ वर्ष पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको छ भन्दै फैसलामा छोराले जन्मनासाथ अंश प्राप्तगर्न सक्छ भने छोरीले केही शर्तहरू पूरा गर्नुपर्ने कुरापनि भनिएको छ । निवेदिकाहरूले माग गरेबमोजिम अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनेर छोरीलाई छोरासरह जन्मनासाथ अंश प्राप्त गर्ने व्यवस्था गर्नुअगाडि त्यसबाट आउने नकारात्मक पक्ष पनि हेर्नु पर्दछ, अर्थात् छोरीलाई अंश दिँदा समाजमा के असर पर्दछ त्यो पनि हेर्नु पर्दछ भन्दै परम्परादेखि चलिआएको हाम्रो जस्तो पितृसत्तात्मक समाजको संरचनामा नै यसबाट ठूलो असर पुग्दछ भनिएको पाइन्छ । छोरी विवाह गरेर जान बाध्य हुन्छे भने अर्कोतिर अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनी छोरीको छोरासरह अंश पाउने व्यवस्था गर्दा विवाह भएकी छोरीले पिता र लोग्ने दुवैको सम्पत्तिबाट अंश प्राप्त गर्न सक्ने तर छोराले आफ्नो पिताबाट मात्र अंश प्राप्त गर्ने हुनाले छोरीले छोरालेभन्दा बढी अंश प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना हुने

536 **नयाँ मुलुकी ऐन** २०२०, भाग ३, अंशवण्डाको महल, दफा १६ ।

भएकाले छोरालाई भेदभाव हुन जाने अवस्था आउन सक्ने भन्दै यसले राज्यका सम्पत्तिको अधिकारका सम्बन्धमा बनेका सम्पूर्ण कानुनमा यसले असर पुऱ्याउँछ भनी अंशवण्डाको १६ नं. लाई अमान्य घोषित गरी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्नु नै समस्याको समाधान होइन भन्दै लामो समयदेखि समाजले अवलम्बन गर्दै आएको परम्परागत सामाजिक व्यवहार सामाजिक मान्यताका कुराहरू एकाएक परिवर्तन गर्दा समाजले कतिपय कुराहरू आत्मसात गर्न नसक्ने हुन जान्छ भन्दै एकाएक निर्णयमा पुग्नुअघि समानतासम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी व्यापक छलफल र विचारविमर्श गरी न्यायोचित व्यवस्था गरिनु पर्दछ भन्दै सम्पत्तिसम्बन्धी पारिवारिक कानुनलाई समष्टिगत रूपमा विचार गर्नुपर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिला सङ्गठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक सङ्गठन तथा कानुनविद्हरू समेतसँग आवश्यक परामर्श गरी अन्य देशहरूमा यस सम्बन्धमा भएका कानुनी व्यवस्थाहरूलाई समेत अध्ययन र मनन गरी यो आदेश प्राप्त भएका मितिले एक वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने यो निर्देशनात्मक आदेश जारी गरेको थियो ।[537] यो आदेशले महिलालाई छोरासरह अंश दिने कुरा नस्विकारेको भए पनि छलफल गर्नका लागि बाटो भने खोलिदियो ।

### ७.२.१.५ **अन्नपूर्ण राणा विरुद्ध गोरखशम्शेर ज.ब.रा., २०५३**

अन्नपूर्ण राणा विरुद्ध गोरखशम्शेर ज.ब.रा.को २०५३ सालको रिट नं. २१८७ मा सर्वोच्च अदालतले २०५५ साल जेष्ठ २५ गते योनी तथा पाठेघरको गाइनोकोलोजिस्टबाट परीक्षण गराउने भनी अदालतबाट भएको आदेश बदर गरी पाऊँ भन्ने रिटमा एउटी महिलाका लागि निजको कुमारीत्वको जाँच गराउनु ठूलो चुनौतीको कुरो हो भनिएको छ । त्यसमा पनि निजको सारा भविष्यलाई समेत प्रभावित गर्न सक्ने र त्यसबाट कुनै पनि अनपेक्षित परिणाम निस्कन सक्ने अवस्था समेत देखिन आँउछ । निवेदिका अन्नपूर्ण राणाको योनी तथा पाठेघर जाँच गराउने सम्बन्धमा भएको आदेश विवेकपूर्ण भन्नसमेत मिल्ने देखिन नआएकाले निवेदिकाको योनी तथा पाठेघरको गाइनोकोलोजिस्टलाई जाँच गराई जाँच गरी

537 मीरा ढुङ्गाना र मीरा खनाल विरुद्ध श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय, श्री प्रतिनिधि सभा सिंहदरबार काठमाडौं, श्री राष्ट्रिय सभा, सिंहदरबार काठमाडौं समेत **नेपाल कानुन पत्रिका**, अङ्क ६, निर्णय सङ्ख्या ६०१३, (काठमाडौं :सर्वोच्च अदालत, २०५२), पृ.४६२ ।२०५२ सालको रिट नं.३३९२ ।

प्रतिवेदन पेस गर्नु भन्ने जिल्ला अदालतको आदेशलाई सदर गरी गरेको पुनरावेदन अदालतको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ ।538 सर्वोच्च अदालतको यस आदेशले महिलालाई लगाइने वाहियात आरोपबाट महिलाहरूलाई बचाएको छ ।

### ७.२.१.६ **रिना बज्राचार्यसमेत विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय समेत, २०५४**

रिना बज्राचार्यसमेत विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयसमेत भएको विमान परिचालक पुरुष र विमान परिचालिका महिला दुवै कामका आधारमा समान रहे पनि लिङ्गका आधारमा विभेद भएको कानुनी व्यवस्था बदर घोषित गरिपाऊँ भन्ने २०५४ सालको २८१२ नं. कोरिटमा २०५७ साल जेष्ठ २६ गते सर्वोच्च अदालतले निवेदिकाहरू क्रु वर्गका पुरुषसरहका समान कर्मचारी भै निजहरूको कामको समय, पारिश्रमिक र माथि उल्लेख भएबमोजिम अन्य सुविधाहरू र सोसम्बन्धी शर्त विमान परिचारिका (पुरुष) र विमान परिचारिका (महिला) दुवैको समान रहे भएको भन्नेमा विवाद देखिन नआई माथि गरिएको संवैधानिक विवेचनाअनुरूप विवादित पनि भएको**शाही नेपाल वायु सेवा निगमका कर्मचारीहरूको नियमावली**, २०३१ को नियम १६,१,३ को व्यवस्था लैङ्गिक समानताको विपरीत भई संवैधानिक व्यवस्था प्रतिकूल रहेको पुष्टि हुन आएको भन्दै उक्त व्यवस्था बदर गर्ने आदेश गरेको छ ।539

### ७.२.१.७ **सीता आचार्यसमेत विरुद्ध श्री ५ को सरकार स्वास्थ्य मन्त्रालसमेत, २०५५**

सीता आचार्यसमेत विरुद्ध श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयसमेत भएको परीक्षण काल समाप्त भएपछि अवकाश दिने निर्णय बदर गरी पूर्ववत् सेवा कायम गरी पाऊँ भन्ने २०५५ सालको ३९७५ नं. को रिटमा सर्वोच्च अदालतले २०५८ साल भाद्र २९ गते नेपाल निजामति सेवा ऐनमा परीक्षण कालमा रहने पुरुष कर्मचारी र महिला कर्मचारी भनी महिलाको विशेष कानुनी व्यवस्था गरेकाले यस्तो विशेष व्यवस्थाको पृष्ठभूमिमा नेपालले अन्तर्राष्ट्रिय महासन्धिमा स्वीकार गरेका सम्झौताअनुरूप व्यवस्था गर्नुपर्ने हुन आउँछ । तसर्थः उक्त महासन्धि, **नेपाल अधिराज्यको संविधान, २०४७, नेपाल निजामति सेवा ऐन,** २०४९ को दफा १६मा महिलाका सन्दर्भमा भएको विशेष व्यवस्था तथा निवेदिकाहरूलाई

---

538 अन्नपूर्ण राणा विरुद्ध गोरखशम्शेर ज.ब.रा.,**नेपाल कानुन पत्रिका**,अङ्क. ८, निर्णय सङ्ख्या ६५८८, (काठमाडौंःसर्वोच्च अदालत-२०५३, २०५५), पृ. ४७६ ।

539 रिना बज्राचार्य समेत विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय समेत,**नेपाल कानुन पत्रिका**, अङ्क ५, निर्णय सङ्ख्या ६८९८, (काठमाडौँ :सर्वोच्च अदालत, २०५७), पृ.३७६ ।

विपक्षी जनस्वास्थ्य कार्यालयले ६ महिनाको परीक्षण काल तोकी नियुक्ति दिइएको कार्य समेतका आधारमा निजामति सेवाका महिला कर्मचारीको ६ महिना परीक्षण काल र स्वास्थ्य सेवाको प्रकृतिले फरक हुनेबाहेकका कुरामा श्री५को सरकारको निजामति सेवाको पदमा कार्यरत महिला कर्मचारी र स्वास्थ्य सेवाअन्तर्गत कार्यरत महिला कर्मचारीबीचको परीक्षण काल भिन्नभिन्न मानी अर्थ गर्नु संविधानको भावना प्रतिकूल हुन जाने भनेर फैसला गरेको छ ।५४०

**७.२.१.८सविन श्रेष्ठसमेत विरुद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय मन्त्रालयसमेत, २०५७**

सविन श्रेष्ठसमेत विरुद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय मन्त्रालयसमेत भएको **वैदेशिक रोजगार ऐन, २०४२** को दफा १२ को व्यवस्थाले महिलाउपर भेदभाव गरेकाले बदर घोषित गरिपाऊँ भन्ने २०५७ सालको २७८४नं. कोरिटमा सर्वोच्च अदालतले २०५८ साल भाद्र २० गते संविधानको धारा १७(१०)द्वारा प्रत्याभूत सम्पत्तिसम्बन्धी हक कानुनको अधिनमा रही नागरिकलाई प्राप्त हुने हक हो भनेको छ भन्दै कुनै पनि महिलालाई सम्पत्ति आर्जन गर्ने,भोग गर्ने,बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने त्यस्तो हकमा इजाजतपत्र प्राप्त वालालाई लागू हुने गरी गरेको प्रकियागत कुराले कुनै पनि महिलाको त्यस्तो हकलाई भेदभाव हुने किसिमले अनुचित बन्देज लगाएको देखिँदैन पनि भनेको छ । तसर्थ उपरोक्त आधारबाट **वैदेसिक रोजगार ऐन, २०४२** को दफा १२ को महिलासम्बन्धी कानुनी व्यवस्थाले संविधानको धारा ११, १२(२),(ङ) र १७(१)द्वारा प्रत्याभूत मौलिक हकमा अनूचित बन्देज लगाई महिलावर्गको हितविपरीत लैङ्गिक असमान र भेदभावपूर्ण कानुनी व्यवस्था भएको भन्ने जिकिरमा सहमत हुन सकिएन भन्दै सो व्यवस्था महिलावर्गको हितमा भएकाले ठिक छ भन्ने फैसला गरिएको छ ।541

**७.२.२ नयाँ मुलुकी ऐन २०२० मा एघारौँ संशोधन गरिएपछि दर्ता गरिएका रिटहरू र सर्वोच्चका महिलामैत्री आदेशहरू**

मुलुकी ऐनमा एघारौँ संशोधन गरिएपछि कानुनमा बाँकी रहेका विभेदहरू छुट्याउन २०५९ साल कार्तिकमा न्याय परिषद्को अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन भएको थियो । उक्त समितिले भेदभावजन्य कानुनहरूका सम्बन्धमा प्रस्तुत गरेको प्रतिवेदनमा एघारौँ

---

५४० सीता आचार्यसमेत विरुद्ध श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयसमेत लैङ्गिक न्यायसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका **फैसलाहरूको सँगालो**, महिला, कानुन र विकास मञ्च, इन्टरनेसनल कमिसन अफ जुरिस्ट, (२०७०), पृ. ७०२ ।

541 सविन श्रेष्ठसमेत विरुद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय मन्त्रालयसमेतलैङ्गिक न्यायसम्बन्धी मुद्दामा सवोच्च अदालतबाट भएका **फैसलाहरूको सँगालो, ऐजन**, (२०७०), पृ. ६९६ ।

संशोधन पूर्व ६९ वटा भेदभाव रहेकामा संशोधनपश्चात् बाँकी रहेका २८ वटा र अन्य विभिन्न ऐनहरूमा रहेका २५ वटा विभेदहरू गरी जम्मा ५३ वटा व्यवस्थाहरू भेदभावजन्य रहेको भन्ने प्रतिवेदन प्रस्तुत गरेको थियो । त्यस्तै, विभिन्न ३६ वटा नियमावलीहरूमा पनि ८५ वटा प्रावधानहरू विभेदपूर्ण रहेको भन्दै प्रतिवेदन प्रस्तुत गरेको पाइन्छ । यसको उदाहरणमा निम्न व्यवस्थालाई लिन सकिन्छ ।

- मुलुकी ऐनमा म्याद तामेल गर्दा एकाघरका लोग्ने मानिसलाई बुझाउनुपर्ने भन्ने व्यवस्था,
- हाडनाता करणीको अवस्थामा सजायँमा भेदभाव गरेको व्यवस्था,
- बोनस, विमा, सञ्चयकोष पाउने क्रममा छोरासरह छोरीलाई नराखिएको अवस्था,
- जबर्जस्ती करणीको कसुरमा पीडित पक्षलाई पीडकबाट आधा अंश भराउने भन्ने प्रभावकारी कार्यान्वयन हुन नसकेको व्यवस्था,
- जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐनले जन्म तथा मृत्युको सूचना परिवारको उमेर पुगेको पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले दिनुपर्ने भन्ने व्यवस्था ।542

यिनै विभेदपूर्ण व्यवहारहरू बदर गराउन २०५८ सालपछि धेरै रिटहरू दर्ता गरिएका थिए भने तिनमा सर्वोच्च अदालतले समानता कायम गराउन निर्देशनात्मक आदेश जारी गरेको थियो । समानता कायम गर्न आधुनिक राज्यका संयन्त्रहरूले कानुनको निर्माण, व्याख्या तथा प्रभावकारी कार्यान्वयनमार्फत पहल गरेका हुन्छन् । न्यायपालिकाले यस सन्दर्भमा कानुनको व्याख्या एवम् विधिशास्त्रको विकासमार्फत अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नेपालको सर्वोच्च अदालतले महिलाउपर गरिने विभेदपूर्ण व्यवहार एवम् कानुनी व्यवस्थाको परिमार्जन तथा सुधार गर्ने सम्बन्धमा महत्त्वपूर्ण विधिशास्त्रको विकास गरेको छ । **नेपाल अधिराज्यको संविधान**, २०४७ र **अन्तरिम संविधान**, २०६३ ले न्यायपालिकालाई प्रदान गरेको असाधारण क्षेत्राधिकारअन्तर्गत महिलाउपर रहेका विभेदपूर्ण कानुनी व्यवस्था, सम्पत्तिको अधिकार, प्रजनन् स्वास्थ्यको अधिकार, विवाह तथा सम्बन्ध बिच्छेदसँग सम्बन्धित व्यवस्था, रोजगारीलगायतका अधिकारसँग543 सम्बन्धित विभेदपूर्ण व्यवस्थाको खारेजी वा परिमार्जनका लागि जारी गरिएका आदेशहरूले समानता कायम गराउने सम्बन्धमा महत्त्वपूर्ण विधिशास्त्रको विकास गरेको पाइन्छ । त्यस्तै, समाजमा

542 काशीराज दाहाल,"लैङ्गिक विधिशास्त्र र मुलुकी ऐनको एघारौँ संशोधन," **स्मारिका**, (२०६०), पृ. ५ ।

543 ढुङ्गाना, श्रेष्ठ, गौतम र अरू (सम्पा.) **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३,पृ.मन्तव्य ।

विद्यमान रहेका कुरीतिहरू, जस्तै- छाउपाडी, बोक्सी, घरेलु हिंसालगायतका सामाजिक विकृतिको अन्त्य गर्न पनि सर्वोच्च अदालतले आदेश गरेको पाइन्छ । नागरिकताको अधिकार, बालबालिकाको जन्मदर्ताको अधिकार, महिलाविरुद्धका हिंसासँग जोडिएका मुद्दाहरूको गोपनीयता कायम गर्ने, वैवाहिक बलात्कारलाई दण्डनीय बनाउने, घरेलु हिंसाका मुद्दाहरूको सुनवाई गर्न फास्ट ट्र्याक कोर्टको गठन गर्ने, महिला पीडित हुने मुद्दाको सुनवाइ निरन्तर गर्नुपर्छ भन्ने जस्ता महत्त्वपूर्ण फैसला गरेर सर्वोच्च अदालतले उल्लेखनीय योगदान प्रदान गरेको छ ।544 ती फैसलाहरूका बारेमा तल चर्चा गरिएको छ ।

### ७.२.२.१ **मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयसमेत**, २०५८

मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयसमेत भएको वैवाहिक बलात्कारलाई समेत दण्डनीय बनाउनु भनी परमादेश जारी गरिपाऊँ भन्ने.सं. २०५८ सालको ५५ नं. को रिटमा २०५९ साल वैशाख १९ गते सर्वोच्च अदालतले वैवाहिक वलात्कार पनि दण्डनीय अपराध कायम भएकाले सामान्य अन्य व्यक्तिले गर्ने जबर्जस्ती करणी र पतिले गर्ने जबर्जस्ती करणीको परिणाम एकैनासको हुने नभएकाले तत्सम्बन्धी प्रमाण, परिस्थिति र सजायँको मात्राको औचित्यको विषयमा अलग बस्न पाउने वा सम्बन्धविच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने विषयमा, निषेधित बालविवाहको अवस्थामा भएको जबर्जस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई विचार गरी समष्टिगत रूपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गरी वैवाहिक बलात्कारसम्बन्धी कानुनी व्यवस्थालाई पूर्णता दिनुपर्ने भएकाले तत्सम्बन्धमा आवश्यक कानुनी संशोधन विधेयक संसदमा पेस गर्नु भनी विपक्षी मध्येको कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।545

### ७.२.२.२**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत**, २०५८

अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध श्री ५को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत भएको जबरजस्ती करणीका प्रयोजनका लागि महिला महिलाबीच एउटै

---

544 **ऐजन ।**

545 मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालसमेत, ढुङ्गाना, श्रेष्ठ र गौतम अरू (सम्पा.) **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या३, पृ. मन्तव्य,पृ. १ ।

कसुरमा विभेद गरेकाले ज.क.को ७ नं.को व्यवस्था बदर गरी पाऊँ भन्ने २०५८ सालको ५६ नं. कोरिटमा २०५९ साल वैशाख १९ गते सर्वोच्च अदालतले महिलालाई आफ्नो अङ्ग आफ्नो स्वीकृतिबेगर प्रयोग गर्न दिन बाध्य पारिनु निजको सम्मानपूर्वक बाँच्न पाउने अधिकार र आत्मनिर्णयको अधिकारमाथि कुठाराघात पुऱ्याउनु हुन जान्छ, महिलाको मानवअधिकारको अपमान गर्नु हुन जान्छ, चाहे त्यो महिला वेश्या नै किन नहोस् भन्ने मत प्रस्तुत गरेको छ ।**नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा ११(१) ले कानुनको समान संरक्षणबाट कसैलाई बन्चित नगरिने अभेदभावको सिद्धान्त (Theory of Non Discrimination) लाई अङ्गिकार गरेको छ । यद्यपि समानता भनेको समानहरू बीच हुने हो । असमानहरू बीच जुनसुकै अवस्थामा समान व्यवहार हुनु पर्दछ भन्ने होइन । अवस्था र परिस्थितिअनुसार कहिले काहि भेदभाव हुने गरी वर्गीकरण गर्न सकिन्छ तर त्यस्तो वर्गीकरण उचित र तर्कसङ्गत हुनु पर्दछ । धारा ११(३) ले सकारात्मक भेदभाव (positive discrimination) गर्न सकिने व्यवस्था गरे तापनि नकारात्मक भेदभाव (negative discrimination) को परिकल्पना गरेको छैन । तसर्थ हाम्रो देशको संविधानले वेश्या स्वास्नीमानिसहरूको सम्बन्धमा कुनै प्रकारको भेदभाव गरेको अवस्था छ भनी मान्न सकिँदैन । संविधानले नै यस्तो भेदभाव नगरेको अवस्थामा कानुनले वेश्या महिला र अन्य महिलाहरू बीच वर्गीकरण गरी असमान रूपमा गरेको भेदभावमा व्यवस्थालाई उचित र तर्कसङ्गत मान्न नमिल्ने देखिन्छ भन्ने निर्णय सर्वोच्च अदालतले गरेको छ ।[५४६]

### ७.२.२.३**अधिवक्ता रेश्मा थापासमेत विरुद्ध श्री ५को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत, २०५८**

अधिवक्ता रेश्मा थापासमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत भएको बोक्सीको दोषारोपण गर्ने कार्यलाई सजायँ गर्ने कानुनको निर्माणसमेत गरिपाऊँ भन्ने २०५८ सालको २८९१ नं. को रिटमा २०६१ साल श्रावण २६ गते सर्वोच्च अदालतले महिलावर्गमाथि बोक्सीको आरोप लगाई हुनेगरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम नियन्त्रण एवं सजायँ गर्ने प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक चेतना अभिवृद्धि गरी रुढिवादी, अन्धविश्वासी अज्ञानता हटाउने

---

५४६ सपना प्रधान मल्ल विरुद्ध श्री ५को सरकार, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत, **ऐजन**, पृ. १३ ।

उद्देश्यले जागरण कार्यक्रम (awareness programme) समेत सञ्चालन गर्न अपरिहार्य हुन गएकाले सोसमेत गर्न सर्वोच्च अदालतले श्री ५ को सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गर्ने फैसला गरेको छ ।५४७

**७.२.२.४ अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत, २०५९**

अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत भएको अपुतालीको महलको १२ क नं. को व्यवस्था **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ११ सँग बाझिएकाले बदर घोषित गरिपाऊँ भन्ने २०५९ सालको ११० नं. रिटमा २०६१ साल श्रावण १४ गते सर्वोच्च अदालतले अपुतालीबाट पाएको सम्पत्ति अंशवण्डाको महलको १८ नं. को व्यवस्थाले निजी ठहरी आफूखुशी गर्न पाउने र वण्डा गर्न कर नलाग्ने सम्पत्ति हो भन्दै यसरी अंशियारका बीच वण्डा गर्न कर नलाग्ने समेतको प्रकृतिको सम्पत्ति स्वतः हकवालाले पाउनेभन्दा सो अंशवण्डाको १८ नं. को कानुनी व्यवस्था समेत प्रतिकूल हुन जाने भनेको छ । अदालतका आदेशानुसार झिकाइएको मुलुकी ऐन (एघारौँ संशोधन) को तीन महलको विवरणमा सो अपुतालीको १२(क) थप गर्नुपर्ने कारणमा अविवाहिता छोरीले पाएको अंश विवाहपश्चात् नपाउने भएजस्तै अविवाहिता छोरी हुँदा निजले पाएको अपुताली विवाहपश्चात् नपाउने व्यवस्था गरिएको भन्ने उल्लेख गरेको देखिँदा सो १२(क) को थप व्यवस्था अंश हकसरह भएकाले वैवाहिक स्थितिको कारणबाट गुमाउनु पर्ने भन्ने तर्क विधि निर्माणकर्ताको रहेको देखिने छ भनेको छ । अंश र अपुताली एउटै कुरा नभई यो फरक फरक कुरा हो भन्दै मुलुकी ऐन एघारौँ संशोधन पूर्वको अपुतालीको २ नं. ले समेत विवाहिता रअविवाहिता छोरीले पाएको अपुताली फिर्ता गर्नुपर्ने व्यवस्था गरेको नपाइएको र अपुतालीबाट प्राप्त सम्पत्ति अंशियारबीच वण्डा समेत नलाग्ने अंशवण्डाको महलको १८ नं. मा व्यवस्था भएको देखिएको अवस्थामा समेत मानवअधिकारस्वरूप विवाह गरी जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारको आधारमा भएको विवाहको कारणले अपुतालीबाट प्राप्त गरेको सम्पत्ति फिर्ता गर्नुपर्ने वा गुमाउनुपर्ने व्यवस्था मानवअधिकारसँग सम्बन्धित मान्य सिद्धान्तसँग विपरीत भई अपुतालीको महलको १२(क) नं. को व्यवस्था **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ११ को समानताको सिद्धान्तको प्रतिकूल भई बाझिन गएकाले

---

५४७ अधिवक्ता रेश्मा थापासमेत विरुद्ध श्री ५को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत **नेपाल कानुन पत्रिका**, अङ्क ४, निर्णय सङ्ख्या ७३५७, (काठमाडौं : सवोच्च अदालत,२०६१) पृ. ३७७।

धारा ८८(१) बमोजिम आजैको मितिदेखि लागू हुने गरी सो अपुतालीको महलको १२ क नं. अमान्य घोषित हुने भन्ने आदेश सर्वोच्च अदालतले गरेको छ ।548

### ७.२.२.५ अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयसमेत, २०६०

अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयसमेत भएको संविधान र मानवअधिकारसम्बन्धी महासन्धिसँग बाझिएका कानुनहरूको पहिचान गरी सोअनुकूलको नयाँ कानुन यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्नू भनी निर्देशनात्मक आदेश जारी गरिपाऊँ भन्ने २०६० सालको ३५ नं.को रिटमा निवेदकले उठाएका प्रश्नहरूका सम्बन्धमा साथै प्रस्तुत गरिएको २०६० सालको रिट नं. ३४ मा नै विस्तृत विवेचना भई निवेदकले यसमा उठाएका विषयसमेतको सम्बन्धमा सम्भव भएसम्म राष्ट्रिय मानवअधिकार आयोगको सचिवको संयोजकत्वमा एक विशेषज्ञ समिति बनाई संविधान र मानवअधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिएका ऐन नियमहरूको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानुनहरूमा संशोधन गर्ने वा संविधान र मानवअधिकारसम्बन्धी महासन्धि अनुकुलको नयाँ कानुन यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्नु भन्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका नाउँमा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश २०६१ साल श्रावण १४ गते जारी गरेको छ ।549

### ७.२.२.६ अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत, २०६०

अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत भएको वैवाहिक स्थितिका आधारमा भेदभाव गरी संशोधन गरिएको मुलुकी ऐन अपुतालीको महलको २ नं. का व्यवस्था अन्तर्राष्ट्रिय अभिसन्धिसँग बाझिएकाले बदर घोषित गरिपाऊँ भन्ने २०६० सालको ३४ नं. को रिटमा सर्वोच्च अदालतले २०६१ साल श्रावण १४ गते **नेपाल अधिराज्यको संविधान**, **२०४७** को धारा ११ को व्यवस्था र नेपालले अनुमोदन र सम्मिलन

548 मीरा ढुङ्गाना विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत,**नेपाल कानुन पत्रिका**, अङ्क ४, निर्णय सङ्ख्या ७३५७, (काठमाडौं : सर्वोच्च अदालत,२०६१), पृ. ३७७।

549 ढुङ्गाना, श्रेष्ठ र गौतम र अरू, **पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ३, पृ. २६७।

गरेको सन्धि सम्झौता तथा महासन्धिसमेतको प्रतिकूल नहुने गरी प्रस्तुत विवादित विषयमा र पारिवारिक र सम्पत्तिसम्बन्धी विषयमा राष्ट्रिय मानवअधिकार आयोगसँग परामर्श गरी सम्भव भएसम्म राष्ट्रिय मानवअधिकार आयोगका सचिवको संयोजकत्वमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सम्बन्धित विषयवस्तुको ज्ञान भएका प्रतिनिधि, कानुन तथा न्याय मन्त्रालयको विषयवस्तुमा जानकार भएका प्रतिनिधि, विषयवस्तुको ज्ञान भएका समाजशास्त्री र विषयवस्तुको ज्ञान भएका महिलासँग सम्बन्धित सामाजिक सङ्गठनको प्रतिनिधि रहने गरी एक विशेषज्ञ समिति बनाई संविधान र मानवअधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिएका ऐन नियमहरूको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानुनमा संशोधन गर्ने वा संविधान र मानवअधिकारसम्बन्धी महासन्धि अनुकूलको नयाँ कानुन यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्नू भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।550

### ७.२.२.७ **दिलबहादुर विश्वकर्माविरुद्ध गृहमन्त्रालयसमेत, २०६०**

दिलबहादुर विश्वकर्माविरुद्ध गृहमन्त्रालयसमेत भएको परमादेश समेतको २०६० सालको ४२ नं. को रिटमा मा.न्या. अनुपराज शर्मा, मा.न्या. श्री शारदाप्रसाद पण्डित र मा.न्या. श्री अर्जुनप्रसाद सिंहको बेन्चले २०६२ साल भदौ ३ गते वादी जातिलाई नागरिकता प्रदान गर्न सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी गर्ने फैसला सर्वोच्च आदालतले गरेको छ ।551

### ७.२.२.८ **अधिवक्ता टेक ताम्राकार विरुद्ध गृहमन्त्रालयसमेत, २०६०**

अधिवक्ता टेक ताम्राकार विरुद्ध गृहमन्त्रालयसमेत भएको वादी समुदायका बालबालिकाहरूको जन्मदर्तालगायत नागरिकता समेत दिलाउन परमादेश जारी गरिपाऊँ भन्ने २०६० सालको १२१ नं. को रिटमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनुपराज शर्मा, मा.न्या. श्री शारदाप्रसाद पण्डित र मा.न्या. श्री अर्जुनप्रसाद सिंहको बेन्चले

---

550 सपना प्रधान मल्लसमेत विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत**नेपाल कानुन पत्रिका**अङ्क ४, नियम सङ्ख्या ७३५८,
(काठमाडौं : सर्वोच्च अदालत, २०६१), पृ. ३८७ ।

551 दिलबहादुर विश्वकर्मा विरुद्ध गृहमन्त्रालय समेत,**लैङ्गिक न्यायसम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो**, (काठमाडौं : राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६६), पृ. ५३-६० ।

२०६२ साल भदौ ३० गते जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ को दफा ४ को उपदफा १ को खण्ड(क)मा रहेको "जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारका उमेर पुगेका पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले" भन्ने व्यवस्था रहेको "पुरुषहरू मध्ये" भन्ने वाक्यांश संविधानको धारा १३१ अनुसार निष्क्रिय हुनेठहर्छ भन्दै वादी समुदायका बालबालिकाहरू लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नू तथा त्यस्ता बालबालिकाहरूलाई **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ९को उपधारा २ तथा **नेपाल नागरिकता ऐन,** २०२० को दफा ३ को उपदफा ४ बमोजिम नेपालको नागरिकता प्रदान गर्न अबिलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरूलाई नागरिकता प्रदान गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरेको निर्णय सर्वोच्च अदालतले गरेको छ ।552

### ७.२.२.९ **पुण्यवती पाठकविरुद्ध परराष्ट्र मन्त्रालयसमेत,** २०६०

पुण्यवती पाठक विरुद्ध परराष्ट्र मन्त्रालयसमेत भएको ३५ वर्ष नपुगेका महिलाहरूलाई राहदानी जारी गर्दा अभिभावकको स्वीकृति चाहिने मन्त्रीपरिषद्को निर्णय बदर गरी पाऊँ भन्ने उत्प्रेषणसमेत परमादेशको २०६० सालको ३३५५ नं. कोरिटमा मा.न्या. श्री बद्रिकुमार बस्नेत र मा.न्या. श्री बलराम के.सी. को बेन्चले २०६२ साल मार्ग १३ गते नागरिक भनेको महिला र पुरुष दुवै भएकाले यदि महिला नागरिकहरू २०५२/९/१० को मन्त्रीपरिषद्को निर्णयका शर्तका कारण अभिभावकको अभावमा राहदानी जारी भएन भने एकातिर राष्ट्रको प्रतिनिधित्व हुन सक्दैन भने अर्कोतिर महिलाहरूले संविधानले दिएको धारा १२ का आफ्ना स्वतन्त्रताहरू उपभोग गर्नबाट बन्चित हुनुपर्ने हुन्छ भनेको छ । महिला नेपाली नागरिकलाई पनि माथि उल्लेख भएका UNO लगायत अन्य International र Regional organization हरू र दूतावासमा प्रतिनिधित्व गर्न पठाइन सक्छ भनेको छ । यसरी पठाइँदा निजहरूले आ-आफ्नो Occupation र profession को स्वतन्त्रताको उपभोग गरिरहेका हुन्छन् भने हाम्रो राहदानीसम्बन्धी कानुनी व्यवस्थाहरूबाट राज्यको प्रतिनिधित्वका सम्बन्धमा होस् वा आफ्नो

552 अधिवक्ता टेक ताम्राकार विरुद्ध गृहमन्त्रालयसमेत,**नेपाल कानुन पत्रिका**, अङ्क ६, निर्णय सङ्ख्या ७५५०, (काठमाडौँ :सर्वोच्च अदालत,२०६२),पृ.६८० ।

निजी प्रयोजन र उद्देश्यका लागि होस् नागरिकहरूले राहदानीको माध्ययमबाट संविधान र ICCPR ले दिएको स्वतन्त्रताहरू नै उपभोग गरेका हुन्छन् भन्दै यदि महिलाहरूलाई राहदानी जारी नगर्ने हो भने संविधान र ICCPR ले दिएको स्वतन्त्रता महिलाहरूले उपभोग गर्न सक्दैनन्, त्यसैले महिलाका लागि अभिभावकको स्वीकृति आवश्यक पर्ने भन्ने राहदानी जारी गर्नेसम्बन्धी सरकारको निर्णय बदर गर्नुपर्ने ठहर गर्दै सर्वोच्च अदालतले परमादेशको आदेश जारी गरेको छ ।553

### ७.२.२.१० अधिवक्ता शर्मिला पराजुली विरुद्ध श्री ५ को सरकार कानुन मन्त्रालय, २०६०

अधिवक्ता शर्मिला पराजुली विरुद्ध श्री ५ को सरकार कानुन मन्त्रालय भएको उत्प्रेषणको २०६० सालको ३४३४ नं. को रिटमा यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सर्व पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानुन निर्माणका लागि आवश्यक व्यवस्था एवं पहल गर्नू भनी विपक्षीका नाउँमा परमादेश जारी गरी पाऊँ भन्ने रिटमा २०६० साल फाल्गुण २९ गते सर्वोच्च अदालतले **नेपाल अधिराज्यको संविधान, २०४७** ले एकातिर समानता र स्वतन्त्रताको हकलाई प्रत्याभूत गरेको छ भने अर्कोतर्फ लैङ्गिक न्यायमा विशेष महत्त्व राख्ने CEDAW महासन्धिमा हस्ताक्षर गरेको छ भनेको छ । यस महासन्धिको धारा २ ले कुनै पनि किसिमको यौनजन्य दुरूपयोग महिलाविरुद्ध हुने भेदभाव भएको हुँदा यस्तो भेदभाव निर्मूल गर्न राज्यपक्षले विधायिकी तथा अन्य उपायहरू अपनाउन पर्ने दायित्व सुम्पिएको पाइन्छ र हाम्रो कानुनी व्यवस्था संविधानले प्रत्याभूत गरेको समानता र स्वतन्त्रताको हकको बाधकका रूपमा रहेको यौनजन्य दुर्व्यवहारलाई नियन्त्रण गर्ने सवालमा अपर्याप्त रहेको छ भन्ने कुरा पनि विश्लेषण गरिसकिएको भनेको छ । यति मात्र होइन, अन्तर्राष्ट्रिय सन्धिहरू अनुरूपको व्यवस्था कार्यान्वयनका लागि विद्यमान कानुनको संशोधन वा कानुन नभएको अवस्थामा कानुन बनाउन कारवाही चलाउनु पर्ने कुरालाई **नेपाल सन्धि ऐन, २०४७** को दफा ९(२) ले व्यवस्था समेत गरिसकेको छ । तसर्थ सर्वोच्च अदालतले यसमा अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा सिर्जित दायित्व समेतको परिपालना हुने गरी यौनजन्य दुव्यवहारसम्बन्धी यसका सबै पक्षलाई समेट्ने गरी जो जस्तो

553 पुण्यवती पाठक विरुद्ध परराष्ट्र मन्त्रालयसमेत,**नेपाल कानुन पत्रिका**, अङ्क ८, निर्णय सङ्ख्या ७५८५, (काठमाडौं :सर्वोच्च अदालत,२०६२),पृ.१०२५ ।

आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानुन निर्माणका लागि आवश्यक व्यवस्था एवम् पहल गर्नु भनी विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।554

### ७.२.२.११ अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६१

अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको अंशवण्डाको १६ नं. को व्यवस्था **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ११ र **महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि,** १९७९ विपरीत भएकाले अमान्य एवं बदर घोषित गरी पाऊँ भन्ने २०६१ सालको ३१ नं. कोरिटमा सर्वोच्च अदालतले २०६२ साल मङ्सिर ३० गते अंशवण्डाको १६ नं. को संशोधित व्यवस्थाले छोरीलाई अंश दिने गरी बृहद अर्थमा अंशको हक स्वीकार गर्दागर्दै पनि आफूले स्वामित्व प्राप्त गरिसकेको अंश हकको त्यस्तो सम्पत्तिको निरन्तर उपभोगको अधिकार विवाहपछि अवरुद्ध हुन जाने देखिन्छ भन्दैउक्त कानुनबमोजिम विवाहपूर्व छोरीले अंशवापत पाएको सम्पत्ति छोरीले आफूखुशी गर्न पाउने सम्पत्तिका रूपमा यस अदालतले मान्यता दिइसकेको छ भनिएको छ । त्यस्तो सम्पत्ति छोरीले आफ्नो इच्छा र आवश्यकताअनुकूल भोग गर्न, हक हस्तान्तरण गर्न वा खर्च गर्न बाँकी रहेको अवस्थामा विवाह भएमा विवाह भएकै कारणले आफूले प्राप्त गरिसकेको सम्पत्ति पनि आफ्नो नियन्त्रण बाहिर जाने भई फिर्ता नै गर्नुपर्ने व्यवस्था प्रचलित कानुनी व्यवस्थाले सृजना गरेको छ र यसबाट एकपटक असीमित (absolute) तथा निहित (vested) भएको अंशको सम्पत्ति माथिको हक वैवाहिक कारणले मात्रै सीमित र शर्तयुक्त (contingent) हुन जाने स्थिति आउने भएको छ भनिएको छ । यसबाट अविवाहित अंशियार छोरीले पाएको अंशको हक विवाहपूर्व नै भोग गरी सिध्याउन दुरुत्साहन हुन सक्दछ, जुन धेरै हदसम्म विवेकसम्मत उपभोग नहुन सक्दछ । अर्कोतिर विवाहपश्चात् अंश लिएकी छोरीको सम्पत्तिमा माइतीको हक पुग्ने कारणले विवाह गर्नमा छोरीलाई दबाब गर्न वा छोरीलाई आफ्नो अंशको सम्पत्ति भोग्नमा व्यवधान खडा गर्ने कोसिस अन्य अंशियारको हुन सक्छ । आफ्नो सम्पत्ति आफ्नो सुविधा र आवश्यकताअनुसार विवेकसम्मत

554 अधिवक्ता शर्मिला पराजुली विरुद्ध श्री ५ को सरकार कानुन मन्त्रालय**नेपाल कानुन पत्रिका** अङ्क १०, निर्णय नं. ७४४९, (काठमाडौँ : सर्वोच्च अदालत, २०६१),पृ. १३१२ ।

ढङ्गले खर्च गर्नु सम्पत्तिको मालिकको स्वभाविक अधिकार हुँदाहुँदै पनि अंशवण्डाको १६ नं. को व्यवस्थाबाट सो अधिकार खण्डित हुन जाने देखिन्छ । यति मात्र होइन, यस व्यवस्थाले लैङ्गिक समानता कायम गर्ने जुन उद्देश्यले अनुप्राणित भई छोरीलाई समेत अंशको हक दिने गरी अंशवण्डाको १० नं. ले गरेको व्यवस्थामा पनि अवरोध खडा हुन पुग्छ । अंशवण्डाको १६ नं.को यस व्यवस्थाबाट सोही महलको १० नं.को व्यवस्थालाई अप्रत्यक्ष सीमित तुल्याएको छ भनेयसले भेदभावतर्फ उन्मूख पनि गराएको छ । यसबाट **महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि,** १९७९ को दफा १ मा वर्णित भेदभावको परिभाषाअनुसारको अवस्था सिर्जना हुन सक्दछ तर पनि उक्त अंशवण्डाको व्यवस्था हालै संशोधित व्यवस्था भएको, त्यसको प्रयोग र प्रभावको मूल्याङ्कन बाँकी नै रहेको र विवाहपश्चात् छोरीको अंशको सम्पत्तिलाई सम्पत्तिसम्बन्धी अन्य कानुनी व्यवस्थाहरूको सापेक्षतामा समेत अनुकूल हुने गरी मिलाउन पर्ने भई उक्त विषयमा नीतिगत तत्त्व पनि समावेश भएको हुँदा उपरोक्त आधारहरूमा महिलाको समानताको हकलाई प्रचलित सम्पत्तिसम्बन्धी कानुनको समग्रतामा विचार गरी अंशवण्डाको १६ नं. को व्यवस्थामा सम्बन्धित निकाय एवं सरोकार राख्ने समुदाय समेतसँग परामर्श गरी पुनर्विचार गर्नू भनी श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतका नाममा निर्देशनात्मक आदेश भएको छ ।555

७.२.२.१२ **लिली थापासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत,** २०६१

लिली थापासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको मुलुकी ऐन स्त्री अंशधनको महलको २ नं. मा रहेको प्रावधान **नेपाल अधिराज्यको संविधान, २०४७**र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्ताबेजसँग बाझिएकाले अमान्य घोषित गरिपाऊँ भन्ने २०६१ सालको विशेष ३४ नं.कोरिटमा सर्वोच्च अदालतले २०६२ साल मङ्सिर ३० गते मुलुकी ऐन स्त्री अंशधनको महलको २ न.. को कानुनी प्रावधान **नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा ११(१) र १७ विपरीत हुनाका साथै नेपाल पक्ष राष्ट्र भएको **नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, १९६६**

555 प्रकाशमणि शर्मासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत **नेपाल कानुन पत्रिका**, अङ्क ८, निर्णय नं. ७५७७, (काठमाडौं : सर्वोच्च अदालत, २०६२), पृ. ९३१ ।

को धारा २६, **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** को धारा २, ३ र **महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९** को धारा १,२,३ र १५ अनुकूल रहेको भन्ने नदेखिएको, स्वामित्व र सम्पत्तिसम्बन्धी मान्यताको समेत विपरीत रहेका र विवादित प्रावधानको निरन्तरताले लैङ्गिक न्यायको प्रवर्द्धनमा समेत प्रतिकूल असर पार्ने देखिएकाले स्त्री अंशधनको २ नं. को उक्त विवादित प्रावधान **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १ र धारा ८८ (१) बमोजिम आजका मितिदेखि अमान्य र बदर घोषित हुनेछ भन्ने निर्देशनात्मक आदेश गरेको छ ।556

**७.२.२.१३ अधिवक्ता मीरा ढुङ्गाना, सपना प्रधान मल्लविरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६१**

अधिवक्ता मीरा ढुङ्गाना, सपना प्रधान मल्ल, विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको लोग्ने स्वास्नीको महलको १ नं. मा व्यवस्था गरिएका सम्बन्धबिच्छेदका आधारहरूमध्ये विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणले सन्तान नभएको भन्ने मेडिकल बोर्डबाट प्रमाणित भएमा भन्ने व्यवस्था अमान्य र बदर घोषित गरी पाऊँ भन्ने उत्प्रेषण समेतको २०६१ सालको ६४ नं.कोरिटमा सर्वोच्च अदालतका मा.न्या. श्री केदारप्रसाद गिरी, मा.न्या. श्री खिलराज रेग्मी, मा.न्या. श्री शारदा श्रेष्ठको बेन्चले २०६२ साल चैत्र १७ गते मुलुकी ऐन (एघारौँ संशोधन सहित) भाग ३, महल १२, लोग्ने स्वास्नीको १ नं. को देहाय (१) मा रहेको प्रावधानमध्ये वा विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणले सन्तान नभएको भन्ने मेडिकल बोर्डबाट प्रमाणित भएमा भन्ने प्रावधान **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ८८ (१) बमोजिम आजका मितिदेखि अमान्य र बदर घोषित गरिदिएको छ ।

उपरोक्त प्रावधान लोग्ने मानिस र स्वास्नी मानिसबीच समान रूपमा लागू नभई पुरुषहरूलाई छुट दिने किसिमको भई भेदभावपूर्ण भएकाले अब यदि त्यस्तो व्यवस्था गर्नु पारिवारिक एवं सामाजिक दृष्टिले आवश्यक पर्ने नै हुन्छ भने समानताको आधारमा संविधान र अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूका प्रावधान विपरीत नहुने गरी लोग्ने र स्वास्नी

556 लिली थापासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत,**नेपाल कानुन पत्रिका** अङ्क ९, निर्णय सङ्ख्या ७५८८,(काठमाडौं : सर्वोच्च अदालत,२०६२),पृ. १०५४ ।

दुवैलाई समान रूपमा लागू हुन सक्ने गरी उपयुक्त व्यवस्था गर्नू भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।557

**७.२.२.१४ सपना प्रधान मल्ल विरुद्ध कानुन, न्याय तथा संविधान सभा मन्त्रालयसमेत, २०६१**

सपना प्रधान मल्ल विरुद्ध कानुन न्याय तथा संविधान सभा मन्त्रालयसमेत भएको २०६१ को रिट नं. ३३९३ भएको परमादेशको रिटमा मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री कल्याण श्रेष्ठको बेन्चले २०६५ साल असार २७ गते मुलुकी ऐन जबरजस्ती करणीको ११ नं. मा रहेको ३५ दिनभित्र कम भएकाले सो उजुरी गर्ने हदम्यादको अवधि बढाउनलाई निर्देशनात्मक आदेश गरी पाऊँ भनी परेको रिटमा हदम्याद बढाउने गरी कानुनमा सुधार गर्नू भनी सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ ।558

**७.२.२.१५ डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६१**

डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको महिलाको मासिक श्राव हुँदा छाउपडी गोठमा राख्ने भेदभावपूर्ण प्रथा रोकिपाऊँ भन्ने २०६१ सालको ३३०३ नं. कोरिटमा २०६२ साल वैशाख १९ गते महिलामा मासिक श्राव हुँदा सुदूरपश्चिमका जिल्लाहरूमा छाउपडी गोठमा राख्ने गरिएको, उक्त भेदभावपूर्ण प्रथा रोक्नका लागि विपक्षीबाट प्रभावकारी उपाय नअपनाइएको पाइएको हुँदा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले यो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र मासिक श्राव भएका महिलालाई छाउपडी गोठमा पठाउने प्रथालाई कुरीति भएको घोषणा गर्न स्वास्थ्य मन्त्रालयले चिकित्सकहरू समेत भएको एक अध्ययन समिति बनाई छाउपडी प्रथा कायम रहेका जिल्लाहरू तथा स्थानहरूमा महिला तथा बालबालिकाहरू माथि सो प्रथाबाट पर्न जाने र परिरहेका असरको समीक्षा गरी त्यसबारे गर्नुपर्ने स्वास्थ्यसम्बन्धी यथासक्य चाडो प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेस गर्नु भन्दै छाउपडी प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरूलाई परिचालित गर्न स्थानीय विकास मन्त्रालयले निर्देशन दिनू भनेर छाउपडणी प्रथाअन्तर्गत महिलामाथि हुने कुनै पनि

557 मीरा ढुङ्गाना, सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, **नेपाल कानुन पत्रिका** अङ्क १, निर्णय सङ्ख्या ७६३५, (काठमाडौँ : सर्वोच्च अदालत,२०६२),पृ. ६ ।

558 सपना प्रधान मल्ल विरुद्ध कानुन न्याय तथा संविधान सभा मन्त्रालयसमेत, **नेपाल कानुन पत्रिका** अङ्क ११, निर्णय सङ्ख्या ८०३८, (काठमाडौ : सर्वोच्च अदालत,२०६५),पृ. १३५८ ।

प्रकारको विभेद रोक्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका नाममा यो आदेश प्राप्त गरेको मितिले तीन महिनाभित्र निर्देशिका बनाई लागू गर्नू गराउनू भन्ने आदेश जारी गरिएको थियो ।559

**७.२.२.१६ अधिवक्ता, सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६२**

अधिवक्ता, सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको संविधानसँग बाझिएको कानुन अमान्य गरिपाऊँ भन्ने २०६२ सालको ९८ नं. को रिटमामाननीय न्यायाधीश मीनबहादुर रायमाझी, मा.न्या. श्री शारदाप्रसाद पण्डित र मा.न्या. श्री बद्रीकुमार बस्नेतको बेन्चले २०६३ साल असार २९ गते **विवाह दर्ता ऐन, २०२८** को दफा ४(३) खारेज गरी पाऊँ भन्ने माग सम्बन्धमा मुलुकी ऐन बिहाबारीको २ नं. को व्यवस्था र विवाह दर्ता ऐन २०२८ को दफा ४(३) को व्यवस्थामा एक आपसमा तादाम्यता नदेखिएकाले उक्त कानुनहरूमा सामन्जस्यता र एकरूपता ल्याउनुपर्ने अवस्था देखिन आएकाले ती कानुनहरूमा सामन्जस्यता र एकरूपता ल्याउने गरी कानुन संशोधन गर्नु र बालविवाह भै रहेको भन्ने देखिन आएकाले सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरुरी भएकाले तत्सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्नू गराउनूभनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ ।560

**७.२.२.१७ अधिवक्ता पुनदेवी महर्जन विरुद्ध नेपाल सरकार, २०६२**

अधिवक्ता पुनदेवी महर्जन विरुद्ध नेपाल सरकार भएको उत्प्रेषण परमादेशको रिटमा मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री तपबहादुर मगरको बेन्चले २०६५ साल भदौ २ गते कुमारी प्रथाको सुधारका निम्ति परेको २०६२ सालको ३५८१ नं. कोरिटमा एक अध्ययन समिति गठन गरी प्रतिवेदन प्राप्त भएपछि सरकारले कार्यान्वयन गर्नू भन्ने परमादेश जारी भएको छ ।561

559 डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत**नेपाल कानुन पत्रिका**, अङ्क ४, निर्णय नं. ७५३१, (काठमाडौं : सर्वोच्च अदालत,२०६२), पृ. ४९२ ।

560 सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत,**नेपाल कानुन पत्रिका–**अङ्क ३, निर्णय नं. ७६५९, (काठमाडौं : सर्वोच्च अदालत,२०६३), पृ. २८९ ।

561 **ऐजन**, पृ. १२६-१४५ ।

### ७.२.२.१८ अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत, २०६२

अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत भएको संविधानसँग बाझिएको कानुन अमान्य र बदर घोषित गरिपाऊँ भन्ने २०६२ सालको रिट नं. ११२ नं. को रिटमा सर्वोच्च अदालतका मा.न्या. मीनप्रसाद रायमाझी, मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री कल्याण श्रेष्ठको बेन्चले २०६२ साल श्रावण १६ गते **बोनस ऐन, २०२०** को दफा १०(२) को व्यवस्था लिङ्गका आधारमा भेदभाव गर्ने खालका भएकाले अमान्य गरी समानताको आधारमा कानुनी व्यवस्था गर्नू भन्ने रिट निवेदन खारेज भएको देखिन्छ ।562

### ७.२.२.१९ अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत, २०६२

अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत भएको स्त्री अंश धनको ७ नं. को व्यवस्था **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १७ सँग बाझिएको हुनाले धारा ८८(१) बमोजिम बदर घोषित गरिपाऊँ भन्ने २०६२ सालको रिट नं. ११४ मा एकपटक आफूमा असीमित रूपमा निहीत सम्पत्तिको हकमा अधिकार प्राप्त भएपछि त्यो स्वास्नी मानिसको उक्त सम्पत्ति प्राप्त गर्ने व्यक्तिसँग विवाह भएका कारणले सीमित वा शर्तयुक्त हुन जाने स्थितिलाई बिडम्बना नै मान्नु पर्दछ भनिएको छ । आफ्नो हक पुग्ने सम्पत्तिको स्वामीले आफ्नो सम्पत्तिको कसैलाई कुनै व्यहोराले हक हस्तान्तरण गरेको कार्यले त्यस्तो व्यक्तिको विवाहको अधिकारलाई बेमनासिब रूपमा सङ्कुचन गर्न वा प्रतिवन्ध लगाउन मिल्दैन किनभने स्वास्नीमानिसको आफ्नो हक पुग्ने अरू कसैको हक नलाग्ने सम्पत्ति आफूखुसी प्रयोग गर्न पाउने स्वामित्वको अधिकार र विवाहको अधिकार दुई भिन्न र सार्थक अधिकारहरू हुन् । एउटा निर्वाध हकको प्रयोग गर्दा अर्को त्यस्तै हक अधिकारमा सङ्कुचन ल्याउने गरी बनेको कानुनलाई न्यायोचित र तर्कसङ्गत मान्न मिल्ने भएन । तसर्थ स्वास्नी मानिसले आफ्नो हक पुग्ने सम्पत्तिको हक हस्तान्तरण गरेको कार्यलाई निस्क्रिय पार्ने गरी निज स्वास्नी मानिसको त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिसँग पछि विवाह भएमा सदर नहुने भेदभावपूर्ण तथा स्वामित्वको अवधारणा विपरीतको व्यवस्था विवादित स्त्रीअंशधनको ७

562 **ऐजन**, पृ. १९-२८ ।

नं. ले गरेको देखिन आयो । अतः विवादित स्त्रीअंशधनको ७ नं. को व्यवस्था नेपाल पक्ष भएको माथि उल्लेखित अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रका व्यवस्थाहरू तथा स्वामित्व र सम्पत्तिसम्बन्धी अवधारणाको विपरीत हुनाको साथै **नेपाल अधिराज्यको संविधान, २०४७** मा व्यवस्थित समानताको हक समेतसँग बाझिन गई भेदभावपूर्ण रहेको देखिंदा स्त्री अंशधनको ७ नं.को उपरोक्त विवादित प्रावधान **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १ र धारा ८८(१) बमोजिम आजैका मितिबाट अमान्य र बदर घोषित हुनेछ भन्ने आदेश सर्वोच्च अदालतबाट भएको छ ।563

### ७.२.२.२० अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध नेपाली सेना, प्रधान कार्यालय, भद्रकालीसमेत भएको उत्प्रेषणसमेत, २०६३

अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध नेपाली सेना, प्रधान कार्यालय, भद्रकालीसमेत भएको उत्प्रेषणसमेतको २०६३ सालको रिट नं. ००००१ मा मा.न्या. अनुपराज शर्मा, मा.न्या. गौरी ढकाल र मा.न्या. ताहिर अलि अन्सारीको बेन्चले २०६५ साल साउन १६ गते **नेपाली सेना निवृत्तिभरण, उपादान तथा अन्य सुविधा नियमावली, २०५३** को नियम १० को प्रतिबन्धात्मक वाक्यांशमा रहेको छोरीको विवाह भए उप्रान्त निजले शैक्षिक वृत्ति वा भत्ता नपाउने भन्ने व्यवस्था बहुमतबाट अमान्य घोषित भएको छ ।564

### ७.२.२.२१ अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत

अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतको समानता हुने गरी व्यवस्था गरिपाऊँ भन्ने २०६३ सालको रिट नं. १३१मा मा.न्या. श्री अनुपराज शर्मा, मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र पवनकुमार ओझाको बेन्चले २०६३ साल मार्ग २८ गते **सामाजिक व्यवहार सुधार ऐन, २०३३** को दफा ४ को १,३ को दाइजो तिलक लिँदा-दिँदा सजाय हुने व्यवस्था भेदभावपूर्ण भएकाले अमान्य गरी

563 अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत, **नेपाल कानुन पत्रिका**,अङ्क ८, निर्णय नं. ७७४२, (काठमाडौं : सर्वोच्च अदालत, २०६३), पृ. ९७९ ।

564 लैङ्गिकन्यायसम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो २०६६,(काठमाडौं : राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६६) पृ.५३-६० ।

समानतामा आधारित व्यवस्था गर्नु भन्ने आदेश जारी गरी पाऊँ भन्ने रिटमा मन्त्रीपरिषद्का नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।565

### ७.२.२.२२ **जनहित संरक्षण मञ्च (प्रोपब्लिक) एवम् अधिवक्ता रमा पन्त खरेल विरुद्ध नेपाल सरकारसमेत, २०६३**

जनहीत संरक्षण मञ्च (प्रोपब्लिक) एवम् अधिवक्ता रमा पन्त खरेल विरुद्ध नेपाल सरकारसमेत भएको २०६३ सालको रिट नं. १२८ मा २०६३ साल माघ ११ गते बिहाबारी महलको २ नं. को देहाय ९ मा भएको कानुनी व्यवस्था बदर गरी बालबिवाहजस्तो सामाजिक कुरीतिलाई समाजबाटै उन्मूलन गर्न आवश्यक पर्ने निर्देशिका, नियमावली तथा कानुन बनाई प्रभावकारी कार्यान्वयन गरिपाऊँ भन्ने उक्त रिटमा बिहाबारी महलको २ नं. मा उल्लेखित संरक्षकको मञ्जुरी नभएमा २० वर्ष नपुगी विवाह गर्न नहुने भन्ने र सोही नं. को देहाय ९ मा १८ वर्ष उमेर पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ भन्ने कानुनी व्यवस्थाले विवाहका सन्दर्भमा पक्षले स्वतन्त्र सहमति जनाउने उमेरमा भिन्नता भएकेले ती कानुनहरूमा सामन्जस्यता ल्याउनु र बालबिवाहसमेत भैरहेको भन्ने देखिन आएको र बालबालिकाको सर्वतोमुखी हित हेर्ने कर्तव्य तोकेका पक्ष नै वालविवाह गर्न संलग्न भै सो कार्य गर्ने गराउने भएकाले वालविवाहका सम्बन्धमा सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरुरी भएको हुँदा तत्सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्नू गराउनू भनी सर्वोच्च अदालतले विपक्षीको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।566

### ७.२.२.२३ **इन्दिरा बस्नेत विरुद्ध नेपाल सरकारसमेत, २०६३**

इन्दिरा बस्नेत विरुद्ध नेपाल सरकारसमेत भएको २०६३ सालको रिट नं. ०४०२ मा २०६५ साल माघ २६ गते जबरजस्ती करणीजस्तो मुद्दामा दिइएको ३५ दिने हदम्याद थोरै भएकाले म्याद बढाइपाऊँ भन्ने रिटमा २०६१ सालको रिट नं. ३३९३ मा नै समय बढाउन निर्देशनात्मक आदेश जारी गरिसकेको भए पनि पुनः नेपाल सरकारको ध्यानाकर्षण गराउन सर्वोच्च अदालतले  निर्देशनात्मक आदेश  जारी गरेको छ ।567

### ७.२.२.२४ **अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६४**

---

565 अधिवक्ता मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत **नेपाल कानुन पत्रिका**, नि. सङ्ख्या ७७४२, अङ्क ८, (२०६३), पृ. ९७२ ।

566 ढुङ्गाना, श्रेष्ठ, गौतम र अरू (सम्पा.),**पूर्ववत्**,पादटिप्पणी सङ्ख्या ३,पृ. ६४ ।

567 **ऐजन**, पृ. १५४ ।

अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषण परमादेशको २०६४ सालको रिट नं. ००११ मा मा.न्या. अनुपराज शर्मा, मा.न्या. रामप्रसाद श्रेष्ठ र मा.न्या. गौरी ढकालको बेन्चले २०६५ साल भदौ २६ गते मुलुकी ऐन बिहाबारीको ९, ९(क) नं. को प्रावधानलाई CEDAW को प्रावधानसँग सामान्जस्य हुने गरी संशोधन गरी उपयुक्त कानुनी प्रबन्ध गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी गरेको छ ।568

**७.२.२.२५ ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकार समेत, २०६४**

ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकारसमेत भएको एसिड फ्याँकी गरिने अमानवीय क्रुर घरेलु हिंसासम्बन्धी अपराधमा आवश्यक नीति तथा कानुनमा भएको सजायँको व्यवस्था अपराधको मात्राको अनुपातमा पर्याप्त नहुँदा सो कानुनसमेत संशोधन गरिपाऊँ भन्ने २०६४ सालको रिट नं.WO-०४२४ मा विषयको गहनतालाई मनन गर्दै सो सम्बन्धमा आवश्यक सरसल्लाह निर्णयसम्बन्धी व्यवस्था गर्न सर्वोच्च अदालतले ४ सदस्यीय समिति गठन गरी सो चार सदस्यीय समितिले दिएको रायका आधारमा नेपाल सरकारले सो लागू गर्दै जानू भनी निर्देशनात्मक आदेश जारी गरेको पाइन्छ ।569

यसरीनयाँ मुलुकी ऐन २०२० मा एघारौँ संशोधन गरिएपछि पनि बाँकी भएका धेरै असमान कानुनहरूमा समान व्यवस्था गराउन अधिकार कर्मीहरूबाट समय समयमा रिटहरू दर्ता गरिएका छन् भने ती रिटहरूमा सर्वोच्च अदालतबाट पनि समानता कायम गर्ने आदेशहरू प्रस्तुत गरिएका छन् । त्यस्तै, कानुन नै नबनाइएका अर्थात् कानुन भए पनि अपुग भएका विषयहरूमा पनि सर्वोच्च अदालतले महिला मैत्री आदेशहरू गरेको छ । यसरी नै कार्यान्वयन हुन नसकेका विषयहरूमा पनि सर्वोच्च अदालतले पटकपटक कार्यान्वयन गर्न गराउन निर्देशनात्मक आदेशहरू गर्ने गरेको छ । यसबाट सवोच्च अदालतले महिलालाई अधिकार सम्पन्न बनाउने सम्बन्धमा ठूलो सहयोग गरेको स्पष्ट छ ।

**७.२.३ सर्वोच्च अदालतले नीतिगत व्यवस्थाका लागि जारी गरेका आदेशहरू**

---

568 सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसमेत,**नेपाल कानुन पत्रिका,**अङ्क ८, निर्णय नं. ७९९७, (काठमाडौं : सर्वोच्च अदालत, २०६५), पृ. ९१७ ।

569 ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकारसमेत, **नेपाल कानुन पत्रिका**,अङ्क १२, निर्णय नं. ८२८२, (काठमाडौं : सर्वोच्च अदालत, २०६६), पृ. २००१ ।

**महिलाविरुद्धका भेदभाव निर्मूल गर्ने महासन्धि**, १९७९ मा नेपालले हस्ताक्षर गरेपछि देशमा आएको प्रजातन्त्रको खुला समयको उपभोग गर्दै **नेपाल अधिराज्यको संविधान**, २०४७ र 'सिड' महासन्धिलाई आधार बनाएर सर्वोच्च अदालतमा धेरै थरीरिटहरू दायर गरिएका थिए । ती रिटहरूमा भएको सर्वोच्चको आदेशपछि **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन गरिएको थियो । यसपछि पनि समान हुन नसकेका कानुनहरू बदर गराउन पनि समयसमयमा धेरै रिटहरू दर्ता भइ रहेका थिए र भइरहेका पनि छन् । अनि सर्वोच्च अदालतले पनि ती रिटहरूमा आवश्यकताअनुसार महिलामैत्री आदेशहरू गर्दै आएको छ । यसरी आदेश गर्ने क्रममा सर्वोच्च अदालतले असमान कानुन बदर गर्ने, समान कानुन बनाउन निर्देशनात्मक आदेश जारी गर्नाका साथै नीतिगत व्यवस्थाहरू गर्न पनि आदेशहरू गरेर महिलालाई अधिकार प्रदान गर्न सहयोग गर्ने गरेको देखिन्छ । त्यस्ता नीतिगत व्यवस्थागर्न सर्वोच्च अदालतबाट गरिएका निर्देशनात्मक आदेशहरूको उदाहरणमा निम्न आदेशहरूलाई लिन सकिन्छ ।

### ७.२.३.१ **कविता पाँडेसमेत विरुद्ध नेपाल सरकारसमेत**, २०६५

विभिन्न अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरू र संविधानका विभिन्न धाराहरू समेत विपरीत महिला त्यसमा पनि ६० वर्ष उमेर पुगेका नपुगेका विधवा महिलाहरू बीच राज्यले सामाजिक सुरक्षा भत्तामा विभेद गरेकाले एकल महिला (विधवा) हरूलाई समान तथा सुलभ रूपमा विधवाभत्ता उपलब्ध गराइपाऊँ भन्दै आउने राष्ट्रिय जनगणनामा विधवा महिलाहरूको उमेर, जनसङ्ख्या, आर्थिक सामाजिक एवम् शैक्षिक अवस्था रवास्तविक तथ्याङ्क राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागबाट सङ्कलन गराइपाऊँ भन्ने कविता पाँडेसमेत विरुद्ध नेपाल सरकारसमेत भएको २०६५ सालको रिट नम्बर ०६५-WO-०३३७ मा सर्वोच्च अदालतले एकल महिला (विधवा) को प्रकृति एवम् उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थितिलाई हेर्दा उनीहरू बीच केवल उमेरको हद लगाई कसैलाई सामाजिक सुरक्षाबापत भत्ता उपलब्ध नगराउने कार्यलाई न्यायोचित रूपको मान्न नसकिने, राज्यको स्रोतसाधनले भ्याएसम्म एकल महिला (विधवा) को आयस्रोत, रोजगारी, निजको श्री सम्पत्ति, पतिको पेन्सन वा आफ्नो पेन्सन आदि विविध पक्षलाई विचार गरी एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्षभन्दा कम उमेरका एकल महिला (विधवा) लाई पनि सामाजिक सुरक्षाअन्तर्गत दिइने भत्ता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण गराउने

गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलगायतका विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने, एकल महिला (विधवा) को वास्तविक तथ्याङ्क सङ्कलन गरी उनीहरूको उमेर, जनसङ्ख्या, आर्थिक, सामाजिक एवम् शैक्षिक अवस्था र वास्तविक तथ्याङ्कको यकिन गर्दै उनीहरूको उत्थान र विकासका लागि आवश्यक कार्यक्रम र नीति बनाउन सहजता प्रदान गर्ने उद्देश्यले आउने राष्ट्रिय जनगणनामा उपर्युक्तबमोजिमको तथ्याङ्कसमेत सङ्कलन गर्नू-गराउनू भनी राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागको नाउँमा समेत निर्देशनात्मक आदेश जारी हुने फैसला सर्वोच्च अदालतले २०६६ साल फाल्गुण २६ गते गरेको छ ।[570] यसरी सर्वोच्च अदालतले नीतिगत व्यवस्था गर्न निर्देशनात्मक आदेश जारी गरेको छ ।

### ७.२.३.२ **विमला खड्कासमेत बिरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६५**

अपाङ्गता भएका महिलाहरूको प्रजनन् अधिकारको संरक्षण गरी आत्मसम्मानपूर्वक बाँच्न र सुखपूर्वक पारिवारिक जीवनयापनको प्रत्याभूत गर्न विशिष्टकृत सेवा उपलब्ध गराई पाऊँ भन्ने विमला खड्कासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको २०६५ सालको रिट नम्बर ०७४८ मा सर्वोच्च अदालतले फैसला गरेको छ । अपाङ्गताबाट पीडित महिला पुरुष र तेस्रो लिङ्गीहरू संविधानले दिएको मौलिक हक र महासन्धिले दिएको मानवअधिकार उपभोग गर्नबाट वञ्चित हुन नहुने र संविधानको व्यवस्था र महासन्धिको व्यवस्था क्रमशः लागू गर्दै जानुपर्ने सरकारको संवैधानिक कर्तव्य भएको हुँदा अब आउँदो आर्थिक वर्षदेखि अपाङ्ग महिलाहरूको स्वास्थ्यलाई विशेष ध्यान दिई अपाङ्ग व्यक्तिहरूका लागि अस्पताल, सार्वजनिक यातायात सम्पूर्ण सार्वजनिक स्थलहरूमा अपाङ्गहरूको सरल र सहज पहुँच हुन सक्ने गरी नीति कार्यक्रम बनाई रकम छुट्याई संविधान र महासन्धि क्रमशः लागू गर्न सर्वोच्च अदालतले २०६७ साल चैत्र २८ गते निर्देशनात्मक आदेश जारी गरेको छ ।[571]

यसरी सर्वोच्च अदालतले संविधान र महासन्धि क्रमशः लागू गर्दै जानु राज्यको दायित्व भएकाले सो लागू गर्न आवश्यक नीतिहरू बनाउनु आवश्यक भएको ठहर गरेर नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको देखिन्छ ।

---

५७० कविता पाँडेसमेत विरुद्ध नेपाल सरकारसमेत, **नेपाल कानुन पत्रिका**, निर्णय नम्बर ८४११, अङ्क ७,(काठमाडौँ : सर्वोच्च अदालत,२०६७), पृ. ११२८ ।

५७१ ढुङ्गाना, श्रेष्ठ र गौतम अरू (सम्पा.) **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या३,पृ. ४५८ ।

**७.२.३.३लक्ष्मीसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारसमेत,** २०६३

नयाँ मुलुकी ऐन २०२० मा भएको एघारौँ संशोधनले महिलाहरूलाई आफ्नो आवश्यकता र इच्छाअनुसार गर्भपतन गराउन सक्ने अधिकार प्रदान गरेको भएपनि सर्वसुलभ र पहुँचयोग्य गर्भपतनको सेवा उपलब्ध हुन नसकेकाले सबैका लागि सुनिश्चित सर्वसुलभ र पहुँचयोग्य गर्भपतनको सेवा सुनिश्चित गर्न र गर्भपतन सम्बन्धमा छुट्टै कानुन निर्माण गरी पाऊँ भनेर सर्वोच्च अदालतमा दर्ता गरिएको लक्ष्मीसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारसमेत भएको २०६३ सालको रिट नम्बर ०७५७ मा सर्वोच्च अदालतले निम्न निर्देशनात्मक आदेश जारी गरेको छ :

- गर्भपतनसम्बन्धी छुट्टै कानुन निर्माण गर्नु,
- शुल्कको विविधता हटाई शुल्कमा एकरूपता कायम गर्नु,
- गर्भपतनको सेवा लिएको व्यक्तिको परिचयात्मक अभिलेखको गोपनीयता कायम राख्नु,
- गर्भपतनसम्बन्धी नकारात्मक धारणा हटाई यस सेवाको सही र जिम्मेबार उपभोग गर्न सूचित गर्नु,
- सही सूचना तथा निश्चित कार्यक्रमसहित व्यापक रूपमा जनचेतना जगाउनु ।

प्रस्तुत आदेश पालना गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयलगायत निकायहरूलाई परमादेशको आदेश जारी गरेको छ । यति मात्र होइन प्रजनन् स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार र कानुनका व्यवस्थाहरू समेत समावेश गरी गर्भपतनसम्बन्धी छुट्टै र प्रभावकारी कानुन बनाउन जो चाहिने पहल गर्नु समेत भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र कानुन तथा न्याय मन्त्रालय समेत विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको फैसला सर्वोच्चले २०६६ साल जेठ ६ गते गरेको देखिन्छ ।572

**७.२.३.४ प्रकाशमणि शर्मा विरुद्ध गृह मन्त्रालयसमेत, २०६३**

५७२ लक्ष्मीसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारसमेत,**नेपाल कानुन पत्रिका**,निर्णय नम्बर ८४६४, अङ्क ९, (काठमाडौं : सर्वोच्च अदालत,२०६७), पृ. १५५१ ।

कारागारमा रहेका महिलाको प्रजनन अधिकार उपभोग गर्ने सम्बन्धमा कारागार ऐन, २०१९ को दफा १२(१) को व्यवस्था विभेदपूर्ण रहेकाले बदर गरी पाऊँ भन्ने प्रकाशमणि शर्मा विरुद्ध गृह मन्त्रालयसमेत भएको २०६३ सालको रिट नम्बर ००२८ मा सर्वोच्च अदालतले कारागारमा रहेका महिलाहरूको गर्भावस्थाको हेरचाह, बच्चा जन्मिने अवस्थाको स्वास्थ्यको सुरक्षाजस्ता स्वास्थ्यसम्बन्धी व्यवस्था अपर्याप्त रहेको देखिँदा र ती कुराहरू प्रयाप्त रूपमा पूरा हुनुपर्ने हुनाले राज्यले प्रदान गर्नुपर्ने गर्भवती महिला बन्दीहरू र स्तनपान गर्ने बच्चाहरूको स्वास्थ्य, पोषण र संरक्षणलगायत उपयुक्त सुविधाको व्यवस्था मिलाउन २०६५ साल जेठ २३ गते सर्वोच्च अदालतले नीति तथा कार्यक्रम बनाई लागू गर्नू भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।573 यसरी कारागारमा रहेका महिलाहरूको अधिकारको संरक्षण गर्न पनि सर्वोच्च अदालतले आदेशहरू गर्ने गरेको पाइन्छ ।

प्रजातान्त्रिक वातावरणमा अधिकारका लागि सर्वोच्च अदालत जान सक्ने क्षमता महिलाहरूलाई अझ भन्ने हो भने महिलावादी अधिकारकर्मीहरूलाई प्राप्त भएका कारण सर्वोच्चको ढोका ढक्ढकाउने र सर्वोच्च अदालतले पनि आवश्यकताअनुसार आदेश गर्ने भएकाले कानुन बनाउनु भन्ने आदेशसँगै नीतिहरू बनाउनू भन्ने पनि आदेश गर्ने गरेको पाइन्छ । कानुनको अधिनमा रहेर सुशासन चलाउने क्रममा नीतिगत व्यवस्था गरेर अघि बढ्न सके मात्र कानुनको पनि सही र शीघ्र कार्यान्वयन हुन सक्ने र हामीले सोचेजस्तो महिलाहरूले समान अधिकार प्राप्त गर्न सक्ने देखिन्छ ।

### ७.२.४ महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेशहरूको कार्यान्वयनको अवस्था

सर्वोच्च अदालतले महिलामाथि विभेद गर्ने कतिपय कानुनहरू बदर गर्ने आदेश गरेको छ, समान कानुन बनाउन निर्देशन दिएको छ र लागू गर्न नीति बनाउन पनि निर्देशनात्मक आदेशहरू गर्ने गरेको छ । यसरी हेर्दा  महिलाहरू अधिकार पाउन निकै नै सफल भएका रहेछन् भन्ने स्पष्ट देखिन्छ तर व्यवहारमा भने अझै महिलाहरू पीडित बन्दै अदालतको शरणमा जानुपरेको छ । 'महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेशहरूको कार्यान्वयनको अवस्था' भन्ने यस शीर्षकमा महिलाहरूलाई सर्वोच्च अदालतले प्रदान गरेका अधिकारहरू महिलाहरूले पाएका छन् कि छैनन् अर्थात् सर्वोच्च अदालतले गरेका फैसला र आदेशहरूको कार्यान्वयनको अवस्था कस्तो छ, भन्ने सन्दर्भलाई केलाइएको छ ।

५७३ प्रकाशमणि शर्मा विरुद्ध गृह मन्त्रालयसमेत, **नेपाल कानुन पत्रिका**,निर्णय नम्बर ७९५२, अङ्क ४,(काठमाडौँ : सर्वोच्च अदालत,२०६५), पृ. ४१२ ।

महिलाहरूले अधिकार प्राप्त गर्न सकून् भन्ने दृटिकोणले सर्वोच्च अदालतले कतिपय मुद्दामा आदेश जारी गर्दा नै समय तोकेर गर्ने गरेको छ । त्यस्ता समयसीमा तोकेर जारी गरिएका आदेशहरूको भने कार्यान्वयन राम्रोसँग भएको पाइन्छ र त्यस्ता आदेशहरू निम्नलिखित छन् :

७.२.४.१ **चन्द्रा बज्राचार्य विरुद्ध मन्त्रीपरिषद्को सचिवालय समेत,** २०५३

चन्द्रा बज्राचार्य निवेदक भएको रिटमा विपक्षी मन्त्रीपरिषद्को सचिवालयलाई २०५३ साल श्रावण ३ गते १ वर्षभित्र विधेयक पेस गर्नू भनी समय सीमा तोकिएको थियो । यहीँ समय तोकेकै कारण **नयाँ मुलुकी ऐन,** २०२० मा एघारौँ संशोधन हुन सकेको थियो ।574

७.२.४.२ **अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध मन्त्रीपरिषद्को सचिवालयसमेत,** २०५२

अधिवक्ता मीरा ढुङ्गाना निवेदक भएको उनको प्रथम रिटमापनि विपक्षी मन्त्रीपरिषद्को सचिवालयका नाममा २०५२ साल श्रावण १८ गते १ वर्षभित्र विधेयक प्रस्तुत गर्न आदेश गरेको थियो ।575

७.२.४.३ **ज्योति लम्साल विरुद्ध मन्त्रीपरिषद्को कार्यालयसमेत,** २०६२

अधिवक्ता ज्योति लम्साल पौडेल निवेदक भएको एसिड फ्याँक्नेहरूलाई कारवाही गर्नेसम्बन्धी रिटमा विपक्षी मन्त्रीपरिषद्को कार्यालयलाई २०६३ साल श्रावण २८ गते काम थालनी भएको ४ महिनाभित्र प्रतिवेदन पेस गर्नु भनेर समय तोकेर सर्वोच्च अदालतले आदेश गरेको थियो ।576

७.२.४.४ **अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध मन्त्रीपरिषद्को सचिवालयसमेत,** २०५२

अधिवक्ता सपना प्रधान मल्ल निवेदक भएको रिटमा विपक्षी मन्त्रीपरिषद्को सचिवालयलाई २०५२ साल मार्ग २५ गते १ वर्षभित्र विधेयक पेस गर्नू भनेर आदेश गरेको थियो ।577

574 चन्द्र बज्राचार्य विरुद्ध श्री ५ को सरकार, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ८, पृ. ७२७ ।

575 मीरा ढुङ्गाना र मीरा खनाल विरुद्ध, **पूर्ववत्,** पादटिप्पणी सङ्ख्या १० ।

576 ज्योति पौडेल विरुद्ध नेपाल सरकार, पादटिप्पणी सङ्ख्या ४२ ।

577 सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार, कानुन मन्त्रालयसमेत, **नेपाल कानुन पत्रिका,** अङ्क ६, (२०५२), पृ. ४६२ ।

यस्ता समय सीमा तोकिएका आदेशहरू र फैसलाहरू कार्यान्वयन भएका देखिएका छन् । यसको उदाहरणमा पैतृक सम्पत्तिसम्बन्धी अधिकार महिलाले पाएका छन् । मोहियानी हक, अपुतालीको हक, अपाङ्ग व्यक्तिलाई निःशुल्क शिक्षाको हक तथा प्रजनन् स्वास्थ्यसम्बन्धी महिलाको अधिकार महिलाहरूले प्राप्त गरेका छन् । यसरी नै बाल इजलासको गठन भएको छ । वादी समुदायको बालबालिकाको जन्मदर्ता हुने भएको छ । स्त्री अंशधनमा भएको भेदभावपूर्ण व्यवस्था हटाएको छ । महिलाहरूले पनि संरक्षक विना राहदानी पाउने भएका छन् । कार्यान्वयन भएका निम्न मुद्दालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) अधिवक्ता मीरा ढुङ्गाना निवेदक भएको रिटमा विपक्षी मन्त्रीपरिषद्को सचिवालयका नाममा २०५२ साल श्रावण १८ गते १ वर्षभित्र विधेयक प्रस्तुत गर्न आदेश जारी गरेको थियो । उक्त आदेश मुलुकी ऐनको एघारौँ संशोधन र लैङ्गिक समानता कायम गर्ने **केही नेपाल ऐन संशोधन गर्ने ऐन,** २०६३ बाट कार्यान्वयन भएको छ ।578

(ख) अधिवक्ता सपना प्रधान मल्ल निवेदक भएको रिटमा विपक्षी मन्त्रीपरिषद्को सचिवालयलाई २०५२ साल मार्ग २५ गते १ वर्षभित्र विधेयक पेस गर्नू भनेर आदेश गरेको थियो । उक्त आदेश **भूमिसम्बन्धी ऐनको दफा** २६(१) मा संशोधन गरिएपछि कार्यान्वयन भएको पाइन्छ ।

(ग) डा. चन्द्रा बज्राचार्य निवेदक भएको रिटमा विपक्षी मन्त्रीपरिषद्को सचिवालयलाई २०५३ साल श्रावण ३ गते १ वर्षभित्र विधेयक पेस गर्न समय तोकेको थियो । उक्त आदेश **मुलुकी ऐनको एघारौँ संशोधन** र **लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,** २०६३ बाट कार्यान्वयन भएको छ ।579

### ७.२.५ कार्यान्वयनमा कठिनाइ देखिएका सर्वोच्चका आदेशहरू

सर्वोच्च अदालतका कतिपय आदेशहरू कार्यान्वयन हुन सकेका छैनन् । कार्यान्वयन नहुनुमा कानुन नहुनु, नीतिगत व्यवस्था नहुनुसँगै कार्यान्वयनको अधिकार प्राप्त क्षेत्रहरू स्पष्ट नहुनु पनि रहेको पाइन्छ । त्यस्तै, समाजमा विद्यमान कुरीति उन्मूलन हुन नसक्नु,

---

५७८ एक्सन एड नेपाल, "लैङ्गिक न्यायका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयनको अवस्था". **अध्ययन प्रतिवेदन**. (काठमाडौँ : एक्सन एड नेपाल, २०६७),पृ. ४४ ।

५७९ **ऐजन**, पृ. ४५ ।

कार्यान्वयन गर्ने निकायले समयमा जबाफ नपठाउनु, मन्त्रालय थपघट भइरहनु, आदेश कार्यान्वयन गर्ने निकायहरू बीचमा नियमित सञ्चार नहुनु, स्थायी संयन्त्र र निर्देशिका नहुनु, अनुगमन संयन्त्र प्रभावकारी नहुनु आदि पनि आदेश कार्यान्वयन नहुनुका प्रमुख कारण बनेका छन् । अभ्र भन्ने हो भने ऐन, नियम, नीतिगत व्यवस्था र निर्णयहरूकोप्रभावकारी कार्यान्वयन हुन नसक्नु नै सबैभन्दा ठूलो समस्या हुन पुगेको छ । यसको उदाहरणमा निम्न कार्यान्वयन हुन नसकेका आदेशहरूलाई हेर्न सकिन्छ :

**७.२.५.१सामाजिक व्यवहार सुधार ऐन, २०३३ को व्यवस्था कडाइका साथ लागू गर्न गराउन आवश्यक कदम चाल्नु भन्ने सर्वोच्च अदालतको आदेश**

कानुन बन्ने तर लागू नहुने हो भने अर्थात् बनाइएका कानुनहरूको प्रयोग प्रभावकारी रूपबाट नहुने हो भने त्यस्तो कानुन व्यर्थ हुन गई त्यसले हासिल गर्न खोजेको सामाजिक व्यवहारका विकृति, विसङ्गति उन्मूलन नहुने हुँदा कानुनलाई जीवन्त राख्न कारवाहीका पक्षलाई सशक्त र चुस्त बनाई **सामाजिक व्यवहार सुधार ऐन,** २०३३ को व्यवस्था कडाइका साथ लागू गर्न गराउन आवश्यक कदम चाल्नु र यस दिशाबाट सामाजिक चेतना जगाउन सर्वसाधारणलाई यो ऐनको व्यवस्था जानकारी गराउन उत्प्रेरित गर्न आवश्यक कार्य गर्नू भनी गृहमन्त्रालयका नाममा जारी गरिएको आदेशको कार्यान्वयन भएको पाइँदैन । २०६३ साल वैशाख १ गते कार्यान्वयनका लागि लेखिपठाएकामा भए गरेका कामको विवरण गृह मन्त्रालयले दिए पनि व्यवहारमा भने आदेश कार्यान्वयन हुनसकेको छैन ।

**७.२.५.२ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरेअनुसारका वर्ग एवं व्यक्तिको संरक्षण एवं विकासका लागि आचार र कारणसहितको निश्चित मापदण्डसमेत तोकी १ वर्षभित्र आवश्यक कानुन निर्माणतर्फ आवश्यक व्यवस्था मिलाउनु भन्ने आदेश**

**नेपाल अधिराज्यको संविधान,** २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरेअनुसारका वर्ग एवं व्यक्तिको संरक्षण एवं विकासका लागि आचार र कारणसहितको निश्चित मापदण्डसमेत तोकी १ वर्षभित्र आवश्यक कानुन निर्माणतर्फ आवश्यक व्यवस्था मिलाउनु भनी २०६१ साल कार्तिक १३ गते मन्त्रीपरिषद् सचिवालयको नाममा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेकामा कार्यान्वयनका लागि सर्वोच्च अदालत निरीक्षण

तथा अनुगमन महाशाखाबाट २०६४ साल भाद्र ३१ गते लेखिपठाएकामा कानुनी व्यवस्थाका अभावका कारण कार्यान्वयन हुन सकेको छैन ।580

**७.२.५.३नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (४) र सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को उद्देश्य पूर्तिका लागि आवश्यकताअनुसार उपयुक्त कानुन निर्माण लगायतका अन्य आवश्यक व्यवस्था मिलाउने कारवाही गर्नू भन्ने आदेश**

छुवाछुत वा जातीय भेदभाव उन्मूलनसम्बन्धी राष्ट्रिय स्तरको सङ्घ संस्थासँग समेत आवश्यक छलफल र परामर्श गरी **नेपाल अधिराज्यकोसंविधान, २०४७**को धारा ११(४)र **सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५**को उद्देश्य पूर्तिका लागि आवश्यकताअनुसार उपयुक्त कानुन निर्माणलगायतका अन्य आवश्यक व्यवस्था मिलाउने कारवाही गर्नू भनी नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका नाममा सर्वोच्च अदालतले २०६२ साल असार ८ गते निर्देशनात्मक आदेश जारी गरेकामा उक्त आदेश कार्यान्वयनका लागि मिति २०६४ साल वैशाख २१ गते लेखिपठाएकामा हालसम्म कार्यान्वयन भएको पाइँदैन ।

**७.२.५.४ निर्देशनात्मक आदेशमा भएका कामहरू**

महिलावर्गमाथि बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्यको रोकथाम नियन्त्रण एवं सजायँ गर्ने प्रभावकारी ऐनको अभाव रहेकाले त्यस्तो प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक सचेतना अभिवृद्धि गरी रुढिवादी, अन्धविश्वासी र अज्ञानता हटाउने उद्देश्यले जागरण कार्यक्रमसमेत सञ्चालन गर्न गराउन अपरिहार्य हुन गएकाले सोसमेत गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेकामा निम्न कार्य भएको पाइन्छ :581

- उक्त आदेश कायान्वयन गर्नका लागि मिति २०६४ साल वैशाख २१ गते लेखिपठाएकामा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट समेत विभिन्न मन्त्रालयहरूमा पत्र लेखी कार्यलाई अघि बढाइसकेको,

---

५८० **ऐजन**, पृ. ५७।

581 एक्सन एड नेपाल,**पूर्ववत्,** पादटिप्पणी सङ्ख्या ५१,पृ. ५६ ।

- स्थानीय विकास मन्त्रालयबाट २०६४ श्रावण २३ गते सबै जिल्ला विकास समितिका कार्यालयहरूमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन परिपत्र भएको,

- कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको च.नं. ०५ २०६५ साल श्रावण १२ गतेको पत्रबाट **केही नेपाल कानुन संशोधन गर्ने ऐन,** २०६३ द्वारा आवश्यक कानुनी व्यवस्था गरिएको भन्ने जानकारी प्राप्त भएको,

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको च.नं. ११३, २०६५ साल श्रावण १४ गतेको पत्रबाट मुलुकी ऐन अदलको महलमा १०(ख) थप गरी दण्डनीय बनाइएको र चेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जानकारी प्राप्त भएको,

- नेपाल सरकारले सन् २०१०लाई लैङ्गिक हिंसाविरुद्ध वर्ष घोषितगरी **लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्य योजना,** २०१० बनाईलागू गरेको ।

उपर्युक्त कामहरू भए पनि यस्ता अमानवीय घटनाहरू घटिरहेका कारण प्रभावकारी कार्यान्वयन गर्न स्थानीय प्रशासन, प्रहरी, स्थानीय निकायहरू र सामाजिक कुरीतिजन्य हिंसाको अध्ययन तथा हिंसा नियन्त्रण गर्ने विधेयक मस्यौदा भएको तर ऐन बनी नसकेका कारण प्रभावकारी कार्यान्वयन भने हुन नसकेको भन्ने जवाफ दिने गरेको पनि बताइन्छ।582

यसरी हेर्दा सर्वोच्च अदालतले गरेका आदेशहरू कतिपय तुरुन्तै कार्यान्वयन भएर महिलालाई अधिकार दिन सफल भएका छन् भने कतिपय आदेशहरू विभिन्न कारणले कार्यान्वयन हुन नसकेर अल्झिरहेका पाइएका छन् ।

### ७.२.६ २०६३ **सालपछि आदेश गरिएका केही रिटहरू**

**अन्तरिम संविधान,** २०६३ जारी भैसकेको यस समयमा सर्वोच्च अदालतले राज्यले मात्र नभई राज्यका साथसाथै नागरिक समाज, गैर सरकारी सङ्घसंस्था सञ्चार क्षेत्र र समाजका हरेक सदस्यले आ-आफ्ना स्थानबाट इमानदार प्रयास गर्नुपर्ने भन्ने आदेश गरेको पाइन्छ । **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,** २०६४ अन्तर्गतको

५८२ **ऐजन।**

मुद्दामा प्रतिकूल बकपत्र गरेमा वा अदालतमा बोलाएका बखत उपस्थित नभएमा वा न्यायिक प्रक्रियालाई सहयोग नगरेमा कैद सजाय गर्ने गरी दफा १५(६) मा राखिएको व्यवस्था विभेदजन्य र अनुचित र अन्तरिम संविधानसँग प्रत्यक्ष बाझिएकाले उक्त दफा बदर घोषित गरी साक्षीको संरक्षण समेतका लागित्यस्तो व्यक्तिको सुरक्षा गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको देखिन्छ ।

### ७.२.६.१ **ज्योति लम्सालसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलयसमेत**

ज्योति लम्सालसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको **सामाजिक व्यवहार सुधार ऐन**, २०३३ को दफा ५(२) मा भएको व्यवस्था अमान्य र बदर घोषित गरिपाऊँ, मुलुकी ऐन स्त्री अंशधनको महलमा प्रदान गरिएको स्त्री अंशधनको अधिकारमा प्रतिकूल असर नपर्ने गरी उक्त महलको ४ नं. र ५ नं. लाई संशोधन गरिपाऊँ र साथै नेपालमा विद्यमान दाइजो प्रथाका कारणबाट महिलामाथि हुने गम्भीर र अमानवीय हिंसा अन्त्यका लागि आदेशहरू जारी गरिपाऊँ भन्ने २०६८ सालको रिट नं. ०६८ र ००४२ मा २०६९ साल भाद्र ७ गते सर्वोच्च अदालतले यसका लागि राज्यका साथसाथै नागरिक समाज, गैर सरकारी सङ्घसंस्था सञ्चार क्षेत्र र समाजका हरेक सदस्यले आआफ्ना स्थानबाट इमानदार प्रयास गर्नुपर्ने भनेको छ ।[583]

### ७.२.६.२ **मीरा ढुङ्गाना समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत**

मीरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको एउटै **सरकारवादी मुद्दासम्बन्धी ऐन**, २०४९ अन्तर्गत चल्ने मुद्दामा पीडित साक्षीलाई अनुचित रूपमा वर्गीकरण गरी अन्य मुद्दामा भन्दा **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन**, २०६४ अन्तर्गतको मुद्दामा प्रतिकूल बकपत्र गरेमा वा अदालतमा बोलाएका बखत उपस्थित नभएमा वा न्यायिक प्रक्रियालाई सहयोग नगरेमा कैदसजायँ गर्ने गरी दफा १५(६) मा राखिएको व्यवस्था विभेदजन्य र अनुचित र अन्तरिम संविधानसँग प्रत्यक्ष बाझिएकाले उक्त दफा बदर घोषित गरी साक्षीको संरक्षण समेतका लागि आदेश गरिपाऊँ भन्ने २०६८ सालको रिट नं. ००४६ मा २०७० साल वैशाख १९

583 **नेपाल कानुन पत्रिका**, २०६९, अङ्क ९, निर्णय नं. ८८८३, पृ. १३१५ ।

गते सर्वोच्च अदालतले त्यस्तो व्यक्तिको सुरक्षा गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।584

## ७.३ निष्कर्ष

अन्तर्राष्ट्रिय जगतमै पछाडि परेका महिलाहरूको अवस्थाकमजोर भएका बेलानेपालमा प्रजातन्त्र आउनु अघि नेपाली महिलाहरूको अवस्था दयनीय हुनु त स्वाभाविकै हो । २००७ सालमा प्रजातन्त्र आएको धेरै पछिसम्म पनि नेपाली महिलाहरूले लेखेको निवेदनसम्म पनि मान्य हुँदैनथ्यो भनेयसभन्दा अगाडि झन् कस्तो अधिकार महिलाहरूले पाएका थिए होलान् ? प्रजातन्त्र आइसकेपछि प्रथम कानुन व्यवसायी महिला शान्तिदेवी क्षेत्राणीको प्रयासबाट सर्वोच्च अदालतका प्रथम प्रधान न्यायाधीश हरिप्रसाद प्रधानको आदेशले महिलाले लेखेको निवेदन सदर हुने अधिकार महिलाले प्राप्त गरेका थिए । यस्तो अवस्थामा नेपालमा बनाइएका ऐन कानुनहरूमा महिलाअधिकारका प्रावधान नपाइनु स्वाभाविक नै मान्न सकिन्छ । प्रथम **मुलुकी ऐन**, १९१०,**वैधानिक कानुन** २००४ र **अन्तरिम शासन विधान**, २००७ त प्रजातन्त्र आउनु पूर्वका कानुन भएकाले महिलाअधिकारका सन्दर्भमा ती कानुनहरू मौन रहनुलाई स्वाभाविक नै मान्नुपर्ने हुन्छ तर २००७ सालमा प्रजातन्त्र आएपछि जारी भएका **नेपाल अधिराज्यको संविधान**, २०१५, **नेपालको संविधान**, २०१९ र **नयाँ मुलुकी ऐन**, २०२० ले पनि महिलालाई अधिकार दिने सन्दर्भमा गम्भीरतापूर्वक सोचेको नपाइनु, र असमान व्यवस्था गरेको पाइनुले २००७ सालमा वास्तविक प्रजातन्त्र त देशमा आएकै रहेनछ भन्ने स्पष्ट रूपमा प्रमाणित गरिदिएको छ । २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप जारी हुन पुगेको **नेपाल अधिराज्यको संविधान**, २०४७ मा भने केही मात्रामा भए पनि प्रजातन्त्र आएको सङ्केतस्वरूप विगतका संविधानभन्दा फरक रूपमा केही समानताको प्रावधान उल्लेख गरिएको पाइन्छ । **नेपाल अधिराज्यको संविधान**, २०४७ जारी भएपछि नैअर्थात् २०४८ (१९९१) सालमा नेपालले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ मा हस्ताक्षर गरेको थियो । यसरी नेपालले एकातिर १७१ राष्ट्रसँगै यो महासन्धिलाई अनुमोदन गरेको थियो भने अर्कोतिर यस संविधानको धारा १२६ को भावनाअनुकूल **नेपाल सन्धि ऐन**, २०४७ जारी पनि गरेको थियो । यस सन्धि ऐनको धारा ९

584 ढुङ्गाना, श्रेष्ठ र गौतम अरू (सम्पा.) **पूर्ववत्**, पादटिप्पणी सङ्ख्या ३, पृ. २३० ।

मा सन्धि व्यवस्था कानुनसरह लागू हुनेछ भनिएको पाइन्छ । त्यतिमात्र होइन यस सन्धि ऐनको उपदफा १ मा संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै पनि सन्धि महासन्धि आदिको पालना गर्नु राज्यको दायित्व हुन पुगेको कुरा उल्लेख गरिएको पाइन्छ । देशमा प्रजातन्त्र आएकै कारण यसलाई एक महिनापछि नै संसदबाट समेत अनुमोदन गरिएको थियो । प्रजातन्त्र आएपछिको संविधान अर्थात् **नेपाल अधिराज्यको संविधान**, २०४७ को धारा १ ले स्पष्ट रूपमा संविधानसँग बाझिएका अन्य कानुनहरू बाझिएको हदसम्म स्वतः बदर हुने कुरा एकातिर उल्लेख गरेको थियो भने धारा ११ ले समानताको विषयमा उल्लेख गर्नाका साथै उपधारा ३ को समेत थप व्यवस्था गरेर महिला मैत्री बनाउन खोजेको थियो । यसपछि महिलाअधिकारका सवालमा **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौं संशोधन क्रान्तिकारी रूपमा गरियो भने जनआन्दोलन-२२०६२/६३ को सफलतापछि २०६३ सालमा महिलाअधिकार लिएर **अन्तरिम संविधान**, २०६३ जारी गरियो । यहाँ महिलालाई २०६३ सालको संविधानले दिएका अधिकारसम्म उल्लेख गरिएको छ । हालवर्तमान संविधान २०७२ साल असोज ३ गते संविधान सभाले सबैलाई अधिकारसम्पन्न बनाउने भन्दै **नेपालको संविधान**, २०७२ पनि जारी गरिसकेको छ । तर यहाँ शोधप्रवन्धको सीमा २०६३ सम्म भएका कारण २०७२ को संविधानले प्रदान गरेको अधिकारलाई यहाँ चर्चा गरिएको छैन ।

यस परिच्छेदको अध्ययनले नयाँ कानुन बनाउन र ऐनहरूको कार्यान्वयन गराउन पनि सर्वोच्च अदालतको आदेशले अर्थात् नजीरहरूले ठूलो भूमिका खेलेको रहेछ भन्ने स्पष्ट पारेको छ ।

## आठौँ परिच्छेद

# सारांश, निष्कर्ष तथा सुझाव

## ८.१ सारांश

प्रस्तुत “महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार” शीर्षकको शोधप्रबन्धलाई ८ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधप्रस्ताव राखिएको छ भने दोस्रो परिच्छेदमा पूर्वकार्यको समीक्षा राखिएको छ । तेस्रो परिच्छेदमा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन, नारीवादको उदय र विकास तथा यसको नेपालमा प्रभावका बारेमा चर्चा छ । चौथो परिच्छेदमा संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू र यसले नेपालको आन्दोलनमा पारेको प्रभावका बारेमा उल्लेख गरिएको छ भने पाचौँ परिच्छेदमा नेपालमा भएका महिलाआन्दोलनहरूको चर्चा गरिएको छ । छैटौँ परिच्छेदमा महिलाहरूले प्राप्त गरेका अधिकारहरूलाई कसरी कानुनमा व्यवस्थित गरिएको छ भन्ने उल्लेख गर्दै महिलालाई अधिकार प्रदान गर्ने सम्बन्धमा सरकारले गरेका नीतिगत व्यवस्थाहरूका बारेमा पनि उल्लेख गरिएको छ । सातौँ परिच्छेदमा असमान कानुन बदरको माग गर्दै दर्ता गरिएका रिटहरूमा सर्वोच्च अदालतबाट गरिएका परमादेशहरू, आदेशहरू र निर्देशात्मक आदेशहरूका बारेमा चर्चा गरिएको छ । यस्ता आदेशहरूलाई असमान कानुनहरू बदर गर्न गरेको आदेश, नीतिहरू निर्माण गर्न गरेको यसरी नै अन्तिम तथा आठौँ परिच्छेदमा सारांश, निष्कर्ष तथा सुझाव राखिएको छ ।

पहिलो परिच्छेदमा शोधविषयको समस्या, उद्देश्यहरू र शोधपद्धतिबारे जानकारी गराइएको छ र यसमा शोधपत्रको रूपरेखा पनि प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा पूर्वकार्यको समीक्षामा महिलाआन्दोलन तथा महिलाअधिकारका बारे लेखिएका पुस्तकहरू, महिलाहरूको अधिकारबारे लेखिएका लेखहरू, नेपाल बार एशोसिएसनबाट प्रकाशित हुने पत्रिकाहरू र कानुनव्यवसायी क्लबले प्रकाशन गरेका कानुनका पुस्तकहरू तथा पत्रिकाहरूलाई समावेश गरिएको छ । त्यस्तै, यहाँ एकाई बारहरूबाट प्रकाशित स्मारिकाहरूलाई पनि समेटिएको छ । यसरी नै कानुनी परामर्श केन्द्र (ल्याक) ले प्रकाशन गरेका ल्याक लेन्सहरू, एक्सन एड नेपालका प्रतिवेदनहरू, नेपाल बारले प्रत्येक ३/३ वर्षमा सम्पन्न गर्ने राष्ट्रिय सम्मेलनहरूमा प्रस्तुत गरेका घोषणापत्रहरू र नेपाल बारले जारी गरेका घोषणापत्रहरूको पनि यस शोधप्रबन्धमा अध्ययन गरिएको छ । यसरी नै महिला

कानुन व्यवसायीहरूले महिलाअधिकारका बारेमा प्रत्येक वर्ष सम्पन्न गर्ने गरेको राष्ट्रिय सम्मेलनहरूमा प्रस्तुत कार्यपत्रहरू र घोषणापत्रहरूले महिलाअधिकारका लागि गरेका प्रयासहरूबारे उल्लेख गरिएको छ ।

यसरी नै नेपाल बारका परियोजनाहरूले गरेका महिलासम्बन्धी कार्यलाई पनि यहाँ स्थान दिइएको छ । यसको उदाहरणमा कानुनी सहायता परियोजनाले गरेका कामहरू र ने.बा.ए. (Nepal Bar Association), सी.बी.ए. (Canadian Bar Association) र डी.डी.एन. (Democratic development of Nepal) परियोजनाले गरेका कामहरूलाई लिन सकिन्छ । सर्वोच्च अदालत बार महिला केन्द्रले समय-समयमा गर्दै आएको अन्तर्क्रिया, विचार गोष्ठीजस्ता कार्यक्रमबाट प्राप्त सामग्रीलाई पनि यहाँ प्रयोग गरिएको छ । त्यस्तै संस्थागत रूपमा विभिन्न पार्टीहरूले महिलाअधिकारका लागि गरेका प्रयासहरू उल्लेख गर्ने क्रममा नेपाल महिला सङ्घ, अ.ने.म. सङ्घ, महिला दवाव समूह, अन्तर पार्टी. महिला सञ्जाललगायत कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) र महिला न्याय र विकास मञ्चलगायत अन्य संस्थाहरूबाट भए गरेका कामहरूलाई पनि यहाँ समेटिएको छ । यसरी नै प्राचीन समयदेखि महिलाहरूलाई प्राप्त अधिकारको खोजी गर्ने क्रममा पुराना हिन्दूग्रन्थमा लेखिएका पुस्तकहरू पनि प्रस्तुत गरिएको छ । त्यस्तै, यस शोधप्रबन्धमा प्रथम लिखित कानुन १९१० कोमुलुकी ऐन, प्रथम संविधान **वैधानिक कानुन**, २००४, **अन्तरिम शासन विधान**, २००७ ,**नेपाल अधिराज्यको संविधान**, २०१५, **नेपालको संविधान**, २०१९, **नेपाल अधिराज्यको संविधान**, २०४७, **नेपालको अन्तरिम संविधान**, २०६३ सम्मको अध्ययन गरिएको छ ।

यिनै प्रारम्भदेखि २०६३ सालसम्म जारी गरिएका ऐनहरूमा सुक्ष्म रूपले महिलालाई प्रदान गरिएका अधिकारहरू केलाउँदै कुनकुन ऐनले महिलाहरूलाई कस्ताकस्ता अधिकारहरू दिएका रहेछन् त भनेर अध्ययन गर्ने क्रममा **मुलुकी ऐन**, १९१०, **नयाँ मुलुकी ऐन**, २०२० का साथै **सैनिक ऐन**, २०१६, **नेपाल नागरिकता ऐन**, २०२०, **भूमिसम्बन्धी ऐन–**२०२१, **बोनस ऐन**, २०३०, **व्यक्तिगत घटना दर्ता ऐन**, २०३३, **सामाजिक व्यवहार सुधार ऐन**, २०३३, **वैदेशिक रोजगार ऐन**, २०४२ र **घरेलु हिंसा (कसूर र सजाय) ऐन**, २०६६ को यहाँ अध्ययन गरिएको छ ।

यस शोधप्रबन्धको तेस्रो परिच्छेदको शीर्षक "अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन" रहेको छ । यस परिच्छेदमा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, जर्मनी, जापान, फ्रान्स, भारत, चीनलगायतका देशमा गरिएका महिलाआन्दोलनहरूका

बारेमा उल्लेख गर्दै नारीवादका बारेमा पनि चर्चा गरिएको छ । महिलाहरूलाई कसरी दबाउन सकिन्छ भनेर अनेक प्रकारका रुढिवादी परम्पराको जञ्जिरले बाँध्ने काम नेपालमा मात्र गर्ने गरेको होइन रहेछ भन्ने निष्कर्ष यस परिच्छेदको अध्ययनले देखाएको छ । यसको उदाहरणमा चीनको गोडा बाँध्ने पर्व (Foot Binding Ceremony) र अमेरिकाको लामो स्कर्ट र अप्ठ्यारो जुत्ता लाउनुपर्ने प्रचलन र नेपालको छाउपडी, बादीजस्ता परम्परालाई लिन सकिन्छ । अनेकौँ प्रथा र परम्पराका नामले महिलालाई बाँध्ने र राम्रा कुरा सोच्न नसक्ने बनाउने पुरुषवादीहरूको षडयन्त्रका बारेमा पनि यस परिच्छेदमा चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा दोस्रो विश्व युद्धपछि संयुक्त राष्ट्रसङ्घको स्थापना भएको र यसले महिलाअधिकारका लागि गरेको प्रयासका साथै यसले नेपालको आन्दोलनमा पारेको प्रभाव बारे पनि उल्लेख गरिएको छ । यस परिच्छेदमा महिलालाई अधिकार दिने सम्बन्धमा सम्पन्न भएका अन्तर्राष्ट्रिय महिलासम्मेलनहरू, महिलालाई अधिकार दिने सन्धिहरू र **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ का बारेमा विश्लेषण गरिएको छ । **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ का बारेमा विस्तृत रूपमा चर्चा गर्दै यसले नेपालमा महिलाअधिकार स्थापना गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय जगतले गरेका कामहरूको नेपालमा के-कस्तो प्रभाव परेको रहेछ भन्ने सम्बन्धमा अध्ययन गर्दै विश्वमहिलाआन्दोलनसँगै कसरी नेपालको महिलाआन्दोलन अगाडि बढेको रहेछ भन्नेबारेमा पनि यहाँ स्पष्ट उल्लेख गरिएको छ ।

पाचौँ परिच्छेदमा नेपालमा भएका महिलाआन्दोलनका बारेमा चर्चा गरिएको छ । १९७४ सालमा चन्द्रशमशेरका समयमा चन्द्रशमशेरकै रानीलाई अध्यक्ष बनाएर खोलिएको महिलासमितिदेखि महिलाहरूले समूहगत रूपमा काम गर्न थालेका प्रसङ्गहरू यहाँ उल्लेख गरिएका छन् । महिलाहरूद्वारा खोलिएको श्री ३ चन्द्रशमशेरको महारानी बालकुमारी अध्यक्ष र दिव्या कोइराला सचिव भएको प्रथम संस्था अर्थात् प्रथम महिला समितिले घुँगट प्रथाको विरोध गर्दै महिलाजागरणका कामहरू तथा महिलालाई सीप तालिम सञ्चालन गर्ने कामहरू गर्न थालेको देखिन्छ भने महिलालाई दुखः दिने प्रथा परम्परा, विकृति विसङ्गतिका विरोधमा आवाज उठाउनेजस्ता कामहरू पनि गरेको देखिन्छ । चन्द्रशमशेरकै समयमा जीवकुमारी गौतमले आफ्ना नन्द र आमाजू आगलागीमा पर्दा उनीहरूलाई पुरुषले नबचाएका कारण अकालमा मर्नुपरेको र अनमेल विवाह गर्ने अनि लोग्ने मरेपछि पिटेर

कुटेर सती पठाउने प्रथाको विरोध गर्दै चन्द्रशमशेरलाई "कस्ता अन्यायी महाराज हौ तिमी" भन्दै पत्र लेखेपछि सती प्रथा हटाएको महत्त्वपूर्ण घटना यहाँ उल्लेख गरिएको छ । योगमाया न्यौपानेजस्ता क्रान्तिकारी महिलाले काठमाडौँ आएर जुद्धशमशेरलाई भेटेर धर्मराज्यको माग गरेको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । धेरै कुरीतिहरूको विरोध गर्दै धर्मराज्य कायम गर्न खोज्दा नसकेको र राजनीतिबाट मात्र सम्भव हुने रहेछ भनेर श्री ३ सँग माग्दा पनि नपाएपछि आन्दोलनकै रूपमा आगो बालेर संयुक्त आत्मदाह गर्न खोज्दा प्रथमपटक महिलाको नेतृत्वमा भएको आन्दोलन दबाउन राणा सरकारलाई धरपकड गर्नु परेको र प्रथमपटक महिलाहरू जेल परेको अनि जेलभित्र विद्रोह गरेको प्रसङ्ग यस परिच्छेदमा उल्लेख छ । पछि सन्तका रूपमा रहेकी क्रान्तिकारी योगमायाको नेतृत्वमा ४८ जना महिलासहित ६८ जनाको समूहले एकैपटक जलसमाधि लिएर आन्दोलनलाई उत्कर्षमा पुऱ्याएको घटना पनि यहाँ उल्लेख गरिएको छ । त्यस्तै, २००४ सालमा सुखसयलमा बसेकी बडाकाजीकी बुहारी काठमाडौँ निवासी मङ्गलादेवीले महिलाहरूको विकासका लागि महिलाहरूकै संस्था हुनुपर्ने सोचेर छलफल गरी महिलासङ्घ गठन गरेको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । त्यस्तै मङ्गला देवीले महिलाहरूको नेतृत्व गर्दै धेरै जनाको प्रतिनिधि मण्डल गएर श्री ३ पद्मशमशेरलाई भेटेर पढ्नका लागि स्कूलको व्यवस्था र मताधिकारको माग गरेकोजस्ता साहसी घटनाहरूपनि यहाँ उल्लेख छ । महिलाको नाम नै उल्लेख नगर्ने, महिलाले गरेको काम नै नदेख्ने पुरुषवादी समाजमा यातना पाउँदापाउँदै पनि सङ्घर्ष गर्ने महिलाहरूका बारेमा चर्चा गर्दै महिलाआन्दोलनको ९० वर्षको अवधिलाई यस परिच्छेदमा क्रमैसँग चर्चा गरिएको छ । अनेकौँ अप्ठ्याराहरूलाई सहँदै साथीहरूलाई समेटेर मङ्गला देवीलगायत महिलाहरूले २००४ सालमा खोलेको नेपाल महिला सङ्घको स्थापनादेखि कै चर्चा यहाँ गरिएको छ । त्यस्तै प्रजातन्त्र आएपछि महिला सङ्घभित्र भएको मतविभेद र २००८ सालमा कामाक्षादेवीको नेतृत्वमा खोलिएको प्रगतिशील महिलासङ्घ लगायत खुला वातावरणमा खोलिएका धेरै थरीका महिला सङ्घहरूको उल्लेख यहाँ गरिएको छ । प्रजातन्त्र ल्याउने क्रममा २००७ साल अगाडि र २०१७ साल पछाडि गरिएका आन्दोलनहरूका बारेमा पनि यस परिच्छेदमा उल्लेख गरिएको छ । यस परिच्छेदमा देशमा पटकपटक भएका आन्दोलनहरूका बारेमा उल्लेख गर्दै र त्यसमा महिलाहरूको भूमिका अर्थात् योगदानका बारेमा चर्चा गर्दै उनीहरूले प्राप्त गरेका उपलब्धिहरू खोज्ने प्रयास गरिएको छ । प्रारम्भमा राणाहरूको ज्यादतिबाट दिक्क भएर राणाशासन हटाएर देशमा प्रजातन्त्र ल्याउन

महिलाहरूले पुरुषहरूसँगै आन्दोलन गरेको र पछि २०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्थालाई हटाएर निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछि पञ्चायती व्यवस्था हटाएर प्रजातन्त्रको पुनर्स्थापनाका लागि महिलाहरूले पुऱ्याएको योगदानको चर्चा यस परिच्छेदमा गरिएको छ । पञ्चायती व्यवस्थाको विरोधमा विभिन्न पार्टीहरूले देशका विभिन्न स्थानहरूमा गरेका आन्दोलनहरूका बारेमा उल्लेख गर्दै जनमत सङ्ग्रहको घोषणा गराउने २०३५ र २०३६ सालको आन्दोलन, २०४२ सालको सत्याग्रह, .२०४६ सालको जनआन्दोलनका बारेमा पनि यस परिच्छेदमा उल्लेख गरिएको छ । २०४६ सालको जनआन्दोलनको सफलतापछि देशमा पुनः प्रजातन्त्र आएको र प्रजातान्त्रिक वातावरणमा **नेपाल अधिराज्यको संविधान, २०४७** समानताको धारालगायत महिलाका हकमा पनि विशेष व्यवस्था गर्न सकिने धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांश लिएर जारी भएको कुरा पनि यस परिच्छेदमा उल्लेख गरिएको छ । नेपालले धेरै सन्धि महासन्धिमा हस्ताक्षर गरेसँगै **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, १९७९** मा हस्ताक्षर गरेपछि साँच्चै नेपाल समान कानुनी व्यवस्था गर्न अर्थात् असमान कानुन बदर गर्न बाध्य भएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।

यसरी यस परिच्छेदमा जनआन्दोलनबाट संसदीय व्यवस्था लागू भएपछि महिलालाई समान अधिकार प्रदान गर्न असमान कानुनहरू बदर गर्दै समान कानुन निर्माण गर्न शान्तिपूर्ण तरिकाबाट सडकदेखि सदनसम्म गरिएका धर्ना, बन्द, हडताल, गोष्ठी, सम्मेलन आदिका बारेमा चर्चा गरिएको छ भने अर्कोतिर सशस्त्र युद्धका रूपमा महिलाका अधिकार स्थापनाका लागि १० वर्ष सञ्चालित माओवादी युद्धका समयमा महिलाहरूले गरेको त्याग र वलिदानका बारेमा उल्लेख गरिएको छ । देशमा सङ्गघीय गणतन्त्र स्थापना गर्न सत्ता नै परिवर्तनको माग राखेर गरिएको जनयुद्धका माओवादीहरू र राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि संसद पुनर्स्थापनाका लागि आन्दोलनमा लागेका संसदीय दलहरूबीच १२ बुँदे समझदारी भएपछि २०६२ सालमा सम्पन्न संयुक्त जनआन्दोलन २ सफलताको परिणाम प्रत्येक संरचनामा ३३ प्रतिशत महिला सहभागी गराउनु पर्ने, प्रजनन स्वास्थ्यको पूर्ण अधिकार महिलालाई दिनुपर्ने, सम्पत्तिमा समान अधिकार हुनुपर्नेजस्ता व्यवस्था प्राप्त गर्न महिलाहरू सफल भएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।यसरी राज्यमाथि समानता कायम गर्ने दायित्व सिर्जना भए पनि सो बमोजिम समानता कायम नभइरहेको अवस्थामा कानुनका विद्यार्थी र अधिकारकर्मीहरूबाट सर्वोच्च अदालतमा रिटहरू दर्ता गरिएको र ती

रिटहरूमा सर्वोच्च अदालतले नीति नियम बनाउने, असमान कानुन बदर गर्ने, समान कानुन बनाउन समयसमयमा निर्देशनात्मक आदेश जारी गर्ने जस्ता कार्यहरू गरेर सर्वोच्च अदालतले महिलालाई अधिकार दिने सम्बन्धमा खोलेको भूमिकाका बारेमा यस शोधप्रबन्धमा उल्लेख गरिएको छ ।

यसरी महिलाहरूले अधिकारका लागि गरेको आन्दोलनसँगै कानुन परिवर्तन र नयाँ कानुन निर्माण र कानुनमा प्रदत्त अधिकारहरूको कार्यान्वयन गराउँदै महिलाअधिकार स्थापना गर्न सर्वोच्च अदालतलाई समयसमयमा आदेश गर्न बाध्य गराउन अभियानको रूपमा नै रिटहरू दर्ता एकातिर गरिएको र अर्कोतिर सशस्त्र द्वन्द्वको कठिन बाटो अपनाएर अधिकार प्राप्त गर्न सफल बन्दै गएको सत्य पनि यहाँ उल्लेख गरिएको छ ।

छैटौँ परिच्छेदमा नेपालको कानुनले दिएका महिलाअधिकारहरूका बारेमा एकातिर उल्लेख गरिएको छ भने अर्कोतिर महिलालाई अधिकार दिन सरकारका तर्फबाट गरिएका नीतिगत व्यवस्थाहरूको चर्चा गरिएको छ । लिखित कानुन नै नभएका समयमा महिलामाथि पुरुषप्रधान समाज र परिवारले वस्तुका रूपमा प्रयोग गर्ने गरेको, महिलाहरू मानवका रूपमा नै नहेरेको केवल पुरुषहरूको दासीका रूपमा व्यवहार गर्ने गरेको सन्दर्भलाई यस परिच्छेदमा चर्चा गरिएको छ । प्रथम लिखित कानुन १९१० को मुलुकी ऐन लगायत प्रथम संविधान **वैधानिक कानुन**, २००४ **अन्तरिम शासन विधान**, २००७, **नेपाल अधिराज्यको संविधान**, २०१५, **नेपालको संविधान**, २०१९, **नयाँ मुलुकी ऐन**, २०२०, **नेपाल अधिराज्यको संविधान**, २०४७ र **नेपालको अन्तरिम संविधान**, २०६३ सम्मले महिलाका हकअधिकारका सम्बन्धमा गरेका व्यवस्थाका बारेमा यस शोधप्रबन्धमा उल्लेख गरिएको छ । यतिमात्र नभई महिलामाथि अन्यायपूर्ण व्यवहार गर्ने अन्य ऐनहरूलाई पनि यस परिच्छेदमा स्थान दिइएको छ । त्यस्तै, आठौँ परिच्छेदमा नै महिलाहरूलाई अधिकार दिने सम्बन्धमा सरकारले अपनाएका नीतिगत व्यवस्थाहरूका बारेमा पनि उल्लेख गरिएको छ । कानुन बनाइए पनि सरकारले सो कानुन लागू गर्ने नीति आफ्ना योजनाहरूमा नल्याएसम्म राम्ररी लागू नहुने भएकाले सरकारले गरेका नीतिगत निर्णयहरू साह्रै अर्थपूर्ण हुने भएकाले यहाँ प्रथम पञ्चवर्षीय योजनाको समय अर्थात् २०१३-२०१८ सम्मको समयमा महिलाका सम्बन्धमा सरकारले कस्तो व्यवस्था गरेको थियो र दोस्रो त्रीवर्षीय, तेस्रो पञ्चवर्षीय, चौथो पञ्चवर्षीय,

छैटौँ पञ्चवर्षीय र सातौँ पञ्चवर्षीय योजनामा कस्ताकस्ता महिलालाई अधिकार दिने नीतिहरू बनाइएका थिए भन्ने बारेमा उल्लेख गरिएको छ । त्यस्तै,यहाँ  सातौँ योजनापछि देशमा पुनः प्रजातन्त्र आएको र समानता कायम गर्न कटिबद्ध **महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि,** १९७९ मा पनि नेपालले हस्ताक्षर गरेको हुनाले यस अवधिपछि भने बेजिङ्ग महिलासम्मेलनले पारित गरेका १२ वटा प्रस्थान बिन्दुका बुँदाहरू, बेजिङ्ग महिलासम्मेलनले तोकेको महिला र गरिबी, महिला शिक्षा र तालिम अनि महिला र स्वास्थ्य, महिलाविरुद्ध हिंसा महिला र शसस्त्र विद्रोहमहिला र अर्थतन्त्र, नीति निर्माणमा महिलालगायत महिला विकासका लागि संस्थागत् संरचना, महिला र मानवअधिकार, महिला र सञ्चार, महिला र वातावरण, अनि बालिका गरेर १२ ओटा प्रस्थान विन्दुहरूमा आधारित भएर यहाँ अध्ययन गरिएको छ । यसरी सबै विषयसँग महिलालाई जोडेर बनाइएको प्रस्थान विन्दुमा भोलिका महिला बालिकाहरूलाई पनि समावेश गरेर पूर्णता दिइएको पाइन्छ । त्यसैले यस परिच्छेदमा पनि प्रजातन्त्रपछाडि भएका नीतिगत व्यवस्थाहरूलाई यिनै १२ ओटा बेजिङ्ग सम्मेलनले तय गरेका प्रस्थान बिन्दुहरूलाई आधार मानेर यस परिच्छेदमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस छैटौँ परिच्छेदमा कानुन र नीतिहरूका बारेमा पनि उल्लेख गरिएको छ ।

सातौँ परिच्छेदमा भने २०४७ सालपछिको समयमा आन्दोलन गर्ने तरिकामा भिन्नता आएका कारण सर्वोच्च अदालतमा अधिकारकर्मीहरूबाट रिटहरू दर्ता गरिएको र ती रिटहरूमा सर्वोच्च अदालतले जारी गरेका निर्देशनात्मक आदेशहरूका बारेमा क्रमैसँग चर्चा गरिएको छ । यसपछि यस परिच्छेदमा सर्वोच्चले आदेश गरे पनि कार्यान्वयनका लागि प्रक्रिया सुरु नभएका रिटहरू र प्रक्रिया सुरु भए पनि व्यवहारमा लागू हुन नसकेका सर्वोच्च अदालतका आदेशहरूका बारेमा पनि उल्लेख गरिएको छ ।त्यस्तै, सर्वोच्च अदालतबाट महिलालाई असमान व्यवहार गर्ने कानुनी व्यवस्था बदर गरेको फैसलाहरूका बारेमा पनि यहाँ उल्लेख गरिएको छ ।

यसरी तेस्रो परिच्छेददेखि सातौँ परिच्छेदसम्ममा महिलाआन्दोलनको परिणामस्वरूप महिलाहरूले बिस्तारैबिस्तारै अधिकार प्राप्त गर्दै गएको सन्दर्भलाई यस शोधप्रबन्धले छर्लङ्ग पार्ने प्रयास गरेको छ ।

लैङ्गिक विभेदकारी (masculine) सोचले जकडिएको यस जगत्मा सबैतिर प्रायः महिलालाई हेर्ने दृष्टिकोण विभेदित रहेको र अनवरत आन्दोलनको परिणामस्वरूप केही अधिकार करबलले दिएपछि प्राप्त हुने गरेको अवस्था नेपालमा मात्र नभएर सर्वत्र देखिएको छ।

सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि बल्ल महिलाअधिकार स्थापना गर्ने क्रममा अन्तर्राष्ट्रियजगत्मा संस्थागत प्रयास हुन थालेको प्रसङ्ग पनि यहाँ उल्लेख छ। यहीँ संस्थागत प्रयासको फलस्वरूप सन् १९७९ मा **महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि**, १९७९ जारी गरिएको र त्यसमा हस्ताक्षर गर्ने सदस्य राज्यहरूलाई त्यसको पालना गर्दै देशमा समानता कायम गर्न बाध्य गराएको देखिन्छ। हाम्रो देशले पनि सन् १९९१ अर्थात २०४८ सालमा यस महासन्धिमा हस्ताक्षर गरेकै कारण कानुनमा केही समान अधिकार प्राप्त गर्न महिलाहरू सफल भएका छन्। त्यस्तै ढिलै भएपनि कानुनमा भएका अधिकारहरूलाई व्यवहारमा प्राप्त गर्न पनि महिलाहरू सफल हुँदै गएका छन्। पूर्ण रूपमा कानुन कार्यान्वयन नभइरहेको अवस्था हेर्दा त अहिले पनि पुरुषवादी सोचको अवशेष बाँकी नै रहेको छ भन्न करै लाग्छ। जे होस्, आज महिलाहरू पुरुषसरह अधिकार लिन क्रमशः सक्षम हुँदै गइरहेका छन्। यसको प्रमाणमा २०६३ सालमा जारी गरिएको **नेपालको अन्तरिम संविधान**, **२०६३** लाई लिन सकिन्छ। १९७४ सालबाट सुरु भएको महिलाहरूको अथक प्रयत्नबाट २०६३ सालमा झन्डै ९० वर्षपछि २०६२ सालमा गरिएको जनआन्दोलन २ को परिणामस्वरूप जारी गरिएको **नेपालको अन्तरिम संविधान २०६३** ले महिलाहरूलाई अधिकार दिएको छ।

यसको प्रस्तावनामा नै नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उद्घोष गरिएको छ भने देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने सङ्कल्प पनि गरिएको छ भने यसले निम्न अधिकार महिलाहरूका लागि प्रदान गरेको छ :

(१) महिलाहकलाई मौलिक हकका रूपमा समावेश गरिएको,

(२) सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलालगायत दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भनिएको,

(३) संवैधानिक उपचारको हक प्रचलनका लागि सर्वोच्च अदालमा रिट निवेदन दिन पाउने व्यवस्था गरेको,

(४) आमामात्र नेपाली नागरिक रहिछिन् भने पनि त्यस्तो व्यक्तिलाई नेपालको नागरिकता प्राप्त गर्न सक्ने अधिकार प्रदान गरेको,

(५) राजनीतिक दलमा उम्मेदबार हुने र समानुपातिक प्रतिनिधित्वको हक कायम गरेको र प्रत्यक्षतर्फ दिइने उम्मेदबारमा समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्या जोडेर न्यूनतम एकतिहाई उम्मेदवारी दिनुपर्ने स्पष्ट व्यवस्था गरेको,

(६) लैङ्गिक रूपमा समावेश गर्न बन्देज लगाएको दललाई निर्वाचन आयोगले दर्ता गर्ने छैन भनेर महिलाको सदस्य बन्न पाउने हकलाई सुनिश्चित गरेको,

(७) समानुपातिक समावेशीका आधारमा सहभागी गराउने विषय राज्यको दायित्वमा नै उल्लेख गरिएको,

(८) महिलावर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति रहेको,

(९) संविधान सभामा न्युनतम एकतिहाइ उम्मदेबारी महिलालाई दिनुपर्ने व्यवस्था गरेको,

(१०) आयोगहरूमा महिला सदस्य हुनैपर्ने व्यवस्था गरेको,

(११) राजनीतिक दलको कार्यकारिणी समितिहरूमा महिलासमेत रहने समावेशी व्यवस्था हुनुपर्ने, नभए राजनीतिक दलहरूको नाम निर्वाचन आयोगको सूचीबाट हटाइने व्यवस्था गरेको,

(१२) राष्ट्रिय महिला आयोगको संवैधानिक व्यवस्था गरेको ।

यसरी **नेपालको संविधान, २०६३** ले केही थप अधिकारहरूको व्यवस्था गरेर महिलाहरूलाई अधिकार सम्पन्न बनाउँदै समानतातर्फ लैजाने प्रयास गर्दै आएको देखिन्छ । यसरी हेर्दै जाँदा ९९ वर्षको अवधिमा नेपालको सङ्घर्षका अनेकौं चरणहरू पार गर्दै आएको नेपालको संविधान, २०७२ ले नेपाली महिलाहरूलाई धेरै अधिकारहरू प्रदान गर्न सफल भएको

छ । अबका दिनमा ठगेर, भुक्याएर, फकाएर र धम्काएर महिलालाई पछाडि पार्ने सोचको अवश्य नै अन्त हुनेछ भन्ने स्पष्ट भएको छ ।

## ८.२ निष्कर्ष

"नेपालमा महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार" शीर्षकमा गरिएको यस शोधप्रबन्धले पारम्भमा सबै ठाउँका महिलाको अवस्था उस्तै भएको अनि उनीहरूलाई हेर्ने पुरुषहरूको दृष्टिकोणमा पनि खासै अन्तर नभएको निष्कर्ष निकालेको छ । पुरुषहरूको निर्णय र निर्देशनमा महिलाहरूले चाल्नु पर्ने सामाजिक बनावट पुरुषहरू स्वयंले नै बनाएका थिए । जन्म दिने आमा महिला तथा जीवनभर साथ दिने साथी अर्थात् पत्नी महिला हुँदाहुँदै पनि त्यही महिलालाई नियन्त्रणमा राख्न पुरुषहरूद्वारा बनाइएको सामाजिक, पारिवारिक, सांस्कृतिक बन्धनले र कानुनले महिलालाई घरको न माइतीको बनाइदिएको थियो । उनीहरू अक्षमताले होइन क्षमता हुँदाहुँदै पनि घेराभित्र थुनिन पुगेका थिए । यस्तो अवस्था विश्वभरिका महिलाका लागि उस्तै थियो । यस्तो अवस्थाको विरोध विश्वभरका चेतनशील महिलाहरूले आआफ्ना स्थानबाट गर्न थाले र महिलाहरूले आन्दोलनमा नै उत्रिनु पऱ्यो । ठूलो आन्दोलनको नतिजा थोरै प्राप्त हुँदा पनि सफलता मान्दै अघि बढ्न महिला विवश भए । दोस्रो विश्वयुद्धपछि भने संयुक्त राष्ट्रसङ्घ मानवअधिकारको संरक्षण गर्न खोज्दै थियो भने विभेदमा परेका महिलाहरूका लागि पनि अधिकार कसरी दिन सकिन्छ भनेर पहल सुरु गर्न थालेको थियो । यसपछि बल्ल महिलाहरूलाई पनि अधिकार दिइनुपर्छ भन्ने विचारले अझ अङ्कुरित हुने मौका पायो । फलस्वरूप आजको अधिकारहरू प्राप्त गर्न महिलाहरू सफल भएका छन् । महिलाहरूले गरेको आन्दोलन र तिनले पाएको अधिकारलाई बुँदागत रूपमा निम्नबमोजिम प्रस्तुत गरिएको छ :

(क) महिलाहरूले समान अधिकार प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय जगतमा ठूलो सङ्घर्ष गर्नु परेको देखिन्छ । अनेकौं सङ्घ संस्थाहरू स्थापना गरेर तिनको नेतृत्वमा कतै सङ्घर्ष गरिएका छन् भने कतै व्यक्तिगत तवरबाट अधिकार प्राप्त गर्न आ-आफ्ना क्षमताअनुसार पहल गरिएका छन् । २००७ सालभन्दा अगाडि अन्तर्राष्ट्रिय जगतमा भएको आन्दोलनको प्रभाव नेपालमा खासै नपरेको भए पनि २००७ सालपछि अर्थात् २०१२ सालमा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य भएपछि भने विशेष प्रभाव पर्ने

क्रम सुरुभएको पाइन्छ । २०१७ सालमा प्रजातन्त्रको हरण राजाबाट भएपछि पञ्चायती व्यवस्थामा नयाँ मुलुकी ऐन ल्याएर सुधार गर्न खोजिएको थियो भने **महिलाविरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्यगर्ने महासन्धि**, १९७९ जारी भएको समयमा मुलुकी ऐनमा छैटौँ संशोधन गरेर महिलालाई सुविधा दिने केही व्यवस्था गरिएको थियो । उक्त महासन्धिमा हस्ताक्षर गरेपछि असमान कानुन खारेज गर्न रिटहरू सर्वोच्चमा दर्ता गर्ने क्रम बढ्यो भने सर्वोच्चकै आदेशको परिणामपछि एघारौँ संशोधन पनि भयो । यसले नेपालमा महिलाअधिकारका प्रावधान कानुनमा ल्याइनुमा विश्वजगत्को प्रभाव रहेको थियो भन्ने स्पष्ट भएको छ ।

(ख) विश्वजगत्को प्रत्यक्ष प्रभाव पर्नुभन्दा धेरै अगाडिदेखि नै नेपालमा महिलाहरू अधिकारका लागि सङ्गठित भएर आवाज उठाउन थालेका थिए । पुरुषहरूले नै सङ्गठित भएर काम गर्न नसक्ने राणाकालीन समयमा नेपाली महिलाहरूले प्रथम महिला समिति १९७४ सालमा बालकुमारीको अध्यक्षतामा खोलिएको थियो । दिव्या कोइराला सचिव भएको यस समितिले महिलामा चेतना जगाउने काम सुरु गरेको पाइनुले नेपाली महिलाहरू अरूको प्रभावबाट अधिकारका लागि उठेका होइनन् भन्ने स्पष्ट गरेको छ । त्यस्तै, पूर्वी नेपालकी योगमाया न्यौपानेले महिलालाई अधिकार दिइनु पर्छ तथा सती प्रथा बन्द गर्नुपर्छ भन्ने जस्ता माग राखेर सुधारको आरम्भ गर्न खोजेकी थिइन् । श्री ३ जुद्धशमशेरसँग ४५ वटा मागसहित धर्मराज्यको माग राख्न उनीहरूसहितको प्रतिनिधि मण्डल भोजपुर मझुवाबाट पैदल काठमाडौँ आएको थियो । माग पूरा गर्ने आश्वासन पाए पनि सो नभएकाले सामूहिक अग्निदाह गर्ने घोषणापछि सम्पूर्ण अनुयायीसमेत उनी पक्राउ परेकी थिइन् । प्रथमपटक महिलाको नेतृत्वमा सामूहिक जेल चलान भएको घटना आन्दोलनको उग्र रूप थियो भने पछि २० जना पुरषसहित ६४ जनाले एकै पटक असार ठूलो एकादशीका दिन अरुण नदीमा हामफालेर संयुक्त जल समाधि लिई देह त्याग गरेको घटना विश्वकै महिलाआन्दोलनबीच उत्कृष्ट हुनपुगेको छ । त्यस्तै तानाशाही राणा सरकार चन्द्र शमशेरलाई सतीप्रथा बन्द गर्न प्रेरणा दिने पत्र लेख्न सक्ने जीवकुमारी गौतमको हिम्मत र साहसले नेपाली महिलाहरू बुद्धि र आँट केहीमा पनि कम नभएको स्पष्ट

पारेको छ । त्यस्तै, मङ्गला देवीको महिलाका लागि महिलाहरूले नै सोच्नु पर्ने रहेछ भन्दै महिलासङ्घ खोलेर पहिलो निर्णय नै श्री३ पद्मशमशेरकहाँ शिक्षा र मताधिकार माग्न प्रतिनिधि मण्डल नै लिएर गएको क्षमताले पनि नेपाली महिलाहरूको हिम्मत र शक्तिलाई प्रमाणित गरेको छ । यसरी नै निरन्तर रूपमा अधिकारका लागि लडेका नेपाली महिलाहरूले माओवादी सशस्त्र जनयुद्धको समयमा देखाएको हिम्मत र साहसले त विश्व जगतका महिलाआन्दोलनलाई समेत हाँक दिएको छ ।

(ग) नेपाली महिलाहरूले नेपालमा गरेको आन्दोलन र संयुक्त राष्ट्रसङ्घले महिलाका लागि समान कानुन बनाउन गरेको प्रयास दुवैको परिणामस्वरूप समान रूपमा अधिकार पाउन महिला सफल बन्दै गएका छन् । सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषदले महिलासम्बन्धी आयोगको स्थापना गरेपछि सन् १९४६ जुन २१ मा महिलाको स्थिति विषयक आयोग (Commission on the Status of Women) गठन गरेर महिलाका लागि एकातिर काम गर्दै थियो भने अर्कोतिर महिलाविरुद्धको हिंसा, **अपराध र वेश्यावृत्तिलाई निषेध गर्ने महासन्धि,** १९४९, **महिला र पुरुषलाई ज्यालामा भेदभाव नगर्ने महासन्धि,** १९५१, **विवाहित महिलाको राष्ट्रियतासम्बन्धी महासन्धि,** १९५७ जस्ता महिलामुखी महासन्धिहरू जारी गर्दै थियो । सन् १९६३ मा सम्पन्न संयुक्त राष्ट्रसङ्घको साधारणा सभाले महिलाउपर हुने सबै भेदभावको अन्त्य गर्ने घोषणापत्रको मस्यौदा तयार पानै आह्वान गरेनुसार सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले घोषणा जारी पनि गऱ्यो । घोषणापत्र कानुनसरह बाध्यात्मक नभई केवल निर्देशनात्मक मात्र हुने भएकाले तात्कालीन महासचिवले सोसम्बन्धी कानुन नै मस्यौदा गर्न Commission on the Status of the Women लाई सन् १९७२ मा जिम्मा दिएको, अनि सोहीबमोजिम सन् १९७५ मा मस्यौदा तयार भएको थियो । यही वर्ष अर्थात् सन् १९७५ लाई नारीवर्ष घोषणा गर्नु, सन् १९७५ देखि १९८५ सम्मको दश वर्षलाई महिला दशक मान्न, सन् १९७५ मा नै प्रथम महिलासम्मेलन मेक्सीको सिटीमा आयोजना गरिनुले संयुक्त राष्ट्रसङ्घले महिलालाई अधिकार दिने सम्बन्धमा जागरुकता देखाएको स्पष्ट भएको छ । यसको पुष्टि विश्व महिलासम्मेलनको

आयोजना निरन्तर रूपमा सन् १९८० मा दोस्रो सम्मेलन कोपेनहेगनमा, तेस्रो सम्मेलन १९८५ मा नैरोबीमा र चौथो विश्व सम्मेलन सन् १९९५ मा बेजिङमा सम्पन्न गर्नुले गरेको छ । पहिलाका सम्मेलनमा गरिएका विषयमा पछिल्ला सम्मेलनमा पुनरावलोकन गर्नेजस्ता कामले संयुक्त राष्ट्रसङ्घको कामलाई अर्थपूर्ण बनाएको छ । सो कुराको पुष्टि नैरोवी अग्रदर्शी रणनीतिको उद्देश्य कतिसम्म प्राप्त हुन सक्यो भन्ने बारेमा गरिएको मूल्याङ्कनले र जनाइएको प्रतिबद्धताले सो कुराको पुष्टि गरेको छ ।

(घ) नेपालमा २०४६ सालको आन्दोलनपछि प्रजातन्त्र पुनः प्राप्त भएपछि जारी गरिएको संविधान **नेपाल अधिराज्यको संविधान**, २०४७ ले महिलाका सम्बन्धमा गरेको व्यवस्था र प्रजातान्त्रिक वातावरणमा सन् १९९१ मा **Convention on Elimination of All forms of Discrimination Against Women, १९७९** अर्थात् **CEDAW** महासन्धिमा हस्ताक्षर गरेका कारण नेपालबाट धेरै महिलाहरूले बेजिङमा सम्पन्न चौथो विश्व महिलासम्मेलनमा उपस्थित हुने अवसर पाएका थिए । यहाँ बेजिङ घोषणापत्र, बेजिङ कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू, दस्तावेजहरू र रणनीतिक लक्ष्य पनि प्रस्तुत गरिएको थियो । १८९ राष्ट्रसँगै पारित गरेका विषयहरू आफ्नो देशमा लागु गर्नु प्रत्येक सदस्य राज्यसँगै नेपालको पनि दायित्व भएकाले नै नेपाल सरकारले समयसमयमा नयाँनयाँ कार्य योजनाहरू, नीतिगत व्यवस्थाहरू, नयाँ कानुन निर्माण गर्नाका साथै ऐन कानुनमा संशोधन गर्दै महिला मैत्री व्यवहार गर्ने गरेको छ । सोहीअनुरूप **नेपालको अन्तरिम संविधान**, **२०६३ र नेपालको संविधान**, **२०७२** समेत महिलाअधिकार लिएर आएको छ ।

(ङ) नेपालमा २०४६ सालको आन्दोलनपछि प्रजातन्त्र पुनः प्राप्त भएपछि जारी गरिएको संविधान **नेपाल अधिराज्यको संविधान**, २०४७ र **Convention on Elimination of All forms of Discrimination Against Women, १९७९** लाई आधार मानेर सडक र सदन दुवैतिरबाट समान अधिकारका लागि नेपाली महिलाहरूले बुलन्द रूपमा आवाज उठाएका थिए । यसरी हेर्दा व्यक्तिगत र संस्थागत रूपमा गरिएको प्रयासले नेपाली महिलाहरूले अधिकार पाउन सकेका हुन् भन्न सजिलै सकिन्छ ।

(च) अधिकारकर्मी महिलाहरू र महिलावादीहरूले सर्वोच्च अदालतमा असमान कानुन बदरका लागि दर्ता गरिएका रिटहरूमा आदेश जारी गरेर महिलाहरूलाई अधिकार प्रदान गरेको छ । सर्वोच्च अदालतकै आदेशका कारण **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ सशोधन महिलालाई अधिकार दिने सम्बन्धमा क्रान्तिकारी संशोधन गरिएको थियो । यति मात्र होइन सर्वोच्च अदालतको आदेशकै कारण महिलामाथि असमान व्यवहार गर्ने धेरै कानुनहरू बदर भएका छन् । नयाँ नीति, नियम र कानुन बनाउन आदेश जारी गरेको छ । चेतना जगाउन समिति गठन गरी कार्य गर्न आदेश दिएको छ । यति मात्र होइन महिलालाई अधिकार दिन गरिएका आदेशहरू कार्यान्वयन नगरिएको अवस्थामा पालना गर्न समेत एकातिर आदेश गरेको छ भने नीति, नियम र निर्देशिकाहरू बनाउन समेत सुझाव दिने गरेको छ । अर्वोच्च अदालतले आदेश दिएकै कारण आज महिलाहरू परपुरुष त के आफ्नै पतिबाट हुने बलात्कारबाट पनि सुरक्षित हुन सक्ने भएका छन् ।

(छ) २०६२ सालमा भएको संयुक्त जनआन्दोलनको परिणामस्वरूप **नेपालको अन्तरिम संविधान**, २०६३ महिलाका धेरै अधिकार लिएर आएको छ । १२ वर्षे सशस्त्र माओवादी युद्धमा नेपाली महिलाहरूले अधिकारका लागि आमूल परिवर्तन गर्नुपर्ने आवाज उठाउँदै ठूलो सङ्घर्ष गरेका थिए । २०६२ सालमा राजा ज्ञानेन्द्रले संसद विघटन गरेपछि संसद पुनर्स्थापनाको माग लिएर आन्दोलनमा उत्रिएका ७ दल बीच १२ बुँदे समझदारी भएको थियो । गणतन्त्र र संघीय राज्य बटम लाइन मान्ने माओवादीहरू र संसदीय व्यवस्था मान्ने संसदवादीहरू बीचको १२ बुँदे समझदारीपछि संयुक्त आन्दोलन २०६२ चैत्र २४ गतेबाट चर्किएको थियो । यसैको परिणाम १९ दिनको भिषण आन्दोलनपछि राजा ज्ञानेन्द्र संसद पुर्नस्थापना गर्न बाध्य भएका थिए । संसद पुनःस्थापित त भयो तर गणतन्त्र स्थापना गर्दै पहिलो वैठकले नै राजतन्त्रको अन्त गरिदियो भने महिलालाई अधिकार दिने समेत घोषणा गरियो । यसै घोषणा समेतलाई आधार मानेर **नेपालको अन्तरिम संविधान**, २०६३ महिलाअधिकार भन्ने धारा २० लिएर आएको छ । महिला हिसा मुक्त गर्न २०६४ सालमा घरेलु हिंसा नियन्त्रण ऐन ल्याएको छ ।

यसरी महिलाहरू सङ्घर्ष गरेर धेरै अधिकार प्राप्त गर्न सफल भएका छन् । कानुनका धेरै असमान व्यवस्था बदर गरिएको छ भने समान कानुन धमाधम जारी गरिएका छन् । यसरी समान कानुन बनाउन विश्वजगत्ले दिएको दबाबसँगै अधिकारकर्मीहरू र सरकारी प्रतिनिधिहरूलगायत सरकारले नै पनि प्रयास गरेको पाइए पनि बनाइएका कानुनहरूको एकातिर कार्यान्वयन हुनसकेको छैन भने आफूले नै बनाएका नीति, नियम र कानुनहरू पालना नगरेर व्यवहार एकातिर असमान नै भैरहेको छ भने अर्कोतिर संविधानले लैङ्गिक समानता नै भने पनि समान अधिकार दिएको छैन । यसको उदाहरणमा नेपाली महिलाले सन्तान र पतिलाई नागरिकता दिलाउनुमा भएको असमान प्रावधानलाई लिन सकिन्छ ।

## ८.३ सुझाव (Recommendation)

असमान कानुन बदर गर्दै समान कानुन बनाइसकिएको अनि ३३ प्रतिशत महिला सहभागिता हरेक संरचनामा गराउनु पर्ने भन्ने व्यवस्था भैसकेको अवस्थामा पनि संविधान र कानुनले गरेको व्यवस्थाअनुसार कार्यान्वयन हुन नसकिरहेको अवस्थाले असमानतालाई हटाउँदै समानता लागू गर्न लैङ्गिक विभेदकारी सोचमा नै परिवर्तन आउनु पर्ने र सो परिवर्तन नभएसम्म पूर्ण समानता हुन नसक्ने देखिन्छ । यसैले महिलाअधिकार प्राप्त गर्नका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) वर्तमान अवस्थामा देखिएको कानुनले तोकेको प्रावधान पालना गर्नसमेत आनाकानी गर्ने गरेको अवस्थाले महिलाहरूले पूर्ण समानताका लागि अन्तिम सङ्घर्ष गर्न बाँकी नै रहेको ठहर गरेको छ भने सङ्घ संस्थाहरू, महिलाअधिकार कर्मीहरू, महिलावादी पुरुष तथा महिलाहरू र मानवअधिकार कर्मीहरू सबैलाई एकै थलो र एकै सोचमा रहेर समान अधिकारका लागि आवाज उठाउनु आवश्यक छ ।

(ख) सबै राजनैतिक दलहरूले आआफ्ना दलहरूमा स्थानीय तह, प्रदेश तह र केन्द्रीय तह सबैमा महिलालाई दिइनुपर्छ भनेर तोकिएको सङ्ख्या इमान्दारीपूर्वक पूरा गर्नका लागि सबै सचेत हुनुपर्छ ।

(ग) महिलाहरू कमजोर छैनन् तर उनीहरूलाई पुरुषत्व र लैङ्गिक विभेदकारी सोचले अवसर नदिएका कारण त्यस्ता सोचहरू आएकाले सो हटाउन स्कूल, कलेज र विश्वविद्यालयहरू सबैले पहल गर्नुपर्छ ।

(घ) उचित स्थानमा उचित र योग्य महिलालाई स्थान दिइनु पर्छ ।

(ङ) कानुनले प्रदान गरेका अधिकारहरू महिलाहरूले उपभोग गर्न पाउनु पर्ने वातावरण निर्माण गर्न सरकारलगायत सबैले पहल गर्नुपर्छ र कानुन नमान्नेलाई सजायँको व्यवस्था हुनु पर्छ ।

(च) राज्यले कागजमा दिएको अधिकार मात्र व्यवहारमा उतार्न सकेमात्र पनि महिलाहरू धेरै लाभान्वित हुने थिए । त्यसैले व्यावहारिक समानताको प्रत्याभूति राज्यले नै दिनु पर्छ । न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका सबैमा तोकिएबमोजिम स्थान महिलाहरूलाई अनिवार्य दिइनु पर्छ ।

(छ) असमान कानुन बदर नगरिए, कानुनले दिइसकेका अधिकारहरू व्यवहारमा लागू नगरिए, क्षमता होइन चाकडीमा नियुक्ति गर्ने परम्परा रहिरहे पुनः महिलाहरू एकै ठाउँमा आएर महिलाअधिकारका लागि आन्दोलन गर्नुपर्छ ।

(ज) महिलाहरूलाई कमजोर बनाउने सामाजिक संरचना, प्रथा र परम्पराहरूको सबै मिलेर अन्त्य गर्नुपर्छ ।

(झ) महिला विरोधी धर्म, संस्कृति र चाडपर्वहरूलाई महिलामैत्री बनाउनु पर्छ ।

## सन्दर्भग्रन्थ–सूची

**नेपाली पुस्तक**


इन्सेक (२०५३). *राजनीतिक महिला परिचय.* काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

उपाध्याय, श्रीरामप्रसाद (२०५५) *नेपालको समीक्षात्मक इतिहास.* ललितपुर : साझा प्रकाशन ।

कँडेल, देवीप्रसाद (२००५). *प्रपर्टी राइट्स अफ विमन इन नेपाल.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

के.सी, विजया श्रेष्ठ (२०७१). "स्व. मङ्गलादेवी सिंहको संक्षिप्त परिचय." *मङ्गला माँ.* विजया श्रेष्ठ (के.सी.) (सम्पा.), काठमाडौँ धापासी : नेपाल महिला सङ्घ ।

के.सी., सुरेन्द्र (२०६०). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३). *जेल जर्नल.* चौ.सं., काठमाडौँ : जगदम्बा प्रकाशन ।

कौण्डिन्न्यायन, आमोदवर्धन (२०६३). *वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार.* ललितपुर : साझा प्रकाशन ।

तिम्सिना, मातृका (२०७०). *नेपाली सन्त परम्परामा योगमाया र सर्वार्थ योगवाणी.* काठमाडौँ : पैरवी प्रकाशन ।

तुम्बाहाङ्फे, शिवमाया (२०६६). *नेपालमा महिला आन्दोलन.* दो.सं., विराटनगर : वाणी प्रकाशन ।

थापा, कृष्णबहादुर (ई. १९८५). *विमन एन्ड सोसल चेन्ज इन नेपाल.* काठमाडौँ : श्रीमती अम्बिका थापा ।

नेपाली, चित्तरञ्जन (२०६०). *जनरल भीमसेन थापा र तात्कालीन नेपाल.* पा.सं., काठमाडौँ: रत्न पुस्तक भण्डार ।

पाँडे, रामकुमार (२०५०). *विश्व परिचय.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पाण्डे, चपला (२०४७). "नारीहरूको अवैध व्यापारको रोकथाम सम्बन्धमा नीति तथा तर्जुमाका लागि केही आधारहरू." *चेलिबेटीको अवैध व्यापार यसका विविध पक्ष.* काठमाडौँ : कृषि वन, आधारभूत स्वास्थ, सहकारी (ए.बी.सी. नेपाल)।

प्रधान, भुवनलाल (२०४७). *नेपालको जनक्रान्ति-२००७.* काठमाडौँ : रूप प्रकाशन ।

बराल, सुषमा बाँस्कोटा (२०६३). *नेपालको कानुन : इतिहास र सन्दर्भ.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसन पब्लिकेसन ।

भट्टराई, ज्ञानेश्वर (२०४३). *बृहत ज्ञानकोश. बाह्रौँ संस्करण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मानन्धर, त्रिरत्न (२०४८). *नेपालको इतिहासमा जङ्गबहादुर.* काठमाडौँ : प्रकाशक स्वयं ।

रावल, भीम. (२०४७). *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास.* दो.सं., काठमाडौँ: पैरवी प्रकाशन ।

रेग्मी, जगदीशचन्द्र (२०६०). *नेपालको वैधानिक परम्परा.* तृ.सं., काठमाडौँ : तन्नेरी प्रकाशन ।

लुइँटेल, नरनाथ र अरू (२०५४). *मानव अधिकार सचेतनमाला.* दो.सं., काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

वस्ती, प्रकाश (२०६३). *हाम्रो कानुनी इतिहासका केही झाँकीहरू.* काठमाडौँ : पैरवी प्रकाशन ।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रूपरेखा.* चौ.सं., वाराणसी : कृष्णकुमारी देवी ।

श्री ५ को सरकार (ई. १९७९). *महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि-१९७९.* काठमाडौँ : श्री महिला विकास महाशाखा, श्रम तथा समाज कल्याण मन्त्रालय र युनिसेफ ।

श्रेष्ठ, शर्मिला (सम्पा.) (२०६९). *प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन.* काठमाडौँ : राष्ट्रिय महिला आयोग ।

सङ्ग्रौला, डिला (२०७१). "नेपाल महिला सङ्घ र मङ्गलादेवी सिंह." *मङ्गला माँ.* विजया श्रेष्ठ (के.सी.) (सम्पा.), काठमाडौँ : नेपाल महिला सङ्घ ।

सिंह, मङ्गलादेवी (२०५१). *नारी सङ्घर्षका पाइलाहरू (आत्म वृतान्त).* काठमाडौं : पी.यल. सिंह ।

सुवेदी, राजाराम (२०६१). *नेपालको तथ्य इतिहास.* ललितपुर : साझा प्रकाशन ।

**नेपाली पत्रिका**

अधिकारी, शशी (२०५८). "लैङ्गिक समानताका लागि सम्पत्तिमा अधिकार." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, पृ. ३०-३४ ।

---. (२०६२). "समानताको अवधारणा र महिलाका लागि भएका विशेष कानुनी अवस्थाहरू." *ल्याकलेन्स.* वर्ष १३, पृ, ३०-३५ ।

---. (२०७१). "पारिवारिक कानुनका समस्याहरू र लैङ्गिक न्यायका लागि सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू." *कानुन.* अङ्क १०५, पृ. १-१० ।

आचार्य, केदारनाथ (२०५८). "चन्द्रशम्शेरको इन्साफ." *कानुन.* अङ्क २७, २०५८, पृ. ४९-५० ।

आचार्य, डिल्लीराज (२०५०). "गर्भपातसम्बन्धी नेपालको कानुनमा पुनरावलोकनको आवश्यकता." *न्यायदूत.* वर्ष २४, अङ्क ५, पूर्णाङ्क ७४, भदौ/असोज, पृ. २४-२८ ।

उपाध्याय, मुना (२०६१). "मुलुकी ऐनको पुरानो रूप : आमूल परिवर्तनको आवश्यकता." *न्यायदूत.* वर्ष ३५, अङ्क ५, पूर्णाङ्क १४९, मंसिर/पुष, पृ. ४१-४५ ।

--- (२०६२). "सामाजिक न्यायको दृष्टिमा नेपाली महिला." *न्यायदूत.* वर्ष ३६, अङ्क ६, पूर्णाङ्क १५०, माघ/फागुन, पृ. ९६-९९ ।

उप्रेती, अन्जु (२०६५). "एघारौँ अखिल नेपाल कानुन व्यवसायी सम्मेलनमा प्रस्तुत कार्यपत्रहरू." *न्यायदूत* (एघारौँ सम्मेलन विशेषाङ्क). वर्ष ४०, अङ्क १, पूर्णाङ्क १८०, चैत/वैशाख, पृ. ५४- ६३ ।

उप्रेती, बबिता (२०५८). "पैतृक सम्पत्तिमा समानता र यसले उब्जाएका केही प्रश्न." *न्यायदूत.* वर्ष ३२, अङ्क ४, पूर्णाङ्क १२७, पृ. ४८-५० ।

उप्रेती, भरतराज (२०३५). "गर्भपात र कानुन : एक विवाद". *न्यायदूत.* वर्ष ९, अङ्क २६, असार/साउन, पृ. १३-१९ ।

उप्रेती, हरिमाया (२०४६). "विवाह र सम्बन्ध बिच्छेद केही व्यावहारिक कठिनाइ." *कानुन.* वर्ष ५, अङ्क ८, असोज, पृ. ६७-६८ ।

काफ्ले, अजिता अर्याल (२०६२) ."चेलीबेटी बेचविखन अपराध." *कानुन.* अङ्क ५०, पृ. ७-१० ।

कार्की, गोविन्दमान सिंह (२०७१) "निरङ्कुशता विरोधी आन्दोलनकी अग्रणी दिव्या कोइराला." *चेतना.* हरिप्रभा खड्गी र अरू (सम्पा.), पृ. १४२-१५१ ।

कार्की, शोभा (२०६३). मातृत्वको आधारमा नागरिकता प्राप्ति." *न्यायदूत.* वर्ष ३७, अङ्क २, पूर्णाङ्क १६०, जेठ/असार, पृ. ११-१४ ।

कार्की सुशीला (२०४९). "स्त्री अंश धनमा दाइजो र पेवा." *न्यायदूत.* वर्ष, २६ अङ्क ५, पूर्णाङ्क ६८, भाद्र/आश्विन, पृ. १-४ ।

---. (२०५५). "नेपालमा महिलाविरूद्धको हिंसा र कानुन." *न्यायदूत.* वर्ष २९, अङ्क ४, पूर्णाङ्क १०६, पृ. ३९-४४ ।

---. (२०५६). "महिला बेचविखन र घरेलु हिंसा सुरक्षा अधिकार." *न्यायदूत.* वर्ष, ३०, अङ्क ७, पूर्णाङ्क ११९, माघ/फागुन, पृ. १-६ ।

के.सी., केदारमान सिंह (२०७१). "मङ्गलादेवी सिंहको स्मृति र महिला विकासको प्रसङ्ग". *चेतना.* हरिप्रभा खड्गी र अरू (सम्पा.), काठमाडौँ : नेपाल महिला सङ्घ, पृ. ७९-८३ ।

के.सी., तेजबहादुर (२०५४). "लैङ्गिक असमानतादेखि महिला सशक्तीकरणसम्म." *न्यायदूत.* वर्ष ३२, अङ्क ३, पूर्णाङ्क १२६, साउन/भदौ, पृ. ४२-५१ ।

के.सी., रुकु (२०५८). "महिला हिंसा चुनौतीपूर्ण अवस्था". *कानुन.* अङ्क २६, पृ. ४८-५१ ।

कोइराला, ध्रुव. (२०५८). "लैङ्गिक समानता आजको आवश्यकता." *न्यायदूत.* वर्ष ३२, अङ्क ५, पूर्णाङ्क १२८, मंसिर/पुष, पृ. ४१-४३ ।

खनाल, अजीता (२०६६). "चुनौतीपूर्ण राजनीति र राज्यको हरेक क्षेत्रमा महिला समावेशीकरणको प्रश्न". *न्यायदूत* (कानुन व्यवसायी महिलाको अठारौँ सम्मेलन विशेषाङ्क). वर्ष ४०, अङ्क ४, पूर्णाङ्क १८३, मंसिर/पुष, पृ. १८-२२ ।

खनाल, शान्तिदेवी (२०५६). "लैङ्गिक समानता आजको आवश्यकता." *न्यायदूत.* (आठौँ सम्मेलन विशेषाङ्क), वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ११६, माघ/फागुन, पृ. १६८-१७२ ।

खरेल, भूमि (२०५८). "जिउ मास्ने बेच्नेसम्बन्धी कानुनी व्यवस्था र यसको कार्यान्वयन पक्ष." *न्यायदूत.* वर्ष ३२, अङ्क २, पूर्णाङ्क १२५, जेष्ठ/असार, पृ. ८-२० ।

खरेल, राजेन्द्र (२०५८). "लैङ्गिक न्यायको सन्दर्भमा वैवाहिक बलात्कार." *कानुन.* अङ्क ३३, असार, पृ. २३-२४ ।

गिरी, अम्बिका (२०७२). "नबनेकी फस्ट लेडी प्राइम मिनिस्टर." *कान्तिपुर* (साप्ताहिक परिशिष्टाङ्क). वर्ष २४, अङ्क ९, २०७२, १५ फागुन, पृ. क ।

गुरुङ्ग, छत्रकुमारी (२०५८). "विद्यमान कानुनमा महिलाको सम्पत्तिसम्बन्धी अधिकार." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, पृ. २७-२९ ।

--- (२०५९). "मुलुकी ऐन एघारौँ संशोधनको परिप्रेक्ष्यमा महिलाअधिकार." *न्यायदूत.* वर्ष १३, अङ्क ६, पूर्णाङ्क १३६, मंसिर/पुष, पृ. १६५-१६८ ।

गौतम, गोपालप्रसाद (२०४६). "गर्भ पतन कति वैध कति अवैध." *कानुन.* वर्ष ५, अङ्क ८, असोज, पृ. ११-१५ ।

गौतम, बद्रीनारायण (२०७१). "वी.पी. कोइरालाको सशस्त्र सङ्घर्ष र शैलजा आचार्य." *चेतना.* हरिप्रभा खड्गी समेत (सम्पा.), पृ. १५३-१६८ ।

घिमिरे, राजेन्द्र (२०५४). "महिलाअधिकार अभिवृद्धिमा संयुक्त राष्ट्रसङ्घले गरेको प्रयास." *न्यायदूत.* वर्ष २८, अङ्क ९, पूर्णाङ्क ९८, श्रावण/भाद्र, पृ. ८१-८४ ।

चापागाईं, अनीता (२०५८). "संविधानको धारा ११, समानताको हक र मु.ऐ. अंशवण्डाको महलमा भएको असमान साम्पत्तिक अधिकार." *ल्याकलेन्स.* वर्ष, अङ्क २, पृ. ४०-४३ ।

--- (२०६२). "जर्बजस्ती करणीको अपराधसम्बन्धी कानुन, फैसला र कार्यान्वयन पक्ष." *ल्याकलेन्स.* वर्ष १३, पृ. १५-१९ ।

--- (२०६७). "मुलुकी ऐन एघारौँ संशोधनको परिप्रेक्ष्यमा महिला." *न्यायदूत.* वर्ष १३, अङ्क ६, पूर्णाङ्क १३६, मंसिर/पुष, पृ. १६५-१६८ ।

ढुङ्गाना, सुरेशकुमार (२०५४). "नेपाली महिलाको संवैधानिक स्थिति र सर्वोच्च अदालतको दृष्टि." *न्यायदूत,* वर्ष २८, अङ्क ३, पूर्णाङ्क ९८,श्रावण/भाद्र, पृ. ३५-४३ ।

ढुङ्गेल, सूर्य (२०४६). "नेपालमा गर्भपतनको संवैधानिक अधिकार एक अनिर्णित प्रश्न." *कानुन.* वर्ष ५, अङ्क ७, वैशाख, पृ. ४-१० ।

तिमिल्सिना, नवराज (२०५९). "स्थानीय निकायमा महिलाको प्रतिनिधित्व, भूमिका, कानुनी व्यवस्था र अवस्था : एक मिमांसा". *न्यायदूत.* वर्ष ३३, अङ्क ७, माघ/फागुन, पृ. ८६-९० ।

तुम्बाहाङ्फे, शिवमाया (२०६९). "संविधानमा उठाउनु पर्ने महिलाका सवालहरू". *न्यायदूत.* वर्ष ४३, पूर्णाङ्क २०४, अङ्क ४, अशोज/कार्तिक, पृ. ७९-७२ ।

तुलाधर, इन्दु (२०५८). "महिलावादी कानुनी सिद्धान्त : एक चर्चा." *कानुन.* अङ्क, २९, कार्तिक, पृ. २०-२२ ।

थपलिया, शान्ता (२०४५). "नेपालमा पारिवारिक अदालत : एक आवश्यकता." *कानुन.* वर्ष, ४ अङ्क, ४, कार्तिक, पृ. २०-२८ ।

---. (२०५८). "मुलुकी ऐन एघारौँ संशोधन, २०५६ को विधेयकको संक्षिप्त ऐतिहासिक विवरण". *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, भाद्र, पृ. १-४ ।

---. (२०५८). "नारीको आर्थिक विपन्नता नै हिन्दूशास्त्रको निर्देशन हो." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, भाद्र, पृ. २१-२६ ।

थापा, रुकु (२०५८). "महिला हिंसा : चुनौतीपूर्ण अवस्था." *कानुन.* वर्ष ४, अङ्क ६, पूर्णाङ्क २६, वैशाख, पृ. ४८-५१ ।

थापा, सीतामैया सिंह (२०५४). "नेपालमा महिलाअधिकारहरूसम्बन्धी पारिवारिक कानुनको भावी स्वरूप." *न्यायदूत.* वर्ष २८, अङ्क ३, पूर्णाङ्क ९८, श्रावण/भाद्र, पृ. ११-२२ ।

दवाडी, पुण्यशीला (२०६२). "मानाचामल मुद्दा र यसको कार्यान्वयन पक्ष." *ल्याकलेन्स.* वर्ष १३, पृ. २६-२९ ।

दाहाल, काशीराज (२०६०). "लैङ्गिक विधिशास्त्र र मुलुकी ऐनको एघारौँ संशोधन." *स्मारिका.* पृ. १-५ ।

दीक्षित, नीता गौतम (२०६६). “सधवा महिलाको अंश हक हिजो र आज”. *न्यायदूत.* वर्ष ४०, अङ्क ३, पूर्णाङ्क १८२, साउन/भदौ, पृ. २७-२९ ।

देउवा, आरजु राणा (२०७२). “मस्यौदा पछाडि फर्क्यो”. *कान्तिपुर.* वर्ष २३, अङ्क १४४, असार २७, पृ. ७ ।

नेपाल. देवी (२०६४). “साहित्य सन्ध्या र पुरस्कृत प्रतिभाहरू.” *साहित्य सन्ध्या.* काठमाडौँ : असोज, पृ. ५१- ५२ ।

पराजुली, शोभादेवी पौडेल (२०६३). “लैङ्गिक न्याय र नागरिकता.” *न्यायदूत.* वर्ष ३७, पूर्णाङ्क, १३२, असोज/कार्तिक, पृ. ५०-५५ ।

---. (२०६७). “न्यायिक संरचनामा महिलासहभागिता : आजको अनिवार्यता.*” न्यायदूत* ( महिला विशेषाङ्क). वर्ष ४१, अङ्क ४, पूर्णाङ्क १९०, अशोज/कार्तिक, पृ. १०६-११४ ।

पाठक, उषा मल्ल (२०५९). “मानवअधिकारको वर्तमान अवस्था र मानवअधिकारको कसीमा नागरिकतासम्बन्धी प्रश्न.” *न्यायदूत, (नवौं“ राष्ट्रिय महिला सम्मेलन विशेषाङ्क).* वर्ष ३३, अङ्क ६, पूर्णाङ्क. १३६, मंसिर/पुष), पृ. १८-२४ ।

---. (२०६०). “लैङ्गिक न्याय : कार्य विधिगत सुधारका लागि पारिवारिक अदालतको आवश्यकता.” *न्यायदूत.* वर्ष ३४, अङ्क ७, पूर्णाङ्क १४४, माघ/फागुन, पृ. ३८-४० ।

पाण्डे, अजिता. (२०६२). “लिङ्गभेदका कारण नेपाली महिलाको स्थिति.” *ल्याकलेन्स.* वर्ष १३, पृ. २१-२५ ।

पौडेल, जयप्रसाद (२०६१). “नारी अस्मिताको संरक्षण.” *न्यायदूत.* वर्ष, ३६, अङ्क १, पूर्णाङ्क १५२, चैत/वैशाख, पृ. ४१-४ ।

प्रधान, भावना (२०२७). “नेपालमा स्वास्नी मानिसको कानुनी हैसियत.” *न्यायदूत.* वर्ष १, अङ्क ४,  पृ. १८-२१ ।

प्रधानाङ्ग, रजितभक्त र बलरामप्रसाद राउत (२०६३). “महिला मानसिकता एवं परिचर्चा,” *न्यायदूत.* वर्ष ३८, पूर्णाङ्क १६६, चैत/वैशाख, पृ. ३-७ ।

बज्राचार्य, शोभा (२०६४). "नेपाली समाज र महिला". *न्यायिक आवाज.* वर्ष १, अङ्क ७, माघ, पृ. १४५-१४७ ।

बन्जारा, राजेश्वरी (२०५४). "बलात्कार, कानुन र बलात्कृत महिलाको सामाजिक हैसियत." *न्यायदूत.* वर्ष २८, अङ्क ३, पूर्णाङ्क ९८, श्रावण/भाद्र, पृ. ४९-५१ ।

बराल, सुषमा बाँस्कोटा (२०६०). "मुलुकी ऐनको एघारौँ संशोधन : एक अध्ययन." *स्मारिका.* पृ. ४८-५६ ।

--- (२०६३). *महिला कानुन बुलेटिन.* काठमाडौँ : सर्वोच्च अदालत बार एसोसिएसन महिला शाखा, पृ. ३-७ ।

--- (२०६३). "समावेशी लोकतन्त्र र महिला." *चिन्तन.* वर्ष १०, अङ्क २, पौष, पृ. ११-२६ ।

--- (२०६६). "लैङ्गिक असमानता विरुद्ध सर्वोच्च अदालत". *स्वर्ण महोत्सब स्मारिका.* वर्ष ४२, अङ्क ३, पूर्णाङ्क १८२, साउन/भदौ, पृ. ९२-८६ ।

--- (२०६९). "नेपालमा महिलाको अवस्था र न्यायपालिकामा महिलाको सहभागिता." *न्यायदूत.* वर्ष ४३, अङ्क ४, पूर्णाङ्क २०४, अशोज/कार्तिक, पृ. ३५-३९ ।

--- (२०७१). "मङ्गलादेवी सिंह, महिला सङ्घ र महिलाअधिकार". *चेतना.* हरिप्रभा खड्गी र अरू (सम्पा.) , पृ. २१०-२२७ ।

बस्नेत, हिमादेवी (२०६२). "लैङ्गिक समानतामा नेपाली महिलाको स्थिति." *न्यायदूत.* वर्ष २६, अङ्क ३, पूर्णाङ्क १५५, २०६२ श्रावण/भाद्र, पृ. ४४-४५ ।

बस्याल, विष्णु (२०६९). "महिलाको सुरक्षित वैदेशिक रोजगारी". *न्यायदूत.* वर्ष ४३, पूर्णाङ्क २०४, अङ्क ४, अशोज/कार्तिक, पृ. ८१-८४ ।

भट्टराई, आनन्दमोहन (२०४६). "राणाकालीन न्याय प्रशासन." *कानुन.* वर्ष ५, ७ वैशाख, पृ. ११-२४ ।

भट्ट, सन्ध्या बस्नेत (२०५९). "नेपालको पारिवारिक कानुनको आवश्यक संशोधन, कार्यान्वयन र असर." *न्यायदूत.* वर्ष २८, अङ्क ९, पूर्णाङ्क ९८, श्रावण/भाद्र, पृ. २३-३० ।

भण्डारी, निर्मला (२०७१). "भावी संविधानको अन्तर्वस्तुका रूपमा लैङ्गिक समानता." *न्यायदूत (तेह्रौं सम्मेलन विशेषाङ्क).* पूर्णाङ्क २१३, माघ/फागुन, पृ. १७५-१७९ ।

भण्डारी, राजेन्द्रकुमार (२०६२). "नेपालमा महिलाअधिकारको पृष्ठभूमि र वर्तमान अवस्था." *न्यायदूत.* अङ्क ५०, वैशाख, पृ. १०१-१०३ ।

भुषाल, पुष्पा (२०५९). "नेपालको वर्तमान अवस्थामा महिलाको अवस्था". *न्यायदूत.* वर्ष २७, अङ्क ६, पूर्णाङ्क ९४,माघ/फागुन, पृ. १-११ ।

--- (२०५९). "लैङ्गिक समानता र महिलाअधिकारको सन्दर्भमा मुलुकी ऐन (एघारौँ संशोधन) २०५८." *न्यायदूत,* वर्ष ३४, अङ्क १, पूर्णाङ्क १३८, चैत्र/वैशाख, पृ. ५२-५७ ।

भेटवाल, साधना (२०६३). "एक अर्काका सम्पूरक : मानव अधिकार र महिलाअधिकार." *कानुन.* अङ्क ५६, वैशाख, पृ. ३१-३४ ।

मगर, विन्दा (२०६३). "रोल अफ विमन इन लिगल सिस्टम". *न्यायदूत.* (दशौँ राष्ट्रिय सम्मेलन विशेषाङ्क), वर्ष ३७, अङ्क १, पूर्णाङ्क १५९, चैत/वैशाख, पृ. ३८-४० ।

मरहठ्ठा, पुरुषोत्त (२०४८). "गर्भपतन कानुनी जटिलता". *न्यायदूत.* वर्ष २३, अङ्क २, पूर्णाङ्क ६५, फागुन/चैत्र, पृ. ३३-३८ ।

मल्ल, सपना प्रधान (२०५५). "नेपालमा महिलाविरुद्धका हिंसा र कानुन." *न्यायदूत.* वर्ष २९, अङ्क ४, पूर्णाङ्क १०६, अशोज/कार्तिक, पृ. ४५-४८ ।

--- (२०५८). "महिलाको मानवअधिकारको सन्दर्भमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि र यसको कार्यान्वयनको अवस्था." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, भाद्र, पृ. ३५-३९ ।

महर्जन, पुन्देवी (२०७१) "महिलाको समान वंशीय अधिकार र नागरिकता." *न्यायदूत.* पूर्णाङ्क २१४, पृ. ८९-९२ ।

मानन्धर, अनीता जोशी (२०६०). "लैङ्गिक विधिशास्त्र र मुलुकी ऐनको एघारौँ संशोधन." *स्मारिका.* काठमाडौँ : का.जि.अ. बार महिला शाखा, पृ. ३०-३५ ।

मानन्धर, अनीता र लक्ष्मी दाहाल रावल (२०६९). “न्यायिक क्षेत्रमा महिलाको सहभागिता.” *न्यायदूत.* वर्ष ४३, अङ्क ४, पूर्णाङ्क २०४, अशोज, कार्तिक, पृ. ४३ ।

मैनाली, अश्रुशा (२०६८). “ओमेन्स प्रपर्टी राइट वीथ स्पेसल रिफ्रेन्स टु मानब न्यायशास्त्र.” *न्यायदूत.* वर्ष ४२, अङ्क १, पूर्णाङ्क १९४, पृ. ९८-१०० ।

रेग्मी, कुमार (२०७१). “नेपालमा बालविवाह : महिला सशक्तीकरणको प्रारम्भिक अवरोध.” *चेतना.* हरिप्रभा खड्गी र अरू (सम्पा.), काठमाडौँ : नेपाल महिला सङ्घ, पृ. १३४-१४१ ।

रेग्मी, खिलराज (२०६५). “मानवबेचविखन तथा ओसारपसारसम्बन्धी समस्या, कानुन र प्रभावकारी कार्यान्वयनका चुनौतीहरू.” *न्यायदूत.* वर्ष ३९, अङ्क ३, पूर्णाङ्क १७५, साउन/भदौ, पृ. १-५ ।

रेग्मी, सुनीता पोखरेल (२०७१). “नागरिकता र महिलाअधिकार.” *न्यायदूत.* पूर्णाङ्क २१४, २०७१, पृ. ३३-३७ ।

लामिछाने, राममाया (२०६८-२०६९). “लैंगिक समानता, सशक्तीकरण, समावेशीकरण र महिलासम्बन्धी मुद्दामा कार्यान्वयनको खाँचो : सैद्धान्तिक विश्लेषण.” *न्यायदूत* (बाह्रौँ सम्मेलन विशेषाङ्क). वर्ष ४३, अङ्क १, पूर्णाक २०१, चैत्र/वेशाख, पृ. १२४-१२७ ।

लिङ्गदेल, नवीन (२०५८). “आदिवासी जनजाति महिलाहरूमा पैत्रिक सम्पत्तिको.” *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, भाद्र, पृ. ३५-३९ ।

वस्ती, प्रकाश (२०६४). “सामाजिक व्यवहार सुधार कानुन : असफलताका ३० वर्ष.” *कानुन.* वर्ष ४, अङ्क ६३, असार, पृ. ४३-४६ ।

शर्मा, खेमराज (२०५४). “मुलुकी ऐनमा नारीको स्थान.” *न्यायदूत.* वर्ष २८, अङ्क ३, पूर्णाङ्क ९८, श्रावण/भाद्र, पृ. १-४ ।

शर्मा, मधु (२०३३). “नेपाली नारी र राजश्व.” *न्यायदूत.* वर्ष ७ अङ्क २१, फागुन/चैत्र, पृ. ८-१२ ।

शाख, कुसुम (२०५२). “नेपाली महिला र समान आर्थिक अधिकारका लागि सुझावहरू.” *न्यायदूत.* वर्ष २६, अङ्क ३, पूर्णाङ्क ८४, जेष्ठ/असार, पृ. १८-२४ ।

श्रीस, इन्दिरा (२०५८). "महिलाको साम्पतिक अधिकारमा वर्तमान कानुनको कार्यान्वयनको व्यावहारिक कठिनाइहरू." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, पृ. ४६-५२ ।

--- (२०६२). "नागरिकताको समस्या र यसका कानुनी पक्ष." *ल्याकलेन्स.* वर्ष १३, पृ. ६-१० ।

श्रेष्ठ, जानकी (२०४५). "मानाचामल." *कानुन.* वर्ष ४, अङ्क ४, पृ. ४१ ।

--- (२०५०). "वहुदलीय व्यवस्था र महिला हक हितसम्बन्धी संवैधानिक व्यवस्था". *न्यायदूत.* वर्ष २४, अङ्क ६, पूर्णाङ्क ७५, कार्तिक/मङ्सिर, पृ. ६२-६४ ।

श्रेष्ठ, दीपककृष्ण (२०६९). "नागरिकतामा लैङ्गिक विभेदको सवाल." *न्यायदूत.* वर्ष ४३, अङ्क ४, पूर्णाङ्क २०४, असोज/कार्तिक, पृ. ६ ।

श्रेष्ठ, मिलन (२०५९). "मुलुकी ऐन एघारौं संशोधनले महिलाको साम्पतिक अधिकारमा पारेको प्रभाव." *न्यायदूत.* वर्ष ३४, अङ्क १, पूर्णाङ्क १३८, चैत्र/वैशाख, पृ. ६५-७१ ।

श्रेष्ठ, पुष्पालक्ष्मी (२०६२). "महिलाविरुद्धका भेदभावपूर्ण कानुन तथा यसबाट महिलालाई परेको असर". *कानुन चर्चा* (वार्षिक मुखपत्र). वर्ष २२, अङ्क ७, २०६२, पृ. ४९-५३ ।

श्रेष्ठ, रामप्रसाद (२०४४). "नेपालमा नारीहरूको स्थिति र कानुनी व्यवस्था." *न्यायदूत.* वर्ष १८, पूर्णाङ्क ४५, माघ/फागुन, पृ. ४५-५० ।

श्रेष्ठ, शङ्करकुमार (२०५८). "छोरीलाई अंश प्रसङ्ग सुरक्षाको." *न्यायदूत.* वर्ष ३२, अङ्क ७, पूर्णाङ्क १३०, २०५८ माघ/फागुन, पृ. १-४ ।

श्रेष्ठ, शर्मिला (२०७१). "महिलाअधिकारका सवालमा प्रस्तावित अपराध संहिताको विश्लेषण." *न्यायदूत.* पूर्णाङ्क २१४, पृ. ११४-१२० ।

सङ्ग्रौला, गीता पाठक (२०५४). "महिला विरुद्धको हिंसाको सन्दर्भमा घरायसी हिंसा र कानुनी संयन्त्रको अपरिहार्यता." *न्यायदूत.* वर्ष २८, अङ्क ४, पूर्णाङ्क ९१, पृ. ३४-४० ।

---. (२०५६/२०५७). "चेलीबेटी बेचबिखनको प्रश्न राष्ट्रिय अस्मिताको प्रश्न हो." *न्यायदूत* (नवौं अखिल नेपाल कानुन व्यवसायी सम्मेलन विशेषाङ्). वर्ष ३,१ अङ्क २, पूर्णाङ्क १९८, चैत्र/वैशाख, पृ. १८२-१९१ ।

.सिवाकोटी, निर्मला (२०४९). "महिला सुरक्षा दबाब समूह के हो ?." *महिला सन्देश.* वर्ष १, अङ्क १, पृ. २३ ।

सुब्बा, शारदा (२०५८). "सम्पत्तिमा महिलाअधिकारबारे अन्य देशहरूमा भएका व्यवस्थाहरू." *ल्याकलेन्स.* वर्ष ८, अङ्क २, भाद्र, पृ. १५-१८ ।

--- (२०६२). "यौन दुर्व्यवहारबाट पीडित श्रीमती र सर्वोच्चको पुनरावलोकन." *ल्याकलेन्स.* वर्ष १३, पृ. ११-१३ ।

## प्रतिवेदन, कार्यपत्र, शोधप्रबन्ध, योजना र घोषणा

### प्रतिवेदन

अनेमसङ्घ (२०५७). "समसामयिक प्रस्ताव तथा विधान." *प्रतिवेदन.* काठमाडौँ : अनेमसङ्घ, केन्द्रीय समिति ।

एक्सन एड नेपाल (२०६७). "लैङ्गिक न्यायका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयनको अवस्था." *अध्ययन प्रतिवेदन.* काठमाडौँ : एक्सन एड नेपाल ।

बराल, सुषमा (२०७०). "अन्तरपार्टी महिला सञ्जालद्वारा सचालित दुई दिने कार्यशालाको प्रतिवेदन." *प्रतिवेदन.* काठमाडौँ : अन्तरपार्टी महिला सञ्जाल, पृ. १-५ ।

मिश्र, विजय (२०६५). "महासचितवद्वारा प्रस्तुत प्रतिवेदन." *न्यायदूत* (सम्मेलन विशेषाङ्क). वर्ष ४०, अङ्क १, पूर्णाङ्क १८०, चैत्र/वैशाख, पृ. १०८-१०९ ।

### कार्यपत्र

घर्ती, जयपुरी (२०७०). "महिला सहभागिता कमी हुनुका कारणहरू." *कार्यपत्र.* काठमाडौँ : अन्तरपार्टी महिला सञ्जाल ।

पाण्डे, मीना (२०७०). "निर्वाचन प्रणाली तथा महिला प्रतिनिधित्वको सुनिश्चितता." *कार्यपत्र.* काठमाडौँ : अन्तरपार्टी महिला सञ्जाल ।

भुषाल, सावित्रा (२०७०). "राजनीतिमा महिला सहभागितासम्बन्धी कानुनी व्यवस्था एक विवेचना." *कार्यपत्र.* काठमाडौँ : अन्तरपार्टी महिला सञ्जाल ।

श्रेष्ठ, शङ्करकुमार (२०६९). “फास्ट ट्रयाक कोर्टको आवश्यकता एक आवश्यकता.” *कार्यपत्र.* काठमाडौँ : सर्वोच्च अदालत बार महिला केन्द्र ।

श्रेष्ठ, शशी (२०७०). “नेपालको नयाँ संविधानमा नागरिकताको सवाल.” *कार्यपत्र.* काठमाडौँ : अन्तरपार्टी महिला सञ्जाल ।

**शोधप्रबन्ध**

अधिकारी, शुक्रराज (२०७१). *वैदिककालीन समाजमा लैङ्गिकताको निर्माण.* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

त्रिपाठी, सुधा (२०६८). *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना.* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

तुम्बाहाङ्फे, शिवमाया (२०६०). *नेपालमा राजनीतिक महिलाआन्दोलन विश्लेषणात्मक अध्ययन (वि.सं. २०४७ देखि २०६०).* मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

शर्मा, मेदिनीप्रसाद (२०४०). *लिच्छविकालीन नेपालमा नारीको अवस्था.* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

शाक्य, विमला (२०६७). *नेपालमा महिलाहरूको कानुनी स्थिति : एक ऐतिहासिक अध्ययन (वि.सं. २००७ देखि २०४७ सम्म).* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्का डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि त्रि.वि. मा प्रस्तुत शोधप्रबन्ध ।

श्रेष्ठ, कविता (२०६४). *मध्यकालीन नेपालमा नारीको अवस्था.* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयमा विद्यावारिधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

**योजना**

नेपाल सरकार (२०६४). *त्रीवर्षीय अन्तरिम योजना-२०६४, २०६५-२०६६।०६७.* काठमाडौँ : राष्ट्रिय योजना आयोग, नेपाल ।

श्री ५ को सरकार (२०५४). "महिला विकासका लागि संस्थागत संरचना." *लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना.* काठमाडौँ : महिला तथा समाज कल्याण मन्त्रालय एवं क्यानेडियन कोअपरेसन अफिस ।

--- (२०५९). *दशौँ योजना.* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

**घोषणा**

कोइराला, सुशील र अरू (२०५८). *महिला नेतृत्व विकाससम्बन्धी नेपालका प्रमुख राजनीतिक पार्टीहरूको सर्वदलीय घोषणापत्र.* काठमाडौँ : महिला नेतृत्व मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल (इहि्कन), अनामनगर ।

**संविधान तथा अन्य कानुनसम्बन्धी सामग्री**

नेपाल सरकार (२०६३). *नेपालको अन्तरिम संविधान, २०६३.* काठमाडौँ : कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

--- (२०६३). *नेपाल राजपत्र,* खण्ड ५६, *अतिरिक्ताङ्क ३९.* काठमाडौँ : नेपाल सरकार ।

--- (२०६४). *नेपाल राजपत्र, खण्ड ५७, अतिरिक्ताङ्क २२.* काठमाडौँ : नेपाल सरकार ।

--- (२०६४). *नेपाल राजपत्र, खण्ड ५७,* अतिरिक्ताङ्क ३४. काठमाडौँ : नेपाल सरकार ।

--- (२०६५). ने*पालको अन्तरिम संविधान, २०६३* (छैटौँ संशोधन समेत). काठमाडौँ : हिमाली प्रकाशन ।

रेग्मी, मुकुन्द (सम्पा.) (२०६८). "नेपाल सरकार वैधानिक कानुन २००४" *संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान- २०४७.* भाग १. ललितपुर : लेखक स्वयं, पृ. १-५३ ।

--- (२०६८). नेपालको अन्तरिम संविधान, २००७, *संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७, भाग १.* ललितपुर : स्वयं, पृ. ५४-१३२ ।

--- (२०६८). "नेपाल अधिराज्यको सविधान." २०१५. *संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान- २०४७.* भाग २. ललितपुर : लेखक स्वयं, पृ. ११९८-१२५१ ।

श्री ५ को सरकार (२०४४). *नेपाल अधिराज्यको संविधान, २०१९.* (तेस्रो संशोधनसहित) काठमाडौँ : कानुन तथा न्याय मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

--- (२०४४). *नेपालको संविधान, २०१९. (तेस्रो संशोधन समेत २०४४),* काठमाडौँ : कानुन तथा न्याय मन्त्रालय, कानुन व्यवस्था समिति ।

--- (२०४७). *नेपाल अधिराज्यको संविधान, २०४७.* काठमाडौँ : जनसुविधा प्रकाशन ।

--- (२०६२). *नेपाल राजपत्र,* खण्ड ५५. अतिरिक्ताङ्क २७, क+३, काठमाडौँ : श्री ५ को सरकार ।

--- (२०६३). *नेपाल राजपत्र,* खण्ड ५६. अतिरिक्ताङ्क ३९. काठमाडौँ : श्री ५ को सरकार ।

--- (२०६३). *नेपाल राजपत्र,* खण्ड ५७. अतिरिक्ताङ्क २२, काठमाडौँ : श्री ५ को सरकार ।

--- (२०६४). *नेपाल राजपत्र,* खण्ड ५७. अतिरिक्ताङ्क ३४, काठमाडौँ : श्री ५ को सरकार ।

**ऐन नियमहरु**

पन्त, सोमराज र प्याकुरेल, माधव (सम्पा.) (२०५९). “नेपाल नागरिकतासम्बन्धी ऐन, २०२०.” *वर्णानुक्रकिम ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ४७१-४७३ ।

--- (२०५९). “बालबालिका सम्बन्धी ऐन, २०४८.” *वर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ४०५-४१२ ।

--- (२०५९). “वैदेशिक रोजगार ऐन, २०४२.” *बर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ८०३-८०६ ।

--- (२०५९). “बोनस ऐन, २०३०.” *बर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ८०७-८०९ ।

--- (२०५९). “भूमिसम्बन्धी ऐन, २०२१.” *बर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ८४०-८५२ ।

--- (२०५९). “सैनिक ऐन, २०१६.” *वर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ११७४-११९१ ।

--- (२०५९). “सामाजिक व्यवहार सुधार ऐन, २०३३.” *वर्णानुक्रमिक ऐन सङ्गालो आद्योपान्त र अध्यावधिक.* काठमाडौँ : समन प्रकाशन, पृ. ११६४-११६५ ।

श्री ५ को सरकार (१९७४). *श्री ५ सुरेन्द्र वीर विक्रम शाह देवको पालामा बनेको पृ. ६९३ को मुलुकी ऐन, १९१०.* काठमाडौँ : श्री ५ को सरकार ।

--- (२०४५). *मुलुकी ऐन, २०२०* (नवौं संशोधन समेत). काठमाडौँ : कानुन तथा न्याय मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

--- (२०५६). *स्थानीय स्वायत्त शासन ऐन २०५६ र नियमावली, २०५६.* काठमाडौँ : पैरवी प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०६४). *ऐन सङ्ग्रह भाग १.* काठमाडौँ : पैरवी प्रकाश, पृ. ३५०-४२३ ।

**नेपाल कानुन पत्रपत्रिका**

**इन्टरनेसनल कमिसन अफ जुरिस्ट, महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालत फैसलाहरूको टिप्पणी सहित ।**

*नेपाल कानुन पत्रिका, २०६१,* निर्णय नम्बर ७४५९, अङ्क ११ ।

*नेपाल कानुन पत्रिका, २०६२,* निर्णय नम्बर ७५८८, अङ्क ९ ।

*नेपाल कानुन पत्रिका, २०६२,* निर्णय नम्बर ७५३१, अङ्क ४ ।

*नेपाल कानुन पत्रिका, २०६२,* निर्णय नम्बर ७५५०, अङ्क ६ ।

*नेपाल कानुन पत्रिका, २०६२,* निर्णय नम्बर ७५८५, अङ्क ८ ।

*नेपाल कानुन पत्रिका, २०६२,* निर्णय नम्बर ७४७८, अङ्क १ ।

*नेपाल कानुन पत्रिका, २०६३,* निर्णय नम्बर ७७०५, अङ्क ५ ।

*नेपाल कानुन पत्रिका, २०६३,* निर्णय नम्बर ७६३५, अङ्क १ ।

*नेपाल कानुन पत्रिका, २०६३,* निर्णय नम्बर ७६५९, अङ्क ३९ ।

*नेपाल कानुन पत्रिका, २०६५,* निर्णय नम्बर ७९५२, अङ्क ४ ।

*नेपाल कानुन पत्रिका, २०६५,* निर्णय नम्बर ८०३५, अङ्क ११ ।

*नेपाल कानुन पत्रिका, २०६५,* निर्णय नम्बर ८०३८, अङ्क ११ ।

*नेपाल कानुन पत्रिका, २०६६,* निर्णय नम्बर ८१८७, अङ्क ७ ।

*नेपाल कानुन पत्रिका, २०६६,* निर्णय नम्बर ८२८२, अङ्क १२ ।

*नेपाल कानुन पत्रिका, २०६७,* निर्णय नम्बर ८३८४, अङ्क ६ ।

*नेपाल कानुन पत्रिका, २०६७,* निर्णय नम्बर ८४११, अङ्क ७ ।

*नेपाल कानुन पत्रिका, २०६७,* निर्णय नम्बर ८४५६, अङ्क ९ ।

*नेपाल कानुन पत्रिका, २०६७,* निर्णय नम्बर ८४६४, अङ्क ९ ।

*नेपाल कानुन पत्रिका, २०६७,* निर्णय नम्बर ८५०७, अङ्क ११ ।

*नेपाल कानुन पत्रिका, २०६८,* निर्णय नम्बर ८५४१, अङ्क १ ।

*नेपाल कानुन पत्रिका, २०६८,* निर्णय नम्बर ८५५७, अङ्क २।

*नेपाल कानुन पत्रिका, २०६८,* निर्णय नम्बर ८६३१, अङ्क ६ ।

*नेपाल कानुन पत्रिका, २०६९,* निर्णय नम्बर ८८८३, अङ्क ९ ।

*नेपाल कानुन पत्रिका, २०६९,* निर्णय नम्बर ८९०१, अङ्क १० ।

*नेपाल कानुन पत्रिका, २०७२,* वैशाख, निर्णय नम्बर ९३३५, अङ्क १ ।

*नेपाल कानुन पत्रिका, २०७२,* जेठ, निर्णय नम्बर ९३४१, अङ्क २ ।

सर्वोच्च अदालत (२०६४), बुलेटिन, २०६४, माघ विशेषाङ्क ।

**अङ्ग्रेजी पुस्तक**

Collins, G. (2010). *The amazing journey of American women from 1990 to the present*. New York: Back Bay Books, Crown and Company.

Khakurel, D., *et al.* (Edt. 2011). *Women in constituent assembly***.** Kathmandu: Nepal Law Society.

Lin, B. (1979). *The status of women in Nepal.* Volum 1, Part 2, Kathmandu: SEDA, Trivuwan Vishwa Vidyalaya.

Malla, S.P. (2005). *Inheritence rights of Nepalese womens journey tyowards equality.* Kathmandu: Forum for Women Law and Development and International Womens Rights Action Watch Asia Pacific, Malecia.

Ritzer, G. (1972). *Sociological theory***.** New York: Mc GRAWHILL.

Sangroula, Y. and Pathak G. (2002). *Gender and law, Nepalese perspective.* Kathmandu: Pairavi Prakashan.

Savachild, K. (1978). *Consciousness raising: A radical weapon," in save child, k, Hanish, c=, Lavine, I< Lean B, Price, C. Led.), Feminist revolution*. NY: Random House, pp. 144-150.

Vaidya, M.M. (2011). *Political socialization of women in Nepal.* New Delhi: Adroit Publishers.


### अङ्ग्रेजी लेख रचना

Baral, S.B. (2007). "Historical development of constitution in Nepal." *The organization,* Volum 10, Number 1, January/March, pp. 27-29.

Hulchinson, T. and N.D. (2012). "Defining and describing what we do: Doctrinal legal research." *Deakin law review.* Vol. 17, No. 1, pp. 88-119.

Moulton, R. (1972) "Phychoanalytic reflections on women's liberation." *Contomporary psychological*. **8**:197-223.

Women Members of the Constitutient Assembly (2013). *A summary of a study on contribution of women in constition making in Nepal.* Kathmandu: Nepal Law Society, 2013, p. 2.


### वेवसाइट

'A Women Acutually Votted:' Lily Maxwell and the Manchester by Election of November 1867, https://victoriancommons.wordpress.com/2017/11/26/a _woman_actually_ voted_lily_maxwell_and_the_manchester_by election, access date 17 Dec. 2017.

Abigail Adams “Remember the Ladies” Letter -1776), (history.hanover.edu/ courses/excerpts/ 165adams-rtl.html, access date 11/23/2015.

Allern, E. (2016 March 31). "Remember the ladies." *Library of Congress, block*. https//blogs.loc.gov/loc/2016/03/rembember-the-ladies, 2016/1/8.

Anderson, Eizabeth Garrette, https://en.wikipedia.org/wiki/ elizabeth_garrett_ anderson, access date 11/23/2015.

Arche, John, (Biography), http://www. com/people/joan-of-arc-9354756**,** access date 11/23/2015.

Beauvoir, Simone de, https://en.wikipedia.org/wiki/simone_de_deauvoir, access date 05/03/2017.

Chartist Movement.https://www.parliament.UK/about living_heritage/tram/ transforming society, access date 11/23/2015.

Commission on the Status of Women, UN Women – Headquarters, www.unwomen.org/en/cs, access date 11/23/2015.

Craft, Marry Wollstone, https://en.wikipedia.org./wiki/mary_wollstone craft, access date 11/23/2015.

Currentproject:EconomicandSocialDevelopment,http://womenforwomenforumnepal.org/econ.php,access date 11/23/2015.

Davies, Emily, http://en.wikipedia.org/wiki/emily_davies, access date 11/23/2015.

Davison, Emily (1872-1913), www.bbc.co.uk/history/ historic_figures/davison_ emily_shtm, access date 11/23/2015.

Edinburg National Society for Women Suffrage, http://en.wikipedia.org./ wiki/edinburg_ national_society _for_women%27s_suffrage, access date 05/03/2017.

Feminism in Japan/https://en.wikipedia.org/wiki/fanism_in_japan, access date 11/23/2015.

Feminism in German, https://en Wikipedia.org/wiki/feminism_1n_germany, access date 11/23/2015.

Firedan, Betty, Women's Rights, https://www.google.com.np/ searchzey_wvkz_w90efd C69Qph9q6ZcQsa_www+betty+firydan+of+ Women+right, access date 11/23/2015.

First wave feminism, https://en.wikipedia.org/wiki/First-wave_feminism, access date 05/03/2017.

Forum for Women, Law and Development (FWLD) is an autonomous, ... FWLD has researched thoroughly on the discriminatory laws of Nepal, and has worked, www.fwld.org/, access date 05/03/2017.

Genelli, Marcella C., UN Decade for Women, htpp//qs:www. britannica.com/topic/united_national_ Decade_for_women, access date 11/23/2015.

Girondins, https://en.wikipedia.org.wiki. Militant_feminism_in_the_French_ Revolution, access date 05/03/2017.

Girondins,https://en.wikipedia.org/wiki/Girondins, access date 11/23/2015.

Hinalsuka, Raicho, https://en.wikipedia.org/wiki/Raicho_Hiratsuka, access date 11/23/2015.

History of Feminism, https..//. www.saylor.org<site<2013/01, access date 05/03/2017.

History of Feminism, https//en.wikipedia.org> wiki. History, access date 05/03/2017.

Hohn Stuart Mill, https://en.wikipedia.org/wiki/John_Stuart_Mill, access date 05/03/2017.

International Women's Year, Womens, History.about.com/oct/feminum/ a/international_ womens_year.htm, access date 05/03/2017.

Jeannette Rankin us. Representative, Women's Right Activist(1880-1973) http://www.biography.com/people/jeannette-rankin-9451806#later-years, access date 05/03/2017.

Jeremy Bentham (1748)-1832), www.d.umn.ddu/cls/faculty/jhamling/4111/2111 _home/ed/theory class/bentham/jeremy%20bentham.htm, access date 11/23/2015.

Josephine Butler, https://en.wikipedia.org/wiki/josephine_butler, access date 11/23/2015.

kiracochrane, https://www.theguardian.com/profile/kiracochrane, access date 05/03/2017.

Liberal feminism, https://en.wikipedia.org/wiki/liberal_feminism, access date 05/03/2017.

Lucretia Mott/https://en.wikipedia.org/wiki/lucretia_mott, access date 11/23/2015.

Lusy Stone Biography. https://www.biography.com/people/lucy_stone_9495976, access date 11/23/2015.

Margaret, Fergusan, (March 2004) Æ.feminism in timeÆ Modern language quarterts (1):7-81), access date 05/03/2017.

Marxist Feminism, https://en.wikipedia.org/wiki/marxist_feminism, access date 11/23/2015.

Michel, Louise, httph://en.wikipedia.org/wiki/Louise_michel**,** access date 05/03/2017.

Militant Feminism in French Revolution (Modified on 24 november 2015),www.https//en.wikipedia.org.wiki.militant-feminism-in-the-french-revolute Abigail Adams "remember the ladies" letter -1776), history.hanover.edu/courses/excerpts/ 165adams-rtl.html, access date 11/23/2015.

Nairobi Convention, https://en wikipedia.org/wiki/Nairobi-convention, access date 11/23/2015.

National American Woman Suffrage Association,https//en,Wikipedia.org/wiki/ National-Association-woman-suffrage-Association, access date 11/23/2015.

OEDIPUS AND ELECTRA: Jacques Lacan and the feminist perspective/romulus complex.tripod.com/rumul lycu.htm, access date 11/23/2015.

Overview of the convention,http://www.un.org/womenwatch/daw/cedaw/history.htm, access date 11/23/2016.

Political Participation in India, https://en.wikipedia.org/ wiki/Women%27s_ political_participation_ in_India, access date 11/23/2016.

Protofeminism, https//en.wikipedia. org/wiki/Protofenimism, access date 11/23/2016.

Representation of the People Act 1918' https://en.wikipedia.org/ wiki/Women%27s_suffrage_in_the_United_Kingdom, access date 11/23/2015.

Representation of the People Act 1928, https://en.wikipedia.org/ wiki/Representation_of_the_People_(Equal_Franchise)_Act_1928, access date 11/23/2015.

Scond Wave of feminism,https://en.wikipedia.org/wiki/Second-wave_feminism, access date 11/23/2016.

Susan B. Anthony.https://en.wikipedia.org/wiki/susan_B_Anthony, access date 11/23/2016.

Third wave of feminism, https://en.wikipedia.org/wiki/Third-wave_feminism,access date 11/23/2016.

Wallach, John, https://en.wikipedia.org/wiki/john_wallach, ,access date 11/23/2016.

What is Radical Femininism, www.thought co.com/what-is-radical-feminism-3528997, access date 11/23/2016.

Women and Chartism Spartacus-educational.com, access date 11/23/2015.

Women in the Chinese Revolution, http://www.banned thought.net/India/ PeoplesMarch/PM1999-2006/publications/women/china-1.htm, access date 11/23/2015

Women in the French Revolution, https://en.wikipedia.org/wiki/ women_in_the_french_revolution, access date 11/23/2016.

Women Suffrage in Japan, www.fact.about_japan.com, access date 11/23/2016.

Women’s Suffrage in Japan,https://en.wikipedia.org/wiki/women%27s suffrage-in-japan,access date 11/23/2015

Women's Social & Political Union (Suffragettes) spartacus-educational.com/ www.stm, access date 11/23/2015

Women's Social and Political Union(Modified on 24 novemer 2015),www.https//en. Wikipedia.org/wiki/women%275_social_political_union, access date 05/03/2017.

Women's Suffrage in the United States,https://en.wikipedia.org/ wiki/Women's_ suffrage_in_the_United_States, access date 11/23/2015.

Women's Suffrage,(Modified 12 November 2015) www.https://enwikipedia.org/wiki/ Women%27s_suffrage#Suffrage_movements, access date 11/23/2016.

www.gliderlehrman.org/history_by_era/national_expansion and reform1815-1860, access date 05/03/2017.

Zetkin, Clara,http://www.britannica.com/biography/Clara-Zetkin, access date 05/03/2017.

# परिशिष्टाङ्क

## परिशिष्ट – १

समाजसेवी तथा राजनीतिज्ञ किशोर गौतमसँग लिएको अन्तर्वार्ता

**नाम** : किशोर गौतम
**ठेगाना** : बर्दिया
**पद** : समाजसेवी तथा राजनीतिज्ञ
**फोन नं.** : ०८४- ४२०१२३

**प्रश्न नं. १. महिलाअधिकारका लागि तपाईँ कहिलेदेखि सङ्घर्षमा लाग्नुभयो ?**

म स्वयं त आन्दोलनमा लागिन, तर मैले सानैमा हजुरआमाले सतीप्रथालाई हटाउन श्री ३ चन्द्र शमसेरलाई पत्र लेखेको कुरा सुनेको थिएँ । अनि चन्द्र शमसेरले मुखियानी पद दिएर लेखेको पत्र देखेको थिएँ । छालाको गाताले छोपिएको श्री ३ चन्द्र शमसेरले मेरी हजुरआमालाई लेखेको पत्र देखेपछि मलाई महिलाहरूको हिम्मतको अडकल भएको थियो । पछि उक्त पत्र आगलागी हुँदा जल्यो तर आजसम्म पनि हामीहरूलाई मुखिया भन्ने गरिन्छ । सो मुखियानीका सन्तान भएकाले मात्र भनिएको हो । हजुरआमाको हिम्मतले पद्वी पाएकाले मलाई महिलाहरू शक्तिशाली हुन्छन् र उनीहरूलाई किन पुरुषसरह अधिकार नदिएको होला जस्तो सानैदेखि लागिरहन्थ्यो । मलाई पतिको जुठो पत्नीलाई खुवाउने चलन, पतिको खुट्टा धोएर जल पत्नीले खाने चलन र निहुरेर महिलाहरूले ढोग्ने गरेको सानैदेखि मन पर्दैनथ्यो । मैले सो कुराको विरोध बुबासँग सानोमा गरेको मलाई सम्झना छ । त्यस्तै वि.सं. २००९ सालमा मेरी ठूलो बुबाकी छोरी दिदी बाल विधवी भएपछि दोस्रो बिहे गर्दा सबैले विरोध गरेको मलाई मन परेको थिएन । यसैले म सानैदेखि सङ्घर्षका लागि जागरुक हुन पुगेको थिएँ ।

**प्रश्न नं. २. तपाईँ कसरी राजनीतिमा लाग्न प्रेरित हुनु भयो ?**

मेरो हजुरआमा जीबकुमारी गौतमले आफ्नो आँखाले एक जना महिलालाई सती पठाउन लागेको देखेपछि हेर्न खोज्दा नदिएको तर लुकेर हेर्दा खुट्टा तनक्क पारेको देखे पछि उनको रुवाइको आवाज र मृत्युको अवस्थाबाट छटपटिँदै अब के गर्ने होला ? कसरी यो कस्टबाट बचाउने होला भनेर सम्झिदै छटपटाइरहेकै समयमा हाम्रो बर्दियाको घरमा आगलागी भएको थियो रे । तराईको ठाउँ महिलाहरूले घुम्टो लाएर बस्नु पर्ने समय, पुरुषहरूको मुख हेर्न नहुने र पुरुषहरूलाई छुन नहुने त्यस अवस्थामा महिलाहरू घरको माथिल्लो तलामा नै बस्ने गर्थे रे । एक पटक गाउँमा आगलागी हुँदा सबै बचाऊबचाऊ भन्दै कराइरहेको बेलामा हजुरआमाको नन्द र आमाजू पनि घरमाथि बसेकाले भाग्न नसकी बचाऊबचाऊ भन्दै थिए रे । यस्तो अवस्थामा त्यहाँका पुरुषवर्गले भने बचाउनुको बदला उल्टै “तल झरे पनि मर्ने नै हौ माथि बसे पनि मर्ने नै हौ” भनी वेवास्ता गरी नबचाएका कारण अकालमा नै मरेका थिए रे । यो देखेपछि हजुरआमा माथि महिलालाई विना कारण सती पठाइएको पीडासँगै तत्कालै झन् आफन्तको आफ्नै घरको पीडा थपिएको रहेछ । त्यसैले उहाँले हिम्मत गरेर श्री ३ चन्द्र शमसेरलाई पत्र लेखेर पठाउनु भएको रहेछ । हजुरआमाले महाराज चन्द्र शमसेरलाई “तिमी कस्ता महाराज हौ ? तिम्रो शासनमा अवला नारीहरू अकालमै मारिएका छन् । राजा भरतले त दशरथ मरेपछि रानीहरू कौशल्या, कैकेयी र सुमित्रालाई सती पठाएका थिएनन् । न द्वापर युगमा नै महिलाहरूलाई सती पठाइन्थ्यो । यति पनि रोक्न सक्दैनौ भने महाराज भनेर किन मान्नु……”भन्दै पत्र लेखेपछि चन्द्र शमसेरले वि.सं. १९७७ मा सतीप्रथा बन्द गराएका थिए । सो कुरा पुष्टि गर्दै उनले जवाफी पत्र हजुरआमालाई पठाएका थिए । उक्त पत्रमा-“तिमीले हाम्रो आँखा खोलि दियौ । त्यसैले तिमीलाई भारदार, पुरोहितहरूसँग सल्लाह गरी मुखियानी पद्वी दियाँ” भनेर लेखिएको पत्र आफ्नै आँखाले देखेको थिएँ । साहसी हजुरआमाको त्यो हिम्मतले ममाथि आँट थपिदिएको थियो । अर्थात् म प्रेरित हुन पुगेको थिएँ । त्यस बेलादेखि नै मलाई अन्यायको विरुद्ध लड्नुपर्छ भन्ने लागेको थियो ।

**प्रश्न नं. ३. तपाईँका समकालीन साथीहरू कोको थिए ?**

मेरा समकालीन साथीहरू सविता कोइराला, आभा कोइराला, रेणु हमाल, पद्मा मानन्धर (जसलाई कादम्बिनी पनि भनिन्थ्यो आदि थिए । यी साथीहरू राणा सरकारको विरोध गर्दै स्वतन्त्रताका लागि आवाज उठाउँथे । त्यस्तै सफ्फु कोइराला पनि समकालीन साथी थिइन् ।

**प्रश्न नं. ३. तपाईँलाई सम्झना भएसम्म महिला सङ्घर्षका बारेमा बताइदिनु होस् न ?**

म सानो हुँदा मेरो बुबा मोरङ्ग सप्तरीका बडाहाकिम जर्नेल राम शमसेरको असिस्टेन्ट हुनु हुन्थ्यो । सुब्बा खिमानन्द उपाध्यायको छोरा भएकाले म बुबासँगै सरकारी डेरामा बस्थेँ र नजीकैको अङ्ग्रेजी पढाइ हुने श्री ३ जुद्ध हाइ स्कूलमा पढ्न जान्थेँ । कोइराला निवासबाट सफ्फु कोइराला, सविता कोइराला र आभा कोइराला पनि हाम्रो सरकारी डेराको बाटो हुँदै चउर नाघेर स्कूल जान आउँथे । म उनीहरूसँगै स्कूल जान्थे ।

तात्कालीन समयमा भारतमा पनि अङ्ग्रेजको साम्राज्य थियो । जसलाई ब्रिटिस इण्डिया भनिन्थ्यो । त्यसैले त्यहाँ सबै देवनागरी लिपिका भाषामा प्रतिबन्ध लगाइएको थियो । त्यहाँ अङ्ग्रेजी र उर्दू भाषा मात्र प्रशासनिक भाषा थिए । पछि बाइबल प्रचार गर्नका लागि स्थानीय भाषाको पत्रपत्रिका प्रकाशन गर्न चर्चहरूलाई स्वीकृति दिइएको थियो । यसरी स्वीकृति दिइएपछि ब्रिटिस इन्डियाभरि सानासाना छापाखानाहरू खोलिने क्रम सुरु भएको थियो । यसै क्रममा बम्बईको बैङ्कटेश्वर र गोरखपुरको गीता प्रेसले देवनागरी लिपिमा पौराणिक साहित्यको प्रकाशन गर्न सुरु गरेका थिए । अवसरको फाइदा उठाउँदै बनारसमा होमनाथ, केदारनाथ र नरेन्द्रजीले पनि देवनागरी लिपिमा पौराणिक र साहित्यिक ग्रन्थ छाप्न थालेका थिए । यस समयमा उर्दू (अरबी) को टाइप नबनेकाले र लिथो मेसिन नआएकाले सो नआएसम्म देवनागरी लिपि मै बाइबल छापिने भयो । यसरी क्रिश्चियन मिशिनरीका साहित्य छाप्दाछाप्दै देवनागरी लिपिमा अवधी, भोजपुरी, मैथिली, ब्रज र नेपालीका साहित्यहरू पनि छापिन थालेका थिए । यसरी विस्तारैविस्तारै कलकत्ताबाट अमृतबजार पत्रिका, बनारस र पटनाबाट प्रकाशित हुने पत्रिका र अखबारहरू पनि नेपाल आउन थालेका थिए । यसरी पत्रिकाहरू आउँदा राजनैतिक सङ्घसंस्थाका पर्चाहरू, पम्पलेटहरू पनि आउन थालेका थिए ।

यसरी हुलाकबाट आएका सामग्रीहरू नेपाल सरकारले जाँचे पछिमात्र वितरण गर्न दिने गरेको थियो । दोस्रो विश्वयुद्ध चर्किएको यस समयमा गोश्वाराबाट खटिएका लेटर पढ्न जान्ने सिपाही (ले.सी.) लाई गुप्तचरको रूपमा ब्रिटिस इन्डियाबाट आएका सामानहरू सेन्सर गर्ने गर्न थालिएको थियो । मेरा बुबा बडाहाकिमका असिस्टेन्ट भएकाले ब्रिटिश इण्डियातिरबाट आउने ती सामग्रीहरू हाम्रो डेरामा ल्याएर ले.सी. हरूले मात्र छान्ने र पुऱ्याउन मिल्ने जति पुऱ्याउने गर्न थालेका थिए ।

हामी जलेश्वरमा हुँदादेखि नै सरोज कोइराला बुबालाई भेट्न भेट्न आउने गर्नु हुन्थ्यो र हामीलाई राजनीतिका कुरा चाख लाग्दो गरी सुनाउनु हुन्थ्यो । अनि हामीकहाँ सेन्सरका लागि आएका पर्चा पढ्न माग्ने गर्नु हुन्थ्यो । हामी उहाँलाई सजिलै ती पर्चाहरू पढ्न दिने गर्थ्यौँ । द्वितीय विश्वयुद्धका खबर सरोज दाइले हामीलाई पढेर सुनाउने गर्नुहुन्थ्यो । अनि पर्चाहरू छुट्याएर दिदीलाई लुकाउन दिनुहुन्थ्यो । दिदीले पनि ती पर्चाहरू परालको माचमा घुसारेर लुकाउनु हुन्थ्यो । मलाई भने त्यसबेला पर्चाको रहस्य थाहा थिएन ।

बडाहाकिमले म सानो भएकाले मलाई त माया नै गर्थे, तर मलाई भने ती बडाहाकिम राम शमसेर पटक्कै मन पर्दैनथ्यो । मलाई मन नपर्नाको कारण मेरा माइला दाइ सुरक्षण भारतमा बसेर पढ्नु हुन्थ्यो ।  त्यसैले कपाल बाँकटे काटेर स्टाइल गर्ने हिरो हुनुहुन्थ्यो । एक पटक उहाँ हामीलाई भेट्न आउनु भएको बेलामा बडा हाकिमले कन्चटको रौ तान्दै "बाहुन भएर बाँकटे छाट्ने" भनेका थिए । त्यो देखेर मलाई साह्रै रिस उठेको थियो । अनि मैले भुत्भुताउँदै "मोरो गिद्धले खाने छोड् मेरो दाइलाइ" भन्दै तानेर छुटाएको थिएँ र पचासौँजना भएको ठाउँबाट दाजुलाई तान्दै लगेको थिएँ । उसले त्यो बाहुन भनेर पक्षपात गर्दै बोलेको मलाई मन परेको थिएन, म त्यसै दिनदेखि राणा विरोधी भैसकेको थिएँ । यसरी सुरु भएको राणा विरोधी मेरो आक्रोसपछि दिदीले लुकाएका ती पर्चाहरू राणा विरोधी हुन् भन्ने बुझेपछि त त्यसको सुरक्षा गरेर सम्बन्धित ठाउँमा पुऱ्याउनु मैले मेरो कर्तव्य नै ठानेको थिएँ । दिदीले लुकाएका ती पर्चाहरू कसैले नदेख्ने गरी दिदीको कम्मरमा बाँधि दिएर सरोज कोइराला, विश्वबन्धु थापा, तारणि कोइराला आदिले पाउने गरी दिन पठाउँथे । मभन्दा एकदुई वर्ष मात्र ठूली दिदी र दिदीका साथीहरू मिलेर हामी यो काम सतर्कताका साथ गर्थ्यौं । धेरैजसो आभा कोइरालाले लैजाने हुँदा बाटोमा पर्ने टेलिफोन अफिस नकाटेसम्म म आभा दिदीलाई हेरिरहन्थे । यसरी मैले धेरै सानो उमेरबाट नै प्रजातन्त्रका लागि काम गर्न थालेको थिएँ । मैले बडाहाकिमलाई गाली गरेर बोलेको सुन्ने मनमोहन मिश्र, भागिरथ खरदार, डा. राममाया बनर्जी, भूमिनाथबहादुर थापा, पूर्व अञ्चलाधीश ताराप्रसाद आदिले अब गौतम वंश मासिने भयोसम्म भनेका थिए भने बुबालाई सधैं भेट्न आउनेहरू आउन छाडेका थिए ।

यस्तो व्यवहारले म भने पुरै राणा शासन हटाउनुपर्छ भन्नेमा पुगिसकेको थिएँ । त्यसैले त वि.सं. २००३ सालको सत्याग्रहका समयमा पनि धेरै सहयोग गरेको थिएँ ।

सत्याग्रह र जुटमिल आन्दोलनका समयमा धेरै नेताहरू पक्राउ परेका थिए । उनीहरूसँग पत्राचार गराउन मैले सहयोग गरेको थिएँ । म सानो भएकाले र बुबा कर्मचारी हुनु भएकाले र बडाहाकिमका परिवारहरूले मलाई माया गर्ने भएकाले मेरो चेक जाँच हुँदैनथ्यो । यही जाँच नहुने भएकाले म विना रोकटोक चिट्ठीपत्रहरू आदानप्रदान गरिदिन्थेँ । पछि विराटनगरबाट सरुवा भएर बुबा जलेश्वर अपिलमा न्यायाधीश भएर गएपछि पनि मैले सरोज कोइराला, भद्रकाली मिश्र, महेन्द्रनारायण निधी आदिलाई पत्र पुऱ्याएर सहयोग गरेको थिएँ । त्यस्तै विराटनगरमा नै नजरबन्दमा परेका विश्वबन्धु थापालाई पनि सहयोग पुऱ्याएको थिएँ । यसरी यस आन्दोलनमा आभा दिदीसँग मैले पनि धेरै काम गरेँ ।

हुनत, महिलाले गरेको पुरानो अर्थात् मेरो सम्भनाको प्रथम सङ्घर्ष त मेरो आफ्नै हजुरआमा जीबकुमारीले सती प्रथाको विरोध गर्दै श्री ३ चन्द्र शमसेरलाई निडरतापूर्वक पत्र लेखेकोलाई नै मान्नु पर्छ जस्तो लाग्छ । अभ्र भन्ने हो भने त महिलाले कन्या अवस्थामा माइतमा, विवाह गरेपछि घरमा, दाम्पत्य जीवन सुमधुर पार्न पतिसँग, सङ्घर्ष गर्नुपर्छ भने विधवा हुँदा, वृद्ध हुँदा अर्थात् जुनसुकै अवस्थामा पनि सङ्घर्ष गर्नै परेको देखेको छु । यी त भए सामान्य अवस्थाका सङ्घर्षहरू । राजनैतिक सङ्घर्ष गर्ने समकालीनहरूका सम्बन्धमा भन्नु पर्दा आभा कोइरालाले बिराटनगरमा २००३ सालतिर गरेको सङ्घर्षलाई ठूलो मान्ने गरेको छु । राणा सरकारको कठिन निगरानीमा पनि लुक्दै घाँगरको पोल्टामा पर्चा तथा  पत्रिका लुकाएर नेतृत्ववर्ग समक्ष पर्खाल नाघ्दै पुऱ्याउने आभाको हिम्मत साँच्चै तारिफ योग्य छ । प्रजातन्त्र प्राप्तिपछि धेरैले पद पाए । आभाको कामको सम्मान भएन, तर त्यस समयमा आभा र आभाका साथीहरूले सूचना प्रवाह गर्ने काम नगरेका भए आन्दोलन सफल पार्न साह्रै गाह्रो हुने थियो ।

**प्रश्न नं. ४. तपाईँ सङ्घर्षको ठूलो उपलब्धि कुन अधिकार प्राप्तिलाई मान्नु हुन्छ ?**

वि.सं. २००३ सालको सत्याग्रहबाट सुरु भएको आन्दोलन सम्भिदा वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्ति हुनु नै ठूलो उपलब्धि हो ।तर कानुनी रूपमा अधिकार महिलालाई दिएको सम्बन्धमा हेर्दा भने एउटै नभएर क्रमैसँग अधिकार प्राप्त भएको छ भन्नु पर्छ । त्यसैले २०४६ सालको आन्दोलनको सफलता पछि ल्याइएको **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा ११ (३) ले दिएको अधिकार र २०४८ सालमा **CEDAW महा सन्धि, १९७९** मा नेपालले हस्ताक्षर गर्नु ठूलो उपलब्धि हो भने यसपछि मुलुकी ऐन, २०२० मा गरिएको एघारौँ संशोधन ठूलो उपलब्धि हो भन्ने ठानेको छु । भन् अहिलेको हरेक संरचनामा ३३ प्रतिशत स्थान सुरक्षित गर्नुपर्ने भन्ने व्यवस्था हुनुलाई २०६२ सालको जनआन्दोलन २ को ठूलो उपलब्धि मानेको छु ।

**प्रश्न नं. ५. सङ्घर्षको क्रममा कस्ताकस्ता अप्ठ्याराहरू तपईँले भोग्नु पऱ्यो ?**

वि.सं. २००३ सालमा पर्चाहरू लुकाएर राख्दा, बोकेर एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउँदा धेरै कस्ट भोगेको छु । त्यस्तै एउटा सरकारी कर्मचारीको छोरा भएर अभ्र भन्ने हो भने बडाहाकिमको असिस्टेन्ट कै छोरा भएर सरकारकै विरोधमा काम गर्दा बुबासहित मैले मात्र होइन पूरै परिवारले दुःखको सामना गर्नुपरेको छ ।

मैले तीन किसिमको सङ्घर्षको अनुभव गरेको छु- प्रथम वि.सं. १९७७ मा हजुरआमा जीवकुमारीले सती प्रथा हटाउन राणा प्रधानमन्त्री चन्द्र शमसेरलाई निर्बिघ्न भएर पत्रलेखेको सङ्घर्ष, जसको उपलब्धि तुरुन्तै सबै नेपालीहरूले सतीप्रथा उन्मूलन गरेपछि प्राप्त गरेका छन् भने अर्को हामी फिदिमका गौतमहरू श्री ३ चन्द्र शमसेरले हजुरआमालाई मुखियानी पद्वी दिएकै कारण आजसम्म पनि मुखिया नै भनेर चिनिन्छौँ ।

दोस्रो वि.सं. २००३ सालमा सुब्बा बुबा दण्डपाणी गौतम, जो राणा सरकारका बडाहाकिम राम शमसेरका असिस्टेन्ट थिए, उनको विराटनगरमा जागिर भएको समयमा भारतबाट आएका सेन्सर गर्न ल्याइएका पर्चा, पम्पलेट र पत्रिकाहरू लुकाएर राख्ने राणा सरकारको आँखा छलेर सम्बन्धित स्थानमा पुऱ्याउने काम गरेको थिएँ भने जेलमा परेकाहरूमा खबर पुऱ्याउने काम बालक अवस्थामा नै गरेको थिएँ ।

तेस्रो पञ्चायती सरकार ढाल्न २०४६ सालको आन्दोलनमा सक्रिय भूमिका निभाउनु त सामान्यै कुरो थियो । पछि भएका आन्दोलनहरूमा पनि पूरै परिवारले सङ्घर्ष गर्दै आएका छौं, जसको फलस्वरूप समान अधिकार नपाए पनि आज महिला ३३ प्रतिशतका हकदार हुन पुगेका छन् ।

**प्रश्न नं. ६. तपाईँको समयमा अधिकारका लागि गर्नु परेको सङ्घर्ष र वर्तमान समयको सङ्घर्षलाई कसरी तुलना गर्नु हुन्छ ?**

हाम्रो समयमा कसैलाई पनि बोल्ने, पढ्ने र केही गर्ने पनि स्वतन्त्रता थिएन । सबै राणा सरकारसँग त्राहीमाम थिए । पञ्चायती व्यवस्थामा भने पञ्चायती सरकारको प्रजातन्त्रवादीहरू माथि कुदृष्टि थियो । महिलाको मात्रै सवालै थिएन । अहिले भने महिलाहरूले कानुनमा अधिकार पाएका छन् । तर व्यवहारमा भने जति पाउनु पर्ने हो त्यति पाएका छैनन् । घरभित्र र घरबाहिर दुवैको जिम्मेवारी महिलाहरूमा बढ्न गएकाले त महिलाहरू झन् पीडित भएका छन् ।

**प्रश्न नं. ७. अधिकार प्रप्तिका लागि लड्ने महिलाहरूको नाम लिँदा तपाईँ ककसको नाम लिनुहुन्छ ?**

म आफ्नै हजुरआमा श्रद्धेय जीवकुमारी गौतमको नाम लिन्छु । दिदी आभा कोइराला, सबिता र सफफुको नाम लिन्छु ।

**प्रश्न नं. ८. तपाईँका विचारमा पहिलो महिला आन्दोलन कुन हो र शक्तिशाली आन्दोलन कुनकुन हुन् ?**

मेरो विचारमापहिलो महिलाहरूको प्रयास पत्रद्वारा राणा प्रधानमन्त्रीलाई त्रेतायुगमा राजा दशरथका तीनजना महारानी र द्वापर युगमा कुनै पनि रानी सती नगएको उदाहरण प्रस्तुत गर्दै सतीप्रथा हटाउन लेखेको हजुरआमा जीवकुमारीको अनुरोध पत्र लेख्ने हिम्मतलाई मानेको छु ।

**प्रश्न नं. ९. अधिकार प्राप्तिका लागि लड्दा सहिद बनेका महिलाहरू कोको थिए ?**

सहिद हुने महिला मैले श्रीमती मङ्गला देवी थारु मात्र देखेको छु ।

**प्रश्न नं. १०. अहिले महिलाहरूले पाएका अधिकारबाट तपाईँ सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने कुनकुन कुराको कमी छ ?**

अहिले महिलाहरू माथि झन् धेरै जिम्मेवारी थपिएको छ । घर परिवारको जिम्मासँगै ( कार्यालयको जिम्मा थपिएकाले महिलाहरू माथि चुनौति पनि धेरै थपिएको छ जस्तो लाग्छ ।

२०७४/८/१५

...............................

(किशोर गौतम)

धन्यवाद

## परिशिष्ट – २

एकीकृत मार्क्सवादी लेनिनवादी पार्टीकी नेत्री शान्ता मानवीसँग लिएको अन्तर्वार्ता

**नाम** : शान्ता मानवी
**ठेगाना** : जन्म अर्घाखाँची, हाल काठमाडौँ-१०

**प्रश्न नं. १. महिला अधिकारका लागि तपाईँ कहिलेदेखि सङ्घर्षमा लाग्नुभयो ?**

पूर्व-पश्चिम बाटोमा हाम्रो घर थियो । सामाजिक काममा संलग्न परिवार भएकाले बास बस्न आउनेदेखि सरसल्लाह लिन धेरै थरीका मानिसहरू आउने गर्दथे । ती आउने मानिसहरूको कुराले मलाई समाजमा अन्याय भएको र न्यायका लागि काम गर्नुपर्छ भन्ने लाग्थ्यो । उनीहरूले व्यक्त गरेकै कुराले मलाई जागरुक बनाएको थियो । जानेर बुझेर भने वि.सं. २०२८ सालदेखि मात्र राजनीतिमा आकर्षित हुँदै अधिकारका लागि लड्न सुरु गरेकी हुँ ।

**पश्न नं. २. तपाईँ कसरी राजनीतिमा लाग्न प्रेरित हुनु भयो ?**

शिक्षाको उज्यालो खोज्दाखोज्दै म दिल्ली पुगेकी थिएँ । उतै कहिले घरघरमा भाँडा माझ्ने काम गर्दै र कहिले स्कुल कलेजमा पियनको काम गर्दै पढ्न खोजेँ तर त्यसमा पनि सफल हुन सकिन र हिन्दूस्थान नै छोडेर बाहिर निस्कने मनस्थितिमा पुगेकी थिएँ ।

मेरा मितदाजु साहित्यकार मोदनाथ 'प्रश्रित' भद्रगोल जेलबाट रिहाइ भएर बनारस पुग्नु भएछ । कमरेड पुष्पलालसँग भेट भएपछि मेरा विषयमा केही कुरा हुँदा बनारसमा नै ल्याउने सल्लाह दिएर खोज्न पठाउनु भएछ र दाजुसँगै म बनारसमा आएकी हुँ । पढ्नका लागि बनारस गएको बेलामा पुष्पलाल श्रेष्ठसँग मेरो भेट भयो । राजनीतिक सरगर्मी बढ्दै गएको त्यस समयमा पछि मैले मितदाजु मोदनाथ प्रश्रितलाई भेटेँ, अनि उहाँसँगै जीवराज आश्रित, युद्धप्रसाद मिश्र, विश्वेश्वरप्रसाद कोइराला, शैलजा आचार्य, यज्ञप्रसाद आचार्यलगायत धेरै नेताहरूलाई भेट्ने मौका पाएँ । उहाँहरूसँगको भेट र सामीप्यताले मलाई राजनीतिमा आकर्षित बनायो, जसले समाजका लागि केही गर्नुपर्छ जस्तो लाग्ने गर्थ्यो । त्यसैले मलाई राजनीतिमा लाग्न प्रेरणा जगायो ।

**प्रश्न नं. ३. तपाईँका समकालीन साथीहरू कोको थिए** ?

मेरा समकालीन साथीहरू रमा अर्याल, शान्ति श्रेष्ठ, शोभा पोखरेल, द्रौपदी श्रेष्ठ, साहना प्रधान मेरा अग्रणीय नेता हुनुहुन्छ । उहाँहरू सबैलाई मैले बनारसमा नै भेटेकी हुँ । त्यस्तै सुशीला कार्की र लीला कट्टेल, पनि समकालीन हुनुहुन्छ । सुशीला कार्की हाल प्रधान न्यायाधीश पदमा आसिन हुनुहुन्छ भने द्रौपदी श्रेष्ठ पार्टीको काममा जिल्लामा नै हुनुहुन्छ । शोभा पोखरेल गृहिणी हुनुहुन्छ भने रमा अर्याल शिक्षा क्षेत्रमा हुनुहुन्छ ।

**प्रश्न नं. ४. तपाईँलाईँ सम्झना भएसम्म महिलासङ्घर्षका बारेमा बताइदिनुहोस् न ?**

समाजमा कसरी परिवर्तन ल्याउने, देशमा राजनैतिक परिवर्तन कसरी ल्याउने भनेर म सधैँ सोचिरहन्थेँ । बनारसमा सबै राजनीतिमा संलग्न व्यक्तित्वहरूसँग भेट भएपछि सबै सङ्गठित हुन सकियो भने देश, समाज, घर र परिवारमा परिवर्तन ल्याउन पक्कै पनि सकिनेछ भन्ने सोचले वि.सं. २०३२ सालमा पार्टीमा काम गर्ने विचारले नेपाल फर्कें । देशमा निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था भएकाले पार्टीहरू प्रतिबन्धित थिए । नेताहरूलाई कसरी भेट्ने, कहाँ भेट्ने साह्रै गाह्रो थियो । यस्तो अप्ठ्यारो परिस्थितिमा मैले पार्टीमा काम गर्ने विचार व्यक्त गरे । नेताहरूले मलाई काम दिनुको साटो केटीहरूलाई यहाँ काम गर्न गाह्रो हुन्छ, अन्यत्र काम खोज भन्ने जवाफ दिए । मलाई म केटी हुँ, म यो गर्न सक्दिन भन्ने केही पनि लाग्दैनथ्यो । केटा र केटी समान हुन्‌र केटाले गर्ने काम केटीले गर्न किन नसक्नु भन्ने सोच भएकी मलाई यस्तो जवाफले के गरुँ कसो गरुँ बनायो । मभित्र जागिर खानुको विकल्प रहेन, जागिर खान नागरिकता चाहिने भएकाले म नागरिकता बनाउन सि.डि.ओ. कार्यालय गएँ । त्यहाँ कर्मचारीको व्यवहारले झगडा नै गर्नुपर्‍यो । तात्कालीन भैरहवाका सहायक सि.डि.ओ. धरणीधर खतिवडाको व्यवहार मलाई मन परेन । मलाई मानिसहरू देखेर अचम्म लागिरहेको थियो । जागिरखोज्दै अन्तशुल्क कार्यालयमा साथी इन्द्रमायालाई भेट्न गएँ । त्यहाँ पनि मलाई महिला कर्मचारीहरू माथि पुरुष

कर्मचारीहरू र हाकिम पुरुषहरूको व्यवहार मन परेन । मलाई जागिर खान मन लागेन । के गर्ने? पार्टीमा नेताहरूले काम नदिने अन्त जागिर नपाइने पाए पनि व्यवहार मन नपरेका कारण के गरुँ के नगरुँ भयो । यस्तो अवस्थामा मैले बनारसमा बस्दाका बखत एकराज पाण्डेजीले भनेको सम्झेँ, उनले "सुदूर पश्चिम भारतको सीमानामा पर्ने पिंलीभित्ती भन्ने ठाउँबाट आन्दोलन सुरु गर्नुपर्छ" भनेका थिए । मैले पनि पिंलीभित्ती जाने र मजदूरहरूको सङ्गठन गर्दै पार्टीका लागि काम गर्ने विचार गरेँ । मलाई यसरी काम गरेपछि कसो पार्टीले काम नदेला त भन्ने लागेको थियो । मलाई म केटी हुँ यो गर्न सक्दिन कि मैले यो गर्न हुँदैन कि भन्ने कहिल्यै लागेन । आफ्नो अठोटलाई कार्यरूप दिन पिंलीभित्ती जान म २०३२ सालमा भैरहवाबाट रुपन्देही हुँदै हिँडेर कपिलवस्तुको बाणगङ्गा पुगेँ । अचम्म लाग्योम पुगेको मात्र के थिएँ, नेता बामदेब गौतम मलाई खोज्दै त्यहीँ आइपुग्नु भयो । अनि पार्टीको सङ्गठन गर्नुपर्ने मान्छे कता हिँडेको फर्क मसँग भन्नु भयो । म झन् छक्क परेँ । काम खोज्दा नदिने अनि अन्त जान लागेपछि आइज भन्ने । मभित्र के गर्ने के नगर्ने द्वन्द्व चल्न थाल्यो । आफूले निर्णय गरिसकेकामा एकजना नेताले भन्नेबित्तिक्कै मलाई फर्किन मन लागेन । फेरि जे चाहेको त्यही पाउँदा के गर्ने होला म दोधारमा परेँ । मैले तुरुन्त निर्णय गर्न सकिनँ, रातभर मनोयुद्ध चलिरह्यो । एक मन फर्की भन्थ्यो, अर्को मन नफर्की भन्थ्यो, तर बिहान फर्की भन्ने मनले जितेका कारण म बामदेव जीसँग फर्केँ । पछि मात्र मैले पार्टी जिल्ला कमिटीको बैठकले काम गर्छु भन्ने कार्यकर्तालाई काम दिनुपर्छ भन्ने निर्णय गरेकाले पार्टीकै निर्णयबमोजिम बामदेवजी आउनुभएको रहेछ भन्ने बुझेँ ।

यसपछि एक वर्ष पार्टीको काम गरेँ त्यहाँ सबै साथीहरूको व्यवहार राम्रो थिएन । मलाई काम गर्न केगरुँ जस्तो भइरहेको थियो, त्यसैबेला वहाँकोपेपरको जाँच दिनुपर्ने भएकाले आइ.ए. को जाँच दिन बनारस जानुपर्ने भयो । मितदाइमोदनाथ प्रश्रितले फर्म भरिदिइसक्नु भएकाले म पुनः बनारस गएँ । यसपटक मेरो भेट भरखर सुरुङ खनेर भाग्न सफल भएका नेता प्रदीप नेपालसँग भयो । उनी मितदाई मोदनाथ प्रश्रितलाई भेट्न आएका थिए । म भने बनारसमा नै बसेर पढ्नका लागि काम खोज्ने क्रममा थिएँ । झापाका दामोदर भारद्वाज र लीला शर्माले पढाउने अनाथालयमा रु. २००/- को मात्र जागिर मैले पाएको थिए । एक दिन दुर्गाघाटमा बस्ने मदन भण्डारीका काका काकीले खाना खान बोलाउनु भएकाले उहाँहरूलाई भेट्न गएको थिएँ । त्यहाँ मेरो भेट दामोदर गुरुसँग भयो । मैले जागिर खोजिदिनु भनेकीले उहाँले मलाई जागिरका लागि जगदम्वा स्कूलको प्रिन्सिपल उषा सिहंलाई दिनु भनेर एउटा कागजमा केही लेखी कागजको खेस्रा दिनु भयो । नेपाली उषा सिह पञ्जावीसँग बिहे गरेपछि त्यहाँको प्रिन्सिपल भएकी रहिछन् । यसरी पत्र दिएको देखेर पत्रका बारेमा चर्चा चल्न थाल्यो । जवाफमा दामोदर गुरुले शान्ताको जागिरका लागि उषालाई पत्र लेखेको भनेपछि जीवराज आश्रितजीले यहाँ किन काम गर्ने नेपालजानुपर्छ भन्नु भयो । उहाँले नेपालमै काम गर्नुपर्छ भनेर जोड दिँदै मलाई त्यहाँ बस्नै दिनु भएन उहाँले नै टिकट लिइदिएर मलाई नेपाल फर्काउनु भयो तर नेपालमा राजनैतिक वातावरण सजिलो थिएन । भूमिगत भएर काम गर्न थालेँ । काम गर्न गाह्रो थियो । लुकीलुकी हिँड्नु पर्ने, भेष बदलेर कहिले कहाँ, कहिले कहाँ भाग्दै हिँड्नु पर्ने । लुकेर बसेका घरमा सङ्गठन गर्न विस्तारै बोल्नुपर्ने सक्रिय नभएका गृहिणी दिदी बहिनीहरूले पुरुषसँग विस्तारै बोलेको देख्दा शङ्का गर्ने । साँच्चै काम गर्न धेरै गाह्रो थियो । महिलाहरूले सौता बस्न आएकी हुन्कि भन्ने शङ्का गर्दै गाली पनि गर्ने गर्थे । पछि हामीले भनेपछि तिनीहरूकै नेतृत्वमा सङ्ठन गर्दै अघि बढ्न सफल हुँदै गयौँ ।

यसरी काम गर्ने क्रममा मैले वि.सं. २०३२ सालदेखि वि.सं. २०३८ सालसम्म रूपन्देहीमा बसेर भूमिगत रूपमा काम गरेँ । टाटीवाला घरमा लुकेर बस्नु पर्ने, ट्वाइलेट पनि रात परेपछि मात्र जानु पर्ने । काम गर्न धेरै गाह्रो थियो । दिउँसो हामी बसेका घरमा रस्सी बाट्ने, माटोको चुल्हो बनाइदिने, खेतालाका लागि रोटी पकाइदिने काम गरेर सहयोग गर्ने गथ्यौँ । एउटै घरमा बस्दा शङ्का हुने र पक्राउमा परिने डर हुने भएकाले एउटा घरमा ३, ४ रातभन्दा बढी कहिल्यै बसिएन । धेरैपटक पक्राउमा पर्नबाट बल्लबल्ल जोगिएका थियौँ । एकपटक रूपन्देहीको दुबौलिया भन्ने गाउँमा क्रान्तिकारी महिला दिदीबहिनीहरूसँग बैठक गरेर सुतेका मात्र थियौँ । खोज्दै आएका प्रहरीहरूको पक्राउमा सबै परे, म मात्र झुक्किएर बचेछु । मलाई गाउँका दिदी बहिनीहरूले भगाइदिएका थिए । उनीहरूले कहिले पूजा कोठामा लुकाएर बचाएका थिए भने कहिले लाटीझैँ अभिनय गर्न लगाएर हात समाउँदै भगाइदिएका थिए । धेरैपटक भेष बदलेर खुट्टा लतार्दै लाटी बनेर हिँडेर पनि बचियो । एकपटक तिनाउ पारि गएर क. भीमनारायण थारु (रामु) लाई भेट्नका लागि क. बामदेव गौतमसँग जाँदैथियौँ । हामी भेष बदलेर जाँदै थियौँ । बाटामा डाकाहरू सपथ खाँदै रहेछन् । साँच्चै डरलाग्दो अवस्थामा काम गर्नु पऱ्यो ।

वि.सं. २०३८ सालदेखि वि.सं. २०५० सासम्म नवलपरासीमा बसेर पार्टीको सङ्गठन गर्ने कामसँगै महिला सङ्घलाई पुनर्गठन गर्ने काम भयो । सङ्गठन गर्ने क्रममा मेरो अध्यक्षतामा शान्ति श्रेष्ठ, द्रौपदी श्रेष्ठ, शोभा पोखरेल र रमा अर्याल भएको समिति बनारसमा नै २०२८ सालमा गठन गरिएको थियो । वि.सं. २०३७ सालमा नै मेरो केन्द्रीय अध्यक्षतामा अखिल नेपाल महिला सङ्घ केन्द्रीय तयारी समिति गठन भएको हो । उक्त समितिमा उपाध्यक्ष स्वस्ती बज्राचार्य, सचिव राधा ज्ञवाली र जया घिमिरे, सञ्जिता रावल, शोभा मैनाली र कमलाराई थिए । त्यस्तै मैले इलाका कमिटीको इन्चार्ज भएर पनि काम गरेँ । त्यसैले मैले आफ्नो इलाकाभित्रका सबै सङ्गठनहरू हेर्नुपर्थ्यो भने केन्द्रीय अध्यक्ष भएकाले नारायणी अञ्चल समेत नारायणी पश्चिमको सबै क्षेत्र मेरो जिम्मामा थियो ।

धेरैपटक सरकारका सि.आइ.डी., प्रहरीहरू र डाकाहरूसँग नयाँनयाँ आइडिया लगाउँदै भाग्नुपरेको थियो । उदाहरणका लागि एकपटक कपिलवस्तुको मोतीपुरको बण्डौली भन्ने ठाउँमा डाकाहरू भेटिए । हामीले बाटो खन्नेहरूसँग बालुवा मागेर गिलो बारुद मिसाएर फ्यूजतार गीलासमा हालेर गिलास बम बनाएर पड्काई भागेका थियौँ । आफू हर तरहले योग्य बन्नुपर्छ भन्ने सोचले बालुवाको बोराको मुख बाँधेर झुण्ड्याएर कुस्ती पनि खेल्ने गर्थ्यौँ । जसरी पनि सफल हुनुपर्छ भन्ने मेरो मान्यता थियो ।

**प्रश्न नं. ५. तपाईँले गर्नुभएको सङ्घर्षको ठूलो उपलब्धि कुन अधिकार प्राप्तिलाई मान्नु हुन्छ ?**

उपलब्धिको कुरा गर्दा वि.सं. २०३६ सालदेखि ७१ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालिएको हो । यसरी श्रमिक महिला दिवश मनाउन थालेदेखि महिलाहरूलाई एकजुट भएर काम गर्न सजिलो भएको थियो । यसले महिलाहरूमा जागरण ल्याइदियो । छोरीलाई पनि पढाउनु पर्छ, महिला र पुरुषमा विभेद गर्न हुँदैन भन्ने कुरामा दृढ बन्दै आज हामी वि.सं. २०७२ को संविधान र समानता उन्मुख कानुन बनाउनसम्म सफल भएका छौं । यसलाई सङ्घर्षको राम्रो उपलब्धि मान्नु पर्छ ।

**प्रश्न नं. ६. तपाईँको समयमा अधिकारका लागि गर्नुपरेको सङ्घर्ष र वर्तमान समयको सङ्घर्षलाई कसरी तुलना गर्नु हुन्छ ?**

जीवन सङ्घर्ष हो । हिजोका चुनौतीहरू र आजका चुनौतिहरू फरक छन् । आजका महिलाका अवस्था र समस्या भिन्न छन् । अस्तिका महिलाहरूको के कुरा गर्नू ? बाँच्ने अधिकार नै महिलालाई थिएन । पति मरेपछि जिउँदै सती पठाइन्थ्यो । हिजोका महिलाहरू उजुरी दिन निवेदन समेत लेख्न सक्दैनथे । लेख्न जाने पनि मान्यता अदालतले नदिएकाले पुरुषहरूलाई लेख्न लगाउनु पर्थ्यो । आज भने समान अधिकार स्थापित हुने क्रममा छ । ३३ प्रतिशत स्थान महिलाका लागि सुरक्षित गरिएको छ । कार्यान्वयनका लागि आवाज उठिरहेको छ तर मेरो विचारमा भने हिजोभन्दा आज झन् महिलाहरूमा चुनौतीहरू थपिएका छन् । आज पुरुषहरू झन् स्वतन्त्र भएका छन् । हिजो महिलाहरू घरभित्र मात्र सीमित थिए कमाएर ल्याएर महिलाहरूलाई पाल्नु पुरुषहरूको जिम्मेबारी थियो । आज महिलाहरूमाथि घरभित्रदेखि घरबाहिरसम्मको जिम्मेवारी थपिएको छ । दोहोरो जिम्मेबारीले उनीहरू आज झन् व्यस्त र त्रस्त हुनपुगेका छन् । महिलाले कमाउन थालेकाले पुरुषहरू झन् स्वतन्त्र हुनपुगेका छन् । त्यसैले महिलामाथि आज आर्कै किसिमको चुनौती थपिएको छ । मलाई लाग्छ महिलाहरूले झन् सोचेर बढ्नुपर्ने भएको छ ।

**प्रश्न नं. ७. अधिकार प्रप्तिका लागि लड्ने महिलाहरूको नाम लिँदा तपाईँ ककसको नाम लिनुहुन्छ ?**

अधिकारका लागि मसँग लड्ने महिला साथीहरूको नाम लिँदा अष्टलक्ष्मी शाक्य, सञ्चिता रावल, सुजिता शाक्य, सीता पौडेल, सीता गिरी, गोमा के.सी. उमा अधिकारी, मीना खड्का पाण्डे, गौरा प्रसाई, सीता खड्, पूर्णशोभा चित्रकार, सुशिला श्रेष्ठ, सन्धया श्रेष्ठ आदिलाई सम्झन्छु ।

**प्रश्न नं. ८. तपाईँका विचारमा पहिलो महिलाआन्दोलन कुन हो र शक्तिशाली आन्दोलन कुन कुन हुन् ?**

वि.सं. १९७३ मा महिलासमिति गठन भएको थियो । यस समितिमा दिब्या कोइराला, मोहनकुमारीलगायत योगमाया आदि थिए । योगमायाले जुद्धशमसेरसँग धर्मराज्यको माग सङ्गठित रूपमा राखेकी थिइन् पूरा नभएपछि ठूलो सङ्ख्यामा महिलाहरू जेल परेका थिए भने पहिलोपटक संयुक्त रूपमा ६८ जनाले जलसमाधि लिएका थिए । महिलाको नेतृत्वमा गरिएको यो नै ठूलो आन्दोलन थियो । यसपछि वि.सं. २००४ सालमा मङ्गलादेवीको अध्यक्षतामा गठन गरिएको महिलासङ्घका सदस्यहरूले प्रथमपटक साङ्गठनिक रूपमा पढ्नका लागि विद्यालय र मताधिकारको माग राख्दै पद्म शमसेरसमक्ष गएका र सो अधिकार प्राप्त गर्न सफल भएका थिए । वि.सं. २००८ सालमा भारतीय प्रमधानमन्त्री जवाहलाल नेहरुलाई स्वागत गर्ने कि नगर्ने भन्नेमा विवाद भएपछि महिलासङ्घमा वैचारिक विभाजन भयो र

यो टुक्रिएको थियो । कामाक्षादेवीको नेतृत्वमा २००८ सालमा नेपाल महिला सङ्गठन जन्मिएको थियो । यिनै महिलासङ्घ र महिलासङ्गठनले महिलाका अधिकारका लागि समयसमयमा आन्दोलन गर्दै आएका छन् । २०६२ सालमा सात दल र माओवादीबीच १२ बुँदे समझदारीपछि गरिएको संयुक्त आन्दोलनमा महिलाहरूले उल्लेखनीय सङ्घर्ष गरेका थिए । त्यसकै प्रतिफल आज झण्डै ३३ प्रतिशत सभासद् महिला छन् भने सभामुख, प्रधान न्यायाधीश, राष्ट्रपति महिला छन् । म पनि महिला फुल मन्त्री बनेकी छु । त्यसैले सबै आन्दोलन कै उपलब्धिहरू हुन् तथा महिलाअधिकार स्थापित गर्न सशक्त देखिएका छन् । सबैको आआफ्नो महत्त्व छ ।

**प्रश्न नं. ९. अधिकार प्राप्तिका लागि लड्दा सहिद बनेका महिलाहरू कोको थिए ?**

अखिल नेपाल महिला सङ्घको झण्डा लिएर निस्केका सानु मिश्रसहित तीनजना महिलाहरू दोलखामा सहीद भएका थिए । त्यस्तै जदुकोहामा सम्झना दाहालसहित तीनजना महिलाहरू सहीद भएका थिए । कम्युनिस्ट पार्टीको संस्थापक सदस्य मोतीदेवी र कामाक्षादेवीलाई पनि सहीद नै मान्नु पर्छ ।

**प्रश्न नं. १०. अहिले महिलाहरूले पाएका अधिकारबाट तपाईँ सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने कुनकुन कुराको कमी छ ?**

सैद्धान्तिक रूपमा अहिले महिलाहरूले धेरै अधिकारहरू पाएका छन् ।यसलाई ७५ प्रतिशत भन्न सकिएला तर व्यवहारमा भने सो अधिकार प्राप्त हुनसकेको छैन । धेरै कम अधिकार मात्र उपभोग गर्नसकेका छन् । अहिले प्राप्त अधिकारले महिलाहरूमा धेरै हिम्मत बढाएको छ ।चेतनामा वृद्धि गराएको छ । हामी त केटी मान्छे ? भन्ने सोच हटाएर हामी के कम् भन्ने भाव बढाइदिएको छ । अझ भन्नु पर्दा यसले सकारात्मक सोच बढाइदिएको छ । इच्छा शक्ति, आँट र निरन्तरताले प्रत्येक व्यक्तिलाई गन्तव्यमा पुऱ्याउन सक्छ । यसलाई राम्रो उपलब्धि मान्नु पर्छ ।

शान्ता मानवी

२०७३/०२/०९ (शान्ता मानवी)

धन्यवाद

## परिशिष्ट – ३

नेपाली कांग्रेसकी नेत्री मीना पाण्डेसँग लिएको अन्तर्वार्ता

**नाम** : मीना पाण्डे
**ठेगाना** : सर्लाही, हाल बत्तिसपुतली, काठमाडौँ
**पद** : मन्त्री (२०५४)

**प्रश्न नं. १. महिलाअधिकारका लागि तपाईँ कहिलेदेखि सङ्घर्षमा लाग्नुभयो ?**

वि.सं. २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रलाई हटाएर पञ्चायती व्यवस्था लागु गरेपछि प्रजातान्त्रिक नेताहरूमाथि अत्याचार गर्दै बन्दी बनाउने क्रम सुरु भएको थियो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालगायत ठूलाठूला नेताहरूलाई बन्दी बनाएपछि जेल बाहिर बसेका नेताहरू प्रजातन्त्र पुनर्स्थापनाका लागि प्रयास गर्दै थिए । यही प्रजातान्त्रिक आन्दोलन गर्ने क्रममा मेरा दाजु शिवबहादुर खड्का पनि पक्राउ पर्नुभयो । दाजु पक्राउ परेपछि भरखर विवाह भएकी भाउजू दुर्गा खड्का र हामी सानासाना भाइबहिनीहरू माथि प्रहरीको कडा निगरानी रहेको थियो । हामीलाई घरमा बसेर खान पनि नदिने सधैँ केरकार र टर्चर दिनेजस्ता कामहरू भइरहन्थ्यो । प्रहरीको यस्तो व्यवहारले म बुझ्ने हुनुभन्दा पहिलादेखि नै प्रजातन्त्रवादी भैसकेको थिएँ । त्यस समयमा गर्नुपरेको सङ्घर्षले मलाई राजनैतिक सङ्घर्षमा लाग्न प्रतिबद्ध बनाइसकेको थियो ।

**पश्न नं. २. तपाईँ कसरी राजनीतिमा लाग्न प्रेरित हुनुभयो ?**

दाजु शिवबहादुर खड्काको गिरफ्तारी पछि मैले पञ्चायती सरकारले गर्ने अत्याचारलाई नजिकैबाट बुझ्ने मौका पाएँ । मैले नजीकैबाट भाउजु दुर्गा खड्काले प्रजातन्त्रवादीहरूलाई सहयोग गरेको देखेको थिएँ । म भाउजूसँगै पढ्न बसेकी हुनाले म पनि भाउजुजस्तै प्रजातन्त्रवादीलाई सहयोग गर्न थालेँ । उनीहरूलाई सरकारले दिएको यातनाले यस्ता निरङ्कुशवादीहरूलाई नहटाई हुन्न, नत्र यिनीहरूले सर्वसाधारणलाई झन् दुःख दिन्छन् भन्ने सोचेर म राजनीतिमा लाग्न प्रेरित हुन पुगेँ ।

**प्रश्न नं. ३. तपाईँका समकालीन साथीहरू कोको थिए ?**

मेरा समकालीन साथीहरू उमा अधिकारी, प्रतिमा पाठक, ज्योति भण्डारी, शशी श्रेष्ठ, सरिता वन, अनार बस्नेत आदि थिए । मैले पद्मकन्या कलेजमा पढ्दा भेटेका साथीहरू शशी श्रेष्ठ, विमला थापा हुन् भने आन्दोलनका क्रममा भेटेका पम्फा भुषाल, पावना जोशी, शोभा कोइराला र सुषमा बाँस्कोटा थिए । सबैलाई मैले काठमाडौँमा नै भेटेकी हुँ । समिता खड्गी, श्रीमिला सुवाल, अम्बिका बस्नेत, गोमा उप्रेती, पियुष शर्मा, कमला पन्त, गोता न्यौपाने, एलिजा अधिकारी, कृष्णा अमात्य, विना बुढाथोकी, समा शाही, लक्ष्मी जि.सी. र गोमा जि.सी. थिए । त्यस्तै सुरुदेखि नै राजनीतिमा लाग्न साथ दिने मेरी भाउजू दुर्गा खड्काको नाम लिन पनि मैले बिर्सनु हुँदैन ।

**प्रश्न नं. ४. तपाईँलाई सम्झना भएसम्म महिलासङ्घर्षका बारेमा बताइदिनु होस् न ?**

सानैदेखि घरको वातावरण राजनीतिमय भए पनि म आफैँ सक्रिय रूपमा भने कलेजमा पढ्न थालेपछि लागेकी हुँ । सबैसँग भेट भएपछि सबै सङ्ठित हुनसकियो भने देश र समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने सोच थियो, तर कसरी उपाय थिएन । हामी घट्टेकुलोमा डेरामा बस्थ्यौँ । म काठमाडौँमा नै पढ्थे । हाम्रो अवस्था यति नाजुक थियो कि आफ्नो बारेमा भन्दा राजनीतिमा सङ्गठन गर्नेतर्फ केन्द्रित हुँदा आफ्नो खाने बस्ने ठेगान नै हुँदैनथ्यो । धेरैपटक भोकभोकै हिँडियो भने धेरै त्रासदीपूर्ण यातना सहियो । वि.सं. २०३२ सालमा भूमिगत पार्टी भएकाले भेटघाट गर्न सजिलो थिएन । हामी सबै काम लुकेर गर्ने गर्थ्यौं । दुःखको त के कुरा गर्नु एकपटक त भोक र प्यासले हिँड्दाहिँड्दै एक दिन डिल्लीबजार पिपलको बोट नजिकै बेहोस नै भएछु । २०३५ सालमा जब म बी.ए. मा भर्ना भएर पद्मकन्या कलेजमा पढ्दै थिएँ, त्यसबेला जुल्फीकर अलि भुट्टोलाई पाकिस्तानमा फाँसी दिएपछि नेपालमा विद्यार्थीहरूले पनि विरोध कार्यक्रम राखेका थिए । विरोधपत्र दिन गएको जुलुसलाई पञ्चायती सरकारले लाठीचार्ज गऱ्यो । धेरै पक्राउ परे, धेरै घाइते भए । यसको विरोधमा पुनः आन्दोलन चर्कियो । यस आन्दोलनमा पद्मकन्या कलेजबाट महिलाहरूको नेतृत्व गर्दै आन्दोलनमा बढे । उमा रेग्मी, पावना जोशी, शोभा कोइराला, सुषमा बाँस्कोटासँगै पक्राउमा परेँ । यो आन्दोलनमा अनेक तरहले काम गर्दै जोशिलो

भाषण दिएको सम्झना अझै पनि समकालीनहरू बीच ताजा रहेको छ । हामी पद्मकन्या कलेजमा पढ्ने छात्राहरू नेपाल ल क्याम्पस, त्रिचन्द्र क्याम्पस, शङ्करदेव क्याम्पस, थापाथली क्याम्पस, रत्नराज्य क्याम्पस आदि उपत्यकाका क्याम्पसहरूमा गएर हडताल गर्दै कक्षा बन्द गराएर जुलुस निकाल्ने गर्थ्यौं । प्रत्यक्ष रूपमा नेतृत्वदायी भूमिका बहन गर्दा धेरै यातना खप्नुपरेको थियो तर अधिकार प्रजातन्त्र आएपछि पाइन्छ भन्ने आशामा हामी पञ्चायतका विरुद्ध जे गर्न पनि तयार थियौं । यसरी आन्दोलन गरेपछि वि.सं. २०३६ सालमा राजाबाट जनमत सङग्रहको घोषणा गरियो । बहुदलवादीले हारे पनि अल्पमतको कदर गर्ने भन्दै वातावरणमा केही खुलापन आएको थियो । कलेजमा युनियनको चुनाव हुने भयो । मैलै प्रथमपटक नै नैतृत्व गर्ने मौका पाएँ । पद्म कन्या कलेजमा म अध्यक्ष भएँ । उपसभापति ज्योति भण्डारी, सचिव प्रतिमा पाठक सदस्य सरिता वन, विजयी भएका थियौं । अलिकति खुला वातावरण देखिए पनि स्वतन्त्रता प्राप्त हुन सकेन, एकैपटक अधिकार आउने होइन रहेछ । पुनः २०४२ सालमा पनि सत्याग्रहको आह्वान नेपाली काङ्ग्रेसले गरेको थियो । नेपाल विद्यार्थी सङ्घको पन्ध्रौं जन्मदिवशको उपलक्ष्यमा भोटाहिटीमा कार्यक्रम राखिएको थियो । त्यहाँबाट समिता खड्गीलगायत हामी धेरै महिलाहरू पक्राउ पर्‍यौं । सत्याग्रह कै बीचमा बम बिस्फोट गरिएपछि सम्झौताअनुसार सत्याग्रह रोक्नु पर्‍यो । यसपछि पुनः सात बाम घटकको नेतृत्व साहना प्रधानले गर्नु भएपछि सात बामसहित संयुक्त आन्दोलन गणेशमान सिंहको नेतृत्वमा गरियो । यस आन्दोलनमा धेरै दिदीबहिनीहरूको नेतृत्व गर्दै जुलुस निकाल्ने, भाषण दिने, पर्चा पम्प्लेटिङ गर्नेजस्ता कामहरू गर्ने क्रममा पक्राउ परेकी हुँ । २०४७ साल चैत्र २० गते दलहरूमाथि लागेको प्रतिबन्ध फुकुवा भएपछि देशमा प्रजातन्त्र त आयो, तर महिलाले अधिकार पाउन सकेका थिएनन् । त्यसैले पटकपटक जुलुस निकाल्ने, विरोधका कार्यक्रम गर्ने, सल्लाह सुझाव दिनेजस्ता कामहरू गरिरहें । २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएपछि प्रथमपटक लीला कोइराला, दोस्रो पटक साहना प्रधान र तेस्रो पटक २०५४ सालमा म महिला बालबालिका तथा समाज कल्याण मन्त्री बने । यस समयमा मैले महिलाहरूलाई सम्पत्तिमा समान अधिकार दिनुपर्छ कि पर्दैन भन्ने विवाद समाधान गराउन धेरै छलफलका कार्यक्रमहरू गराउनाका साथै बेजिङ्ग सम्मेलन, १९९५ को निर्देशनलाई कार्यरूप दिन धेरै कामहरू गरें । यसपछि पनि महिला अधिकारका लागि सदनदेखि सडकसम्म गएर आवाज उठाउँदै आएको थिए । २०५८ सालमा **नयाँमुलुकी ऐन**, २०२० मा एघारौं संशोधन गरिएपछि यसले दिन दसकेका अधिकारका लागि गरिएका कार्यक्रमहरूमा सहभागी हुँदै आएकी छु । २०६१ सालमा राजा ज्ञानेन्द्रले संसद विघटन गरेर आफ्नो हातमा शक्ति लिएपछि संसद पुर्नस्थापना गर्नुपर्छ भन्ने आन्दोलनमा धेरैपटक पक्राउ परेको छु । २०६२ सालमा माओवादीहरूसँग १२ बुँदे समझदारी गरेपछि संयुक्त जनआन्दोलन २, सुरु गरिएको थियो, त्यसमा पनि धेरै माथि ज्यादती भएको थियो । १९ दिनको आन्दोलनपछि संसद पुर्नस्थापना गरियो । अहिले देशमा गणतन्त्र आएको छ। संविधान सभामा ३३ प्रतिशत स्थान महिलाको हुनुपर्छ भनिएको छ। यसरी निरन्तर रूपमा महिला अधिकारका लागि लडिरहेकी छु।

**प्रश्न नं. ५. तपाईंले गर्नुभएको सङ्घर्षको ठूलो उपलब्धि कुन अधिकार प्राप्तिलाई मान्नु हुन्छ ?**

उपलब्धिको कुरा गर्दा वि.सं. २०३२ सालदेखि नै अधिकारका लागि सकेको सहयोग गर्दै आएको छु । सुरुदेखि नै कैही न केही अधिकार प्राप्त हुँदै आएको देखेको छु । २०३५/०३६ को आन्दोलनको परिणाम जनमत सङ्ग्रहको घोषणा राजा वीरेन्द्रबाट गरिएको थियो । फलस्वरूप वातावरणमा केही खुला पन आयो । यतिमात्र होइन यसै समयबाट कलेजहरूमा बिद्यार्थीहरूले सङ्गठन गर्न पाउने भए । त्यसै समयमा पद्मकन्या कलेजमा विद्ययार्थीहरूको निर्वाचन गरिएको थियो जसमा मैले प्रथम सभापति हुने मौका पाएकी थिएँ । त्यस्तै, वि.सं. २०४६ सालको आन्दोलन पछि जारी गरिएको **नेपाल अधिराज्यको संविधान**, २०४७ मा महिलाका सम्बन्धमा विशेष व्यवस्था गरिएको थियो । जसमा टेकेर अधिकार कर्मीहरूबाट समानताका लागि सर्वोच्च अदालतमा रिटहरू दर्ता गरिएका थिए । यसको परिणाम **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौं संशोधन भएको थियो । यसरी नै २०६२ सालमा भएको दोस्रो जन आन्दोलनपछि ल्याइएको अन्तरिम संविधानमा त महिलाको हक भन्ने छुट्टै धाराको नै व्यवस्था गरिएको छ भने प्रत्येक राज्यका संरचनामा ३३ प्रतिशत स्थान महिलाका लागि सुरक्षित गर्नु पर्ने भन्नाका साथै सम्पत्तिमा छोरा र छोरीमा बराबर अधिकार, प्रजनन् सम्बन्धी अधिकार जस्ता अधिकार हरू दिइएको छ । यसरी पटकपटक महिलाका लागि अधिकार भन्दै सडक र सदनमा आवाज उठाउँदै छोरीलाई पनि पढाउनुपर्छ, महिला र पुरुषमा विभेद गर्न हुँदैन भन्ने कुरामा दृढ बन्दै हिँडिएको थियो, र विस्तारै विस्तारै अधिकार पाउन महिलाहरू सफल भइरहेका छन् ।भरखर आएको नेपालको संविधान २०७२ ले झन् बढी

अधिकार दिदैछ । यसलाई सङ्घर्षको राम्रो उपलब्धि मान्नु पर्छ । तर समानताका लागि पटकपटक लडेका छौँ तर समान अधिकार अझ स्थापित हुन सकेको छैन ।

**प्रश्न नं. ६. तपाइँको समयमा अधिकारका लागि गर्नुपरेको सङ्घर्ष र वर्तमान समयको सङ्घर्षलाई कसरी तुलना गर्नु हुन्छ ?**

हाम्रो समयमा बोल्न नै पाइँदैन थियो । पत्रपत्रिकामा लेख्ने भन्ने त कुरै थिएन । पञ्चायती सरकार हिँडेको बोलेको सबै चियो र चर्चो गरिरहन्थ्यो । मान्छेलाई भेला गरेर बोल्ने भनेको त साह्रै ठूलो क्रान्ति थियो । वि.सं. २०३५ सालमा विद्यार्थीहरूका बीचमा बसेर पञ्चायती ताना शाहको विरोधमा माइक लिएर बोल्नु साह्रै ठूलो काम थियो । के लोग्ने मानिस के स्वास्नी मानिस कोही पनि खुलेयाम बोल्न चाहँदैन थिए । केटीहरूको त कुरै छाडौं । त्यस समयमा आवाज उठाउने महिलाहरूको नाम औँलामा गन्न सकिन्छ । २०४७ बाट नै वातावरणमा खुलापन आएको छ । राजनैतिक आस्था बोक्नेहरूले निर्धक्क आवाज उठाउन सकेका छन् । झन् आजभोलि त के कुरा गर्नु समान अधिकार स्थापित हुने क्रममा छ । ३३ प्रतिशत स्थान महिलाका लागि सुरक्षित गरिएको छ । कार्यान्वयनका लागि आवाज उठिरहेको छ । यसरी हेर्दा हाम्रो समयका महिलाहरूले भन्दा अहिलेका महिलाहरूले धेरै अधिकार पाएका छन् ।

हिजो र आजको अवस्थालाई तुलना गर्ने हो भने आज महिलाहरूलाई अर्कै किसिमको समस्या थपिएको छ जस्तो लाग्छ । आजको खुला वातावरणमा हिजोभन्दा आज झन् महिलाहरूमा चुनौतीहरू थपिएका छन् । आज पुरुषहरू झन् स्वतन्त्र भएका छन् । हिजो महिलाहरू घरभित्र मात्र सीमित थिए कमाएर ल्याएर महिलाहरूलाई पाल्नु पुरुषहरूको जिम्मेबारी थियो । आज महिलाहरूमाथि घरभित्रदेखि घरबाहिरसम्मको जिम्मेबारी थपिएको छ । दोहोरो जिम्मेवारीले उनीहरू आज झन् व्यस्त हुनपुगेका छन् । महिलाले कमाउन थालेकाले पुरुषहरू झन् स्वतन्त्र हुनपुगेका छन् । त्यसैले महिलामाथि आज जिम्मेबारीसँगै चुनौतीपनि थपिएको छ ।

**प्रश्न नं. ७. अधिकार प्रप्तिका लागि लड्ने महिलाहरूको नाम लिँदा तपाइँ ककस्को नाम लिनुहुन्छ ?**

अधिकारका लागि मसँगसँगै लड्ने महिला साथीहरूको नाम लिँदा म दुर्गा खड्का, लिला भौजू, प्रतिमा पाठक, सरिता वन, सुषमा बाँस्कोटा, अनार बस्नेत, अष्टलक्ष्मी शाक्य, कल्याणी शाह, उमा अधिकारी, सञ्चिता रावल, सुजिता शाक्य, सीता पौडेल, सीता गिरी, गोमा के.सी. उमा अधिकारी, गौरा प्रसाई, सीता खड्का, प्रेमलता रेग्मी, दुर्गा घिमिरे, शान्ता थपलिया आदिलाई सम्झन्छु ।

**प्रश्न नं. ८. तपाइँका विचारमा पहिलो महिला आन्दोलन कुन हो ? र शक्तिशाली आन्दोलन कुनकुन हुन् ?**

वि.सं. १९७३ मा पुरुषहरूको भन्दा पनि पहिला महिला समिति गठन भएको थियो । योगमायाले जुद्धशमसेरसँग धर्मराज्यको माग सङ्गठित रूपमा राखेकी थिइन् । पूरा नभएपछि ठूलो सङ्ख्यामा महिलाहरू जेल परेका थिए भनेपछि संयुक्त रूपमा ६८ जनाले जलसमाधि लिएका थिए । मेरो विचारमा महिलाको नेतृत्वमा गरिएको यो नै प्रथम आन्दोलन थियो । ठूलोको कुरा गर्दा समयअनुसार गरिएका आन्दोलनहरू सबैलाई ठूलो मान्नु पर्छ । त्यसैले राणाकालमा वि.सं २००४ सालमा मङ्गलादेवीको अध्यक्षतामा गठन गरिएको महिला सङ्का सदस्यहरूले प्रथमपटक अधिकार माग्न राणाको सामुन्ने जानु , वि.सं. २००३ सालको विराटनगर जुटमिल आन्दोलनमा दिव्या कोइराला, नलिनी कोइराला र इन्दिरा आचार्यआन्दोलन गर्दै जेल पर्नु, वि.सं. २००८ सालमा भारतीय राजदुतलाई स्वागत गर्ने कि नगर्ने भन्नेमा विवाद पछि विरोध गर्ने शान्ता श्रेष्ठको सक्छौं भने गोली ठोक भन्नु, वि.सं. २०३५ सालमा कलेजको युनिफर्म सारी बदल्दै कलेज कलेजमा गएर हडताल गर्नु लगायत सडक र सदनमा बसेर गरिएका सबै आन्दोलनहरू आआफ्ना ठाउँमा ठूला छन् जस्तो मलाई लाग्छ । त्यसैले सबै आन्दोलनको आआफ्नो महत्त्व छ ।

**प्रश्न नं. ९. अधिकार प्राप्तिका लागि लड्दा शहीद बनेका महिलाहरू कोको थिए ?**

अखिल नेपाल महिला सङ्घको झण्डा लिएर निस्केका सानु मिश्रसहित तीनजना महिलाहरू दोलखामा सहीद भएका थिए । त्यस्तै जदुकोहामा सम्झना दाहालसहित तीनजना महिलाहरू सहीद भएका थिए ।

**प्रश्न नं. १०. अहिले महिलाहरूले पाएका अधिकारबाट तपाइँ सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने कुनकुन कुराको कमी छ ?**

कानुनले दिएको अधिकार महिलाहरूले सबै व्यवहारमा प्राप्त गर्न नसके पनिआज महिलाहरूले हिजोका तुलनामा धेरै अधिकारहरू पाएका छन् । समान अधिकार खोजेकामा अहिलेको ७० प्रतिशत प्राप्त गरेका छन् भन्न सकिन्छ । समान अधिकार पाउन नसके पनि अहिले प्राप्त अधिकारले महिलाहरूमा धेरै हिम्मत बढाएको छ । चेतनामा वृद्धि गराएको छ । हामी त केटी मान्छे भन्ने सोच हटाएर हामी के कम भन्ने भाव बढाइदिएको छ । अझ भन्नुपर्दा यसले सकारात्मक सोच बढाइदिएको छ । इच्छा शक्ति, आँट र निरन्तरताले प्रत्येक व्यक्तिलाई गन्तव्यमा पुऱ्याउन सक्छ । यसलाई राम्रो उपलब्धि मान्नुपर्छ ।तर पुरुष वर्गमा रहेको पुरुषवादी सोचलाई हटाउन भने अझ सबैले मिलेर सङ्घर्ष गर्न बाँकि नै छ जस्तो लाग्छ । यो आन्दोलन प्रत्येक महिलाले घरबाट नै सुरु गर्नुपर्छ जस्तो मलाई लाग्छ ।

२०७४/०१/०९ (मीना पाण्डे)

धन्यवाद !

# परिशिष्ट-४

जलसमाधि लिने महिला तथा पुरुषहरूको नामावली


| नाम | उमेर | लिङ्ग | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. योगमाया, भोजपुर | ७४ | महिला | विधवा | |
| २. गङ्गादेवी, भोजपुर | ४८ | महिला | विधवा | योगमायाको भाइबुहारी |
| ३. नैनकला निरौला, भोजपुर | ३२ | महिला | विधवा | योगमायाकी छोरी |
| ४. दुखुना कुमारी, भोजपुर | १७ | महिला | विवाहित | गङ्गाकी छोरी |
| ५. गङ्गादेवी अधिकारी, भोजपुर | | महिला | विवाहित | |
| ६. मनमाया बस्नेत, भोजपुर | ३८ वर्ष | महिला | विधवा | रत्नमान सहीदकी पत्नी |
| ७. मायादेवी, भोजपुर | २१ वर्ष | महिला | विवाहित | रत्नमानकी छोरी |
| ८. कमलादेवी, भोजपुर | १७ वर्ष | महिला | विवाहित | रत्नमानकी माहिली छोरी |
| ९. हीरादेवी, भोजपुर | १० वर्ष | महिला | विवाहित | रत्नमानकी साँहिली छोरी |
| १०. कौशिलादेवी, | ८ वर्ष | महिला | अविवाहित | रत्नमानकी कान्छी छोरी |
| ११. टेकबहादुर बस्नेतको छोरी | | महिला | | |
| १२. नरजङ्ग बस्नेतकी कान्छी श्रीमती | | महिला | | |
| १३. जेठी राइनी | | महिला | | |
| १४. जेठी राइनीकी छोरी | | महिला | | |
| १५. इन्द्रमाया थापा | | महिला | | |
| १६. इन्द्रमायाकी छोरी | | महिला | | |
| १७. चमेली घर्तिर्नी | | महिला | | दास उन्मूलन पछि आश्रममा बसेकी |
| १८. घर्तिनी | | महिला | | ऐजन |
| १९. घर्तिनी | | म्हिला | | ऐजन |
| २०. घर्तिनी | | महिला | | ऐजन |
| २१. घर्तिनी | | महिला | | ऐजन |
| २२. साहिली घर्तिनी | | महिला | | योगमाया सित हिमाल गएकी |
| २३. माहिली नेवार्नी | | महिला | विवाहित | |
| २४. भजिनी जोगिनी | | महिला | विवाहित | |
| २५. गोपीकृष्णकी आमा | रसुवा | महिला | विवाहित | |
| २६. गोपीकृष्णकी दिदी | रसुवा | महिला | | |
| २७. टेकबहादुरकी पत्नी | संखुवासभा | महिला | विवाहित | |
| २८. टेकबहादुरकी छोरी | संखुवासभा | महिला | | |
| २९. कान्छी थापा | संखुवासभा | म्हिला | विवाहित | |
| ३०. घिमिरेनी | संखुवासभा | महिला | विवाहित | |
| ३१. मनमाया खड्का | संखुवासभा | महिला | विवाहित | |
| ३२. तिलक विक्रम थापाकी छोरी | संखुवासभा | महिला | विवाहित | |
| ३३. मिश्रिनी | संखुवासभा | महिला | विवाहित | |
| ३४. इन्द्रमाया बास्तोला | संखुवासभा | महिला | विवाहित | इन्द्रमाया न्यौपानेकी दिदी |
| ३५. नरमाया खतिवडा | संखुवासभा | महिला | विवाहित | इन्द्रमाया कै दिदी |

| | | | | |
|---|---|---|---|---|
| ३६. जेठी मझिनी | | महिला | विवाहित | |
| ३७. माहिली मझिनी | | महिला | विवाहित | |
| ३८. ढङ्गेल्नी बज्यै | | महिला | विवाहित | |
| ३९. भीमबहादुर बस्नेतकी पत्नी | | महिला | विवाहित | |
| ४०. भीमबहादुर बस्नेतकी जेठी छोरी | | महिला | विवाहित | |
| ४१. भीमबहादुर बस्नेतकी कान्छी छोरी | | महिला | | |
| ४२. ढाडीकी कटुवाल्नी | दिङ्ला | महिला | विवाहित | |
| ४३. कटुवाल्नीकी छोरी | | महिला | | |
| ४४. काइँली कमिनी | भोजपुर | महिला | विवाहित | |
| ४५. नन्दकुमारी न्यौपाने | भोजपुर | महिला | विवाहित | |
| ४६. हर्कमाया बस्नेत | दिङ्ला | महिला | विवाहित | |
| **पुरुषहरू** | | | | |
| १. प्रेमनारायण भण्डारी( दण्डी स्वामी,नारायणनन्द | वर्ष ४४ | | | |
| २. जबमुलाल भण्डारी | वर्ष १७ | महानन्दका छोरा | | |
| ३. डिल्लीबहादुर बस्नेत | | | | |
| ४. डिल्लीबहादुर बस्नेतका छोरा | | | | |
| | | | | |
| ५. टेकबहादुर बस्नेत | | | | |
| ६. टेकबहादुर बस्नेतका छोरा | | | | |
| ७. नरजङ्ग बस्नेत | | | | |
| ८. जेठो घर्ती | डोकोमा योगमायालाई बोक्ने व्यक्ति | | | |
| ९. फेरी लगाउने जोगी | | | | |
| १०. पण्डित गोपीकृष्ण खतिवडाको बाबु | यिनका आमा र दिदीले पनि जल समाधि लिएका थिए । | | | |
| ११. उनको भाइ | | | | |
| १२. रघुनाथ तिवारी, काठमाडौँ | | | | |
| १३. आसामे ब्राम्हण, आसाम | | | | |
| १४. भीमबहादुर बस्नेत | उनका पत्नी र चार छोरी पनि | | | |
| १५. कटुवाल्नीको छोरा, ढाडी | आमा र दिदी पनि | | | |
| १६. नाम छैन | | | | |
| १७. नाम छैन | | | | |

***स्रोत :*** मातृका तिम्सिना, **नेपाली सन्त परम्परामा योगमाया र सर्वार्थ योगवाणी**, काठमाडौँ : पैरवी प्रकाशन, २०७० ।

## परिशिष्ट – ५

## महिलाअधिकारका सम्बन्धमा गरिएको सर्वदलीय घोषणपत्र



सन् १९४८ डिसेम्बर १० मा जारी गरिएको मानव अधिकारको घोषणापत्र, सन् १९५४ देखि लागू गरिएको महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, सन् १९८१ देखि लागू गरिएको महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) तथा नेपाल अधिराज्यको संविधान २०४७ को भावनालाई आत्मसात गर्दै हाम्रा राजनीतिक दलहरुद्वारा २०४८, २०५१ र २०५६ मा सम्पन्न आम निर्वाचनहरुका सन्दर्भमा जारी गरिएको चुनावी घोषणापत्रहरुमा उल्लेखित महिला हित र उत्थान सम्बन्धी विषयलाई पुनः स्मरण गर्दै तेहमध्का कार्य मन, वचन र कर्मले पूरा गर्न,

मिति २०५८ भदौ २८ र २९ गते मानव अधिकार संचार प्रतिष्ठानको आयोजनामा सम्पन्न 'नेपालका प्रमुख राजनैतिक पार्टीहरुमा महिलाको नेतृत्व विकास' विषयक अन्तरक्रियामा हाम्रा प्रतिनिधिहरुद्वारा व्यक्त गरिएका निम्नानुसार सहमतिमाथि आफ्नो दलको तर्फबाट पूर्ण प्रतिबद्धता जाहेर गर्दछौं ।

१. राजनैतिक दलहरुले महिलाको राजनैतिक सशक्तिकरणका विषयमा सहकार्य गर्ने अवधारणा स्पष्ट गर्ने ।

२. महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि 'सिड'को प्रावधान अनुसार महिलाहरुका विरुद्ध विद्यमान सबै असमान र भेदभावपूर्ण कानून खारेज गर्दै पैतृक सम्पत्तिमा महिलाको समान अधिकार कायम गर्ने ।

३. आमाको नागरिकताका आधारमा पनि सन्तानले नागरिकता पाउने अधिकार स्थापना गराउने ।

४. निर्वाचनमा महिला सहभागिताको संख्यात्मक एवं गुणात्मक विकास गर्न न्यूनतम ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्ने ।

५. महिला सहभागिता एवं उत्थानका लागि निर्धारित नीति एवं निर्णयलाई कार्यान्वयन गर्न, गराउन पार्टी संगठन लगायत राज्यका हरेक संरचनामा महिलाहरुलाई उचित स्थान र जिम्मेवारी दिने ।

६. राजनीतिको मूलप्रवाहमा महिलाको समान सहभागिताका लागि सरकारको सकारात्मक भूमिका अभिवृद्धि गराउन राजनैतिक दलहरु र सरकारले सहयोगी एवं सहजकर्ताको कार्य गर्ने ।

७. ठूलो संख्यामा रहेका सिमान्तिकृत मधेशी र पहाडका पिछडिएका जनजातीका महिलाहरुको राजनीतिमा समूचित सहभागिता र नेतृत्व विकासका लागि राज्यको महिला सशक्तिकरण सम्बन्धी नीति लगायत अन्य राजनीतिक एवं सामाजिक संरचनामा आवश्यकता अनुरुप संशोधन गर्ने ।

८. राजनैतिक दलहरु र सरकारले महिला नेतृत्व विकासका लागि गैर सरकारी संस्थाहरुसंग समन्वयको वातावरण तयार गर्दै काम गर्ने ।

९. महिलाको आत्म-निर्णयको अधिकारलाई राजनैतिक र कानूनी प्रक्रियाद्वारा स्थापित गराउने ।

१०. महिला अधिकार कार्यान्वयन गराउन कार्यनीति निर्माणका लागि सर्वदलीय कार्यदल स्थापना गर्ने ।

११. संसदमा महिलाको समानुपातिक प्रतिनिधित्वका लागि चुनावी प्रक्रियामा आवश्यक सुधार गर्ने गम्भीर सम्वादको प्रक्रिया शुरु गर्ने ।

सुशील कोइराला
Mr. Sushil Koirala

माधवकुमार नेपाल
Mr. Madhav Kumar Nepal

सूर्यबहादुर थापा
Mr. Surya Bahadur Thapa

बद्रीप्रसाद मण्डल
Mr. Badri Prasad Mandal

***स्रोत*** : मानवअधिकार सञ्चार प्रतिष्ठान, नेपाल (इह्रिकन), २०५८/१२/४ ।

## परिशिष्ट–६

तात्कालीन राजा ज्ञानेन्द्र वीरविक्रम शाहदेवको संसद पुनर्स्थापना गर्ने घोषणाहरू

**(क) पहिलो घोषणा**

प्यारा देशवासीहरू,

नेपालीहरूको संयुक्त विवेकको निर्क्यौल समझदारी र संयुक्त प्रयासबाट शान्ति, सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जननिर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालीन परिस्थितिमा बाध्य भई २०६१ माघ १९ गते कदमचाल्नु परेको कुरा सर्वविदितै छ । हाम्रो यो कदममा साथ दिएर आम जनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्रसेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सराहना गर्दछौं । आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं ।

हामीबाट देशका सबै भागमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गऱ्यौं । जनताको ढाडस बढाउन कोसिस पनि गरेकै हो । हत्या हिंसा र आतङ्कबाट पीडित देश र जनताको हितमा संवादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गऱ्यौं तर यो साकार भएन । प्रजातन्त्रको आदर्श प्राप्तिका लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ । यसका साथै देश र जनताको बृहत् हित तथा लोकसम्मतिका आधारमा शासनव्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकाले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार **नेपाल अधिराज्यको संविधान २०४७** को धारा ३५ बमोजिम हुने गरी जनताको नासो जनतालाई नै फर्काएका छौं । राज्यशक्तिको स्रोत जनता नै भएकाले देश र जनताको हितमा सद्भावना र सहमति बनाएर, शान्ति सुव्यवस्था कायम गर्नुपर्दछ । बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिका बाटामा अग्रसर गराउनुपर्दछ । यसै गरी निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनु पर्दछ । यसका लागि **नेपाल अधिराज्यको संविधान २०४७** बमोजिम देशको शासनव्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रीपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूको गठबन्धनलाई हामी आह्वान गर्दछौं । यसरी प्रधानमन्त्रीको नियुक्ति नभएसम्म मौजुदा मन्त्रीपरिषद्ले नै कार्यभार समालिरहनेछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल ।[४२]

(ख) **दोस्रो घोषणा (२०६३-२-११)**

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौम सत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत न समग्र समस्याहरूको समाधान गर्न, तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा **नेपाल अधिराज्यको संविधान २०४७** बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत पुनर्स्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेबारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौं । पुनर्स्थापित प्रतिनिधिसभाको बैठक २०६३ साल वैशाख १५ गते शुक्रवार दिनको १ बजे संसद्भवन, सिंहदरवारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं । नेपाल र नेपालीको बृहत्तर हित यो संसद्बाट हुनेछ भन्ने हामीलाई विश्वास छ।

जनआन्दोलनमा जीवन गुमाएकाप्रति समवेदना र घाइते एवम् आहत् भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगतिपूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल ।

***स्रोत*** : सुषमा बाँस्कोटा बराल, **नेपालको कानुन : इतिहास र सन्दर्भ**. काठमाडौँ : अक्सफोर्ड इन्टरनेसन पब्लिकेसन, २०६३, पृ. १६४ ।

# परिशिष्ट-७

## २०४६ सालको जनआन्दोलनका सन्दर्भमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाद्वारा जारी गरिएको संयुक्त आव्हानपत्र

**फाल्गुण ७, आन्दोलनको पहिलो दिन**

निरङ्कुश पञ्चायती व्यवस्था नेपाली जनतामाथि जबरजस्ती लादिएको २९ वर्ष भयो । नेपाली जनताको सम्पूर्ण अधिकार खोसिएको छ । मुख थुनिएको छ । विना हातहतियार भेला हुने, सभा गर्ने, जुलुस गर्नेसम्म राजनीतिकलगायत सबै प्रकारका स्वतन्त्र संस्थामाथि बन्देज लगाएको छ । नेपाली जनता सर्वमान्य संयुक्त राष्ट्रसङ्घद्वारा निर्धारित मानव अधिकारबाट पनि वञ्चित छन् ।

नेपाली जनताको आर्थिक जीवन झन् कहालीलाग्दो छ । महँगी अकासिएको छ । वेरोजगारीको जीवन अस्त-व्यस्त छ । तस्करी र कमिशनतन्त्र यस व्यवस्थाको आर्थिक मेरुदण्ड भएको छ । मुट्ठीभर धनीहरू र आम जनताबीचको आर्थिक खाडल दिनप्रतिदिन फराकिलो हुँदै गएको छ । साधारण जनताको जीवन आर्थिक रूपले जर्जर र हातमुख जोर्नलाई गाहारो परिराखेको छ ।

यस जनविरोधी पञ्चायती व्यवस्थाले गर्दै आएको अन्याय, अत्याचार र शोषणको विरुद्ध नेपाली जनता अनवरत सङ्घर्षमा छन् । आज नेपाली जनता सजग र सचेत भैसकेको छ । आफ्नो हक हितका लागि एक नेपालीका हैसियतले बाँच्नका लागि सडकमा उत्रनबाहेक अर्को विकल्प देख्न छाडिसकेका छन् । आज सम्पूर्ण देश नै आन्दोलित भएको छ । परिस्थिति उत्साहवर्द्धक छ । नेपाली जनताले एकै आवाजमा परिवर्तन माग गरिरहेको छ । समग्र रूपले हेर्दा आज हरेक दृष्टिकोणले आन्दोलनको स्थिति अनुकूल छ । कांग्रेस कम्युनिष्टका आ-आफ्ना अवधारणा र दर्शन भए तापनि आज कतिपय कुराहरूमा सहमतिका विन्दुमा पुगी गोलबन्द भएका छन् । विभिन्न समूहमा विभाजित कम्युनिष्टहरूको संयुक्त मोर्चाको गठनले भावि जनआन्दोलनमा निश्चय नै ठूलो बल पुऱ्याउने छ । इतर पक्षमा आज देखापरेको राजनैतिक मतैक्यको स्थिति आफैमा नौलो र ऐतिहासिक छ । आम नेपाली जनताको मनोगत स्थिति र देशको वस्तुगत स्थितिमा आज सामञ्जस्यता आएको छ । यही नै आन्दोलनको अनुकूल स्थिति हो । यस जनविरोधी व्यवस्थाले चलाइआएको विभाजनको राजनीति अब चल्नेवाला छैन । प्रतिपक्षहरूको बीचमा हिजोको स्थिति छैन । आज के कांग्रेस के कम्युनिष्ट सबैको एउटै तात्कालिक राजनैतिक लक्ष्य छ । एउटै नारा छ- निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापना "तसर्थ शान्ति प्रगति र प्रजातन्त्र चाहने देशका तमाम सङ्घर्षशील प्रजातन्त्रवादी, वामपन्थीहरू, मजदुर, विद्यार्थी, युवा, कर्मचारी, किसान, शिक्षक, वकील, पत्रकार, व्यापारी, तथा महिलाहरूलाई यस आन्दोलनमा सहयोग तथा सहभागी हुन आव्हान गर्दछौं । हामीहरू एकजुट भएमा कुनै पनि शक्तिले रोक्न सक्तैन ।

जनआन्दोलन जनताको आन्दोलन हो । हामी आफ्नो मनमा कुनै हिचक वा दुविधा नराखी निर्भय भै आन्दोलनमा उत्री पञ्चायतरूपी निर्दलीय पासोलाई चुँडालौं । विजय सत्यको नै हुन्छ । सत्य जनताको शक्ति हो । निरंकुश पञ्चायती व्यवस्थाको दिन अस्ताउन थालेको छ । लडखडाइरहेछ, तेजोबध भैसकेको छ । भोलिको दिन, भोलिको राजनीति हाम्रो हो । तसर्थ आउनुहोस् हामी सबै एकजुट भै देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न कम्मर कसी आन्दोलनमा उत्रौं । परिवर्तन अवश्यम्भावी छ ।

हाम्रो आगामी साझा कार्यक्रम अहिले यसप्रकार हुनेछ-

**१. फाल्गुण ७ गतेका दिन**

देशव्यापी रूपमा दुबैले आफ्ना आफ्ना झण्डाका साथ आफ्नो दल लिएर जुलुस प्रदर्शन र आमसभा गरी पार्टीहरूउपर विगत २९ वर्षदेखि लागेको प्रतिवन्धलाई तोड्ने ।

**२. फाल्गुण ८ गतेका दिन**

नेपाल बन्दको कार्यक्रमअन्तर्गत सम्पूर्ण यातायात, शिक्षण संस्था, व्यापार, कलकारखाना, उद्योगधन्दा र पसलहरू बन्द गर्ने ।

**३. फाल्गुण १४ गतेका दिन**

सारा देशभरि वर्तमान पञ्चायती व्यवस्थाको विरोधमा कालो दिवश मनाउन कालो झण्डा कालोपट्टी बाँधी प्रदर्शन र आमसभा गर्ने ।

**४. फाल्गुण १९ गतेका दिन**

पुनः राष्ट्रव्यापी रूपमा नेपाल बन्द गर्ने ।

अन्य कार्यक्रम पछि प्रकाशित गरिनेछ तर स्थानीयरूपमा भने परिस्थिति अनुसारको कार्यक्रमबीचको समयमा पनि सञ्चालन गरिरहने आव्हान छ ।

मिति - २०४६ साल माघ २७ गते

## परिशिष्ट – ८

सात राजनैतिक दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको बाह्र बुँदे समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरङ्कुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको सङ्घर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दस वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसद्भित्रका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

**समझदारी भएका बुँदाहरु**

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित्त प्रमुख बाधक निरङ्कुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म

देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरङ्कुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरुले निरङ्कुश राजतन्त्रका विरुद्ध आ–आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरङ्कुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने सम्झदारी भएको छ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिबद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्विकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानुनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५ ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र

जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्बाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्यमान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

९ जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय वहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आमजनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्णरुपले प्रतिबद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खास गरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरङ्कुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्हन खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय सङ्घसङ्घगठनहरु सबै जाति


र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरुको सम्वन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कारबाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरुवीच समस्या उत्पन्न भए सम्वन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

*स्रोत :* **नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता,** २०६३, काठमाडौं : शान्ति सचिवालय, २०६३ ।

## परिशिष्ट-९

कानुन व्यवसायी महिला शान्तिदेवी थापा क्षेत्राणीले प्राप्त गरेको प्रमाणपत्र



श्री:

परिशिष्ट ८०

फाराम नं १४५

सर्वोच्च अदालत नेपाल

वकीलको प्रमाणपत्र नं २१

२०१७

श्री ५ [illegible] [illegible]

[illegible]

[illegible] गरेको छ ।

आज सम्वत् २०१७ साल असोज गते २० रोज ४ का दिन सर्वोच्च अदालतको छाप र मेरो दस्तखतबाट अधिकारानुसार यो प्रमाणपत्र प्रदान गर्ने काम भयो ।

आज्ञाले

[illegible]

रजिष्ट्रार

सर्वोच्च अदालत

सर्वोच्च अदालतको

छाप

***स्रोत*** : शान्तिदेवी थापा (शाह) का सुपुत्र अधिवक्ता राजकुमार थापाबाट पाप्त प्रमाणपत्र ।

## परिशिष्ट–१०

बेजिङ कार्यमञ्च राष्ट्रिय अनुगमन समितिअन्तर्गत गठित उप-समितिहरू

(१) **महिला र गरिबी उपसमिति**

संयोजक : श्री उमा अधिकारी (सांसद)

सदस्य : श्री लक्ष्मी मास्के (सहसचिव, राष्ट्रिय योजना आयोग)

सदस्य : श्री उर्मिला श्रेष्ठ (सहसचिव, स्थानीय विकास मन्त्रालय)

सदस्य : श्री दीपकप्रसाद उपाध्याय (प्राथमिक क्षेत्र कर्जा विभाग, राष्ट्रिय वाणिज्य बैंक)

सदस्यः श्री वेनुकुमारी भट्टराई (कृषि विकास बैंक)

सदस्य : श्री राजेन्द्रमान श्रेष्ठ (उपसचिव, अर्थ मन्त्रालय)

सदस्य : श्री चित्रलेखा यादव (समाजसेवी)

सदस्य : श्री दुर्गा घिमिरे (अध्यक्ष, ए.बी.सी. नेपाल)

सदस्य : श्री कन्हैयाबहादुर प्रधान (नेपाल बैंक लिमिटेड)

सदस्य : श्री रामी पन्त

सदस्य : श्री इन्द्रदेवी पौड्याल (प्राध्यापक, त्रिचन्द्र क्याम्पस)

सदस्य : श्री छलीकुमारी शर्मा (नेपाल महिलासङ्घ, पर्वत)

सदस्य : श्री सीताराम तिमिल्सेना (उपसचिव, समाज कल्याण मन्त्रालय)

सदस्य : श्री रमेश पुडासैनी (शाखा अधिकृत, समाज कल्याण मन्त्रालय)

सदस्य : श्री सुधा दाहाल (प्रतिनिधि, सुषमा ट्रस्ट)

सदस्य : श्री नैना ढकाल (रिपोर्टर)

सदस्य : श्री लिला पाठक (रिपोर्टर, सचिव कृषि मन्त्रालय) ।

(२) **महिलालाई शिक्षा र तालिम उपसमिति**

संयोजक : श्री लीलादेवी के.सी. (प्राध्यापक, पद्यकन्या क्याम्पस)

सदस्य : श्री अङ्गुरबाबा जोशी (अध्यक्ष, तारा गाउँ विकास समिति)

सदस्य : श्री सरोज देवकोटा (उपाध्यक्ष, CTEVT)

सदस्य : श्री भोजराज न्यौपाने

सदस्य : श्री अम्बिका श्रेष्ठ (महिला व्यावसायिक क्लब)

सदस्य : श्री गौरी राणा जोशी (प्रतिनिधि, नेपाली काङ्ग्रेस)

सदस्य : श्री धुनु राणा (प्राचार्य, महिला विकास प्रशिक्षण केन्द्र)

सदस्य : श्री बालगोविन्द विष्ट (प्रतिनिधि, T.R.E. Project)

सदस्य : श्री पद्‌माशना शाक्य (मानुषी)

सदस्य : श्रीमती मोतीशोभा श्रेष्ठ (Hotel Management Training Centre)

सदस्य : श्रीमती सुप्रभा घिमिरे (प्राध्यापक, त्रिभुवन विश्वविद्यालय)

सदस्य : श्रीमती ईश्वरी भट्टराई (उपसचिव, महिला तथा समाज कल्याण मन्त्रालय)

सदस्य :  श्री शङ्करबहादुर थापा (शाखा अधिकृत, महिला तथा समाज कल्याण मन्त्रालय)

सदस्य   श्रीमती दुर्गा रेग्मी (उपसचिव, शिक्षा मन्त्रालय, रिपोर्टर)

सदस्य : श्रीमती उषा आचार्य (Direcerr, Institute for Human Development, रिपोर्टर)

**(३)   महिला र स्वास्थ्य उपसमिति**

संयोजक : डा. दिव्यश्री मल्ल (वरिष्ठ सल्लाहकार, प्रसूती गृह)

सदस्य :  डा. सरस्वती पाध्या (निर्देशक, प्रसूती गृह)

सदस्य : डा. हिरा श्रेष्ठ (वरिष्ठ सल्लाहकार, प्रसूती गृह)

सदस्य : डा. सानुमैया दली (President, NESOG )

सदस्य : डा. अरुणा उप्रेती (Medical Consultant, RECEHEC)

सदस्य : डा. सम्झना ढकाल (Obstetrician and Gynecologist)

सदस्य : डा. छत्र अमात्य (निर्देशक, योजना महाशाखा, प्रसूती गृह, स्वास्थ्य मन्त्रालय)

सदस्य : श्री विद्या मानन्धर (उपसचिव, महिला तथा समाज कल्याण मन्त्रालय)

सदस्य : श्री मुक्ता ढकाल (शाखा अधिकृत, समाज कल्याण मन्त्रालय)

सदस्य : डा. तीर्थ राणा (स्वास्थ्य सल्लाहकार, विश्व बैंक)

सदस्य : डा. कृतान्जली कोइराला (प्रमुख, मातृत्व संरक्षण कार्यक्रम, स्वास्थ्य मन्त्रालय)

सदस्य : डा. पुष्पा आचार्य (International Observer, WFP)

सदस्य : श्री पेडेन प्रधान (निर्देशक, CHDP PHECT)

यस उपसमितिमा माननीय लीला श्रेष्ठ सुब्बा, पूर्वमन्त्री सुशीला थापा, पूर्वमन्त्री तथा राजपरिषद् सदस्य, कमल शाह र स्वास्थ्य मन्त्रालयका सचिव सल्लाहकार रहेको पाइन्छ ।

**(४)   महिलाविरुद्धको हिंसा उपसमिति**

संयोजक : श्री दुर्गा घिमिरे (अध्यक्ष, ए.बी.सी, नेपाल)

सदस्य :  श्री तीर्थमान शाक्य (सचिव, कानुन तथा न्याय मन्त्रालय)

सदस्य :  श्री माधुरी सिंह (अध्यक्ष, साथी)

सदस्य :  श्री रेणुका मानन्धर (उपसचिव, श्रम मन्त्रालय)

सदस्यः   प्रतिनिधि, परराष्ट्र मन्त्रालय

सदस्य :  डा. रेणु राजभण्डारी (अध्यक्ष, महिला पुनर्स्थापना केन्द्र)

सदस्य :  प्रतिनिधि, स्वास्थ्य मन्त्रालय

सदस्य :  श्री चुडाबहादुर श्रेष्ठ (प्रहरी उपरीक्षक, प्रहरी प्रधान कार्यालय)

सदस्य : श्री गौरी प्रधान (अध्यक्ष, CWIN)

सदस्य : प्रतिनिधि, कानुन तथा न्याय मन्त्रालय

सदस्य : श्री प्रतिभा सुवेदी (अध्यक्ष, नारीचेतना केन्द्र)

सदस्य : श्री बबिता बस्नेत (सञ्चारिका समूह, रिपोर्टर)

**(५)   महिला र सशस्त्र विद्रोह उपसमिति**

संयोजक : श्री चक्रबन्धु अर्याल (सचिव, रक्षा मन्त्रालय)

सदस्य : श्री सावित्री पहाडी (U.N.H.C.R.)

सदस्य : श्री रिटा थापा (टेवा)

सदस्य : श्री शान्तालक्ष्मी श्रेष्ठ (लुथरन वर्ल्ड सर्भिस)

सदस्य : श्री मुन्नी शर्मा (केनेडियन सहयोग नियोग)

सदस्य : श्री दुर्गाप्रसाद भण्डारी (शाखा अधिकृत, महिला तथा समाज कल्याण मन्त्रालय)

सदस्य : श्री कृष्णबहादुर धिमिरे (शाखा अधिकृत, समाज कल्याण मन्त्रालय)

सदस्यः श्री भुपेन्द्रप्रसाद पौडेल (उपसचिव, महिला तथा समाज कल्याण मन्त्रालय, रिपोर्टर)

(६) **महिला र अर्थतन्त्र उपसमिति**

संयोजक : श्री प्रतिभा सुवेदी (अध्यक्ष, नारीचेतना केन्द्र)

सदस्य : श्री उर्मिला श्रेष्ठ (सहसचिव, स्थानीय विकास मन्त्रालय)

सदस्य : श्री लक्ष्मी श्रेष्ठ (प्रतिनिधि, उद्योग मन्त्रालय)

सदस्य : श्री भागिरथी चालिसे (शाखा अधिकृत, अर्थ मन्त्रालय)

सदस्य : श्री भगत विष्ट (प्रतिनिधि, नेपाल राष्ट्र बैंक)

सदस्य : श्री मीरा भट्टराई (अध्यक्ष, Association for Craft Producers)

सदस्य : श्री राजन के.सी (अध्यक्ष, WEAN Cooperative)

सदस्य : श्री तुलसा प्रधान (अध्यक्ष, रा.प्र.म.स.)

सदस्य : श्री ईश्वरी शाह (शाखा प्रमुख, साना किसान विकास कार्यक्रम)

सदस्य : श्री शम्भु लुइटेल (शाखा अधिकृत, स्थानीय विकास मन्त्रालय)

सदस्य : श्री सरस्वती श्रेष्ठ (अध्यक्ष, महिला कोअपरेटिभ बैंक)

सदस्य : श्री तुलसा अमात्य (अध्यक्ष, महिला कार्यक्रम, सामुदायिक कार्य केन्द)

सदस्य : श्री दामोदर अर्याल (उपसचिव, महिला तथा समाजकल्याण मन्त्रालय)

सदस्य : श्री स्वस्तिका भट्टराई (रिपोर्टर, **कान्तिपुर**)

सदस्य : श्री जमलदेवी मानन्धर (सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय) ।

(७) **नीतिनिर्माणमा महिला**

संयोजक : प्रतिभा राणा (केन्द्रीय सदस्य, रा.प्र.पा.)

सदस्य : डा. प्रभा बस्नेत (पूर्वसचिव, श्री ५ को सरकार)

सदस्य : डा. आरजु देउवा (अध्यक्ष, समानता)

सदस्य : श्री तुला राणा (निमित्त संयोजक, महिला सुरक्षा दबाब समूह)

सदस्य : श्री सलोनी सिंह (अध्यक्ष, दिदी बहिनी)

सदस्य : प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय

सदस्य : श्री जया पाण्डे (सहसचिव, लोकसेवा आयोग)

सदस्य : श्री सुरेशमान श्रेष्ठ (उपसचिव, महिला तथा समाजकल्याण मन्त्रालय)

सदस्य : श्री चन्द्रशेखर मिश्र (उपसचिव, महिला तथा समाजकल्याण मन्त्रालय)

सदस्य : श्री इन्दिरा मल्ल (रिपोर्टर, समाजसेवी) ।

(८) **महिलाविकासका लागि संस्थागत संरचना उपसमिति**

संयोजक : श्री सावित्री सिंह (प्रमुख, राष्ट्रिय कम्प्युटर केन्द्र)

सदस्य : डा. लक्ष्मी प्रधान (निर्देशक, कृषि आयोजना सेवा केन्द्र)

सदस्य : श्री भारती सिल्वाल गिरी (मिडिया सेन्टर)

सदस्य : श्री शिवप्रसाद सत्याल (सहसचिव, लोकसेवा आयोग)

सदस्य : श्री पद्मा माथेमा (उपसचिव, राष्ट्रिय योजना आयोग)

सदस्य : प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय

सदस्य : श्री सीताराम तिम्सिना (उपसचिव, महिला तथा समाजकल्याण मन्त्रालय)

सदस्य : श्री रमेशप्रसाद पुडासैनी (शाखा अधिकृत, महिला तथा समाज कल्याण मन्त्रालय)

(९) **महिला मानवअधिकार उपसमिति**

संयोजक : श्री इन्दिरा राणा (सचिव, न्यायपरिषद्)

सदस्य : डा. शान्ता थपलिया (अध्यक्ष, ल्याक)

सदस्य : डा. राजेश गौतम (महासचिव, अनौपचारिक सेवा केन्द्र)

सदस्य : श्री कुसुम शाख (सहप्राध्यापक, नेपाल ल क्याम्पस)

सदस्य : श्री काशीराज दाहाल (रजिस्ट्रार, प्रशासनिक अदालत)

सदस्य : श्री माधव पौडेल (सहसचिव, कानुन न्याय मन्त्रालय)

सदस्य : श्री मनषा ठकुरानी (पूर्वमहासचिव, एम्नेस्टी इन्टनेसनल)

सदस्य : श्री अन्जना शाक्य (प्रतिनिधि, इनहुरेड)

सदस्य : श्री अमृता बाँस्कोटा (सञ्चारिका समूह)

सदस्य : श्री शम्भु पोखरेल (अधिवक्ता)

सदस्य : श्री माधवप्रसाद कोइराला (अधिकृत)

सदस्य : श्री भूपेन्द्रप्रसाद पौडेल (रिपोर्टर, उपसचिव, महिला तथा समाजकल्याण मन्त्रालय)

यस उपसमितिमा माननीय शारदा पोखरेल, पूर्वसांसद कमल राणा सल्लाहकार थिए।

(१०) **महिला र सञ्चार उपसमिति**

संयोजक : श्री वन्दना राणा (महासचिव, सञ्चारिका समूह)

सदस्य : श्री विणा प्रधान (उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय)

सदस्य : श्री दुर्गानाथ शर्मा (नायब महाप्रबन्धक, नेपाल टेलिभिजन)

सदस्य : श्री शोभा गौतम (Institute of Mass Communication)

सदस्य श्री राधा बुढाथोकी (नेपाल पत्रकार महासङ्घ)

सदस्य : श्री बेनुपप्रसाद शर्मा (गोरखापत्र संस्थान)

सदस्य : श्री तारा बराल (सल्लाहकार, सूचना तथा सञ्चार मन्त्रालय)

सदस्य : श्री बबिता बस्नेत (सञ्चारिका समूह, रिपोर्टर)

(११) **महिला र वातावरण उपसमिति**

संयोजक : श्री कमला ढुङ्गेल (अध्यक्ष, महिला वातावरण समूह)

सदस्य : श्री हसिना श्रेष्ठ (प्रतिनिधि, जनसङ्ख्या तथा वातावरण मन्त्रालय)

सदस्य : श्री धनन्जय पौडेल (शाखा अधिकृत, राष्ट्रिय योजना आयोग)

सदस्य : श्री सुरेशमान श्रेष्ठ (उपसचिव, समाज कल्याण मन्त्रालय)

सदस्य : श्री बलराम सोती (शाखा अधिकृत, समाज कल्याण मन्त्रालय)

सदस्य : श्री मीरा भट्टराई (तालिम संयोजक, समाज कल्याण मन्त्रालय)

सदस्य : श्री बी.पी. भण्डारी (अधिकृत, लयर्स इन्क) ।

***स्रोत :*** श्री ५ को सरकार, **लैङ्गिक समानता तथा महिला सशक्तकीरण राष्ट्रिय कार्ययोजना**, काठमाडौं : महिला तथा समाज कल्याण एवं क्यानडियन कोअपरेसन अफिस, २०५४ ।

# परिशिष्ट – ११

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९

(Convention on Elimination of all Forms of Discrimination Against Women, 1979)

**धारा १**

यस धाराले महिलाविरुद्धका भेदभावको परिभाषा गरेको छ । जस्तोसुकै वैवाहिक स्थिति भए पनि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रमा पुरुष र महिलाको समानताको आधारमा महिलाहरूद्वारा मानवअधिकारहरू र मौलिक स्वतन्त्रताहरूको उपभोग, प्रयोग वा मान्यतालाई प्रभावित पार्ने वा रद्द गर्ने भाव हुने गरी वा यस्तो उद्देश्यले लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, अपवाद वा प्रतिबन्धले महिलाविरुद्धको भेदभाव जनाउँछ भन्ने कुरा यस धारामा उल्लेख गरिएको छ ।

**धारा २**

यस धाराले पक्ष राष्ट्रहरूले आफ्ना देशका कानुनमा समानताका सम्बन्धमा समावेस गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।यस सन्धिका पक्ष राष्ट्रहरूले नर र नारीबीच समानताको सिद्धान्त आफ्नो संविधान र कानुनहरूमा स्थापित गर्नेछन् र महिलाविरुद्धको भेदभावको भत्सना गर्नेछन् भन्दै महिलामाथि हुने सबै प्रकारको भेदभावमा प्रतिबन्ध लगाउने संवैधानिक कानुनी र अन्य व्यवस्था र नीतिनिर्माण गर्ने जिम्मेबारी राज्य पक्षलाई यस धाराले दिएको छ ।

**धारा ३**

यस धारामापक्ष राष्ट्रहरूले महिलाहरूको पूर्ण विकास तथा प्रबद्धन सुनिश्चित गरी पुरुषसरह समानताको आधारमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगलाई प्रत्याभूति दिलाउनका लागि सबै सम्बद्ध क्षेत्र खास गरेर राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रका कानुनी व्यवस्थालगायतका उपयुक्त कदम चाल्नेछन् भन्ने व्यवस्था गरिएको छ ।

**धारा ४**

यस धाराले राज्य पक्षले समानता कायम गर्न महिलाका हकमा कानुनमा विशेष व्यवस्था गर्न सक्ने कुरा उल्लेख गरेको छ । समानता प्रदान गर्न गरिएको यस्तो प्रावधानलाई भेदभावपूर्ण नमानिने प्रवधान समेत समावेश गरिएको छ । यसमा भनिएको छ “राज्यपक्षले महिलाहरूका लागि विशेष व्यवस्था गरेर भए पनि समानता कायम गर्न पहल गर्नुपर्ने छ र यस्तो विशेष व्यवस्था पुरुष र महिलाबीच समानता कायम नभएसम्म निरन्तर गरिनु पर्दछ अनि समानता भएपछि अर्थात् सम्मेलनको समानता कायम गर्ने उद्देश्य पूरा भएपछि यस्ता विशेष व्यवस्थाहरू हटाउन सकिनेछ ।”

**धारा ५**

यस धारामा बालकको शिक्षा र सामाजिक दायित्वका बारेमा उल्लेख गरिएको छ । यसमा लिङ्ग वा महिला र पुरुषको भूमिकाको कारणले हुने भेदभावपूर्ण अवस्थालाई लिङ्ग वा तल्लो वा माथिल्लो वर्गका आधारमा हेरिने सामाजिक, परम्परागत र सांस्कृतिक व्यवहारको नकारात्मक असरलाई ध्यान दिँदै बालबालिकाको पालनपोषण र विकासमा महिला र पुरुषलाई समान जिम्मेबारी प्रदान गर्दछ भनिएको छ । समानता कायम गर्न महिला र पुरुषबीच असमान व्यवहार गर्ने प्रथा परम्पराहरूमा सुधार गर्नका लागि राज्यपक्षले आवश्यक सबै उपायहरू अवलम्बन गर्न सक्नेछन् र बालकहरू नै पारिवारिक शिक्षाअन्तर्गत बच्चाहरूलाई हुर्काउनु सामाजिक र बाबुआमा दुवैको समान दायित्व रहेकाबारे जानकारी दिने शिक्षा प्रदान गर्नुपर्नेछ भन्ने कुरा पनि यसमा व्यक्त गरिएको छ ।

**धारा ६**

यस धाराले महिलाको किनबेच तथा बेश्यावृतिका लागि शोषण सम्बन्धमा प्रकाश पारेको छ । यसले महिलाको किनबेच तथा वेश्यावृत्तिका लागि गरिने महिलाको यौनशोषण विरुद्धको अधिकार प्रदान गरेको छ । अनि यसले प्रत्येक सदस्य राष्ट्रलाई यस प्रकारका सबै शोषणहरूको नियन्त्रण गर्ने कानुनको निर्माण गर्ने दायित्व पनि प्रदान गरेको छ ।

**धारा ७**

यस धारामा पक्ष राष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न तथा खास गरी बराबरीको आधारमा पुरुषसरह महिलालाई देहायको अधिकारहरू उपलब्ध गराउन आवश्यक कदम चाल्नेछन् भनिएको छ :

- सबै निर्वाचनहरू तथा जनमत सङ्ग्रहहरूमा मत दिने अधिकार तथा सार्वजनिक पद धारण गर्न सबै सरकारी तहहरूमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार र
- मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैर सरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार ।

**धारा ८**

यस धाराले अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार प्रदान गरेको छ । यसले अन्तर्राष्ट्रिय क्षेत्रमा महिलाहरूले सहभागी हुन पाउने बारेमा व्यवस्था गरेको छ ।

**धारा ९**

यस धाराले राष्ट्रियतासम्बन्धी अधिकारका बारेमा व्यवस्था गरेको छ ।

धारा ९(१) मा पक्ष राष्ट्रहरूले महिलालाई पुरुषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार प्रदान गर्नेछन् । तिनीहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने, निजलाई राज्यविहीन नतुल्याइने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनु नपर्ने व्यवस्था सुनिश्चित्त गर्नेछन् भनिएको छ ।

धारा ९ (२) पक्ष राष्ट्रहरूले बालबालिकाको राष्ट्रियताका सम्बन्धमा महिलालाई पुरुषसरहको समान अधिकार प्रदान गर्नेछन् भनिएको छ ।

**धारा १०**

यस धाराले शिक्षासम्बन्धी अधिकारका बारेमा उल्लेख गरेको छ । यसमा अध्ययन गर्ने र उपाधि पाउने, सबै प्रकारका व्यावसायिक प्रशिक्षण लिन पाउने, समान भौतिक शैक्षिक सुविधा प्राप्त गर्न पाउने अधिकार, छात्रवृत्ति प्राप्त गर्ने सम्बन्धमा समान अधिकार, पढाइ छाड्ने छात्राहरूको सक्रिय रूपमा शिक्षामा भाग लिन पाउने समान अवसर प्रदान गर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ ।

**धारा ११**

यस धारामा रोजगारको अधिकार र मातृत्वको अधिकारका बारेमा उल्लेख गरिएको छ ।यसमा रोजगारीको समान अवसरका बारेमा, रोजगारी समान रूपमा चयन गर्ने बारेमा, समान सेवा, सर्त र सुविधा उपयोग गर्न पाउने सम्बन्धमा, पूरा तलबसहित प्रसुती बिदाको अधिकारका सम्बन्धमा, बाल स्याहार सुविधा प्रणालीको उपयोग गर्न पाउने अधिकारका सम्बन्धमा, गर्भवती महिलालाई हानीकारक काममा लगाउन नपाउने अधिकारका सम्बन्धमा र कुनै खास लिङ्गको लघुताभाषमा आधारित पूर्वाग्रह उन्मूलन गर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ ।

**धारा १२**

यस धाराले स्वास्थ्य सेवासम्बन्धी अधिकारका बारेमा उल्लेख गरेको छ । यस धारामा महिलालाई परिवार नियोजन सेवासम्बन्धी कुराहरूको जानकारी दिने, बिना कुनै भेदभाव,

स्वास्थ्य सेवा स्याहारको व्यवस्था गर्नुपर्ने, गर्भवती समय, प्रसुती समय र प्रसुतीपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने अधिकारहरूको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

**धारा १३**

यस धाराले आर्थिक, सामाजिक तथा पारिवारिक लाभको अधिकारबारे उल्लेख गरेको छ । यसले पारिवारिक लाभ उपयोगमा समान अधिकार हुनुपर्छ भनेको छ । त्यस्तै, बैङ्कको कर्जा वा अन्य प्रकारका ऋण प्राप्त गर्न सक्ने अधिकार, बन्धकी राख्न पाउने अधिकार र खेलकूद, संस्कृति र मनोरञ्जनात्मक गतिविधिमा सहभागी हुन पाउने अधिकारका बारेमा उल्लेख गरिएको छ ।

**धारा १४**

यस धाराले ग्रामीण महिलालाई विशेष अधिकारको व्यवस्था गरेको छ । यसले विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार, परिवारनियोजनका सूचना, सल्लाह र सेवालगायतका पर्याप्त सुविधा पाउने अधिकार, सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार, औपचारिक तथा अनौपचारिक तालिम शिक्षा प्राप्त गर्ने अधिकार, रोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार, समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार, आवास, सरसफाइ, विद्युत, यातायात, खानेपानी तथा सञ्चालनसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकारको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

**धारा १५**

यस धाराले कानुनी समानताका अधिकारका बारेमा व्यवस्था गरेको छ ।यसले महिला र पुरुषलाई कानुनी समानताको अधिकार हुने कुरा उल्लेख गरेको छ । त्यस्तै, देवानी मामिलामा महिलालाई समान कानुनी सामर्थ्यको अधिकार, महिलाको कानुनी सामर्थ्यलाई नियन्त्रण गर्ने खालका करार तथा निजी लिखतहरू बदर गराउने अधिकार र हिँड्डुल गर्ने आफ्नो बासस्थान तथा वास भूमिसम्बन्धी स्वतन्त्रताका कुरामा समान अधिकार हुनुपर्ने कुरा उल्लेख गरेको छ ।

**धारा १६**

यस धाराले विवाह तथा परिवारको अधिकारका बारेमा उल्लेख गरेको छ । यसले महिलालाई स्वतन्त्रतापूर्वक जीवन साथी छान्न पाउने, समान रूपमा विवाह गर्न पाउने र स्वतन्त्रतापूर्वक सम्बन्धबिच्छेद गर्न पाउने अधिकार प्रदान गर्नाका साथै महिलालाई प्रजनन अधिकार तथा सन्तानको संरक्षकत्वको अधिकार र पति पत्नीबीच सम्पत्तिमा समान अधिकार हुने व्यवस्था उल्लेख गरेको छ ।

**धारा १७**

यस धाराले अनुगमनको व्यवस्था गरेको छ । यस सिड महासन्धिले व्यवस्था गरेअनुरूप सदस्य राष्ट्रहरूले कार्य गरे नगरेको हेर्न भेदभाव उन्मूलन विषयक समिति (Convention on the Elimination of Discrimination Against Women) गठन गर्ने व्यवस्था गरेको छ ।

**धारा १८**

यस धाराले प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा कार्यविधिका बारेमा उल्लेख गरेको छ । एक वर्षभित्र राज्य पक्षले संयुक्त राष्ट्रसङ्घका सचीवसमक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ । पछिका वर्षमा भने प्रत्येक चारचार वर्षमा प्रस्तुत गर्नुपर्ने भनिएको छ ।

**धारा १९**

यस धाराले आफ्नो नीति, नियम र कार्यविधिहरू बनाउन सक्ने व्यवस्था गरेको छ । यसले समितिमा दुई वर्षका लागि अधिकृतहरू नियुक्त गर्न सक्ने भनेको छ ।

**धारा २०**

यस धाराले समितिमा धारा १८ बमोजिम तोकिएको समयमा प्रतिवेदन बुझाउनु पर्नेछ र समितिको बैठक समितिले तोकेका स्थान (प्रायः संयुक्त राष्ट्रसङ्घ) को मुख्यालयमा बस्ने भनेको छ ।

**धारा २१**

यस धाराले प्रतिवेदनका सम्बन्धमा उल्लेख गरेको छ ।. समितिले आर्थिक तथा सामाजिक परिषद्को माध्यमबाट प्रत्येक वर्ष संयुक्त राष्ट्रसङ्घको साधारण सभामा यसको प्रतिवेदन बुझाउनु पर्नेछ र उक्त साधारणसभाले उक्त प्रतिवेदनमा सुझाव दिन सक्नेछ । ती सुझाव र सल्लाहलाई प्रतिवेदनमा कमेन्टसहित समावेस गर्नुपर्नेछ । यसको जानकारी साधारण सभाले महिलाको स्थिति विषयक समितिमा दिनेछ ।

**धारा २२**

यस धाराले महिलाका लागि बनाइएका कानुनहरू प्रयोग भए-नभएका सम्बन्धमा हेर्नेबारे प्रकाश पारेको छ । महिलाका लागि बनाइएका कानुनहरू प्रयोग भए नभएका सम्बन्धमा अनुगमन गर्नका लागि समितिले विशेष व्यवस्था गर्न सक्नेछ ।

**धारा २३**

यस धाराले राज्यपक्षले बनाएका समानताउन्मुख कुनै पनि कानुनलाई यस सम्मेलनका निर्णयहरूले प्रभाव पार्ने छैनन् भनेको छ ।

**धारा २४**

यस धाराले राज्य पक्षले सम्मेलनका उद्देश्य पूरा गर्ने सम्बन्धमा आवश्यक सबै उपायहरू अवलम्बन गर्ने सम्बन्धी कुरा उल्लेख गरेको छ ।

**धारा २५**

यस धाराले सम्मेलनको आरम्भ सबै सहभागी सदस्य राज्यहरूको हस्ताक्षरबाट हुने, संयुक्त राष्ट्रसङ्घको महासचिवले कुन सभा हो भन्नेबारे नामकरण गर्ने र प्रस्तुत प्रतिवेदन अनुमोदन गराउने सम्बन्धमा उल्लेख गरेको छ ।

**धारा २६**

यस धाराले संयुक्त राष्ट्रसङ्घ महासभामा कुनै पनि पक्ष राज्यले सम्मेलनका सम्बन्धमा लिखित सुझाव प्रस्तुत गर्न सक्ने र त्यसमाथि संयुक्त राष्ट्रसङ्घको साधारण सभाले कारबाही गर्ने बारेमा उल्लेख गरेको छ ।

**धारा २७**

यस धारामा यस सम्मेलनको हस्ताक्षर र स्वीकृतिका कार्यविधि सम्बन्धमा उल्लेख छ ।

**धारा २८**

यस धाराले कार्यविधि सम्बन्धमा उल्लेख गरेको छ ।

**धारा २९**

यस धाराले कुनै समस्या आएमा दुई पक्ष राज्यबीच संयुक्त राष्ट्रसङ्घले मध्यस्थता गरेर समाधान गर्ने र छ महिनाभित्र समाधान गर्न नसकेमा अन्तर्राष्ट्रिय अदालतमा जान सक्नेबारे उल्लेख गरेको छ ।

**धारा ३०**

यस धाराले यस महासन्धिको महत्त्वबारे प्रकाश पारेको छ ।

***स्रोत :*** **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि,** १९७९,काठमाडौं : श्री ५ को सरकार, महिला विकास महाशाखा, श्रम तथा समाज कल्याण मन्त्रालय र युनिसेफ, ई. १९७९ ।